पाँचौं योजना
(२०३२–२०३७)

श्री ५ को सरकार
राष्ट्रिय योजना आयोग
रामशाह पथ
नेपाल

श्री ५ महाराजाधिराजका
प्रमुख निजी सचिवालय

राजदरबार,
काठमाडौ, नेपाल ।
भाद्र १६, २०३२

श्री ५ महाराजाधिराजबाट बक्सेको सन्देश

नेपालको आर्थिक तथा सामाजिक क्षेत्रमा योजनाबद्ध रुपले विकास गर्दै लैजाने क्रममा यो पाँचौं योजना तयार गरिएको छ । प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सिर्जना गर्ने निर्दलीय पञ्चायती प्रजातन्त्रको मूलभूत उद्देश्य अनुरुप नै विकास योजनाको अन्तर्रनिहित लक्ष्य र नीति निर्धारित हुनु पर्छ भन्ने तथ्यलाई यस योजनाद्वारा दर्शाउन प्रयत्न गरिएको छ जस्तो मलाई लागेको छ ।

हाम्रो जस्तो विकासोन्मुख देशमा राष्ट्रिय उत्पादनमा अधिकतम बृद्धि गर्ने लक्ष्य राखिनु राम्रो कुरो हो । तर यसरी वृद्धि हुने उत्पादनबाट वहुसंख्यक जनताको जीवनस्तर सुधार्नु पनि उत्तिकै आवश्यक छ । त्यसैले, यस योजनामा देशको आर्थिक तथा सामाजिक विकासलाई सघाउ पुऱ्याउने हिसावले जनसंख्याको वृद्धिलाई आवश्यक नियन्त्रण गर्ने उद्देश्यको साथै वहुसंख्यक जनतालाई विकास क्रममा सरिक गराउने र जनसाधारणको दैनिक जीवनमा प्रत्यक्ष रुपले सुविधा पुऱ्याउने खालका कार्यक्रमहरुलाई सक्दो प्राथमिकता दिइनु उचित नै देखिन्छ । यसैगरी विकासको क्रम सीमित स्थानहरुमा मात्र केन्द्रित हुँदा अविकसित र दुर्गम प्रदेशमा विकासको गति अपेक्षित मात्रामा नहुने भएकोले प्रस्तुत योजनामा प्रादेशिक विकास पक्षलाई विशेष महत्व दिइएकोमा मलाई खुशी लागेको छ ।

कुनै पनि योजनाको सफल कार्यान्वयनको निम्ति सबै तह अनुशासित हुनु पर्दछ । योजनाको उपलब्धि भन्नु नै त्यसको सही कार्यान्वयन हो । त्यसैले पाँचौं योजना पनि अनुशासित ढङ्गबाट कार्यान्वयन गर्नकालागि सम्पूर्ण देशवासीबाट अवश्य सहयोग हुनेछ भन्ने मैले विश्वास लिएको छु । यो पाँचौं योजना तयार गर्नमा संलग्न सबै धन्यवादका पात्र छन् ।

अन्त्यमा यो योजना सफलतापूर्वक कार्य क्षेत्रमा उत्रन सकोस्- यही मेरो कामना छ ।

भूमिका

देशमा योजनाबद्ध विकासको माध्यमबाट द्रुततर आर्थिक तथा सामाजिक विकास गरी जनसाधारणको जीवनस्तर माथि उठाउने श्री ५ को सरकारको नीति अनुरुप गत १८ वर्षको अवधिमा ४ वटा आवधिक योजनाहरुको कार्यान्वयन भइसकेको छ। आर्थिक विकासको क्रमलाई एक निर्दिष्ट दिशातिर लान निरन्तर रुपमा हुनु पर्ने प्रयाशको क्रममा पाँचौं योजनाको तर्जुमा गरिएको छ। राष्ट्रिय विकास परिषद्को पहिलो वैठकबाट स्विकृत गरिएका आधारभूत सिद्धान्त र अन्तर्निहित कार्यनीतिहरुको आधारमा यस योजनाको मस्यौदा तयार भई राष्ट्रिय विकास परिषद्को चौथो वैठकमा प्रस्तुत गरिएको हो।

एक प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणसहित समाजको सृजना गर्न पञ्चायती प्रजातन्त्रको उद्देश्यलाई आधार मानी यस योजनामा राष्ट्रिय आयमा अधिकतम बृद्धि गर्ने र उत्पादनमा भएको वृद्धि जनसाधारणले पनि उपभोग गर्न पाउने स्थितिको सृजना गर्ने लक्ष्य राखिएको छ। यी मूलभूत लक्ष्यहरु पाँच वर्षको छोटो अवधिमा हासिल गर्न सम्भव नभए पनि राष्ट्रिय उत्पादनमा वृद्धि गर्ने क्रममा जनसाधारणलाई सम्मिलित गराउन सकिएमा उत्पादनमा हुने वृद्धिको उपभोग सबैले गर्न पाउने हुन्छ। विभिन्न विकास कार्यक्रमहरुको कार्यान्वयन आर्थिक दृष्टिकोणवाट उपयुक्त क्षेत्रहरुमा मात्र सीमित भएमा देशको अविकसित तथा दुर्गम प्रदेशहरु विकास अभियानमा उपेक्षित हुने सम्भावना भएकोले पाँचौं योजनामा विभिन्न कार्यक्रमहरु समावेश गर्दा प्रादेशिक पक्षलाई विशेष ध्यान दिइएको छ।

पाँचौं योजनाको तर्जुमा गर्दा अन्तर्राष्ट्रिय स्तरमा देखा परेका आर्थिक समस्याहरु र विभिन्न आन्तरिक तथा वाह्य कारणहरुले गर्दा देशमा विद्यमान आर्थिक समस्यालाई समेत दृष्टिगत गरी राष्ट्रिय योजना आयोगले यस योजनालाई बढी व्यावहारिक र प्रभावकारी बनाउन अधिकतम तथा न्यूनतम वित्तीय एवं भौतिक लक्ष्यहरु निर्धारण गरी योजना प्रक्रियामा एक नौलो परिपाटी प्रस्तुत गरेको छ।

प्रस्तुत पाँचौं योजनाको मस्यौदालाई चार भागहरुमा विभाजित गरिएको छ। प्रथम भागमा चौथो योजनाको प्रगति समीक्षा पेश गरिएको छ। दोश्रो भागमा पाँचौं योजनाको उद्देश्य, नीतिहरु, वित्तीय साधनको व्यवस्था र बाँडफाँड, जनशक्ति अनुमान तथा निर्माण सामग्री सम्बन्धी परिच्छेदहरु समावेश गरिएका छन्। तेस्रो भागमा पाँचौं योजनामा समावेश गरिएका कार्यक्रमहरुको विस्तृत विवरण दिइएको छ। चौथो भागमा विभिन्न विकास क्षेत्रहरुको परिचय तथा वित्तीय खर्चको प्रादेशिक ढाँचा दर्शाइएको छ।

देशका प्रत्येक जिल्लाको निमित्त १।१ वटा आयोजना यस योजनामा समावेश गरी परिशिष्टको रुपमा छुट्टै प्रस्तुत गरिएको छ।

अन्त्यमा, पाँचौं योजना तयार गर्नमा सहयोग गर्ने सबै मन्त्रालय, विभाग र संस्थानहरुप्रति राष्ट्रिय योजना आयोग आभार प्रकट गर्दछ। वास्तवमा विभिन्न मन्त्रालय वा अन्तर्गतका विभागहरुकै अन्यान्य सहयोगबाट यस योजनाको तर्जुमा सम्भव भएकोले सम्बन्धित मन्त्रालय वा विभागहरुबाट यसको कार्यान्वयन पनि समुचित रुपबाट हुनेछ भन्ने राष्ट्रिय योजना आयोगले विश्वास राखेको छ।

राष्ट्रिय योजना आयोग

विषय-सूची

भाग- १

पाना संख्या

परिच्छेद १ चौथो योजनाको प्रगति समीक्षा

भाग - २

परिच्छेद २ पाँचौं योजनाको उद्देश्य र नीति
परिच्छेद ३ प्रादेशिक विकास नीति
परिच्छेद ४ जनसंख्या नीति
परिच्छेद ५ रोजगारी नीति
परिच्छेद ६ भू-उपयोग नीति
परिच्छेद ७ जलश्रोत विकास नीति
परिच्छेद ८ पाँचौं योजनामा लाग्ने खर्च र त्यसको बाँडफाँट
परिच्छेद ९ वित्तीय साधनको व्यवस्था
परिच्छेद १० प्राविधिक जन-शक्तिको व्यवस्था
परिच्छेद ११ सामग्री व्यवस्था

भाग-३

परिच्छेद १२ कृषि
परिच्छेद १३ कृषि ऋृण उत्पादन सामग्री तथा खाद्य व्यवस्था
परिच्छेद १४ सिंचाई जलस्रोत तथा जलवायु
परिच्छेद १५ भूमिसुधार, भूमि प्रशासन तथा नापी
परिच्छेद १६ वन, वनस्पति, भू-संरक्षण तथा वन्यजन्तु संरक्षण
परिच्छेद १७ सडक तथा अन्य यातायात
परिच्छेद १८ हवाई यातायात
परिच्छेद १९ दूर संचार
परिच्छेद २० हुलाक
परिच्छेद २१ उद्योग
परिच्छेद २२ घरेलु उद्योग
परिच्छेद २३ वाणिज्य
परिच्छेद २४ पर्यटन
परिच्छेद २५ श्रम
परिच्छेद २६ भौगर्भिक सर्भेक्षण तथा खानी
परिच्छेद २७ विद्युत
परिच्छेद २८ शिक्षा
परिच्छेद २९ स्वास्थ्य
परिच्छेद ३० खानेपानी तथा ढल निकास
परिच्छेद ३१ पञ्चायत
परिच्छेद ३२ आवास तथा भौतिक परियोजना
परिच्छेद ३३ अन्य संचार
परिच्छेद ३४ प्रशासन सुधार
परिच्छेद ३५ योजना र तथ्याङ्क

भाग- ४

परिच्छेद ३६ साधनको प्रादेशिक ढांचा
(क) पूर्वाञ्चल विकास क्षेत्र
(ख) मध्यमाञ्चल विकास क्षेत्र
(ग) पश्चिमाञ्चल विकास क्षेत्र
(घ) सुदूर पश्चिमाञ्चल विकास क्षेत्र

परिशिष्ट

परिशिष्ट

भाग १

परिच्छेद १

चौथो योजनाको प्रगति समीक्षा

कुनै पनि आवधिक योजनाको प्रगति मूल्यांकन योजनाको अन्त्यतिर एकैपटक गर्नु सजिलो होइन । चौथो योजनाको प्रगति मूल्यांकन कार्य झन असजिलो देखिन्छ । एकातिर योजनामा निर्धारित कार्यक्रम र लक्ष्यहरु विभिन्न कारणले हेरफेर हुन गएका छन् भने अर्कोतिर केही क्षेत्रहरुमा कार्यक्रम निर्धारित हुंदा नै भौतिक लक्ष्यहरु स्पष्ट हुन नसकेका पनि छन् । चौथो योजनाको कार्यान्वयन कालमा राष्ट्रिय शिक्षा पद्धति योजना, संचार योजना, कृषि योजना, पुनर्वास योजना र उद्योग नीति लागू भएपछि सम्बन्धित क्षेत्रहरुको निर्धारित कार्यक्रममा स्वतः हेरफेर हुन आएका छन् । त्यस्तै, योजनाको तेस्रो र चौथो वर्षको लागि दुई वर्षे कार्यक्रम निर्धारित हुंदा पनि परिस्थिति अनुसार योजनाको परिधिभित्र कतिपय आयोजनाहरु र भौतिक लक्ष्यहरु थपघट हुन गएका छन् । पहिलेका योजनाहरु जस्तै चौथो योजना पनि बढी मात्रामा वाह्य सहायतामा निर्भर रहेकोले वाह्य सहायताको उपलब्धी वा अनुपलब्धीको आधारमा पनि निर्धारित कार्यक्रममा थपघट हुन जानु स्वाभाविकै प्रक्रिया हुन गएको छ । त्यस्तै, विकास कार्यलाई अझ बढी जनमूखी तुल्याई देशका पिछडिएका भागहरुमा पनि विकास कार्यहरुलाई प्राथमिकता दिने आधारभूत उद्देश्य अनुरुप पनि योजनाको निर्धारित कार्यक्रममा केही हेरफेर हुन आएको छ । तसर्थ, चौथो योजनालाई एकै पटक सम्पूर्ण रुपले मूल्यांकन गर्नुभन्दा प्रत्येक आर्थिक वर्ष योजनाको आधारभूत परिधिभित्र वित्तीय साधन र प्रशासकीय क्षमताको समेत विचार गरी राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयहरुको परस्पर राय, सल्लाह र सहमति बमोजिम निर्धारित भएका वार्षिक कार्यक्रम र लक्ष्यहरु बमोजिम कार्यान्वयन भए नभएको मूल्यांकन अर्ध वार्षिक र वार्षिक आधारमा राष्ट्रिय योजना आयोगबाट नियमित रुपबाट भएकोले त्यस सम्वन्धी प्रतिवेदनहरुबाट योजनाको कार्यान्वयन पक्षको यथार्थ स्थिति बढी स्पष्ट हुने र त्यस्ता प्रतिवेदनहरुको मुख्य मुख्य वुंदाहरु नियमित रुपले जन समक्ष प्रकाशमा आइसकेको र निकट भविष्यमा चौथो योजनाको विस्तृत मूल्यांकन प्रतिवेदन प्रकाशित हुने भएकोले यस परिच्छेदमा संक्षिप्त समीक्षा मात्र प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

चौथो योजनाको अन्तिम वर्ष पूरा हुन केही समय वाकी नै रहेको र यस अवधिको प्रगति विवरणहरु प्राप्त हुन अरु बढी समय लाग्ने भएकोले प्रस्तुत प्रगति समीक्षा योजनाको पहिलो चार वर्षको अवधिमा सिमित राख्नु पर्ने स्थिति रहेको छ । योजनाको पहिलो चार वर्षमा भएको कार्यान्वयन र उपलब्धीको समीक्षा वित्तीय तथा भौतिक लक्ष्य र तद सम्वन्धी उपलब्धीहरुको आधारमा गर्ने प्रयास गरिएको छ ।

चौथो योजना अवधिमा सरकारी क्षेत्र मा रु २५७ करोड खर्च हुने अनुमान गरिएको थियो । योजनाको पहिलो चार वर्षमा २४० करोड खर्च भइसकेको छ र पाँचौ वर्षको खर्चलाई समेत मिलाउँदा यो रकम योजनामा निर्धारित अनुमान भन्दा निकै बढी देखिन आउने कुरा तलको तालीकाबाट स्पष्ट हुन्छ ।

तालीका १

चौथो योजना अवधिमा अनुमान गरिएको वार्षिक वजेट र यथार्थ खर्च

(रु. हजारमा)

	२०२७।२८			२०२८।२९		
आर्थिक क्षेत्र	वजेट अनुमान	यथार्थ खर्च	प्र.श.	वजेट अनुमान	यथार्थ खर्च	प्र.श.
यातायत, संचार	३०८०५०	२३०३७८	७४=७८	३५९८८१	२३५२३२	६५=३६
कृषि, भूमिसुधार, वन	१२१९९१	९४६९४	७७=६२	१३८३५६	१०६९३२	७७=२८
उद्योग, विद्युत, आर्थिक सेवा	९०१३९	७४१११९	८२=२२	१३१०२१	११८६९९	९०=५९
पंचायत, शिक्षा, स्वास्थ्य, अन्य सामाजिक सेवा	९८६७१	५७१२६	५७=८९	१०५९४५	७७१००	७२=७७
विविध	१४१९६	८७०२	६१=२९	३४५७०	२६६७४	७७=१५
	६३३०४७	४६५०१९	७३=४५	७६९७७३	५६४६३७	७३=३५

२०२९।३०			२०३०।३१			चार वर्षको जम्मा		
वजेट अनुमान	यथार्थ खर्च	प्र.श.	वजेट अनुमान	यथार्थ खर्च	प्र.श.	वजेट अनुमान	यथार्थ खर्च	प्र.श.
४०११५९	२८२०८२	७०=३१	३९१४३३	३०४६४८	७७=८२	१४६०५२३	१०५२३४०	७२=०५
१६२५३५	१२०२५९	७३=९८	२४८९८०	१७६३५५	७०=८३	६७१८६२	४९८२४०	७४=१५
१४०४१०	७३५३६	५२=३७	२०६००७	११४६२९	५५=६४	५६७५७७	३८०९८३	६७=१२
१४१३३४	१२३२२४	८७=१८	१७८०८२	१४९१४१	८३=७४	५२४०३२	४०६५९१	७७=५८
१२३४१	९४५८	७६=६३	१७२३७	१८८३०	१०९=२२	७८३४४	६३६६४	८१=२६
८५७७७९	६०८५५९	७०=९४	१०४१७३९	७६३६०३	७३=३०	३३०२३३८	२४०१८१८	७२=७३

उपर्युक्त तालीका १ अनुसार चौथो योजनाको चार वर्षको अवधिमा प्रत्येक वर्ष वार्षिक योजनाको निमित्त अनुमानित वजेटको लगभग ७३ प्रतिशत मात्र यथार्थ खर्च भएको देखिन्छ। संशोधित अनुमान बमोजिम पाँचौं वर्षमा करिव रु ९४ करोड खर्च हुने देखिन्छ। यस अनुसार योजनाको पाँच वर्षमा जम्मा रु ३३४ करोड खर्च हुने अनुमान गर्न सकिन्छ। यसरी सामान्य रुपले हेर्दा यो रकम चौथो योजनाको अनुमानित खर्च भन्दा करिव ३० प्रतिशत बढी देखिन आउंछ। तर, चौथो योजनामा निर्धारित कार्यक्रमको लागि खर्चको अनुमान आ.व. २०२६।२७ को मूल्यको आधारमा भएको र योजनाको पहिलो चार वर्षको यथार्थ खर्च र पाँचौं वर्षको संशोधित अनुमान सम्बन्धित वर्षहरु कै प्रचलित मूल्यमा भएकोले पाँचौं वर्षको खर्चलाई २०२६।२७ कै स्थिर मुल्यमा परिणत गर्दा वास्तविक यथार्थ खर्च रु ३३४ करोड भन्दा निकै कम हुने तथ्य स्पष्ट छ। यस अनुसार चौथो योजनाकालमा सरकारी क्षेत्रमा हुने वास्तविक खर्च योजनामा अनुमानित रकमभन्दा धेरै अन्तर नपर्ने देखिन्छ।

माथि उल्लेख गरिए बमोजिम योजनामा अनुमानित खर्च रकम र वास्तविक खर्चका बीच त्यति अन्तर नदेखिने अनुमान गर्न सकिन्छ तापनि वास्तविक खर्चको वाँडफांट योजनामा निर्धारित अनुमानित खर्चको वाँडफांट भन्दा केही फरक परेको कुरा तलको तालीका नं. २ वाट देखिन्छ।

तालीका न.. २

चौथो योजनामा खर्चको वाँडफाट

यातायत, संचार	चौथो योजनाको लक्ष्य	२०२७।२८ को यथार्थ	२०२८।२९ को यथार्थ	२०२९।३० को यथार्थ	२०३०।३१ को यथार्थ	चार वर्षको सरदर अनुपात
कृषि, भूमिसुधार, वन	३९।९५	४९।५४	४१।६६	४६।३५	३९।९०	४३।८२
उद्योग, विद्युत, खानी	२५।७९	२०।३६	१८।९४	१९।७७	२३।०९	२०।७४
पंचायत, शिक्षा, स्वास्थ्य, अन्य सामाजिक सेवा	१८।५९	१५।९४	२१।०२	१२।०८	१५।०१	१५।८६
विविध	१५।१०	१२।२९	१३।६६	२०।२४	१९।५३	१६।९३
जम्मा	०।५७	१।८७	४।७२	१।५६	२।४७	२।६५
	१००।००	१००।००	१००।००	१००।००	१००।००	१००।००

उपर्युक्त तालीका २ अनुसार यातायात संचारतर्फ योजनामा समपूर्ण सरकारी खर्चको ३९.९५ प्रतिशत मात्र खर्च गर्ने लक्ष्य राखिएकोमा चार वर्षको यथार्थ खर्च ४३.८२ प्रतिशत पुगिसकेको छ। त्यस्तै कृषि क्षेत्रमा २५.७९ प्रतिशत खर्च गर्ने योजनाको अनुमान भन्दा यथार्थ खर्च चार वर्षको ओशतमा २०.७४ प्रतिशतमा नै सीमित रह्यो। उद्योगतर्फ प्रत्येक वर्ष अनिश्चित रुपमा घटवढ हुदै रहेको देखिन्छ भने सामाजिक सेवा र विविध रकमहरु लक्ष्यभन्दा निकै बढी हुदै आएका छन्।

विगत योजनाहरु जस्तै चौथो योजना पनि अत्याधिक रुपले वाह्य सहायतामा निर्भर रहेकोले वाह्य सहायताबाट योजनाको निर्धारित प्राथमिकता र कार्यक्रमलाई असर परेको छ। वाह्य सहयोग सम्वन्धी सम्झौता समयमा नहुने र सम्झौता भए पनि समयमा सहायता नपाउने कारणबाट पनि अनुमानित वजेट अनुसार खर्च हुन नसकेका उदाहरणहरु पाइएका छन्। अनुमानित वजेट वमोजिम पुरा रकम निकासा नहुने र निकासा भएता पनि समयमा नहुनाको कारणबाट पनि खर्च घट्न गई कार्यान्वयनमा असर परेको छ। कार्यक्रम संचालन गर्ने सम्बन्धित मन्त्रालय र विभागहरुले पनि आवश्यक निर्माण सामाग्री वा ठेक्का पट्टाको व्यवस्था समयमा गर्न नसक्नाले पनि काम नभई खर्च घट्न गएको छ। त्यस्तै विभिन्न मन्त्रालय र विभागहरुबीच राम्रो समन्वय नभएकाले पनि काममा ढिलाई भई निर्मारित रकम खर्च गर्न नसक्ने स्थिति पर्न आएको छ। कतिपय कार्यक्रमहरु आवश्यक आवश्यक सबै अध्ययन र सर्भेक्षणको आधारमा निर्धारित नहुंदा पनि कार्यान्वयन कालमा ढिलासुस्ती हुन गई वजेट बमोजिम खर्च हुन नसकेको देखिन्छ। कतिपय आयोजनाहरु समयमा संचालन नभई खर्च हुन नसकेकोमा समवन्धित मन्त्रालय र विभागको कार्यान्वयन क्षमता कतिपय कारणहरुले गर्दा कमी हुन गएकोले पनि हो। उपरोक्त सबै कारणहरु उपर उचित ध्यान गएमा कार्यान्वयनमा अझ बढी सक्षम हुन गई माथि उल्लेख गरिएका दुवै किसिमका अन्तरहरु क्रमशः कम हुँदै जानेछ।

वास्तवमा वित्तीय लक्ष्य भन्दा भौतिक लक्ष्यहरु निर्धारित कार्यक्रम बमोजिम पुरा भए नभएको बढी महत्वपूर्ण र जनजीवन सित सम्बन्धित हुनेछ। नेपालको हालसम्मको अनुभव र क्षमताको आधारमा विचार गर्ने हो भने कतिपय महत्वपूर्ण ठूला साना कार्यक्रम तथा भौतिक लक्ष्यहरु निर्धारित हुँदा चाहिने मात्रामा पुरा अध्ययन र सर्वेक्षण नहुने हुँदा वित्तीय लक्ष्य र भौतिक लक्ष्यको सम्वन्ध फितलो रहेको अनुभव गरिएको छ र यस किसिमको कमजोरी भविष्यमा पनि तुरुन्तै हटाउन सकिने देखिदैन। यसै कारणले गर्दा पनि योजनाको कार्यान्वयनमा भौतिक लक्ष्यको प्रगति भन्दा वित्तीय लक्ष्यको प्रगति

सामानयतः बढी देखिने हुन्छ र देखिन आएको पनि छ। यस किसिमको असन्तुलन कुनै निर्धारित कार्यक्रम र निर्धारित खर्चको अनुमान हुंदा आवश्यक विवरणको अभावबाट हुने कमजोरीले मात्र नभै, कार्यक्रमको कार्यान्वयतमा काम र खर्चको निरन्तर मूल्यांकन र नियन्त्रण नभएमा पनि हुने हुन्छ। उपरोक्त सबै तथ्यहरुको विभार गर्दा चौथो योजनाको प्रगति समीक्षा गर्दा भौतिक लक्ष्य पूरा भए नभएकोलाई नै बढी भरपर्दो आधार मान्नु मनासिव हुनेछ।

चौथो योजनाको अन्तर निहित उद्देश्य मध्ये राष्ट्रिय उत्पादनमा अधिकतम वृद्धि गर्ने उद्देशयलाई सर्वोपरी महत्व दिइएको थियो। योजनामा प्रस्तावित लगानी र त्यसबाट सम्पन्न हुने आयोजनाहरुबाट योजनाकालमा राष्ट्रिय उत्पादन औषतमा वार्षिक ४ प्रतिशतका दरले वृद्धि हुने आशाखा राखिएको थियो। हालसम्म उपलव्ध तथ्यांकको आधारमा हिसाव गर्दा योजनाको पहिलो चार वर्षमा २०२६।२७ को दाँजोमा २०२१।२२ को स्थिर मूल्यमा १०.३७ प्रतिशत मात्र वृद्धि भएको देखिन्छ अर्थात् वर्षिक औषत वृद्धि दर २.६५ प्रतिशत हुन आएको छ।

जुन तालीका नं. ३ मा प्रस्तुत गरिएको छ।

तालीका नं. ३

राष्ट्रिय उत्पादनको अनुमान

(२०२१।२२ को मूल्यमा)

(रु १० लाखमा)

आर्थिक वर्ष	राष्ट्रिय उत्पादन	वार्षिक वृद्धि दर
२०२६.२७	६३८६	
२०२७.२८	६३८२	-०।०२
२०२८.२९	६५११	२।०२
२०२९.३०	६६४१	१।९९
२०३०.३१(अनुमान)	७०६५	६।३८
चार वर्षको जम्मा वृद्धि		१०।३७

योजनाको पहिलो चार वर्षको अवधिमा भएको जनसंख्या वृद्धि दर र सोही अवधिमा राष्ट्रिय उत्पादनमा भएको वृद्धिलाई एकसाथ हेर्दा प्रतिव्यक्ति राष्ट्रिय उत्पादनमा उल्लेखनीय सुधार नभएको तथ्य स्पष्ट छ। योजनाको पहिलो वर्ष २०२७।२८ मा राष्ट्रिय उत्पादनमा केही ह्रास समेत भएको देखिन्छ। तर, दोस्रो वर्ष २०२८।२९ मा तेस्रो वर्ष २०२९।३० मा असाधारण रुपले प्रतिकूल मौसम हुनाले कृषि क्षेत्रमा नराम्रो असर पर्न गएता पनि राष्ट्रिय उत्पादन क्रमशः २.०२ प्रतिशत र १.९९ प्रतिशतले वृद्धि भएको देखिन्छ। तर, योजनाको चौथो वर्ष २०३०।३१ मा अप्रत्याशित रुपले राष्ट्रिय उत्पादनमा वृद्धि हुन आएको छ। तालीका नं. ३ मा देखाइए अनुसार सो वर्ष २०२९।३० को तुलनामा राष्ट्रिय उत्पादन २०२१।२२ को मूल्यांमा ६.३८ प्रतिशतले वृद्धि भएको अनुमान गरिएको छ। अनुकूल मौसम जस्तो निर्णयात्मक कारणबाट वृषि उत्पादनमा मुख्यतः खाद्यान्न उत्षदनमा भएको असाधारण वृद्धि नै यसरी राष्ट्रिय उत्पादन वृद्धि हुनाको मूल कारण हो।

आर्थिक वर्ष २०२९।३० मा मुख्यतः खण्ड वृटिको कारण खाद्यान्न वाली ५.४ प्रतिशतले ह्रास भएको थियो। तर, २०३०।३१ मा विगत वर्षको दाँजोमा खाद्यान्न उत्पादन १२.२६ प्रतिशतले वृद्धि भएको अनुमान गरिएको छ। खाद्यान्न वालीमा यसरी वृद्धि हुनाको एक मुख्य कारण २०२९।३० को दाँजोमा २०३०।३१ मा ४.५२ प्रतिशतले खाद्यानन वाली लगाएको क्षेत्र बढ्नु हो। अर्को मुख्य कारण धान वाली राम्रो हुनु हो। २०२९।३० को दाँजोमा २०३०।३१ मा धानको उत्पादन १९.४७ प्रतिशतले वृद्धि भएको देखिन्छ। धान वालीको उत्पादनकत्वमा पनि उल्लेखनीय सुधार भएको देखिन्छ। २०२९।३० को दाँजोमा २०३०।३१ मा धान वालीको उत्पादन प्रति हेक्टर १.७६ मेट्रिक टनबाट १.९६ मेट्रिक टन पुग्न गई ११.३६ प्रतिशतले उत्पादकत्वमा वृद्धि हुन गएको छ। तर, गहुँको उत्पादकत्व भने २.५ प्रतिशतले घट्न गएको छ। अरु वालीको उत्पादकत्वमा खास सुधार दुखिदैन। धान वाहेक अरु खाद्यान्न वाली (कम) गहूँ र (कोदो) को प्रगति वास्तवमा २०२९।३० को वृद्धि दर भन्दा निकै कम हुन गएको छ।

कुल राष्ट्रिय उत्पादनको दुई तिहाई भाग कृषि क्षेत्रबाट नै उत्पादन हुने हाम्रो जस्तो कृषि प्रधान अर्थ व्यवस्थामा कृषि क्षेत्रमा हुने हेरफेरबाट कुल राष्ट्रिय उत्पादनमा नै तदनुरुप हेरफेर हुने तथ्य निर्विवाद छ। माथि उल्लेख गरिए अनुसार राष्ट्रिय उत्पादन आशातीत मात्रामा वृद्धि हुन नसक्नाको मुख्य कारण योजनामा निर्धारित कृषि उत्पादन सम्वन्धी भौतिक लक्ष्यहरु पूरा नहुनाले नै हो। चौथो योजना अवधिमा खाद्यान्न तर्फ १६ प्रतिशतले र नगदेवालीतर्फ ४०.३ प्रतिशतले उत्पादन वृद्धि गर्ने लक्ष्य निर्धारित गरिएको थियो। तर, २०२६।२७ को दाँजोमा योजनाको चौथो वर्ष, अर्थात्, असाधारण रुपले कृषि उत्पादन वृद्धि भएको २०३०।३१ को उत्पादन स्तरलाई दाँजा खाद्यानन उत्पादन ८.०५ प्रतिशतले र नगदे वाली १६.३२ प्रतिशतले बढी भएको देखिन्छ।

हुनत योजनाको पहिलो चार वर्षमा कृषि उत्पादनमा भएको हेरफेरमा सर्वोपरी कारण मौसम नै रहेको छ र भविष्यमा पनि लामो अवधि सम्म रही नै रहने छ तापनि सरकारी स्तरबाट कृषि उत्पादन वृद्धि गर्ने उद्देश्यले निर्धारित गरिएका महत्वपूर्ण कृषि विकास कार्यक्रमको प्रगति भने निर्धारित लक्ष्य भन्दा कम हुन गएको छ। मौसमको अनिश्चित र प्रतिकूल प्रभाव क्रमशः कम गर्दै भविष्यको निमित्त निश्चित आधार तयार गर्ने उद्देश्यले विभिन्न साना ठूला सिंचाई आयोजनाहरुको कार्यान्वयनबाट योजना कालमा थप १,८३,६३२ हेक्टर भूमिमा सिंचाई सुविधा पुऱ्याउने लक्ष्य राखिएको थियो। तर, चारवर्षको अवधिमा विभिन्न आयोजनाहरुबाट जम ६७४० हेक्टर थप जमीनमा मात्र सिंचाई सुविधा पुग्न गएको देखिन्छ। त्यस्तै योजना अवधिमा विभिन्न पुनर्वास कार्यक्रम अन्तर्गत २५,००० हेक्टर थप जमीन आवादी गर्ने लक्ष्य राखिएकोमा चार वर्षमा ६६५२ हेक्टरमा मात्र नयाँ आवादी हुन सकेको छ। कृषि उत्पादनमा तत्कालै प्रभाव पार्ने अन्य उपकरण वा सामाग्री जस्तै उन्नत वीउ, रासायनिक मल, रोग तथा किटनाशक औषधीका साथै कृषि ऋण स्ता आवश्यक विषयहरुको हकमा उन्नत वीउ वाहेक कुनैमा पनि लक्ष्यको ५० प्रतिशत सम्म पनि पूरा हुन सकेको पाइएन।

तालीका नं. ४

चौथो योजनामा उपलब्ध गराइएको कृषि सामाग्री

सुविधाको लक्ष्य र प्रगति

	कार्यक्रम	एकाई	चौथो योजनाको लक्ष्य	चार वर्षको प्रगति	लक्ष्यको प्रतिशत
१	उन्नत बीउको प्रयोग क्षेत्र	हेक्टर	४७२०००	४१६६७५	८८।२७
	क) धान		१९७०००	१८०१७५	९१।४५
	ख) गहुं		२०००००	१७४०००	८७।००
	ग) मकै		७५०००	६२५००	८३।३३
२.	रासायनिक मलको प्रयोग (नयूट्रियण्टमा)	मे.टन	९१०३१	३८३५४	४२।१३
३.	संस्थागत रुपमा वी विजन विक्री वितरण	मे.टन	११११८	६३३६	५६।९८
४	रोग तथा किटनाशक औषधी विक्री वितरण	रु	३९३०००	१२५३२५३	३१।८८
५	अतिरिक्त सिचाई सुविधा	हेक्टर	१८३६३२	६७४०	३।६७
६	थप जमीन आवादी	हेक्टर	२५०००	६६५२	२६।६०
७	वसोवास गराइएको परिवार	संख्या	८०००	४९१२	६१।४०
८	कृषि ऋण वितरित	रु करोड	४७	२१।३३४	४५।३९

पशु पालन, फलफूल खेती, मतस्य विकास जस्ता कृषि क्षेत्रमा अन्य उत्पादन वृद्धि गर्ने तर्फ विभिन्न सरकारी केन्द्र र फार्महरुबाट भएको उत्पादन लक्ष्य २८.५ प्रतिशत देखि ७९.५० प्रतिशत सम्म पूरा भएको देखिए तापनि यसरी उत्पादन गरिएका उन्नत पशु, माछा भूरा, फलफूल वोट बेर्ना आदि के कति जनतामा वितरण भएको छ र जे जति वितरण गरिएको छ त्यसको आधारमा निजी क्षेत्रमा के कस्तो प्रभाव परेको छ सो यथार्थ रुपले मूल्यांकन हुन सकेको छैन। तर, यी क्षेत्रहरुमा प्रसार कार्यक्रम र प्राविधिक सघाउ ज्यादै अपर्याप्त रहेको अनुभव गाउँ घरमा जनततै गरिएको छ र उपरोक्त सरकारी केन्द्र र फार्महरुको गतिविधि मुख्यतः सीमित क्षेत्रमा केन्द्रित भएको देखिन्छ।

तालीका नं. ५

चौथो योजनामा सरकारी फार्महरुबाट उत्पादन

गरिने फलफूल र पशु तथा मत्स्य सम्वन्धी लक्ष्य र प्रगति

कार्यक्रम	एकाई	चौथो योजनाको लक्ष्य	चार वर्षको प्रगति	लक्ष्यको प्र.श. प्रगति
१. बाछा बाछी उत्पादन	गोटा	५२७	३३०	६२।६१

२. पाडा पाडी ,,	,,	७१२	५४१	७५।९८
३. सुंगुर ,,	,,	७,७५०	३,९८५	५१।४१
४. भेडा भेडी ,,	,,	५,०९४	१,४२९	२८।०५
५. चल्ला ,,	,,	५,००,०००	३,९७,५४२	७९।५०
६. माछा भूरा ,,	,,	८९,००,०००	६,९३,५४१०	७७।९२
७. फलफूल बोट बेर्ना ,,	,,	१४,००,०००	७,४७,०९१	५३।३६

कृषि क्षेत्रको विकास भौतिक सुविधा र प्राविधिक ज्ञानमा मात्र सीमित नभई संस्थागत सुधारमा पनि आधारित हुने दृष्टिकोणबाट नै भूमिसुधार कार्यक्रम संचालन गरिएको हो । योजनाको प्रारम्भिक वर्षमा नै अनिवार्य वचत उठाउने कार्य स्थगित गरिएको थियो । अनिवार्य वचत कर्तालाई पाकेको व्याज दिने, ऐन अनुसार ठेक कूत लागू गर्ने, हदवन्दी भन्दा बढी जग्गा प्राप्त गरी विक्री वितरण गर्ने जस्तो भूमिसुधार सम्वन्धी कामहरु लक्ष्य भन्दा पछि परेता पनि मोहीयानी हकको प्रमाण पत्र दिने, अनिवार्य वचतको प्रमाण पत्र दिने जस्ता कामहरु लक्ष्यसँग मिल्दाजुल्दा नै देखिन्छ ।

कृषि क्षेत्रको महत्वपूर्ण अंगको रुपमा वन सम्पदाको संरक्षण र सम्वर्धन गर्ने काममा वृक्षारोपण, वन सीमाना निर्धारण जस्तो अति महत्वपूर्ण लक्ष्यहरु अधुरो रहने र वनको वैज्ञानिक ढंगबाट व्यवस्थापन गर्नका लागि वन कार्य योजनाहरु चौथो योजनामा निर्धारित भए अनुसार प्रायः सबैजसो तराईका डिभिजनहरुमा लागू गरिएतापनि धेरै जसो वन कार्य योजना समयमा लागू नहुंदा र वन अतिक्रमणको कारण वन सीमा समेत निश्चित रुपले निर्धारित नहुँदा अरु योजनाहरु संशोधन गर्नु पर्ने स्थिति आएको देखिन्छ । यस परिस्थितिमा प्रभावकारिताको हिसावले वन कार्य योजना साँच्चै नै लागू भएको मान्न सकिने स्थिति अवश्यै छैन ।

देशको आर्थिक तथा सामाजिक विकासको एक मुख्य पूर्वाधारको रुपमा यातायात विकासलाई खर्चको हिसाबले चौथो योजनामा सर्वोपरी प्राथमिकता दिइएको हो । सबै किसिमका कच्ची र पक्की गरी योजना अवधिका १८३० कि.मि. सडक निर्माण गर्ने लक्ष्य निर्धारित गरिएको थियो । चार वषृको अवधिमा जम्मा ९५०.७ कि.मि. अर्थात् लक्ष्यको लगभग ५२ प्रतिशत पूरा भएको देखन्छि । राजमार्ग निर्माणतर्फ महेन्द्र राजमार्गको पूर्वी खण्ड तथा मध्य खण्डमा पर्ने सत्तिघट्टा-ढल्केवार, ढल्केवार-पथलैया, नौविसे-पोखरा तथा काठमाडौं-भक्तपुर सडकको निर्माण पूरा गरिएको छ । चौथो योजनाको अन्त्य सम्ममा महेन्द्र राजमार्गएको अधिकांश भागहरुको निर्माण पूरा भई पूर्वदेखि पश्चिम वुटवलसम्म सडक यातायातको सुविधा उपलव्ध हुने देखिन्छ । यस सम्वन्धी वितरण तलको तालीका नं. ६ मा दिइएको छ :

तालीका नं. ६

उडक विकासतर्फ चौथो योजनाको लक्ष्य तथा प्रगति

		कच्ची		खण्डास्मित		कालो पत्रे		जम्मा	
	आयोजना	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति
१	राजमार्ग	२३७०	- १३००	४९४।०	- ४५।३	५६०।०	- ५३७१	१२९१।०	-७१२।४
२	विकास रेखा मार्ग	३५।०	- १६	२२९।०	०			२६४।०	- १।६
३	विभिन्न जिल्लामा अन्तर जिल्ला सहायक मार्गहरु संभाव्यता अध्ययन पछि निर्माण हुने		- ४२४	२५०।०	- ५६।८		- ८४।९	२५०।०	- १८४।१
४	शहरी सडक		- ७०		- ७।०	२५।०	- ३८।६	२५।०	- ५२।६
	जम्मा	२७२।०	- १८१।०	९७३।०	- १०९।१	५८५।०	- ६६०।६	१८३०।०	-९५०।७

देशको सबै भागमा मोटर चल्ने सडक निर्माण हुन अझै प्रशस्त समय लाग्ने र विशेषतः पहाडी जिल्लाहरुको चल्ती वाटोमा पर्ने साना ठूला नदीहरुमा पुलहरुको निर्माण मात्र हुन सकेता पनि सर्व साधारण जनताको आवागमनमा सुविधा हुने भएकाले चौथो योजनामा २७ वटा झोलुङ्गे पुलहरु र केही अन्य पुलहरु निर्माण गर्ने लक्ष्य राखिएको थियो । योजनाको पहिलो चार वर्षमा आरुघाट (गोर्खा), तुर्केघाट (संखुवासभा), खिम्ती वेसी (दोलखा), झाप्रे वगार (पर्वत), घाने घाट (रामेछाप) र स्यापुवेसी (रसुवा) गरी जम्मा ६ स्थानमा मात्र निर्माण हुन सकेको छ ।

त्यस्तै अधिराज्यका दुर्गम तथा पहाडी जिल्लाहरुमा १० वटा साना हवाई मैदान (STOL) निर्माण गर्ने लक्ष्य भएकोमा चार वर्षको अवधिमा हुम्ला, डोल्पा, रुकुम, ताप्लेजुङ, स्यांगवोचे तथा जोमसोम गरी जम्मा ६ स्थानहरुमा पूरा भएको छ ।हवाई यातायात सम्वन्धी अन्य कार्यक्रमको हकमा विमान स्थलको निर्माण र विस्तार भएका विमान स्थालमा थप सुविधा पुऱ्याउने र विभिन्न विमान स्थलहरुमा संचार तथा उड्डयन सहायता उपलव्ध गर्ने कामहरु मध्ये धेरै जसोको लक्ष्य पूरा भएका छन् ।

विकासको अर्को पूर्वाधार विद्युत शक्ति हुने भएकाले चौथो योजना अवधिभरमा ठूला साना जल विद्युत तथा डिजेल प्लान्टहरु समेतबाट गरी जम्मा ४०,३००० कि.वा. विद्युत क्षमता बढाउने लक्ष्य निर्धारित गरिएको थियो । यसमध्ये चार वर्षसम्म जम्मा २८,५०२ कि.वा. वृद्धि हुन सकेको छ । निर्धारित लक्ष्य मध्ये त्रिशुली जल विद्युत आयोजनाबाट ९,००० कि.वा., १०,००० कि.वा. सुनकोर्शा जल विदुत आयोजनाबाट, कोशी जल विद्युत आयोजनाबाट ६,८०० कि.वा. सानो जल विद्युत आयोजना धनकुटाबाट २४० कि.वा., गरी जम्मा २६,०४० कि.वा. तथा भद्रपुर (४६६ कि.वा.), जनकपुर (७५० कि.वा.), भैरहवा (५०० कि.वा.), पाल्पा (२८० कि.वा.), बहादुरगंज (५० कि.वा.), धनगढी (५० कि.वा.), महेन्द्र नगर (२० कि.वा.) र पोखरा (३४६ कि.वा.) गरी जम्मा २४६२ कि.वा. विदुत शक्ति डिजेल प्लान्टहरुबाट उत्पादन भएको छ । यस्को विवरण तलको तालीका नं. ७ मा प्रस्तुत गरिएको छ ।

तालीका नं. ७

चौथो योजनाको भौतिक लक्ष्य तथा प्रगति

आयोजनाको नाम	चौथो योजनाको लक्ष्य	चौथो योजनाको प्रगति (चौथो वर्षसम्मको मात्र)
जल विद्युत :		
१. त्रिशुली जल विदुत आयोजना	९००० किवा। (अतिरिक्त)	९००० किवा।
२. गण्डकबाट प्राप्त हुने	१०००० किवा।	केही प्राप्त नभएको
३. सुनकोशी जल विदुत आयोजना	१०००० किवा।	१०००० किवा।
४. कोशीबाट प्राप्त हुने	६८०० किवा।	६८०० किवा।
५. सानो जल विदुत आयोजना	५०० किवा।	२४० किवा। (धनकुटाबाट प्राप्त भएको)
जल विद्युत जम्मा	३६३०० किवा।	२६०४० किवा।
डिजेल	४००० किवा।	२४६२ किवा।
१. डिजृल विद्युत केन्द्र	४०३०० किवा।	२८५०२ किवा।
जम्मा विद्युत उत्पादन		

देशव्यापी रुपमा आधुनिक संचार व्यवस्था विकसित गर्ने उद्देश्यले दूर संचारतर्फ लक्ष्य अुनसरा काठमाडौं दूर मुद्रण (टेलेक्स) प्रणाली स्थापना गर्ने कार्य सम्पन्न भई ेवा समेत उपलव्ध भई सकेको छ। स्थानीय टेलिफोन एकसचेञ्ज अधिराज्यका विभिनन १० नगरहरुमा स्थापना गर्ने तथा काठमाडौं, पाटन र वीरगन्जको टेलिफोन एक्सचेन्जमा थप लाइन विस्तार र विराटनगरमा स्वचालित टेलिफोन एक्सचेञ्ज स्थापना गर्ने लक्ष्य अुनसार योजनाको पहिलो चार वर्षको अवधिमा पोखरा, हेटौंडा, भैरहवा र मलंगवामा गरी चार नगरहरुमा स्थापना गर्ने काम पूरा भइ ५०० लाइन उपलव्ध भई सकेका छने। माइक्रोवेभ संचारको हकमा काठमाडौं-पोखरा लिंक स्थापना गरी सेवा समेत चालू भै सकेको र काठमाडौं-वीरगञ्ज, काठमाडौं-भद्रपुर र विराटनगर-धरानकाबीच लिंक स्थापना कार्य पूरा गरी योजनाको अन्त्य सम्ममा सेवा उपलव्ध हुने देखिन्छ।

चौथो योजनामा उद्योगहरुको स्थापनाको लागि मुख्यत: निजी क्षेत्रलाई नै प्रोत्साहित गर्ने उद्देश्य अनुसार सूति कपडा, चिनी, सावुन, चुरोट जस्ता आयात घटाउने उद्योग जूट, रोजिन टर्पेन्टाइन स्ट्रवोर्ड जस्ता निर्यात बढाउने उद्योग, सिमेन्ट फलाम जस्ता आधारभूत उद्योग, आधुनिक राइस मिल, वनस्पति ध्यू, जस्ता कृषिमा आधारित उद्योग र पल्प र पेपर, प्लाई उड जस्ता वनमा आधारित उद्योग गरी जम्मा ३२ किसिमका विभिन्न क्षमताका उद्योगहरु स्थापना हुने लक्ष्य निर्धारित गरिएको थियो। तर, योजना कालमा ११ किसिमका उद्योगहरुमा कुनै ठोस प्रयासै नभएको र अन्य किसिमका उद्योगहरुमा प्रशस्त इजाजत पत्रहरु प्रदान भै सकेता पनि कारकखाना स्थापना भइ उत्पादन कार्य समेत शुरु गरिएका केही उद्योगहरुमा आधुनिक राइस मिल वाहेक एक मैदा मिल (हेटौंडा), एक वियर फ्याक्टरी (हेटौं), एक सिमेन्ट कारखाना (चोभार) र एक ध्यू प्रशोधन प्लान्ट मात्र उल्लेख गर्न सकिन्छ। सरकारी क्षेत्रमा नयाँ उद्योग स्थापना गर्ने भन्दा भएका उद्योगहरुको विस्तार गर्ने कार्यक्रम अनुसार चिनी कारखाना, चुरोट कारखाना र कृषि औजार कारखानाको उत्पादन क्षमता योजनाकालमा ५० प्रतिशतले वृद्धि गर्ने लक्ष्य निर्धारित गरिएकोमा यसरी क्षमता वृद्धि गर्न चाहिने निर्माण कार्य र मेशिनरी जडान गर्ने कामको हकमा कृषि औजार वाहेक कार्य प्राय: पूरा भई पाँचौ योजनाकालमा मात्र थप उत्पादन हुने देखिन्छ। तर, इटा टायल तथा छाला जुत्ताको उत्पादन क्षमता दोव्वर गर्नेतर्फ नयाँ इटा टायल कारखाना स्थापना गर्नेतर्फ प्रारम्भिक काम मात्र पुरा भएको र छाला जुत्ताको दैनिक क्षमता २५० जोरबाट ६०० जोर पुऱ्याउन चाहिने निर्माण र मेशिन जडान कार्य प्राय: पुरा हुने देखिन्छ।

सामाजिक सेवाहरुको हकमा षितर्फ प्राथमिक र माधयमिक तहमा २०२८ साल देखि र उच्च शिक्षा तहमा प्राविधिकतर्फ २०२९ साल देखि र अन्य साधारण तर्फ २०३० साल देखि राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू गरिएको हो। प्राथमिक शिक्षातर्फ २०३१ सम्ममा प्राथमिक स्कूल जाने उमेरका (६ देखि ८ वर्ष सम्मका) वाल वालिकाहरु मध्ये ६० प्रतिशतलाई प्रथामिक शिक्षा सुविधा पुऱ्याउने लक्ष्य निर्धारित भएता पनि २०२८ को राष्ट्रिय जनगणनाको आधारमा प्राथमिक स्कूल जाने उमेरका वाल वालिकाहरुको संख्या अनुमान भन्दा धेरै बढी देखिन आएको र लक्ष्य अनुरुप प्राथमिक विद्यालयको स्थापना भएता पनि विद्यार्थीहरु खास गरी वालिकाहरु चाहिने संस्थामा भर्ना हुन नसकेका उपरोक्त ६० प्रतिशतको लक्ष्य

पूरा हुन सकेको छैन । त्यस्तै निम्न माध्यमिक विद्यालयमा विद्यार्थी संख्या लक्ष्य भन्दा केही बढी पुगेको र माध्यमिक विद्यालयमा विद्यार्थी संख्या लक्ष्य भन्दा केही कम देखिन आएको छ । शहरी क्षेत्रहरुमा विद्यार्थीहरुको संख्या धेरै बढेको छ , तर पहाडी र ग्रामीण क्षेत्रहरुमा विद्यार्थी संख्यामा उल्लेखनीय वृद्धि नभएको देखिन्छ । प्रौढ शिक्षातर्फ प्रत्येक वर्ष १ लाख निरक्षर प्रौढलाई साक्षर बनाउने लक्ष्यको दाजोमा प्रगति निकै पछि पर्न गएको छ । उच्च शिक्षातर्फ मानविकी तथा सामाजिक अध्ययन संस्थानहरुको प्रवेशद्वार यथावत रहनाले पनि प्राविधिक संस्थानहरुको विद्यार्थी प्रवेशमा प्रतिकूल असर परी निर्धारित लक्ष्य अनुरुप काम हुन नसकेको आ.व. २०२९।३० र २०३०।३१ को वार्षिक प्रगति मूल्यांकनबाट स्पष्ट भएको छ । हालको स्थितिमा सुधार देखिएतापनि इन्जिनियरिंग, कृषि तथा पशु विज्ञान र चिकित्सा शास्त्र अध्ययन संस्थानहरुमा यसरी लक्ष्य अनुरुप विद्यार्थी भर्ना गर्न नसकेको र सोही अनुसार प्राविधिज्ञको संस्था पनि घट्ने भएकोले यसबाट देशका कतिपय विकास कार्यहरुमा उपयुक्त जनशक्तिको अभावले प्रतिकूल असर पर्न जाने स्पष्ट छ ।

जनतालाई स्वास्थ्य सेवा पुऱ्याउन चाहिने प्रशासकीय आधारहरु जस्तै अञ्चल स्वास्थ्य कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, परिवार नियोजन जिल्ला कार्यालय जस्ता प्रशासकीय इकाइहरु खडा गर्ने काम लक्ष्य अनुसार नै भएको छ । त्यस्तै ग्रामीण जनतालाई सामानय स्वास्थ्य सेवा सुविधा पुऱ्याउने उद्देश्यबाट स्थापना भएका हेल्थपोस्टहरुको संस्थात्मक लक्ष्य पनि योजना अनुरुप नै भएको मान्न सकिन्छ । विफर उन्मूलन, क्षरोग निवारण, कुष्ट रोग नियन्त्रण जस्ता पैतिकारात्मक सेवातर्फ भएको प्रगति पनि उत्साहजन रहेको छ । तर, हाल लामखुट्टेमा किटनाशक औषधीहरु प्रति प्रतिरोधात्मक शक्ति बढ्न जानाका साथै बाहिरबाट समेत औलो रोगीहरुमा वृद्धि भएको कारणले गर्दा औलो ग्रस्त क्षेत्रका सम्पूर्ण जनसंख्यालाई आक्रमण अवस्थाबाट मुक्त गर्ने निर्धारित लक्ष्य भन्दा प्रगति निकै पछि पर्न गएको छ ।

खानेपानी तर्फ तेस्रो योजनामा अधुरा रहेका सबै आयोजनाहरुलाई चौथो योजनाकालमा पुरा गरिएको छ , तर चौथो योजनामा सम्पन्न हुनु पर्ने ठूला र साना नयाँ खानेपानी योजनाहरु मध्ये धेरै जसोको थालनी नभएको वा अधुरो रहने भएकोले योजनाको अन्त्य सम्ममा विभागको हिसाव अनुसार जम्मा ७४१०२०० ग्यालन पानी प्रति दिन थप हुने लक्ष्य भएकोमा पहिलो चार वर्ष जम्मा ३६८४४०० ग्यान मात्र उपलब्ध भएको देखिन्छ ।

नेपाल जस्तो भू-परिवेष्टित तथा वैदेशिक व्यापरमा आधारित देशको विकास कार्य वाह्य कारणहरुबाट अप्रभावित रहन सक्तैन । चौथो योजनाको कार्यान्वयनमा पनि दुई चार महत्वपूर्ण वाह्य परिस्थितिबाट प्रतिकूल असर परेको छ । योजनाको पूर्वाद्धमा मुख्यतः नेपाल र भारतबीच व्यापर तथा पारवहन सम्वन्धी सम्झौता हुनमा ढिलाई र त्यसपछि भारतीय महाद्वीपमा घटेका घटनाहरुले कतिपय निर्माण सामाग्रीहरु समयमा प्राप्त हुन कठिनाई परी आयोजनाहरुको कार्यान्वयनमा वाधा पर्न आएको थियो । त्यस्तै योजनाको उत्तरार्द्धमा विश्वव्यापी मुद्रास्फिति र निर्माण सामाग्रीको अभावले वित्तीय भार बढ्नाका साथै विकास सामाग्रीहरु पनि समयमा उपलब्ध नहुँदा निर्धारित भौतिक लक्ष्य अनुसार कार्यक्रम संचालन गर्नमा कठिनाई पर्न आएको थियो । त्यस्तै प्राकृतिक कारणहरुले पनि राष्ट्रिय अर्थ व्यवस्थामा आघात पुऱ्याएको थियो । चौथो योजनाको पहिलो चार वर्षमा कहिले खण्ड वृटि र कहिले अति वृटिले गर्दा कृषि उत्पादन बढाउने लक्ष्यलाई निकै प्रतिकूल असर परेको थियो । तर, सो अवधिमा योजनाको प्रगति लक्ष्य भन्दा पछि पर्नामा उपरोक्त वाह्य र प्राकृतिक कारणहरुलाई मात्र औल्याउनु पर्याप्त देखिदैन । योजनाको कार्यानवयनमा आन्तरिक कमजोरीहरु पनि देखा परेका छन् र कतिपय कार्यान्वयनहरु लक्ष्य अनुसार कार्यान्वयन नहुनामा समाधान गर्न नसकिने खालका मौलिक समस्या र अवरोध भन्दा सामानय प्रशासकीय अडचनहरुले नै काममा बढी वाधा पुऱ्याएको अनुमान गर्न सकिन्छ ।

सम्बन्धित मन्त्रालय र विभागहरुको अनुभवमा निर्धारित कार्यक्रम बमोजिम काम हुन नसकेको मुख्य कारणहरु प्राय सबै प्रशासकीय किसिमका छन् । आयोजनाको लागि चाहिने जगा समयमा अधिग्रहण नभएको, चाहिने थप कर्मचारीको दरवन्दी नभएको, दरवन्दी भए पनि भर्ना गर्नमा प्रशासकीय कठिनाई परेको, त्यस्ता सहायता सम्वन्धी सम्झौता समयमा नभएको, वाह्य सहायता समयमा प्राप्त हुन नसकेको, वजेट अनुसार निकासा नभएको, निर्माण सामाग्रीहरु समयमा प्राप्त नभएको, ठेक्का पट्टाको काममा ढिलाई भएको, ठेकदार पाउन नसकेको वा ठेकदारले शर्त अनुसार काम नगरेको जस्ता कारणहरु अर्ध वार्षिक तथा वार्षिक प्रगति मूल्यांकनको समयमा सम्वन्धित मन्त्रालय र विभागहरुबाट वारम्वार दोहऱ्याउने गरेबाट आर्थिक तथा सामाजिक विकासको लागि समय समयमा हुनुपर्ने सामानय निर्णयहरुको आवश्यधता विद्यमान रहेको स्थिति जनाउँदछ । निर्धारित कार्यक्रम तथा आयोजनाहरुको पनि वारमवार विभिनन स्तरबाट विना सुचना पनि हेरफेर हुने, वार्षिक कार्यक्रम निर्धारित भई सकेपछि कार्यान्वयन कालमा अनेक कारणहरु देखाइ कतिपय आयोजनाहरुमा हेरफेर गर्ने र लक्ष्यहरु संशोधन गर्ने, वारम्वार एक आयोजनाबाट अर्को आयोजनामा रकमान्तर गर्ने, वाहेय सहायता पाउने नपाउने र पाएको आधारमा आयोजनाहरु थपघट हुने, भएका आयोजनाहरुलाई राम्ररी संचालन गर्ने तर्फभन्दा नयाँ नयाा आयोजनाहरुमा हात हाल्ने प्रकृति जस्ता तथ्यहरुको विचार गर्दा वास्तवमा योजनावद्ध विकास नीति, कार्यक्रम र लक्ष्य प्रति कार्यान्वयन तहमा हुनु पर्ने दृढताको कमी आदि समस्याहरुको समाधान हुन वाँकी नै देखिन्छ । यसको मतलव योजना वा कार्यक्रममा कुनै हेरफेर वा संशोधन हुनु हुँदैन भन्ने होइन । समय र परिस्थिति अनुसार आवश्यक परिवर्तनहरु हुनु जरुरी छ । तर, जुन प्रकारबाट हेरफेर परिवर्तन, संशोधन र सरकमान्तर हुने परिपाटि हाल विद्यमान छ त्यसलाई कुनै पनि स्वीकृत योजना र कार्यक्रममा हुनु पर्ने गतिशीलता वा परिवर्तनशीलताको गुण अनुरुप मान्न सकिन्दैन । वास्तवमा योजनावद्ध विकास भनेको योजनाको तर्जुमा र कार्यान्वयन दुवै तहलाई निर्दिष्ट दिशातर्फ अनुशासित गर्नु हो ।

त्यस्तै योजना अनुरुप कार्यान्वयन तहमा सन्तोषजनक भए नभएको समीक्षा नियमित रुपले अर्ध वार्षिक र वार्षिक अवधिमा हुंदा निर्धारित लक्ष्य भन्दा प्रगति ज्यादै पछि परेता पनि कुनै कडा कारवाई नहुनु वा निर्धारित लक्ष्य भन्दा प्रगति ज्यादै बढी

भएता पनि कुनै प्रोत्साहन नहुनु र प्रगति पछि पर्नाको कारण र कठिनाईहरुलाई समयमा नै हटाउने वा घटाउनेतर्फ ठोस र दृढ कदमहरु उठाउन नसकेमा कार्यान्वयन तह शिथिल हुदै जाने हुन्छ ।

चौथो योजना कार्यान्वयन भएदेखि समय समयमा हुने प्रगति समीक्षाको समयमा राष्ट्रिय योजना कायोगबाट र राष्ट्रिय विकास परिषदका गठन भएपद्धि परिषदको वैठकहरुमा समेत योजना कार्यान्वयन तहलाई बढी प्रभावकारी बनाउने सुझावहरु पेश गर्दै आएको हो । तिनै सुझावहरुलाई यहाँ पुनः दोहऱ्याउनु आवश्यक देखिन्दैन । हालसम्म प्रगति समीक्षा विशेषतः खास खास आयोजनाहरुको कार्यान्वयन निर्धारित लक्ष्य अनुसार भए नभएको संख्यात्मक रुपले हेर्नेतर्फ नै केन्द्रित हुंदा योजनामा निर्धारित लक्ष्य अनुसार भए नभएको संखयात्मक रुपले हेर्नेतर्फ नै केन्द्रित हुंदा योजनामा निधारित उद्देश्यहरु विभिन्न कार्यक्रमको कार्यान्वयनबाट के कति मात्रामा पुरा हुन सकेको छ र विभिन्न आर्थिक तथा सामाजिक विकाससित सम्बन्धित निर्णयहरु योजनामा निर्धारित नीति अनुरुप छ छैन भन्ने जस्ता आधारभूत तथा व्यापक विषयहरुमा त्यति ध्यान दिन नसकेता पनि केही वर्ष यता राष्ट्रिय विकास परिषदको वैठकमा यी विषयहरुलाई ध्यानमा राखी देशको आर्थिक स्थिति सामाग्री रजनशक्ति स्थिति वारे प्रतिवेदनहरु पेश गर्ने परिपाटी कायम हुन आएको छ र यी प्रतिवेदनहरुमा पनि चौथो योजनाको कार्यान्वयन पक्षमा देखा परेका कठिनाई र कमजोरीहरुलाई आर्थिक तथा सामाजिक विकासको व्यापक सन्दर्भमा स्पष्ट पार्ने प्रयास भएकोले ती विषयहरुलाई पुनः यहाँ दोहऱ्याउन पर्ने देखिन्दैन ।

प्रगति मूल्यांकनको उद्देश्य कार्यान्वयन पक्षको कमजोरी वा दोष देखाउने नभई एकातिर कार्यक्रम र लक्ष्य र अर्कोतिर कार्यान्वयन र उपलव्धीबीच के कति अन्तर देखा पर्न आएको छ, यसरी देखा पर्न आएका अन्तरको वास्तविक कारण के हुन सो पत्ता लगाई भविष्यमा त्यस्ता कारणहरुलाई सकभर दोहोरिन नदिनु हो । तर, सोही कारणहरु यदि वारम्वार दोहोरिन आउने हो भने मूल्यांकनको वास्तविक उद्देश्य पूरा नभई औपचारिकता मात्र वाँकी रहने हुन्छ । चौथो योजनाको दांजोमा विभिन्न आर्थिक तथा सामाजिक क्षेत्रहरुको कार्यक्रम, भौतिक लक्ष्य, वित्तीय खर्च, प्रशिक्षित जनशक्ति तथा निर्माण सामाग्रीको आवश्यकता आदि सबै दृष्टिकोणबाट प्रस्तुत पाँचौं योजना निकै ठूलो र व्यापक रहेकोले पनि यसको सफल कार्यान्वयनको लागि सम्वनिधत सबै तह विगत योजनाको कार्यान्वयन प्रक्रियामा देखा परेका कमजोरीहरु प्रति सचेष्ट हुनुपर्ने तथ्य निर्विवाद छ । यसकारण पाँचौं योजनाको प्रस्तुतीकरण चौथो योजनाको कार्यान्वयन समीक्षाबाट प्रारम्भ गर्नु उपयुक्त सम्झिएको छ ।

भाग २

परिच्छेद - २

पाँचौं योजनाको उद्देश्य र नीति

विकास योजना देशको आर्थिक, सामाजिक र राजनैतिक आकांक्षा अनुरुप व्यापक राष्ट्रिय उद्देश्य र लक्ष्यलाई क्रमशः प्राप्त गर्ने दृष्टिकोणबाट निर्धारित हुनु आवश्यक छ । सो नभएमा योजना सिद्धान्ततः जतिसुकै आकर्षक देखिए तापनि योजना या विकासप्रति जन आस्था ह्रास हुने र विकासको लागि हुने प्रयास नै निष्फल हुने हुन्छ । संविधानको निर्देशक सिद्धान्त अनुसार जनस कल्याणको अभिवृद्धि गर्न एउटा प्रजातान्त्रिक न्यायपूर्ण गतिशील र शोषण रहित समाजको सृजना गर्ने पञ्चायत प्रणालीको उद्देश्य रहेको छ । देशको आर्थिक उन्नतिमा जनसाधारणलाई सकभर बढी मात्रामा सम्मिलित गराई र निजी उद्यामलाई समेत उचित प्रश्रय दिई कुनै पनि व्यक्ति वा वर्गद्वारा कुनै व्यक्ति वा वर्गमा आर्थिक दवाव नदिने व्यवस्था गर्नु पञ्चायती प्रणालीको आर्थिक लक्ष्य हो । यिनै सिद्धान्तहरु वास्तवमा देश विकास योजनाको अन्तरनिहित नीति र लक्ष्य हुनु पर्ने तथ्य निर्विवाद छ ।

निश्चय नै कुनै पनि आवधिक योजनाको पाँच वर्षको छोटो समयमा व्यवस्थाका यी दीर्घकालीन उद्देश्य र लक्ष्यहरुलाई पूर्णरुपले हासिल गर्न सकिदैन । विकास निरन्तर जारी रहने प्रक्रिया हुंदा स्वभावतः एक आवधिक योजना अर्को आवधिक योजनासित क्रमवद्ध हुनु पर्ने हुंदा पाँचौं योजनाको रुप दश पन्ध्र वर्षमा हासिल गरिनु पर्ने आर्थिक स्थितिको मोटामोटी लक्ष्यको सन्दर्भमा विचार हुनु पर्ने हो, तर आवश्यक विवरण तथ्यांकको व्यापक विश्लेषण नभई तत्कालै संख्यात्मक हिसावले पन्ध्र वर्ष पछिको आर्थिक स्थिति वारे विस्तृत रुप चित्रण गर्न नसकिने भए तापनि आर्थिक स्थितिलाई पञ्चायती व्यवस्थाले परिकल्पना गरेको लक्ष्य तिर कसरी अग्रसर गराउने भन्ने प्रश्न उपर गहिरो विचार भई उपयुक्त वाटो पहिल्याउनु जरुरी छ ।

हाम्रो जस्तो पिछडिएको अर्थ व्यवस्थामा आर्थिक दवाव र शोषणको बढी गुनजायश रहने भएकोले शोषण र आर्थिक दवावलाई हटाउन सर्व प्रथम गरिवीको मूल जडलाई नै निर्मूल पार्ने हाम्रो प्रयास हुनुपर्दछ । यदि गरिवीको मूल कारण राष्ट्रिय उत्पादनमा कमी हो भने सर्व प्रथम उत्पादनमा अधिकतम वृद्धि गर्नु जरुरी छ । तर, उत्पादनमा अधिकतम वृद्धि हुनाका साथ साथै शोषण र गरिबी स्वतः कम हुने होइन । उत्पादन प्रक्रियामा अधिकांश जनताले भाग लिन नपाउने, तर उत्पादन पछि विभिन्न उपायद्वारा यसरी उत्पादनमा सरीक हुन नपाएका जनताको लागि वितरणको व्यवस्था हुनेछ भन्ने सिद्धान्तले उत्पादनमा अधिकतम वृद्धि भएर पनि देशबाट व्यापक भाक, रोग र अशिक्षालाई हटाउन सकिदैन । तसर्थ, उत्पादनको ढाँचा, संगठन, वितरण व्यवस्था आदिमा पनि उपयुक्त परिवर्तन हुनु आवश्यक छ । उत्पादन वृद्धि जन साधारणको न्यूनतम खांचोहरु पूरा गर्न सकिने किसिमको भएर मात्र पर्याप्त छैन, सो उत्पादन उपभोग गर्न जनसाधारणमा क्रयशक्ति बढाउनु पर्दछ । यसको लागि उत्पादन बढ्ने सम्पूर्ण प्रक्रियामा नै अधिकांश जनताले आ-आफ्नो क्षमता र आवश्यकता अनुसार सरीक भई योगदान गर्न पाउने व्यवस्था हुनु पर्दछ । यस किसिमको प्रक्रियाबाट मात्र उत्पादन र वितरण साथ साथै जाने हुन्छ । आगामी योजनाहरुको प्रमुख उद्देश्य राष्ट्रिय उत्पादनमा क्रमिक रुपले अधिकतम वृद्धि गर्दै लैजानुका साथ यस्तो उत्पादन देशको वास्तविक जनजीवन सुहाउंदो र जनसाधारणले उपभोग गर्न सकिने हुनेछ । शोषणरहित समाज, जनकल्याणको अभिवृद्धि, आर्थिक विकेन्द्रीकरण जस्ता लक्ष्यहरु प्राप्त गर्ने उपाय वास्तवमा यही हो ।

आगामी योजनाहरु अन्तर्गत निर्धारित गरिने साधनको परिचालन, लगानीको ढाँचा र वांडफांट, उत्पादनको स्तर, संगठन र किसिम, रोजगारी र व्यवसायको व्यवस्था, विनिमय वितरण जस्ता कतिपय अन्तरनिहित विषयहरु सम्वन्धी नीति, लक्ष्य र कार्यक्रमहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपले माथि उल्लेखित उद्देश्यहरु तल उल्लेख गरिएका छन् ।

१. जन उपयोगी उत्पादनमा वृद्धिः

आर्थिक विकासको क्रममा राष्ट्रिय उत्पादनमा अधिकतम वृद्धि गर्दै जानु र यस प्रकारको वृद्धिलाई चाहिने आधारहरु क्रमशः तयार गर्दै जानु सर्वोपरि आवश्यकताहरु हुन्, तर, त्यति नै पर्याप्त होइन । राष्ट्रिय उत्पादनमा अधिकतम वृद्धि हुनु विकासको लक्षण मात्र शो लक्ष्य होइन । राष्ट्रिय उत्पादनमा अधिकतम वृद्धि हुंदैमा यसरी वढ्ने उत्पादन स्वभावतः वितरण भई सर्वसाधारण जनताले तदअनुरुप उपभोग गर्न पाई लाभान्वित हुने नै छ भन्ने तर्क युक्तिसंगत होइन । राष्ट्रिय उत्पादनमा हुने वृद्धि अनुसार देशमा व्याप्त गरीि स्वतः घट्ने भन्ने धारणा गलत हो । विकास क्रममा समय, सहयोग वा धैर्य, भौतिक साधन र शक्ति भन्दा बढी महत्वपूर्ण भएकोले सम्पूर्ण विकास कार्यप्रति जनआस्था सदासर्वदा कायम हुनु जरुरी छ । तर, विकास कार्यवाट लाभान्वित हुनेछ भन्ने जन भावना र धैर्य समयको सीमा हुने हुंदा सर्वसाधारण जनताको न्यूनतम दैनिक आवश्यकता र खांचो अनुरुप नभई केवल राष्ट्रिय स्तरमा उत्पादनमा अधिकतम वृद्धि गर्ने उद्देश्यले मात्र प्रेरित विकास योजना जनमुखी हुन सक्दैन । यसैले आउंदो योजनाको प्रमुख उद्देश्य राष्ट्रिय उत्पादनमा अधिकतम वृद्धि गर्ने मात्र नभई यसरी वृद्धि हुने उत्पादन अधिकांश जनताको अत्यावश्यक दैनिक खांचो पूरा गर्ने किसिमको हुनेछ । यस किसिमको उद्देश्यले मात्र उत्पादन वृद्धिका सार्थ देशबाट भोग, रोग र अशिक्षा क्रमशः हटाउन सकिनेछ ।

२. श्रमशक्तिको अधिकतम उपयोगः

नेपाल जस्तो विकासोन्मुख देशको उत्पादनको व्यापक आधार नै जनश्रम हो । जनश्रम नै अन्य उत्पादन-उपादानहरुको मूल श्रोत हो । श्रम शक्तिको व्यापक उपभोग नभई देशको वर्तमान परिस्थितिमा उत्पादनमा अधिकतम वृद्धि नहुनेतथ्य स्वतः सिद्ध छ । श्रम शक्तिको व्यापक उपयोगवाट एकातिर उत्पादनको आधारवलियो हुन्छ भने अर्कोतिर अधिकांश जनताले आफ्नो एक मात्र साधनको रुपमा रहेको श्रमको उपयोगवाट लाभान्वित हुने हुन्छ । यस किसिमको

उत्पादन प्रक्रियामा उत्पादनको रुप पनि जन उपयोगी हुने हुन्छ । तसर्थ, राष्ट्रिय उत्पादन वृद्धि गर्ने प्रक्रियामा बढी से बढी जनताले आफ्नो श्रम उपयोग गरी उत्पादनमा योगदान दिन सक्ने गुन्जायस भए मात्र राष्ट्रिय उत्पादनमा अधिकतम वृद्धि हुनुका साथै यसरी हुने वृद्धिको अनुपातमा सर्व साधरण जनताको क्रय शक्तिमा पनि वृद्धि हुन गई बढी से बढी जनताले आर्थिक विकासबाट लाभ उठाउन पाउने छन् । देशको वर्तमान आर्थिक सन्दर्भमा विकासका गतिलाई तीव्रतर गरी जनकल्याणको अभिवृद्धि गर्ने एक मात्र उपयुक्त उपाय यही हुंदा जनश्रमको अधिकतम उपयोग गर्नु नै आगमी योजनाको सर्वोपरि नीति हो ।

जनसंख्याको वृद्धि अनुसार थपिन आउने सम्पूर्ण श्रम शक्तिलाई एउटै योजनाको पाँच वर्षको छोटो अवधिमा गैर कृषि क्षेत्रमा रोजगारी दिलाउन सम्भव नभए पनि आगामी योजना अन्तर्गत बढ्दो लगानी र श्रम प्रधान कार्यविधिहरुद्वारा गैर कृषि क्षेत्रमा उल्लेखनीय रुपले रोजगारी वढ्नाका साथै कार्यमूलक व्यवसायिक शिक्षाद्वारा प्रशिक्षित व्यक्ति एवं आफै पनि कार्यरत भई उत्पादन प्रक्रियामा उपयोगी हुन सक्नेछ । त्यस्तै पञ्चायत क्षेत्रको विस्तृत र व्यवस्थित स्थानीय विकास कार्यक्रमद्वारा पनि गाउँ गाउँमा खेर गैरहेको श्रम विकास कार्यमा उपयोग गरिनेछ ।

३.प्रादेशिक सन्तुलन र एकीकरण:

जनशक्तिको अधिकतम उपयोग गरी राष्ट्रिय उत्पादनमा वृद्धि गर्ने उद्देश्य पूरा गर्न देशभर छरिएको श्रमले आ-आफ्नो गाउँ ठाउँ अनुसार उपयोगी हुने मौका पाउनु अनिवार्य छ । विकास कार्यहरुलाई सीमित स्थानहरुमा मात्र केन्द्रित गर्दा वा पूँजी प्रधान विकास कार्यहरुमा मात्र लगानी गर्दा यो मौका पाउन सकिन्दैन । हाल सम्म तुलनात्मक हिसावले सुगम र साधन-सम्पन्न प्रदेशहरुमा विकास कार्यहरु केन्द्रित र आकर्षित हुन गएकोले दुर्गम र पिछडिएका प्रदेशहरुले उचित मौका नपाई देशका विभिन्न प्रदेशहरुबीच उचित सम्वन्ध नरही राष्ट्रिय अर्थ व्यवस्था नै विनिमय रहित र खण्डित हुँदा यसले एकातिर राष्ट्रिय एकतामा अवरोध पैदा गर्दछ भने अर्कोतिर विभिन्न प्रदेशमा उपलब्ध प्राकृतिक साधन र विकासको सम्भावनावाट पनि देशले फाइदा उठाउनमा कठिनाई परेको छ ।

तसर्थ, विकास कार्यको परिधि सकभर पराकिलो र फैलिएको हुनु पर्दछ । विकास कार्यलाई युरी फैलाउन र फराकिलो पार्न विभिन्न प्रदेशको भौगोलिक स्थिति, प्राकृतिक साधन, शैक्षिक स्तर, वर्तमान विकासको स्थिति, समस्या, सम्भावना आदि कतिपय आधारभूत कुराहरु समान नभएकोले स्थानीय तथा प्रदेशिक दृष्टिकोण नै राष्ट्रिय योजनाको वास्तविक आधार हुनु अनिवार्य छ । यसको लागि राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारबाट हालै देशलाई चार विकास क्षेत्रमा विभाजित गरिवक्सी प्रत्येक क्षेत्रको समुचित विकास कार्य सञ्चालन गर्ने केन्द्रको रुपमा सुदूर पश्चिमाञ्चलको लागि सुर्खेत, पश्चिमाञ्चलको लागि पोखरा, मध्यामाञ्चलको लागि काठमाडौं र पूर्वाञ्चलको लागि धनकुटा निर्धारित गरिवक्सेको छ । यी चार विकास केन्द्रहरु देशका तराई, पहाड र हिमाली भागसित आवद्ध गर्ने उद्देश्यले पहिलो चरणको रुपमा प्रारम्भ गरिएका चार विकास रेखाहरुको (मार्ग) निर्माण कार्यका साथै प्रत्येक विकास क्षेत्र अन्तर्गत आवश्यकता अनुसार केही सहायक मार्गहरुको निर्माण हुन जरुरी छ । यसरी स्थानीय र प्रादेशिक दृष्टिकोणबाट राष्ट्रिय विकास कार्यक्रम संचालन भएपछि विभिन्न प्रादेशिक साधन र श्रमशक्तिको बढी उपयोग भई राष्ट्रिय उत्पादन वृद्धिका साथै हाल देखा परेका प्रादेशिक अन्तर पनि घट्न गई सम्पूर्ण विकास कार्यमा क्रमशः सन्तुलन आउनेछ ।

विभिन्न भौगोलिक प्रदेशहरुको साधनको विविधताले गर्दा सबै प्रदेशहरुमा एकै किसिमको विकास कार्यक्रम सम्भव नहुने कुरा स्वतः सिद्ध छ । प्रादेशिक दृष्टिकोणमा आधारित योजना अन्तर्गत विभिन्न प्रदेशको विकास कार्यक्रमको रुप विभिन्न आवहाव अनुरुप वेग्लावेग्लै हुने हुन्छ । देशको भौगोलिक स्थिति, उपलब्ध प्राकृतिक साधन र आवहवाबाट वढी से बढी लाभ उठाउने मूलभूत आधारको रुपमा श्री ५ महाराजाधिराज सरकारबाट हालै देशको उत्तरी भेगमा पशुपालन, मध्य पहाडी भेगमा फलोद्यान र दक्षिण मैदानतिर अन्न उत्पादनमा जोड दिने निर्देशन वक्सेको छ । यसरी कृषि क्षेत्रमा जस्तै अरु आर्थिक क्षेत्रहरुमा पनि प्रादेशिक विभिन्नता र विशेषता अनुरुप विकास कार्यक्रम निर्धारित भएमा विभिन्न प्रदेशहरुले आ-आफ्नो साधन विशेष अनुसार उत्पादनमा वृद्धि गर्न सक्ने र यसरी बढ्ने उत्पादनको आधारमा अन्तर प्रादेशिक विनिमय कार्य प्रणालीद्वारा परस्पराको निर्भरताबाट राष्ट्रिय अर्थ व्यवस्था एकीकरण भई सुदृढ हुनेछ ।

पाँचौ योजनाको नीति

आगामी योजनामा उपरोक्त उद्देश्यहरु प्राप्त गर्नका लागि सोही अनुरुपका नीतिहरु अपनाइनु पर्ने कुरामा दुई मत हुन सक्दैन । उद्देश्यहरु जतिसुकै स्पष्ट भए तापनि उपयुक्त नीति नभएमा वा कमजोर रहेमा योजनाको लक्ष्य अधूरो वा अप्राप्य हुनेछ । पाँचौ योजनाको सफलताको लागि अपनाइनु पर्ने नीतिहरु मध्ये निश्चित हुनु पर्ने केही स्पष्ट रुपमा तल प्रस्तुत गरिएका छन् ।

१.आन्तरिक साधनको परिचालन:

आगामी योजना कालमा जनजीवनमा विकास कार्यवाट कुनै न कुनै रुपले लाभान्वित भएको अनुभव गराउनु सरकारी, पंचायत र गैर सरकारी तिनै क्षेत्रहरुमा लगानी प्रचूर मात्रामा वढाइने छ । वैदेशिक सहायताको स्थान महत्वपूर्ण रहने भए तापनि यस माथिकाृ निर्भरता क्रमशः कम गर्दै लैजाने नीति अनुरुप आगामी योजनाकालमा आन्तरिक साधनको परिचालनमा दृढताको आवश्यकता छ र त्यसैले सरकारी राजस्वको परिमाण राष्ट्रिय उत्पादनको हिसावले वर्तमान स्तरलाई निकै नै बढाउनु अनिवार्य छ । आगामी योजनाको प्रारम्भ देखि न हालको मालपोत व्यवस्थामा आमूल परिवर्तन गरी कृषि क्षेत्रबाट बढी से बढी साधन परिचालन गरिनु जरुरी छ । तयस्तै हाल स्थापना भैसकेको सरकारी संस्था संस्थानहरुबाट

उल्लेखनीय रुपले राजस्वमा योगदान हुन नितान्त आवश्यक छ । साथै, कतिपय सरकारी सेवा सुविधाहरुको उचित मूल्य नीतिवाट पर्याप्त साधन संकलन हुनु युक्तिसंगत देखिन्छ । नयाँ स्रोतहरुबाट राजस्व बढाउने प्रयासका साथै हाल भएका स्रोतहरुबाट राजस्व बढाउनेतर्फ संकलन र प्रशासनतर्फ बढी सुधारको आवश्यकता छ । राजस्व बढाई लगानीको लागि साधन जुटाउनेतर्फमात्र ध्यान नदिई उपलब्ध राजस्वबाट अनुचित रुपले खर्च बढ्ने प्रवृतिलाई रोक्नेतर्फ पनि दृढ नीति अपनाइनेछ । वैंक व्यवसायको विस्तृतीकरण ऋणपत्रको निष्काशन, उचित व्याज दर जस्ता कतिपय अन्य उपायहरुबाट साधारण जनस्तरमा छरिएका स-साना वचतहरुलाई एकत्रित गरी विकास कार्यको लगानी बढाउने गुञ्जायस अझै देशमा वाँकी रहेकोले यसतर्फ पनि आवश्यक कदमहरु उठाइनेछ ।

२.लगानी र उत्पादनको ढाँचा

आगामी योजना अन्तर्गत सरकारी क्षेत्रमा हुने लगानीको ढाँचाले हालको प्रादेशिक असनतुलनलाई सकभर सुधार गर्ने हिसावबाट विकास कार्यहरु निर्धारित गरिनेछ । साथै, पंचायत क्षेत्र अन्तर्गतका विकास कार्य प्रभावकारी तुल्याउने केन्द्रीय विकास अनुदानमा चौथो योजनाकालको दाँजोमा उल्लेखनीय वृद्धि गरी यसरी बढ्ने केन्द्रीय अनुदानको अनुपातमा स्थानीय साधनको परिचालन र लगानीमा पनि धेरे गुणा वृद्धि गराइनेछ । पंचायत क्षेत्रको विकासात्मक कृयाकलापको विस्तेतीकरणबाट एकातिर पंचायतका विभिन्न इकाइहरु सुदृढ हुन जाने छन् भने अर्कोतिर बढ्दो स्थानीय विकास कार्यहरुद्वारा जन साधारणको सामानय खाँचोहरु धेरै मात्रामा पूरा गर्नुका साथै प्रादेशिक असन्तुलन सुधार गर्नेतर्फ पनि यथोचित योगदान हुनेछ । भविष्यको विकास क्रमलाई अवरुद्ध गर्ने कमजोरीहरुलाई हटाई यसलाई सुदृढ आधार पुऱ्याउने खालका विकास आयोजनाहरुमा लगानी गर्ने र त्यसबाट उत्पादन बढाउनु पर्ने तथ्य निर्विवाद रहे तापनि बढी से बढी जनताले उत्पादन कार्यमा सरिक हुन सक्ने, उत्पादनको अधिकांश भाग जनसाधारणको दैनिक जीवनका नयूनतम खाँचोहरु पुरा गर्ने किसिमको तुल्याउने हिसावले विकास कार्यक्रम निर्धारित गरी लगानी र उत्पादनको ढाँचमा प्रत्यक्ष परिवर्तन गरिनेछ ।

३.श्रम उपयोग विधि:

सरकारी, पञ्चायती र गैर सरकारी तिनै क्षेत्रहरुमा संचालन हुने कुनै पनि आयोजनाको यकिन गर्दा सर्वप्रथम प्राविधिक कारणबाट अन्य उपाय अपनाउन पर्ने विशेष परिस्थितिमा बाहेक अरु सबैमा श्रम उपयोगी पक्ष नै छनौटको एक मुख्य आधार मानिनेछ । यसरी यकिन हुने आयोजनाहरुमा अनिवार्य रुपले स्वदेशी श्रम नै उपयोग गर्नुपर्ने नीति अपनाइनेछ । तर, अधिका.श जनता खेतीमा नै लागेका भएता पनि एकातिर खेती योग्य जमीनको कमी र अर्कोतिर अधिकांश खेतयोग्य जमीनमा एकै बाली मात्र लगाउने हाम्रो कृषि प्रणाली अन्तर्गत श्रम शक्तिको पूर्ण सदुपयोग हुन नपाउने हुँदा कृषि उत्पादन बढाउने कार्यमा हरु सम्भव श्रम-प्रधान उपायहरुमा जोड दिइनेछ । साथै, पंचायत क्षेत्र र पुनर्वास सम्वन्धी विस्तृत कार्यक्रमबाट पनि खेर गइरहेको श्रम कतिपय विकास कार्यमा उपयोगी सिद्ध हुनेछ ।

४.आर्थिक स्थिरता:

देशको आर्थिक स्थिति अस्थिर एवं अनिश्चित रहेमा उपलब्ध साधन र जन शक्तिको उपयोग समुचित रुपमा हुन सक्तैन । मूल्य स्थिरताको लागि मुख्यत: मौद्रिक, वित्तीय र मूल्य नीतिहरुद्वारा विकास सामग्री र उपभोगका वस्तुहरुको मूल्य वृद्धिलाई उचित परिधिभित्र सीमित राखी विभिन्न क्षेत्रमा बढी लगानी गर्ने र बढी उत्पादन गर्ने अधिकांश जनताको सिर्जनात्मक प्रवृत्तिलाई प्रोत्साहन हुनाका साथै सर्वसाधारण उपभोक्ताहरुको स्वार्थहितको समेत विचार गरिनेछ । जनसाधारणले उपभोग गर्ने अत्यावश्यक वस्तुहरुमा अप्रत्याशित रुपले मूल्य वृद्धि भएमा जनजीवनमा निकै प्रतिकूल असर पर्ने र यस्तै वस्तुहरुमा सामान्य माग र पूर्तिको प्रक्रियालाई सजिलैसित विकृत गरी निजी स्वार्थ पूर्ति हुने सम्भावना भएकोले अधिकांश जनताको स्वार्थ संरक्षणको लागि आवश्यक परेमा यस्ता अतयावश्यक वस्तुहरुको व्यापारमा सरकारी क्षेत्र अगैसर हुने र क्रमश: संस्थागत माध्यमद्वारा यस्ता वस्तुहरुको विक्री वितरणको व्यवस्था गरिनेछ । यस्ता अत्यावश्यक वस्तुहरु दुगृम क्षेत्रहरुमा सुपथ मूल्यमा पुऱ्याउन सरकारी क्षेत्र सक्रिय हुनु पर्नेछ ।

५. औद्योगिक व्यवस्था:

आगामी योजना कालमा औद्योगिक उत्पादन बढाउनेतर्फ सरकारी क्षेत्रको भूमिका महत्वपूर्ण रहनेछ । यसको लागि पूर्णतया सरकारी स्वामित्व हुने नयाँ उद्योगहरुको स्थापनाका साथ साथै स्वदेशी तथा विदेशी पूँजी र प्राविधिक ज्ञानलाई समेत औद्योगिक विकास कार्यमा आकर्षित गर्न अर्ध सरकारी स्वामित्व र संचालनको व्यवस्था हुने विभिन्न संयुक्त उद्योगहरुको स्थापना गर्नेतर्फ पनि श्री ५ को सरकारले ठोस कदमहरु चाल्नेछ । तर, विदेशी पूँजी वा प्राविधिक ज्ञान स्वदेशी पूँजी र ज्ञान या अभिरुचिलाई कुनै प्रकारबाट पनि हतात्साहित गर्ने वा प्रतिस्थापन गर्ने खालको हुनेछैन । गैर सरकारी क्षेत्र राष्ट्रिय अर्थ व्यवस्थाको एक स्थानी अंग भएकाले यसको विकास सरकारी क्षेत्रको परिपूरकको रुपमा हुनेछ ।

६. व्यापारको वृद्धि र विविधीकरण:

आजको अन्तर्राष्ट्रिय सन्दर्भमा कुनै पनि देशको आर्थिक विकास र विनिमय देश भित्रमात्र सीमित रहने कल्पना गर्न सकिदैन । नेपाल जस्तो विकासोन्मुख देशको विकास विभिन्न रुपले वाहिरी व्यपारमा निर्भर गर्दछ । र्यात व्यपारमा अपेक्षित वृद्धि गर्न सकिएमा त्यसबाट आर्थिक विकासमा गतिशीलता आउन सकी बढ्दो विकास कार्यका निमित्त आवश्यक वसतु आयात गर्ने क्षमता समेत बढ्न जाने तथ्य सामानय सिद्धान्त नै हुन् तर बढ्दो निकासीबाट हुने आर्जन उचित रुपले विकास उपयोगी पैठारीमा लगानी स्वतः हुने होइन । तसर्थ, वैदेशिक व्यापारको हकमा बढ्दो निकासी पैठारी व्यापारबाट कुनै वर्गले मात्र फाइदा उठाउन नपाउने गरी विकासलाई सघाउ पुऱ्याउन प्रशासकीय क्षमता अनुसार क्रमशः संस्थागत मात्तयमद्वारा वेदेशिक व्यापार संचालित हुनु जरुरी छ । अन्तर्राष्ट्रिय व्यापारमा कुनै पनि वस्तुको गुण र मूल्य देशानुसार फरक पर्ने हुंदा निकासी र पैठारी दुवै व्यापारबाट बढी से बढी लाभ उठाउन वैदेशिक व्यापारमा देशगत र वस्तुगत दुवै प्रकारबाट अनेकता ल्याउने प्रयास गरिनेछ ।

७. भूमि व्यवस्था :

हाम्रो जस्तो कृषि प्रधान अर्थ व्यवस्थामा उत्पादनमा अधिकतम वृद्धि गर्न अधिकतम उत्पादनलाई जनोपयोगी तुल्याउन र कृषि क्षेत्रबाट उत्पादन बढाई बढी साधन विकासको लागि परिचालन गर्न वास्तविक किसानले आफ्नो परिश्रमको समुचित फल पाउन सकिने भूमि वयवस्था नभएमा मध्यस्थवर्गले शोषण गर्न शोषणको वातावरण कायम रहेन भएकोले वर्तमान भूमि सुधार कार्यक्रममा पुनः विचार गरी कृषि क्षेत्रमा क्रमशः वास्तविक किसानको स्वामित्व कायम गर्ने प्रयास गरिनेछ । किसानको आफ्नो पैदावारको वेचविखन र त्यसलाई चाहिने ऋण र अन्य उपकरणहरु पनि क्रमशः संस्थागत रुपमा जुटाउने प्रयास गरिनेछ ।

८. पञ्चायत क्षेत्रको स्थानः

पञ्चायत र विकास एक अर्काको परिपूरकको रुपमा सुदृढ गराउन देश विकास प्रक्रिया र पञ्चायत प्रणाली एक अर्कोसित आवद्ध हुनुजरुरी छ । जन आकांक्षा अनुरुप विकास कार्य संचालन गर्ने र यस्तो कार्यमा जनसाधारणले सक्रिय रुपले सरिक हुन पाउने व्यवस्था पंचायतकै माध्यमबाट मात्र सम्भव छ । तसर्थ विकास कार्यमा पंचायत क्षेत्र बढी सार्थक र क्रियाशील हुनु जरुरी छ । यसको लागि आगामी योजना अन्तर्गत पंचायत क्षेत्रको व्यापक विस्तार गर्न चाहिने केन्द्रीय अनुदानका साथै प्राविधिक टेवाको समेत व्यवस्था गरी बढी मात्रमा स्थानीय जनताका अतयावश्यक खांचोहरु पूरा गर्न सकिने खालका स्थानीय विकास कार्यक्रम विभिन्न तहका पंचायतहरुबाट संचालित गरिनेछ ।

परिच्छेद ३

प्रादेशिक विकास नीति

१. पृष्ठभूमि

विकास कार्यहरुलाई केही ठाउँहरुमा मात्र सीमित गर्दा धेरै ठाउँमा जनता राष्ट्रिय विकासका मौकाहरुबाट वञ्चित रहन जाने र यसबाट देशको विभिन्न प्रदेशहरुको बीचमा आवश्यक सम्बन्धहरु कायम गर्न नसकी राष्ट्रिय अर्थ व्यवस्थाको एकीकरणमा अवरोध पैदा हुने संभावना रहने छ । अर्कोतिर यसबाट विभिन्न प्रदेशहरुमा निहीत स्रोत सम्पदा र तदनुकूल विकास सम्भाव्यताबाट पनि देशले उचित फाइदा उठाउन नसकी प्रादेशिक असन्तुलनको फाटो अरु अभिवृद्धि हुने गुन्जाइस रहन्छ । यस परिप्रेक्षमा देशको विकास प्रक्रियालाई समय र परिस्थितिको माग अनुसार अरु गतिशील बनाउन पाँचौं योजनाको एक मुख्य उद्देश्य "प्रादेशिक सन्तुलन र एकीकरण" रहेको छ ।

विगत योजना अवधिहरुमा तुलनात्मक दृष्टिकोणबाट सुगम र स्रोत सम्पन्न केही ठाउँहरुमा विकास लागनी केन्द्रित भएको कारणले गर्दा देशको विभिन्न प्रदेशहरुकोबीच असमानताको फाटो बढ्न गएको एक तथ्य हो । अधिराज्यको विभिन्न ठाउंको वस्तुस्थिति सम्बन्धी सुक्ष्म विश्लेषणात्मक अध्ययनहरुको अभावमा जनसंख्या वितरण, स्रोत संपन्नता र विकास लगानीहरुकोबीच पनि आवश्यक मात्रामा सामन्जस्यता नरहेको कुरा खास गरिकन चौथो योजनाको प्रारम्भतिर अनुभव गर्न थालिएको थियो । विभिन्न भू-परिवेश, आवहवा एवं जनजीवनको संगालोबाट बनेको नेपालको सन्तुलित विकासको लागि राष्ट्रिय सरदर वा समुच्चाको आधारबाट देशका विभिन्न प्रदेश एवं वर्गहरुको वस्तुस्थिति एवं वास्तविकताहरुको सही लेखाजोखा गर्न नसकिने हुनाले राष्ट्रिय विकासको सन्दर्भमा चौथो योजनाले प्रादेशिक विकास योजनाको औचित्यता माथि इङ्गित गरेको थियो । चौथो योजनामा प्रस्तावित यस प्रादेशिक विकास योजनाले राष्ट्रिय विकासको उद्देश्यहरु उपलब्ध गर्नमा निम्नलिखित भूमिका खेल्ने कुरा स्पष्ट पारेको थियो ।

१. अन्तर प्रादेशिक असमानता हटाउने,

२. राष्ट्रिय अर्थतन्त्रलाई एककिरण गर्ने,

३. प्रवाहहीन जटिल चक्रलाई तोड्ने,

४. आयोजनाहरुकोबीच देखा परेका त्रुटिहरुको निराकरण गर्ने र

५. प्रादेशिक आर्थिक वनौटको विश्लेषण गर्ने ।

राष्ट्रिय आवधिक योजनाहरु अन्तरगत निर्धारण गरिने लगानीको ढांचा, स्रोत परिचालन, विनिमय, वितरण जस्ता कतिपय अन्तर निहीत विषयहरु सम्बन्धी विषयतग कार्यक्रमहरुलाई सम्बन्ध युक्त तरिकाले स्थानगतपक्षसँग आवद्ध गराउनको लागि देशका तराई,पहाड रहिमाली प्रदेशहरु सित सम्बन्ध रहेको परम्परागत उत्तर-दक्षिण व्यापारिक मार्गहरुलाई आधुनिक यातायातको सुविधा (मौजुदा वा प्रस्तावित) को आधारमा चारवटा विकास रेखाहरुलाई विकासको मेरुदण्डको रुपमा परिकल्पना गरिएको थियो ।

वास्तवमा प्रगतिशील विकास पद्धति वा जनमुखी विकास पद्धति अपनाउनको लागि विकास कार्यको परिधि यथा संभव फराकिलो हुनु आवश्यक छ । यसरी विकासको घेरालाई गाउँ, देहात र पहाडको भीर पाखा र कन्दरामा पुऱ्याउन विभिन्न प्रदेशको भौगोलिक स्थिति, प्राकृतिक श्रोत सम्पदा, वर्तमान विकासको स्थिति, विकास सक्षमता, समस्या आदि जस्ता आधारभूत कुराहरुमा देश एक प्रदेशको अर्को प्रदेशसंग समानता नभएकाले प्रादेशिक दृष्टिकोण नै राष्ट्रिय योजनाको वास्तविक आधार हुनु अनिवार्य छ । वास्तवमा समस्या एवं विकास संभाव्यताको खास निदानबाट नै समाधानको सही उपाय पहिल्याउन सकिने रवास्तविक निदानको लागि प्रादेशिक आधारबाट यथेष्ट टेवा मिल्न सक्ने हुनाले राष्ट्र नायक श्री ५ महाराजाधिराजबाट अधिराज्यलाई चार विकास क्षेत्रमा विभाजन गरिबक्सी प्रत्येक क्षेत्रको समुचित विकास कार्य संचालन गर्ने केन्द्रको रुपमा सुदूर पश्चिमाञ्चलको लागि सुर्खेत, पश्चिमाञ्चलको लागि पोखरा, मध्यामाञ्चलको लागि काठमाडौं र पूर्वाञ्चलको लागि धनकुटा निर्धारित गरिवक्सेको हो ।

यो कुरा निर्विवाद छ कि प्रादेशिक विकासको उद्देश्य लिई तर्जुमा भएका आर्थिक नीतिहरुको सफलताको लागि प्रादेशिक दृष्टिकोणकै आधारबाट पर्याप्त मात्रामा निजी एवं सरकारी क्षेत्रहरुबाट विषयगत कार्यक्रमहरुको संचालन हुनु पर्दछ । चौथो योजनामा परम्परागत विकास लागनीहरुको वांडफांडको ढांचामा केही प्रगति भएता पनि यस योजना कालमा प्रादेशिक विकास नीति अनुरुप सरकारी क्षेत्रबाट कार्यान्वयन भएका विकास कार्यक्रमहरुमा खास गरिकन यातायात क्षेत्र अन्तरगतका कार्यक्रमहरु नै पर्दछन् । यातायात र संचारको विकासले मात्र विभिन्न जनसमूह तथा भौगोलिक प्रदेशहरुको बीचमा देखापरेको मौजुदा असन्तुलनहरुमा सुधार ल्याउन सकिन्न । उपरोक्त प्रकारका दीर्घकालीन उद्देश्यहरु हासिल गर्न २०/२५ वर्षको दीर्घकालीन पृष्ठभूमिमा विकासको

परिधिलाई क्रमिक रुपमा फराकिलो पार्दै राष्ट्रिय उत्पादन एवं जन कल्याणको अभिवृद्धि गरी सम्पूर्ण विकास कार्यमा क्रमिक रुपमा सन्तुलन ल्याउनु आवश्यक छ ।

२. उद्देश्य:

प्रादेशिक विकासको मूल उद्देशय मुलुकको कुनै पनि भाग तथा जनसमूह विकास अभियानमा उपेक्षित नरहोस् भनने हो । प्रादेशिक असन्तुलन घटाई उपलव्ध स्थानीय स्रोतहरुको अधिकतम परिचालन गरी आर्थिक एवं ासमाजिक एकीकरण कायम गर्नु प्रादेशिक विकासको एक मुख्य उद्देश्य राखिएको छ। अधिकतम जनताको आय स्तरमा अभिवृद्धि गरी सामाजिक न्यायको आधारमा क्रमिक रुपमा समानता ल्याउनु प्रादेशिक विकासको अर्को उद्देश्य हो । प्रादेशिक विकासको दीघृकालीन उद्देशयलाई अझ विस्तृत रुपमा यसरी प्रस्तुत गर्न सकिन्छ ।

(क) राष्ट्रिय आवधिक योजनालाई सामाजिक तथा भूमिगत स्थान पषसँग आवद्ध गरी योजना कार्यान्वयनलाई सुविधा युक्त तुल्याउने,

(ख) उपेक्षित ठाउँहरु तथा पिछडिएका जन समूहहरुकोबीच आर्थिक तथा सामाजिक उपलव्धीहरुको वितरण न्यायपूर्ण ढंगले हुन दिने (आवश्यकतानुसार सम्बन्धित) व्यवस्थामा सुधार ल्याउने,

(ग) आर्थिक उन्नति तथा जन कल्याणको अभिवृद्धि गर्ने कार्यक्रमहरु युक्त एकीकृत तथा समष्टीगत योजनालाई उपयुक्त भू-इकाई निर्धारण गरी कार्यान्वयन गर्ने,

(घ) स्थानीय स्तरका विकास गतिविधिहरुलाई समन्वयात्मक ढंगले प्रादेशिक स्तरमा ल्याई त्यसलाई राष्ट्रिय विकास योनजामा सम्वद्ध गराउने,

(ङ) उपलव्ध श्रोत सम्पदाको परिचालन गरी सामाजिक आर्थिक विकासको गति तीव्रतर तुल्याउने,

(च) लक्ष निर्धारण र कार्यक्रमहरु कार्यान्वयनमा व्यापक जन संमिलित गराई स्थानीय आवश्यकता तथा वातावरणीय कुराहरुमा जन चेतना जागरण गराउने,

(छ) पिछडिएको ठाउँहरुको विकास गर्ने तथा विकास क्षेत्र एवं उप प्रदेशका ठाउँकोबीच प्रभावकारी एककिरण गरी आर्थिक गतिविधिलाई तथा जनसंख्याको वितरणमा सुधार ल्याउने र जन जीवनस्तरमा सुधार ल्याई प्रादेशिक सन्तुलन कायम गर्ने ।

३. नीति:

१. वर्तमान विकास क्षेत्र एकै किसिमको आर्थिक कार्यक्रमहरुसंचालन योग्य इकाइ नहुँदा विकास कार्यहरुबाट वास्तविक रुपमा उपलव्धि हासिल गर्न यसलाई स्थानीय श्रोत र आवश्यकताको आधारमा उपयुक्त कार्यक्रम इकाइको रुपमा विभाजन गर्न आवश्यक छ । सो कुरा वर्तमान भौगोलिक उप प्रदेशहरुको सिलसिलामा पनि त्यतिकै मान्य छ । किनकि प्रादेशिक विकासको दीघृकालीन लक्ष अनुरुप राष्ट्रिय विकास गर्न प्रत्येक देशले आ-आफ्नो ठाउँबाट तुलनात्मक दृष्टिकोणले फायदाजनक उत्पादनाहरु हासिल गरेर मात्र पुग्दैन, विशेषतायुक्त उत्पादन गर्नेतर्फ लक्ष राखी यस्ता उत्पादनहरु प्रतिस्पर्द्धात्मक मूल्यमा र यसलाई देशको विभिन्न भागमा विनिमय गर्नेतर्फ विशेष झुकाव हुनु पर्दछ । प्रादेशिक विकासको यस दीर्घकालनि नीतिको परिप्रेक्ष्यमा राष्ट्रिय विकास गर्न श्री ५ को सरकारले यस पांचौं योजनाकाल देखिनै विशेषतायुक्त उत्पादन ढाँचाको लागि अपनाएको नीति अनुसार प्रत्येक प्रदेशलाई ठाउँ अनुसार निर्यात मूलक उत्पादन गराउनेतर्फ जोड दिइनेछ ।

तसर्थ यस योजनाकालमा प्रादेशिक विकासको दीघृकालीन नीतिको साथै देशको विभिन्न भौगोलिक उप-प्रदेशमा निहीत प्राकृतिक स्रोत साधन एवं अवस्था माथि पनि उपयुक्त ध्यान दिई तराईमा खाद्यान्नको साथै उष्ण आवहवाका फलफूल तथा तरकारी उत्पादनमा विशेष जोड दिइनेछ । पहाडी इलाकामा खाद्यान्न उत्पादनको साथै सीमान्त कृषि जग्गामा फलफूल बोट विरुवा लगाई फलोद्यान विकास गरिनेछ । पहाडी प्रदेशको कृषिमा निर्भर जनसंख्यामा वहुसंख्यक अर्ध वेरोजगारी जनसंख्यालाई गैर कृषि क्षेत्रमा जीविकोपार्जनका साधन जुटाउन पशुपालन विकास, हस्तकला तथा घरेलु उद्योगको विकासमा प्राथकिता दिइनेछ । त्यस्तै हिमाली प्रदेशमा सीमित कृषि योग्य जमीनको समेत ख्याल गरी सघन खेती, जडीवूटी उत्पादन तथा पशुपालनको साथै पर्यटन उद्योगको विकासमा जोड दिइनेछ ।

२. स्रोत वाँडफाँटको परम्परागत ढाँचा विकास सक्षम ठाउँमा विषयगत कार्यक्रमहरु संचालन गरी लगानीको उच्चतम प्रतिफल उपलव्ध गर्ने कुरामा आधारित छ । यस प्रकारले मात्र स्रोतको वाँडफाँट हुन गएमा हाल उपेक्षित रुपमा देखा परेका इलाकाहरुको विकास अरु पछि पर्न जाने हुन्छ । लगानीको उच्चतम प्रतिफल उपलव्ध गर्ने एउटा मात्र लक्ष राखी गरिएको विकास प्रयासले स्वभावत: असन्तुलनको फाटो बढाउँछ र आर्थिक दृष्टिकोणबाट तल्लो सतरमा रहेको जन समूहको अवस्थामा खास केही सुधार ल्याउन सकिन्न । प्रादेशिक विकास नीतिको मूलभूत सम्वन्धनै अन्तर प्रदेश तथा अन्तर समुदायकोबीच यस किसिमले रहेको असन्तुलनलाई क्रमिक रुपमा हटाउनेतर्फ रहेको छ । तसर्थ, देशबाट रोग र भोकलाई हटाउने सिलसिलामा उत्पादनलाई बढाउने र प्रादेशिक असन्तुलन घटाउने कुरा नै प्रादेशिक विकास नीतिको मुख्य काम हो यसको लागि आर्थिक अभिवृद्धि र

समान आय वितरणकोबीच सामन्जस्यपूर्ण उपायहरुको दरकार पर्दछ । उपरोक्त विचनाबाट त्यसमा अन्तरनिहीत समस्या समाधानको एउटा उपाय पत्ता लाग्छ । त्यो हो विकासको अभिप्राय आर्थिक पक्षमा मात्र सीमित नरही सामाजिक विकासको लागि पनि कार्यरत हुनु पर्ने हुनाले आयोजनाको छनौट विषयगत कार्यक्रम तथा त्यसबाट हुने आर्थिक उपलब्धिमा मात्र सीमित नराखी यसले व्यापक सामाजिक आर्थिक उपादेयताहरुको मूल्या.कनको आधार सहित स्थानगत पक्ष माथि पनि ध्यान दिनु पर्नेछ । जन उन्मुखी विकास कार्यक्रममा सामन्जस्यताको तात्पर्य उपादेयता खर्चको उच्चतम अनुपातको आधारबाट प्रचलित तरिकाले आयोजनाहरुको छनौट गर्ने नभई प्रत्येक आयोजनाबाट निम्नतम ग्रहण योग्य प्रतिफलहरु उपलब्ध गर्नेतिर हुनु पर्ने छ र यी प्रतिफलहरु आयोजना स्थल एवं यसको स्वरुप अनुसार फरक फरक हुन सक्तछ । तसर्थ यी कुराहरुको दृष्टिकोणबाट यस पांचौं योजनाकालमा "सामाजिक लागत" जस्ता उपाय प्रयोग गरी आयोजना स्थल, कार्यक्रमको किसिम तथा स्वामित्व क्षेत्र माथि पनि विचार गरिनेछ ।

३. बाटोघाटोको निर्माणको कारणले गर्दा देशको विभिन्न प्रदेशहरुका आवागमनमा निःसन्देह धेरै सुविधा पुराउँछ । तर, बाटोघाटाको निर्माणको कारणले मात्र आय वितरणको समानता ल्याउन सकिदैन न त आर्थिक एकीकरण गर्न सकिनेछ । यहाँ यो कुरा उल्लेखनीय छ कि विगत वर्षहरुमा यातायातको विकासको लागि धेरै मात्रमा लगानी गरिए तापनि आर्थिक वृद्धि दरमा खास कुन तीव्रता आउन सकेन । यसको मुख्य कारण यो नै हुन सक्छ कि आर्थिक विकासको लागि यातायात व्यवस्था एउटा आवश्यकता मात्र हो, विकासको लागि यो नै सर्वोपरि कुरा होइन । यदि खास रुपमा विकास गर्ने हो भने यातायात विकासको लागि गरिएको लगानीको साथसाथै आसपासमा प्रत्यक्ष रुपमा उत्पादन हुने अन्य थप सहयोगी एवं सम्पूरक कार्यक्रमहरुको लागि पनि लगानी गर्नु आवश्यक छ । कुनै सहयोगी एवं सम्पूरक कार्यक्रमहरुको अभावमा केवल यातायातकै मात्र विकास हुन थाल्यो भने विकसित ठाउँको आर्थिक आधिपत्यको विस्तार, आयस्रोतको वितरणमा असमानता, विकासको स्तरमा असन्तुलन आदि विकृतिहरु देखा पर्ने गुन्जाइस रहेनछ ।

कुनै पनि विकास कार्यक्रमहरुको पैभावकारी संचालनमा यातायात व्यवस्थाको स्थान निःसन्देह महत्वपूर्ण छ । तर, उपरोक्त कारणहरुले गर्दा यस योजना कालमा विभिन्न प्रदेशहरुको विकासको अनुरुप यातायातको अन्य विभिन्न उपयुक्त साधनहरुको विकास एवं विस्तार अरु सहयोगी र सम्पूरक कार्यक्रमहरुको परिप्रेक्ष्यमा गरिनेछ । देशको चार विकास क्षेत्र अन्तर्गतका विकास रेखाहरु परम्परागत आवगमन एवं व्यापारिक मार्गहरुको आधारमा छानिएकु हुनाले तिनीहरुबाट विकासको असर पैभावकारी रुपमा फैलन सकिने धेरै गुन्जाइस छ । तसर्थ, यस पाँचौ योजनाकालमा पनि यी विकास रेखाहरुलाई देशको चारविकास क्षेत्रहरुको मेरुदण्डको रुपमा अपनाई देशको अन्य भागमा निर्माण भइसकेका र भविष्यमा निर्माण हुने सडकको साथै अन्य आवागमनको सुविधाहरुसित समनवय कायम गरी त्यस्ता क्षेत्रहरुमा विभिन्न विकास कार्यक्रमहरुसघन रुपले संचालन गर्ने नीति अपनाइएको छ ।

४. प्रादेशिक विकास योजनाको एउटा दीर्घकालीन लक्ष्य देशको विभिन्न प्रदेश एवं उप प्रदेशहरु भित्रका विभिन्न स्थान एवं बजार वस्तहिरुलाई सम्वन्धयुक्त तुल्याई तिनीहरुलाईक्रियाशील तुल्याउनु हो । यस सिलसिलामा विभिन्न स्थान एवं बजार बस्तीहरुमार्फत ग्रामीण क्षेत्रहरुमा आर्थिक एवं सामाजिक अभिवृद्धि गर्न, उत्पादनमा आधुनिकता र विविधता ल्याउनको लागि भौतिक, आर्थिक, संस्थागत आदि सम्वन्धी सुविधाहरु विकास गर्नको साथै शहरी सुविधाहरुको विकास एवं विस्तार गर्नेतर्फ पनि आवश्यक ध्यान दिइनेछ । यसको लागि अन्य ठाउँहरुको साथै विकास रेखाहरुमा प्राथमिकता सहित विस्तृत अध्ययन गराई त्यसको आधारबाट विकास केन्द्र र सघन विकास क्षेत्र निर्धारण गरी त्यस अन्तर्गत विभिन्न समपूरक कार्यक्रमहरु सहितको प्रादेशिक विकास सघन कार्यक्रमहरु संचालन गरिने छन् ।

प्रादेशिक विकास सघन कार्यक्रमको मुख्य अभिप्राय ग्रामीण क्षेत्रको विकास गर्ने भएकाले यस कार्यक्रमले खास गरिकन कृषि क्षेत्रको विकासमा विशेष जोड दिनेछ । यसको अलावा स्थानीय आवश्यकता एवं सक्षमता अनुसार स्थानीय स्तरमा निहीत सीप, हस्तकला उद्योग आदिको विकासमा पनि यथेष्ट ध्यान दिइनेछ । तसर्थ यस कार्यक्रमको एउटा महत्वपूर्ण पक्ष सम्बन्धित ठाउँमा उपलब्ध स्रोत साधन एवं संभाव्यताको आधारमा प्रादेशिक विकासको लागि आवश्यक विभिन्न सहयोगी एवं सम्पूरक कार्यक्रमलाई एकीकृत रुपमा कार्यान्वयन गरी यसको गुणन् प्रभावलाई आसपासका इलाकहरुमा फैलाउनु हो । तसर्थ, राष्ट्रिय विकास प्रकृयामा बढी से बढी जनसम्मिलित उपलब्धी गर्न, स्थानीय स्रोत साधनको प्रभावकारी संचालन गर्न र विकास उपेक्षित इलाका एवं समाजका कमजोर जनसमुदायको सामाजिक, आर्थिक उत्थानमा यथेष्ट टेवा दिन प्रारम्भमा विकास रेखा र ज्यादै पिछडिएको इलाकाहरुको विकास गर्ने कुरामा प्राथमिकता दिई आवश्यक मात्रामा प्रादेशिक विकास सघन कार्यक्रमहरु संचालन गरिनेछ ।

५. सीमित स्रोत साधनको दृष्टिकोणबाट प्रादेशिक विकास कार्यक्रमको कार्यान्वयन र यसका असरहरुको सम्बन्धमा उपयुक्त संचार प्रणाली एवं मुल्यांकनको व्यवस्था गर्ने काम त्यति सजिलो छैन । तर, प्रभावकारी समन्वय, संयमित निर्णय तथा गलत कुराहरुमा लगानी फस्न नदिन अनुसन्धान कार्यको ठूलो महत्वप रहन्छ । तसर्थ, राष्ट्रिय विकास प्रकृयालाई अरु प्रभावकारी एवं गतिशील तुल्याउने सिलसिलामा देशको विभिन्न प्रदेश एवं

उप प्रदेशहरुमा कार्यान्वयन भइरहेका कार्यक्रमहरुको प्रगति प्रतिवेदन र मूल्यांकन सम्वन्धी कामको लागि सम्बन्धित संस्थाहरुको संचार व्यवस्था र मूल्यांकन परिपाटी सुदृढ गराउनेतर्फ ध्यान दिइनेछ । प्रादेशिक विकासको सन्दर्भमा कार्यान्वयन गरिएका कार्यक्रमहरुको प्रत्यक्ष प्रभाववोधक सामाजिक आर्थिक सूचकहरु कायम गर्नेतर्फ प्रयत्न गरिनुको साथै यस्ता कार्यक्रमहरुबाट परेको अप्रत्यक्ष प्रभावहरुको लेखा जोखा गर्ने सिलसिलामा पनि केही निश्चित मापदण्डहरु तयार गरिनेछ ।

अनुसन्धान कार्यको विभिन्न पक्षहरु मध्ये अन्तर उद्योग, कार्यक्रम तथा अन्तर प्रदेश जस्ता कुराहरुको सम्वन्ध वुझ्ने कुरामा तथा प्रदेशलाई तुलनात्मक फाइदाको साथै प्रतिस्पर्द्धात्मक मूल्यमा उत्पादन समेत गर्न सकिने निर्यातमूलक उत्पादनहरुको विकास सम्वन्धी अनुसन्धानमा सम्बन्धित संस्थाहरुलाई कार्यरत गराइनेछ । त्यस्तै प्रादेशिक विकास सघन कार्यक्रमबाट जनताको आय तथा अन्य कुरामा परेका असरहरु तथा कुनै निश्चित समयावधिभित्र प्रादेशिक असन्तुलनहरु एवं एकीकरण सम्वन्धी कुराहरुमा के कस्तो परिवर्तन आयो त्यसतर्फ पनि आवश्यकतानुसार अनुसन्धान कार्य संचालन गराइनेछ । प्रादेशिक अर्थतन्त्रको खुलापनको कारणले गर्दा प्रादेशिक स्तरको विकासमा आन्तरिक तत्वहरुको अलावा वाहिरका कारणहरुबाट पनि प्रादेशिक अर्थतन्त्रको वनौटमा प्रभाव पारेको हुन्छ । तसर्थ, प्रादेशिक विकासको क्रममा एक प्रदेशमा भएको विकासले राष्ट्रिय अर्थतन्त्रको विभिन्न पक्षमा पारेको प्रभावहरुको साथ अन्तर प्रादेशिक भुक्तानी सन्तुलनतर्फ अनुसन्धान गर्नुपर्ने तथ्यतर्फ पनि ध्यान दिइनेछ ।

प्रादेशिक विकासको दीर्घकालीन लक्षहरु हासिल गर्न विभिन प्रदेशमा रहेको स्रोत सम्पदाको उपयोग एवं परिचालन गर्नुपर्ने हुनाले यस सम्वन्धी बढी ज्ञान र त्यसको उपयोग गर्ने उपायहरु पत्ता लगाउन विभिन्न प्राविधिक एवं आर्थिक सर्भेक्षण, संभाव्यता अध्ययन, पूर्व लगानी अध्ययन आदि पक्षमा अनुसन्धान कार्यहरुलाई प्रोत्साहित तुल्याउनुको साथै प्रादेशिक योजनाबाट अपेक्षित सफलता प्राप्त गर्न विकास क्षेत्र अन्तर्गतका विभिन्न उप प्रदेशहरु एवं अन्तर प्रदेशीय सम्वन्धहरुलाई उत्पादन, विक्री वितरण, विनिमय, बजार व्यवस्था आदि दृष्टिकोणबाट सम्वन्धयुक्त तुल्याउने विभिन्न सहयोगी एवं सम्पूरक कार्यक्रमहरुलाई उपयुक्त स्थानगत पक्षसित आवद्ध गराउने सिलसिलामा पनि अनुसन्धान कार्यलाई कार्यरत गराइनेछ ।

परिच्छेद ४

जनसंख्या नीति

पृष्ठभूमि:सम्वत् १९६८ सालदेखि २०२८ सालसम्म नेपालको कूल जनसंख्या दोव्वर अर्थात् ५९,१७,२३४ जनाले वृद्धि हुन गएको देखिन्छ । यस अवधिभरमा जनसंख्याको वृद्धि १०४.९३ प्रतिशत अर्थात् जनसंख्याको औषत वार्षिक वृद्धि १.७४ प्रतिशतका दरले हुन गएको देखिन्छ । उक्त ६० वर्षको अवधिको औषत वार्ष्कि दर यति कम हुनमा उक्त अवधिमा १९६८ देखि १९८७ सालसम्म जनसंख्या नघटेको र दोस्रो विश्व युद्धले पनि प्रभाव पारेको हो । संक्रामक रोगको प्रकोप, विदेश गई बसोवास गर्ने वयपक प्रवृत्ति आदिले पनि वृद्धि दरलाई निकै असर पारेको हुनु पर्दछ । २००९ सालभन्दा अघि गरिएका जनगणनाको विधि र प्राप्त भएको लगतको आधार पनि विवादस्पदनै छ ।

नेपालमा अन्तर्राष्ट्रिय ढाँचा र वैज्ञानिक पद्धति अनुरुप जनसंख्या लिने कार्य २००९।११ सालदेखि मात्र शुरु भएको हो । यस अनुसार २००९।११ साल देखि २०२८ साल सम्मको जनगणनाबाट १९ वर्षमा जम्मा ३०,८२,५०५ जनाको वृद्धि भएको देखिन्छ । विभिन्न गणनाकालमा दिइएको जम्मा जनसंख्या निम्न तालीकामा प्रस्तुत गरिएको छ ।

तालीका १

विभिन्न गणनाकालमा जनसंख्याको वृद्धि

वर्ष	जम्मा जनसंख्या	प्रतिशत वृद्धि
१९६८	५६,३८,७४९	-
१९७७	५५,७३,७८८	(-) १।२
१९८७	५५,३२,५७४	(-) ०।७
१९९८	६२,८३,६४९	१३।६
२००९.११	८४,७३,४७८	३४।८
२०१८	९४,१२,९९६	११।१
२०२८	१,१५,५५,९८३	२२।८

विकासको उद्देशय र उपभोक्ता तथा माधयम र साधन जनतानै हुन् । जनसंख्या र त्यसको गुणात्मकस्तर विकासको प्रमुख शक्ति हुने हुँदा राष्ट्रिय विकासको सन्दर्भमा भविष्यको जनसंख्या अनुमान गरिनु वाञ्छनीय देखिन्छ । वार्षिक जन्म र मृत्यु दर सम्वन्धी भरपर्दा लगतहरुको अभावमा भविष्यमा हुन सक्ने जनसंख्याको अनुमान गर्ने काम प्राय: कठिननै छ । तर पनि केही पूर्व कल्पनाको आधारमा २०२८ सालदेखि २०४३ सालसम्म ५।५ वर्षको अवधि छुट्याई उमेर अनुसार जनसंख्याको अनुमान गर्ने काम भएको छ । प्रस्तुत आधार अनुसार २०२८ देखि २०४३ सालसम्म नेपालमा जनसंख्याको रुपरेखा निम्न प्रकारको हुने देखिन्छ ।

तालीका २

अनुमानित जनसंख्याको उमेर अनुसार विभाजन

वर्ष

उमेर

	२०२८	२०३३	२०३८	२०४३
जम्मा	१,१५,५५,९८३	१,२८,५७,२४३	१,४३,१४,९८०	१,६०,५०,६३१
०–४	१७,८०,१६८	१९,९८,८३६	२१,८५,४२२	२४,८९,०१४
५–९	१६,२३,०८६	१६,५४,३९२	१८,७४,१८९	२०,६६,०९२
१०–१४	१३,२५,९५३	१५,८७,२३७	१६,२२,३०१	१८,४२,५२२
१५–१९	१०,७४,१०१	१२,९५,९८०	१५,५५,३५८	१५,९३,५९०
२०–२४	९,९४,९१२	१०,३९,३१७	१२,५८,४७०	१५,१५,३७८
२५–२९	८,९२,२१९	९,२७,३२०	१०,०३,१५२	१२,१९,५६५
३०–३४	८,१२,४५३	८,५५,१२५	८,९३,०९७	९,७०,३९७
३५–३९	७,१६,८६६	७,७५,९३२	८,२१,०५५	८,६१,७५७
४०–४४	५,९७,२११	६,८०,५२५	७,४१,०२०	७,८८,३४९
४५–४९	४,७५,८९६	५,६०,७७५	६,४३,३८५	७,०४,९२०
५०–५४	३,७४,४२३	४,३९,०१६	५,२१,४६२	६,०२,६७९
५५–५९	२,९८,१४५	३,३६,३९४	३,९८,१७४	४,७७,०६२
६०–६४	२,६६,६२०	२,५७,१३९	२,९३,३६२	३,५०,९०२
६५–६९	२,०६,७५५	२,१५,५०३	२,१०,७२९	२,४३,४२७
७०–७४	१,०२,२६२	१,५०,६६०	१,५९,९३३	१,५८,९८७
७५–७९	३२,८७०	६३,५०९	९५,८४०	१,०४,१३१
८०–८४	१०,८४१	१६,११५	३२,१६१	५०,०६५
८५–	१,२०२	३,४६८	५,८७०	११,८२४

प्रस्तुत अनुमान अनुसार २०२८ सालदेखि २०४३ सालसम्म पहलिँ५ वर्षमा १३,०१,२६० दोस्रो ५ वर्षमा १४,५७,७३४ र तेस्रो ५ वर्षमा १७,३५,६५१ जनाको वृद्धि हुने देखिन्छ । अर्थात् जनसंख्याको वार्षिक वृद्धि दर निम्न प्रकारको हुने देखिन्छ ।

तालीका ३

वर्ष	वार्षिक वृद्धि दर (प्रतिशत)
२०२८–२०३३	२१।६
२०३३–२०३८	२१।८
२०३८–२०४३	२३।०

उपरोक्त तालीका अनुसार जनसंख्याको वार्षिक वृद्धि दर क्रमिक रुपमा बढ्दै जाने देखिन्छ । जनसंख्याको वार्षिक वृद्धि दर यस्तै हिसावले बढ्दै गएमा २०५७ साल सम्ममा नेपालको जनसंख्या २०२८ सालको भन्दा दोव्वर हुने अनुमान छ ।

अनुमानित जनसंख्याको उमेर अनुसार वर्गीकरण गर्दा जनसंख्याको विशेष रुपरेखा देखा पर्छ । खास गरी आर्थिक दृष्टिकोणबाट जनसंख्याको विश्लेषण गर्न केही विशिष्ट उमेर अनुसार जनसंख्याको विभाजन गर्नु अनिवार्य भएबाट ०–१४, १५–५९ र ६० भन्दा माथिका उमेर अनुसार अनुमानित जनसंख्याको निम्न प्रकारले प्रतिशतको आधारमा प्रस्तुत गरिएको छ :

तालीका ४

अनुमानित जनसंख्याको उमेर अनुसार वर्गीकरण

(प्रतिशत) (२०२८–२०४३)

उमेर	२०२८	२०३३	२०३८	२०४३
जम्मा	१००।०	१००।०	१००।०	१००।०
०–१४	४०।९	४०।८	३९।७	३९।९
१५–५९	५३।७	५३।७	५४।७	५४।४
६०	५।४	५।५	५।६	५।७

प्रस्तुत तालीका अनुसार ०–१४ वर्षका उमेर पुगेका केटाकेटीहरु कूल जनसंख्याको करीव ४० प्रतिशत हुन आउँछन् । यसै गर १५–५९ वर्षका उमेर पुगेका व्यक्तिहरुको जनसंख्या करिव ५४ प्रतिशत र ६० वर्ष र सो भन्दा माथिका उमेरका व्यक्तिहरुको जनसंखया करीव ५ प्रतिशत भन्दा केही बढी हुने देखिन्छ । यी प्रत्येक वर्गका आवश्यकता र तिनले गर्न सक्ने योगदानहरु भिन्दा भिन्दै किसिमका हुने हुँदा अर्थ व्यवस्थामा विभिन्न रुपले प्रभाव पर्दछन् ।

जनघनत्व:

जनसंख्याको वृद्धिका सार्थ उपलव्ध प्राकृतिक साधनमाथि जनसंख्याको चाप क्रमिक रुपमा बढ्दै जान्छ । भौगोलिक दृष्टिकोणबाट नेपालको अधिकांश भाग हिमाली तथापहाडी प्रदेश भएकाले खेतीयोग्य जग्गा, वन क्षेत्र, चरन क्षेत्र, खनिज र जल स्रोत जस्ता सम्पदाको तुलनामा बढ्दो जनघनत्वको प्रभाव विशेष रुपले अध्ययन गरिनु जरुरी छ । २०१८ सालको जनगणना अनुसार नेपालको जनघतन्व प्रति वर्ग किलोमिटर ६५ व्यक्ति यो भने २०२८ सालमा प्रति वर्ग किलोमिटर ८० व्यक्ति हुन आउँछ । भौगोलिक पृष्ठभूमिमा राखेर हेर्दा नेपालको जनघनत्व निश्चयनै बढि देखिन्छ । विभिन्न वर्षहरुको जनघनत्व निम्न तालीकामा प्रस्तुत गरिएको छ ।

तालीका ५

जनघनत्व (वर्ग किलोमिटरमा)

	कुल क्षेत्रफल	कृषि योग्य भू-क्षेत्रमा	वन क्षेत्रमा
वर्ष	जनघनत्व	जनघनत्व	जनघनत्व
२०१८	६४।७४	३०८।२९	१९०।४१
२०२३	७०।६८	३३६।५८	२०७।८८
२०२८	७९।४८	३७८।४८	२३३।७७
२०३३	८८।४३	४२१।१०	२६०।०९
२०३८	९८।४५	४६८।८२	२८९।५६
२०४३	११०।३९	५२५।६९	३२४।६९

उपरोक्त तालीकाबाट २०१८ साल देखि २०४३ सम्ममा नेपालको जनघनत्व करीव दोव्वर हुने अनुमान छ । विशिष्ट भौगोलिक काराण्हरुले गर्दा नेपालमा जनसंख्याको प्रादेशिक वितरणमा एक विशेष ढाँचा देखा पर्दछ । प्रादेशिक जनघनत्व निम्न तालीकामा प्रस्तुत गरिएको छ:-

तालीका ६

प्रादेशिक जनघनत्व (वर्ग किलोमिटरमा)

२०२८-२०४३

जनघनत्व

प्रदेश	२०२८	२०३३	२०३८	२०४३
नेपाल	७९।४८	८८।४३	९८।४५	११०।३९
पूर्वाञ्चल	९९।९३	१०९।९६	१२१।१६	१३४।३७
हिमाली	३०।४७			
पहाडी	१०१।५७	७२।६६	७८।५६	८५।५०

तराई	१९७३३	२२१।१७	२४८।१६	२८०।०७
मध्यमाञ्चल	१३७।०८	१५३।४५	१७१।९९	१९४।१०
हिमाली	६१।०३			
पहाडी	१३३।६१	१२३।२६	१३६।९०	१५३।१०
तराई	१८९।६२	२१४।४६	२४२।८८	२७६।९४
पश्चिमाञ्चल	६७।५३	७४।८०	८२।६३	९१।८८
हिमाली	३९।४०			
पहाडी	९३।४१	६३।१६	६९।४९	७६।९४
तराई	१४९।५९	१६९।९६	१९०।०९	२१४।०३
सुदूर पश्चिमाञ्चल	४६।०६	५१।६२	५८।००	६५।६८
हिमाली	२०।६८			
पहाडी	५७।८३	४७।८७	५२।६६	५८।३१
तराई	५५।९९	६६।५६	७९।२३	९४।९५

प्रस्तुत तालीका अनुसार अन्य भौगोलिक प्रदेशहरुको तुलनामा मध्यमाञ्चल क्षेत्रमा नै बढी जनघनत्व भएको देखिन्छ । यसको ठी विपरित सुदूर पश्चिमाञ्चल क्षेत्रको जनघनत्व राष्ट्रिय औषत जनघनत्वभन्दा पनि निकै कम देखिन्छ । काठमाडौं उपत्यका मध्यमाञ्चल क्षेत्रभित्र पर्नुको साथ अधिराज्यको जम्मा जनसंख्या ५.३ प्रतिशत यस उपत्यकामा वसोवास गरेको छ । त्यसै गरी हिमाली तथा पहाडी क्षेत्रको तुलनामा तराई क्षेत्र नै बढी जनघनत्व भएको देखिन्छ । क्षेत्रीय जनघनत्वका दृष्टिबाट पूर्वाञ्चल क्षेत्रको तराइमा ज्यादै बढी जनघनत्व भएको देखिन्छ । भौगोलिक कारणहरु वाहेक जनसंख्याको बसोवास गर्ने ढांचा विकास कार्यको प्रक्रियामा पनि निर्भर गर्दछ । प्रादेशिक दृष्टिकोणबाट गत योजनाकालहरुमा पूर्वाञ्चल र मधयमाञ्चल क्षेत्रका तराई प्रदेशहरुमा बढी विकास कार्यहरु सम्पन्न भए । फपलस्वरुप हिमाली तथा पहाडी प्रदेशको तुलनामा तराई क्षेत्रमा नै बढी जनसंख्याको चाप भएको देखिन्छ । विकास कार्यहरु तराई क्षेत्रमा बढी केन्द्रित हुनुको साथै सो क्षेत्रबाट औलो उनमुलन पनि भइसकेकोले विगत वर्षहरुमा धेरे जसो परिवारहरु पहाडी भेकदेखि तराईमा वसोवास गर्न आएको देखिन्छ । यसको अतिरिक्त छिमेकी मुलुकबाट पनि प्रशस्त मात्रामा नेपालहिरुको तराई क्षेत्रमा बसोबासको लागि प्रवेश भएको देखिन्छ । तराई क्षेत्रको मात्र जनसंख्याको विगत १० वर्षको औषत वार्षिक वृद्धि हेर्ने हो भने सो दर ४ प्रतिशत र कतै कतै ६ देखि ७ प्रतिशत सम्म पनि हुन आउंछ । यति उच्च वृद्धि दरलाई प्राकृतिक वृद्धि दर मान्न कदापी सकिन्न । मुलुककै पहाडी भाग र मुलुक वाहिरबाट ठूलो संख्यामा मानिसहरुआई बसोबास गर्ने प्रवृत्तिले वृद्धि दर यति धेरै हुन आएको हो ।

कूल खेतीमा ल्याएको जग्गामा जनघनत्वको दृष्टिबाट हेर्दा नेपालको हिमाली र पहाडी भाग जनसंख्याको चापले बढी पिडित छ । तराइको खेतीमा ल्याइएको जग्गाको जनघनत्व पनि वर्मा र पाकिस्तान भन्दा बढी र लगभग भारतमा जति छ । वर्मामा प्रतिवर्ग किलोमिटर क्षेत्रीमा ल्याइएको जग्गामा जनसंख्याको भार १४८, पाकिस्तानमा २२४ भारतमा ३५० र वंगलादेशमा ८२४ छ । एक अध्ययन अनुसार पनि नेपालमा खेतीमा ल्याइएको जग्गाा जनभार हिमाली क्षेत्रमा प्रतिवर्ग किलोमिटर ११७४, पहाडी क्षेत्रमा १००२ र तराईमा ३३६ देखिन्छ ।

शहरी जनसंख्या:

गत तीन जनगणनाकालमा नेपालको शहरी जनसंख्या कुल जनसंख्याको २.८ प्रतिशत र ३.५७ प्रतिशतबाट बढी २०२८ सालमा ४ प्रतिशत पुगेको छ । नेपालको शहरीकरणमा भएको यो वृद्धि अन्य विकासोन्मुख राष्ट्रहरुको तुलनामा खास चिन्ताजनक भएको देखिदैन । तर, पनि २०१८-२०२८ सालको दशकमा २४ प्रतिशतले मात्र शहरी जनसंख्याको वृद्धि भएको अनुमान ज्यादै कम मानिएको छ किनभने शहरी क्षेत्रको विकास हाल नगर पञ्चायतको सिमानाभन्दा बाहिर पनि तीव्र गतिले हुन थालेको छ । तालीका नं. ७ मा २०१८-२०२८ को दशकमा ११ वटा नगर पञ्चायतमा भएको तुलनात्मक जनसंख्या वृद्धि दर देखाइएको छ । अरु २०२८ सालको जनगणनामा लिइएको इलाम, भद्रपुर, हिटौंडा, भैरहवा र वुटवललाई २०१८ सालको जनगणनामा शहरी क्षेत्र मानिएको थिएन । त्यस्तै गरी पोखर क्षेत्रको शहरीकरण काठमाडौं र भारतको सिमानासम्म जोडिएको दुई राजमार्गहरुको निर्माणले गर्दा तीव्रतर हुन थालेको छ । जनकपुर, धरान, राजविराज र नेपालगञ्ज जस्ता शहरी क्षेत्रमा ४० प्रतिशतले जनसंख्या वृद्धि भएको देखिन्छ ।

तालीका ७

शहरी क्षेत्रमा जनसंख्या वृद्धि

	शहरी क्षेत्र	२०१८	२०२८	वृद्धि	प्रतिशत वृद्धि
१	भक्तपुर	३३,८७७	४०,११२	६,२३५	१८।४०
२	विराटनगर	३५,३५५	४५,१००	९,७४५	२७।५६
३	वीरगञ्ज	१०,७६९	१३,००१	२,२३२	२०।७२
४	धरान	१३,९९८	२०,५०३	६,५०५	४६।४७
५	जनकपुर	८,९२८	१४,२९४	५,३६६	६०।१०
६	काठमाडौं	१२१,०१९	१५०,४०८	२९,२८९	२४।२०
७	ललितपुर	४७,७१३	५९,०४९	११,३३६	२३।७५
८	नेपालगञ्ज	१५,८१७	२३,५२३	७,७०६	४८।७१
९	पोखरा	५,४१३	२०,६११	१५,१९८	२८०।७६
१	राजविराज	५,२३२	७,८३२	२,६००	४९।६९
१	तानसेन	५,१३६	६,४३४	१,२९८	२५।२७
१	इलाम		७,२९९		
१	भद्रपुर		७,४९९		

१	हेटौंडा		१६,१९४		
१	भैरहवा		१७,२७२		
१	बुटवल		१२,८१५		
नेपाल अधिराज्यको जम्मा		३३६,२२२	४६१,९३८		

तालीका ८

पांचौं योजनावधिमा जसनंख्याको स्थिति

	२०३२		३५७५९९८	२०३७		
उमेरको तह	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
०-९	१८,०५,२६३	१७,७०,७३५	३५,७५,९९८	२०,११,८९३	१९,६१,०८६	३९,७२,९७९
१०-१४	७,९४,३७४	७,५९,३०८	१५,५३,६८२	७,९८,५९४	७,८९,०८७	१५,८७,६८१
१५-२४	११,९०,१५०	१०,९५,७७९	२२,८५,९२९	१४,२४,७४८	१३,२९,०३३	२७,५३,७८१
२५-३४	८,५०,०५६	८,९३,७०८	१७,४३,७६४	९,३५,९५६	९,१९,८२७	१८,५५,७८३
३५-४४	७,००,५२६	७,२५,१४१	१४,२५,६६७	७,४०,६९७	७,८८,०४३	१५,२८,७४०
४५-५४	४,९५,०५८	४,८३,५९७	९,७८,६५५	५,६६,७०७	५,७३,२८२	११,३९,९८९
५५-६४	२,९१,०७४	२,८९,९१२	५,८०,९८६	३,३९,५५३	३,३७,२२६	६,७६,७७९
६५-	२,०६,६४५	२,३३,११२	४,३९,७५७	२,३१,०७९	२,६२,६८७	४,९३,७६६
जम्मा	६३,३३,१४६	६२,५१,२९२	१,२५,८४,४३८	७०,४९,२२७	६९,६०,२७१	१,४०,०९,४९८

उपरोक्त तालीका अनुसार पाँचो योजनावधिमा ०-९ वर्ष उमेर भित्रका केटाकेटीहरुको संख्यामा ३,९६,९८१ जनाले वृद्धि हुने देखिन्छ । त्यसै गरी १०-१४ वर्ष उमेर भित्रका समूहमा पर्ने केटाकेटीहरुको संख्यामा पनि ३३,९९९ जनाले वृद्धि हुने अनुमान छ । यसबाट प्राथमिक तथा माध्यमिक पाठशालाहरुको छात्र प्रवेश क्षमतामा उल्लेखनीय वृद्धि गर्नु आवश्यक देखिन्छ । उमेरको तह अनुसार १४ वर्ष र सो भन्दा माथिका उमेर पुगेका व्यक्तिहरुको संख्या २०३२ सालमा ७४,५२,७६८ पुग्ने अनुमान गरिएकोमा यो समूहको संख्या २०३७ सालमा गएर ८४,४८,८३८ जना पुग्ने देखिन्छ ।

अधिकांशतः १५ वर्षदेखि २४ वर्ष सम्मको उमेरमा महिलाहरुको विवाह भैसक्ने र सन्तानहरु हुन थाल्ने तथा ४५ वर्ष सम्मलाई सन्तानोत्तपतीका दृष्टिबाट सक्रिय उमेर मानिने हुंदा २०३२ सालमा लगभग २७ लाख र २०३७ सालमा लगभग ३० लाख महिला यस अवस्थामा हुनेछन् । यस मध्ये पाँचौं योजना अवधिमा जन्मनिरोधात्मक उपायहरुको सम्पर्कमा ल्याइनु पर्ने दम्पती संख्या २४।२५ साल देखिन आउँदछ । प्रचार, सम्पर्क र प्रयोगका माध्यम तथा साधन सीमित भएकोले यी सबै दम्पतिहरुलाई जन्मदर वृद्धि रोक्ने कार्यक्रमको परिधिभित्र ल्याउनु संभव छैन ।

साधारणतः मुलकको परम्परा, सांस्कृतिक मानयता एवं आर्थिक स्तरले जन्मदर निर्धारित गर्दछ । वास्तवमा यी तत्वहरु नै विकासोन्मुख मुलुकहरुमा उच्च जन्मदर गराउने रुपमा विद्यमान भएकोले जम्दर घटाउने कार्यक्रमहरु छिटै सफल हुने कुरा होयन । संस्थागत परम्पारगत तथा सांस्कृतिक मान्यताहरुमा परिवर्तन ल्याउन धेरै समय लाग्छ । जनचेतनामा यस सम्वन्धी जागरण ल्याउने काम शिक्षा र जनस्वास्थ्य सुविधाको विकास, परिवार नियोजना कार्यक्रमको विस्तार तथा जनसाधारणको आर्थिक स्तर उठाउने जनमुखि विकास योजनाको प्रभावकारी कार्यान्वयन, सामाजिक सुधारहरु, महिला वर्गमा जागृति र आर्थिक सक्रियबाट क्रमिक रुपमा उपलव्ध गर्न सकिन्छ । वचत परिचालन र लगानीद्वारा राष्ट्रिय उत्पादनलाई बढाउने प्रयासहरु जनसंख्याको अवाञ्छित वृद्धिले स्वतः विफल पार्छ र जनसाधारणको आर्थिक स्तरमा सुधार ल्याउन ज्यादै कठिन हुन्छ ।विभिन्न प्रतिकारात्मक उपायहरु तथा चिकित्सा सम्वन्धी नवीन ज्ञान र वैज्ञानिक उपकरणहरुको सहुलियतबाट मृत्यु दर घट्दै जाने भएकोले भविष्यमा जनसंखयको अनावश्यक वृद्धि रोकथाम गर्न जन्म दरमा नै विशेष रुपले ध्यान दिनुपर्ने देखिन्छ ।

हालको जनसंखया वृद्धि दरलाई समयमै नियन्त्रण गर्न सकिएन भने आगामी ३०।३५ वर्ष भित्र नेपालको जनसंख्या अहिलेको भन्दा दोव्वर हुने अनुमान छ । जनसंख्याको अनिश्चित वृद्धि भएमा जनसंख्याको गुणनात्मक ह्रास हुनका साथै अनेक समस्याहरु उत्पन्न हुने तथा आर्थिक र सामाजिक विकासको गतिमा नै कमजोरी आउनेछ । फलस्वरुप जनसाधारणको भौतिक सम्पन्नता एवं आर्थिक स्थिति अझ दयनीय हुनेछ । जनसंख्याको अनावश्यक वृद्धि तथा छिमेकी मुलुकबाट नेपालमा ठूलो संख्यामा विदेशीहरु आई बसोवास गर्ने प्रवृत्ति नघटेमा एक मात्र मुख्य व्यवसायको रुपमा अपनाइएको कृषिमा ठूलो भार पर्ने र निर्यात गर्ने खाद्यान्न स्थितिमा पनि गंभीर रुपले प्रभाव पर्नेछ । जनसंख्याको वृद्धि दर यथावत् रहेमा आगामी १० वर्ष भित्र नेपालमा खाद्यान्न निर्यात गर्नुका सट्टा खाद्यान्न आयात गर्ने देश वन्न सक्नेछ । उपभोगको वस्तुहरुको परिमाणात्मक एवं गुणात्मक स्तरमा वृद्धि तथा कृषि उपजहरुको निर्यातमा वृद्धि गर्दै लग्ने कुरा त झन चर्को समस्याको रुपमा उपस्थिति हुनेछ । शिक्षा, स्वास्थ्य, पेय जल रआवास क्षेत्रमा अहिले भएको सुविधाहरु निकै अपर्याप्त छन भने जनसंख्या वृद्धिले यस क्षेत्रमा झन भार बढाउनेछ र विकास प्रयासको वावजूद पनि वहुसंख्यक जनताको जीवन स्तरमा

उल्लेखनीय सुधार नहुन सक्रछ । जन्म दर घटाउनेतर्फ उल्लेखनीय प्रगति गरे पनि त्यसको जनसंख्या वृद्धिमा प्रभाव पर्न भने घटिमा १५ वर्ष लाग्दछ । अत: जनसंख्या नीतिको दृष्टिकोण दीघृकालनि रुपले बनाउनुपर्ने हुन्छ ।

जन्म दर घटाउनेतर्फ भगिरथ प्रयास गरी उल्लेखनीय प्रगति हासिलगरे पनि देश वाहिरबाट आउने जनसंखया नियन्त्रण गरिएन भने जनसंख्या वृद्धि दरमा परिवार नियोजनका प्रयासहरु निरर्थक हुन जानेछन् । नेपालको तराई प्रदेशसँग जोडिएका सीमा पारका जम्मै जसो जिल्लाहरुको जनघनत्व नेपालको तराईका जिल्लाहरुको जनघनत्वभन्दा पाँच गुणा सम्म बढी छ । नेपालका विभिन्न स्थानका साना शहरहरुमा समेत प्रशस्त मात्रामा विदेशीहरु आई विभिन्न रोजगारी गरी प्रतिवर्ष बढ्दो संख्यामा वसोवास गर्ने प्रवृत्ति बढ्दै गइरहेको देखिन्छ ।

विकासको प्रक्रियामा अनेक कारणहरुले गर्दा शहरीकरण बढ्दै जानु स्वभाविक भएकोले विगत वर्षहरुमा ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा ठूलो संख्यामा मानिसहरु वसाई सरेको देखिन्छ । र यो प्रवृत्ति भविष्यमा अझ बढ्दे देखिन्छ । बढ्दो ग्रामीण गरिबी र आधुनकि सुविधा र अन्य कुराहरुको सहुलियत शहरी क्षेत्रमा नै बढी उपलव्ध हुने हुँदा यो आन्तरिक बसाई सर्ने प्रवृत्ति बढेको हो । अव्यवस्थित रुपले शहरीकरण भएमा अनेक समस्याहरु उत्पन्न हुन्छन् र यो क्रमलाई व्यवस्थित पार्न नितान्त आवश्यक देखिन्छ । पाँचौ योजनामा नगर योजनाहरु सम्वन्धी कार्यक्रमहरुलाई अझ बढी विस्तार गरिनेछ । जनवलको अधिकतम उपयोग गर्न र जनजीवनको स्तरलाई यथाशक्य छिटो उंभो लगाउन भौतिक सम्पदा र त्यसको विभाजन अनुरुप जनसंख्याको भौगोलिक वितरण क्रमश: कायम गरी आर्थिक विकासको निर्धारित तथा संभाव्य गति अनुरुप जनसंख्याको वृद्धिवर्गलाई नियमित गर्नु नै नेपालमा जनसंख्या नीतिको मुख्य उद्देश्य हो ।

उपर्युक्त उद्देश्यको पूर्ति निम्नलिखित नीतिहरुद्वारा गरिनेछ:

(१) आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक विकास र सुधार जस्ता अप्रत्यक्ष तर व्यापक पक्षहरु तथा मातेशिशु स्वास्थ्य तथा परिवार नियोजन जस्ता प्रत्यक्ष तर परियोजनाको रुपमा चलाउने निरोधात्मक उपायद्वारा जन्मदर घटाउने ।

(२) विदेशबाट नेपालमा हुने वसाई सराईलाई नियन्त्रण गरी जनसंखया वृद्धिमा यस प्रक्रियाको भूमिकालाई गौण स्तरमा पुऱ्याउने ।

(३) देश भित्रैका पहाडी क्षेत्रबाट तराईमा र ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा भइरहेको वसाईलाई पनि योजनावद्ध रुपमा गराउने ।

(४) आर्थिक साधनको उपलब्धता भएका ठाँउमा तीन साधनको पूर्ण उपयोग हुने किसिमले जनसंख्याको वितरण गराउँदा तराई क्षेत्र मा र विशेष रुपले पश्चिमी तराईमा कृषि जग्गाको जनघनत्व बढाउने ।

(५) प्रादेशिक विकासको दृष्टिबाट उल्लेखनीय नगर नभएका क्षेत्रमा साना साना नगरको विकास गराउनु आवश्यक देखिएकोले छाएिका ठाउँहरुमा आधुनिक साधन र सुविधाहरुको विकास गरी त्यस क्षेत्रमा क्रमश: शहरीकरण गर्दै लैजाने ।

उपर्युक्त नीति पालन हुने व्यवस्था गर्न तथा जनसंख्या नीतिको कार्यान्वयन पक्ष विभिन्न मन्त्रालयका कार्यक्रम र क्रियाकलापसँग सम्बन्धित भएकाले ती कार्यक्रमहरुकाबीच समन्वय ल्याउन राष्ट्रिय स्तरमा एक जनसंख्या नीति समन्वय सम्वन्धी इकाईको गठन गरी उक्त इकाईको निर्देशन अनुरुप सम्बन्धित मन्त्रालय संस्थाहरुबाट कार्य सम्पादन हुने व्यवस्था गरिनेछ । जनसंख्याका विभिन्न पक्षहरु वारे जनगणनावाहेक अरु कुनै भरपर्दो सर्वेक्षण नभएकोले र जनगणनाबाट जन्मदर, मृत्युदर, विवाह, विवाह विच्छेद, नागरिक प्राप्त वसाई तराई आदिको अद्यतन सूचना प्राप्त नहुने हुंदा पाँचौं योजना अवधिमा विशेष सर्वेक्षणहरु गराइने छ र यस्ता तथ्यांक नियमित रुपले संकलन हुने व्यवस्था गर्नेतर्फ प्रारम्भिक कार्य गरिनेछ । यसै अनुरुप आगामी २०३२।३३ सालमा जनसंख्या, रोजगारी वसाई सराई र साक्षरता सम्वन्धी वास्तविक स्थिति पत्ता लगाउन मध्यावधि जनगणना लिइनेछ ।

परिच्छेद ५

रोजगारी

पृष्ठभूमि:

राष्ट्रिय योजना आयोग र मुलुकको विभिन्न तथा अन्तरराष्ट्रिय संस्थाहरुले बेला बेलामा गरेको केही क्षेत्रको सामान्य अध्ययन अनुसार देशमा केही हदसम्म विभिन्न रुपका बेरोजगारीको समस्या फैलेको छ भन्ने दर्शाउछ । देशमा सम्वत् २०१८ सालमा लिइएको जनगणना अनुसार २,६९,७०० मानिस अर्थात् कुल जनशक्तिमध्ये ६.३ प्रतिशत बेरोजगारी रहेको अनुमान थियो । त्यस्तै गरी आई.एल.ओ. ले एशियामा रोजगारी प्रवर्द्धन सम्वन्धी सर्वेक्षणका सिलसिलामा नेपालमा विगत वर्षहरुमा रोजगारी र आर्थिक वृद्धि दर सम्वन्धी गरेको सर्वेक्षण प्रतिवेदन अनुसार सन् १९६५ र सन् १९७० को अवधिमा नेपालको राष्ट्रिय उत्पादनमा भएको वार्षिक वृद्धि दर श्रमशक्तिमा प्रति वर्ष भएको वृद्धि दरभन्दा बढी नभएकोले यस अवधिमा थप हुन आएको श्रमशक्ति मध्ये कमैलाई मात्र काम दिन सकेको अनुमान छ । चौथो योजनावधिमा पनि राष्ट्रिय उत्पादनको औष वार्षिक वृद्ध दर लगभग ३ प्रतिशत हुने भएकोले विगत वर्षहरुमा काम नपाई थन्किएर बसेकाहरुको साथ प्रत्येक वर्ष श्रम वजारमा प्रवेश गरेका नयाँ श्रमशक्तिको ठूलो भागलाई समेत कामको अवसर श्रृष्टि गर्न नसकिएको

अनुमान छ । पहाडबाट तराई र ग्रामीणबाट शहर क्षेत्रतिर कामको खोजीमा सर्ने प्रवृत्ति यता केही वर्षदेखि निक्कै बढ्न थालेकोले शहरी क्षेत्रमा मात्र रोजगारीको अवसरहरु केही बढ्दै गएको, तर उक्त क्षेत्रहरुमा रोजगारीको समस्या चर्किएको र पूर्ण रोजगारी शहरी क्षेत्रमै पनि नभएको लक्षणहरु देखिन थालका छन् ।

सम्बत् २०२८ सालमा लिइएको जनगणनाबाट पूर्ण वा आंशिक बेरोजगारी सम्बन्धी तथ्यहरु खुल्दैन तर २०१८ साल र २०२८ सालबा बीच सक्रिय श्रमशक्तिमा भएको परिवर्तनबाट आर्थिक क्रियाकलापमा संलग्न जनसंख्याका सम्बन्धमा केही प्रकाश पर्दछ । उदाहरणको निमित्त २०२८ सालको जनगणना अनुसार नेपालको कूल श्रमशक्तिमध्ये ६१ प्रतिशत अर्थात् १५ वर्ष र सोभन्दा माथिका उमेरका स्त्री पुरुष मध्ये ४१,९८,००० मानिस आर्थिक दृष्टिले काममा लागेको देखिन्छ । २०१८ सालको जनगणनामा यो संख्या ४३,०७,००० अर्थात् कूल श्रम शक्ति मध्ये ७६ प्रतिशत थियो । यसरी २०१८ सालको तुलनामा २०२८ सालमा सक्रिय श्रमशक्तिको संख्या १,०९,००० अर्थात् १५ प्रतिशतले घटेको देखिन्छ । यस्तै गरी उमेरको समूह अनुसार विश्लेषण गर्दा पनि २५ देखि ४४ वर्षकाहरुमा आर्थिक रुपले सक्रियताको अनुपात २०२८ सालमा ७९ प्रतिशत रहेकोबाट घटी २०१८ सालमा ६५ प्रतिशत पुगेको देखिन्छ ।

तालीका १

आर्थिक दृष्टिले सक्रिय रहेको जनसंख्या

(२००९।११-२०१८।-२०२८)

वर्ष	संख्या	कूल जनसंख्याको	कूल श्रमशक्तिको प्रतिशत
२००९.२०११	३८३९९९८	४७।२८	७६।८१
२०१८	४३०६८३९	४५।७५	७६।०९
२०२८	४१९८०००	३६।३२	६१।००

यस विपरित श्रमशक्तिमा आश्रित रहेको व्यक्तिहरुको अनुपात क्रमशः बढ्दै गएको देखिन्छ ।

तालीका २

आश्रित जनसंख्याको अनुपात

वर्ष	अनुपात
२००९.२०११	१११।८४
२०१८	११८।५६
२०२८	१७५।२७

उपरोक्त तालीकाबाट आर्थिक दृष्टिले सक्रिय रहेका श्रम शक्तिमा वांकी जनसंख्या जिविकाको लागि क्रमशः बढ्दो प्रतिशतमा आश्रित रहेको देखिन्छ । माथि नै उल्लेख गरिए अनुसार १५ वर्ष उमेरदेखि माथिका जनसंख्यालाई श्रम शक्तिको श्रोतको रुपमा लिइएका पनि यसभित्र पर्ने आर्थिक दृष्टिले निस्क्रिय रहेका व्यक्तिहरु र ०-१५ वर्ष भित्रका केटाकेटीहरुलाई समेत आश्रित जनसंख्याको रुपमा लिइने चलन छ ।

कूल उपलव्ध श्रमशक्तिमा आर्थिक रुपले सक्रिय जनशक्तिको प्रतिशत घट्दै जानु र सक्रिय जनशक्तिको संख्या नै पनि घट्दै जानु, आश्रित जनसंख्याको प्रतिशत बढ्दै जानु रोजगारी समस्या चर्किदै द्योतक हुन, तर पति परिमाण र प्रतिशतसम्म यसको कारण परिभाषा अन्य, प्राथमिक शिक्षाको प्रसारले गर्दा तथा खेतीमा लाग्ने श्रमशक्तिको विभिन्न चरित्राले गर्दा वा अन्य कारणहरुले गर्दा हुन र कतिसम्म विकासको स्वरुप परिधि विस्तार आर्थिक सामाजिक गतिविधिमा भएको परिवर्तन आदि कारणबाट देखिन आएको हो भने कुरा विशेष प्रकारका सर्वेक्षण गरेर मात्र यकिन गर्न सकिनेछ । पाँचौ योजना अवधिमा यस्ता केही सर्भेक्षण गरिनु आवश्यक देखिएको छ ।

तथापि यसरी घटेको सक्रिय श्रमशक्तिःको विश्लेषणबाट नेपालमा वेरोजगारीको समस्या विद्यमान छ भन्ने कुरा भने दशाएउँछ । निम्न तालीकामा २०२८ सालको जनगणना अनुसार सक्रिय श्रमशक्तिको आर्थिक समूह अनुसार व्यावसायिक विवरण दिइएको छ । नेपाल जस्तो कृषि प्रधान मुलुकमा कृषि र अन्य आर्थिक क्षेत्रहरुमा १० वषैदेखि १४ वर्षसम्मका केटाकेटीहरु पनि उत्पादन विनिमय र वितरण कार्यमा ठूलो संख्यामा सक्रिय देखिन हुंदा सक्रिय श्रम शक्तिको परिभाषाभित्र काममा लागेका यस्ता वालक बालिकालाई पनि तलको तालिकमा सम्मिलित गरिएको छ :

तालीका ३

सक्रिय श्रमशक्तिको व्यावसायिक वर्गीकरण

(२०२८)

आर्थिक समूह	सक्रिय श्रमशक्ति	प्रतिशत
कृषि तथा सम्बन्धित क्षेत्र	४५७९,०००	९४।४
उद्योग	५२,०००	१।१
निर्माण	५,०००	०।१
विद्युत ग्यास आदि	२,०००	
व्यापार तथा वाणिज्य	६७,०००	१।४
यातायात	१०,०००	०।२
सेवा	१३८,०००	२।८
जम्मा:	४८५३,०००	१००।००

कृषिमा आश्रित हुनेहरुको संख्या २०१८ सालमा ४०,४१,००० बाट बढी २०२८ सालमा ४५,७९,००० अर्थात् १३ प्रतिशतले वृद्धि हुन गएको देखिन्छ । कृषि सम्वन्धी क्षेत्रमा काम गर्ने यो श्रमशक्ति २०१८ सालको कूल श्रमशक्तिमध्ये ९३।८ प्रतिशत थियो भने २०२८ सालमा ९४।४ प्रतिशत छ । गैर कृषि क्षेत्रहरुको विकासले कृषि क्षेत्रबाट ठूलो संख्यामा श्रमशक्ति तान्न नसक्नु र कृषि मै बढी से बढी जनसंख्याले आश्रित हुन पुर्न नै यस्को कारण हो । कृषि क्षेत्रमा ढुवानी वजार र गोदामको रेखदेख र व्यवस्था गर्ने सम्वन्धी वाहेक उत्पादन कार्यको निमित्त मात्र आवश्यक पर्ने श्रमशक्तिको अनुमान अनुसार पहाडमा प्रतिव्यक्ति ५५ दिन र तराईमा १८० दिन भए पुग्ने कुरा अन्तर्राष्ट्रिय श्रम संगठनको सर्वेक्षणबाट देखिएको छ । यस सन्दर्भमा सन् १९६७ मा आर्थिक योजना मन्त्रालयले तयार गरेको एउटा सर्वेक्षण प्रतिवेदन अनुसार सन् १९६४।६५ मा १६,३३,००० ग्रामीण श्रमशक्ति अर्थात् कृषि सम्वन्धी श्रमशक्तिको झण्डै आधा भाग खास उपयोगमा नआएको अनुमान गरेको छ । यसरी कृषि क्षेत्र माथि आवश्यकताभन्दा पनि बढी श्रमशक्तिको भार पर्ने कारणहरुमा कृषि जग्गा सीमित हुनुको साथै अन्य आर्थिक क्षेत्रहरुमा रोजगारीका नयाँ अवसरहरु तीव्र गतिले सिर्जना नहुनु नै हो ।

निर्माणको क्षेत्रमा २०२८ सालको जनगणना अनुसार सक्रिय श्रमशक्ति मध्ये ५००० मानिस अर्थात् ०.१ प्रतिशतले मात्र काम पाएको देखिन्छ । तर गत दशकमा भएको सडक सम्वन्धी विस्तार, खानेपानी, सिंचाई, भवन तथा अन्य विभिन्न निर्माण आयोजनाहरुको गतिलाई हेर्दा उक्त संख्या ज्यादा नै कम देखिन्छ । यस्ता आयोजनाहरुमा अनेपानी श्रमको वाहुल्यले पनि यस्तो नतिजा देखिएको हुन सक्तछ । यस सम्वन्धमा अन्तर्राष्ट्रिय श्रम संगठनले नेपाल वारे तैयार गरेको प्रतिवेदनमा अनुसार देशमा संचालित निर्माण कार्यको गति वर्षको ६ महिना मात्र चलेमा पनि प्रतिवर्ष १४०,००० मानिस लागेको अनुमान छ । यो संख्या २०२८ सालको सक्रिय श्रमशक्तिःको ३ प्रतिशत हुन आउँछ । औद्योगिक क्षेत्रमा सन् १९६५ को आद्योगिक गणना अनुसार नेपाल अधिराज्यको १२५७ वटा उद्योगहरुमा १४४०० मानिसले काम पाएको देखिन्छ । यी उद्योगहरुमध्ये १५ वटाले मात्र १०० भन्दा बढी व्यक्तिलाई काम दिइरहेको देखिन्छ । हाल यस्ता (१०० भन्दा बढीलाई काम दिन सक्ने) उद्योगहरु नेपालमा ३० वटा जति पुगिसेका छन् र यस्ता काम गर्नेहरुको संख्या ३००० जति छ । अत: हालसालै सम्पन्न भएको दोश्रो औद्योगिक गणनाबाट नेपालको उद्योगहरुमा कामगर्नेहरुको संख्या सन् १९६५ मा भन्दा निक्कै नै बढ्दे अनुमान छ । पर्यटन उद्योगबाट मात्र ७५०० मानिसले काम पाइरहेको अनुमान छ । यो उद्योग नेपालमा तीव्र गतिले फस्टाइ रहेको हुनाले यसमा अरु नयाँ रोजगारीका अवसरहरु खुल्ने अनुमान छ । त्यस्तै गरी रोजगारीका संगठित क्षेत्र अन्तर्गत सरकारी सेवा, संस्थान र ठूला ठूला उद्योगहरुमा काम गर्नेहरुको संख्या करिव १ लाख जति छ । यस मध्ये आधिभन्दा पनि बढी सरकारी सेवामा नै छन् ।

शहरी क्षेत्रमा विद्यमान वेरोजगारी सम्वन्धी कुनै विस्तृत अध्ययन गरिएको छैन, तर पनि यस क्षेत्रमा रोजगारीको समस्या क्रमश: वढ्दै गएको अनुमान छ । राष्ट्रिय योजना आयोगबाट २०२९।३० मा १६ वटा नगर पंचायत क्षेत्रका करिव १ लाख २२ हजार साक्षर जनसंख्याको शिक्षित वेरोजगारी बारे गरिएको सर्भेक्षण बमोजिम ४२ प्रतिशत कामको खोजीमा खथवा काममा लागेको देखिन्छ र ५८ प्रतिशत प्राय: धेरै जसो विद्यार्थी वर्ग भएको हुनाले कामको खोजीमा अथवा काममा लागेको देखिन्छ र ५८ प्रतिशत प्राय: धेरै जसो विद्यार्थी वर्ग भएको हुनाले कामको खोजीमा नभएको देखिन्छ । उक्त ४२ प्रतिशत मध्ये ७ प्रतिशतले अरु थप काम गर्ने इच्छा व्यक्त गरेको र ५ प्रतिशतले काम पाउन असफल भएको अथवा पूर्ण रुपले वेरोजगारी भएको देखिन्छ । तर एस.एल.सी. र सो सरहका तथा इन्टरमेडियट र स्नातक स्तरका शिक्षित व्यक्तिहरुमा १० प्रतिशत जति मात्र काम नपाएको देखिन्छ । शिक्षित व्यक्तिहरुमा यसरी वेरोजगारी भई वस्नु पर्ने प्रमुख कारणहरुमा आफू वसेको ठाउँबाट ग्रामीण क्षेत्रमा जान मन नगर्नु पनि प्रमुख कारण हो । तर, देशमा राष्ट्रिय शिक्षा पद्धितिको योजना लागू भएपछि शिक्षण पेशा आकर्षक हुनुको साथै यसमा काम गर्न इच्छुक धेरै शिक्षित व्यक्तिहरुले काम पाउन थालेका छन् । निकट भविश्यमा पर्षन यस क्षेत्र अन्तर्गत शिक्षितवर्गहरुको निमित्त रोजगारीका नयाँ अवसरहरु खुल्ने अनुमान छ ।

रोजगारी र तालिम

देशमा अधिकांश जनता यसरी वेरोजगारी भई वस्नुपर्ने प्रमुख कारणहरुमा रोजगारीको निमित्त काम सम्वन्धी उपयुक्त तालिमको अभाव पनि हो । यस अनुरुप नेपालीहरुमा सीप अभावले गर्दा निर्माण सम्वन्धी कतिपय आयोजनाहरुमा अनेपालीहरु नै काम गरिरहेको देखिन्छ । यसको अलावा २०३० सालमा राष्ट्रिय योजना आयोगबाट गरिएको एउटा सर्वेक्षण अनुसार नेपाल अधिराज्यभरका पूर्ण वा आंशिक रुपमा सरकारी स्वामितव भएका १५ उद्योगहरुमा काम गर्ने ८९४९ जना कामदारहरु मध्ये ५६६१ जना अर्थात् ६३ प्रतिशत मात्र स्वदेशी नागरिक भई वांकी ३ प्रतिशत विदेशी नागरिकहरुले रोजगारी पाइरहेको देखिन्छ । यसको खास कारणहरुमा स्थानीय वासिन्दाहरु आफ्नो ठाउँ छाडी क्षेत्रमा गर्नुपर्ने काम सम्वन्धी ज्ञान र सीपको अभावले गर्दा वेरोजगारी हुन्छन् । यसको अलावा नेपालको विभिन्न आयोजनाहरुमा काम गर्ने ठेकेदारहरु पनि धेरै सो विदेशी न भएकोले यस्ता आयोजनाहरुमा रोजगारीको प्राथमिकता पनि यिनीहरुले नै निर्धारण गर्ने गरेका छन् । अतः उत्पादन वृद्धि र रोजगारीको मूल आधार दक्ष र अर्धदक्ष कामदारनै भएकोले यस सम्वन्धी तालिम कृषि, उद्योग, यातायात र निर्माण सम्वन्धी सबै क्षेत्रहरुमा फैलाउनु पर्नेछ । यस अनुरुप पाँचौं योजनामा सरकारी र गैर सरकारी क्षेत्र अन्तर्गत संचालित आयोनजाहरुमा कामको खोजीमा आउने कोरा नेपालहीहरुलाई रोजगारी बनाउन कार्यस्थल तालिमको व्यवस्था गराइनेछ ।

पाँचौ योजनामा रोजगारी

चौथो योजावधिको अन्तसम्ममा वेरोजगारी अथवा अर्ध रोजगारीको स्थितिमा परेकाहरु वाहेक यस योजनावधिमा श्रमशक्तिमा थप हुने १५ वर्ष र सो भन्दा माथिका ९९६,०७० मानिस हुनेछन् । यस मध्ये सक्रिय श्रमशक्तिको अनुपात २०२८ मा जतिकै हुन्छ भन्ने अनुमान गरेमा ६०७६०३ मानिसलाई कामको आवश्यकता पर्नेछ । यसको अतिरिक्त यस समूहभित्रका काम गर्न सक्ने तर आर्थिक दृष्टिले निस्कृय रहेका वाँकी ३९ प्रतिशत अर्थात् ३८८९६७ जना व्यक्तिहरुलाई पनि अन्य क्षेत्रहरुमा रोजगारीको नयाँ अवसरहरु सृजना गरि सक्रिय तुल्याउन सकेमा आश्रित अनुपात घट्न गै आय स्तरमा सुधार हुने अनुमान गर्न सकिन्छ ।

देशका वहुसंख्यक मानिसको आधार कृषि नै भएको र यो क्षेत्र निक्कै समयसम्म पनि हाम्रो अर्थतन्त्रको मुख्य केन्द्र विन्दुको रुपमा रही नै रहने हुनाले रोजगारीको विस्तार यसै क्षेत्रबाट गर्नु अनिवार्य छ । अतः यस क्षेत्र अन्तर्गत कृषि जग्गाको विस्तार कार्य, कृषि सघनतामा वृद्धि, भू स्वामित्व र मोहियानी स्वामित्वको वितरण, आवश्यक कृषि विकास सामाग्रीको आपूर्ति कृषि प्रसार सेवा, कर्जा आदिमा वृद्धि तथा जल र भू-व्यवस्थापन, संस्थागत सुधारहरु आदिको माध्यमद्वारा रोजगारीको सृष्टिमा तिव्रतर वृद्धि गर्नुपर्ने देखिन्छ । कृषि विकास, रोजगारी प्रवर्द्धन, विदेशी मुद्राको वचत गर्ने जस्ता लक्ष्यहरु एक पटक हासिल गर्न कृषिमा श्रम मूलक प्रविधि अपनाउन पनि आवश्यक जोड दिनु पर्ने देखिन्छ ।

उपर्युक्त पृष्ठभूमिको सन्दर्भमा विचार गर्दा उत्पादन बढाउने र विकास गर्ने प्रकृयामा नै रोजगारी स्वतः सृष्टि हुने किसिमको विकास आगामी योजनाहरुमा रोजगारी सम्वन्धी मुख्य उद्देश्य हुनेछ । यस सन्दर्भमा मुलुकबाट गरिबी र वेरोजगारीको स्तर घटाउन उपभोग र उत्पादनको किसिमलाई आवश्यक तवरले परिवर्तन गरी विकासको चरित्रमा नै परिवर्तन गर्नु पर्नेछ । उपर्युक्त उद्देश्य पूर्तिका लागि रोजगारी सम्वन्धमा निम्न लिखित नीतिहरु लिइने छन् ।

(१) कृषिमा श्रममूलक प्रविधि लिने नीतिको अनुकूल पार्न कृषिको क्षेत्रमा यान्त्रिकरणलाई निरुत्साहित गर्ने, तर सिंचाई साधनले उत्पादन र रोजगारी दुवैमा वृद्धि गर्ने हुंदा सिचाईका यन्त्रलाई भने प्रोत्साहन दिने ।

(२) रोजगारीको दृष्टिकोणबाट वनको पनि महत्वपूर्ण भूमिका भएकोले हुनाले वृक्षारोपण, जंगल फडानी जस्ता कार्यक्रमहरुको कार्यान्वयनमा सकेसम्म श्रममूलक प्रविधि अपनाउने ।

(३) उोगहरुको स्थापना, विस्तार रसंचालकद्वारा बढी से बढी रोजगारी प्रदान गर्न जन साधारणका न्यूनतम आवश्यकताहरु पूर्ति गर्नुका साथ साथै तुलनात्मक दृष्टिबाट कम पूँजी उत्पादन (Capital output) र पूँजी श्रम (Capital labour) अनुपात लाग्ने किसिमका उद्योगहरुलाई प्रोत्साहित गर्ने ।

(४) निर्माणको क्षेत्रमा यथाशक्य स्थानीय श्रम र देश भित्रै उत्पादन वा संकलन गर्न सकिने सामग्रीको उपयोगमा नै बढी जोड दिने ।

(५) ठेक्कामा दिने तरीकाहरुबाट पनि रोजगारी प्रवर्द्धनमा असर पर्ने हुनाले स्थानीय अवस्था अनुसार ठेक्काका तरीकाहरुलाई रोजगारी मूलक बनाउने ।

(६) परियोजना र व्यवसायमा पाएसम्म नेपाली नै श्रमिक र कर्मचारहिरु हुनु पर्ने व्यवस्था गर्न गराउने ।

(७) नेपालीलाई दक्ष बनाउन सम्बन्धित कार्यालयहरुले व्यावसायिक शिक्षा, स्थानीय सीपहरुको प्रशिक्षण र परियोजना स्थलमा प्रशिक्षणको व्यवस्था गर्ने ।

(८) व्याज दर, सहुलियतहरु र कर नीति बढी से बढी रोजगारी दिंदा लगानी गर्ने, व्यवसाय संचालन गर्नेहरुलाई तुलनात्मक रुपले स्वतः बढी लाभदायक हुने किसिमको गराउने ।

(९) सडकहरुको विस्तार र परिवहनको परिमाणमा वृद्धि हुँदै नै जाने हुँदा वस, ट्रक, ट्याक्सी, ठेलागाडी एक्का र रिक्सा तथा माल लाद्ने उतार्ने जस्ता व्यवसायलाई बढी से बढी मानिसलाई रोजगारी प्राप्त हुने किसिमले चल्ने व्यवस्था गर्ने ।

(१०) शिक्षित, दक्ष तथा अर्ध दक्ष व्यक्तिहरुलाई उत्पादन, मर्मत,सेवा, वितरण परिवहन, खुद्रा विक्री आदि विभिन्न कारोवारमा आफै लाग्न सक्ने गराउने वैंक कर्जा, सामग्री बजार, यन्त्र र उपकरण तथा तालिमको सुविधाहरु प्रदान गर्न व्यवस्था गर्ने ।

परिच्छेद ६

भू-उपयोग नीति

क. पृष्ठभूमि:

भूमि एउटा महत्पूर्ण साधन हो जसमा अन्य आर्थिक साधनहरु निर्भर गर्दछन् । हाम्रो जस्तो पहाडी मुलुकमा उपलव्ध भू सम्पदालाई अधिकतम रुपमा प्रयोग गर्नुका साथै सुरक्षाको लागि प्रभावकारी कदमहरु अपनाउनु अति आवश्यक छ । नेपालको सम्पूर्ण क्षेत्रफलको अन्दाजी एक तिहाई प्रतिशत भूभाग हिउँले ढाकेको र भीर पाखा छन् जहाँ कृषि उत्पादन फलदायी देखिदैन । वन, खेती, चरन, जलक्षेत्र, वस्ती र सडकको रुपमा प्रयोग गरिएको भाग हाल ६६.३९ प्रतिशत देखिन आएको छ ।

तालीका १

भूउपयोग ढांचा

भू-उपयोगको किसिम	भू-उपयोग स्तर (हेक्टरमा)	प्रतिशत
वन क्षेत्र	४८,२३,०००	३४।१९
खेतीजमीन	२३,२६,०००	१६।४९
चरन	१७,८५,७००	१२।६६
जल	४,००,०००	२।८३
वस्तीर सडक	३०,०००	०।२१
उजाड जमीन	२६,२९,१००	१८।६४
हिउँ क्षेत्र	२१,१२,१००	१४।९७
जम्मा	१,४१,०५,९००	१००।००

श्रोत: भू-उपयोग तथा भू-क्षय नियन्त्रण, कार्यदलको प्रतविदन, काठमाडौं राष्ट्रिय योजना आयोग, भाद्र २०३१

हाल प्रतिव्यक्ति जमीन केवलल १.२ हेक्टर मात्र देखिन आएको छ र यदि अनुपयोगी जमीनलाई हिसाव नगर्ने हो भने यो अंक घटेर ०.७ हे. प्रतिव्यक्ति हुन आउंछ । भीर पाखा भागमा खेती बढाउदै गएमा यसले भू-क्षयलाई उत्प्रेरित गरी उपयोगी जमीनको मात्रा घट्ने छ । भू-उपयोग नीतिको अभावमा, प्रतिस्पर्धापूर्ण भूमिको दुरुपयोग हुन जाने हुन्छ ।

जनसंख्याको चापले गर्दा थप भूमि कृषि अन्तर्गत ल्याउनलाई खोरिया फाड्ने, भिरालो ठाउँमा खेती लगाउने, वन अतिक्रमण गर्ने प्रक्रियालाई बढाएको छ । यस किसिमको क्रियाकलापले अप्रत्यक्ष रुपमा भू-उत्पादकत्वलाई घटाउदै ल्याएको र यदि यस स्थितिलाई अझ जारी रहन दिने हो भने हाम्रा प्राकृतिक साधन-सम्पदा भविष्यमा विकृतीमा परिणत हुनेछन् । भूक्षण नियन्त्रण, वन विकास र भूमिको वैज्ञानिक व्यवस्थाबाट मात्र त्यति किसिमका गतिविधीहरुलाई रोकथाम गर्न सकिन्छ ।

जनसंख्याको चाप सोझै भूमिमाथि बढी पर्न कृषि बाहेक रोजगारिका अन्य विकल्पहरुको कमिले गर्दा पनि हो । यो समस्या अझ जटिल हुनुको मुख्य कारण जनसंख्याको वितरणमा असमानता र विभिन्न भौगोलिक क्षत्रहरुमा प्राप्त कृषि योग्य जमीनको कारणले गर्दा हो । यस किसिमको जनसंख्या चापले गर्दा २०२१ देखि २०३१ साल सम्ममा अन्दाजी १३७,६०० हेक्टर तराईको चारकोसे झाडी नास भएको अनुमान छ । साथै यसै अवधिमा पहाडी भागमा पनि अन्दाजी ६७२,००० हेक्टर कृषि भूमि बढेको अनुमान छ । यस प्रकारको कृषि क्षेत्रको विस्तारको मुख्य कारण पहाडमा जनसंख्याको चाप बढी भएकाले हो र कृषि भूमिको अभावमा मानिसहरु वन क्षेत्रभित्र र भीर पाखातर्फ खेतीको लागि अग्रसर हुन्छन् । यदि हालको पहाडबाट तराईमा वसाई सर्ने दर कायम रहि रह्यो भने पनि पहाडमा साला खाला १.३ प्रतिशत जनसंख्या वृद्धि दर कायम रहने छ र पहाडको जनसंखया २०४७ मा करि ९० लाख पुगी प्रति हेक्टर कृषि भूमिमा ८ जना व्यक्ति हुनेछन् ।

भू-उपयोगको स्थिति पहाडमा भन्दा तराईमा भिन्ने छ । हाल तराईका वनलाई यथावत कायम रहनु दिने वा जंगललाई फांडी खेती गर्ने भन्ने विकल्प उपर विचार हुन आवश्यक छ । विगत दुई दशकमा धेरै जसो विकास कार्यक्रमहरु तराई मै केन्द्रित भई आएका छन्, र तराईमा भएको वन फडानी मुख्यतया कृषिको लागि नै देखिएको छ । २०२१-३१ सालमा करिव ७७,७०० हे. जमीन औपचारिक रुपमा पुनर्वासको लागि वितरण गरिएको थियो भने उत्त: अवधि भित्रै अन्दाजी २३७,६०० हेक्टर अतिरिक्त वन अति क्रमण भएको देखिन्छ ।

माटोनै जमीनको अभिन्न तत्व हो । त्यसकारण यदि माटोको समयमै सुरक्षा गरिएन भने यो क्रमशः नाश भएर जान्छ । विभिन्न अध्ययनहरुले यो स्पष्ट गरेका छन् कि एक सेन्टिमिटर माथिको माटो (Top Soil) वन्न करीव १०० वर्ष देखि ४०० वर्ष सम्म लाग्दछ तर यो सहजै एक वर्षा कालमा नाश भएर जान सक्तछ । त्यसकारण यो स्पष्ट हुन्छ कि माटो र पानीको सुरक्षा गर्नु देशको लागि अति महत्वपूर्ण कुरा हो । यो सर्व विदितै छ कि नेपाल एउटा पहाडी मुलुक हो जसको दुई-तिहाई जमीन पाखा, पर्वत, भीर, खोला नालाहरुले ढाकेको छ । फलतः पहाडहरुमा भू-क्षयको प्रकृया रोक्ने मुख्य उपाय मध्ये वन सम्पदाको सुरक्षा र जनसंख्याको नियन्त्रण हो । त्सकारण हाल यी समस्याहरुको समाधान गर्नु अति आवश्यक कुरा हुन आएको छ ।

ख. उद्देश्यः

अव हामीहरु स्वेच्छाचारी भएर प्राकृतिक वन सम्पदा त्यसमा पनि मुख्यतया माटो, पानी र वनको दुरुपयोग गर्ने स्थितिमा छैनौं । आर्थिक विकासको लहडमा प्राकृतिक सम्पदाको ह्रासबाट वातावरणमा पर्ने दुषित प्रभावहरु वारे पनि सजग रहनु अनिवार्य हुन आएको छ । हिमाल र पर्वतहरु हाम्रा नदी पानी र यन्धनका स्रोत हुन्, जस्मा पहाडका वस्तिहरु मात्र हैन तराईका वस्तिहरु पनि आधारित छन् । त्यसकारण हिमाल र पहाडको वातावरण दूषित पारी भविष्यलाई असन्तुलित पार्नु मिल्दैन । अतः हाम्रो विकासको उद्देश्य वातावरण र भूमिको संरक्षणमा आधारित हुनेछ । प्राप्त भूमि र त्यसको विभिन्न प्रयोगहरुकोबीच समन्वय राख्न सक्यो भने मात्र भू-उपयोग नीतिको वास्तविक सफलता मानिनेछ ।

भू-आकृति र जलवायुको विभिन्नताले गर्दा नेपालमा विभिन्न किसिमको भू-उपयोग पाइन्छ । हिमाली र भोटाङ्ग प्रद्शहरुमा शितोष्ण जलवायु र हिमपातको कारण सिमित कृषि उत्पादन क्षमता छ । त्यसकारण यी प्रदेशहरुमा कृषिमा वैज्ञानिक तरिका अपनाउनु साथै पशुपालन तथा पर्यटन विकास आवश्यक विकल्प देखिन्छन् ।

पहाडी प्रदेशमा साधारणतया धेरै जसो जमीन प्रयोगमा ल्याई सकिएको छ । बढ्दो जनसंख्याले गर्दा भीर रपाखाहरुमा समेत खेती भएको पाइन्छ । यस प्रदेशका मानिसहरु आफ्नो घर छोडि मधेश पस्ने वा भीरतर्फ अगैसर हुने भन्ने द्विविधामा जीवन विताई रहेका छन् । त्यसकारण पहाडको लागि भू-उपयोग नीति भीर पाखाको भूमि, पानी र वातावरणको संरक्षणको साथ साथै अन्य आर्थिक कृया कलापहरुको अभिवृद्धि गर्ने लक्षमा आधारित हुनेछ ।

वर्तमान स्थितिको सन्दर्भमा यद्यपि तराई क्षेत्र भू-षयको दृष्टिकोणबाट त्यति साह्रै प्रभावित भएको देखिदैन तापनि ठूलो नदीहरुको कटान र चुरे तथा महाभारत लेकबाट निस्कने खहरे तथा स-सानधा नदीहरुले ल्याएको वगरबाट भविष्यको लागि समस्या उत्पनन हुने सम्भावना देखिन्छ ।हिमाल र पहाडमा परेको स्थितिको अप्रत्यक्ष प्रभाव तराईमा पर्दछ । चुरे रभवर क्षेत्रमा आगो लगाउने, खोरिया फाँड्ने जस्ता वन अतिक्रमण कार्यले गर्दा तराई प्रदेशको भू-उपयोगको ढाँचामा समस्या उत्पन्न गर्दैछन् । हाल तराईमा जमीन व्यक्ति अनुपात बढी देखिएकोले अरु बढी जमीन कृषि उपयोगमा ल्याउने उद्देश्य रहनेछ । यसको साथ साथै वन पैदावरको मागलाई ध्यानमा राखी निर्धारित क्षेत्रहरुमा वन सुरक्षालाई बढावा दिने लक्ष रहनेछ । यी नीतिहरुको सफलताको लागि आवश्यक र विशवसनीय भू-उपयोग सम्वन्धी तथ्यांकको आवश्यकता छ ।

ग. नीतिः

उपरोक्त तथ्यको आधारमा योजनावद्ध जमीनको उपयोग र संरक्षणको दृटिकोणजे निम्न नीतिहरु निर्धारण भएका छन् :

१.हिमाली क्षेत्रका विस्तृत खर्क र पाटनहरुमा पशुपालनलाई प्रोत्साहित गरिनेछ । यसको साथ साथै त्यस प्रदेशको वर्तमान कृषि भूमिमा सघन रुपले खेती गरिनेछ । हिमाली क्षेत्रहरुमा पाइने दुर्लभ वन्य जस्तुको विकास एवं संरक्षणको लागि केही क्षेत्रहरु निर्धारण गरिने छन् । हाम्रो निर्यात गरिने वस्तुहरुमा प्राकृतिक सुन्दरता एक प्रमुख साधन हो । फलतः पर्यटन विकास एउटा श्रममा आधारित उद्योग भएकोले यसको विकासको लागि हिमाली भेगका क्षेत्रहरु उपयोगमा ल्याइने छन् ।

त्यसकारण पर्यटनको विकासको लागि त्यस क्षेत्रको क्षमता, पर्यटकहरुको संभाव्य संख्याको आधारमा व्यवस्था र संरक्षण वारे वैज्ञानिक अध्ययन गरिनेछ ।

२.यो सबै विदितै छ कि पहाडी प्रदेश विस्तृत रुपमा उपयोग भैसकेको छ । जन संख्याको चापले गर्दा जमीनको अभाव हुनुको साथै भू-क्षयको मात्रा पनि यस प्रदेशमा बढी क्रियाशिल भैसकेको छ । फलतः भू-संरषणको सबभन्दा बढी आवश्यकता यस प्रदेशमा देखिन्छ । भीर, पाखाहरुमा खेती गर्ने कार्य प्राकृतिक वन सम्पदा र जल संरक्षण्को दृष्टिकोणलवे नियन्त्रित गरिनेछ । सघन वृक्षारोपण कार्यक्रमहरुलाई बढावा दिदैं खोरिया फाड्ने, र वन अतिक्रमण गर्ने गतिविधिलाई पनि रोकथाम गरिनेछ । वन सम्पदा, जल वातावरण र भू-सरक्षणको प्रभावकारिताको लागि केही भागमा फलफूल खेती गरिनेछ । यद्यपि हाडी क्षेत्रमा उत्पादन कार्य देशको अन्य भागभन्दा बढी सघन देखिएता पनि सिंचाई र अन्य कृषि सम्वन्धी वैज्ञानिक व्यवस्थाद्वारा कृषि उत्पादनमा अरु बढी जोड दिइनेछ ।

३. तराई क्षेत्र वन, कृषि र परिवर्तनशिल वस्तीहरुको क्षेत्र हो । विगत दशकहरुमा विकासका विभिन्न कार्यक्रमहरु केन्द्रित भएको तराई क्षेत्रमा एकतर्फ विभिन्न किसिमको भू-उपयोग परिपाटीको अभिवृद्धि भइरहेको छ भने अर्कोतर्फ बढ्दो जनसंखयाको चापले प्राकृतिक वन सम्पदा एवं वातावरण माथि विपरित प्रभाव परिरहेका छ । त्यसकारण वैज्ञानिक भूमि व्यवस्था अव तराईको लागि अति महत्वपूर्ण विषय बनेको छ ।

तराईको भू-उपयोगको मुख्य आध्यम कृषि र वन नै हुन् । वर्तमान वन सम्पदालाई भविष्यको लागि संरक्षण गर्ने वा योजनावद्ध पुनर्वास कार्यक्रमको लागि वन अतिक्रमण गरी वस्ती वसाल्ने भन्ने दुई मूलभूत विषय हाम्रो अगाडि देखा परेका छन् । यसको अचिरित्त लागतार पहाडबाट तराईमा वसाई सर्ने प्रवृत्तिले पनि वन अतिक्रमणलाई प्रोत्साहित गरेको छ । हुन सक्तछ यो प्रवाह भविष्यमा अझ बढी तिव्र होओस् । त्यसकारण यी गतिविधिहरुको रोकथामको लागि पहाडबाट वसाई सर्ने प्रवृत्तिलाई नियन्त्रित गर्नुको साथै वसाई सरिसकेका परिवारहलाई पुनर्वास कार्यक्रम अन्तर्गत योजनावद्ध रुपमा बसालिने छ । यस कार्यक्रमको लागि अतिरिक्त ६२,९०० हे. जमीन पाँचौं योजना कालको लागि छुट्याइएको छ । यस कार्यक्रमको साथ साथै नदी किनाका वृक्षहरुको कटानी वन्द गरी भावर क्षेत्रको साथै तराइको (महेन्द्र राजमार्गको उत्तर) वन समपदाको संरक्षण गरिनेछ । ती क्षेत्रहरु, जहाँ दुर्लव वन्यजन्तुको प्राचुर्यता छ त्यहाँ वन्यजन्तु संरक्षण गरिनेछ ।

४. विजुली उत्पादन एवं सिंचाईको साथै उक्त किसिमका सम्भावना देखिएका नदीका जलाधारहरुमा भूक्षय नियन्त्रणलाई बढी प्राथमिकता दिइनेछ । यसको अतिरिक्त भीरहरुमा वन विनास गरी खेती गरिने प्रवृत्तिलाई नियन्त्रण गरिनेछ । पहाडी भेगमा वृक्षारोपण गरी, अतिचरणलाई नियन्त्रण गरिनेछ । खेती गरिनेछ । घरेलु आवश्यकता एवं निर्यातको लागि प्रचुरमात्रामा वन उत्पादन वृद्धि गरिनुको साथै नदीहरुमा वढी नियन्त्रण गर्ने उपायहरु अपनाइने छन् ।

५. भू-उपयोग योजना तजुमाको लागि तथ्यांक एवं अनुसन्धानको आवश्यकता पर्ने भएकोले त्यस किसिमको अनुसन्धान कार्यलाई यस योजना अवधिमा बढी प्रोत्साहित गरिनेछ । यदि अधिराज्यभरिकै भू-उपयोग सर्वेक्षण गर्न सम्भव नदेखिएमा आवश्यक स्थानहरु जस्तो वाढी पिडीत क्षेत्र एवं भू-क्षयबाट प्रभावित भएका मुख्य मुख्य स्थानहरुमा उक्त किसिमका सर्वेक्षणहरु संचालन गरिने छन् । यस अवधिमा आरम्भ गरिएका कार्यहरुलाई भविष्यको लागि प्रभावकारी बनाउन सकिनेछ ।

जमीनको अधिकतम उपयोगको लागि भीरहरु वारे अध्ययन गर्नु अति आवश्यक छ । यदि भीरहरुलाई अवान्छित रुपमा प्रयोग गरियो भने त्यसले कृषि योग्य जमीन माथि प्रतिकूल असर पार्दछ । भीर विभिन्न किसिमको भू-उपयोगको निकटतम सम्वन्ध भएकोले हिमाल र पहाडी क्षेत्रहरुमा त्यस वारे अनुसन्धान गरे पछि मात्र भू-उपयोग योजना तर्जुमा गर्न सहज हुनेछ । त्यस किसिमका कार्यक्रमहरुलाई यस योजना अवधिमा गहन रुपमा विचार गरिनेछ । वनको विनाशबाट उत्पादकत्वमा प्रतिकूल प्रभावपर्दछ भन्ने तथ्य सामान्यतया सर्वमान्य भैसकेको छ । तर, प्रति हेक्टर उत्पादकत्वमा कुन अनुपातमा ह्रास भैरहेको छ भन्ने कुरा अहिले सम्म निर्धारण भैसकेको छैन । त्यसकारण यस धारणालाई स्पष्ट पार्न केही विशेष क्षेत्रहरु छानी अनुसन्धान गरिनेछ ।

परिच्छेद ७

जलश्रोत विकास

१. उद्देश्य

नेपालमा हाल खेती गरिएको जमीनलाई सालभरि आवश्यक सिचाई सुविधा पुऱ्याउन उपलव्ध जलस्रोतको २० प्रतिशत मात्र उपयोग भए पनि पर्याप्त हुने अनुमान छ । त्यस्तै उपलव्ध जलश्रोतबाट ८ करोडभन्दा बढी किलोबाट विद्युत शक्ति उत्पादन गर्न सकिने क्षमता छ । सिंचाई र विद्युतको लागि हालसम्म उपयोग हुन सकेको अनुपात प्रायः नगण्य छ । सार्थ ग्यास, कोइला, खनिज तेल जस्ता शक्तिका श्रोतहरु वारे हाम्रो ज्ञानको आधारमा विचार गर्दा नेपलाको वहुमुखी शक्ति (ENERGY) को श्रोत जल सम्पदा नै हुने हुँदा त्यसको उपयोग सम्वन्धी उघेश्य र नीति निर्धारण हुनु जरुरी छ ।

तसर्थ, हालको सिंचाई सुविधा र शक्तिको उपयोगको स्तर र ढाँचा देशको प्राकृकतिक सम्पदा अनुकूल पार्न जलश्रोतको उचित विकास र उपयोग गरी कृषि, उद्योग, यातायात लगायत अन्य आर्थिक क्षेत्रहरुमा निर्धारित लक्ष्य वमोजिम विकास गर्न चाहिने आधार तयार गर्ने नै जलश्रोत विकासको मुख्य उद्देश्य रहनेछ ।

जलश्रोतको विकास कार्य वन जंगलको संरक्षण तथा सम्वर्द्धन, भू-क्षयको रोकथाम जमीनाको उर्वरा शक्तिको संरषण जस्ता कतिपय अन्य उद्देश्यहरु सित सम्बन्धित भएकोले यसको विकास सन्तुलित र समन्वयात्मक रुपले गर्ने यसको अर्को उद्देश्य हो ।

देशको दीर्घकालनि आवश्यकतालाई ध्यानमा राखी पाँचौ योजनामा निर्धारित अन्य आर्थिक क्षेत्रहरुको भौतिक लक्ष्य प्राप्त गर्न चाहिने थप सिचाई सुविधा र विद्युत शक्ति पुऱ्याउने हिसावले आगामी योजनामा जलश्रोतको विकास गरिनेछ ।

२. नीतिः

एउटै योजनाको पाँच वर्षको अवधिमा उपलवध सतह र भूमिगत जलश्रोत प्रचूर मात्रामा उपयोग गर्न नसकिने भए तापनि यसको क्रमिक विकास र उपायेग गर्नेतर्फ पाँचौं योजनाकालमा निम्न नीतिहरु अपनाइने छन् ।

१. नेपालमा हाल भइरहेको शक्ति उपयोगको परिमाण वा ढाँचा वारे पर्याप्त ज्ञान नभएतापनि काठमाडौ. उपत्यकाको सर्वेक्षण अनुसार सम्पूर्ण शक्ति उपभोग मध्ये ८० प्रतिशतभन्दा बढी शक्ति परम्परागत श्रोतहरुबाट र २० प्रतिशतभन्दा कम आधुनिक श्रोतबाट उपलवध भएको अनुमान गरिएको छ । आधुनिक श्रोतबाट प्राप्त हुने शक्तिमध्ये १५-१६ प्रतिशत खनिज तेलबाट र वाँकी भाग मात्र विद्युत शक्तिबाट भएको अनुमान गर्न सकिन्छ । दाउरा गुइठा जस्ता सीमित र अन्य कार्यमा उपयोगी हुने परम्परागत श्रोतका साथै पैठारी गरिनु पर्ने खनिज तेल र ग्याँसबाट प्राप्त हुने शक्तिको अनुपात घटाई क्रमशः जलशक्तिको उपयोग बढाउने नीति अपनाइनेछ ।

२. यसरी राष्ट्रिय अर्थ व्यवस्थाका विभिन्न क्षेत्रहरुमा क्रमशः जल शक्तिको उपयोग बढाउँदै जाने काममा धेरै सरकारी इकाइहरु संलग्न हुने हुँदा सवको काममा समनवय ल्याई निश्चित मार्ग दशृन समेत पुऱ्याउन राष्ट्रिय स्तरमा जलशक्ति विकास सम्वन्धी इकाईको आवश्यकता पर्ने हुँदा पाँचौ योजनाकालमा यस्तो इकाईको स्थापना गरिनेछ ।

३. यसरी राष्ट्रिय स्तरमा स्थापना हुने इकाईको माध्यमद्वारा पाँचौ योजनाकालमा देशको शक्ति उपयोग ढाँचाको अध्ययनका साथै विभिन्न विषयगत क्षेत्रहरुमा जलशक्तिको उपयोग बढाउने आयोजनाहरु समेत तर्जुमा गरी क्रमशः सम्वनिधत इकाईहरुबाट कार्यान्वित गरिनेछ ।

४. सिंचाई सुविधा तथा विद्युत शक्तिको रुपमा जलश्रोतको छिटो उपयोग गर्न बढी मात्रामा देश भित्र प्राविधिक दक्षताको विकास गर्नु नितान्त जरुरी छ । यसको लागि जलश्रोत विकास सम्वन्धी प्रशासकीय इकाईहरुलाई आवश्यक प्रयोगशाला, प्राविधिक जनशक्तिले क्रशः सुसज्जित गरिनेछ । साथै विकास आयोजनाहरुको राम्रो तर्जुमा गर्न संभाव्यता अध्ययनलाई विशेष जोड दियनेछ । यस कार्यको लागि चाहिने साधन र समय निर्धारित गर्न आयोजनाको किसिम हेरी कुनै निश्चित आधार तयार गरिनेछ ।

५. अन्य विकास कार्यक्रममा जस्तै जलश्रोत विकास कार्यक्रममा पनि एक मुख्य अवरोध प्राविधिक जनशक्ति नै हो । तसर्थ, जलश्रोत विकास आयोजना लगायत पाँचौ योजनाकालमा संचालन गरिने समपूर्ण विकास कार्यक्रमलाई आवश्यक पर्ने विभिन्न तहका प्राविधिक शक्तिको आवश्यकता यकिन गरिने छ र सोही अनुसार देश भित्र र वाहिरको तालिम कार्यक्रम निर्धारित गरिनेछ ।

६. जलश्रोत विकास आयोजनाहरु देशको प्रादेशिक र भौगृालिक विभिन्नता अनुसार स्तर निर्धारित गरी आयोजनामा हुने लगानी र त्यसबाट हुने फाइदा सम्वन्धी एक निश्चित आधार यकिन हुन सीमित साधन

तथा जनशक्तिको सदुपयोग गर्ने दृष्टिकोणबाट आवश्यक भएको छ । आगामी योजनाकालमा त्यस्तो आधार तयार गरी सोही अनुसार कार्यक्रम निर्धारित गरिनेछ ।

७. सम्पन्न भैसकेका जलश्रोत विकास आयोजनाहरु, मुख्यतः सिचाई सम्वन्धी आयोजनाहरुको मर्मत संभार कार्य पनि नियमित र सुव्यवस्थित गर्न आयोजनाको स्तर अनुसार प्रशासकीय संगठन र खर्चको निश्चित आधार यकिन गरी सोही अनुसार साधनको व्यवस्था गरिनेछ ।

८. जलश्रोत आयोजनाहरुबाट हाल लागत अनुसार आम्दानी हुन पाएको छैन । तसर्थ, विद्युत शक्ति तथा सिचाई सुविधाको महसूल दर रेट निर्धारित गर्न आर्थिक विकासको सामान्य नीति अन्तर्गत एक निश्चित आधार यकिन हुन जरुरी छ । आगामी योजनाकालमा यस्तो आधार तयार गरी सोही अनुसार काम गरिनेछ ।

९. देशको विभिन्न भागमा सम्पन्न भएका विभिन्न जलश्रोत विकास आयोजनाहरुको संचालन सम्वन्धी प्रशासकीय संगठन वारे पनि निश्चित नीति हुनु जरुरी भैसकेको छ । तसर्थ, जलश्रोत विकास आयोजनाहरुको संचालन सम्वन्धी प्रशासकीय संगठन वारे पनि निश्चित नीति निर्धारित गरिनेछ ।

१०. जलश्रोत विकास आयोजनाहरुको स्थायी संरक्षणको लागि त्यस्ता आयोजनाहरुको प्रतिकूल असर पार्ने किसिमबाट जलश्रोतहरुको कसैले उपयोग गर्न नपाउने हिसावले कानूनी व्यवस्था हुनु आवश्यक छ । यसको व्यवस्था पनि अर्को योजनाकालमा गरिनेछ ।

११. अन्य विकास आयोजनाहरुमा जस्तै जलश्रोत विकास आयोजनाहरुको निर्माण कार्य तथा मर्मत तथा संभार कार्यमा सकभर स्थानीय जन सहयोग प्राप्त गर्ने उपायहरु पनि पत्ता लगाइनेछ ।

१२. जलश्रोत विकास अनुरुप जलशक्ति सित प्रतिस्पर्धा गर्ने विशेषतः पैठारी गरिने श्रोतहरुको उपयोग नियमित गर्ने वारे पनि निश्चित नीति अपनाइनेछ ।

परिच्छेद ८

पाँचौ योजनामा लाग्ने खर्च र त्यसको वाँडफाँट

चालू चौथो योजनाको प्रगति मूल्यांकनबाट देखिन आएका उपलब्धी र कमीहरुका साथै वित्तीय साधन, तालिम प्राप्त प्राविधिक जनशक्ति, सोधानान्तर स्थिति, विकास सामाग्रीको आवश्यकता जस्ता आर्थिक तथा सामाजिक विकासको गतिलाई प्रभाव पार्ने सबै सम्बन्धित विषयहरुलाई वदलिंदो परिस्थितिको व्यापक पृष्ठभूमिमा विचार गरी पाँचौ योजनाका अन्तरनिहित उद्देश्यहरुलाई हासिल गर्न योजनाका सम्पूर्ण कार्यक्रमलाई न्युनतम कार्यक्रम र अधिकतम कार्यक्रमको रुपमा विभाजित गरी पाँचौ योजनालाई बढी व्यावहारिक तथा वस्तु स्थिति अनुरुप पार्ने प्रयास गरिएको छ । [ञ] न्यूनतम कार्यक्रम निर्धारित लक्ष बमोजिम कर्यान्वित गर्न सरकारी, पंचायत र गैर सरकारी क्षेत्रहरुमा गरी २०३१।३२ को स्थिर मूल्यामा जम्मा रु ९१९.७ करोड लागने अनुमान गरिएको छ र अधिकतम कार्यक्रम संचालन गर्न उक्त तीनै क्षेत्रमा गरी २०३१।३२ को स्थिर मूल्यमा जम्मा रु ११४०.४ करोड लाग्ने अनुमान गरिएको छ । यसरी निर्धारित न्यूनतम र अधिकतम कार्यक्रम लक्ष बमोजिम कार्यान्वयन भएमा कूल राष्ट्रिय उत्पादन आर्थिक वर्ष २०३१।३२ को मूल्यमा वार्षिक ४ देखि ५ प्रतिशत सम्म वृद्धि हुने अनुमान गरिएको छ । हाल सम्म भएको प्रारम्भिक अनुमान बमोजिम २०३१।३२ को कूल राष्ट्रिय उत्पादन सोही वर्षको मूल्यमा रु १४३२.६ करोड हुने देखिन्छ । तसर्थ, पाँचौ योजनाको अन्त्य सम्ममा, अर्थात् २०३६।३७ मा कूल राष्ट्रिय उत्पादन २०३१।३२ को स्थिर मूल्यमा रु १७५१.१ करोड देखि रु १८२८.४ करोड पुग्ने अनुमान गरिएको छ । अर्थात् पाँचौ योजनाको अन्त्य सम्म्मा २०३१।३२ को स्थिर मूल्यमा कूल राष्ट्रिय उत्पादनमा जम्मा रु ३१८.५ करोड देखि रु ३९५.९ करोड थप हुने देखिन्छ ।

सरकारी क्षेत्रमा हुने विकास खर्च मध्ये ८० प्रतिशत मात्र लगानीको रुपमा हुने अनुमान बमोजिम पाचौं योजना अन्गर्तत हुने जम्मा विकास खर्च रु ९१९.७ करोड देखि ११४०.४ करोड मध्ये रु ७९६.३ करोड देखि ९९.५ करोड मात्र लगानीको रुपमा हुने देखिन्छ । यसरी लगानी गर्दा योजनाकालमा लगानीको औषत दर करीव १० प्रतिशत देखि १२ प्रतिशत हुन आउनेछ ।

सरकारी क्षेत्रमा हुने कूल विकास खर्च मध्ये ५५ प्रतिशत आन्तरिक साधनको परिचालनबाट र वाँकी ४५ प्रतिशत वाह्य सहायताबाट व्यहोरिने अनुमान गरिएको छ । यस अनुसार योजना अन्तर्गत हुने सम्पूर्ण लगानीको लागि मात्र चाहिने साधन जुटाउन पनि योजनाकालमा कूल आन्तरिक वचतको रकम रु ५१८.७ करोड देखि रु ६५०(० करोड र थप आनतरिक वचत रकम रु ८८.८ करोड देखि रु १४७.९ करोड हुनु आवश्यक छ । यसरी लगानीको लागि मात्र आन्तरिक वचत रकम जुटाउन योजनाकालमा औषत आन्तरिक वचत दर ६.४ प्रतिशत देखि ७.९ प्रतिशत र सीमान्त वचत दर २७.८ देखि ३७.४ प्रतिशत हुनु जरुरी छ । अर्थात्, योजना कालमा हुने थप राष्ट्रिय उत्पादनबाट एक चौथाई देखि एक तिहाईभन्दा पनि बढी भाग थप वचतको रुपमा परिचालन गरी लगानी गर्नु पर्नेछ ।

पाँचौ योजनामा लाग्ने खर्च रु ९१९.७ करोड देखि रु ११४०.४ करोड मध्ये विभिन्न क्षेत्रमा हुने खर्चको वाँडफाँट तलको तालीका नं १ मा प्रस्तुत गरिएको छ ।

सरकारी क्षेत्रमा गरिने खर्च

पाँचौ योजनामा पनि विगत योजनाहरुमा जस्तै सम्पूर्ण विकास खर्चको अधिकांश भाग सरकारी क्षेत्रमा हुने छ। योजनामा निर्धारित कूल खर्च रु ९१९.७ करोड देखि रु ११४०.४ करोड मध्ये सरकारी क्षेत्रमा रु ६१७.० करोड देखि रु ७५४.५ करोड हुने व्यवस्था गरिएको छ । सरकारी क्षेत्रमा हुने खर्चमा पंचायत क्षेत्रलाई विकास अनुदानको रुपमा र गैर सरकारी क्षेत्रको कृषि तथा औद्योगिक विकासको लागि चाहिने साधनको लागि ऋणको रुपमा उपलब्ध गराइने रकमहरु समेत समावेश गरिउका छन् ।

पाँचौ योजना अन्तर्गत सरकारी क्षेत्रमा गरिने खर्चको वाँडफाँट सकभर योजनाको अन्तर्निहित उद्देश्यहरुलाई हासिल गर्ने दृष्टिकोणबाट गरिएको छ तापनि चौथो योजनामा निर्धारित कार्यक्रमहरु लक्ष अनुसार सम्पन्न नहुँदा पाँचौ योजनामा पनि कतिपय चौथो योजनाका आयोजनाहरुलाई समावेश गर्नुपर्ने स्थिति भएबाट पाँचौ योजनाको कार्यक्रम र साधन विभाजनमा ठूलो प्रभाव पर्न गएको छ ।

हाल देशमा ९० प्रतिशत भन्दा बढी श्रमशक्ति कृषिमा नै लागेको र दुई तिहाई भन्दा बढी राष्ट्रिय उत्पादन पनि कृषि क्षेत्रबाट नै उपलब्ध हुने हाम्रो जस्तो अर्थ व्यवस्थामा कृषि उत्पादन उल्लेखनीय वृद्धि नहुन्जेल राष्ट्रिय उत्पादनमा ठोस वृद्धि नहुने र जनसाधारणको आम्दानीमा पनि त्यति उल्लेखनीय सुधार नहुने तथ्य निर्विवाद छ । वर्तमान आर्थिक स्थितिमा जन उपभोगको अधिका.श भाग खाद्यान्नको रुपमा हुने, निर्धात व्यापारको अधिकांश भाग पनि कृषि पैदावार नै भएको र औद्योगिक विकासको प्रारम्भिक कालमा स्थापना हुने र भएका उद्योगहरु पनि

[ञ] अधिकतम कार्यक्रम अन्तर्गत परेको सबै आयोजनाहरुलाई सम्बन्धित परिच्छेदहरुमा तारा चिन्हले संकेत गरिएका छन् ।

कृषि क्षेत्रकै कोरा वस्तुहरुमा आधारित हुँदा विकासलाई सहायक हुने र जनमुखी उत्पादन वृद्धिको लागि सर्व पैथम कृषि उत्पादन नै सकभर वढाउनु पर्ने हुन्छ । राष्ट्रिय उत्पादनको वार्षिक वृद्धि दरलाई ५ प्रतिशत सम्म पुऱ्याउन वार्षिक ३.५ प्रतिशतका दरले कृषि क्षेत्रको उत्पादनमा वृद्धि हुनु आवश्यक भएकोले सोही अनुसार कृषि क्षेत्रको उत्पादन बढाउने लक्ष निर्धारित गरिएको छ । यसरी कृषि क्षेत्रको उत्पादन वृद्धि गर्न सरकारी क्षेत्रमा हुने कूल खर्चको २९.८ प्रतिशत देखि ३०.२ प्रतिशत आवश्यक हुन आएको छ । कृषि विकासको लागि सरकारी स्तरबाट हुने थप सेवा र सुविधाको आधारमा गैर सरकारी र पंचायत स्तरबाट पनि थप लगानी हुने अनुमान गरिएको छ ।

कृषि क्षेत्रमा निर्धारित लक्ष हासिल गर्न सिंचाई तथा अन्य उपकरण र सेवा कार्यहरुको व्यवस्थाका साथै मुख्यत: कृषिमा कार्यरत देशका समपूर्ण किसानहरुले आफ्नो श्रमको उचित फल पाउने भूमि व्यवस्था हुनु जरुरी छ । सामानय दैनिक उपभोग तथा निर्माणका वस्तुहरुको लागि पनि पैठारीमा निर्भर रहनु पर्ने हाम्रो जस्तो अर्थ व्यवस्थालाई क्रमश: आत्मनिर्भर गर्नाका साथै गैर कृषि क्षेत्रमा बढ्दो जनशक्तिलाई रोजगार दिलाउन औद्योगिक क्षेत्रलाई विस्तार गर्नु आवश्यक छ । सरकारी क्षेत्रमा हुने खर्च मध्ये २०.० प्रतिशत देखि २२.४ प्रतिशत औद्योगिक विकासमा खर्च गरिनेछ । औद्योगिक विकासलाई चाहिने विद्युत शक्ति जस्तो आधारभुत क्षेत्रको पनि एकसाथ विकास हुनु अत्यावश्यक देखिएकोले पाँचौ योजनामा विद्युत शक्ति उत्पादन गर्नका लागि औद्योगिक क्षेत्रमा हुने खर्चको आधा भन्दा बढी भाग छुट्याई विशेष जोड दिइएको छ ।

प्रादेशिक दृष्टिकोणबाट विकास कार्यलाई फैलाउन सामान्य आवागमनका सुविधाहरु देशभर यथेष्ट मात्रामा थपिनु आवश्यक छ । महेन्द्र राजमार्ग पूरा गर्नाका अतिरिक्त यथाशक्य चाँडो विकास रेखा मार्गहरु र त्यसका सहायक मार्गहरु पनि निर्माण गरिनु आवश्यक छ ।साथै देशको मध्य पहाडी भागबाट विकास केन्द्रहरु जोड्ने सडकहरुको निर्माण हुनु पनि अत्यावश्यक भैसकेको छ । सडक वा अन्य आवागमनका सुविधा नभएका र यस्ता सुविधाहरु पुहयाउन समय लाग्ने स्थानहरुमा यथाशक्य छिटो प्रचलित वाटोहरुमा आवश्यक पुलहरुको व्यवस्था मात्र हुन सके पनि जनतालाई ठूलो सुविधा हुनेछ । उपरोक्त सबै आवश्यकताहरुको सन्दर्भमा विभार गर्दा लामो अवधि सम्म पनि यातायात विकास कार्यमा बढी लगानीको जरुरत पर्ने देखिन्छ । त्यस्तै निर्माण भैसकेका सडकहरुको संभार कार्यमा पनि खर्चको रकम बढ्दै जाने हुन्छ । आगामी योजनाकालमा सकभर राष्ट्रिय तथा प्रदेशिक विकासको दृष्टिकोणबाट स्थानीय साधन र श्रमको सदुपयोगगर्नमा महत्वपूर्ण ठहरिने यातायात तथा संचार सुविधाको विकास कार्यको लागि सरकारी क्षेत्रमा हुने खर्च रकम मध्ये २३.२ प्रतिशत देखि २६.४ प्रतिशत खर्च गरिनेछ ।

साधनको वाँडफाँटको हिसावले प्राथमिकताको क्रममा सामाजिक सेवा कार्यहरुलाई विगत योजनाहरुमा भन्दा बढी महत्व दिइएको छ । खानेपानी, सामानय स्वास्थ्य सेवा, प्राथमिक शिक्षा जस्ता जनसधारणको दैनिक जीवनमा अत्यावश्यक सेवा सुविधाहरु देशका बढी से बढी जनताले पाउन भन्ने उद्देश्यले सामाजिक विकास र विस्तारतर्फ पाचै योजनामा सरकारी क्षेत्रमा हुने खर्च मध्यै २३.४ प्रतिशत देखि २४.६ प्रतिशत खर्च गरिनेछ । त्यस्तो विकास कार्यहरु संचालन गर्न चाहिने प्राविधिक जनशक्तिको खाँचो पनि यथाशक्य छिटो जुटाउनु आवश्यक हुन आएको छ । शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रमा हुने खर्च विकासको अन्य क्षेत्रमा हुने खर्च सरहनै हुँदा आर्थिक विकास र सामाजिक न्याय जस्ता उद्देश्यहरु दुवै साथसाथै पुरा गर्न सामाजिक क्षेत्रको विकास सुसंगठित रुपमा विस्तार हुनु जरुरी छ ।

तालीका नं. २

सरकारी क्षेत्रमा गरिने खर्चको वाँडफाँट

नोट: कोष्ठ भित्रका अंकहरुले सम्वन्धित क्षेत्र अन्तर्गत साधनको वाँडफाँट प्रतिशतमा जनाउँदछन् ।

<u>पंचायत क्षेत्रमा हुने खर्च:</u>

पंचायत र विकास एक अर्काका परिपूरकको रुपमा सुदृढ गरी विकास प्रकृया र पंचायत प्रणाली एक अर्कोसित आवद्ध गर्ने पाँचौ योजनाको नीति अनुरुप पंचायत क्षेत्रको व्यापक विस्तार गर्न योजनाकालमा पंचायत क्षेत्रमा रु ९३.१ करोड देखि रु ११८.७ करोड वरावरको लगानी कार्य हुने अनुमान गरिएको छ ।

यसरी वृहत् रुपमा पंचायत क्षेत्रमा लगानी कार्य सम्पन्न र संभव गराउन श्री ५ को सरकारको तर्फबाट योजना अन्तर्गत गाउ, जिल्ला र नगर स्तरीय आयोजनाहरुको लागि विकास अनुदान पंचायत तालिम र देशका विभिन्न स्थानहरुमा गाउँ र जिल्ला पंचायतलाई सरीक गरी संचालन गर्ने सघन विकास कार्यक्रम समेत गरी रु १३.३० देखि २५.३० करोड खर्च गर्ने व्यवस्था गरिएको छ । वाँकी रकम स्थानीय साधनको परिचालनबाट, मुख्यत: श्रमदानको रुपमा प्राप्त हुने अनुमान गरिएको छ । विभिन्न तहका पंचायतहरुको माध्यमबाट भएका स्थानीय साधनको परिचालन र विकास कार्यमा भएको लगानी वारे हालसम्म ठोस मूल्यांकन हुन सकेको छैन । राष्ट्रिय योजना आयोगबाट भएको केही अध्ययन र विश्लेषणको आधारमा पाँचौ योजनामा स्थानीय साधनबाट हुन सक्ने लगानीको अनुमान गरिएको भए तापनि अनुमान बमोजिम स्थानीय साधनको परिचालन र विकासको कार्य मुख्यत: स्थानीय नेतृत्वको प्रभावकारितामा निर्भर रहने हुन्छ ।

पंचायत क्षेत्रमा हुने लगानीको ३० प्रतिशत कृषि, सिंचाई तथा कृषि विकास सित सम्बन्धित कार्यहरुमा, ५० प्रतिशत बाटोघाटो, पुल कल्भर्ट जस्ता आवागमनका साधनहरु बढाउन र विस्ता गर्ने कार्यमा र बाँकी २० प्रतिशत खानेपानी, स्कूल भवन, पंचायत भवन, जस्ता सामाजिक कार्यहरुमा खर्च हुने अनुमान छ । स्थानीय विकासकार्यहरु सकभर यसै अनुरुप तुल्याउन श्री ५ को सरकाबाट उपलव्ध गराइने विकास अनुदान दिंदा उपरोक्त प्राथमिकतालाई नै आधार मानिने छ ।

गैर सरकारी क्षेत्रमा हुने खर्च:

योजना अन्तर्गत गैर सरकारी क्षेत्रमा हुने लगानी सम्वन्धी व्यवस्था हालसम्म उपलव्ध भएका अध्ययन र विवरणको आधारमा मोटामोटी रुपले मात्र प्रस्तुत गर्न सकिएको छ । गैर सरकारी क्षेत्रको आम्दानी, वचत, लगानी ढाँचा वारे वृहत् अध्ययन नभए सम्म गैर सरकारी क्षेत्रको लगानी र साधन वारे यकिन गर्न कठिन पर्ने हुन्छ ।

पाँचौ योजनामा हुने कूल खर्च मध्ये गैरसरकारी क्षेत्रमा रु २०९।६० करोड देखि रु २६७.२० करोड लगानी हुने अनुमान गरिएको छ र यस मध्ये ५० प्रतिशत कृषि क्षेत्रमा हुने अनुमान छ । गैर सरकारी क्षेत्रबाट योजना अवधिमा कृषि क्षेत्रमा हुने लगानीको रकम अनुमान गर्दा नेपाल राष्ट्र वैंकबाट भएको कृषि कजा सर्भेक्षणलाई पनि आधार लिइउको छ । यसरी कृषि क्षेत्रमा लगानी बढाउन सरकारी स्तरबाट प्रत्यक्ष सघाउ पुऱ्याउन कृषि विकास वैंक मार्फत योजनाकालमा रु १४२.३१ करोडको ऋण विभिन्न कृषि कार्यको लागि उपलव्ध गराउने व्यवस्था गरिएको छ । गैर सरकारी क्षेत्रको अर्को ठूलो लगानी (३० प्रतिशत) यातायात लगायत अन्य निर्माण कार्य मुख्यत: आवासीय घरहरुमा हुने अनुमान गरिएको छ । गैर सरकारी क्षेत्रमा हुने लगानीको २० प्रतिशत, अर्थात रु ४१.९२ करोड देखि रु ५३.४४ करोड, उद्योग क्षेत्रमा हुने अनुमान गरिएको छ ।यसरी औद्योगिक विकासतर्फ गैर सरकारी क्षेत्रमा लगानी बढाउन नेपाल औद्योगिक कविकास निगम तथा अन्य सम्वन्धित सरकारी इकाईहरुबाट आवश्यक ऋण सुविधा पुऱ्याउन चाहिने रकम रु १४.०० करोड नेपाल औद्योगिक विकास निगमलाई उपलव्ध गराइने छ ।

परिच्छेद ९

वित्तीय साधनको व्यवस्था

चौथो योजनाको खर्च सम्वन्धी लक्ष र प्रगति

चौथो योजनामा सरकारी क्षेत्रमा र २५५.०० करोड, पंचायत क्षेत्रमा रु १२.०० करोड र गैर सरकारी क्षेत्रमा रु ८७.०० करोड गरी जम्मा रु ३५४.०० करोड लगानी गर्ने लक्ष्य राखिएको थियो । श्री ५ को सरकारले पंचायत क्षेत्रलाई आयोजनाहरुको कार्यान्वयन गर्दा निर्धारित अनुपातमा अनुदान दिने नीति अनुरुप चौथो योजना अवधिमा श्री ५ को सरकारबाट रु २.०० करोड विकास अनुदान पंचायत क्षेत्रलाई उपलव्ध गराइने लक्ष्य राखिएको थियो । सो रकम समेत जोड्दा श्री ५ को सरकारबाट चौथो योजनाको लागि विकास वजेट अन्तर्गत रु. २५७.०० करोड व्यहोरिने अनुमान थियो ।

चौथो योजना अवधिमा श्री ५ को सरकारको विकास कार्यक्रम अन्तर्गत पहिलो चार वर्षहरुको यथार्थ खर्च र आर्थिक वर्ष २०३१।३२ को संशोधित अनुमान समेत गरी करीव रु ३३४.११ करोड खर्च हुने अनुमान गरिएको छ । सो रकम आधार वर्ष २०९२६।२७ को स्थिर मूल्यमा नभई प्रचलित मूल्यमा खर्च भएको हो ।

गैर सरकारी क्षेत्रमा चौथो योजनामा भएको खर्च सम्बन्धी तथ्यांक उपलव्ध छैन । योजनाको चार वर्षको अवधिमा कृषि विकास वैंकबाट निजी क्षेत्रलाई कूल रु २१.३३ करोड ऋण प्रदान गरिएको छ । यो रकम चालू योजनाको प्रथम तीन वर्षमा भूमिसुधार वचत संस्थानबाट उपलव्ध गराइएको ऋण पनि समावेश भएको छ । नेपाल औद्योगिक विकास कर्पोरशनबाट पनि उक्त चार वर्षको अवधिमा कूल रु ५.६२ करोड ऋण विभिन्न ठूला तथा मझौला उद्योगहरुलाई प्रदान गरिएको छ । यसरी निजी क्षेत्रलाई चार वर्षमा उपलव्ध गराइएको संस्थागत कर्जा रु २६.९५ करोड हुन आउँछ । निजी क्षेत्रले आफ्नै वचतवाट पनि लगानी गर्ने हुँदा निजी क्षेत्रको कुल लगानी संस्थागत कर्जा लिएको रकम भन्दा बढी भएको हुनु पर्दछ ।

पंचायत क्षेत्रमा योजना अवधिमा श्री ५ को सरकारबाट नगद र विकास सामग्री गरी कुल रु ४.४३ करोड उपलव्ध गराइएको अनुमान छ । तर, पंचायत क्षेत्रमा संचालन गरिएका विभिन्न विकास कार्यहरुमा पंचायतको आफ्नै वित्तीय साधनको अतिरिक्त स्थानीय सामग्री र श्रम साधनको समेत उपयोग भएकोले श्री ५ को सरकारबाट उपलव्ध भएको अनुदान रकमभन्दा धेरै बढी लगानी भएको छ ।

चौथो योजनामा सरकारी क्षेत्रमा निर्धारित लक्ष्यहरु पुरा गर्न चाहिने कुल वित्तीय साधन जम्मा रु २५७.०० करोड मध्ये आन्तरिक स्रोतबाट रु १०८.०० करोड र वाह्य स्रोतबाट रु १४९.०० करोड उपलव्ध हुने अनुमान गरिएको थियो । आन्तरिक स्रोतबाट उपलव्ध हुनुपर्ने रु १०८.०० करोड मध्ये राजस्व वचतबाट रु ६३.०० करोड, आन्तरिक ऋणबाट रु १५.०० करोड, घाटा अर्थ व्यवस्थाबाट रु २०.०० करोड र न्यून रु १०.०० करोड हुने अनुमान गरिएको थियो । वाहय स्रोतबाट प्राप्त हुनु पर्ने रु १४९.०० करोड मध्ये विदेशी सहायता रु १२९.०० करोड र विदेशी ऋण रु २०.०० करोड उपलव्ध हुने अनुमान गरिएको थियो ।

चौथो योजना अवधिमा श्री ५ को सरकारको विकास कार्यमा भएको कूल लगानी रु ३३४.११ करोड मध्ये आन्तरिक स्रोतबाट रु १८४.५१ करोड र वाह्य स्रोतबाट रु १४९.६० करोड प्राप्त भएको अनुमान छ । यसरी वाह्य स्रोतबाट योजना अवधिमा प्राप्त भएको खुद रकम अनुमानित रकमसँग मिल्दो भएपनि आन्तरिक स्रोतबाट व्यहोरिने अनुमान गरिएको रकमको तुलनामा आन्तरिक स्रोतबाट बढी उपलव्ध भएको छ ।

आन्तरिक साधन परिचालन गर्नेतर्फ विशेष गरी राजस्व आयमा वृद्धि गर्न श्री ५ को सरकारबाट राजस्व परिचालनमा आवश्यक परिवर्तन तथा सुधार गरिएकोले राजस्व वचतमा अनुमान गरिएको भन्दा निकै वृद्धि भएको छ । चौथो योजना कालमा स्थिर मूल्यको हिसावले वार्षिक ५ प्रतिशतले राजस्व आयमा वृद्धि भएको छ । भन्सार र विक्री करबाट बढी राजस्व प्राप्त भएकोले नै अनुमानको तुलनामा राजस्व आयमा वृद्धि भएको हो ।

आन्तरिक ऋण योजनामा अनुमानित भन्दा बढी नै प्राप्त हुन सक्यो । वैंक व्यवस्थामा वचत र मुद्दति निक्षेपको परिमाणमा ठूलो वृद्धि भएकोले सो संभव भएको हो । चौथो योजनामा सरकारी क्षेत्रमा भएको विकास खर्चको वित्तीय साधनको स्रोतहरुको विभाजन तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. १

चौथो योजनामा विभिन्न श्रातबाट हुने अनुमानित

र उपलब्ध वित्तीय साधनको वाँडफाँड

(रु. करोडं

श्रोत	अनुमानित		प्रतिशत		उपलब्धी[+]		प्रतिशत	
आन्तरिक श्रोत	१०८		४२		१८४।५१		५५।२२	
क. राजस्व वचत		६३		२४५		१३५।१३		४०।४४
ख. आन्तरिक ऋण		१५		५।८		३३		९।८८
ग. घाटा अर्थ व्यवस्था र न्यून		३०		११।७०		१६।३८		४।९
वाह्य श्रोत	१४९		५८		१४९।६		४४।७८	
क. सहायता		१२९		५०।२				३५।४७
ख. ऋण		२०		७८		११८।५१		९।३१
कूल जम्मा	२५७		१००		३३४।११	३१।०९	१००	

पाँचौ योजनाका लागि वित्तीय साधनको व्यवस्था

पाँचौ योजनामा विभिन्न भौतिक लक्ष्यहरुको निर्धारण गर्दा वर्तमान अन्तर्राष्ट्रिय एवं राष्ट्रिय आर्थिक तथा मौद्रिक स्थितिलाई समेत ध्यानमा राखि योजना अवधिमा उपलब्ध हुने आर्थिक साधनको परिमाण अनुसार विभिन्न विकास आयोजनाहरु तथा कार्यक्रमहरु संचालन गर्ने उद्देश्य अनुरुप न्यूनतम र अधिकतम क्षेत्रीय लक्ष्यहरु किटान गरिएको छ। पाँचौ योजनामा निर्धारण गरिएका न्यूनतम र अधिकतम कार्यक्रम कार्यान्वयन गर्न कूल वित्तीय खर्च क्रमश: र ९१९.०० करोड रु रु. ११४०.४० करोड हुनुपर्ने देखिएको छ। पाँचौ योजनामा निर्धारित न्यूनतम कार्यक्रम पूर्ति गर्न चाहिने कूल रु ९१९.७० करोड मध्ये सरकारी क्षेत्रबाट र ६१९ करोड, पंचायत क्षेत्रबाट रु ९३.१० करोड र गैर सरकारी क्षेत्रबाट रु २०९.६० करोड हुनुपर्ने छ। योजनामा उल्लेखित अधिकतम कार्यक्रम हासिल गर्न भने सरकारी, पंचायत तथा गैर सरकारी क्षेत्रहरुबाट हुनु पर्ने खर्च क्रमश: र ७५४.५० करोड, ११८.७० करोड र रु २६७.२० करोड अनुमान गरिएको छ। पंचायत तथा गैर सरकारी क्षेत्रलाई विकास कार्यमा बढी संलग्न गराई ठोस योगदान गराउन प्रोत्साहन र सहुलियतहरु प्रदान गर्ने नीति अनुरुप यस योजना अवधिमा सरकारी क्षेत्रबाट हुने न्यूनतम तथा अधिकतम खर्च मध्ये न्यूनतम रु ३२.३० करोड र अधिकतम रु ४४.३० करोड पंचायत, कृषि विकास वंक र नेपाल औद्योगिक विकास कर्पोरेशनलाई उपलब्ध गर्ने व्यवस्था गरिएको छ। पंचायत क्षेत्रले वाँकी साधन पंचायत क्षेत्रबाट श्रम र स्थानीय स्रोतका रुपमा लगानी गर्ने तथा गैर सरकारी क्षेत्रमा बचत परिचालन, विदेशी ऋण र लगानी गर्नेहरुको आफ्नो निजी स्रोतबाट लगानी हुने अनुमान छ।

सरकारी क्षेत्रमा संचालन हुने सम्पूर्ण विकास कार्यको निमित्त आवश्यक रकमहरु आन्तरिक र वाह्य स्रोतहरुबाट व्यहोरिने व्यवस्था गरिएको छ। आन्तरिक स्रोतहरुमा राजस्व वचत, आन्तरिक ऋण, संचित विदेशी मुद्राको उपयोग र घाटा अर्थ व्यवस्था मुख्य हुन्। देश विकासको लागि वाह्य स्रोतहरुमा मात्र भर पर्नु वाञ्छनीय नभएकोले उक्त निर्भरतालाई क्रमिक रुपले घटाउँदै लैजाने दीर्घकालीन उद्देश्य अनुरुप यस योजनामा विदेशी सहायताको निर्भरता घटाउँदै लैजाने दीर्घकालनि उद्देश्य अनुरुप यस योजनामा विदेशी सहायताको निर्भरता घटाउँदै लाने तर्फ बढी प्रयास गरिएको छ। यस नीति अनुरुप पाँचौ योजनामा सरकारी क्षेत्रमा गरिने विकास खर्चमा वाह्य स्रोतको अनुपात ४५ प्रतिशत राखिएको छ।

विकासको क्रममा वाह्य सहायता माथिको निर्भरतालाई घटाउँदै लैजाँदा आन्तरिक साधनको परिमाणमा वृद्धि गर्दै लानु पर्ने हुन जान्छ। आन्तरिक साधनको अनुपात चौथो योनजामा ४२ प्रतिशत थियो भने यस योजनामा उक्त अनुपात वृद्धि भई ५५ प्रतिशत पुग्ने अनुमान छ। सरकारी क्षेत्रमा न्यूनतम एवं अधिकतम विकास खर्चको निमित्त साधनका स्रोतहरुको सारांश तालीका नं. २ प्रस्तुत गरिएको छ।

आन्तरिक स्रोत:

पाँचौ योजनामा समावेश गरिएको कार्यक्रमको खर्च व्यहोर्नको निमित्त श्री ५ को सरकारले समुचित राजस्व परिचालन, चुहावट रोक्ने, राजस्व प्रशासनलाई सुदृढ र बढी सक्षम बनाउने जस्ता कदमहरुको साथै सरकारी

[+] चौथो योजनाको प्रथम चार वर्षको यथार्थ र पाचैं वर्षको संशोधित अनुमान।

व्यवसायिक कारोवार लाई व्यवसायिक सिद्धान्तबाटै चल्ने गराउन आवश्यक व्यवस्थाहरु गर्नेछ । साथै खर्चतर्फ बढी मितव्ययिताको नीति अपनाई विकासको निम्ति सकेसम्म बढी आन्तरिक साधन उपलब्ध हुने गराउन विभिन्न कदमहरु चाल्नु पर्नेछ । यस योजना कालमा श्री ५ को सरकारको साधारण प्रशासकीय खर्चमा स्थिर मूल्यमा वार्षिक ८.०० प्रतिशत भन्दा बढी बढ्न नदिई राजस्वबाट प्राप्त हुन आएको कूल रकमबाट विकास कार्यको लागि बढी से बढी रकम उपलब्ध गराउनु पर्ने भएको छ । यसको अतिरिक्त आन्तरिक साधन परिचालनमा आन्तरिक ऋण, संचित विदेशी मुद्राको उपयोग र यसबाट पनि नपुग हुन आउने केही न्यून रकम घाटा अर्थ व्यवस्थाबाट पूर्ति गरिने लक्ष्य राखिएको छ ।

(क) राजस्व वचत:

श्री ५ को सरकारको आवश्यक न्यूनतम प्रशासकीय खर्च कटाई विकास खर्चको ठूलो भाग राजस्वबाट उपलब्ध गराउने उद्देशय अनुरुप पाँचौ योजना कालमा प्रतिवर्ष राजस्व आय स्थिर मूल्यमा वृद्धि भै कूल राजस्व वचत न्यूनतम रु २०७.२८ करोड र अधिकतम रु २४३.२५ करोड उपलब्ध हुने अनुमान गरिएको छ। चौथो योजना अवधिमा स्थिर मूल्यमा औसत ८/९ प्रतिशतले राजस्व आय वृद्धि भइ रहेको हुँदा यही क्रमलाई मात्र कायम गर्न सके पनि पाँचौ योजनाकालमा राजस्वबाट प्राप्त हुनु पर्ने रकमको ठूलो भाग प्राप्त हुन सक्छ । तर, चौथो योजना अवधिमा राजस्व आयमा भएको वृद्धि दर पाँचौ योजना अवधिमा पनि कायम गर्न विशेष प्रयास गर्नु पर्नेछ । विशेष गरी विगत वर्षहरुमा राजस्व सम्वन्धी विभिन्न स्रोतहरुबाट उपलब्ध हुन थालेको कर परिमाणहरु (tax base) नै ठूलो भै सकेकोले पाँचौ योजना अवधिमा पनि सोही दरले राजस्व आयमा वृद्धि गर्न बढी प्रयाश हुनु जरुरी हुन आउँछ । पांचाई योजनामा समावेश गरिएका विभिन्न भौतिक लक्ष्यहरु पूर्ति गर्न हालको अनुपातमा धेरै बढी निर्माण सामग्री तथा औजारहरु आयात गर्नु पर्ने र यी सामग्रीहरुको भन्सार दर अन्य उपभोग्य सामानहरुको तुलनामा कम नै हुने भएकोले आउँदो वर्षहरुमा भन्सार आयमा उल्लेखनीय वृद्धि गर्न सक्ने सम्भावना कम छ । यी विभिन्न कठिनाईहरुको अतिरिक्त पाँचौ योजना अवधिमा उपलब्ध हुनु पर्ने निर्माण सामाग्री तथा औजारहरु आयात गर्न हाल संचित विदेशी मुद्राको समेत प्रयोग गर्ने श्रीइ ५ को सरकारको नीति रहेकोले विदेशी मुद्राको संचयबाट हाल भई रहेको आम्दानीमा समेत ह्रास हुने भएकोले पाँचौ योजनामा अन्य उपायहरुबाट राजस्व आयमा वृद्धि गर्न भगिरथ प्रयास हुनु आवश्यक छ । तसर्थ पाँचौ योजना कालमा विकास कार्यक्रमहरुको लागि आवश्यक राजस्व वचत सम्वन्धी लक्ष्यहरु पूर्ति गर्न श्री ५ को सरकारले मितव्ययिताको सिद्धान्त अनुरुप साधारण खर्चको वृद्धिमा नियन्त्रण गर्नु र राजस्वको चुहावट रोक्न कर प्रशासनलाई अझ बढी सुदृढ गर्नु जरुरी छ । त्यस्तै सरकारी क्षेत्रमा संचालन भई रहेको औद्योगिक, व्यवसायिक तथा वित्तीय संस्थाहरुलाई बढी सक्षम ढंगबाट संचालन गरी विकास कार्यमा बढी वित्तीय योगदान पुऱ्याउन सक्ने गराउने तर्फ पनि प्रयास हुनु आवश्यक छ ।

हाम्रो जस्तो कृषि प्रधान मुलुकमा कृषिवाट राजस्वमा ज्यादै कम मात्रामा योगदान भएको र सो पनि विगत केही वर्ष देखि बढ्नु सट्टा स्थिर मूल्यमा प्रति वर्ष घट्दै गएको हुँदा करभारको वितरणमा विषमता बढ्न गएको छ । कूल राष्ट्रिय आयमा सबेभन्दा बढी कृषि उत्पादनबाट नै प्राप्त हुने भए पनि राजस्व आम्दानीमा कृषि क्षेत्रबाट प्राप्त हुने रकम धेरै नै कम छ । आर्थिक वर्ष २०२७।२८ सालमा कृषि क्षेत्रमा उत्पन्न भएको कूल उत्पादन मूल्यको १.२ प्रतिशत मात्र राजस्व प्राप्त भएको थियो । आर्थिक वर्ष २०२७।२८ को तुलनामा आर्थिक वर्ष २०२९।३० सालमा कूल कृषि उत्पादन रु ६०४ करोडबाट रु ७७० करोड पुग्दा पनि कृषि क्षेत्रबाट प्राप्त हुने राजस्व आयमा खास वृद्धि नभएकोले सो प्रतिशत घटेर ०.९९ प्रतिशत मात्र हुन आएको छ । साथै, आर्थिक वर्ष २०२९।३० सालको कूल राष्ट्रिय उत्पादन रु ११२६ करोडको ५.४ प्रतिशत कुल राजस्वको रुपमा प्राप्त भएकोमा कृषि क्षेत्रबाट ०.६६ प्रतिशत मात्र उपलब्ध भएकोले पनि राजस्वको अधिकतम भाग गैर कृषि क्षेत्रले नै व्यहोरिरहेको देखिन्छ । यसरी कृषि क्षेत्रले कर भार अत्यन्त कम बोकेकोले र यस क्षेत्रमा प्रति वर्ष आयको वृद्धि हुँदै गएकोले सो बढ्दो आयको तुलनामा कर भार झन झन घट्दै जानु राजस्व परिचालनको दृष्टिबाट उचित होइन । कृषिको विकासमा श्री ५ को सरकार र सम्वन्धित संस्थाहरु र वित्तीय संस्थाहरुले प्रदान गरेको सुविधाहरुले गर्दा उत्पादनमा भएको वृद्धि, वाह्य कारणहरुले गर्दा मूल्यमा भएको तीव्र वृद्धि, शुरुदेखि नै गैर कृषि क्षेत्रको तुलनामा कृषि क्षेत्रमा कर भार अत्यन्त कम भएको इत्यादि कुराको परिप्रेक्षमा कुल राष्ट्रिय आयको दुई तिहाई आय हुने कृषि क्षेत्रबाट न्यायोचित रुपमा राजस्व संकलन गरिनु आवश्यक छ । यसको अतिरिक्त राजस्वका अन्य नयाँ स्रोतहरुबाट समेत राजस्व बढाउने प्रयासको साथै हाल भै रहेको भन्सार, आयकर, विक्रीकर, शहरी घर जग्गा कर जस्ता स्रोतहरुमा संकलन व्यवस्था र प्रशासनतर्फ बढी सुधारहरु गरिएमा चुहावट कम हुने भइ थप राजस्व उपलब्ध हुने गुञ्जायस छ । उक्त कदमहरुबाट भन्सार, विक्रीकर तथा आय कर इत्यादि आय स्रोतहरुबाट निश्चय नै राजस्व वृद्धि हुने देखिन्छ । साथै संस्थागत वैदेशिक व्यापारको व्यवस्थावाट पनि आयकर तथा भनसार जस्ता राजस्वका विभिन्न स्रोतहरबाट पाँचौ योजना अवधिमा थप राजस्व उपलब्ध हुने देखिन्छ योजना कालमा प्रस्तावित बढ्दो लगानीवाट हुने आर्थिक विकासको कारणबाट पनि राजस्वमा अनुकूल प्रभाव पर्ने तथ्यलाई समेत विचार गर्दा उक्त अनुमानित राजस्वका रकमहरु उठाउन सम्भव देखिन्छ ।

सरकारको वढ्दै गएको विकास कृयाकलापको फलस्वरुप सरकारी राजस्व र खर्च सम्वन्धी परिमाण, स्रोत र अन्य गतिविधिले राष्ट्रिय अर्थतन्त्रका विभिन्न क्षेत्रमा निमै असर पार्न थालेको छ । त्यसैले श्री ५ को सरकारको जनता

प्रतिको गहन जिम्मेवारीलाई दृष्टिगत गर्दा राजस्व परिचालनलाई वित्तीय साधन जुटाउने दृष्टिकोणले मात्र विचार नगरी संविधानमा उल्लेख भएका जनमुखी लक्ष्यहरुको क्रमिक रुपले परिपूर्ति हुँदै जाने उद्देश्य समेत विचारगर्नु आवश्यक छ । यस सन्दर्भमा पाँचौ योजनाको मूलभूत सिद्धान्ततर्फ राजस्व परिचालनले पनि मुख्य भूमिका खेल्नु परेको छ । नेपालको कूल राजस्वमा अप्रत्यक्ष करबाट उपलब्ध हुने राजस्व रकम धेरै बढी छ । अप्रत्यक्ष करबाट नै बढी राजस्व उठाउने प्रयास भएमा वर्तमान मूय वृद्धिको सन्दर्भमा मूल्यमा अझ वृद्धि हुन जाने भई सामाजिक न्यायको दृष्टिकोणबाट पनि उचित हुने छैन । पाँचौ योजनामा वहुसंख्यक जनताको क्रयशक्ति बढाई तिनको उपभोक स्तर बढाउने लक्ष्य राखिएकोले थप हुने करको भार प्रत्यक्ष करबाटै उठाउने व्यवस्था हुनु आवश्यक छ । प्रादेशिक आय स्तरमा भइरहेको असन्तुलनलाई क्रमशः घटाउँदै लैजाने दृष्टिबाट तुलनात्मक रुपले बढी विकसित क्षेत्रमा कर भार बढाई पिछडिएका क्षेत्रमा बढी खर्च गर्ने प्रकृयाबाट वर्तमान असन्तुलन क्रमशः घटाउँदै लैजाने विधि अवलम्वन गरिनेछ । पाँचौ योजनामा आन्तरिक साधनको परिचालन गर्दा कर संरचना सम्वन्धी उपर्युक्त नीतिहरुको पालन गरिनेछ ।

(ख) आन्तरिक ऋण:

चौथो योजनाको अन्तिम वर्षमा करिव रु २०.०० करोड आन्तरिक ऋण उठाई विकास खर्चको घाटा पूर्ति गर्ने अनुमान गरिएको हो । आन्तरिक ऋणको परिमाण ऋण उठाउन सकिने परिस्थितिले भन्दा सरकारले भविष्यमा कतिसम्म ऋणको भार वहन गर्न सक्छ भन्ने कुराले पनि निर्धारण गर्ने भएकोले पाँचौ योजना कालमा न्यूनतम रु ५३.४४ करोड र अधिकतम रु. ६७.०० करोड आन्तरिक ऋणको रुपमा उठाउने लक्ष्य राखिएको छ । उक्त रकम उठाउनको लागि वैंक व्यवस्थाको विस्तृतीकरण, आकर्षक ऋण पत्रको निश्कासन र लघु बचत योजना जस्ता कतिपय अन्य उपायहरु अपनाई साधारण जन स्तरमा छरिएका साना वचतहरुलाई एकीतृत गरी साधन परिचालन गर्नु आवश्यक देखिन्छ ।

(ग) संचित विदेशी मुद्राको उपयोग

सरकारी क्षेत्रमा हुने लगानीको ५५ प्रतिशत आनतरिक स्रोतबाट व्यहोर्ने सिद्धान्त अनुरुप राजस्व वचत र आन्तरिक ऋणबाट व्यहोर्ने रकम वाहेक वाँकी हुन आउने रकम मध्ये ठूलो भाग संचित विदेशी मुद्राको उपयोगबाट गरिनेछ । विभिन्न कारणवस गत केही वर्षहरुमा परिवर्त्य विदेशी मुद्राको आयभन्दा खर्च कम हुन गई कुल विदेशी मुद्राको संचयतमा नियमित रुपमा वृद्धि भई रहेको छ । यसरी विदेशी मुद्राको संचयमा भएको वृद्धि मुद्रा-प्रदाय वृद्धिको प्रमुख कारण भएकोले यसबाट पर्ने प्रतिकूल प्रभावहरुलाई नियन्त्रण गर्नु आवश्यक हुनुको अतिरिक्त विदेशी मुद्राको संचय भई नै रहेमा अन्तर्राष्ट्रिय स्तरमा भइरहेको मूल्य वृद्धिले संचित विदेशी मुद्राको क्रयशक्तिको क्रमिक रुपमा ह्रास हुँदै जाने समेत भएकोले पाँचौ योजना अवधिमा संचित विदेशी मुद्राको केही अंश विकास कार्यको लागि उपयोग गरिनेछ । यसरी संचित विदेशी मुद्राको उपयोगद्वारा विकासका भौतिक साधन र केही उपभोग्य सामानहरु आपूर्ति हुने भएकोले यस प्रकारको वित्त परिचालनले आन्तरिक मूल्य स्थितिमा र अर्थ व्यवस्थामा प्रतिकूल असर पर्ने सम्भावना कम हुन्छ । यसरी सरकारी क्षेत्रको खर्च व्यहोर्न पाँचौ योजना कालमा संचित विदेशी मुद्रा न्यूनतम रु ६०.०० करोड र अधिकतम रु ७५.०० करोड उपयोग गरिनेछ ।

(घ) न्यून:

पाँचौ योजना अन्तर्गत सरकारी क्षेत्रमा हुने खर्चको लागि संचित विदेशी मुद्राको उपयोगद्वारा समेत नपुग हुन आउने रकमलाई घाटाको व्यवस्थावाट पूर्ति गर्ने लक्ष्य राखिएको छ। योजनामा समावेश गरिएका विभिन्न लक्ष्इहरु पूर्ति गर्न न्यूनतम रु १८.६३ करोड र अधिकतम रु २९.७५ करोड घाटा अर्थ व्यवस्थावाट व्यहोरिने छ । उक्त रकम सरकारी क्षेत्रमा हुने न्यूनतम र अधिकतम खर्चको क्रमशः ३.०२ र ३.९५ प्रतिशत मात्र हुन आउँदछ । पाँचौ योजनामा निर्धारण गरिएको राष्ट्रिय आय सम्वन्धी लक्ष्य र क्रमिक रुपमा मौद्रिकीकरणमा हुने वृद्धि समेतलाई दृष्टिगत गर्दा उल्लेखित घाटा अर्थ व्यवस्थाबाट मुद्रा प्रसाद निरापद सीमा भित्रैमात्र वृद्धि हुने छ । वैंक व्यवस्थाको वैदेशिक सम्पतिको सदुपयोग र वचत तथा मुद्दति निक्षेपमा हुने वृद्धिले मुद्रा प्रसारलाई सीमित गराउने व्यवस्था गरिएको छ ।

वाह्य सहायता

वाह्य सहायता माथिको निर्भरतालाई क्रमिक रुपले घटाउँदै लैजाने दीर्घकालनि उद्देश्य अनुरुप यस योजना अवधिमा सहायताको अनुपात घटाउने प्रयास गरिएको छ । तर, देशको वर्तमान आर्थिक तथा प्राविधिक स्तर र विकास खर्चको बढी आवश्यकताले गर्दा विदेशी सहायताको स्थान अझै केही कालसम्म महत्वपूर्ण रहने छ । वाह्य र आनतरिक वस्तुस्थितिलाई विचार गरी यस योजना कालमा न्यूनतम रु २७७.६५ र अधिकतम रु ३३९.५० करोड वाह्य सहायता (अनुदान र ऋण) उपलब्ध हुने अनुमान गरिएको छ ।

विगत केही वर्ष यतादेखि अन्तर्राष्ट्रिय स्तरमा वाह्य सहायताको रुपमा आएको परिवर्तन अर्थात अनुदान भन्दा ऋण नै बढी उपलब्ध गराउने नीति देखिएकोले यस योजनाकालमा उपलब्ध हुन सक्ने सहायताको रकम न्यूनतमको हिसावले रु २७७.६५ करोड मध्ये रु १५०.४१ करोड अनुदान र रु १२७.२४ करोड ऋण र अधिकतममा रु १६८.५० करोड अनुदान र रु १७१.०० करोड ऋण प्राप्त हुने अनुमान गरिएको छ । यसरी पाँचौ

योजना अवधिमा ऋणको रुपमा उपलव्ध हुने सहायताको परिमाण चौथो योजनाको तुलनामा निकै वृद्धि हुने देखिन्छ । विगत केही वर्षदेखि विभिन्न अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुबाट बढी सहायता प्राप्त हुँदै आएको र यी संस्थाहरुबाट उपलव्ध हुने सहायता प्रायः ऋणको रुपमा नै हुने भएकोले पाँचौ योजनामा वाहेय सहायतामा ऋणको परिमाणमा निकै वृद्धि हुने छ । हाल विभिन्न अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरु र केही मित्र राष्ट्रहरुसँग सम्पन्न भई सकेको ऋण सम्झौता र अन्य कतिपय विकास आयोजनाहरुको कार्यान्वयनको निमित्त ऋण प्राप्त हुने निश्चित प्रायः भइ सकेकोले पाँचौ योजनामा अनुमान गरिएको ऋण रकम उपलव्ध हुने सम्भावना पर्याप्त देखिन्छ ।

उपर्युक्त रकमहरु चौथो योजनामा विदेशी सहायता अन्तर्गत संचालन भई पाँचौ योजनामा समेत पर्न आएका पाँचौ योजना अवधिमा शुर गर्न सम्झौता भई सकेका र सम्झौता हुन वाँकी तर सम्झौता हुने अवस्थामा पुगिसकेका केही प्रमुख आयोजनाहरु समेतको विचार गरी प्राप्त हुने अनुमान गरिएको हो ।

तालिका नं. २

सरकारी क्षेत्रको विकास खर्च र श्रोतहरु

(रु. करोड)

श्रोत	न्यूतम		प्रतिशत		अधिकतम		प्रतिशत	
आन्तरिक श्रोत	३३९।३५		५५		४१५		५५	
क. राजस्व वचत		२०७।२८		३३।५९		२४३।२५		३२।२४
ख. आन्तरिक ऋण		५३।४४		८।६६		६७		८।८८
ग. संविच विदेशी मुद्राको उपयोग		६०		९।७३		७५		९।९४
घ. न्यू वित्त परिचलन		१८।६३		३।०२		२९।७५		३।९४
वाह्य श्रोत	२७७।६५		४५		३३९।५		४५	
क. सहायता		१५०।४१		२४।३८		१६८।५		२२।३३
ख. ऋण		१२७।२४		२०।६२		१७१		२२।६७
कूल जम्मा	६१७		१००		७५४।५		१००	

परिच्छेद १०

प्राविधिक जनशक्तिको व्यवस्था

पृष्ठभूमि:

योजनामा उल्लिखित कार्यक्रमहरु सम्पादन गर्न भौतिक साधनको अतिरिक्त प्राविधिक जनशक्तिको पनि महत्वपूर्ण भूमिका हुन्छ ।वास्तवमा योजनाको लक्ष्य हासिल गर्न आर्थिक लगानीमा वृद्धि गरे जस्तै सम्बन्धित विषयका प्राविधिकहरुको संख्यात्मक परिभाण एवं गुणात्मक स्तरमा पनि वृद्धि गर्दै लैजानु अत्यन्त आवश्यक हुन्छ । विकास आयोजनाको सफल कार्यान्वयन प्राविधिक जनशक्तिको परिपूर्तिबाट मात्र सम्भव हुन्छ भन्ने अतयाधिक महत्वको कुरालाई पहिलेको योजनाहरुमा पनि उल्लेख गरिएको थियो । तर, यस सम्बन्धी खास नीतिहरु अपनाई कार्यान्वयन गर्ने काम राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि मात्र प्रारभ भएको छ । नयाँ शिक्षा योजना लागू भएपछि सम्पूर्ण प्राविधिक एवं व्यावसायिक अध्ययन संस्थानहरुलाई विश्वविद्यालय अन्तर्गत चल्ने व्यवस्था गरिएको छ र साथै देशको आवश्यकतानुसार जनशक्ति जुटाउन यस्ता संसथनहरुको छात्रप्रवेश संख्याको क्षमतामा पनि निक्कै वृद्धि गरिएको छ । यसरी २०२४।२५ सालमा १,८३४ जना मात्र छात्रछात्राहरु अटाउने प्राविधिक अध्ययन संस्थानको क्षमतालाई बढाएर २०३१।३२ सम्ममा २५४१ जना अटाउन सक्ने गराइएका छन् । यसको अतिरिक्त सीप भएको जनशक्तिको व्यवस्था गर्न देशको विभिन्न भागमा अध्ययन संस्थामानका शाखाहरु खोल्दै लैजाने पनि विशेष जोड दिइएको छ । यसबाट जनशक्ति योजनालाई व्यावहारिक र उपयोगी बनाउन बलियो आधार मिलेको छ ।

जनशक्तिको वर्तमान स्थिति:

चौथो योजनामा उल्लिखित आयोजनाहरु सम्पादन गर्न जम्मा ११,३१५ जना उच्च मध्यम तथा आधारभूत स्तरीय पाविधिक जनशक्ति लाग्ने अनुमान गरिएकोमा ८६३८ जना मात्र पूर्ति भई २६७७ जनाको कमी भएको देखिन्छ । यसरी कमी भएको जनशक्तिमा मुख्यतयाल सिभिल इन्जिनियर, ओभरसियर,कृषि स्नातक, जे.टी. तथा जे.टी.ए. र डाक्टर, नर्स, अ.न.मि तथा अ.हे.व.हरु नै छन् । जनस्तर र खासगरी गाउँस्तरमा भिजेर काम गर्ने यस्ता प्राविधिक जनशक्तिको अभावबाट यस योजनाका कतिपय आयोजनाहरु जस्तै खानेपानी, सिंचाई, सडक, स्वास्थ्य र कृषि सम्बन्धी आयोजनाहरु समयमा पूरा हुन नसकेको देखिन्छ । यसको अलावा प्राविधिक जनशक्तिको उच्च, मध्यम तथा आधारभूत स्तरका बीच हुनु पर्ने वाँडफाँट प्रणाली पनि जस्तो हुनु पर्ने हो त्यस भन्दा उल्टो किसिमको छ । उदाहरणको निमित्त चौथो योजनाको अन्तसम्ममा जगेर्ना हुन आएको सन्चित जनशक्तिको विशलेषण गर्दा कृषि क्षेत्रमा प्रत्येक १ जना कृषि स्नातकले ४३१८ हेक्टर जमिनमा सेवा पुऱ्याउनु पर्छ भन्ने उसलाई कार्य सम्पादनका लागि सहायकको रुपमा १.३५ जना जे.टी. र १.८५ जना जे.टी.ए. हरुमात्र उपलब्ध छन् । त्यस्तै गरी स्वास्थ्यको क्षेत्रमा १ जना डाक्टरले ३१५०० जना जनसंख्यालाई स्वास्थ्य सुविधाहरु पुऱ्याउनु पर्छ भने सहायकको रुपमा क्रमश: ०.५४ जना नर्सहरु ०.३३ जना हेल्थ असिष्टेण्टहरु तथा १.१० जना अ.न.मि. र १.४२ जना मात्र अ.ह.व हरु उपलब्ध छन् । इन्जिनियरिङ्गतर्फ प्रति एक लाख जनसंख्यामा ६ जना र प्रति हजार वर्ष किलोमिटरमा ५.४ इन्जिनियर पर्न आउँछ भने १ जना इन्जिनियरको निमित्त सहायक १.०२ जना मात्र ओभरसियरहरु पर्न आउँछन् । यसरी उच्चस्तरका भन्दा तल्लो स्तरका प्राविधिकहरु आवश्यकताको तुलनामा निक्कै कम भएकोले हाम्रो विकास आयोजनामा कतिपय क्षेत्रमा कार्यान्वयन लक्ष्य भन्दा पछाडि परिरहेछन् । उपलब्ध प्राविधिक जनक्तिको ठूलो भाग देशका केही सुविधा सम्पन्न क्षेत्रमा केन्द्रित भएकाले पनि विकासमा झन ठूलो कठिनाई परिरहेछ ।

माँगको तुनलामा प्राविधिक जनशक्तिको आपूर्ति कम हुनाको प्रमुख कारणहरुमा प्रथमत: तालिम समाप्त गरी श्रम बजारमा आउनेहरुको संख्यानै कम हुनु र दोस्रो रोजगारीमा आएकाहरुलाई यथाचित प्रोत्साहन दिने व्यवस्था हुन नसक्नाले भएको हो । निम्न तालीकामा चौथो योजनावधिमा भएको प्राविधिक जनशक्ति:को माग र आपूर्ति सम्बन्धी वास्तविक स्थितिको झलक प्रस्तुत गरिएको छ ।

तालीका नं. १

चौथो योजनावधिमा जनशक्ति सम्वन्धी

माग र आपूर्तिको स्थिति

		चौथो योजनाको मूल माग	चौथो योजनाको कूल आपूर्ति	(+) बचत (—) अभाव	
१	उच्चस्तरीय प्राविधिक	२३७८	१९६४	(—)	४१४
	वैज्ञानिक	१३५	११३	(—)	२२
	इन्जिनियर	९१२	७८५	(—)	१२७
	सर्भेयर	३८	३४	(—)	४
	कृषि विशेषज्ञ	६२४	५२८	(—)	९६
	वन विशेषज्ञ	११७	९४	(—)	२३
	स्वास्थ्य विशेषज्ञ	५५२	४१०	(—)	१४२
१.२	मध्यमस्तरीय प्राविधिक	३४३७	२६४७	(—)	७९०
	सहायक वैज्ञानिक	५९	४१	(—)	१८
	ओभरसियर र अनय	१६९१	१४४१	(—)	२५०
	सहायक सर्भेयर	७३	५५	(—)	१८
	जे.टी.	७८६	५४२	(—)	२४४
	रेञ्जर	२०२	२०२	(—)	०
	स्वास्थ्य सहायक	६२६	२६६	(—)	२६०
१.३	आधारभूत स्तरीय	५५००	४०२७	(—)	१४७३
	निम्न सहायक वैज्ञानिक	१५	१४	(—)	१
	सव्ओभरसियर र अन्य	७५९	७०१	(—)	५८
	अमिन र सो सरहका	७६०	७६०	(—)	०
	जे.टी.ए.	९९०	९८२	(—)	८
	फरेष्टर	५५५	४०१	(—)	१५४
	निम्न स्वास्थ्य सहायक	२४२१	११६९	(—)	१२५२
	जम्मा	११३१५	७६३८	(—)	२६७७

जनशक्ति योजनाको उद्देश्य:

राष्ट्रिय योजनाको सफल कार्यान्वयनको निमित्त चाहिने प्राविधिक जनशक्ति जुटाउन र देशको सम्पूर्ण जनशक्तिलाई उत्पादनशील र रोजगारीमूलक बनाउन जनशक्ति योजनाको तजुमा निम्न उद्देश्यहरुमा आधारित गरिएको छ :

(क) देशमा विद्यमान सम्पूर्ण पेशेवार, प्राविधिक, दक्ष र अर्धदक्ष जनशक्तिको स्थिति सम्वन्धी अध्ययन गर्नुको साथ राष्ट्रिय योजनामा उल्लिखित सामाजिक एवं आर्थिक विकास कार्यहरु सम्पादन गर्न आवश्यक पर्न प्राविधिक र अप्राविधिक जनशक्तिका संख्यात्मक अनुमान गर्ने ।

(ख) विभिन्न वाह्य शैक्षिक कार्यक्रम अन्तर्गत र देशमा संचालित प्राविधिक अधययन सस्थानहरुबाट उत्पादन हुन सक्ने जनशक्तिको आपूर्ति सम्वन्धी अनुमान गर्ने ।

(ग) विकासका विभिन्न क्षेत्रमा विभिन्न स्तरका जनशक्ति सम्वन्धी सम्भावित अभावहरु पत्ता लगाउने र सो हटाउन विशेष प्रयासहरु गर्ने ।

नीतिहरु:

(क) जनशक्ति अनुमानको आधारमा विभिन्न शैक्षिक कार्यक्रम अन्तर्गत प्राविधिक अध्ययन संस्थानहरुमा प्रवेश गराउनु पर्ने छात्र-प्रवेश सख्या, प्रशिक्षक तथा भौतिक र वित्तीय साधन सम्वन्धी अनुमान गर्ने ।

(ख) अनुमान गरे अनुसारको छात्र-प्रवेश संख्यालाई लिन हालको प्राविधिक अध्ययन संस्थानहरुको क्षमतामा वृद्धि गर्नुको साथ साथ देशको अन्य क्षेत्रमा पनि प्राविधिक जनशक्तिको उत्पादन गर्न क्याम्पसहरुको विस्तार, थप क्याम्पसहरुको स्थापना, मौजुदा क्याम्पसहरुको उच्चस्तर पाठ्यक्रम संचालन र प्राविधिक जनशक्तिको बढी अभाव भएका क्षेत्रका छात्रहरुलाई बढी संख्यामा प्रवेश गराउने ।

(ग) नेपाल अधिराज्यभित्र पढाई नहुने तर जनशक्ति अभावको परिमाणात्मक र स्तरीय दृष्टिबाट महत्वपूर्ण क्षेत्रमा विभिन्न वैदेशिक छात्रवृत्तिहरु अन्तर्गत तालिम र अध्ययनमा पठाउने ।

(घ) दक्ष र अर्धदक्ष जनशक्तिकोअभाव हटाउन आयोजनास्थलमै अल्पकालिन तालिमहरु संचालन गर्ने व्यवस्था गर्नुको साथै परियोजनाहरुमा काम गरेर दक्षता हासिल गरेकाहरु र पेशेवारहरु सहित सम्पूर्ण मानवीय साधनको सम्वर्द्धन साथै विकास र परिचालन गर्न उपयुक्त किसिमका अनौपचारिक तालिमहरुको आयोजना गर्ने ।

(ङ) प्राविधिकहरुको वृत्ति विकास, स्तर विकास, आवश्यक सुविधाहरु प्रदान गर्ने, कार्यमा अभिरुचि जगाउने र कार्य सम्पादनको उचित मूल्यांकन गर्ने, पढाई सिध्याएकालाई छिटै सेवामा लिने र यस्तै अन्य आकर्षक व्यवस्थाहरु गर्ने ।

(च) प्राविधिक सहायता कार्यक्रम अन्तर्गत प्राप्त हुने विदेशी सल्लाहकारहरु र स्वयं सेवकहरुको छनौट र कार्य नियोजन उपयुक्त जनशक्तिको खाँचोको दृष्टिबाट मात्र गर्ने ।

पाँचौ योजनामा जनशक्ति:

पाँचौ योजनाको आर्थिक लगानी चौथो योजनाको तुलनामा निकै नै बढी छ र यस अनुरुप सम्वन्धित क्षेत्रका अत्यावश्यक जनशक्ति:को माग पनि अपेक्षाकृत तवरले बढ्ने अनुमान गरिएको छ । यस योजनावधिमा सम्पादन गरिनु पर्ने विकास कार्यक्रमहरुमा संचालन गर्न आयोजना अनुसार दरवन्दीको ढांचामा तयार गरिएको अनुमानको आधारमा ४४५४ जना उच्चस्तरका, ८१८४ जना मध्यमस्तरका र ११४६३ जना आधारभूत स्तरका गरी कुल २४१०१ जना प्राविधिक जनशक्ति लाग्ने अनुमान गरिएको छ । वैदेशिक सहायता अन्तर्गत सम्पादन गरिने आयोजनामा उक्त श्रोतबाट व्यवस्था हुने प्राविधिक जनशक्ति यस्मा समाविष्ट छैन । चौथो योजनामा पूर्ति हुन नसकेको समेत गरी पाँचौ योजनामा २४९० जना उच्चस्तरीय ५५६१ जना मध्यमस्तरका र ७३८१ जना आधारभूतस्तरका गरी जम्मा १५४३२ जना मात्र थप जनशक्ति लाग्ने देखिन्छ । यसरी चौथो योजनामा जस्तै वर्तमान योजनामा पनि माथिल्लो तहको जनशक्ति भन्दा मध्यम तहको र मध्यम तहको भन्दा आधारभूत तहका जनशक्तिको आवश्यकता नै बढी हुने अनुमान छ ।

तालीका नं. २

पाँचौ योजनावधिमा चाहिने

जनशक्ति

	जनशक्तिको वर्गीकरण	आ.व. २०३१।३२ सम्मको संचिति	थप चाहिने जनशक्ति	कूल चाहिने जनशक्ति
१	उच्चस्तरीय प्राविधिक	१९६४	२४९०	४४५४
	वैज्ञानिकहरु	११३	२३३	३४६
	इन्जिनियरहरु	७८५	११९०	१९७५
	सर्भेयरहरु	३४	२५	५९
	वन विशेषज्ञहरु	९४	१२८	२२२
	कृषि विशेषज्ञहरु	५२८	५३५	१०६३
	स्वास्थ्य विशेषज्ञ	४१०	३७९	७८९
१.२	मध्यमस्तरीय प्राविधिक	२६२३	५५६१	८१८४
	सहायक वैज्ञानिकहरु	४१	१९३	२३४
	ओभरसियर र प्राविधिकहरु	१४४१	२७३०	४११०
	रेञ्जरहरु	१७८	२०२	३८०
	जे.टी.हरु	५४२	७५०	१२९२
	सहायक सर्भेयरहरु र सो सरहका	५५	३१७	३७२
	सहायक स्वास्थ्य कार्यकर्ताहरु	३६६	१३६९	१७३५
१.३	आधारभूत स्तरीय प्राविधिकहरु	४०८२	७३८१	११४६३
	निम्न सहायक वैज्ञानिकहरु	१४	३४०	३५४
	सव्ओभरसियर र अन्य	७०१	१२५७	१९५८
	अमिन र सो सरहकाहरु	७६०	४६२	१२२२
	जे.टी.ए. हरु	९८२	७९३	१७७५
	फरेष्टरहरु	४८९	६४४	११३३
	निम्न स्वास्थ्य सहायक	११३६	३८८५	५०२१
	कुल जनशक्ति (१+१.२+१+३)	८६६९	१५४३२	२४१०१

उपरोक्त तालीकाबाट इन्जिनियरिङ्ग तथा स्वास्थ्य क्षेत्रमा क्रमशः सवभन्दा बढी प्राविधिकहरु चाहिने देखिन्छ । इन्जिनियरिङ्ग क्षेत्रमा पनि विकास लगानीको धेरैजसो भाग सडक निर्माण तथा विस्तार कार्य, नगर विकास योजना, सिंचाई तथा विद्युत परियोजना, खानेपानी एवं अन्य आधारभूत आयोजनाहरुको कार्यान्वयनका निमित्त छुट्याइएको हुनाले सिभिल इन्जिनियर तथा सिभिल ओभरसियरहरुको आवश्यकता धेरै संख्यामा चाहिने अनुमान छ ।त्यस्तै गरी स्वास्थ्यको क्षेत्रमा सर्वसाधारण जनतालाई स्वास्थ्य सम्वन्धी प्रतिकारात्मक र चिकित्सा सेवा उपलव्ध गराउने श्री ५ को सरकारको दीर्घकालीन नीति रहेकोले यस सम्वन्धमा विशेषज्ञ खालको डाक्टरहरु भन्दा साधारण खालको डाक्टरहरु र क्षेत्रीयस्तरमा काम गर्ने स्वास्थ्य कार्यकर्ताहरु धेरै नै चाहिने देखिन्छ । यसको अलावा कृषि, विज्ञान र प्रविधि, वन तथा सर्भे सम्वन्धी जनशक्तिको आवश्यकता पनि चौथो योजनाको तुलनामा अपेक्षाकृत तवरले वढ्ने छ ।

जनशक्ति आपूर्ति:

पाँचौ योजनाको निमित्र माथि प्रस्तुत गरिएका जनशक्तिको आवशयकता पूर्ति गर्न हाललाई वेदेशिक छात्रवृत्ति अन्तर्गत विभिन्न विषयमा अध्ययन समाप्त गरी फर्केकाहरु र देशभित्र संचालित प्राविधिक अध्ययन संस्थानहरुको

उत्पादनबाट नै काम लिनु पर्ने हुन्छ । यस अनुसार पाँचौ योजनावधिमा विदेशबाट ८४० जना अध्ययन समाप्त गरी फर्कने छन् । तलको तालीकामा विभिन्न प्राविधिक क्षेत्र अनुसार उपलब्ध हुने जनशक्तिको मोटामोटी झलक प्रस्तुत गरिएको छ:

तालीका न.. ३

पाँचौ योजनावधिमा स्वदेश फर्कने प्राविधिक

जनशक्तिको अनुमान

(२०३२।३३-२०३६।३७)

	विषय	संख्या
(क)	**विज्ञान**	१५
	१. जियोलजिष्ट	७
	२. केमिष्ट	४
	३. भेटेरियोलजिष्ट	२
	४. मिनरोलजिष्ट	२
(ख)	**इन्जिनियर**	**४६६**
	१. सिभिल इन्जिनियर	२१७
	२. मेकानिकल इन्जिनियर	४३
	३. इलेक्ट्रिकल इन्जिनियर	४२
	४. अन्य इन्जिनियर	४५
	५. ओभरसियरहरु	११९
(ग)	**कृषि**	**११६**
	१. कृषि स्नातक	९३
	२. पशु चिकित्सक	२३
(घ)	**स्वास्थ्य**	**१४८**
	१. साधारण डाक्टर	११६
	२. डेण्टिष्ट	७
	३. यूनानी फिजिसियन	१
	४. नर्स र अन्य	१४
(ङ)	**वन**	**९५**
	१. वन विशेषज्ञ	९५
	जम्मा	८४०

यसरी वैदेशिक छात्रवृत्ति अन्तर्गत प्राप्त हुने उपरोक्त जनशक्ति बाहेक देशभित्र संचालित प्राविधिक अध्ययन संसथनहरुको उत्पादनबाट मध्यम तथा आधारभूत स्तरीय र केही हदसम्म उच्चस्तरीय प्राविधिक जनशक्तिको आवश्यकता पनि पूर्ति गरिनेछ । तर, पाँचौ योजनाको आवश्यकताहरु पूर्ति गर्न हालको अध्ययन संस्थानहरुमा छात्र-प्रवेश गराउने क्षमता नै अपर्याप्त भएकोले यस योजना अवधिमा थप कक्षहरु संचालन गर्ने, देशको अन्यथ भागहरुमा नयाँ शाखा खोल्ने आदि कार्यक्रमहरको विस्तार गरिने भएको छ । यस अनुरुप इन्जिनियरिङ्ग, स्वास्थ्य, व्यावहारिक विज्ञान, कृषि र वनको क्षेत्रमा उच्च, मध्यम र आधारभूत तथा दक्ष र अर्धदक्ष स्तरका गरी १६७२६ छात्र-छात्राहरुलाई भना गराइनेछ । उच्च स्तरीय अध्ययन गरेका डाक्टरहरुको अभाव दीर्घकाल सम्म रहने देखिएकोले मध्यम स्तरीय डाक्टरहरु उत्पन्न गर्ने व्यवस्था मुलुक भित्र गर्नेतर्फ यस योजनाकालमा कदमहरु उठाइनेछु ।

सारांशमा विदेशबाट यसरी अध्ययन समाप्त गरी फर्कने प्राविधिकहरु निर्धारित समयमा फर्केमा र देशभित्र उत्पादन बढाउन सम्बन्धित अध्ययन संस्थानहरुले राखेको लक्ष्य अनुसार पूर्ति भएमा यस योजनावधिमा आवश्यक

पर्ने कूल २४१०१ जना मध्ये १९८७१ जना पूर्ति भई ४२३० जना प्राविधिकहरुको न्यून हुने अनुमान छ । निम्न तालीकामा पाँचौ योजनावधिमा हुने प्राविधिक जनशक्तिको माग तथा आपूर्ति स्थिति दर्शाइएको छ :

तालीका नं. ४

पाँचौ योजनामा जनशक्ति सम्वन्धी

माग र आपूर्तिको स्थिति

	जनशक्ति वर्गीकरण	पाँचौ योजनाको कूल माग	पाँचौ योजनाको कुल आपूर्ति	(+) वचत (–) अभाव	
१	उच्चस्तरीय प्राविधिक	४४५४	२९७५	(–)	१४७९
	वैज्ञानिक	३४६	३१९	(–)	२७
	इन्जिनियर	१९७५	१०८४	(–)	८९१
	सर्भेयर	५९	५४	(–)	५
	कृषि विशेषज्ञ	१०६३	७७९	(–)	२८४
	वन विशेषज्ञ	२२२	२०४	(–)	१८
	स्वास्थ्य विशेषज्ञ	७८९	५३५	(–)	२५४
१.२	**मध्यमस्तरीय प्राविधिक**	**८१८४**	**७७७७**	**(–)**	**४०७**
	सहायक वैज्ञानिक	२३४	१९८	(–)	३६
	ओभरसियर र अन्य	४१७१	४१४६	(–)	२५
	सहायक सर्भेयर	३७२	३५५	(–)	१७
	जे.टी.	१२९२	१२९२	(–)	०
	रेञ्जर	३८०	३८०	(–)	०
	स्वास्थ्य सहायक	१७३५	१४०६	(–)	३२९
१.३	**आधारभूत स्तरीय प्राविधिक**	**११४६३**	**९११९**	**(–)**	**२३४४**
	निम्न सहायक वैज्ञानिक	३५४	११६	(–)	२३८
	सव्ओभरसियर र अन्य	१९५८	१७३७	(–)	२२१
	अमिन र सो सरहका	१२२२	१२२२	(–)	०
	जे.टी.ए.	१७७५	१७७५	(–)	०
	फरेष्टर	११३३	११३३	(–)	०
	निम्न स्वास्थ्य सहायक	५०२१	३१३६	(–)	१८८५
	जम्मा	**२४१०१**	**१९८७१**	**(–)**	**४२३०**

तालीका:

उपरोक्त सम्वन्धी माग र आपूर्तिको विश्लेषणबाट पहिलेका योजनाहरुको विपरित यस योजनावधिमा तल्लो स्तरका भन्दा उच्चसतरको प्राविधिक जनशक्तिको अभाव खासगरी इन्जिनियरिङ्ग र स्वास्थ्यको क्षेत्रमा धेरै नै हुने अनुमान छ । यसको प्रमुख कारणहरुमा वैदेशिक छात्रवृत्ति अन्तर्गत त्यस्ता छात्रवृत्तिहरुमा कम प्राप्त हुनु नै हो । अत: यस्ता अभावहरु क्रमशः हटाउँदै लैजान यस योजना अवधिमा इन्जिनियरिङ्ग, स्वास्थ्य र वन सम्वन्धी डिप्लोमा स्तरका पढाई देशभित्र चालू गरिने छ । स्वास्थ्यको क्षेत्रमा पनि डाक्टरीको पढाई सम्वन्धी सहायक कार्यक्रम चालू गरिनेछ । यसको अलावा विज्ञान सम्वन्धी प्राविधिकहरु नेपाल भित्रै पनि तयार गर्न सम्भव भएकोले हुनाले यसतर्फ वैदेशिक छात्रवृत्तिमा निर्भरतालाई क्रमशः घटाउँदै लगिनेछ । तर, नेपाल भित्र संचालित अध्ययन संस्थानहरुमा व्यवस्था नभएकोले अति आवश्यकीय विषयहरुमा उच्च अध्ययनको निमित्त विदेशमा पठाउने परम्परालाई कायमनै राखिने छ र यस्ता छात्रवृत्ति बढी स्रोतहरुबाट र बढी संख्यामा प्राप्त गर्न कदमहरु चालिनेछ ।

विगत वर्षहरुको अनुभवबाट साधारणतया एक जना उच्चस्तरीय प्राविधिक जनशक्ति तयार गर्न ६।७ वर्ष लाग्ने देखिएकोले एक योजावधिमा पढ्न पठाइने प्राविधिकहरुको सेवाअर्को योजनामा मात्र उपलवध हुन सक्ने कुरा स्पष्ट छ । यसको अलावा एक योजनावधिमा स्वीकृत गरिने कतिपय विषयहरु अर्को योजनाको वास्तविक जनशक्तिको आवश्यकतासँग नमिल्ने भई प्राविधिक वेरोजगारीको समस्या उत्पन्न हुन सक्ने सम्भावना हुन्छ ।तसर्थ पछिका योजनाहरुको आवश्यकता र प्राविधिक विषय अनुसार जनशक्ति जुटाउन यस योजनावधिमा एक दीर्घकालीन जनशक्ति योजनाको तर्जुमा गरिने छ । यसै अनुमानको आधारमा छात्रवृत्ति सम्वन्धी विषयको संख्या र स्तर निर्धारण गरिनेछ । तर, चालू योजनाको अभावहरु हटाउने सम्वन्धमा भने उपलव्ध उच्च र मध्यम स्तरीय प्राविधिक जनशक्तिलाई विभिन्न उपायहरुद्वारा काममा आकर्षित गरी राख्नु, क्षति रोक्नु र करारसेवामा अथवा वैदेशिक सहायता कार्यक्रम अन्तर्गत विदेशही प्राविधिकहरुको सेवा उपलव्ध गराउनु वाहेक अरु कुनै विकल्प छैन । यसको अतिरिक्त क्षेत्रीयस्तरमा काम गर्ने कालिगढ स्तरका सिकर्मी, डकर्मी, नकर्मी, मिस्त्री आदि अति आवश्यकीय जनशक्तिको माँग पूर्ति गर्न छुट्टै तालिम केन्द्रको व्यवस्था नभएकोले देशको विभिन्न भागमा घुम्ती तालिम शिविर कार्यस्थल तालिम आदि पनि संचालन गरिनेछ ।

पाँचौ योजनामा परियोजनाहरुको संख्या धेरै बढ्ने र देशका विभिन्न प्रदेशमा फिजिने समेत भएकोले सिकर्मी, डकर्मी, नकर्मी, मिस्त्री, अपरेटर आदि जस्ता आधारभूत प्राविधिकहरुको भूमिका निक्कै बढ्ने छ । सरकारी, निजी र पंचायती क्षेत्रका परियोजनाहरुमा यस्ता प्राविधिकहरुको आवश्यकता ठूलो संख्यामा हुने हुनाले सो पूर्ति तत्कालै कुनै पनि तालिम केन्द्रबाट सम्भव छैन । यसको निमित्त संस्थागत कुनै पनि तालिम नपाएका तर स्थानीय स्तरका कुनै न कुनै तरिकाबाट सीप हासिल गरेका सिपालु कामदारहरुको पूर्ण उपयोग गर्नु बढी व्यावहारिक हुनेछ । नेपालमा यस्ता प्राविधिकहरु मध्ये धेरै खेतीपातीमा लागिरहेको देखिन्छ । तिनीहरु मध्ये अधिका.शले गत २० वर्ष देखि विभिन्न मित्र राष्ट्रहरुद्वारा संचालित विभिन्न आयोजनाहरुमा काम गर्दा गर्दै सडक, विजुली, वाँध, नहर, पुल, गोदाम र भवन निर्माण आदि क्षेत्रहरुमा केही दक्षता पनि हासिल गरिसकेका छन् । यसको अलावा नेपाली, भारतीय र वृटिस सेनामा काम गर्दा गर्दै निर्माण र संचालन सम्वन्धी केही सीप हासिल गरेका भूतपूर्व सैनिकहरु पनि प्रशस्तै छन् । नयाँ परियोजनाहरुका लागि यस्ता अनुभवी र दक्ष कालिगढहरु कोरा श्रमिक वा सिखारु भन्दा बढी कुशल हुन्छन् । गरेर सिकेकाहरु बढी व्यावहारिक पनि हुन्छन् । तर, आजसम्म यस्ता तालिम र सीप हासिल गरेकाहरुलाई संगठित गरि सम्वन्धित क्षेत्रमा उपयोग गरिएको छैन । पाँचौ योजनाकालमा देशको विभिन्न भागमा यसरी छरिएर बसेका दक्ष एवं अर्ध-दक्ष जनशक्तिलाई विकास अग्रणी समूहका रुपमा संगठित गरी तिनलाई नेपालको आधारभूतस्तरीय प्राविधिक जनशक्तिको संचितिमा गणना गरी स्थानीय विकास कार्यक्रमहरुका लागि परिचालन गरिनेछ । यस्ता अनुभवी सिल्पीहरुलाई मध्ये युवावस्थामै रहेकाहरु मध्यम स्तरीय प्राविधिक तालिमको अवसर समेत दिलाउने र मध्यम स्तरीय तालिम हासिल गरेका जनशक्तिको उच्चतम परिचालन भई एकातिर दक्ष मानिसहरुको आम्दानी बढ्ने र अर्कोतिर जनशक्तिको कमी हटाउन समिने छ । दक्ष जनशक्तिका संगठित परिचालनबाट देशमा उपलव्ध कामदारहरुलाई उपयोग हुन नपाएको ठाउँबाट कमी भएको ठाउँमा लग्न पनि सकिनेछ ।

परिच्छेद ११

सामग्री व्यवस्था

१. मौदूजा समस्याहरु

आर्थिक विकासको गतिको साथ बढ्दै जाने सामग्रीहरुको मागलाई नियमित रुपले आपूर्ति गराउँदै लैजान चौथो योजना अवधिमा कतिपय समस्याहरु देखा पर्न आएका छन् । देशमा आधारभूत सामग्रीहरुको स्थानीय उत्पादन अझ हुन नसकेकोले धेरैजसो विकास सामग्रीहरुको आपूर्तिको लागि वैदेशिक श्रोतहरुमा निर्भर रहनु परेको छ । विदेशबाट विकासमा सामग्रीहरु खरीद गर्न विदेशी मुद्राको वार्षिक आर्जनका अतिरिक्त परिवर्त्य मुद्रा संचितिको पनि उपयोग हुन सक्ने र उदार पैठारी नीति समेत रहेको छ तापनि चौथो योजनाको उत्तरार्धमा अन्तर्राष्ट्रिय खनिज तेल संकटको कारणले अन्तर्राष्ट्रिय मागको अनुपातमा सामग्रीहरुको पूर्ति कठीन हुन गएको हुँदा नेपालमा पनि सामग्रीहरुको आपूर्तिमा धक्का पर्न जानु स्वाभाविकै थियो ।

सामग्रीहरुको मूल्य र पारवहन भाडामा समेत ज्यादै वृद्धि हुनाको साथै कतिपय सामग्रीहरुको आयातको लागि टेण्डर गर्दा आपूर्तिकर्ता नै पाउन सकिएन र सम्झौता भई सकेका सामग्रीहरु पनि पूर्व निर्धारित ककार्यक्रमअनुसार प्राप्त गर्न सकिएन । अन्तर्राष्ट्रिय समस्याको अतिरिक्त बढ्दो आयातको परिमाणको साथै अन्य प्रकारका समस्याहरु पनि देखा पर्न आएका छन् । एकतिर समुन्द्रपारबाट आयात गरिएका सामग्रीहरु भारतीय वन्दरगाह देखिन देशको विभिन्न स्थानहरुमा ढुवानी गर्न यातायातको साधनहरुको सुविधा पर्याप्त मात्रामा प्राप्त नहुँदा ढुवानीमा विलम्व भई सामग्रीहरुको नोक्सान भइएरहेको छ भने अर्कोतिर सामग्रीहरुको आवश्यक जगेडा राख्न देशको विभिन्न क्षेत्रहरुमा गोदाम क्षमताको निर्माण पर्याप्त रुपमा हुन सकेको देखिदैन । साथै, अन्तर्राष्ट्रिय बजारबाट सामग्रीहरु खरीद वारे प्राविधिक ज्ञान र व्यवस्थापनको कुशलता सम्वन्धी अभाव पनि यस सन्दर्भमा उल्लेखनीय तथ्य छ । हाल प्रचलित खरीद सम्वन्धी विधिले गर्दा एकमुष्ट रुपमा सामग्रीहरु खरीद गरी दीर्घकालीन आपूर्तिको व्यवस्था भएको छैन । आयातको लागि सामग्री तथा मेशिनहरुको स्तर निर्धारण, आयात गरिएका सामग्रीहरुको गुण नियन्त्रण र निरीक्षण आदिको व्यवस्था हुन वाँकी नै छ । उल्लेखित अवरोधहरको परिणामस्वरुप सामग्रीहरुको आपूर्तिको स्थिति जटिल हुन गएको देखिन्छ । पाँचौ योजनाकालमा सामग्रीहरुको नियमित आपूर्तिको लागि उक्त समस्याहरुको समाधानतर्फ विशेष जोड दिइएको छ ।

२. विकास सामग्रीहरु आपूर्ति गर्ने सम्वन्धी नीति:

पाँचौ योजनाको लक्षानुसार आवश्यक सामग्री जुटाउन अधिकांश सामग्रीहरुका लागि वैदेशिक श्रोतमा निर्भर रहनु पर्दा नेपाल जस्तो भू-परिवेठित देशमा यातायात र वितरणका समस्या समेतले गर्दा समयमानै आवश्यक परिमाणमा सामग्रीहरु जुटाई योजना कार्यान्वयन गर्न कठिनाई पर्ने कुरा विगत योजनाहरुको अनुभवबाट यिसद्ध भई सकेको छ । फेरि, अन्तर्राष्ट्रिय बजारबाट सामग्रीहरु खरीद गर्न आपूर्तिको स्थिति, मूल्यवृद्धि, प्राप्तिको अनिश्चितता, यातायातको असुविधा जस्ता समस्याहरु छदैछन् । नेपाल जस्तो एक विकासोन्मुख देशमा स्थानीय सामग्रीको प्रवर्द्धन र उचित प्रयोग प्रति ध्यान नदिई विकसित देशहरुको निर्माण र विकासमा प्रयोग गरिने विधि मात्र अपनाउन खोज्नु उपयुक्त छैन । पाँचौ योजनाका मूलभूत सिद्धान्तहरुसँग पनि यस्तो विदेशी निर्माण विधि र सामग्री निर्भरता मेल खाँदैन । अत: योजनालाई आवश्यक सामग्रीहरु मध्ये कुन कुन रकति परिमाण स्वदेशबाट प्राप्त गर्ने र कति परिमाण पैठारीबाट उपलवध गरिने भन्ने वारे निश्चित व्यवस्था गरिनेछ ।

यातायातका समस्याहरु रसामग्री जगेडा राख्ने व्यवसथको कमीबाट उत्पन्न भएको सामग्रीहरुको चुहावट पनि ठूलो अवरोधको रुपमा देखा पररहेको छ । साथै, उच्च स्तरका सामग्रीहरु नियमित तवरले अन्तर्राष्ट्रिय बजारबाट खरीद गरी आपूर्ति गराउन एक सक्षम माध्यमको विकास गर्नु पनि जरुरी छ । तसर्थ, पाँचौ योजनाकालमा सामग्रीहरुको नियमित आपुर्तिको लागि निम्नलिखित कदमहरु अपनाइने छन्:

(क) सामग्री खरिद सम्वन्धी विभिन्न आवशयक सुधार गरी सामग्रीहरुको स्तर निर्धारण, गुण निरीक्षण र नियन्त्रण आदि गर्ने संस्थागत व्यवस्था अपनाइने छ । निर्यातकर्ताहरुसँग दीर्घकालीन रुपमा सामग्रीको आपूर्ति वारे सम्झौता गरिनेछ जस अन्तर्गत मूल्य, आपूर्ति स्थिति र राष्ट्रिय माग अनुसार सामग्रीको पैठारी कार्यक्रमहरु समय समयमा पुनरावलोकन गर्न सकिने छ । यस्तो दीर्घकालीन सम्झौतावाट सामग्रीहरुको नियमित आपूर्ति हुने भई ढुवानी र गोदाम व्यवस्थालाई मद्दत मिल्न जानेछ । यी सबै कुरा कार्यान्वयन गर्नका लागि केन्द्रीय रुपमा पैठारीको व्यवस्था गरिनेछ ।

(ख) स्थानीय सामग्रीहरुको प्रवर्द्धन गरी आयात प्रतिस्थपनातर्फजोड दिन देशका विभिन्न भागमा उपलव्ध हुने स्थानीय साधनहरुको विस्तृत आर्थिक प्राविधिक अध्ययन गरी निर्माणको प्रकार अनुसार सामग्रीहरुको उचित छनौट गरिनेछ । यस सन्दर्भमा अप्रचलित (unconventional) साधनहरु प्रयोगमा ल्याउन विस्तृत अध्ययन, सर्भेक्षण र अनुसन्धान कार्यहरु नियमित रुपले गराइनेछ र सामग्रीहरुको गुण र स्तर निर्धारण गरी उचित प्रयोगमा ल्याइनेछ ।

(ग) प्रचलित (conventional) सामग्री साधनको मुलुकमै बढी से बढी उत्पादन क्षमताद्वारा इँटा, निर्माण ढुङ्गा, चून, सिमेण्ट, काठ र इन्धनहरुको आपूर्ति बढाइने छ ।

(घ) सामग्रीहरुको नोक्सानी रोक्न मौजूदा गोदाम घरहरको नवीकरण र सुधार गरी देशका विभिन्न क्षेत्रहरुमा उपयुक्त प्रकारका थप गोदाम घरहरुको निर्माण गरिनेछ । साथै, ढुवानीका समस्याहरुको पनि विस्तृत अध्ययन गरी वाह्य र आन्तरिक ढुवानीका साधनहरु आवश्यक परिमाणमा उपलब्ध गराइने छ ।

३. विकास सामगीहरुको माँग र आपूर्ति:

पाँचौ योजनाकालमा निर्माण कार्यमा निक्कै नै वृद्धि हुन जानेछ । बढ्दो निर्माणका गतिविधिको लागि पाँचौ योजनाको लक्ष्य अनुसार सरकारी, पंचायती तथा गैरसरकारी तिनै क्षेत्रहरुको निमित्त सामग्रीहरुको न्यूनतम र अधिकतम प्रक्षेपित माग तालीका नं. १ मा प्रस्तुत गरिएको छ । प्रस्तुत माग र स्थानीय उत्पादन क्षमताकोबीच ठूलो अतर छ । प्राय: सबैजसो निर्माण सामग्रीहरुको प्रतिस्पर्धात्मक सामग्रीहरुद्वारा प्रतिस्थापना हुन सक्ने भएकोले यस्ता सामग्रीहरुको माग प्रक्षेपण गर्दा सामग्रीको मूल्य, क्रयशक्ति र आपूर्तिमा ध्यान दिइएको छ । कुनै आकस्मिक कारणवश प्रक्षेपणका शर्त लागू हुन नसकेमा कमै गुणका भए तापनि अन्य वैकल्पिक सामग्रीहरुको खपत बढ्न जानुका साथै प्रक्षेपित परिमाण र खपतको प्रवृत्तिमा परिवर्तन आउनु स्वाभाविकै छ ।

पाँचौ योजनाको लक्ष्य अनुरुप निर्माण कार्य सम्पन्न गर्न न्यूनतम कार्यक्रम को लागि ८,४०,००० र अधिकतमको लागि १०,५०,००० मेट्रिक टन सिमेण्ट (वैदेशिक सहायता अन्तर्गतका परियोजनाहरुको आवश्यकता सहित) अनुमान गरिएको छ । स्थानीय उत्पादनबाट बढी से बढी मात्रामा योजना अवधि भित्र २,३०,००० मेट्रिक टन सिमेण्ट आपूर्ति हुन सक्ने देखिन्छ । पाँचौ योजनाकालमा दोश्रो सिमेण्ट कारखाना नारायणी अंचलमा स्थापना हुने लक्ष्य राखिएको छ । तापनि यसै योजना अवधिमा नयाँ कारखानाको उत्पादनबाट सिमेण्ट आपूर्ति गराउन कटिन छ । तसर्थ, नपुग सिमेण्ट आयातबाट नै आपूर्ति गर्नु पर्ने छ ।सिमेण्टको साथै परम्परा देखि प्रचलनमा आएको चून जस्तो जोडाई सामग्री (Binding Materials) लाई गुण र स्तर निर्धारण गरी सिमेण्ट र चून दुवैको उचित प्रयोगबाट सिमेण्टको खपतमा मितव्ययिता ल्याइने छ ।

फलाम र स्पातका सामग्रीहरुको खपत पनि पाँचौ योजनाकालमा निकै बढ्न जानेछ । तर, स्थानीय स्रोतबाट अधिकतम २०,००० मे.टन प्रतिवर्ष छड वाहेक अन्य सामग्रीहरु उपलब्ध गराउन नसकिने भएकोले कर्कट पाता, पाईप, सेक्सनल स्टिल जस्ता निर्माण सामग्रीहरु आयातबाट नै आपूर्ति गर्नु पर्नेछ । योजनाको अन्तिम वर्षमा १५,००० मे.टन स्टिलको उत्पादनको लागि भैरहवा अथवा नेपालगंजमा निजी क्षेत्र अन्तर्गत इलेक्ट्रिक आर्क फर्नेस तथा रिरोलिंग मिल खडा हुने कार्यक्रम छ । फलाम र स्पातका सामग्रीहरुको खपत मूल्य, उपलब्धी निर्माण विधि र मजदूरहरुको दक्षतामा निर्भर हुनाले विकास परियोजनाहरु वाहेक अन्य निर्माण कार्यहरुमा फलाम र स्पातका सामग्रीहरुको सट्टा अन्य वैकल्पिक सामग्रीहरुको प्रयोग हुन सक्ने छ जस्तो छाना छाउन कार्यक्रर्मट पाता अथवा आ.सि.सि. को सट्टा एसवेस्टस-सिमेण्ट शिट, टायल, स्लेट आदि, जि.आई,पाईपको सट्टा प्लास्टिकका पाइप् इत्यादि । पाँचौ योजनावधिमा प्लेन वारको माग करीव न्यूनतम १,०६,००० मे. टन र अधिकतम १,३३ ,००० मे. टन, पाइप र ट्यूवको माग १३,४०० र १६,१०० मे.टन, कार्यक्रर्मट पाताको माग १२,६०० र १३,८५० मे.टन सेक्सनल स्टीलको माग ३१,०५० र ३५,७६० मे.टन, प्लेट र शीटको माग ११,१६० र १२,९५० मे.टन प्रक्षेपित गरिएको छ (तालीका नं. २) । फलामे र स्पातका सामग्रीहरुको कूल खपत न्यूनतम १७७२२० र अधिकतम २१५,२१० मे.टन पुग्ने अनुमान छ । तर, पाँचौ योजनाकालमा सरकारी वा गैर सरकारी क्षेत्रमा योजनाको कार्यक्रम भित्र परेतापनि हाल आर्थिक प्राविधक सम्भाव्यता अध्ययन भइरहेका परियोजनाहरुमा ज्यादै हेरफेर हुन गएमा फलाम र स्पातका सामग्हिरुको वास्तविक खपत र प्रक्षेपित मागबीच निकै अन्तर पर्न सक्नेछ ।

तालीका नं. १

विकास सामग्रीहरुको प्रक्षेपण माग[Φ]

सिनं	सामग्री	इकाई	अधिकतम कार्यक्रमको माग (२०३२।३३-२०३६।३७)	न्यूनतम कार्यक्रमको माग (२०३२।३३-२०३६।३७)
१	सिमेन्ट*	(हजार मे.टन)	१०५०।००	८४०।००
२	फलामे र स्पातका सामग्रहिरु*	(हजार मे.टन)	२१५।२१	१७७।२२
३	ईटा	करोड गोटा	१९७।२५	१८५।९१
४	चिरानी काठ	हजार घन फिट	२३२१।००	११०१९।५०
५	खनिज तेल इन्धन	(हजार मे.टन)	६८५।००	६४३।१०
६	कोक र कोइला	(हजार मे.टन)	६३३।००	५७८।००
७	रासायनिक मलखाद	हजार टन उर्वरक तत्व	१६२।५०	१६२।५०
८	न्यूज प्रिन्ट	(हजार मे.टन)	३।३५	३।३५
९	लेख्ने र छाप्ने कागज	(हजार मे.टन)	४३।७७	४३।७७
१०	विष्फोटक पदार्थ*	(हजार मे.टन)	२।२०	४३।७७

ज्ञडण

तालिका नं. २

फलाम र स्पातका सामग्रीहरुको वर्गीकरण अनुसारको प्रक्षेपित माग[ϑ]

सि.नं	सामग्री	इकाई	अधिकतम कार्यक्रमको माग (०३२।३३-०३६।३७)	न्यूनतम कार्यक्रमको माग (०३२।३३-०३६।३७)
१	छड (प्लेनवार)*	(हजार मे.टन)	१३३।००	१०६।००
२	कर्कट पाता	(हजार मे.टन)	१३।८५	१२।६०
३	पाइप र ट्यूव	(हजार मे.टन)	१६।१०	१३।४०
४	सेक्सनल स्टील	(हजार मे.टन)	३५।७६	३१।०५
५	प्लेट र शीट	(हजार मे.टन)	१२।९५	११।१६
६	स्ट्रप स्टील	(हजार मे.टन)	१।५०	१।१९
७	वायर	(हजार मे.टन)	२।०५	१।८२

Φ प्रारम्भिक अनुमान

* वैदेशिक सहायता अन्तर्गत निर्माण हुने परियोजनाहरुको लागि प्राप्त हुने सामग्री समेत ।

* वैदेशिक सहायता अन्तर्गत निर्माण हुने परियोजनाहरुको लागि प्राप्त हुने सामग्री समेत ।

* वैदेशिक सहायता अन्तर्गत निर्माण हुने परियोजनाहरुको लागि प्राप्त हुने सामग्री समेत ।

ϑ यस प्रक्षेपणमा वैदेशिक सहायता अन्तर्गत निर्माण हुने परियोजनाहरुको आवश्यकता समावेश गरिएको छ ।

* माइल्ड स्टीलको सट्टा टोरस्टील प्रयोग भएमा करीव ४० प्रतिशत बजन घट्न सक्नेछ ।

			२१५।२१	१७७।२२

ईटा टायलको उत्पादन संगठित तथा असंगठित दुवै क्षेत्रहरुमा हुने भएकोले बढ्दो निर्माण कार्यहरुको निमित्त दुवै क्षेत्रको उत्पादनमा वृद्धि गर्नु आवश्यक छ । इटा टायलको माग खासगरी शहरी क्षत्रेहरुमा केन्द्रित छ । कुनै कुनै शहरी क्षेत्रहरुमा ईटा उत्पादनको लागि उपयुक्त माटोको सुविधा उपलब्ध नहुंदा ईटाको सट्टा स्थानीय ढुंगाको पनि प्रयोग हु.दै आएको छ । काठमाडौं उपत्यकामा पनि ईटाको साथै निर्माण ढुंगाको प्रवर्द्धन गर्न सकिने सम्भावना देखिन्छ । ईटा टायल स्थानीय साधन भएता पनि उत्पादनको लागि इन्धन गत केही वर्षहरु देखि बढ्दो मात्रामा आयातवातै आपूर्ति हुंदै आउको छ । असंगठित क्षेत्रमा चिम्नि भट्टा र ठाडो भट्टाको उत्पादन (जसवाट अधिकांश मात्रामा ईटाको आपूर्ति भइरहेको छ) अनेकौं कुराहरुमा निर्भर हुनाले उत्पादनमा घटवढ भइ रहन्छ र साथै इटाको स्तरमा उत्पादन प्रविधि अनुसार ठूलो अन्तर छ । उच्चस्तरीय इंटाको उत्पादन क्षमता विभिन्न शहरी क्षेत्रहरुमा प्रक्षेपित माग बमोजिम बढाउंदै लैजान एकातिर आवश्यक छ भने अर्कोतिर उच्च स्तरीय इंटाको उचित प्रयोग हुनु पनि जरुरी छ । भक्तपुरमा सरकारी क्षेत्र अन्तर्गत यसै योजनावधि भित्र खडा हुने इटा टायल कारखानाले काठमाडौं उपतयकाको उच्च स्तरीय इटाको माग आपूर्ति हुनेछ र यसले सिमेण्टको खपत पनि बढाउने छ । अन्य क्षेत्रहरमा पनि उच्चस्तरीय इटाको आपूर्ति बढाउँदै लैजान योजनावधि भित्र वीरगंज, विराटनगर, जनकपुर, नेपालगंज, भैरहवा, सुर्खेत इत्यादि क्षेत्रहरुमा प्रत्येक ९० लाख गोटा इटा उत्पादन क्षमता भएको कारखाना निजी क्षेत्रमा खडा हुने लक्ष छ । ढुंगाको प्रयोग प्रति पनि सम्वन्धित विभागहरुबाट अध्ययन जारी गरिनेछ । साथै, रोडा उद्योगहरु काठमाडौं., वुटवल, धरान रधनवढीमा विस्तार गरिने लक्ष्य छ । इटाको माग योजनावधिभित्र न्यूनतम १८६ करोड र अधिकतम १९७ करोड पुग्ने अनुमान गरिएको छ । ईटाको साथै छाना छाउने टायलको पनि पर्याप्त मात्रामा उपलब्ध गराइने छ । छाना छाउनको लागि स्लेट अर्को स्थानीय वैकल्पिक सामग्री हुंदा स्लेटको खानी भएको क्षेत्र वन्दीपुर अथवा स्याङ्जामा वार्षिक ६ लाख गोटा स्लेट उत्पादनको लक्ष्य निजी क्षेत्र अन्तर्गत यसै योजनाको कार्यक्रममा राखिएको छ ।

काठ पर्याप्त मात्रामा उपलब्ध हुन सक्ने स्थानीय साधन भएता पनि हालको उत्पादन मागको अनुपातमा कमै छ । काठको स्रोत स:मील भएको स्थान भन्दा टाढा पर्दै गएको हुनाले यसको उत्पादनमा पनि ढुवानीको समस्या उत्पन्न हुन आएको छ । पाँचौ योजनाको लागि काठको प्रक्षेपित माग न्यूनतम १,१०,१९,५०० घनफीट र अधिकतम १,२३,२१,००० घनफीट सरकारी र निजी व्यवसाय क्षेत्रमा स्थापित मीलहरुको विस्तार र वनको उचित व्यवस्थाबाट आपूर्ति गर्नुपर्ने छ । यस अन्तर्गत हेटौं, जनकपुर र धनगढीमा प्रत्येक १,१३,४६० घनफीट क्षमता भएको निजी क्षेत्रमा स्थापना हुने तीन ऊड सिजनिग प्लाण्टको र फर्निचर उद्योगहरुको माग पनि समावेश गरिएको छ ।

निर्माण सामग्रीको अतिरिक्त अन्य विकास सामग्रीहरुको पनि नियोजन गर्नु जरुरी छ । विकास सामग्रीहरुमध्ये खनिज तेल इन्धनको माग प्राय: सबै क्षेत्रहरुमा भएकोले यसको नियोजनको विशेष महत्व छ । खनिज तेल इन्धन अन्तर्गत अनेकौं इन्धनहरु जस्तै हाइस्पीड डिजेल, पेट्रोल, मट्टितेल, फरनेस आयल आदि पर्दछन् र आपूर्ति शत प्रतिशत आयातमा निर्भर छ । योजना अवधिभित्र खासगरी हाइस्पीड डिजेलको माग यातायात, निर्माण, कृषि तथा औद्योगिक क्षेत्रहरुमा बढ्दै जाने अनुमान गरिएको छ । घरायसी खपतको लागि मट्टितेलको माग पनि निकै नै बढ्दै जाने अनुमान छ । अन्य खनिज तेल इन्धन पदार्थहरु जस्तो पेट्रोल, लाइट डिजेल आयल, फरनेश आयल, आदिको खपतमा पनि योजनावधिभित्र वृद्धि हुंदै जानेछ । योजनावधिको लागि खनिज तेल इन्धनको कूल माग न्यूनतम ६,४३,१०० मे.टन र अधिकतम ६,८५,२०० मे.टन पुग्ने अनुमान छ । जसमध्ये मट्टितेलको खपत क्रमश: २,६१,००० र २,७५,००० हाइस्पीड डिजेलको १,८२ ,००० र २,०१,०००, पेट्रोल ८७,००० र ९२,०००, हवाई इन्धन ७५,००० र **३,०००, लाइट डिजेल आयल ९७,५०० र फर्नेश आयल** ४,५०० किलि. (तालीका नं. ३) प्रमुख छन् । खनिज तेल इन्धनबाट मात्रै इन्धनको समस्या समाधान नहुने भएकोले अन्य इन्धन रशक्तिका स्रोतहरुको प्रवर्धन गर्नु अनिवार्य छ ।हावाले चल्ने संयन्त्र, गोवर ग्याँस, सूर्यशक्ति, घट्ट, भौगर्भिक तातोपानी र वाफ जस्तो स्रोतहरुको प्रवर्द्धनबाट आयातको अधिकांश भाग प्रतिस्थापना गर्न नसकिने भए तापनि सकभर यस्ता स्थानीय इन्धन र शक्तिका स्रोतहरु प्रयोग गर्नेतर्फ कदम चालिनेछ । साथै, जल विद्युत शक्तिको उत्पादन बढाई पहाड तिर सानासाना विद्युत केन्द्हरु समेत जडान गरी अन्य इन्धनको प्रतिस्थापनातफ यस योजनावधिभित्र विशेष जोड दिइनेछ ।

तालीका नं.

खनिज तेल पदार्थको वर्गीकरण अनुसार प्रक्षेपित माग*

सन	पदार्थ	इकाई	अधिकतम कार्यक्रमको माग	न्यूनतम कार्यक्रमको माग
			(०३२।३३-०३६।३७)	(०३२।३३-०३६।३७)
१	पेट्रोल	(हजार कि.लि.)	९१७३	८७२५
२	मट्टितेल	,,	२७४७३	२६१३८
३	हाइस्पीड डिजेल	,,	२००९२	१८२०५
४	एमिएशनफूल	,,	८२६०	७४८४
५	लुब्रिकेण्ट	हजार मे.टन	१५१७	१३७४
६	लाइट डिजेल आयल	(हजार कि.लि.)	९७५०	९७५०
७	फर्नेश आयल	,,	४८५४	४८५४
८	जून वेचिङ आयत	,,	१५६०	१५६०
९	विटुमनϕ	हजार मे.टन.	२६५०	२१००
	कुल	हजार मे.टन.	६८५२०	६४३१०८०१९०

इन्धनको सन्दर्भमा कोइला र कोकको आर्थिक र प्राविधिक दुवै पक्षबाट महत्वपूर्ण स्थान छ । कोइला र कोक आयातबाट आपूर्ति हुने इन्धनहरु भएकोले यिनीहरुको प्रयोगमा सम्भाव्य भए सम्मन स्थानीय वैकल्पिक इन्धनहरुबाट प्रतिस्थापना हुन आवश्यक छ तापनि योजनावधिभित्र कोइला र कोको माग वढ्न गई न्यूनतम कार्यक्रमको लागि ५७८,००० र अधिकतम कार्यक्रमको लागि ६३३,००० मे.टन पुग्ने अनुमान गरिएको छ ।यस्तो स्थितिमा स्थानीय स्रोतबाट गोलको उत्पादन गरी कोइला र कोकको प्रतिस्थापना गर्ने वारे पनि कदम उठाइने छ ।

नेपाल जस्तो कृषि प्रधान देशमा कृषि विकासको लागि रासायनिक अलखाद अत्यावश्यक विकास सामग्री हो तापनि योजना अवधि भित्र स्थानीय उत्पादनबाट यसको आपूर्ति गर्न सकिने छैन । पाँचौ योजनाकालमा हेटौंडामा प्रस्तावित फ्यूज मान्गेसियम फस्फेट उद्योग २०३६।३७ मा मात्र निर्माण सम्पन्न हुने लक्ष्य राखिएको छ । रासायनिक मलखादको माग योजनाकालमा क्रमशः नाइट्रोजन १,०३,८०० फस्फेट ३५,२५० र पोटास २३,८२५ मे.टन (मुख्य उर्वरक तत्व) पुग्ने लक्ष्य राखिएको छ जुन ग्रोस टनमा कूल ४४६,५१० मे.टन वरावर छ (तालीका नं. ४) । रासायनिक मलखाद खासगरी नाइट्रोजन उत्पादन पेट्रोलियम पदार्थमा आधारित भएकोले सप्लाई र मूल्य वृद्धिका समस्या आई पर्ने सक्ने स्थिति देखिन्छ । स्थानीय जैविक मलखादको प्रवर्द्धन गरी केही अंशमा रासायनिक मलखादको प्रतिस्थापना गर्नेतर्फ विशेष ध्यान दिइनेछ ।

तालीका नं. ४

रासायनिक मलखादको वर्गीकरण अनुसार माग

सि.नं.	मलखाद	इकाई	माग	कैफियत
१	नाइट्रोजन मलखाद	(मुख्य उर्वरक तत्व) हजार टन	१०३८००	आमोनियम सल्फेट १५०,००० मे.टन, युरिया ८०,५४३ मे.टन कम्प्लेक्स (२०:२०:०) १७६,२५० मे.टन
२	फस्फेट मलखाद	,,	३५२५०	

* वैदेशिक सहायता अन्तर्गत निर्माण हुने परियोजनाहरुको आवश्यकता सहित

ϕ प्रारम्भिक अनुमान

३	पोटास मलखाद	,,	२३८२५	यूरियट अफ पोटास ३९,७१७ मे.टन
४			१६२८७५	

न्यूज प्रिण्टको खपत योजनावधि भित्र ३,३५० मे.टन अनुमान गरिएको छ । लेख्ने र छाप्ने कागजको माग योजनावधिमा ४३,७७० मे.टन पुग्ने अनुमान छ । लेख्ने तथा छाप्ने कागजको माग नयाँ राष्ट्रिय शिक्षा पद्धटि अन्तर्गत पुस्तक प्रकाशनले गर्दा पनि तिव्रगतिले वृद्धि हुन गएको हो । हाल सीमित मात्रामा केवल निम्न स्तरका कागजको स्थानीय उत्पादनबाट आपूर्ति भइरहेको छ । कागजको आपूर्ति वढाउन पाँचौ योजना अन्तर्गत पश्चिम नेपालमा कागजको उद्योग खडा गरिने कार्यक्रम छ । उच्चस्तरीय लेख्ने र छाप्ने कागज तथा न्यूजप्रिण्टको स्थानीय उत्पादन नभए सम्म सो को आपूर्ति आयातबाटै हुनेछ । कार्डवोर्ड उद्योग पनि यसै योजनावधिभित्र निजी क्षेत्र अन्तर्गत चालू हुने लक्ष्य छ ।

निर्माण क्षेत्रमा विष्फोटक पदार्थको माग योजनावधिमा न्यूनतम १,८०० मे.टन र अधिकतम २,२०० मे.टन पुग्नेअनुमान छ । विष्फोटक पदार्थको साथसाथै करीव ३८ लाख देखि ५० लाख थान डिटोनेटर र ७६ लाख देखि १ करोड मिटर फ्यूज पनि आवशयकता पर्ने अनुमान गरिएको छ । तालिका नं. ५

तालिका नं. ५

विष्फोटक पदार्थको माग$^{\chi}$

सि.नं.	सामग्री	इकाई	अधिकतम कार्यक्रमको माग	न्यूनतम कार्यक्रमको माग
			(०३२।३३-०३६।३७)	(०३२।३३-०३६।३७)
१	जिलेटिन	(हजार मे.टन)	२।२	१।८
२	डिटोनेटर	(संख्या लाखमा)	५०।०	३८।०
३	फ्यूज	(मिटर लाखमा)	१००।०	७६।०

४. मेशिन र औजार

सामग्रीहरुको साथ साथै देशको आर्थिक विकासको लागि मेशिन र औजारको पनि महत्वपूर्ण भुमिका छ । उद्योग, कृषि, यातायात, निर्माण जस्ता आर्थिक क्रियाकलापहरुको लागि विभिन्न प्रकार र क्षमताका मेशिन र औजारहरु आवश्यकता पर्ने हुँदा यी सवको प्राविधिक विवरण सहित उल्लेख गर्नु कठिन छ । खासगरी कतिपय परियोजनाहरुको हाल विस्तृत आर्थिक प्राविधिक सम्भाव्यता अध्ययनहरु जारी नै रहेकोले परियोजनाहरुको क्षमता र निर्माण अथवा उत्पादन प्रविधि सम्म पनि यकीन हुन सकेको छैन । तसर्थ, ठूला परिमाणमा आवश्यकता पर्ने मेमशिन र औजारहरुको मात्र प्रक्षेपण गरिएको छ ।

यातायातको साधनको सन्दर्भमा पाँचौ योजनावधिमा ट्रक, ट्यांकर र लरी गरी कूल संख्या न्यूनतम २७०० र अधिकतम ३१२५ आवश्यक पर्ने अनुमान छ । उपरोक्त प्रक्षेपणमा मौजूदा ढुवानीका साधन मध्ये थोत्रा भई उपयोगबाट हट्ने संख्या र ह्रास (Depreciation) लाई ध्यान दिइएको छ र औसतमा ट्रक र लरी ५ टन क्षमताको अनुमान गरिएको छ । बसको न्यूनतम ७५० र अधिकतम १,१०० संख्या योजनावधिलाई प्रक्षेपण गरिएको छ। साथै, योजनाकालमा न्यूनतम १४०० र अधिकतम १६४० जीपको र हवाई यातायातको लागि कूल आठ वटा हवाईजहाजको अनुमान गरिएको छ ।

रोजगारीका दृष्टिबाट छानिएका प्रकृयातर्फ मात्र यान्त्रिकरण वृद्धि हुन दिनु वाञ्छनीय हुन आएको हुँदा खासगरी ट्रैक्टरको पैठारी सीमित गरिनेछ । कृषि, निर्माण र ढुवानीका लागि योजनावधिमा विभिन्न अश्वशक्तिका गरी लगभग १००० ट्रैक्टर मात्र मगाइने छ । पम्सेटको सम्वन्धमा कृषि सामग्री संस्थानबाट औशतमा ६ अश्वशक्तिको करीव ९५० थान उपलव्ध गराइने छ । यसै अवधिमा गैर सरकारी क्षेत्रमार्फत करीव १५०० थान पम्पसेट आयात गरी विक्री वितरण हुने अनुमान छ। ट्यूववेल वारे सुदूरपश्चिमाञ्चल, पश्चिमाञ्चल र मध्यमाञ्चलमा लक्ष्य अनुसार सिचाई गर्नको लागि १ क्यूसेक १.२५ क्यूसेकको ट्यूववेल संख्या ३०० देखि ४०० थान आवश्यक पर्ने अनुमान छ ।

निर्माण क्षेत्रलाई आवश्यकता पर्ने अनेकौं मेशिन र औजारहरु मध्ये मुख्य मुख्य मेशिनहरुको मात्र प्रक्षेपण गरिएको छ । एक प्रकारका मेशिन अन्तर्गत पनि विभिन्न प्राविधिक विकल्प र क्षमताका मेशिनहरुको आवश्यकता पर्ने हुनाले प्रक्षेपणमा विस्तृत प्राविधिक विवरण उल्लेख नगरिएको हो । बढ्दो निर्माणको गतिविधिको लागि यस योजनाकालमा करीव १३० वुल्डोजर, ४० पावर शोभल, ५० लोडर, ६ क्रलर शोमल, २० डोजर, १० रकर शोभल, ५ व्याक हो, १० स्क्रापर, २० एक्सकामाटर, ४० ग्रेडर, २९० रोलर, ४० क्रेन, ४७० डम्पर र ट्रिपर, ३१० क्रंक्रिट भाइवटर, १०० थप कंप्रेसर, १६५

$^{\chi}$ वैदेशिक सहायता अन्तर्गत निर्माण हुने परियोजनाहरुको आवश्यकता सहित

मिक्सर, ४५ क्रक्रीट डम्पर, १७५ ड्रील, ५० ज्याक हामर, ११५ जेनेरेटर, २५ वोरिङ्ग मेशिन, १२ क्रसिङ्ग प्लाण्ट, १५ विटुवन प्लाण्डट, २० विटुवन स्प्रेयर, ३ पेभिङ्ग मेशिन, ६० ट्रयांकर, २०० पानीका पम्पहरु इत्यादिको अनुमान गरिएको छ।

विद्युत क्षेत्रको लागि आवश्यक पर्ने मेशिनहरु मध्ये पाँचौ योजनाको जल विद्युत उत्पादन र विद्युतीकरण लक्ष्य अनुसार ४७०४५ किलोवाट क्षमताको जल ट्र्वाइन, ४७०४५ किलोवाट क्षमताको जेनेरेटर, ५७००० मि.ए. को ट्रान्सफर्मर र अन्य वितरण ट्रान्सफर्मर १३,५०० के.मि.ए. का छन् । (तालिका नं. ६)

तालिका नं. ६

मेशिन र औजारको प्रक्षेपण+

सि.नं.	मेशिन औजार	संख्या	सि.नं.	मेशिन औजार	संख्या
क. यातायात					
१	ट्रक, लरी र ट्यांकर १	२७००-३-१२५	२	बस, मिनीबस	७५०-११००
३	जीप	१४००-१६४०	४	हवाईजहाज २	८
ख. कृषि					
१	ट्याक्टर ३	१०००	२	पम्पसेट ४	२४५०
३	ट्यूववेल ५	३००-४००			
ग. निर्माण					
१	बुल्डोजर	१३०	२	पावर शोभल	४०
३	लोडर	५०	४	क्रलर शोभल	६
५	डोजर शोभल	२०	६	रकमर शोभल	१०
७	वयक हो	५	८	स्क्रापर	१०
९	एक्साकाभाटर	२०	१०	ग्रेडर	४०
११	रोलर	२९०	१२	क्रेन	४०
१३	टिपर ट्रक	४७०	१४	क्रंक्रिट भाइवेटर	३१०
१५	यस कम्प्रेसर	१००	१६	मिक्सर	१६५
१७	कंक्रिट डम्पर	४५	१८	ड्रिल	१७५
१९	ज्याक हामर	५०	२०	जेनेरेटर	११५
२१	वोरिङ्ग मेशिन	२५	२२	क्रसिङ्ग ल्पाण्ट	१२
२३	विटुमन प्लाण्ट	१५	२४	विटुवन स्प्रेयस	२०
२५	पेभिङ्ग मेशिन	३	२६	ट्रयांकर	६०
२७	पानीका पम्पहरु	२००			

घ. विद्युत

+ प्रारम्भिक अनुमान

१. औसतमा ५ टनको ।

२. विभिन्न प्रकार र क्षमताका विमानहरु ।

३. विभिन्न अश्वशक्तिका ट्राक्टरहरु ।

४. औसतमा ६ अश्वशक्ति ।

५. १ र १.२५ क्यूसेकको पम्पसेट ।

६. विभिन्न क्षमता र प्राविधिक विहल्पहरु नछुट्याई मेशिनहरु एकै शीर्षक अन्तर्गत समावेश गरिएको छ ।

१	जल टर्वान (किलोवाट)	४७०४५	२	जेनेरेटर (किलोवाट)	४७०४५
३	ट्रान्सफर्मर (के.मि.ए.)	५७०००	४	वितरण ट्रान्सफर्मर (के.मि.ए.)	१३,५००

संचारतर्फ टेलिफोन, माइक्रोवेभ, ट्रंक, टेलेक्स इत्यादिको लागि आवश्यक पर्ने उपकरणहरु मूल्यमा अनुमानित छ । टेलिफोन इक्सचेञ्चको लागि रु ४.८६ करोड, माइक्रोवेभको लागि करीव १.८९ करोड, ट्रंक एक्सचेञ्चको लागि रु १.८८ लाख र टेलेक्सको लागि रु २६.१ लाख मूल्य पर्ने उपकरणहरु अनुमान गरिएको छ ।

औद्योगिक क्षेत्रमा आवश्यकता पर्ने मेशिन र औजारहरु उद्योग पिच्छे विभिन्न प्रकार र क्षमताका हुने भएकोले सबै परियोजनाहरुको विस्तृत आर्थिक प्राविधिक संभाव्यता अध्ययन पूरा नभई अनुमान गर्न कठिन छ । हालसम्म प्राप्त तथ्यांकहरुको आधारमा उद्योग क्षेत्रको लागि आवश्यक पर्ने मेशिन र औजारको मूल्य अनुमान गरिएको छ, जस अन्तर्गत घरेलु तथा ग्रामीण उद्योगको लागि करीव रु १० करोड ९६ लाख, सरकारी क्षेत्रमा स्थापना हुने उद्योगको लागि रु २१.९४ करोड र गैर सरकारी क्षेत्रमा स्थापना हुने उद्योगहरुको लागि रु २१ करोड ६० लाख पर्न आउने देखिन्छ । सरकारी क्षेत्रमा खडा भईरहेका इटा टायल र सूती कपडा उद्योगहरुको कूल लगानी मात्र प्राप्त भएकोले मेशिन र औजारको लगानीको अनुमान समावेश गरिएको छैन ।

५. औद्योगिक कच्चा पदार्थ र रासायनिक वस्तुहरु

पाँचौ योजनाकालमा कृषि, वन र खानीमा आधारित विभिन्न उद्योगहरु सरकारी र गैर सरकारी दुवै क्षेत्रहरुमा स्थापना हुने लक्ष्य छ । औद्योगिकरणको यस चरणमा आयात प्रतिस्थापना गर्ने खालका उद्योगहरु प्रति विशेष जोड दिइएकोले प्रायः धेरै जसो देशमा स्थापना भएका र साथै प्रस्तावित उद्योगहरु स्थानीय कच्चा पदार्थहरुमा आधारित छन् । तसर्थ, मुख्य मुख्य कच्चा पदार्थहरु स्थानीय स्रोतहरुवाटै जुटाइने छ र उद्योग संचालन गर्न आवश्यक रासायनिकहरु मात्र आयातबाट पूर्ति गरिनेछ । अपवाद स्वरुप, केही विकास र दैनिक उपभोगका लागि अतयावशयक उद्योगहरु आयात प्रतिस्थापना गर्न विदेशी कच्चा पदार्थहरुमा आधारित छन् जस्तो फामे र स्पातका मालसामान बनाउने उद्योगहरु, रासायनिक मलखाद, सूति कपडा उद्योग इत्यादि । विदेशी स्रोतबाट आयात गर्नुपर्ने रासायनिक वस्तुहरु धेरै वा थोरै मात्रामा सबै उद्योगहरुलाई आवश्यक पर्ने भए तापनि धेरैजसोको परिमाण नगण्य छन् ।

आयातबाट आपूर्ति गर्नुपर्ने मुख्य मुख्य कच्चा पदार्थ र रासायनिक वस्तुहरु मध्ये योजनावधिमा विभिन्न उद्योगहरुको लागि निर्धारित क्षमतानुसार उत्पादन गर्न अधिकतम परिमाणमा बिलेट १०३,५०० मे.टन, टिनल्पेट ११,००० मे.टन, सिमेण्ट उद्योगको लागि जिपसम ११,६०० मे.टन, घरेलु र कारखानामा बनने कपडाको लागि सूति धागो १९,१०० मे.टन, चुरोट उद्योगहरुको लागि उच्चस्तरीय र स्थानीय उत्पादनबाट नपुग सूर्ति ४,५०० मे.टन, विभिन्न उद्योगहरुको लागि गन्धक ३,८०० मे.टन, छाला जुत्ता उद्योगहरुको लागि सोडियम सल्फेट, क्रोम पाउडर, सिमोसा जस्ता रासायनहरु कुल २,५०० मे.टन, पोलिथिन उद्योगको लागि प्लाष्टिक ग्रानुयल १,२२५ मे.टन, सलाई उद्योगको लागि गन्धक वाहेक अन्य रासायनिकहरु करीव ५०० मे.टन, आधुनिक प्रविधि अनुसार सावुन उत्पादन गर्ने उद्योगहरुको लागि मटन टैलो र विभिन्न प्रकारका तेल ३,२०० मे.टन उनी कपडा उद्योगको लागि ऊनी, सिल्क र सिन्थेटिक टप्सहरु १,१५० मे.टन, विस्कुट उद्योगहरुको लागि ग्लुकोज, स्टार्च, पाउडर दूध र हाइड्रोजनेटेड तेल ४,००० मे.टन इत्यादि प्रमुख छन् । साथै, प्याकिङ्गको लागि वोतल, कार्डवोर्ड, पल्प वोर्ड र विभिन्न कण्टेनरहरु निक्कै मात्रामा आयातबाटै आपूर्ति गर्नु पर्नेछ । पाँचौ योजनाकालमा आयातबाट आपूर्ति गर्नुपर्ने कच्चा पदार्थ, रासायनिक वस्तुहरु र प्याकिङ्ग समेतको परिमाण करीव २,००,००० मे.टन अनुमान गरिएको छ ।

६. उपभोग्य वस्तुहरुको माग र आपूर्ति

विकास सम्वन्धी विभिन्न कृयाकलापले ज्याला, तलव, यढुवानी र अन्य सेवा शुल्क, विभिन्न निर्माण र विकास सामग्रीको परियोजनाहरुको लागि स्थानीय रुपले खरीद आदिले गर्दा जनताको मौद्रिक आयमा वृद्धि हुन गई थप आयले विभिन्न उपभोग्य वस्तुहरुको माग पनि बढ्देछ । सो थप माग पूर्ति नभएमा मूल्यमा दवाव परी आर्थिक असन्तुलन उतपन्न हुन सक्दछ । अतः उपभोग्य वस्तुको आपूर्तिको पनि व्यवस्था हुन आवश्यक छ । उपभोग्य वस्तुहरु मध्ये पनि खाद्यानन र अन्य केही खाद्य पदार्थ, चुरोट, सलाई आदि वाहेक अरु अधिकांश पदाथृहरु पैठारीबाटै आपूर्ति हुने भउकोले यस्ता वस्तुहरुको उत्पादन र पैठारी पनि नियोजन गर्नु जरुरी छ । खाद्यान्नका अतिरिक्त मध्यम र निम्न आय स्तर भएका जनताबाट माग हुने अनय मुख्य वस्तुहरु जस्तो खस्रो र मध्यम स्तरी कपडा, चिनी, नून, सावुन, चुरोट, जुत्ता, चिया, खाने तेल, घिउ आदिको खपतको अनुमान तालिका नं. ७ मा दिर्शाइएको छ ।

तालिका नं. ७

अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरुको खपतको अनुमान+

सि.नं.	वस्तु	इकाई	जम्मा खपत (२०३२।३३-२०३६।३७)
१	खस्रो र मध्यमस्तरीय कपडा		
	(क) कारखानामा बनेको	(करोड मिटरमा)	६०।५०
	(ख) घरेलु उत्पादन	,,	१५।४६
२	चिनी	हजार मे.टन	११६।३०
३	नून	,,	३६९।००
४	सावुन	,,	३३।६०
५	चुरोट	अरव खिल्ली	१७।४८
६	जुत्ता	लाख जोर	११५।७०
७	चिया	हजार मे.टन	८।६०
८	खानेतेल++	लाख लिटर	६५।००
९	घिउ++	हजार मे.टन	७०८

योजनावधिमा खस्रो र मध्यमस्तरीय कपडाको खपत प्रति व्यक्ति १० मिटर देखि १२.६ मिटर सम्म पुग्ने अनुमान छ जसमध्ये करीव २० प्रतिशत घरेलु क्षेत्रबाट आपूर्ति गराउन सकिने देखिन्छ। योजनावधिमा करीव ७६ करोड मिटर खस्रो मध्यमस्तरीय कपडाको माग मौजूदा र प्रस्तावित टेक्सटाइलम मिलबाट केही अंशमा उपलव्ध हुन सक्ने छ तापनि अधिकांश भाग आयातबाट आपूर्ति गर्ने पर्ने छ। निजी घरेलु क्षेत्रबाट कुल मागको २० प्रतिशत कपडा उत्पादन गर्न विभिन्न वानाका सुति धागोको माग योजनाकालमा झण्डै १६५७० मे.टन सम्म पुग्ने अनुमान छ। अतः सुति धागोको नियमित आपूर्तितर्फ जोड दिइनेछ।

चिनीको खपत १.५ के.जि प्रतिव्यक्तिको दरबाट योजनावधिमा २.०० के.जी प्रतिव्यक्ति पुग्ने अनुमान छ। सखर, खाडसारी आदिको उत्पादन र माग वारे तथ्यांक उपलव्ध नभएकोले समावेश गरिएको छैन। योजनाकालको लागि अनुमानित ११६,३०० मे.टन चिनीको माग थप प्रत्येक १२५० टन प्रति दिन उखु पेल्ने क्षमताको ३ मिलहरुको संचालनबाट आपूर्ति हुने अनुमान छ। नूनको माग आयस्तरसँग उस्तो सम्वन्धित नभए तापनि जनसंख्या वृद्धि, उद्योग रगाई वस्तुलाई खुवाउन समेत योजना अवधिमा करीव ३६९,००० मे.टन आवश्यक पर्ने अनुमान छ जुन शत प्रतिशत नै आयातबाट आपूर्ति गरिनेछ।

चुरोट खपत योजनाकालमा करीव १७.४८ अरल खिल्ली हुने अनुमान छ जुन जनकपुर चुरोट कारखानाको उत्पादन लक्ष्य १७.५५ अरव खिल्ली र निजी क्षेत्रको उत्पादनबाट पर्याप्त मात्राता आपूर्ति हुनेछ।

देशमा हाल जुत्ताको खपत ज्यादै कम छ। पाँचौ योजनाकालमा सबै प्रकारका जुत्ताहरुको कुल खपत ०३२।३३ मा १९ देखि ०३६।३७ मा २९ लाख जोर पुग्ने अनुमान राखिएकोक छ। योजनावधिमा जुत्ताको कुल खपत १ करोड १६ लाख जोर अनुमान गरिएको छ। सो आपूर्ति गर्न जुत्ताको उत्पादन संगठित क्षेत्रमा बढाइनेछ। छालाको उत्पादन बढाउन ३० हजार गाई गोरुको, ३० हजार राँगो, भैसकिो र १ लाख ५० हजार भेंडा वाखाको छाला प्रशोधनको लागि कारखाना निजी क्षेत्र अन्तर्गत योजनावधिभित्रमा स्थापना हुने लक्ष्य छ। साथै, वाँसवारी छाला जुत्ता कारखानाको उत्पादन क्षमता योनजावधिमा १.५ लाख जोर देखिन ३ लाख जोर प्रति वर्ष विस्तार गरिने कार्यक्रम छ।

+ प्रारम्भिक अनुमान

+ + शहरी क्षेत्रहरुको माग र आपूर्ति मात्र समावेश गरिएको छ।

+ + शहरी क्षेत्रहरुको माग र आपूर्ति मात्र समावेश गरिएको छ।

+ + शहरी क्षेत्रहरुको माग र आपूर्ति मात्र समावेश गरिएको छ।

+ + शहरी क्षेत्रहरुको माग र आपूर्ति मात्र समावेश गरिएको छ।

चियाको खपत योजनाकालमा करीव ८६०० मे.टन हुने अनुमान छ । चियाको उत्पादन तर्फ योजनावधिभित्र जोड दिइएको छ र योजनाको अन्तिम वर्षमा उत्पादन १७२.५ मे.टन पुग्ने लक्ष्य छ । स्थानीय उत्पादनबाट आवश्यक मात्रामा चिया उपलब्ध गराउन नसकिने हुनाले नपुग परिमाण आयातबाटै आपूर्ति गराइने छ ।

खानेतेल र घिउाको वजारमा हुने माग मुख्यत: शहरी क्षेत्रमा केन्द्रित छ । ग्रामीण क्षेत्रमा घिउ र खाने तेल धेरैजासो घरायसी उत्पादनबाट स्थानीय विनिमयबाटै पूर्ति भइरहेको छ । शहरी क्षेत्रहरुमा घिउको माग १.२ के.जी देखि १.५ के.जी. सम्म प्रति व्यक्ति र खाने तेलको माग १ लिटर देखि १.५ लिटर सम्म प्रतिव्यक्तिको दरले योजना अवधिमा बढ्ने अनुमान गरिएको छ । स्थानीय उत्पादनको वृद्धिबाट सो थप माग पूर्ति गराउन सकिने छ । तेलको आपूर्तिको लागि निजी क्षेत्रमा १५०० टन क्षमताको दुई आधुनिक तेल मिल खडा हुने लक्ष्य छ ।

७. सामग्रीहरुको ढुवानीको परिमाण

पाँचौ योजनाकालमा प्रक्षेपित विकास सामग्रीहरुको मात्र ढुवानीको परिमाण योजनाको प्रथम वर्षमा करीव १० लाख टन देखिन योजनाको अन्तिम वर्षमा न्यूनतम कार्यक्रम अनुसार १४ लाख र अधिकतम कार्यक्रम अनुसार १६ लाख टन प्रक्षेपण गरिएकोछ । कुल विकास सामग्रीहरुको ढुवानीको परिमाण न्यूनतम योजनाको लागि ५९ लाख टन र अधिकतम आयोजनाको लागि ६५ लाख टन पुग्ने अनुमान छ जसमा स्थानीय कारखानाहरुको उत्पादनको लागि आवश्यक कच्चा पदार्थहरु पेशिन र औजार र खाद्यान्न जस्तो अन्य उपभोग्य र निकासी हुने सामान समावेश गरिएको छैन । उपरोक्त विकास सामग्रीहरुको ढुवानीको परिमाण खासगरी इटा र काठ जस्ता स्थानीय सामग्रीले गर्दा बढी हुन गएको हो । काठ र इटाको मात्र पमिाण कुल ढुवानीको ५० प्रतिशत जति छ । सामग्रीहरुको स्रोत र खपत हुने स्थान वारे हाल आवश्यक विस्तृत जानकारी उपलव्ध नहुँदा सामग्रीहरुको ढुवानी टन किलो मिटरमा अनुमान गर्न सकिएको छैन ।

८. गोदाम क्षमता

फलाम र इस्पातका सामग्री, इटा, काठ जस्ता कतिपय नविग्रने खालका विकास सामग्रीहरुको लागि गोदाम सुविधाको कठिनाई छैन । विकास सामग्रीहरु मधये खासगरी सिमेण्ट, खनिज तेल इन्धन र रासायनिक मलखादको लागि गोदाम सुविधाको उत्कट समस्या परेको देखिन्छ । एकातिर मौजूदा र निर्माणाधिन गोदाम घरहरु बहुमुखी खालका छन् र सिमेण्ट, रासायनिक मलखाद जस्ता सामग्रीहरुको लागि विशिष्ट गोदाम खडा गर्नेतर्फ व्यवस्था भएको छैन भने अर्कोतिर मौजूदा गोदाम सुविधाको क्षमता आवश्यकता भन्दा ज्यादै नै कम छ । गोदाम सुविधाको कमीले गर्दा सामग्रीहरुको नियमित आपूर्ति, स्टोरेज क्षति इत्यादि हालका एक प्रमुख अवरोध देखिन आएका छन् । सामग्रीहरुको बढ्दो मागको साथै गोदाम क्षमता बढाउँदै लैजान पर्ने हुनाले योजना अवधिभित्र देशका विभिन्न स्थानहरुमा राष्ट्रिय व्यापार निगमले मौजूदा ३५,००० मे.टन बाट ४७,५०० मे.टन गोदाम क्षमता पुऱ्याउने कार्यक्रम छ । यसै अवधिमा नेपाल आयल निगले हालको नगन्य क्षमताबाट थप १८,१०० किलो लिटर स्टोरेज क्षमता निर्माण गर्ने लक्ष्य राखेको छ ।साथै, कृषि सामग्री संस्थानले थप ३३,५०० मे.टन गोदाम क्षमता निर्माण गरी योजना अवधिभित्र कुल ६८६५० मे.टन गोदाम सुविधा उपलव्ध गर्ने कार्यक्रम छ । यी सामग्रीहरुको लागि विशिष्ट किसिमको गोदाम निर्माण गर्नेतर्फ ध्यान दिइनेछ । विभिन्न वस्तु राख्ने गोदाम क्षमतामा वृद्धि गर्दा विकास क्षेत्रहरुको आवश्यकता परिवहन सुविधा वितरणको स्थिति आदिलाई ध्यानमा राखेर निर्माण गरिनेछ ।

९. योजनाको लागि सामग्री र मेशिनहरुको कुल अनुमानित खर्च

प्रस्तुत सामग्रीहरुको प्रक्षेपण राष्ट्रिय अर्थ व्यवस्थाको लागि गरिएा हुँदा सबै सामग्रीहरुको प्रक्षेपित परिमाण विकासको लागि मात्र नभई राष्ट्रिय अन्य कृयाकलापमा पनि खपत हुनेछ । पाँचौ योजनाको अधिकतम कार्यक्रम अनुसार विकासका लागि मात्र आवश्यक पर्ने सामग्रीहरुको परिमाण आ.व. २०३१।३२ को स्थिर मूल्यमा कुल रु ३९०.५ करोड र मेशिन तथा औजारको कुल मूल्य रु २८१.५ करोड गरी जम्मा रु ६७२ करोड खर्च लाग्ने अनुमान गरिएको छ जुन अधिकतम कार्यक्रमको कुल खर्च (रु ११४० करोड) को ५८.९५ प्रतिशत हुन आउँछ । अनुमानित रु ३९०.५ करोडको सामग्री मध्ये केही सामग्री पूर्णरुपले केही आंशिक रुपले स्वदेशमै उपलव्ध हुने हुँदा बाँकी मात्र पैठारीद्वारा उपलव्ध गर्नु पर्नेछ । सामग्रीहरुको मूल्य आ.व. २०३१।३२ मा नेपालको औसत बजार भाउमा अनुमान गरिएको र पैठारी गर्नुपर्ने सामग्रीको एक अंश विदेशी सहायता र कर्जाबाट आउने हुँदा पैठारीमा खर्च गर्नुपर्ने खास रकम निक्कै कम हुनेछ ।

भाग ३

परिच्छेद १२

कृषि

नेपालको आर्थिक विकासको क्रममा सबै आर्थिक क्षेत्रको महत्वपूर्ण स्थान हुने भएतापनि वर्तमान आर्थिक स्थितिको सन्दर्भमा द्रुततर आर्थिक विकासको निमित्त र वहुसंख्यक जनताको जीवन स्तर उठाउनको लागि पाँचौ योजना कालमा कृषिलाई नै सर्वोपरी स्थान दिनुपर्ने कुरा सिद्ध भएको छ । वास्तवमा पाँचौ योजनाको प्रमुख उद्देश्य राष्ट्रिय उत्पादनमा परिमाणात्मक र गुणात्मक वृद्धि गर्ने भएता पनि त्यस्तो उत्पादन वृद्धि वहुसंख्यक जनताको दैनिक आवश्यकतालाई पुरा गरी तिनीहरुको जीवन स्तरमा सुधार ल्याउने समेत हुनु पर्ने अर्को प्रमुख उद्देश्य अनुरुप अल्प अवधिमा जनसंख्याको सबै जसो भागलाई प्रत्यक्ष रुपले र तत्कालै असर पार्न सकिने खालका कार्यहरु कृषि क्षेत्रमा मात्र संभव हुने हुन्छ । साथै, कृषि विकासको सुदृढ आधार खडा गर्न सकिएमा पछि अन्य क्षेत्रको समेत द्रुततर विकास गर्न संभव हुने तथ्यलाई समेत ध्यान राखी कृषि विकास कार्यक्रम तर्जुमा गर्नु पर्नेछ ।

विगत योजनाहरुमा पनि कृषिलाई महत्वपूर्ण स्थान दिइएको थियो । यस अनुसार कृषि विकासको निमित्त कतिपय साना ठूला आयोजनाहरु संचालन गरिए र किसानहरुको सामाजिक न्यायको निमित्त पनि भूमिसुधार जस्तो महत्वपूर्ण सुधार कार्यक्रम संचालन भयो । तर, अन्य आर्थिक क्षेत्रमा अपेक्षाकृत विकास नहुंदा अहिले पनि राष्ट्रिय अर्थ व्यवस्थामा कृषि सम्वन्धित व्यवसायमा लागेका छन् । वर्तमान राष्ट्रिय आयको दुई तिहाई भाग कृषिबाट नै प्राप्त हुने र सम्पूर्ण वैदेशिक निर्यातको तीन चौथाई भन्दा बढी भाग पनि कृषि क्षेत्रबाट नै उपलव्ध हुने हुंदा लामो अवधि सम्म पनि आर्थिक विकासको क्रममा कृषिलाई नै अगुवा क्षेत्र (Leading Sector) को रुपमा विकसित गर्नु पर्ने देखिन्छ ।

अर्को कुरा, नेपालको कृषि व्यवसाय साना साना पारिवारिक स्तरमा भएकोले यस्ता वहुसंख्यक कृषि परिवारलाई उत्पादन वृद्धि गर्ने उचित स्थितिको सिर्जना गरेमा मात्र राष्ट्रिय निर्धारित उद्देश्य हासिल गर्न सकिने छ । तसर्थ, यस्ता कृषि परिवारलाई अपेक्षित दिशा र गति प्रदान गर्न प्रत्यक्ष र अप्रत्यक्षरुपमा कतिपय संस्थागत सुधार नियमहरु त आवश्यक हुन्छ नै तर यस्को साथ साथै तिनीहरुलाई यस्ता सुधार कार्यक्रमकै सहयोग (Follow-up) कार्यक्रमको रुपमा आवश्यक सेवा र सुविधाहरुको व्यवस्था पनि गरिनु पर्छ ।

त्यसैले पाँचौ योजनामा कृषि विकास कार्यक्रमलाई श्री ५ को सरकारबाट संचालित कार्यक्रमको रुपमा भन्दा यस्ता कार्यक्रमबाट निजी किसानलाई निर्दिष्ट दिशामा उत्साहित गर्ने माध्यमको रुपमा लिइएको छ । यसरी एकातिर वहुसंख्यक किसानलाई उत्पादन वृद्धिको निमित्त आवश्यक उन्नत विउ, वोट, वेर्ना, रासायनिक मल, रोग तथा कीटनाशक औषधी, उन्नत औजार आदिको व्यवस्था गर्ने र त्यसको लागि आवश्यक मात्रामा ऋण सुविधाको समेत व्यवस्था गर्ने कार्यक्रम संचालन गर्ने रहेको हुनु पर्छ भने अर्को तिर यस्ता किसानले आफ्नो मेहनतले बढी उव्जाउन सकेको उत्पादन न्यायोचित वितरणको व्यवस्था गर्ने कार्यक्रम समेत रहनु पर्छ । पाँचौ योजनाको कृषि विकास कार्यक्रममा यी दुई मुख्य कुरालाई नै ध्यानमा राखिएको छ ।

क) <u>कृषि विकासको उद्देश्य</u>

१. बढ्दै जाने जनसंख्यालाई समेत दृष्टिगत राखी कृषि उत्पादनमा स्थायी रुपमा परिमाणात्मक वृद्धि गर्ने र गुणात्मक सुधार गर्ने । खाद्यान्न र नगदेवालीका साथै पशुपालन र फलोद्यानको पनि विकास गर्ने ।

२. प्रादेशिक आर्थिक असमानता कम गराउन र राष्ट्रिय आर्थिक व्यवस्थालाई एक अर्कोसित आवद्ध गराउन भौगोलिक स्थिति र हावापानीको प्रतिनिधित्व गर्ने क्षेत्रको निर्धारण गरेर कृषि उत्पादन विशेषताको विकास गर्ने ।

३. कृषि जन्य उद्योगहरुको लागि चाहिने औद्योगिक कच्चा पदार्थको उत्पादनको व्यवस्था गर्ने ।

४. कृषि उत्पादनको निर्यात व्यापारमा परिमाणात्मक वृद्धि, गुणात्मक सुधार र विविधीकरणमा मद्दत पुऱ्याउने ।

५. बढ्दो जनसंख्यालाई रोजगारी दिलाउने मुख्य क्षेत्र कृषि नै भएकोले उन्नत कृषि प्रणालीमा श्रममूलक प्रविधि अपनाई प्रति एकाई जमीन र श्रमको उत्पादकत्व बढाउने ।

ख) नीति

१. वन, कृषि र सिंचाई कार्यक्रम समन्वयात्मक तरिकाले संचालन गरी अल्पकालीन तथा दीर्घकालीन आवश्यकतालाई ध्यानमा राखी वैज्ञानिक तवरले जमीनको उपयोग र संरक्षण गर्ने ।

२. कृषि अनुसन्धान र प्रसार एक अर्काको पूरक र उत्पादनमूलक बनाउन साधन र जनशक्तिको समन्वयात्मक तरिकाले परिचालन गर्ने ।

३. बढी उत्पादन गर्न आवश्यक पर्ने कृषि सम्बन्धी ज्ञान, सिंचाई, उन्नत उत्पादन साधन, ऋण र बजार व्यवस्था किसान समक्ष आवश्यक मात्रामा पुऱ्याउन सक्षम संगठनको व्यवस्था गर्ने ।

४. वर्तमान रोजगारीको समस्या र बढ्दै आउने जनसंख्यालाई अन्य क्षेत्रमा द्रुतगतिमा रोजगारी सम्भव नभएकोले कृषि रोजगारी दिलाउन श्रममूलक प्रविधिलाई प्राथमिकता दिने ।

५. बढी उत्पादनको फल उत्पादकले उपयोग गर्न पाउने व्यवस्था गर्न संस्थागत सुधारद्वारा सर्वसाधारण किसानलाई बढी उत्पादन गर्न प्रोत्साहित गर्ने ।

६. तराई प्रदेशमा खाद्यान्न र नगदेवालीहरुको विकास सघन रुपले गर्ने । पहाडी र उच्च पहाडी प्रदेशहरुका सम्भावित जिल्लाहरुमा यी बालीहरुको विकास सघन रुपले गर्ने र अन्य जिल्लाहरुमा प्रारम्भिक र अन्तरिम रुपमा संचालन गर्ने ।

७. पहाडी प्रदेशमा फलोद्यान विकास व्यावसायिक स्तरमा सघन रुपमा संचालन गर्ने ।

८.. उच्च पहाडी प्रदेशमा पशुपालनको विकास व्यावसायिक स्तरमा सघन रुपले संचालन गर्ने ।

९. कृषि अनुसन्धान उत्पादनमूलक र किसानको समस्या सुल्झाउने खालका अनुसरणित अनुसन्धान (Adaptive research) लाई प्राथमिकता दिने ।

१०. अनुसन्धान र प्रसार कार्यक्रमलाई एक अर्काको पूरक गराउन अनुसन्धान एकाई केन्द्र तथा फार्मलाई प्रसारको लागि चाहिने विषय विशेषताको सेवा उपलवध गराउने केन्द्र बनाउने ।

ग) <u>कृषि विकासको उद्देश्य</u>

१.. पाँचौ योजनामा निर्धारित न्यूनतम र अधिकतम कार्यक्रम लक्ष्य वमोजिम कार्यान्वित भएमा कुल राष्ट्रिय उत्पादन आर्थिक वर्ष २०३१-३२ को मूल्यमा वार्षिक ४ देखि ५ प्रतिशत सम्म वृद्धि हुने अनुमान गरिएको छ । राष्ट्रिय उत्पादनको वार्षिक वृद्धिदरलाई ५ प्रतिशत सम्म पुऱ्याउन वार्षिक ३.५ प्रतिशतका दरले कृषि क्षेत्रको उत्पादनमा वृद्धि हुन आवश्यक भएकोले सोही अनुसार कृषि क्षेत्रको उत्पादन बढाउने लक्ष्य निर्धारित गरिएको छ ।

योजनामा निर्धारित कार्यक्रमबाट सम्पूर्ण कृषि क्षेत्रको उत्पादन योजना कालमा १९.२ प्रतिशतबाट वृद्धि हुने अनुमान गरिएको छ ।

पशु जन्य पदार्थहरुको वृद्धि दर यस परिच्छेदका अन्य सम्बन्धित भागहरुमा प्रस्तुत गरिएका छन् ।

(१) <u>खाद्यान्न तथा आलु:</u>

बढ्दो जनसंख्या बढ्न आउने खाद्य वस्तुको मागलाई ध्यानमा राखी पाँचौ योजनावधिमा १६.७२ प्रतिशतले खाद्य वस्तुको भौतिक उत्पादनमा वृद्धि गर्ने लक्ष्य राखिएको छ । विभिन्न वालीको उत्पादन लक्ष्य निम्न वमोजिम राखिएको छ ।

तालिका १

खाद्यान्न तथा आलु उत्पादन लक्ष्य

(१०० मे.ट. मा)

उत्पादन गरिने वस्तु	०३१-३२ को अनुमानित उत्पादन	२०३६-३७ को उत्पादन लक्ष्य	योजना अवधिको वृद्धि प्रतिशतमा
१. धान	2506=75	2799=78	11=68
२. मकै	853=90	1003=37	17=50
३. गहुँ	366=68	578=66	57=81
४. जौं	27=95	30=12	7=76
५. कोदो	109=93	115=06	4=66
६. फाफर	26=18	28=19	7=67
७. दालभात	70=07	78=90	12=60
८. आलु	326=34	370=64	13=57
जम्मा	4287=80	5004=72	16=72

खाद्य बाली उत्पादनमा विशेषत उन्नत घिउ, रासायनिक मलखाद, सिंचाई सुविधामा थप व्यवस्था गरिने कार्यक्रम राखिएको छ । साथै, कृषक वर्ग समक्ष प्राविधिक ज्ञान पुऱ्याउन र उनीहरुको समस्याको समाधानको लागि कृषि प्रसार सेवा र कृषि सम्वन्धी अनुसन्धान कार्य एक अर्काको पुरक रुपमा संचालन गरिनेछ । पाँचौ योजनाकालमा पुनर्वास कार्यक्रम अन्तर्गत तराईका जिल्लाहरुमा पहाडबाट परिवारहरुलाई वसाइने कार्यक्रम भएको हुँदा यसबाट पनि उत्पादन वृद्धिमा योगदान पुग्ने हिसाव गरिएको छ ।

उन्नत विजनको प्रयोग

पाँचौ योजनाकालमा विभिन्न खाद्यवालीमा उन्नत वीजले ढाकिने क्षेत्रको लक्ष्य तालिका नं. २ मा दिइएको छ । योजनाको अन्त सम्ममा ३८७,६५० हेक्टरमा उन्नत धानको वीउले ढाकिनेछ । ३६७,२०० हेक्टर जमीनमा उन्नत गहुं र १३५,९०० हेक्टर जमीनमा उन्नत मकै लगाइनेछ । यस वाहेक अन्य खाद्यान्न र आलु उत्पादन वृद्धि गर्न उन्नत वीउको प्रयोगमा पनि वृद्धि गरिनेछ ।

तालिका नं. २

उन्नत विजनले ढाकिने क्षेत्रफलको लक्ष्य

(१०० हेक्टरमा)

वर्ष वाली	चौथो योजनाको अन्त्यको स्थिति	पाँचौ योजनाकालमा हुने					पाँचौ योजनामा प्रतिशत वृद्धि
	2031-32	032-33	033-34	034-35	035-36	036-37	
१. धान	150=00	214=70	251=81	292=32	326=81	387=65	158=43
२. मकै	45=00	61=46	73=14	89=72	107=48	135=90	202=00
३. गहु	165=00	179=87	219=56	265=25	311=27	367=20	122=54
४. जौं	0	0	0	0	0	3=45	0
५. कोदो	0	0=01	0=01	0=04	0=14	0=19	0
६. दालजात	0	0	0=03	0=36	1=42	4=84	0
७. आलु	5=09	5=80	6=46	7=47	9=26	12=44	144=40
जम्मा	365=09	461=84	551=01	655=16	756=38	911=67	149=71

तालिका नं. ३

उन्नत विजनको प्रयोग लक्ष्य

(१०० मे. टनमा)

वर्ष वाली	032-33	033-34	034-35	035-36	036-37	hDdf
१. धान	10=735	12=590	14=616	16=340	19=383	73=664
२. मकै	1=536	1=828	2=243	2=687	3=397	11=6910
३. गहु	12=589	15=372	18=567	21=790	25=705	94=0230
४. जौं	0=004	0=038	0=119	0=224	0=242	0=6270
५. कोदो	0=0001	0=0001	0=0004	0=0011	0=0019	0=0036
६. दालभात	0	0=0009	0=0109	0=0425	0=1451	0=1994
७. आलु	5=803	6=463	7=468	9=256	12=439	41=4290
जम्मा	30=6671	36=2920	43=0243	50=3406	62636	221=6370

पाँचौ योजनाकालमा आवश्यक खाद्य वालीका उन्नत वीउहरु यथाशक्य देश भित्रै उत्पादन गर्ने कार्यक्रम रहेकोछ । यसको निमित्त प्रमाणित विज उत्पादन गर्ने कार्यक्रम रहेको छ । यस कार्यक्रम अन्तर्गत प्रगतिशिल कृषकहरु छानी उनीहरुलाई आवश्यक प्राविधिक ज्ञान र सुपरिक्षण एवं ऋण सुविधा र अन्य उपकरणहरु उपलवध गराइने व्यवस्था छ ।

मलखाद:

मलखाद कृषि उत्पादनमा वृद्धि ल्याउने एक प्रमुख उपकरण हो । स्थानीय मलखादबाट मात्रै खाद्य उत्पादन वृद्धिमा भर पर्न उपयुक्त नहुने हुंदा रासायनिक मलखादको प्रयोग वढाउनु अनिवार्य हुन आउंछ । पाँचौ योजनाकालको अन्तिम वर्षमा न्यूट्रिएन्टको हिसावले कुल ४५,००० मे.ट रासायनिक मल सबै बालीको लागि प्रयोग हुने लक्ष्य राखिएको छ । खाद्यान्न र आलुको लागि मात्र योजनाको अन्तिम वर्षमा ३१,५०० मे.ट. (न्यूट्रिएन्ट) रासायनिक मल प्रयोग गरिने लक्ष्य रहेकोछ । साथै, अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मोल हाल बढ्दै गएको हुंदा स्थानीय मलको प्रयोग बढाउनेतर्फ पनि विशेष ध्यान दिइएको छ । यसको निमित्त माटो विज्ञान र वाली विज्ञान शाखाहरुबाट विशेष कार्यक्रम बनाई कृषि प्रसारको माध्यमबाट खास गरी पहाडी क्षेत्रका कृषकहरुमा प्रसार गरिनेछ ।

तालिका नं. ४

खाद्यान्न तथा आलुवालीमा रासायनिक मलको प्रयोग

मे.ट.मा

वाली	योजना अवधिको जम्मा
धान	46,025
मकै	16,450
गहु	45,400
आलु	7,550
जम्मा	115,425

रासायनिक मलखाद प्रयोगको कार्यक्रम खास गरी उन्नत जातका विजनको प्रयोग हुने र सिंचाई सुविधा उपलव्ध भएको वा हुने स्थानहरुमा संचालन गरिनेछ । रासायनिक मलखाद कृषि सामग्री संस्थानबाट आयात गरी विभिन्न माध्यमद्वारा कृषकहरुमा पुऱ्याइने व्यवस्था गरिएको छ । रासायनिक मलको साथै उन्नत जातका विजन प्रयोग गरिने थानहरुमा कृषि ऋण उपलव्ध गराइने व्यवस्था कृषि विकास वैंकबाट मिलाइनेछ ।

२.औद्योगिक वाली उत्पादन कार्यक्रम :

औद्योगिक वालीमा जूट, सूर्ति, कपास, उखुमा विशेष जोड दिइनेछ र कपास खेती हाल कम मात्रामै गरिएको हुंदा पाँचौ योजना अवधिमा प्रतिशतको दृष्टिबाट निकै नै वृद्धि हुने देखिएतापनि देशमा खोलिने प्रस्तवित

कारखानाको मागलाई यस योनजा अवधिभित्र पूरा गर्न कठिन हुने देखिन्छ । तेल उत्पादनमा वदाम पनि निकै ठूलो स्रोत हुन सक्ने संभावनालाई ध्यानमा राखी पाँचौ योजनाकालमा वदाम खेती वारे आवश्यक प्राविधक संभावना सम्वन्धी अध्ययन गरी उपर्युक्त कार्यक्रमको तर्जुमा गरिएको छ ।

औद्योगिक वाली उत्पादन लक्ष्य तालिका नं. ५ मा दिइएको छ।

तालिका नं. ५

औद्योगिक बालीको उत्पादन लक्ष्य

(मे. ट.मा)

उत्पादन गरिने वस्तु	०३१-३२ को अनुमानित उत्पादन	०३६-३७ को लक्ष्य	योजना अवधिको वृद्धि प्रतिशत
१. जूट	64,386	89,365	38=79
२. सूर्ती	10,662	17,776	66=72
३. उखु	301,303	5,38,452	78=70
४. कपास	60	1,400	0
५. तेलहन	70,350	1,03,952	47=76
जम्मा	4,46,761	7,50,945	68=08

औद्योगिक वाली उत्पादनको निमित्त आवश्यक पर्ने रासायनिक मल कृषि सामग्री संस्थान मार्फत उपलव्ध गराइनेछ र यस्ता कार्यक्रम संचालन गरिने स्थानहरुमा कृषि विकास वैंकबाट आवश्यक ऋणको सुविधा उपलव्ध गराइने छ । औद्योगिक वाली विकास कार्यक्रम अन्तर्गत उन्नत वीउहरुको प्रयोग विस्तार गरिने कार्यक्रम रहेको छ । उन्नत वीउको प्रयोग सम्वन्धी लक्ष्य तालिका नं. ६ दिइएको छ ।

तालिका नं. ६

औद्यागिक वाली कार्यक्रम

वाली	032-33	033-34	034-35	035-36	036-37
(क) उन्नत विउले ढाकिने क्षेत्र (हेक्टरमा)					
१. जूट	25,000	30,000	35,000	40,000	45,000
२. सूर्ती	3,470	3,810	4,160	4,410	4,530
३. उखु	12,660	12,920	15,090	16,780	18,710
४. कपास	180	520	1,540	3,060	4,550
५. तेलहन	2,000	2,500	3,000	4,000	5,000
(ख) विउको आवश्यकता (मे.ट.मा)					
१. जूट	375	450	525	600	675
२. सूर्ती	0=35	0=38	0=42	0=45	0=50
३. उखु	63,300	64,500	75,450	83,900	93,550
४. कपास	2=7	7=8	23=1	44=19	68=3
५. तेलहन	30	37=5	45=0	60=0	75=0

नगदेवालीको उत्पादनको वृद्धि गर्नमा मलखादको प्रयोगमा पनि विस्तार गरिने कार्यक्रम छ । पाँचौ योजनाको अन्तिम वर्षमा ३,१०० मे.ट. (न्यूट्रेन्ट) मलखाद जूटवालीमा प्रयोग गरिनेछ । सूर्ति र उखुवालीमा क्रमशः १२०० मे.ट. र १७५० मे.ट. (न्यूट्रेन्ट) मलखाद प्रयोग गराउने लक्ष्य राखिएको छ । नगदेवालीमा मलखाद प्रयोग लक्ष्य तालिका नं. ७ मा दिइएको छ ।

तालिका नं. ७

नगदेवाली तथा फलफूल तरकारी वालीमा रासायनिक मलको प्रयोग

(मे.ट.मा)

वाली	योजना अवधिको जम्मा
सूर्ति	4,950
जुट	13,750
उखु	6,875
कपास	6,975
तेलवाली	2,100
तरकारी	8,550
फलफूल	4,250
जम्मा	47,450

यी औद्योगिक वालीहरुको उत्पादन कार्यक्रम प्रायः जसो हाल भएका वा संभाव्य कारखानाहरुको समीप र उत्पादन गर्न संभाव्य क्षेत्रहरुमा हुनु युक्तिसंगत हुने हुँदा निम्न बमोजिमका जिल्लाहरुमा संचालन गरिनेछ ।

वाली	जिल्लाहरु
जुट	झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिराहा
सूर्ति	सिराहा, धनुषा, महोत्तरी, सर्लाही
उखु	मोरङ्ग, सुनसरी, सप्तरी, सर्लाही, रौतहट, वारा, पर्सा, चितवन, रुपन्देही, कपिलवस्तु
कपास	नवलपरासी, बाँके, वर्दिया
तेलवाली	सप्तरी, सर्लाही, धनुषा, मकवानपुर, चितवन, दाङ्ग, नवलपरासी, वर्दिया, बाँके, कैलाली, कञ्चनपुर

३. विशेष बाली:

कृषकहरुको आयमा वृद्धि गर्न अतिरिक्त व्यवसायको रुपमा रेशम, अदुवा, अलैची जस्ता विशेष बाली विकास गर्ने कार्यक्रम पाँचौ योजनामा समावेश गरिएको छ । यसको निर्धारित लक्ष तल लेखिए बमोजिम छ ।

उत्पादन गरिने वस्तु	२०३६-३७ मा उत्पादन गरिने
१. रेशम (मे.ट.)	०.५
२. अदुवा (मे.ट.)	२१,१००
३. सुठो (मे.ट.)	३,०००

४. सिचाई व्यवस्था

खाद्यान्न, आलु तथा नगदेवालीको विकास गर्न चाहिने उन्नत विउ र मलखादको प्रयोगलाई प्रभावकारी तुल्याउन सिचाईको व्यवस्था नितान्त जरुरी भएकोले पाँचौ योजनामा कृषकहरुको कुलो सुधार, ट्यूवेल सिचाई विकास, वृहत् तथा अन्य साना सिचाई आयोजनाहरुको कार्यान्वयन गरिने कार्यक्रम छ । यस योजना अवधिमा

थप १४६,००० हेक्टर जमीनमा सिचाई सुविधा उपलब्ध गराउने लक्ष्य राखिएको छ । योजना अवधि भरमा जम्मा १४ वटा वृहत् सिचाई आयोजनाहरु संचालन गरिने छन् । योजना कालमा कुल सिचाई सुविधा पुग्ने क्षेत्र मध्ये लघु सिचाई कार्यक्रमबा ४,३१६ हेक्टर जमीनमा थप सिचाई सुविधा उपलब्ध गराउने कार्यक्रम राखिएको छ । यस सम्बन्धी विस्तृत विवरण सम्बन्धित परिच्छेदमा दिइएको छ ।

५. कृषि ऋण व्यवस्था

कृषि उत्पादनमा वृद्धि गर्न उपलब्ध गराइने विभिन्न उत्पादन सामाग्रीहरु जस्तै रासायनिक मल, विउ, कीट तथा रोग नाशक औषधी, फलफूलका वोट वेर्ना, गोरु, चल्ला जस्ता कतिपय कुराहरु खरीद गर्न र सिचाई सुविधा, कृषि औजार जस्ता अन्य कुराहरुको निमित्त समेत गरी पाँचौ योजनाकालमा जम्मा १४२.३१ करोड वरावरको कृषि ऋण उपलब्ध गराइने छ । यस सम्बन्धी विस्तृत विवरण पनि छुट्टै परिच्छेदमा दिइएको छ ।

६. थप जमीनमा आवादी

पाँचौ योजनामा निर्धारित कृषि उत्पादन वृद्धि गर्न थप जमीन आवादी हुन जरुरी देखिन आएको छ । तसर्थ, योजना अवधिमा नयाँ वासोवास गरिने क्षेत्रमा खेती गरिने भएकोले यसबाट पनि कुल उत्पादन वृद्धिमा अपेक्षित योगदान हुन आउने अनुमान गरिएको छ । वृद्धि गरिने उत्पादनको निमित्त आवश्यक थप जमीनको अनुमान गर्दा नयाँ आवादी हुने सबै जमीनमा खेती हुन नसक्ने कुरालाई ध्यानमा राखी शुद्ध रुपमा खेतीमा आउने भागलाई मात्र समावेश गरिएको छ । यस अनुसार पाँचौ योजना अवधिमा जम्मा ६२,९०० हेक्टरमा थप आवादी गरिनेछ र ५२,१५० हेक्टरमा खेती गरिनेछ ।

७. सघन कृषि विकास कार्यक्रम

देशको भौगोलिक विविधता अनुसार प्रत्यके प्रदेशको कृषि उपयुक्तता (Agro Climativ Condition) हेरी त्यस्तो क्षेत्रमा तत्सम्बन्धी कृषि क्षेत्रमा सघन रुपले विकास हुनु आवश्यक देखिएको छ । सबै प्रदेशको आर्थिक सुविधाहरुमा समानता नहुँदा प्रत्येक क्षेत्रमा उपयुक्तताको आधारमा कृषि क्षेत्रको छनौट गर्न पाँचौ योजनाको नीति अनुरुप खाद्यान्नवाली, नगदेवाली, फलफूल विकास, पशुपालन आदिको निमित्त स्थान छनौट गरी त्यस्ता स्थानहरुमा सबै उपलब्ध साधन पुऱ्याउने व्यवस्था गरिएको छ । यसरी सघन रुपमा विकास गरिने कृषि कार्य अनुसारको स्थानहरु सम्बन्धित शीर्षकमानै विस्तृत रुपले दिइएको छ ।

कृषि उत्पादन निर्धारित लक्ष्य बमोजिम वृद्धि हुने नहुने कुरा स्वत: मौसममा भरपर्ने र अर्को कृषि क्षेत्रमा कार्यरत लाखौं किसानहरुको निर्णय र परिश्रममा आधारित रहने हुन्छ । मौसमको प्रतिकूल प्रभाव कम गर्न सिचाईको विस्तार गर्नुपर्ने र किसानहरुको निर्णय र परिश्रमलाई निर्दिष्ट दिशातर्फ प्रेरित र उत्साहित गर्न सरकारी स्तरबाट कृषि विकासको लागि संचालन गरिने सम्पूर्ण कार्यक्रमलाई किसान सम्म पुऱ्याउनु पर्ने हुन्छ । सरकारी स्तरबाट हुने कृषि विकास योजना र कार्यक्रम केन्द्रीय स्तरमा जनतिसुकै राम्रो भए तापनि यसलाई गाउँ र किसान स्तरमा कार्यान्वित गर्न नसकेमा त्यसको कुनै प्रभावकारिता नहुने हुन्छ । निर्धारित कार्यक्रमलाई यसरी जनस्तरमा पुऱ्याउन प्रशासकीय र संस्थागत माध्यमका साथै गाउँ स्तरमा काम गर्ने प्राविधिकहरुको संख्यात्मक र गुणात्मक सुधार हुनु आवश्यक छ । पाँचौ योजना अन्तर्गत संचालन हुने कृषि विकास कार्यक्रमलाई प्रभावकारी तुल्याउन उपरोक्त तथ्यहरुतर्फ सजग र प्रयत्नशील हुन जरुरी छ ।

(घ) बाली अनुसन्धान तथा विकास

माथि उल्लेख भए अनुसारको खाद्यान्न बाली र नगदेबालीको उत्पादनमा वृद्धि गर्नमा अतिरिक्त जमीनमा आवादीबाट हुन आउने उत्पादनबाट भन्दा वर्तमान जमीनकै उत्पादकत्वत्मा वृद्धिबाट वढी योगदान हुन सक्ने कुरा स्पष्ट छ । जमीनको उत्पादकत्वमा वृद्धि देशको प्रादेशिक जलवायु स्थिति (Agro-climatic conditions) अनुसारको उपयुक्त वाली, यस्तो वालीलाई उपयुक्त हुने उन्नत विउ, उचित कृषि प्रविधि, माटो अनुसारको रासायनिक मल आदिमा निर्भर हुने भएकोले यी विभिन्न पक्षहरुमा सम्वन्धित विषयहरु अनुसन्धान कार्य विगत योजनाकाल देखिनै संचालन गरिदै आएको छ ।देशको भौगोलिक र जलवायुको विभिन्नतालाई ध्यानमा राखी विभिन्न स्थानहरुमा कृषि केन्द्रहरु वा फार्महरु पनि स्थापना गरी त्यस क्षेत्रको स्थानीय विशेष कृषि समस्यालाई ध्यानमा राखी अनुसन्धान कार्य संचालन हुँदै आएको छ । पाँचौ योजना अवधिमा पनि उन्नति कृषि प्रविधिको विकासको निमित्त विभिन्न अनुसन्धान कार्यलाई चालू नै राखिएको छ ।

कृषिका विभिन्न पक्षीय अनुसन्धान कार्यहरु मध्ये प्रत्येकबाट उत्पादन वृद्धिमा हुने योगदान संख्यात्मक रुपबाट यकीन गर्न नसकिने भए तापनि सबै अनुसन्धान कार्यहरु एक अर्काको परिपूरकको रुपमा संचालन गरी यी सबैको सामुहिक योगदानबाट विभिन्न बालीको उत्पादकत्वमा निम्न अनुसार परिवर्तन हुने अनुमान गरिएको छ ।

मुख्य बाली	प्रतिहेक्टर उत्पादन किलोग्राम

	०३१।३२ को अनुमान	०३६।३७ को लक्ष्य	प्रतिशत वृद्धि
धान	1950	2071	6=20
मकै	1825	1959	7=34
गहुं	1171	1306	11=52
जौ	958	976	1=87
आलु	5676	5770	1=65
उखु	16525	21300	28=89
सनपाट	1110	1332	20=00
तेलहन	576	676	17=36

अनुसन्धानको विभिन्न पक्षहरुसँग सम्वन्धित अंगहरुको छुट्टाछुट्टै कार्यक्रम तल प्रस्तुत गरिएको छ:

१. कृषि वनस्पति (बाली विकास कार्यक्रमहरु समेत)

वाली प्रजनन तर्फ प्रत्येक भौगोलिक प्रदेश र हावापानीलाई उपयुक्त हुने किसिमको उन्नत धान, गहु र मकैको एक वा अवस्थानुसार एक भन्दा बढी किमिसको उन्नत विउहरुको विकास गरी योजना अवधि भित्रै मूल विउ उत्पादन गरी प्रजनन विउ उत्पादन गर्नको निमित्त उपलब्ध गराइने छ । यस्ता उन्नत विउको मूल विउ विकास गरी प्रजनन विउको निमित्त सिफारिस गरिदा यी विउहरुको खेती गर्दा अपनाउनु पर्ने विशेष समय, तरिका सामग्रीहरुको आवश्यकता इत्यादि सबै पक्षकहरुको पनि विस्तृत रुपमा सिफारिस उपलब्ध गराइनेछ । यस कार्यको निमित्त आवश्यक मात्रामा विभिन्न स्वदेशी र विदेशी विउहरुको विभिन्न भौगोलिक स्थितिमा परीक्षण संकरण, विउको प्रोटिन-पौष्टिकत्व परीक्षण जस्ता कुराहरु पनि गरिने छन् ।

वनस्पति परिचय र वर्गीकरण कार्य अन्तर्गत विभिन्न स्वदेशी वा विदेशी वालीका नमूना र फारपातका नमूना संकलन गरी यसको परीक्षणहरु र वर्गीकरण गरिनेछ । परीक्षणबाट प्राप्त नतिजा किसानहरु सम्म पुऱ्याई असल झारपातको परिचय र यस्ता झारपातको संरक्षण गर्ने विधि, खराव झारपातको नियन्त्रण गर्ने तरिका आदि वारे सिफारिश गरिनेछ ।

उन्नत विउको शुद्धता कायम राख्न विभिन्न परीक्षणहरु गरी किसानहरुलाई विउको शुद्धतामा असर पार्ने कुराहरुको जानकारी उपलब्ध गराइनेछ । फार्महरु वा किसानहरुबाट विउ उपलब्ध गरी परीक्षण गरिनेछ र यी विजहरुको गुण सम्वन्धी प्रमाणीकरण गरिनेछ । यसरी पाँचौ योजना अवधिमा जम्मा १०,००० मे.ट.न विउ प्रमाणीकरण गरिनेछ । धान, गहुँ, मकै, जौं, जस्ता प्रमुखवालीको विउको शुद्धता कायम राख्न नीति र नियमहरु बनाई कार्यान्वयन समेत गरिनेछ ।

विउको परीक्षण र प्रमाणीकरण गर्न हाल प्रयोगशाला केन्द्रमा सीमित रहेकोले टाढाका जिल्लाहरुबाट व्यापक रुपमा वीज परक्षिण वा प्रमाणीकरण गराउन संभव नभएकोले अन्य तीन विकास क्षेत्रहरुमा पनि एक एक वीज परीक्षण प्रयोगशाला स्थापना गरिनेछ ।

२. बाली विज्ञान:

मध्यवर्ती र उच्च पहाडी प्रदेशका बालीहरु मध्ये जों, उवा, फापर र कोदो पनि निक्कै महत्वपूर्ण रहेको र यस तर्फ हालसम्म कुनै विशेष अध्ययन नभएकोले पाँचौ योजनाकालमा यी बालीको विकासको निमित्त विशेष ध्यान दिइनेछ । कार्यक्रम अनुसार यी चार मुख्य पहाडी बालीको स्वदेशी वा विदेशी जातहरुको परीक्षण-संकरणहरु गरी उन्नत जातको विउ विकास गराइने छ र त्यस्तो उन्नत जातको विउ उपलब्ध गराइनेछ । यसै कममा यस्तो विउ रोप्ने समय, खेती गर्ने तरिका इत्यादि सबै विषयमा सिफारिस समेत गरिनेछ ।

उच्च पहाडी भेगको बाली सम्बन्धमा अध्ययन परीक्षणको निमत्ति पर्याप्त कृषि केन्द्रहरु नभएकोले पाँचौ योजनाकालमा उपयुक्त स्थान छनौट गरी एउटा थप कृषि केन्द्र स्थापना गरिनेछ ।

कृषि वनस्पतिबाट उपलब्ध नयाँ उन्नत विउहरु किसानसम्म पुऱ्याई यसको रोप्ने समय, आवश्यक मात्रा, प्रयोग गरिनु पर्ने सामग्री आदि सम्वन्धमा किसानलाई सिफारिस गरिनेछ । विभिन्न बालीको मिस्रत खेती गरेमा वा घुम्ती बाली प्रणाली अन्तर्गत खेती गरेमा उत्पादनमा र माटोमा गुणमा पनि अपेक्षित असर पर्ने भएकोले यस सम्वन्धमा आवश्यक परीक्षण गरी किसानहरुलाई यस्तो विधिको विस्तृत ज्ञान उपलब्ध गराइनेछ ।

कोसेवाली, विशेष गरेर दाल जातीको बालीलाई विकास गर्ने सन्दर्भमा कतिपय स्वदेशी वा विदेशी जातहरुको परीक्षण गरी स्थानीय जलवायुलाई उपयुक्त हुने उन्नत जातको किसिम पत्ता लगाई किसान सम्म पुऱ्याइने छ र यसको खेती गर्ने विधि सम्वन्धी जानकारी पनि उपलव्ध गराइनेछ ।

सरकारी कृषि केन्द्र वा फार्महरुबाट उपलव्ध मूल विउबाट धानको १५०० के.जी गहुको १५०० के.जी र मर्कको २१२५ के.जी प्रजनन विउ उत्पादन गरिने छ । यस बाहेक यी फार्महरुबाटै धानको १५१५ मे.ट., गहुँको १२८५ मे.ट र मकैको १५९ मे.ट उन्नत विउ उत्पादन गरिनेछ । यसै गरी तेलहन, सनपाट, कोसेवाली र उखुमा पनि क्रमश: ८ मे.ट., ४५ मे.ट., २६ मे.ट. र २३०० मे.ट. उन्नत विउको उत्पादन हुनेछ ।

झारपातहरुको नियन्त्रण हुन सकेमा पनि उत्पादकत्वमा निक्के राम्रो असर पर्ने अनुभव गरिएको छ । यस सन्दर्भमा नियन्त्रण गर्न सरल विधि विकास गरी किसानलाई यस्तो विधिको जानकारी उपलव्ध गराइने छ ।

उपर्युक्त विभिन्न सिफारिस कार्यको निमित्त कतिपय परीक्षणहरुको आवश्यकता पर्ने हुँदा पाँचौ योजना अवधिमा सबै किसिम गरी जम्मा ११९७ किसिमका परीक्षण गरिने अनुमान छ ।

३. कपास विकास कार्यक्रम:

विगत केही वर्ष देखि सुदूर पश्चिमाञ्चल पुनर्वास क्षेत्रमा प्रयोगात्मक रुपमा कपासको खेती हुँदै आएको छ । पाँचौ योजना अवधिमा नेपालमा व्यावसायिक स्तरमा कपास खेतीको विकास गर्ने नीति अनुरुप यसलाई वढाई ४५५० हेक्टरमा खेती गरिनेछ । यस मध्ये करीव ५५० हेक्टर सुदूर पश्चिमाञ्चलको पुनर्वास क्षेत्रमा कपास खेती गरिनेछ र वाँकी भाग पनि सुदूर पश्चिमाकै उपयुक्त क्षेत्रमा खेती गरिनेछ । खेती निजी किसानको स्तरमा हुने हुनाले आवश्यक परीक्षणहरु गरी उन्नत विउ विकास गर्ने र आवश्यक उन्नत विउ, मल, औजार, औषधी आदि उपलव्ध गराउने र प्राविधिक नियन्त्रण गर्ने काम विभागीय स्तरबाट नै हुनेछ । यस कार्यको निमित्त संयुक्तराष्ट्र विकास कार्यक्रमबाट पनि सहयोग प्राप्त हुनेछ ।

४. नगदेवाली विकास सम्वन्धी थप कार्यक्रम:

बाली विकास कार्यक्रम अन्तर्गत पनि नगदेवालीको विकास गर्न कार्यक्रम समावेश भइसकेको छ । अधिराज्यका उपयुक्त स्थानहरुमा नगदेवालीको खेतीलाई अझ बढी स्तरमा खेती गर्न संभावना हेरी स्थान छनौट गरी कार्यक्रम संचालन नर्ग अधिकतम कार्यक्रम अन्तर्गत थप व्यवस्था गरिएको छ।

५. माटो विज्ञान:

माटो, बालीको किसिम र मलको किसिम वा मात्राको उचित समन्वय भएमा उत्पादकत्वमा निक्कै नै वृद्धि हुन सक्ने कुरा परीक्षणहरुबाट सिद्ध भइसकेको छ । यी कुरालाई ध्यानमा राखी विगत योजना अवधि देखि नै विभिन्न जिल्लाको माटोको सर्वेक्षण गरी माटोका रासायनिक तत्व अनुसार वर्गीकरण गर्ने काम चली आएको छ । पाँचौ योजनाकालमा पहिले सर्वेक्षण भइसकेका जिल्ला र योजनाकालमा सर्वेक्षण हुने स्थानहरुको माटोको रुप हेरी प्रत्येक जिल्लाको निमित्त र प्रत्येक बालीको निमित्त आवश्यक पर्ने मलको किसिम (एन.पी.के) र मात्रा वा प्राँगरिक मलको मात्राको विस्तृत विवरण तयार गरी किसानको स्तरमा जानकारी उपलव्ध गराइनेछ । वर्तमान रासायनिक मलको आपूर्तिलाई ध्यनमा राखी प्राँगारिक मल वा जैविक मल (गोवर, कम्पोष्ट, सिनो आदि) को तयारी विधि र प्रयोग विधि सहित किसानहरुमा सर्वेक्षण हुने सबै जिलमा सघन रुपमा प्रसार गरिनेछ । योजना अवधिमा थप २८,७२,००० हेक्टर भूमिको माटोमा सर्वेक्षण गरिनेछ र आवश्यक परीक्षण विश्लेषण गरी सर्वेक्षण पूरा भएका सबै स्थानको माटोको वर्गीकरण अनुसारको नक्सा (Soil map) तयार गरिनेछ ।

६. वढी उपजका अन्न बाली विकास आयोजना:

संयुक्त राष्ट्र विकास कार्यक्रमको सहयोग अन्तर्गत संचालित यस आयोजनाको पहिलो चरणको काम प्राय समाप्त भइसकेको छ । पाँचौ योजनामा यसै आयोजनाको दोस्रो चरणको काम संचालन गरिनेछ ।

७. बाली रोग विज्ञान:

धान, गहुँ, मकै र आलु जस्ता प्रमुख बालीहरुमा रोगहरु (जस्तै धानको ल्वाइट, हेल्मेन्थो, स्पोरियम आदि, गहुँको सिंदुरे, कालो पोके, मकैको हेल्मेन्थो स्पोरियम, लेक्टो स्पोरियम, रस्ट आदि र आलुको डडुवा आदि) नियन्त्रण गर्न निश्चित र सरल विधि पत्ता लगाई किसानहरुलाई विस्तृत जानकारी उपलव्ध गराइनेछ । यस्तो सिफारिसको निमित्त थप १२८,००० हेक्टर भूमिमा रोग सम्वन्धी सर्वेक्षण गरिनेछ र आवश्यक परीक्षणहरु पनि गरिनेछ ।

८. ल्पाण्ट क्वारेन्टिन:

विदेशबाट पैठारी गरिंदा विभिन्न वनस्पतिमा रहेका रोग र कीटाणुहरु पनि संगै भित्रिने भएकोले पैठारी गरिने प्रत्येक बोट विरुवाहरुलाई क्वारेन्टिनमा राखी जाँची उपचार गरेम मात्र भित्रिन दिने व्यवस्था गरिएको छ । यसै गरी निकासी गरिने वनस्पतिहरुको फलफूलका वोट विरुवा जाँच गरी निरोगिताको प्रमाणपत्र नदिंदा सम्म निकासी संभव नुहेन भएकोले यसतर्फ पनि आवश्यक काममा विस्तार गरिनु पर्ने देखिएको छ । हाल ५ विभिन्न

स्थानमा यस्ता क्वारेन्टिन शाखाहरु संचालन भइरहेका छन् । पाँचौ योजना अवधिमा पशुपतिनगर, भद्रपुर, धनगढी, महेन्द्रनगर कोइलावास गरी थप ५ वटा क्लारेन्टिन केन्द्र स्थापना गरिनेछन् ।

९. कीट विज्ञान:

विभिन्न बालीहरुमा लाग्ने कीरा, फट्याङ्ग्रा आदि र अन्न भित्र्याई सकेपछि भकारी वा गोदाममा लाग्ने कीरा मुसा आदिबाट हुने क्षति सम्वन्धमा अध्ययन गरी यस्तो क्षतिबाट वाली र अन्न जोगाउन हानीकारक कीरा मुसाको नियन्त्रण गर्ने निश्चित र सरल विधि पत्ता लगाई किसानलाई सिफारिस गर्ने, यस्ता मुसा-किराबाट विउ, अन्न जोगाउन प्रयोग गरिने विषादि औषधीको कुप्रभाव रोक्ने उपाय सिफारिस गर्ने रउपयोगी कीरा जस्तै मौरी, रेशम आदि उपयोगिताबारे व्यापक प्रसार गर्ने किट विज्ञान अन्तर्गतका तीन मुख्य काम हुन् । पाँचौ योजना अवधिमा यी तिनै अंगको अधययन परीक्षण गरी किसानलाई सिफारिस उपलव्ध गरिनेछ र आवश्यक छोटो अवधिको तालिम समेत दिइनेछ । मौरी, रेशम जस्ता उपयोगी कीरा पालन गर्नमा आवश्यकतानुसार किसानलाई प्राविधिक सहयोग गर्ने पनि व्यवस्था मिलाइएको छ ।

यी कार्यहरुको विभिन्न पक्षहरुसंग सम्वन्धित अध्ययन, सर्वेक्षण र परीक्षण कार्य चालू नै रहनेछन् ।

१०. व्यावसायिक कीट विज्ञान:

सिन्धुपाल्चके, काभ्रेपलान्चोक र अन्य सआसपासका क्षेत्रमा रेशमको व्यावसायिक स्तरमा खेती गर्ने प्रशस्त संभावना देखिएको छ ।यसै गरी यसै क्षेत्रमा मौरी पालन गर्ने पनि राम्रो संभावना देखिएको छ ।यस क्षेत्रमा यी दुई किसिमका यावसायिक कीराहरु पालन गर्नको निमित्त खोपासीमा एउटा आयोजना स्थापना गरिसकिएको छ । यस आयोजनाबाट रेशमको लागि आवश्यक किम्वुको खेती गर्न, रेशमको कीरा पालन गर्न, उपयुक्त समयमा रेशम निकाल्ने र मौरी पालन गर्ने सम्वन्धी विभिन्न परीक्षण गर्ने, आवश्यक विउ वेर्ना र विउ कीराहरु उत्पादन गर्ने कार्य लगायत त्यस भेगका किसानहरुलाई सहायक व्यवसायको रुपमा यी कीराको पालन गर्ने वा किम्वुको खेती गर्ने सम्वन्धी प्रचार प्रसार गर्ने र आवश्यक तालिम समेत दिने व्यवस्था गरिएको छ । पाँचौ योजना अवधिमा यी सबै कुराहरु चालू नै राखिने छन् र सरकारी र गैर सरकारी क्षेत्रमा त्यस सम्वन्धी कारखाना विकास गर्ने पक्षम समेत आवश्यक काम गर्ने लक्ष्य राखिएको छ ।

११. कृषि इञ्जिनियरिंग:

कृषक स्तरमा उपयोग गरिने साना तर महत्वपूर्ण औजारहरु माटोको मिसिम अनुसरको राम्रो आकार प्रकारको हुन सकेमा पनि यस्ता औजारको उत्पादकत्वमा अप्रत्याशित वृद्धि हुने देखिएको छ । यसै गरी बालीलाई पानीको उपयुक्त मात्रा, खेतको उचित ले-आउनट, गरा कान्ला आदिको उचित व्यवस्था भएमा पनि उत्पादनमा राम्रो असर पर्ने र भू-क्षय समेत नियन्त्रण गर्नमा सहायक हुने देखिएको छ । यी सबै कुरालाई ध्यानमा राखी पाँचौ योजनाकालमा कृषि इञ्जिनियरिङ्ग आयोजनाबाट स्थानीय श्रम रसामग्रीबाट संभव हुने वैज्ञानिक भकारीहरुको डिजाईन गर्ने, कुखुरा खोरहरु डिजाइन गर्ने, विभिन्न बालीमा आवश्यक पानीको मात्रा निर्धारण गरी बढीलाई निकासको निमित्त इञ्जिनियरिंग डिजाइन तयार गर्ने, विभिन्न सिचाई साधन जस्तै कुवा, ट्व्ववेल आदिको तुलनात्मक नाफा नोक्सान अधययन गर्ने, गरा कान्ला तयार गर्न डिजाइन र प्रदर्शन गर्न र विभिनन औजारहरुको नमूना तयार गरी यस्ता औजारको प्रयोग गर्ने सम्वन्धमा तालिम समेत दिने जस्ता कार्य संचालन गरिनेछ ।यस अवधिमा अधययन हुने प्रत्येक विषयको पूर्ण रुपले प्रतिवेदन तयार गरिनेछ र उपयुक्त ठहरिएका विधिहरुको प्रयोग गर्नमा अनिवार्य रुपले कृषकहरुलाई जानकारी उपलवध गराइने छ र प्राविधिक सहयोग पनि पुऱ्याइनेछ ।

नेपालमा गोवरलाई गुइठा बनाई इन्धनको रुपमा प्रयोग गरिने प्रचलनले गर्दा प्राँगरिक मलको पूर्ति कम हुन गएको छ । यस्तो अवस्थामा गोवरबाट शक्तिको उत्पादनको साथै मलको रासायनिक तत्व समेत कायमै राख्न गोवर ग्याँस तयार गर्ने कार्यक्रम उपयुक्त देखिएको छ । कृषि वर्षमा केही स्थानमा गोवर ग्याँस परीक्षणको रुपमा चालू गरिनेछ । पाँचौ योजना अवधिमा अरु संभव स्थानमा पनि त्यसको विस्तार गरिनेछ र निजी क्षेत्रमा तयार गर्न चाहने किसानलाई कृषि इञ्जिनियरिंग शाखाबाट नै प्राविधिक सहयोग उपलव्ध गराउने व्यवस्था गरिनेछ ।

१२. कृषि केन्द्र वा फार्महरु:

भौगोलिक विविधताले गर्दा कृषि वातावरण स्थिति ९ब्नचय(ऋषिबतष्अ ऋयलमष्तष्यल० मा समेत विविधता पर्न जाने भएकोले विभिन्न बालीको निमित्त उन्नत विउको औचित्य परीक्षण गर्नु र स्थानीय कृषि तरिकामा समेत अनुसन्धान हुनु आवश्यक छ । सबैलाई दृष्टिगत गरी हाल तरहरा, परवानीपुर धनकुटा, जनकपुर, रामपुर, खुमलटार, जिरी, भैरहवा, नेपालगंज, जुम्ला र डोटी गरी ११ स्थानमा कृषि केन्द्र वा फार्म संचालन भइरहेका छन् । यी केन्द्र वा फार्महरुमा उन्नत, विउ, रासायनिक मल आदि वारे विभिन्न परीक्षणहरु गरी प्रजनन

विउ उत्पादन गर्ने र उन्नत विउ उत्पादन गर्ने काम चालू रहेको छ । पाँचौ योजना कालमा यी सबै कार्य चालू नै रहनेछन् ।

उपर्युक्त केन्द्र वा फार्म वाहेक धनकुटाको साविककै फलोद्यान केन्द्रलाई विस्तार गरी कृषि केन्द्रमा परिणत गरिएको छ । यस केन्द्रबाट बाली विकासको निमित्त पनि परीक्षण्हरु संचालन गर्ने कार्यक्रम समावेश गरिएको छ । सुर्खेतको कृषि केन्द्र स्थापना कार्य पाँचौ योजना अवधि भित्रै पूरा गरिनेछ र यसबाट परीक्षणहरु प्रारम्भ गरिनेछ ।

टिकापुर आयोजना अन्तर्ग १००० विगाहा (६७५ हेक्टर) को एउटा कृषि फार्म पनि स्थापना गरिने लक्ष्य रहेको छ ।

पहाडी भेगका लागि उचित उन्नत विउको विशेष रुपमा परीक्षण भइ सिफारिस हुन नसकेकोले विशेष गरेर पहाडी प्रदेशमा लाग्ने ।वली जस्तै जौ, कोदो, फाफर, उवा आदि जस्ता वालीलाइ नै विशेष पैाथमिकता दिई परीक्षणहरु गरी उन्नत विउ र कृषि प्रणाली सिफारि गर्न पाँचौ योजनाको प्रारंभिक वर्षहरुमा उपयुक्त पहाडी भेगमा नै एउटा कृषि केन्द्र स्थापना गरिनेछ ।

कृषि केन्द्र वा फार्महरु संचालन गर्न संयुक्त राष्ट्र विकास कार्यक्रमबाट पनि सहयोग प्राप्त हुनेछ ।

१३. <u>विउ वृद्धि फार्महरु</u>

वर्तमान कृषि केन्द्रको र कृषि फार्महरुको उन्नत विउको उत्पादन पर्याप्त नभएकोले विगत केही वर्ष देखि निजी स्तरमा पनि नियन्त्रित रुपमा उन्नत विउको खेती गराई उन्नत विउको पूर्ति गर्ने व्यवस्था गरिएको हो । त्यसबाट पनि बढ्दो आवश्यकता पूर्ति नहुने भएकोले पाँचौ योजनाकालामा तीन स्थानमा सरकारी स्तरमा नै वीज वृद्धि फार्म स्थापना गर्ने कार्यक्रम राखिएको छ । यस अनुसार सुनसरीमा धान र गहुंको उन्नत विउको उत्पादन गर्ने र पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलको उपयुक्त स्थानमा एक एक फार्म स्थापना गरी विउ उत्पादन कार्य प्रारम्भ गर्ने लक्ष्य राखिएको छ ।

ङ. <u>कृषि प्रसार</u>

पाँचौ योजनामा कृषि उत्पादन वृद्धि गर्ने नेपालको विभिन्न हावापानी अनुकूलको उन्नत विउ, फलफूल, तरकारी, पशजात आदिको परीक्षण गरी उपयुक्त किसिमको सिफारिश गर्ने कार्य विभिन्न कृषि केन्द्र, फार्म, फलफूल विकास केन्द्र, पशु विकास केन्द्र आदिबाट भइरहेका छन् । यी सबै केन्द्रको मुख्य काम आफ्नो सम्वन्धित क्षेत्रमा अनुसन्धान परीक्षण गरी वैज्ञानिक प्रणालीको विकास गर्नु हो । नेपालमा कृषि उत्पादन असंख्य तर स-साना निजी किसानहरु मार्फत मात्र हुने गरेकोले यसरी अनुसन्धानबाट प्राप्त उन्नत ज्ञान किसानसम्म पुऱ्याउन छुट्टै तर सशक्त माध्यमको आवश्यकता अनुभव गरेर विगत योजना अवधि देखि नै कृषि प्रसार कार्यमा जोड हुंदै आएको हो । अनुसन्धान र कृषककोबीच सम्पर्क स्थापना गरेर अनुसन्धानबाट उपयोगी ठहरिएका प्रविधि कृषक समक्ष पुऱ्याउने र उन्नत कृषि कार्यतर्फ कृषकको उत्साह बढाउने मनोभावना जगाउने काम कृषि प्रसार माध्यमबाट हुने हुनाले कृषि प्रसार कार्यक्रम वढी प्रभावकारी ढंगबाट चलाउन आवश्यक छ ।

सबै जिल्लाहरुमा कृषि उत्पादन बढाउन चाहिने आधारभूत स्थितिहरु एकै किसिमको नभएको हुंदा एकै किसिमको कार्यक्रम संचालन गर्दा प्रभावकारी र लाभ दायक नहुने हुनाले कृषि विकासको लागि अधिराज्यका जिल्लाहरु चरण चरणमा विभाजित गरिएको र आधारभूत कुराहरु र अरु संभाव्यताको आधारमा कार्यक्रम वर्गीकरण गरिएको छ । कृषि विकासको लागि आधारभूत स्थिति भइसकेका जिल्लाहरुमा सघन कार्यक्रम र आधारभूत स्थिति पैदा भई नसकेको जिल्लाहरुमा साधारण कार्यक्रम संचालन गरिनेछ । सघन जिल्लाहरुमा निम्न अनुासरको कार्यक्रम संचालन गरिनेछ ।

१. उन्न कृषि पद्धतिको प्रयोग बढाउनको निमित्त कृषकहरुमा विश्वास दिलाउन अपनाइने कृषि प्रसार तरिकाहरु जस्तै तरिका प्रदर्शन, नतिजा प्रदर्शन, अगुवा कृषक तालिम, वाली प्रतियोगिता आदि बढी मात्रामा संचालन गरी कृषकहरुलाई उन्नत कृषि पद्धति र उपकरणको प्रयोग अपनाउनमा जोड दिने ।

२. कृषि विकासको लागि चाहिने कृषि प्राविधिक ज्ञान, कृषि सामाग्री र साधनहरु आवश्यकता अनुसार समन्वयात्मक तरिकाले कृषकलाई चाहिएको समयमा, उचित मूल्यमा र सरल तरिकाले उपलब्ध गराउने । साधारण जिल्लाहरुमा क्रमशः कृषि उत्पादन बढाउन उन्नत कृषि सामाग्री र साधनहरु वारे कृषक वर्गलाई परिचय गराउने र उपलब्ध साधन र संगठनबाट सम्भव भएसम्म त्यस्ता उन्नत कृषि उपकरण र सामाग्रीहरु प्रारम्भिक जिल्लाहरुमा पनि पुऱ्याइनेछ ।

देशको भौगोलिक स्थिति, हावापानी र जन आवश्यकतालाई ध्यानमा राखी कृषि क्षेत्र भित्रका विभिन्न उप क्षेत्र खाद्यान्न ।वली, नगदे वाली, फफूल, तरकारी, पशु, माछा आदिको विकासको तह अथवा स्थिति विभिन्न भएकोले हुनाले सघन कार्यक्रमको लागि विभिन्न क्षेत्रको लागि विभिन्न जिल्लाहरु तथा क्षेत्र छानिएको छ जुन निम्न अनुसार छ :

सघन खाद्यान्न तथा नगदे वाली विकास गर्ने जिल्लाहरु :

१. झापा २. मोरंग ३. सुनसरी ४. सप्तरी ५. सिराहा ६. धनुषा ७. महोत्तरी ८.सर्लाही ९. रौतहट १०. वारा ११. पर्सा १२. चिवत १३. नवलपरासी १४. रुपन्देही १५. कपिलवस्तु १६. दांग देउखुरी १७. वांके १८. वर्दिया १९. कैलाली २०. कन्चनपुर २१. इलाम २२. धनकुटा २३. उदयपुर २४. सिधुली २५. काभ्रेपलान्चोक २६. सिन्धुपाल्चोक २७. काठमाडौं २८. भक्तपुर २९. ललितपुर ३०. मकवानपुर ३१. धादिङ ३२. नुवाकोट ३३. तनहुं ३४. लम्जुंग ३५. प्यूठान ३६. सुर्खेत ३७. जुम्ला ३८. डोटी ३९. डडेलधुरा ४०. पाल्पा ४१. स्यांजा

सघन फलफूल विकास:

१. इलाम २. पाँचथर ३. धनकुटा ४. भोजपुर ५. खोटाङ ६. उदयपुर ७. ओखलढुंगा ८. रामेछाप ९. सित्धुपाल्चोक १०. गोर्खा ११. तनहु १२. कास्की १३. गुल्मी १४. अर्घाखांची १५. दैलेख १६. जाजरकोट १७. कालीकोट १८. मुगु १९. हुम्ला २०. जुम्ला २१. मनांग २२. मुस्तांग २३. गोल्पा २४. काठमाडों २५. भक्तपुर २६. ललितपुर २७. नुवाकोट २८. धादिंग २९. मकवानपुर ३०. वारा ३१. पर्सा ३२. काभ्रे ३३. पाल्पा ३४. रुपन्देही ३५. कैलाली ३६. डोटी ३७. डडेलधुरा ३८. वैतडी ३९. रसुवा

सघन तरकारी विकास:

मुख्य शहरहरुको आसपासको क्षेत्र र यस्ता शहरहरुसंग यातायात व्यवस्था भएका स्थानहरु

१. धनुषा २. महोत्तरी ३. सर्लाही ४. नवलपरासी ५. रुपन्देही ६. कपिलवस्तु ७. मकवानपुर ८. काठमाडौं उपत्यका ९. कास्की १०. सुनसरी ११. वारा १२. पर्सा १३. कैलाली १४. सप्तरी

सघन पशु विकास

१. इलाम २. मोरंग ३. सुनसरी ४. काभ्रे ५. काठमाडौ. ६. भक्तपुर ७. ललितपुर ८. सिन्धुपाल्चोक ९. दोलखा १०. धादिंग ११. तनहु १२. कास्की १३. पाल्पा १४. दैलेख १५.स्यांजा १६. रुपन्देही १७. लम्जुङ १८. रसुवा १९. मुस्तांग २०. गोरखा २१. मनांग २२. ओखलढुंगा २३. सुलुखुम्वु २४. संखुवासभा २५. कालीकोट २६. धनकुटा २७. चितवन २८. जुम्ला

पाँचौ योजना अवधिमा निर्धारित लक्ष्य अनुसार कृषि उत्पादनमा वृद्धि गर्न अन्य उन्नत उपकरण र सुविधाहरुको अतिरिक्त उन्नत विउको प्रयोग गर्ने कार्यक्रम निर्क महत्वपूर्ण रहेको छ । उन्नत विउको प्रयोगबाट मात्र पनि उत्पादनमा निकै नै महत्वपूर्ण योगदान रहेको विगत वर्षहरुको अनुभवबाट देखिएको छ । पाँचौ योजना अवधिमा प्रसार कार्यक्रमको काम यस्ता उन्नत विउको प्रयोग गर्न किसानहरुमा प्रेरणा दिनु र आवश्यक साधन जुटाई दिने समेत रहने छ । उत्पादन वृद्धिको निर्धारित लक्ष्य हासिल गर्न निम्न अनुसारको उन्नत विउको प्रयोग गर्ने लक्ष्य राखिएको छ ।

पाँचौ योजना कालमा उन्नत विउले ढाक्ने क्षेत्र

हेक्टरमा

वाली	032-33	033-34	034-35	035-36	036-37
धान	214695	251811	292316	326808	387653
मकै	61458	73141	89718	107480	135895
कोदो	5	10	41	143	190
गहुं	179874	219562	265246	311270	367200
दाल	0	30	362	1418	4837
आलु	5803	6463	7468	9256	12439
जूट	25000	30000	35000	40000	45000
उखु	12660	12920	15090	16780	18790
कपास	180	520	1540	3060	4550
तेलहन	2000	2500	3000	4200	5000
तरकारी	727	3454	6727	10545	15272
फलफूल (थप)	830	1070	1500	2100	2500

यस वाहेक पशु विकासको निमित्त संचालन गरिने ब्रिर्डस कार्यक्रम, कृत्रिम गर्भाधान, उन्नत रांगो, सांडे, भेंडावाखा आदिको वितरण कार्यक्रम, मत्स्य विकासको निमित्त वितरण कार्यक्रम आदि सबै सम्वन्धित प्राविधिक क्षेत्र जस्तै स्थानीय फलोद्यान विकास केन्द्र वा पशु विकास केन्द्र अथवा मत्स्य विकास केन्द्र प्रत्यक्षः उत्तरदायी हुने भएता पनि प्रसार कार्यकर्ताबाट नै उपयुक्त वातावरण सिर्जना गरी किसानलाई यस्ता फलफूल वा पशुपालको निमित्त प्रोत्साहित गर्ने काम हुनेछ । यसै गरी उन्नत औजारको प्रयोग रोग वा किटनाशक औषधीको प्रयोग, रासायनिक मल आदि सवैको निमित्त किसानमा प्रचार प्रसार कार्य यसै कार्यक्रमको अंगको रुपमा रहने छन् ।

कृषि प्रसार सेवा पुऱ्याउन हाल सम्म अधिराज्यको ५१ जिल्लामा कृषि विकास कार्यालय रहेका छन् र अरु २४ जिल्लाहरुमा १ देखि ४ सम्म मध्यम स्तरका कृषि कार्यकर्ता रहेका छन् । पाँचौ योजना अवधिमा अधिराज्यको सम्पूर्ण जिल्लामा कृषि स्नातक रहेको कृषि विकास कार्यालय रहने छन् । खाद्यान्नको अतिरिक्त नगदे वाली, फलोद्यान, माछा र पशु विकास कार्यक्रमको लागि अगल अगल सघन जिल्लाहरु छाएिकोले उक्त विषयमा अतिरिक्त अधिकृत तथा मध्यम स्तरका प्राविधिक कार्यकर्ताहरु थप गरिने छन् । यसको साथै योजना अवधिमा तालिम प्राप्त भई उपलव्ध हुने गाउँ स्तरमा प्रसार गर्ने कार्यकर्ताहरुलाई .जे.टी/जे.टी.ए.) सघन कार्यक्रम संचालन हुने जिल्लाहरुलाई प्राथमिकता दिई एक कार्यकर्ताले तराईमा ३-५ पंचायत र पहाडमा २-३ पंचायतसम्मको कार्यक्षेत्र हुने गरी व्यवस्था मिलाइने छ । यसबाट मात्र कृषकहरुको खांचो पूर्ति नहुने देखिएकोले कृपषक समूहबाटै हरेक पंचायतमा एक एक अगुवा कृषक छानी उसलाई पंचायतको अन्य कृषकहरुलाई कृषि विकासको लागि चाहिने सेवा पुऱ्याउने माध्यम वनाइनेछ । अधिराज्यको सम्पूर्ण पंचायतमा अगुवा कृषक छान्ने काम एकै चोटी हुन नसक्ने भएकोले यसमा क्रममा क्रमशः विस्तार गर्दै लगिनेछ ।

कृषि विकासको लागि संचालन हुने कृषि प्रसार कार्यक्रम तीन तहमा विभाजन गरिएको छ :

१. कृषक वर्गमा आधुनिक खेती प्रति विश्वास दिलाउन अपनाउने कृषि प्रसार शैक्षिक कार्यक्रम,

२. कृषि प्रसारमा काम गर्ने मध्यम स्तरका कार्यकर्ता र कृषक वर्गलाई अनुसन्धानबाट पत्ता लगाइएको उन्नत कृषि पद्धतिहरुको विषयमा समय समयमा सेवाकालीन तालिम कार्यक्रम

३. आधुनिक खेती प्रति विश्वास दिई सकेपछि सो पद्धति अपनाउने अनुसरण कार्यक्रम ।

कृषकहरुको मनोभावनामा परिवर्तन ल्याई आधुनिक खेती प्रति विशवास दिलाउने समय, परिस्थिति र आवश्यकता अनुसार विभिन्न प्रकारका कृषि प्रसार तरिकाहरु अपनाइन्छन् । यी तरिकाहरुमध्ये हाललाई तरिका प्रदर्शन, नतिजा प्रदर्शन, अगुवा कृषक तालिम, कृषक दिवस, मेला प्रदर्शन र उत्पादन प्रतियोगिता आदि अपनाइने छन् । कृषि प्रसारको शैक्षिक

तरिकाहरुको प्रभावकारिता वारे अध्ययन तथा मूल्या.कन गरी कहाँ से किसिमको कुन समय कस्तो तरिकाहरु प्रयोग गर्ने भन्ने विषयमा केन्द्रबाट निर्देशन हुनेछ ।

पाँचौ योजना अवधिमा कृषि प्रसार शैक्षिक कार्यक्रम अन्तर्गत निम्न अनुसारको कार्य गरिने लक्ष्य राखिएको छ ।

पाँचौ योजनामा कृषि प्रसार तरिकाहरुको कार्यक्रम लक्ष्य

कैफियत

				jflif{s sfo{ ljefhg				
	कामको विवरण	योजना अवधिको लक्ष्य		032-33	033-34	034-35	035-36	036-37
१	कृषकको घर र खेत	450225	;+Vof	81525	85600	89800	94300	99000
२	कृषक सभा	792	,,	144	150	158	165	175
३	सामूहिक छलफल	18716	,,	3396	3570	3750	3900	4100
४	कृषक भ्रमण	8654	,,	1604	1650	1700	1800	1900
५	कृषक दिवस	243	,,	45	48	50	50	50
६	मेला प्रदर्शन	504	,,	89	95	100	105	115
७	कृषक तालिम (गाउँमा)	5233	,,	943	990	1050	1100	1150
८	अगुवा कृषक तालिम (जिल्लामा)	898	,,	158	170	180	190	200
९	तरिका प्रदर्शन	25891	,,	4791	5000	5200	5400	5500
१०	नतिजा प्रदर्शन	15969	,,	2919	3000	3200	3350	3500
११	उत्पादन प्रदर्शन	961	,,	171	180	190	200	220
१२	करेसा वारी कार्यक्रम	7657	,,	1407	1450	1500	1600	1700
१३	बढी अन्न उत्पादन प्रतियोगिता	723	,,	138	140	145	150	150
१४	माछा प्रदर्शन	50	,,	10	10	10	10	10
१५	चारपाते क्लव संचालन गर्ने पंचायत	1709	,,	337	337	340	345	350
१६	चारपाते क्लव	3042	,,	603	603	606	610	620
१७	चारपाते सदस्य	50964	,,	9832	9832	10300	10400	10600
१८	प्रौढ अगुवा	3044	,,	584	590	600	620	650
१९	व्यक्तिगत परियोजना	37092	,,	7332	7340	7380	7440	7600
२०	परियोजना अगुवा तालिम	8473	,,	1679	1679	1685	1700	1730
२१	तरिका प्रदर्शन टिम तालिम	7652	,,	1516	1516	1525	1535	1560
२२	जजिङ टिम तालिम	7704	,,	1527	1527	1535	1545	1570
२३	सामुदायिक सेवा	8648	,,	1709	1709	1725	1735	1770
२४	जिल्ला चारपाते कार्यकुशलता दिवस	60	,,	12	12	12	12	12

२५	सांगठनात्मक अगुवा तालिम	137	,,	22	22	25	29	39
२६	परियोजना भ्रमण	3677	,,	726	726	735	740	750

प्रसार कार्यक्रमकै सहायक अंगको रुपा युवा वर्गा (१०-२५ वर्षसम्म) मा चारपाते क्लव गठन गरी उक्त ब्लवको माध्यमद्वारा अरु बढी शैक्षिक तरिकाहरु जस्तो व्यक्तिगत परियोजना, सामुदायिक सेवा, सेमिनार आदि थप गरिनेछ । यस ग्रामीण युवा कार्यक्रम हाल संचालन भइराखेको १२ जिल्लामा सीमित राखेर अरु बढी प्रभावकारी ढंग र ठोस परियोजना दिएर संचालन गरिनेछ ।

ग्रामीण युवातर्फ पाँचौ योजनामा गरिने कर्यको विवरण तल प्रस्तुत् गरिएको छ:

ग्रामीण युवा कार्यक्रम

कामको विवरण	योजना अवधिको लक्ष्य	jflif{s sfo{ ljefhg				
		032-33	033-34	034-35	035-36	036-37
१. राष्ट्रिय चारपाते कार्यकुशलता दिवस	५ संख्या	1	1	1	1	1
२. वर्कशप तालिम	१६ संख्या	2	3	3	4	4
३. जिल्ला मूल्यांकन अध्ययन	५ संख्या	1	1	1	1	1
४. अन्तर्राष्ट्रिय युवा आदान प्रदान	५ संख्या	1	1	1	1	1
५. पुस्तिका तयार गर्ने	२५ किसिम	4	5	6	6	4

कृषि अनुसन्धानबाट पत्ता लगाइएका तथा सिपारिस गरिएका उन्नत वीउ विजन औजार तथा रासायनिक मलको प्रयोगका साथ साथै कृषिका नयाँ ज्ञान र सीपहरु कृषकहरुको समक्ष विभिन्न माध्यमद्वारा निरन्तर पुऱ्याई रहनु पर्ने कृषि प्रसारको एक शैक्षिक पद्धतिलाई कृषि सूचना कार्यक्रमले प्रकाशन श्रव्य दृश्य साधन तथा रेडियो प्रसारण आदि माध्यम अपनाई कृषकहरु सक्षम कृषि सम्वन्धी प्राविधिक ज्ञान पुऱ्याउने व्यवस्था रहेको छ । कृषि सूचना कार्यक्रमको निम्नलिखित कार्य अरु प्रभावकारी बनाउन र अरु बढी वहुसंख्यक कृषक समक्ष सेवा पुऱ्याउन केन्द्रको साथ चार विकास क्षेत्रबाट पनि संचालन गरिनेछ ।

कृषि सूचना कार्य:

१. कृषकहरुले वुझ्न सक्ने सरल भाषामा कृषि विषयक पुस्तिका पर्चाहरु तयार पारी वितरण गर्ने ।

२. कृषकहरुमा पोष्टर, स्लीप चार्ट तथा चलचित्र प्रदशृनद्वारा कृषि विषयमा प्रत्यक्ष रुपले ज्ञान हासिल गराउने ।

३. रेडियो प्रसारणद्वारा कृषिका नयाँ तथ्यहरु, समस्या, समाधान तथा मौसमी सल्लाह उपलव्ध गराउने।

४. कृषि समाचार प्रकाशन गर्ने ।

पाँचौ योजना अवधिमा निम्नलिखित सूचना प्रसार कार्य गरिनेछ ।

कृषि सूचना कार्यक्रम

कामको विवरण	योजना अवधिको लक्ष्य	jflif{s sfo{ ljefhg				
		032-33	033-34	034-35	035-36	036-37
१. पुस्तिका पर्चा फोल्डर प्रकाशन	३०० किसिम	50	75	50	50	75
२. पोष्टर (रंगिन) प्रकाशन	१६० किसिम	30	30	30	35	35
३. कृषि द्वैमासिक पत्रिका प्रकाशन	३० पटक	6	6	6	6	6
४. श्रव्य दृश्य तालिम	७५ पटक	15	15	15	15	15
५. कसयष चलचित्र फिल्म स्ट्रिम निर्माण	१ किसिम	2	2	2	2	2
६. फिलिम चार्ट निर्माण	५ किसिम	1	1	1	1	1
७. कृषि प्रदर्शन	३० पटक	6	6	6	6	6

२. तालिम कार्यक्रम

कृषि विकासको ज्ञान किसानहरुमा फैलाउने अभिभारा कृषि विकासमा अग्रसर भएका कृषि विकासका मेरुदण्ड फिल्डमा काम गर्ने कर्मचारिहरु, खास गरी जेटी/जेटीए र अगुवा कृषकहरु नै हुन् । कृषि विकास सम्वन्धी कृषि फार्महरुले गर्ने अनुसन्धानबाट वर्षेनी नयाँ नयाँ कुराहरु र उपायहरु पत्ता लगाई कृषकहरुको निमित्त सिफारिस गर्ने भएकोले उपरोक्त फिल्ड स्तरका कर्मचारी र कृषकहरुको समयानुसारको तालिममानै अनुसन्धानबाट पत्ता लगाएको तथ्यहरुको उपादेयता निर्भर रहने हुन्छ । अत: खाद्यान्न वाली, तरकारी खेती, फलफूल पशुपालन आदिमा फिल्डमा काम गर्ने कमृचारिहरु (मध्यम स्तरीय) र कृषक वर्गमा तालिम संचालन गरिनु आवश्यक छ । समयानुसार तालिम दिइने, स्थान, तालिम विषय वस्तु, तालिम अवधि आदि समय समयमा निर्धारण गरिने छ । लुम्ले (पर्वत) र पक्रीवास (धनकुटा) कृषि केन्द्रबाट पनि तालिम दिने कार्य गरिनेछ ।

३. अनुसरण कार्यक्रम:

आधुनिक खेती प्रति विश्वास दिई सकेपछि सो पद्धति अनुसरण गर्न वातावरण सिर्जना गर्ने गरी कृषकहरुलाई चाहिने सामाग्री तथा साधनहरु चाहिने समय र ठाउँमा सुलभ तरिकाबाट उपलव्ध गराइनेछ । हाललाई कृषकबाट अनुसरण गराउन कृषि प्रसार कार्यक्रमबाट निम्नलिखित सेवा उपलव्ध गरिनेछ ।

(क) प्राविधिक सेवा:

उपरोक्त शैक्षिक तरिकाहरु बाहेक पनि आधुनिक खेती विषय कृषकहरुमा प्राविधिक ज्ञान पुऱ्याउन क्षेत्रफल, जनसंख्या कार्यक्रम आदिको आधारमा पंचायत मा नै रहने गरी जेटी/जेटीए खटिएका हुन् । जेटिए ले आफ्नो क्षेत्रभित्र परेको कृषकहरुको घर घरमा गई आधुनिक खेती विषय प्रसार गरी कृषकहरुको खेती समस्या समाधानको लागि प्राविधिक सल्लाह दिने छ ।

(ख) उन्नत वीउ, वोट विरुवा, पशुपंक्षी आदिको व्यवस्था :

कृषि विकासको निमित्त विभिनन वस्तुको उत्पादन वृद्धिको लक्ष्य अनुसार आवश्यक हुने विउ विजन आदिको आवश्यकता माथिनै प्रस्तुत भइसकेको छ ।यी सबैको आपूर्ति निम्न अनुसार गरिनेछ :

बाली: बाली विकासको निमित्त आवश्यक हुने उन्नत विउको आवश्यकताको केही भाग मात्र सरकारी फार्महरुबाट उत्पादन हुन्छ । नपुग भागको निमित्त किसानहरुकै भर पर्नुपर्ने हुन्छ । कृषि प्रसार कार्यक्रम अन्तगृत नै प्रत्येक क्षेत्रमा अगुवा र प्रगतिशिल किसानहरु छानी यस्ता किसानबाटै कृषि फार्म वा केन्द्रबाट उपलव्ध गराइएको मूल विउको खेती गराई उन्नत विउ उत्पादन गरिनेछ । यसको निमित्त सबै आवश्यक प्राविधिक सहयोग र नियन्त्रणको काम सरकारी स्तरबाटै हुनेछ ।

फलफूल स्सरकारी फलोद्यान केन्द्रहरुको कमली वोट वेर्ना उत्पादन क्षमता सीमित हुने भएकोले किसानहरुलाई कलमी तयार गरी वेच विखन गर्ने व्यवसाय अपनाउन उत्साहित गरिनेछ । यस बाममा प्राविधिक सहयोग र नियन्त्रणको काम सम्वन्धित फलोद्यान केन्द्रबाट हुने भए तापनि यस सम्वन्धी वातावरण सिर्जना गर्ने काम प्रसार कार्यक्रममा रहेकोछ ।

पशु : उन्नत राँगो, साँढे, भेडा, याक आदिको व्यवस्था गर्न ब्रिडर्स कार्यक्रम समेत संचालन गरिने भएको छ ।यसको निमित्त स्थानीय किसानलाई अघि सार्नुपर्ने हुन्छ ।यसै गरी सामयिक सेवा उपलवध गराउने, कृत्रिम गर्भाधान सेवा दिने आदि काम पशु विकासबाट हुनेछ तापनि यसमा प्रारम्भिध स्थिति प्रसार कार्यक्रमबाट नै तयार गरिने छ ।

(ग) रासायनिक मल, उन्नत औजार वाली संरक्षण सेवा

किसानहरुलाई रासायनिक मल र उन्नत औजारको प्रयोगबाट हुने फाइदाको वोध गराउने, प्रयोग गर्ने विधि र समयको ज्ञान दिलाउने र यी वस्तुहरुको आपूर्ति गाउँ स्तरमा गराउनमा रेखदेख गर्ने काम प्रसार कार्यक्रम अन्तर्गत रहने छ । रोग तथा किराले खेतमा वाली नास गर्ने अथवा गोदाम भकारमा राखी सकेकोमा मुसा, किरा आदिबाट हुने क्षतिबाट रोकथाम गर्न किसानलाई जानकारी गराउन आवश्यक औषधिको प्रयोग गर्ने काम स्थानीय जेटी वा जेटीएबाट हुने सेवाकालीन जेटीए वा जेटी लाई यस विषयमा सामयिक तालिम दिने र अत्यावश्यक औषधी लगायत स्प्रेयर डस्टर आदिको व्यवस्था केन्द्रबाटै गराइनेछ ।

(घ) प्राँगारिक मल

रासायनिक मलको तुलनामा प्राँगारिक मलको उर्वरकत्व क्षमता निक्कै कम हुन्छ तापनि रासायनिक मलको आपूर्तिमा हुने कठिनाईलाई हेरी प्राँगारिक मलको उपादेयता पनि उत्तिकै महतवपूर्ण हुन आएको छ । गोवर, घरमा फ्याँकिने फोहर मैलाका अतिरिक्त उपलव्ध हुन सक्ने फारपात स्याउला आदिबाट कम्पोष्ट मल व्यापक रुपमा तयारी गरेको अवस्थामा मलको आवश्यकता धेरै मात्रमा पूर्ति हुन सक्ने देखिएको छ ।त्यसैले पाँचौ योजना अवधिमा प्राँगारिक मल तयारी गर्न कम्पोष्ट मल कार्यक्रमलाई अधिकांश जिल्लाहरुमा सघन रुपमा संचालन गरिनेछ । प्राविधिक सहयोग र रेखदेखको काम माटो विज्ञान अन्तर्गत हुनेछ । गाउँ स्तरमा सामान्य रुपले यसको प्रसार कार्य र यसको तयारी, उपयोग विधि आदि सबै प्रसार कार्यक्रम अन्तर्गत नै हुनेछ ।

फार्म सिचाई तथा जल उपयोग:

सिचाईको निमित्त पानीको वयवस्था महत्वपूर्ण हुन्छ नै तर यस बाहेक पानीको उचित प्रयोग पनि उचिकै महतवपूर्ण हुने कुरा विगत केही आयोजनाको अनुभवबाट सिद्ध भइसकेको छ । त्यसैले स साना कुलोहरुको नर्माण, निकास, पानीको सामयिक र उचित प्रयोग आदि सम्वन्धमा छुट्टै किसिमले कार्य संचालन गर्न यो आयोजना समावेश गरिएको छ । पाँचौ योजना अवधिमा यस आयोजनाबाट १०,००० हेक्टरमा सिंचाई गर्ने विभिन्न आयोजनाहरुको सर्वेक्षण र डिजाइन इष्टिमेटका काम पुरा गरी यस मध्येबाट निर्माण गरी ५,७०० हेक्टरमा सिचाईको व्यवस्था गरिनेछ । यस वाहेक किसानहरुलाई पानीको उचित रुपले र उचित मात्रामा प्रयोग गर्न १,४०० किसानलाई तालिम समेत दिइने व्यवस्था गरिएको छ ।

(ङ) विशेष आयोजनाहरु:

द्विपक्षीय वा वहुपक्षीय स्तरमा प्राप्त सहयोगबाट संचालित कृषि विकास कार्यक्रमहरु बाट हुने कार्यक्रमहरु र लक्ष्यहरु माथि देखाइएका लक्ष्यहरुमै समावेश गरिउका छन् । यी आयोजनाहरुबाट एउटा क्षेत्र भित्र कृषि विकासको निमित्त र कतै कतै वन विकास, भू-क्ष नियन्त्रण आदि समेतको समन्वित रुपमा कार्य संचालन गर्ने भएको यस्ता आयोजनाको वेग्लै महत्व रहेको छ । यस्ता आयोजनाको छोटकरी विवरण तल प्रस्तुत गरिएकोछ ।

१. गण्डकी अंचल कृषि विकास आयोजना:

प. जर्मनी सरकारको सहयोगमा संचालित यस आयोजनाबाट गण्डकी अंचलका ५ जिल्लाको निर्धारित प.चायतमा यो आयोजना संचालन भइरहेको छ । यस क्षेत्रमा कृषि विकासको निमित्त सामान्य अनुसन्धन कार्यदेखि उन्नत मल, विउ, पशुपंक्षी आदि वितरण र आवश्यक सबै नतिजा तरिका प्रदर्शन आदिको काम संचालन भइरहेको छ । पाँचौ योजनामा यो कार्य चालू नै रहने छ ।

२. जनकपुर अंचल कृषि विकास आयोजना :

यो आयोजना जापानी सरकारको सहयोगमा संचालन भइरहेको छ । यस अन्तर्गत हाल जनकपुर (हर्दिनाथ) र यज्ञपुरीमा मोडेल फार्महरु स्थापना भइ अनुसन्धान र उन्नत विउ उत्पादन गर्ने कार्य भइरहेको छ । पाँचौ योजना अवधिमा उपर्युक्त कार्य वाहेक जनकपुरमा ट्यूववेल निर्माण, प्रसार कार्य आदिको काम समेत संचालन गरिनेछ ।

३. समन्वयात्मक पहाडी विकास आयोजना:

स्वीस प्राविधिक सहयोग अन्तर्गत निर्माण हुने लामोसाँगु-जिरी सडकबाट पायक पर्ने दुवै तिरको क्षेत्रमा सघन रुपले कृषि विकास गर्न यो आयोजना समावेश गरिएको छ । भू-क्षय नियन्त्रण, वृक्षारोपण, पशुपालन, वाली विकास, फलफूल विकास आदि सबलाई एक अर्काको पूरक र सहायकको रुपमा संचालन गरी त्यस क्षेत्रमै समन्वित रुपमा विकास गरिने कार्यक्रम रहेको छ । हाल विभिन्न कार्य शीर्षक अन्तर्गतका काम सम्वन्धित क्षेत्रको कार्यक्रममा राखिएको छ ।

४. त्रिशुली लजाधार क्षेत्र ग्राम विकास आयोजना:

विश्व वैंकको सहयोगमा त्रिशुली जलाधार क्षेत्रमा पर्ने नुवाकोट र रसुवा क्षेत्रमा सिचाई विकास, वाली विकास, फलफूल विकास, पशुपालन लगायत भू-क्षय नियन्त्रण, वृक्षारोपण आदिको काम समन्वित रुपमा संचालन गर्न छुट्टै आयोजना संचालन गरिनेछ । यी विभिन्न कार्यक्रम सम्वन्धित विभागीय कार्यक्रममा समावेश गरिएको छ । आयोजना कार्यान्वयन प्रारम्भ भएपछि यी सबैलाई मिलाई एउटै कार्यक्रम संचालन गरिनेछ ।

५. पहाडी क्षेत्र कृषि विकास आयोजना

संयुक्त राष्ट्र विकास कार्यक्रमको सहयोगमा यो आयोजनाको संचालन गरिनेछ । नेपालको पहाडी भेगको कृषि विकासको निमित्त सवेक्षण, अनुसन्धान गरी उपयुक्त आयोजनाहरु तयार गर्ने र आवश्यक सेवा समेत पुऱ्याउने जस्ता कार्य यस आयोजना अन्तर्गत संचालन हुनछ । यसरी सर्भेक्षण र अध्ययनबाट उपयुक्त ठहरिएका पहाडी कृषि विकास आयोजनाहरु अधिकतम कार्यक्रम अन्तर्गत कार्यान्वित गर्न चाहिने खर्च रकको समेत व्यवस्था गरिएको छ ।

६. अन्य कृषि विकास आयोजना:

पाँचौ योजना लागू भइ सकेपछि समय समयमा हुने नियमित मूल्यांकनको आधारमा र कृषि विकास सम्वन्धी विभिन्न आयोजनाहरु अन्तर्गत भैरहेका अध्ययन र सर्भेक्षणबाट संचालन गर्न योय ठहरिने कृषि विकास आयोजनाहरुको लागि पाँचौ योजनामा अधिकतम कार्यक्रमको रुपमा व्यवस्था गरिएको छ ।

च. फलफूल विकास:

विभिन्न प्रदेशको भौगोलिक विषमतालाई ध्यानमा राखी प्रादेशिक विशेषता र आर्थिक एकीकरणको दृष्टिकोणले उपयुक्त पहाडी प्रदेशमा व्यापक रुपमा फलफूल विकासको कार्यक्रम समावेश गरिएको छ । नेपालमा विभिन्न हावापानी भएकोले त्यस अनुरुप देशमा विभिन्न क्षेत्रमा उपयुक्त फलोद्यान विकास गर्न सम्भव पर्याप्त भएको र अन्न वाली लगाउन नसक्ने पहाडको भिरालो जग्गामा समेत यसको विकास गर्न सक्ने भएकोले फलफूल विकास तर्फ बढी जोड दिइएको छ । हाल विरुवा उत्पादन गरिरहेका चालू नर्सरीहरुको अवस्था र पछि विकास हुन सक्ने सम्भाव्यता र आवश्यकता समेतको विचार गरी निम्न बमोजिम फलफूल उत्पादन बढाउने लक्ष्य निर्धारित गरिएको छ ।

फलफूल उत्पादन लक्ष्य

एकाई	२०३१।३२ मा हुने अनुमानित उत्पादन	२०३६।३७ को लक्ष्य	खूद वृद्धि	प्रतिशत वृद्धि
फलफूल विरुवाले ढाकिएको क्षेत्रफल (हेक्टरमा)	32500	40500	8000	24=61
फलफूल उत्पादन (मे.टन)	254000	270380	16380	6=44

उपरोक्त बमोजिम निर्धारित लक्ष्य हासिल गर्न फलफूल विकासमा निम्नलिखित कार्यक्रमहरु संचालन गरिनेछ ।

१. विभिन्न आवहवा अनुसारको प्रतिनिधित्व गर्न ठाउँ ठाउँमा स्थापना भएका हाल चालू वागवानी केन्द्र तथा फार्म वाहेक पंच वर्षीय योजनामा पूर्वाञ्चल विकास क्षेत्र सोलुखुम्वु जिल्लामा एक वागवानी फार्म, मध्यमांचल विकास क्षेत्र दोलखा जिल्लामा हाल चालू जिरी कृषि केन्द्रमा वागवानीको विस्तार, पश्चिमांचल क्षेत्र अर्घाखाँची जिल्लामा वागवानी फार्म र सुदूर पश्चिमांचल क्षेत्र दैलेख जिल्लामा वागवानी फार्म र वाँके जिल्लामा हाल चालू नेपालगंज कृषि केन्द्रमा वागावानीको विस्तार गरिनेछ ।

२. फार्महरु मध्ये मुख्य मुख्य केन्द्रहरुमा मात्र प्रदेश अनुसारको फलफूलमा कृषकबाट महसुस गरिएको समस्या माथि अध्ययन गर्ने तथा फलफूल वालीको उत्पादन वृद्धि गर्ने कार्यमा प्रयोगात्मक अनुसन्धान कार्य संचालन गरिनेछ ।

३. पूर्वाञ्चलमा सीट्रस जातका फलफूलमा विशेष जोड दिने हुनाले धनकुटा कृषि केन्द्र, मध्यमाञ्चलमा चाडो तयार हुने मिस्रित फलफूलमा विशेष जोड दिने भएकोले वृहत् वागवानी केन्द्र, पाँचखाल र वृहत् वागवानी केन्द्र सर्लाही, पश्चिमाञ्चलको उत्तरी भेगमा सुख्खा फलफूल र दक्षिणी भेगमा मिस्रित फलफूलमा विशेष जोड दिने भएकोले कृषि फार्म थाकमार्फा, तथा पोखरा र सुदूर पश्चिमाञ्चलमा उत्रेरी भेगमा स्याउ र दक्षिणी भेगमा सिट्रस जातको फलफूलमा विशेष जोड दिने भउकोले वागावानी फार्म जुम्ला र नयाा स्थापना हुने वागवानी फार्म दैलेखमा मात्र मुख्य फार्मको रुपमा अनुसन्धान कार्य गरिनेछ र अन्य फार्महरु यसका पूरकहरुको रुपमा रहने छन् । यी मुख्य फार्महरुबाट नर्सरी स्थापना गर्न चाहिने रुट स्टक मदर प्लाण्ट कृषकहरुलाई चाहिने मात्रामा उपलव्ध गराइनेछ । फलफूल विकास कायमा संलग्न फिल्ड स्टाफ र कृषकहरुलाइफलफूल सम्वन्धी व्यावहारिक तालिमको व्यवस्था पनि गरिनेछ ।

फलफूल विकासमा टेवा पुऱ्याउनको लागि स्थापना भएका वागवानी केन्द्रहरुले केन्द्र वाहिर पनि आफ्नो कार्य क्षेत्र वनाई कृषकहरुलाई चाहिने प्राविधिक सल्लाह, आवश्यक वोट विरुवा तथा अन्य कृषि साधनहरुको प्रवन्ध आदिका साथै

चाहिने संख्यामा वोट विरुवा उपलव्ध गराउन निजी स्टरमा नर्सरी स्थापना गराउने कार्य समेत गरिनेछ । वागवानी केन्द्रहरुको आफ्नो आफ्नो प्रभावित कार्य क्षेत्र निम्न अनुसार तोकिएको छ ।

मुख्य केन्द्र	अन्य केन्द्र	प्रभावित क्षेत्र
१. धनकुटा फार्म	१. तरहरा	तेह्रथुम, पाँचथु, धनकुटा, इलाम
	२. सोलुखुम्वु	ताप्लेजुङ्ग, संखुवासभा, सुनसरी
	३. इलाम (अलैची)	मोरङ्ग, ओखलढुंगा, खोटाङ्ग
	४. इलाम (आलु)	भोजपुर, उदयपुर सोलुखुम्वु
२. पाँचखाल	१. दोलखा (जिरी)	दोलखा, रामेछाप
	२. सिन्धुपाल्चोक (हेलम्वु)	सिन्धुली, सिन्धुपाल्चाके, काभ्रे, काठमाडौं, ललितपुर, भक्तपुर
	३. कीर्तिपुर	धादिङ, नुवाकोट, मकवानपुर
	४.गोदावरी	रसुवा
	५. नुवाकोट	
	६. ककनी	
	७. धुनीवेसी	
	८. दामन	
	९. रसुवा	
३. सर्लाही	१. जनकपुर	पर्सा, वारा, रौतहट, सर्लाही
	२. परवानीपुर	धनुषा, महोत्तरी,चितवन
	३. यज्ञपुरी	
४. पोखरा	१. अर्धाखाँची	कास्की, लमजुंग
	२. पाल्पा	तनहुँ, पर्वत, गोरखा, स्यांजा
	३.स्यांजा	गुल्मी, अर्धांचाँची, प्यूठान,
	४. सत्रसय आवु (पृथ्वी राजमार्ग)	पाल्पा, मनाङ्ग, रुपन्देही
५. मुस्ताङ्ग		मुस्ताङ्ग
६. जुम्ला	१. हुम्ला	जुम्ला, हुम्ला, मुगु, कालिकोट, डोल्पा
७. जदैलेख	१. वैतडी	सुर्खेत, अछाम, दैलेख, जाजरकोट, वैतडी, दार्चुला, डडेलधुरा, डोटी, कैलाली

निर्धारित लक्ष्य बमोजिम क्षेत्रफलमा फलफूलको वोट विरुवा लगाउन योजना अवधि भरमा ४० लाख वोट विरुवाको आवश्यकता पर्दछ । यस मध्ये विभिन्न ठाउँमा स्थापना भएका वागवानी फार्महरुको क्षमता अनुसार विरुवाहरु उत्पादन गर्न लगाइनेछ । यी फार्महरुबाट योजना अवधिमा २०-३० लाख वोट विरुवा उपलवध हुनेछ । यसबाट मात्र लक्ष्य हासिल गर्न नसक्ने भएकोले प्रत्येक तोकिएको फलफूलको निमित्त तोकिएको क्षेत्रमा निजी स्तरमा रजिष्टर्ड नर्सरी स्थापना गर्न लगाउने र यसको निमित्त नर्सरी उत्पादन ऐन नियम तयार गरी पास गराउने छ । तुरुन्तै निजी स्तरमा चाहिए मात्रामा नर्सरी स्थापना हुन कृषकहरुमा प्राविधिक ज्ञानको कमी र कृषकहरुमा यसको आर्थिक उपयोगिता सम्वन्धी ज्ञानको कमीले गर्दा नर्सरी स्थापना भएको दुई/तीन वर्षको निमित्त विभागीय स्तरमा निम्न लिखित सुविधा उपलव्ध गराइनेछ :

१. नर्सरीलाई चाहिने रुट स्टक वागवानी केन्द्रबाट उपलवध गराउने ।

२. प्राविधिक सेवा उपलव्ध गराउने ।

३. नर्सरी उत्पादन भएको वोट विरुवा उचित मूल्यमा विक्री वितरण गराउने जिम्मेवारी लिने ।

४. नर्सरीको लागि आवश्यक मलखाद, वाली संरक्षण सामग्री तथा औजारहरु सहुलियत मूल्यमा उपलव्ध गराउने ।

योजना अवधिमा यस कार्यक्रम वमोजिम निजी स्तरमा निम्न वमोजिम जम्मा ५० निजी नर्सरी स्थापना गराई जम्मा २०.५० लाख वोट विरुवा उपलव्ध हुनेछ ।

यस अनुसार प्रत्येक वर्ष उपलव्ध हुने वोट विरुवा सम्वन्धी कार्यक्रम निम्न अनुसार छ :

निजी स्तरमा स्थापना हुने नर्सरी संख्या

आर्थिक वर्ष	032-33	033-34	034-35	035-36	036-37	जम्मा
नर्सरी संख्या	23	13	14	0	0	50

कूल वोट विरुवा वितरण

संख्या हजारमा

आर्थिक वर्ष	032-33	033-34	034-35	035-36	036-37	जम्मा
वागवानी फार्महरु	362=5	389=8	408=7	426=8	442=7	2030=5
निजी नर्सरीहरु	62=5	150=2	371=3	618=2	847=3	2049=5
जम्मा	425=0	540=0	780=0	1045=0	1290=0	4080=0

फलफूलको वोट विरुवा वितरण भई सकेपछि यस्ता वोट विरुवाको स्थिति दर्शाउने गरी प्रत्येक वर्ष वार्षिक प्रगति विवरणमा यसको पनि विवरण प्रस्तुत् गरिने व्यवस्था मिलाइने छ ।

संयुक्त राष्ट्र विकास कार्यक्रमको सहयोगमा संचालन गरिने फलफूल संभावना सर्वेक्षणको प्रतिवेदन प्राप्त भएपछि प्रतिवेदन अनुसारका आयोजना संचालन गर्न अधिकतम कार्यक्रमको रुपमा थप कार्यक्रमको लागि पनि खर्चको व्यवस्था गरिएको छ ।

तरकारी विकास:

जन घनत्वको चाप बढ्दै गएका शहरी क्षेत्रमा तरकारीको माग साथै साथ यातायात सुविधा आदि बढ्दै गएकोले शहरी क्षेत्र नजिकै तरकारी खेती अन्य खेतीभन्दा अधिक दृष्टिबाट फाइदा हुने भई यसको खेती आवश्यकता अनुसार बढ्दै गएको छ । यस योजना अवधिमा तरकारी पदाथृको माग अरु तिव्र भई प्रति वर्ष प्रति व्यक्तिको माग ३३ के.जी बाट ५० के.जी सम्म पुग्ने अनुमान छ । यी पदार्थको बढ्दो आन्तरिक माग भौगोलिक दृष्टिबाट सुलभ भएको स्थानहरुमा उत्पादन गरेर सजिलैसित पुऱ्याउन सक्नुको साथै केही हदसम्म वाहिर पनि निर्यात गर्न सक्ने क्षमता हुनु परेको छ । साधन र कार्यक्रम विस्ता गर्न सक्ने क्षमता अनुसार यस योजना अवधिमा निम्नलिखित उत्पादन बढाउने लक्ष्य राखिएको छ ।

तरकारी उत्पादन लक्ष्य

	२०३१।३२ को अनुमान	२०३६।३७ को लक्ष्य	वृद्धि	प्रतिशत वृद्धि
तरकारी लगाउने क्षेत्र (हेक्टरमा):				
करेसा वाली	53000	62000	9000	16=98
सघन र व्यावसायिक खेती	29000	58000	29000	100=00
जम्मा	82000	12000	38000	46=34
तरकारी उत्पादन (मे.ट.मा)	264500	335500	71000	26=84
करेसा वाली	143000	312500	169500	18=53
सघन र व्यावसायिक खेती	407500	648000	240500	59=01
जम्मा				

प्रस्तुत लक्ष्य हासिल गर्न तरकारी विकास सन्दर्भमा निम्न अनुसार कार्यक्रम संचालन गरिने छ ।

१. अध्ययन र मूल वीउ उत्पादन

विभिन्न किसिमको तरकारी उत्पादनको साथै व्यावासायिक रुपमा तरकारी वीउ उत्पादन गर्न सहायक सिद्ध हुने अध्ययन कार्य संचालन गर्न काठमाडौंमा तरकारी वी फार्म स्थापना भएको र यस योजना अवधिमा सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत चौर जाहारी (रुकुम जिल्ला) मा एक अर्को तरकारी फार्म स्थापना गर्ने कार्यक्रम रहेको छ । विभिन्न भौगोलिक स्थिति तथा आवश्यकता अनुसार स्थापना भएको वागवानी फार्मरुमा फलफूलको साथ साथै तरकारीमा पनि अध्ययन कार्य जारिनै हुनेछ र यी फार्महरु मूलविउ उत्पादन गर्ने मुख्य स्रोत हुनेछन् । सबै फार्महरुमा सबै किसिमको तरकारीमा कार्य संचालन नगरी आवहवा अनुसार उच्चतम ठहरिएका खास खास किसिमका तरकारीमा मात्र केन्द्रित गरिनेछ । सबै फार्महरुबाट गरी निम्न अनुसारको मूल विउ कृषकहरुलाई उपलब्ध गराउने लक्ष्य छ ।

तरकारी वी उत्पादन

	032-33	033-34	034-35	035-36	036-37
तरकारी वीउ		29	64	106	158

३. तरकारी उत्पादन कार्यक्रम :

प्रति वर्ष बढ्दो तरकारीको माग पूर्ति गर्न तरकारी उत्पादन कार्यक्रमलाई तीन सतरमा विभाजन गरिएको छ ।

१. हरेक कृषि परिवारले लगाउने गरेको करेसा वारी

२. एक मुख्य वाली लिई सकेपछि लगाउने मौसमी तरकारी वाली सघन तरकारी खेती र

३. वाह्रै महिना तरकारी लगाउने व्यावसायिक तरकारी खेती ।

तरकारी विकासको लागि सरकारी स्तरबाट उपलब्ध गरिने सेवा, सुविधाहरु पुऱ्याउँदा व्यावसायिक र सघन तरकारी खेतीलाई प्राथमिकता दिइनेछ ।

१. पशु विकास:

नेपालमा प्रति कृषक परिवारमा पशुको संख्या अन्य देशहरुको दाँजोमा पनि भएतापनि पशजन्य पदार्थको उत्पादन र उपभोग साह्रै थोरै छ । नेपालीहरुको आहारमा पशुजन्य पदार्थबाट दैनिक उपभोग क्यालरीमा ७ प्रतिशत पौष्टिक तत्वमा

१५.३० प्रतिशत मात्र पूर्ति गर्छ । पशुजन्य पदार्थको उपलव्धी कम हुनाको मुख्यकारण नेपाली कृषकहरुले पशुपालन व्यवसायलाई अन्न खेतीका लागि खेत जोत्न र अन्नहरु ओसर पसार गर्ने शक्तिको (Draft) निमित्त रकेही मात्रामा खेती पछिको पूरक व्यवसायको निमित्त मात्र गरेको छ । त्यसैले पशुधनको विकासको निमित्त प्रचुर मात्रामा सम्भाव्यता भएता पनि पशुजन्य वस्तुहरुको पूर्ति आयातमा निर्भर हुन गएको छ । यी कुराहरुलाई ध्यानमा राखी पाँचौ योजनामा कृषकहरुलाई पशुधनबाट पनि उत्पादन वढाउने प्रोत्साहन वर्द्धक कार्यक्रम संचालन गरिनेछ ।

हाल भउको पशु धनको अवस्था र संचालित कार्यक्रमानुसार यस योजना अवधिमा पशुजन्य पदार्थको वृद्धितर्फ दूधमा १३.३५ प्रतिशत, फुलमा १६.०९ प्रतिशत र मासुमा १५.०१ प्रतिशत वृद्धि गर्ने लक्ष्य राखिएको छ । यस अनुसार हुने उत्पादनको विवरण निम्न अनुसार छ ।

पशुजन्य पदार्थ उत्पादन लक्ष्यको विवरण

पदार्थ	एकार्य	०३१।३२ को अनुमानित उत्पादन	०३६।३७ को उत्पादन लक्ष्य	३७ अवधिमा खुद वृद्धि	प्रतिशत वृद्धि
१. मासु	मे.टन	64839	74573	9734	15=01
राँगो	,,	34316	41141	6825	19=89
सुंगुर	,,	5376	5951	575	10=69
भेडा	,,	3266	3577	311	9=52
वाखा	,,	3571	4094	523	14=64
कुखुरा	,,	9310	10810	1500	16=11
अन्य	,,	9000	9000	0	0
२. दूध	,,	596910	676600	79690	13=35
भैसी	,,	407360	472600	65240	16=01
गाई	,,	189550	204000	14450	7=62
३. फुल	,,	195000	226382	31382	16=09

मासुको कुल उत्पादनमा १५ प्रतिशत आन्द्रा, भुडी इत्यादि (Offals) समेत समावेश गरिएको छ ।

उपरोक्त लक्ष्यहरु हासिल गर्न पाँचौ योजना अवधिमा निम्न लिखित कार्यक्रमहरु संचालन गरिनेछ ।

१. नश्ल सुधार

नेपालको आवहवा अनुसार दूध एवम् मासुको बढी उत्पादनको साथै शक्तिको उपदेयता वृद्धि एवम् सम्वर्द्धन गर्न सक्ने पशुहरुको विकास गर्न परीक्षण र नश्ल सुधार गरिएको जनावरहरुको व्यवस्था गर्न हालसम्म ५ वटा वहु उद्देश्य पशु विकास फार्महरु (तरहरा, जिरी, खुमलटारर रामपुर र पोखरा) ३ वटा भेंडा फार्म (चितलाङ्ग, पाँचसय खोला र जुम्ला) र १ वटा चौरी फार्म (सोलुखुम्वू) गरी जम्मा ९ वटा पशु विकास फार्महरु स्थापना भइसकेका छन् । यस योजना अवधिमा डोल्पा जिल्लामा एक चौरी फार्म, गोरखा, जम्जुङ्ग र मनाङ्ग समेतलाई पायक पर्ने कुनै एक स्थानमा भेंडा फार्म, दैलेखमा एक भैसी फार्म र काभ्रेमा एक वाखा फार्म गरी जम्मा ४ वटा पशु विकासफार्महरु स्थापना गरिनेछ । यी फार्महरु मध्ये खुमलटारमा गाई, दैलेखमा भैसी, सोलुखुम्वूमा याकनाक, जुम्लामा भेंडा र काभ्रेमा वाखाको अनुसन्धान कार्यक्रम केन्द्रित गरिनेछ । यस वाहेक पोखरामा पनि पशु विकासको अनुसन्धानको कार्य चालू नै राखिने छ । अन्य फार्महरु यी फामहरुको पूरक रबढी नश्ल सुधार गरिउका पशुहरु उत्पादन गर्नको लागि हुनेछन् । यी फार्महरुबाट उत्पादन हुने वस्तुहरु स्थानय वस्तुको नशल सुधार गर्नको लागि कृषकहरुमा विक्री वितरण गरिनेछ । पाँचौ योजना अवधिमा पशु विकास फामृहरुबाट उत्पादन भएका वस्तुहरु मध्ये निम्न वमोजिम कृषकहरुमा विक्री वितरणको लागि उपलव्ध हुनेछ ।

योजना अवधिमा पशु विकास फार्महरुबाट कृषकहरुलाई विक्री वितरण लागि उपलवध हुने पशुसंख्या

	032-33	**033-34**	**034-35**	**035-36**	**036-37**	**hDdf**
भेडा	400	420	420	490	530	2260

सुंगुर	935	1065	1085	1135	1160	5380
रांगो, भैसी	30	70	105	145	195	545
साँढे, गाई	25	40	55	80	115	315
याकनाक	5	7	12	12	24	60
वाखा	0	0	50	100	200	350

देशमा पशु विकासको सन्दर्भमा नश्ल सुधार गरिएको पशु संख्याको मागको तुलनामा उपरोक्त संख्या ज्यादै थोरै भएकोले कृषकहरुलाई पनि नश्ल सुधार कार्यक्रममा संलग्न गराई बढी संख्यामा नश्ल सुधार गरिएको पशु संख्या उपलवध गराउन हरेक जातको पशुहरुमा रजिष्टर्ड ब्रिडर्स कार्यक्रम कार्यक्रम संचालन गरिनेछ। रजिष्टर्ड ब्रिडर्स कार्यक्रममा फाममा उत्पादन भएको अथवा अन्य राष्ट्रबाट मगाएको नश्ल सुधार गरिएको वस्तुहरु फार्मको प्राविधिक सेवा तथा रेखदेख पुग्ने कृषकहरुलाई वितरण गरिनेछ । त्यसबाट उत्पादन भएका वस्तुहरु खरिद गरी अन्य कृषकहरुलाई वितरण गरिनेछ । कार्यक्रम संचालन गर्न कृषकहरुलाई चाहिने ऋणको व्यवस्था पनि कृषि विकास वैंकको माध्यमद्वारा उपलब्ध गराइने छ। हाल यो कार्यक्रम निम्न लिखित सीमित क्षेत्रमा संचालन गरिने छ र उक्त क्षेत्रका निम्न लिखित पशु विकास फार्महरुले प्राविधिक सेवा तथा रेखदेख पुऱ्याउने छन्।

पशु विकास

	मुख्य केन्द्र	अन्य केन्द्र	प्रभावित क्षेत्र
१	सोलुखुम्वू (सल्लेरी)		सोलुखुम्वु, ओखलढुंगा, संखुवासभा
२	तरहरा		मोरङ्ग, सुनसरी, धनकुटा, इलाम
३	खुमलटार	रामपुर, चिलाङ्ग,पाँचसय खोला	काठमाडौं, ललितपुर, भक्तपुर, धादिङ्ग, चिवन, नवलपरासी, मकवानपुर, रसुवा, नुवाकोट
४	काभ्रे (पाँचखा)	जिरी	काभ्रो, सिन्धुपाल्चोक, दोलखा, रामेछाप
५	पोखरा	गोरखा, लम्जुङ्ग, मनाङ्ग मध्ये एक स्थान	तनहुँ, कास्की, स्याङजा, पाल्पा, रुपन्देही, गोरखा, मनाङ्ग, लम्जुङ्ग, मुस्ताङ्ग
६	दैलेख (दुल्लुमा)		दैलेख, सुर्खेत
७	जुम्ला (भेडा)	डोल्पा	कालीकोट, जुम्ला, जाजरकोट, डोल्पा

उपर्युक्त कार्यक्रम संचालन गर्न संयुक्त राष्ट्र विकास कार्यक्रमबाट सहयोग उपलब्ध हुनेछ।

३. पशु चिकिस्ता

विभिन्न किसिमका संक्रामक पशु रोगहरुको आक्रमणले गर्दा पशुधनको ठूलो क्षति र पशुहरुमा उत्पादन तथा शक्तिको कमी हुने भई राखेको छ । यसको सुरक्षाको लागि देशको कुना कुनामा पशु चिकिस्ता सेवा पुऱ्याउन नितान्त आवश्यक छ तापनि पाँचौ योजना अवधिमा अरु बढी चिकित्सालय स्थापना नगरी हालसम्म स्थापना भई सकेका पशु चिकित्सालयहरुलाई नै बढी सक्षम र कार्यशील तुल्याइनेछ।

पशु रोग सम्वन्धी सर्भेक्षण र अनुसन्धान कार्यक्रम जारी नै रहने छ र संक्रामक रोगहरुको रोकथाम गर्नको लागि चाहिने मात्रामा भेक्सिन देश भित्रै उत्पादन गर्न हाल भएको प्रयोगशालालाई अझ विस्तार गरिनेछ।

पशुहरुमा नश्ल सुधार गर्ने कार्यमा कृत्रिम गर्भाधान उचित र चाँडै हुने उपाय भएकोले यस कार्यक्रम पनि यथावत संचालन गरिनेछ केन्द्रमा तरल नाइट्रोजन प्लाण्टको स्थापना गरी हाल स्थापना भएका सम्पूर्ण पशु चिकित्सालय तथा पशु फार्महरुमा कृत्रिम गर्भाधानको सेवा पुऱ्याउने सुविधा उपलब्ध गराइनेछ । यस योजना अवधिमा गाईमा १७२,००० र भैसीमा १०५,००० कृत्रिम गर्भाधान गराउने लक्ष्य राखिएको छ।

३. पशु आहारा:

पशुहरुको विकास तथा उत्पादनशीलता पशुलाई दिएको आहारामा भर पर्ने हुनाले पशुलाई चाहिने मात्रा तथा पौष्टिक पदार्थ भएको आहारा पुऱ्याउन ध्यान दिनु आवश्यक छ । त्यस्तो आहाराको परिमाणमा वृद्धि गर्ने सिलसिलामा उन्नत जातको घाँसको परीक्षण र विउ उत्पादन पशु विकासफामृहरुमा चालू भइ रहेको छ । पाँचौ योजना अवधिमा फार्महरुमा उत्पादन उन्नत जातका घाँसको विउहरु पशु विकास कार्यक्रम संचालन भएको क्षेत्रहरुमा कृषकहरुमा नतिजा प्रदर्शन तथा विउ वितरण गरी घाँस वालीको विकासको व्यवस्था गरिनेछ । हाल गरेको खर्कहरुको सर्वेक्षण गरी खर्क सुधार गर्ने कार्यक्रम पनि साथ साथै संचालन गरिनेछ । सन्तुलित दाना उत्पादनमा वृद्धि गर्न निजी क्षेत्रलाई नै सुविधाहरु प्रदान गरी प्रोत्साहित गरिनेछ ।

४. पशु विकास समन्वयात्मक सेवा

उपरोक्त प्रभाव क्षेत्रहरुमा पशु विकास केन्द्रहरुबाट उत्पादन गर्न उन्न वस्तुहरु पर्याप्त नहुने भएकोले वाहिरबाट पनि पैठारी गरी वितरण गर्ने लक्ष्य राखिएको छ । यसरी देशका पशु विकास केन्द्रहरुबाट र वाहिरबाट पैठारी गरी वितरण गरिने वस्तुहरुलाई र हाल पाली राखेका वस्तुहरुलाई समेत उचित रुपले हुर्काउन र आर्थिक दृष्टिकोणले पनि लाभदायक तुल्याउन चाहिने प्राविधिक ज्ञान साधन र सेवाहरु समन्वयात्मक रुपले सबै प्रभाव क्षेत्रका जिल्लाहरुमा संचालन गरिनेछ । त्यस्तै ब्रिडर कार्यक्रम अन्तर्गत प्राप्त हुने उन्नत जातका पशुहरु पनि सम्वन्धित सरकारी स्तरबाट खरिद गरी विक्री वितरण गरिनेछ । यसबाट पनि उन्नत जातका पशुसंख्या वढाउनमा बढी योगदान हुने आशाा गरिएको छ ।

यसरी समन्वयात्मक सेवा पुऱ्याउन प्राविधिक सेवा र रेखदेख नजिकको पशु विकास फार्म तथा पशु चिकित्सालयले गर्ने र अन्य आवश्यक सबै सेवा साधनहरुको व्यवस्था जिल्लाका कृषि विकास कार्यालयले गर्नेछ ।

पैठारी गरिने पशु संख्या*

कुल संख्या

भैसी	9800
राँगो	200
भेंडा	400
बाछी	1400
जम्मा	11800

प्रभाव क्षेत्रमा सेवा पुऱ्याउने पशुको संख्या

संख्या हजारमा

	032-33	**033-34**	**034-35**	**035-36**	**036-37**
गाई, भैसी	14000	20000	30000	28000	48000
भेंडा	4000	12000	22000	26000	33000
वाखा	5000	14000	28000	36000	38000
सुंगुर	500	1000	2150	3000	3000

कुखुरा पालन:

पशुविकास गर्ने सन्दर्भमा कुखुरा पालनको महतवपूर्ण स्थान हुने भएकोले यसको सम्वर्द्धन गर्ने विभिन्न वातावरणमा हुने उन्नत जातका कुखुरा चल्लाहरु सरकारी फार्महरुमा उत्पादन गरी विक्री वितरण गर्ने कार्य संचालन गरिनेछ । हाल उन्नत जातका कुखुरा चल्ला उत्पादन गर्ने कार्य परवानीपुरमा, जावलाखेल र विराटनगरबाट भैरहेको छ र

* कृषि वर्ष अन्तर्गतको कार्यक्रम यसमा समावेश छैन ।

पाँचौ योजनामा नेपालगंजमा ब्रुडर कम ह्याचरी खोल्ने लक्ष्य राखिएको छ । यी सबै केन्द्रबाट योजनाको अन्तिम वर्षमा २४०,००० चल्ला उत्पादन हुने अनुमान गरिएको छ ।

विगत केही वर्षदेखि कुखुरा पालन व्यवसाय खास गरी काठमाडौंमा निजी क्षेत्र विशेष रुपले प्रोत्साहित भएको र उक्त क्षेत्रबाट हाल सालाना १५०,००० चल्ला उत्पादन तथा वितरण भैरहेको अनुमान छ । कुखुरा पालनमा निजी क्षेत्रलाई बढी आकर्षित गराउन भैरहवामा वार्षिक ३०,००० चल्ला उत्पादन गर्ने एउटा ह्याचरी निजी क्षेत्रमा स्थापना गराउने र यस्ता व्यवसायीहरुलाई आवश्यक प्राविधिक ज्ञान तथा औषधी उपचारको सेवा सरकारी क्षेत्रबाट पुऱ्याउने कार्यक्रम राखिएको छ । निजी क्षेत्रमा स्थापना हुने ह्याचरीको लागि कृषि विकास वैंकबाट ऋण उपलब्ध गराइनेछ । पाँचौ योजना कालमा थप हुने सरकारी तथा गैर सरकारी क्षेत्रका ह्याचरी तथा ब्रुडर युनिटबाट उत्पादन तथा विक्री वितरण हुने चल्लाको संख्या निमन्‍ तालिकामा दिइएको छ ।

चल्लाको उत्पादन र विक्री वितरण

संख्या हजारमा

	032-33	033-34	034-35	035-36	036-37	hDdf
सरकारी	140	180	220	240	240	1020
गैर सरकारी	160	280	280	280	280	1280
जम्मा	300	460	500	520	520	2300

उपर्युक्त कार्यक्रमको अतिरिक्त सर्वेक्षणहरुबाट उपयुक्त ठहरिन आएका आयोजनाहरुलाई संचालन गर्न अधिकतम कार्यक्रमको रुपमा अतिरिक्त पशु विकास आयोजना समावेश गरिएको छ र सोही अनुसार रकमको व्यवस्था गरिएको छ ।

प्रभाव क्षेत्रमा सेवा पुऱ्याउने पशुको संख्या

संख्या हजारमा

	032-33	033-34	034-35	035-36	036-37	hDdf
सरकारी	140	180	220	240	240	1020
गैर सरकारी	160	280	280	280	280	1280
जम्मा	300	460	500	520	520	2300

उपर्युक्त कार्यक्रमको अतिरिक्त सर्वेक्षणहरुबाट उपयुक्त ठहरिन आएका आयोजनाहरुलाई संचालन गर्न अधिकतम कार्यक्रमको रुपमा अतिरिक्त पशु विकास आयोजना समावेश गरिएको छ र सोही अनुसार रकमको व्यवस्था गरिएको छ ।

६.२. प्रशोधित दूध वितरण तथा दूध पदार्थ उत्पादन

चौथो योजनाको अन्त्यसम्मा काठमाडौंमा प्रशोधित दूधको पूर्ति वार्षिक ३० लाख लिटर पुग्ने भएको छ तापनि यो परिमाण आवश्यक माग भन्दा निकै कम भएकोले यसलाई अझ विस्तार गर्नुपर्ने कुरा अनुभव गरिएको छ ।यसै गरी दूग्ध पदार्थहरु जस्तै चीज, मखन जस्ता कुराहरुको पनि विशेष गरेर पर्यटकको संख्या बढ्दै गएकोले निकै नै माग बढी रहेको छ ।

चौथो योजना अवधि मै विराटनगरमा प्रशोधित दूध वितरण प्रारम्भ भै सकेको छ र वीरगञ्ज-हेटौंडाको निमित्त पनि दूग्ध-प्रशोधन वितरण आयोजना सम्पन्न भई काम चालू भइसक्ने छ । यस वाहेक पाँचौ योजना अवधिमा पोखरा र नेपालगंजमा पनि दुध वितरणको निमित्त थप प्रशोधन केन्द्र स्थापना गरिनेछ । पाँचौ योजना कालमा दुग्ध प्रशोधन र दुग्ध पदार्थ उत्पादन तर्फ गरिने कामको छाटकरी विवरण तल प्रस्तुत गरिएको छ ।

१. नगर दूध वितरण आयोजना

क. काठमाडौं: काठमाडौंको प्रशोधित दूधको माग प्रतिदिन वढ्दै गएकोले हालको प्रशोधन क्षमतालाई बढाई वार्षिक उत्पादन ७० लाख लिटर पुऱ्याउने लक्ष्य राखिएको छ ।

ख. विराटनगर : हाल त्यस क्षेत्रमा प्रशोधित दूधको माग केही कम रहेकोले प्रशोधन षमता अनुसार दूध वितरण हुन सकेको छैन । तर, यस्तो दूधको माग तीव्र गतिमा बढ्दै गएकोले यसको क्षमतामा विस्तार गरी पाँचौ योजनाको अन्तिम वर्षमा वार्षिक प्रशोधन ३३ लाख लिटर पुऱ्याउनु पर्ने देखिएको छ ।

ग. हेटौंडा-विरगंज : हेटौडामा दूग्ध प्रशोधन कारखाना स्थापित भई सकेको र चौथो योजनाको अन्त्य सम्ममा वितरण कार्य प्रारम्भ भई सक्नेछ । पाँचौ योजनाको अन्त्यसम्मा यस आयोजनाको वार्षिक प्रशोधन कार्य ३३ लाख लिटर हुनेछ ।

घ. पोखरा: पोखरा नगरको विस्तार र यहाँको पर्यटन संख्या समेत हेर्दा यहाँ निकट भविष्यमै प्रशोधित दूधको माग हुने देखिएकोले पाँचौ योजनाको पहिलो वर्ष दखि नै निर्माण कार्य प्रारम्भ गरी चौथो वर्षमा प्रशोधन प्रारम्भ गर्ने कार्यक्रम राखिएको छ । योजनाको अन्तिम वर्ष ११ लाख लिटर दूध प्रशोधन र विक्री वितरण गरिनेछ ।

ङ नेपालगञ्ज : पाँचौ योजनाको तेस्रो वर्षदेखि निर्माण प्रारम्भ गर्ने कार्यक्रम राखिएको छ । अन्तिम वर्षमा परीक्षणको रुपमा ३ लाख लिटर दुध प्रशोधन र विक्री वितरण हुनेछ ।

२. शिशु आहार उत्पादन

नेपालमा शिशु आहाराको आवश्यकतालाई ध्यानमा राखी तयार गरेको आहारा आयातबाट मात्र हुने गर्दा पूर्तिमा अस्थिरता रहेकोले आवश्यक पौष्टिकत्व पूर्ण आहारा नेपाल मै उत्पादन गर्न आवश्यक देखिएको छ । यसको निमित्त पाँचौ योजना कालमै उत्पादन प्रारम्भ गर्ने गरी आयोजना समावेश गरिएको छ । प्रारम्भिक सर्वेक्षण अनुसार यस्तो आयोजना हेटौंमा स्थापना गरिने छ र यसको दैनिक उत्पादन क्षमता ५ देखि १०० म.ट. हुनेछ । प्रारम्भको दुई वर्ष सम्ममा विस्तृत सर्वेक्षण, विशलेषण आदिको काम गरी तेश्रो वर्षदेखि निर्माण प्रारम्भ गरिनेछ । र अन्तिम वर्षमा परीक्षण उत्पादन गरिनेछ ।

३. चीज उत्पादन विक्री आयोजना

नेपालमा चीजको माग निकै बढ्दै आएकोले यस व्यवसायलाई विस्तार गर्ने प्रशस्त सम्भावना देखिएको छ । चौथो योजना सम्ममा यसको उत्पादन काठमाडौंलाई पायक पर्ने गरी समीपर्वती उत्तरी हिमाली जिल्लाहरुमा गरिने गरेकोमा अव यसलाई विस्तार गरी अन्य विकास क्षेत्रमा पनि उत्पादन गरिनेछ । हाल काठमाडौंमा भैसीको दूधबाट वनेको चीज पनि निकै जनप्रिय पाइएकोले यसलाई पनि विस्तार गर्ने कार्यक्रम राखिएको छ । पाँचौ योजनामा उत्पादन गरिने चीजका परिमाण तल प्रस्तुत गरिएको छ :

पाँचौ योजनामा चीज उत्पादन लक्ष्य

के.जि. मा

आयोजना	032-33	033-34	034-35	035-36	036-37
१. गोसाईकुण्ड चीज उत्पादन केन्द्र	6000	6500	7000	7500	8000
२. लामटांग चीज उत्पादन केन्द्र	6000	6000	6000	6000	6000
३. थोर्दुङ चीज उत्पादन केन्द्र	10000	11000	11000	12000	13000
४. पिके चीज उत्पादन केन्द्र	8000	8500	9000	9500	12000
५. चारदुम चीज उत्पादन केन्द्र	6000	6500	7000	7500	8000
६. क्यामा वाल्दिङ चीज उत्पादन केन्द्र	6000	6500	7000	75000	8000
७. क्यानसिं चीज उत्पादन केन्द्र	5000	5500	6000	6500	7000
८. धनकुटा विकास क्षेत्रमा खोलिने केन्द्र	3000	3500	4000	4500	5000
९. पूर्वाञ्चल, मध्यमांचल र पश्चिमाञ्चल क्षेत्रको उच्च पहाडी भेगमा ५ वटा केन्द्र नयाँ स्थापना शुरु गर्ने ।		5000	10000	15000	20000

१०. मध्यमाञ्चल क्षेत्रमा भैसीको दुधबाट बनाउने नरम चीज आयोजना	3000	4000	5000	6000	7000
	53000	63000	72000	82000	92000

४. मखन उत्पादन

हाल काठमाडौंको मखन उत्पादन, स्रोत अपर्याप्त देखिएकोले यसलाई अरु विस्तारगर्ने कार्यक्रम राखिएको छ । यस वाहेक पाँचौ योजना अवधिमा स्थानको उपयुक्तता हेरी अन्य स्थानमा पनि मखन उत्पादन गरिने छ । पाँचौ योजना अवधिमा उत्पादन गरिने मखनको स्रोत अनुसारको विवरण तल प्रस्तुत गरिएको छ :

पाँचौ योजनामा मखन उत्पादन लक्ष्य

	आयोजना	032-33	033-34	034-35	035-36	036-37
१	काठमाडौं दुग्ध वितरण आयोजना	10	10	12	16	20
२	चीज उत्पादन केन्द्रहरु	15	17	20	22	25
३	वर्तमान मखन उत्पादन केन्द्रहरु (केरावारी, पौवा दाप्चा आदि)	15	20	25	30	35
४	पञ्च वर्षीय योजनाकालमा खुल्ने मखन उत्पादन केन्द्रहरु	0	0	10	15	20

ज. मत्स्य विकास

नेपालको विभिन्न नदी-नाला, ताल, पोखरी रयस्तै अन्य पानी भरिएर बाली लागउन नसकिने स्थानको सदुपयोग गरी माछा पालनमा लागउन सके पौष्टिक आहारको मागलाई केही मात्रामा भएर पनि पूरा गर्न सकिनेछ । यस बाहेक विभिन्न जिल्लामा धान खेतमा माछा पाल्ने काम निकै उत्साहजनक देखिएकोले यसमा पनि विस्तार गर्न सकिने छ । यसै गरी प्राकृतिक नदीनाला वा जलाशय वा अनियन्त्रित किसिमबाट माछा मार्ने चलनलाई व्यस्थित गरेमा पनि उत्पादन बढ्न सक्ने अनुमान गरिएको छ ।

उपर्युक्त कुराहरुलाई ध्यानमा राखी हाल भइरहेका मत्स्य विकास केन्द्रहरु, प्राकृतिक, जलाशयहरु, निजी पोखरीहरु र नयाँ खोलिने मत्स्य विकास केन्द्र समेत गरी तल लेखिए अनुसार खाने माछा उत्पादन गर्ने लक्ष्य राखिएको छ :

माछा उत्पादन लक्ष्य

मे.ट.मा

स्रोत	०३१।३२ मा हुने अनुमानित उत्पादन	०३६।३७ को उत्पादन लक्ष्य	जम्मा खुद वृद्धि	प्रतिशत वृद्धि
प्राकृतिक जलासय	2000	2200	200	10
कृतिम जलासय निजी	571	3000	2429	425
सरकारी फार्म	29	41	12	41

कुल	2600	5241	2641	102

योजनाको निर्धारित लक्ष्य हासिल गर्न हाल स्थापना भएका मत्स्य विकास केन्द्रहरुका अतिरिक्त सुदूर पश्चिमाञ्चलमा पनि कृत्रिम जलासयमा मत्स्य विकास गर्न उक्त क्षेत्रमा एक मत्स्य ह्याचरी खोलिने कार्यक्रम छ । यसरी स्थपना भएका वा नयाँ स्थापना गरिने मत्स्य ह्याचरीहरुमा कृषकहरुले सरल तरिकाबाट प्रजनन गराउन सक्ने जातका माछा भूरा उत्पादन गर्ने र उत्पादित माछा हुर्काउनको लागि कृषकहरुलाई वितरण गरिनेछ ।

माछा उत्पादनको लक्ष्यमा निजी क्षेत्रबाट हुने उत्पादनको योगदान निकै महत्वपूर्ण रहेकोले यस्ता पालकहरुलाई वयपक रुपमा परिचालन गर्नु पर्ने देखिएको छ ।यस कुरालाई ध्यानमा राखी प्रत्येक मत्स्य विकास केन्द्रबाट आफ्नो प्रभावित क्षेत्रमा मत्स्य पालनको निमित्त सम्भावित जल क्षेत्रको सर्वेक्षण गरी उपयुक्त जातको माछा पालन गर्नको निमित्त किसानलाई सिफारिस गर्ने, माछा भूराको व्यवस्था गर्ने र समय समयमा निरीक्षण गरी प्राविधिक सहयोगको व्यवस्था गरिनेछ । आफ्नो प्रभाव क्षेत्र वाहिरका किसानहरुले भूरा लगि पाल्न चाहेमा आवश्यक प्राविधिक सल्लाह दिइनेछ । प्रत्येक मत्स्य विकास केन्द्रको प्रभाव क्षेत्र तल लेखिए अनुसार हुनेछ ।

	केन्द्र	**प्रभाव क्षेत्र**
१	तरहरा	झापा, मोरङ्ग, सुनसरी
२	सप्तरी	सप्तरी, सिराहा
३	जनकपुर	धनुषा, महोत्तरी, सर्लाही
४	परवानीपुर	वारा, पर्सा, रौतहट
५	गोदावरी, वालाजु	काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे
६	त्रिशुली	नुवाकोट
७	पोखरा	कास्की, तनहूँ, जमजुंग, स्याङ्जा
८	भैरहवा	नवलपरासी, रुपन्दही, कपिलवस्तु
९	सुदूर पश्चिम तराई	वाँके, वर्दिया, कैलाली, कन्चनपुर

कृत्रिम जलाशयमा मत्स्य पालन व्यवसायलाई प्रचार प्रसार गर्दै लैजाँदा वर्षेनी माछाको भूराको माग बढ्दै जानु स्वाभाविक छ । बढ्दो माछा भूराको माग सरकारी क्षेत्रको केन्द्रहरुले मात्र पूर्ति गर्न सम्भव नहुने भएकोले निजी क्षेत्रमा कृषकहरुलाई पनि मत्स्य पालन व्यावसायमा प्रोत्साहित गरी अग्रसर गराइनेछ । यसको निमित्त प्राविधिक सहायता ऋण उपलव्य गराई निजी क्षेत्रबाट पनि माछा भूरा उत्पादन गराउने लक्ष्य राखिएको छ ।

सरकारी मत्स्य विकास केन्द्रहरु र निजी क्षेत्रका उत्पादनहरु समेत गरी निम्न अनुसार भूरा उत्पादन गर्ने लक्ष्य रहेको छ ।

माछा भूरा वितरण

संख्या हजारमा

	032-33	**033-34**	**034-35**	**035-36**	**036-37**	**hDdf**
सरकारी फार्मको उत्पादनबाट	2975	3700	5675	6825	8150	27325
निजी क्षेत्रको उत्पादनबाट	250	1020	2100	3180	4260	10810
जम्मा	3225	4720	7775	10005	12410	38135

भूरा वितरणको अंकमा सरकारी वा गैर सरकारी फार्महरुबाट अन्य किसानलाई उपलव्ध गराउने भाग मात्र राखिएकोले फार्म आफैले हुर्काउनको निमित्त राखेको भूरा फार्म भित्रै वितरण भन्दा पहिले नै मर्ने मूरा आदिको समेत गणना गर्दा खुद माछा भूरा उत्पादनको अंग उपर्युक्त वितरण अंकभन्दा करिव ५० प्रतिशत जति बढी हुन आउँछ ।

मत्स्य पालनमा संलग्न किसानहरुको निमित्त निम्न अनुसार व्यवसायको स्तर निर्धारण गरी प्राविधिक सहयोगको व्यवस्था गरिनेछ:

(क) घरेलु तथा निम्न स्तरको मत्स्य पालन कार्य अन्तर्गत गाउँका पोखरीहरुमा व्यवस्थित रुपले मत्स्य पालन गर्नको लागि केही प्राविधिक सुधार जस्तै जलस्रोत रपानीको निकास, पोखरी मर्मत, पुराना पोखरीहरुमा भएका जंगली माछाको विषद्वारा

संहार गर्न आदि कार्यक्रम गरिने नयाँ पोखरी खन्न उपयुक्त ठाउँको छनौट र अन्य प्राविधिक सिफारिस समेत उपलब्ध गराइनेछ ।

(ख) मध्यम स्तरको पालन व्यवसायीबाट (४ हेक्टर सम्ममा माछा पाल्ने) आफूलाई चाहिने जति र छरछिमृकका सानास्तरका मत्स्य पालन व्यवसायको लागि चाहिने सरल तरिकाबाट प्रजनन गर्न सकिने खालका माछा भूराको उत्पादन गराइनेछ । यस कामको लागि चाहिने सबै प्राविधिक सेवा उपलब्ध गराइनेछ ।

(ग) वृहत स्तरको मत्स्य पालन व्यवसायबाट (८ हेक्टरभन्दा बढी जलासय भएको) पनि मध्यम स्तरबाट जस्तै माछा भूरा उत्पादन गराइनेछ । यस स्तरका व्यवसायमा लागेका कृषकहरुलाई चाहिने प्राविधिक सेवा हरवखत पुऱ्याइनेछ र संचालन गर्न आवश्यक पर्ने ऋण उपलब्ध गराइने वयवस्था मिलाइनेछ ।

प्राकृतिक जलासय, नदीनाला रताल पोखरीमा माछा उत्पादन गर्न सम्भव भएका क्षेत्रको विस्तृत जानकारी प्राप्त गर्नको निमित्त कंकाई, राप्ती ववई र त्रिशुली नदीहरुको विस्तृत सर्वेक्षण गरी संभाव्यता अध्ययन पूरा गरिनेछ । यी नदीहरुमा सर्वेक्षण पछि सम्भव किसिमबाट मत्स्य उत्पादन गर्ने कार्य प्रारम्भ गरिनेछ । नदीनाला लगायत विभिन्न जलासयहरुमा असला, महाशेर, रहू, कत्ला इत्यादि माछाहरुको भूरा प्रजनन केन्द्रहरुबाट प्राप्त गरी हुर्काउनको निमित्त छोडिनेछ ।

प्राकृतिक जलाशयहरुमा व्यवस्थित रुपले माछा मार्ने व्यवसाय चालू गर्न पाकृतिक जलाशय संरक्षण निमयहरु बनाइनेछ र यस्ता नियमहरु अनुसार जलाशयहरुलाई सरकारी वा संस्थागत संरक्षणमा संचालन गरिनेछ । माछा मार्ने व्यवसायमा लागेका माझीहरुको संगठन खडा गरी व्यवस्थित रुपमा यस्ता जलाशयहरुबाट माछा मार्ने व्यवस्था मिलाइनेछ ।

झ. पुनर्वास कार्यक्रम

नेपालको मध्यवर्ती पहाडी प्रदेश बसोबासको दृष्टिकोणले सर्वाधिक पुरानो प्रदेश भएकोले यहाँ प्रतिव्यक्ति कृषि भूमिको क्षेत्र अपेक्षाकृत रुपमा निकै कम छ । प्रतिवर्ष बढ्दो जनसंख्याले गर्दा यसै प्रदेशमा कृषि योग्य भूमिको खोजीमा रहेका जनस्पतिलाई नाश गरी खोरिया फाँड्ने चलनले गर्दा यस्तो खोरियाबाट एक दुई वर्षलाई केही उत्पादन सम्भव भएपछि यस्तो नाँगो भीरबाट निरन्तर रुपमा भू-क्षय हुन जाने र खहरेहरुबाट उप्जाउ वेसीहरुमा ढुंगा भरिदिने हुनाले पहाडी प्रदेशमा अरु खोरिया आवादीलाई नियन्त्रण गर्नु पर्ने देखिएको छ । पहाडको बढ्दो जनसंख्यालाई सरकारी स्तरबाट अन्य कुनै व्यवस्था नगरिएमा तराईको जंगल अयिन्त्रित किसिमबाट फडानी गरी बसोवास गर्ने चलन बढ्दै जाने आशंका विगत वर्षहरुको अनुभवले सिद्ध भइसकेको छ ।

पाँचौ योजना अवधिमा कृषि उत्पादन निर्धारित लक्ष्य अनुसार वृद्धि गर्न चाहिने विभिन्न उत्पादन सामग्री र सुविधाहरुको गणना गर्दा थप जमीनमा खेती गरी हुने उत्पादनलाई समेत ध्यानमा राखी अतिरिक्त जमीनको आवादीको लक्ष्य निर्धारण गरिएको छ । यस अनुसार पाँचौ योजना कालमा देशका तराई भागको ६२९०० हेक्टर जमीन आवादी गरी ५२१५० हेक्टरमा खेती गरिने कार्यक्रम रहेको छ ।

वसोवास कार्यक्रम अन्तरगत नयाँ वसोवास गराउने कार्यक्रम र विगत केही वर्षमा तराई प्रदेशमा भएको वनको अतिक्रमण गरि वसोवास जमीन र बसोबासलाई व्यवस्थित गरी अरु अतिक्तमणलाई नियन्त्रण गर्ने कार्यक्रम समेत गरी पुनर्वास कार्यक्रमलाई रोक्ने काम पुनर्वास विभागबाट गरिने छ र नयाा वान फडानी गरी वसोवास गराउने काम नेपाल पुनर्वास कम्पनीबाट गराइनेछ । यी दुई संस्थाबाट गरिने कार्यक्रम निम्न अनुसार हुनेछ ।

१. अव्यवस्थित बसोबास नियन्त्रण:

सरकारी पर्ती तथा वन क्षेत्रमा अतिक्तमण गरी बसोबास गरी सकेकालाई व्यवस्थित रुपमा बसोबास गराउने र अन्यत्त अतिक्रमण हुनुबाट रोक्ने कामको निमित्त यो कार्यक्रम संचालन गरिएको छ । प्रति परिवार १ हेक्टरको दरले जग्गा कित्ता काटी बसोबास गराइने छ रयसरी एक ठाउँमा बसोबास भइसकेको परिवारले अन्यत्र पुनर्वास कार्यक्रम अन्तर्गत जग्गा पाउन नसक्ने व्यवस्था गरिनेछ । पाँचौ योजना अवधिमा निम्न अनुसार बसोसा व्यवस्थित गरिनेछ :

अव्यवस्थित बसोबास नियन्त्रण गरी व्यवस्थित

बसोवास गराइने परिवार संख्या:

	अंचल	जिल्ला	032-33	033-34	034-35	hDdf
१	मेची	झापा	1500	2500	1000	5000
२	कोशी तथा सगरमाथा	मोरङ्ग, सुनसरी र उदयपुर	1000	1500	500	3000
३	जनकपुर	धनुषा, महोत्तरी	1000	1000	500	2500
४	नारायणी	बारा, पर्सा र रौतहट	500	500	500	1500

५	लुम्विनी	नवलपरासी, रुपन्देही,कपिलवस्तु	1000	1500	500	3000
६	राप्ती	दाङ, देउखुरी	250	250	250	750
७	भेरी	बाँके, वर्दिया	1250	2250	750	4250
८	सेती	कैलाली	750	1250	500	2500
९	महाकाली	कंचनपुर	750	1250	500	2500
		जम्मा	8000	12000	5000	25000

प्रति परिवार एक हेक्टरको दरले वितरण हुने भएकोले यसबाट २५,००० हेक्टरमा वसोवास निर्यामित हुनेछ । यस कार्यक्रम अन्तर्गत खेती गरिने अधिकांश जगा अव्यवस्थित रुपले नै भएपनि खेतीमा आई सकेकोले थप उत्पादन गर्न चाहिने थप जग्गाको हिसाव गर्दा सम्पूर्ण २५,००० हेक्टरलाई हिसाव नगरी नियमित गर्ने क्रममा केही थप जमिनमा समेत खेती गरिने भएकोले योजना अवधिमा करिव १२,९०० हेक्टरमा थप आवादी भई १०,००० हेक्टर मात्र खेती हुने अनुमान गरिएको छ । सोही अनुसार मात्र हिसाव गरिएको छ ।

२. वसोवास कार्यक्रम :

योजना अवधिमा नयाँ जमिन आवाद गरी खास उत्पादन वृद्धि गर्न भू उपयोगिताको आधारमा कृषि लायक जमिनको छनौट गरी खेतीका लागि चाहिने सिचाई सुविधा कृयष प्राविधिक सल्लाह, कृषि उपकरणहरु समेत उपलव्ध गराई सुनियोजित व्यवस्थित वसोवास कार्यक्रम संचालन गरिनेछ । वसोवास कार्यक्रम अन्तर्गत जग्गा उपलव्ध गराउँदा दैवी प्रकोपले पीडित भै बसाई सर्न वाध्य भएका परिवार, भूमिहीन असहाय परिवार र संरीक्षत वन क्षेत्रबाट हटाइएका परिवार आदिलाई प्राथमिकता दिई प्रति परिवारलाई पहिलो वर्ष ०.६७ हेक्टर र दोस्रो वर्ष १.३३ गरी बसोबास गरेको वर्षदेखि दुई वर्षमा २ हेक्टर जमिनमा बसोवास कार्यक्रम संचालन गरी २२,५०० परिवारलाई वसोवास गराइनेछ । वसोवास गरिने क्षेत्रमा स्थापना हुने स्कुल, चौर, बाटो, घर आदिलाई समेत जग्गा छुट्याउंदा वसोवास क्षेत्रको करिव ८५ प्रतिशत भागमा मात्र खेती हुने अनुमान गरिएको छ ।

बसोबास कार्यक्रम

	जिल्ला	बसोबास गराउने परिवार संख्या	प्रयोगमा ल्याउने कुल जग्गा (हेक्टर)	योजना अवधिमा खेतीमा ल्याउने थप क्षेत्रफल (हेक्टर)
१	झापा	2250	5000	4360
२	नवलपुर	3150	7000	6040
३	वर्दिया	5850	13000	10700
४	कैलाली	4500	10000	8550
५	कंचनपुर	6750	15000	12500
	जम्मा	22500	50000	42150

योजनाको शुर वर्षहरुमा सर्वेक्षण गरी बसोबास क्षेत्रहरु कायम गर्ने उक्त क्षेत्रबाट जन पैदावार हटाई जग्गा बनाउने आदि काम गर्ने भएकोले शुरुका वर्षहरुमा पूरा मात्रामा एकै पटक जग्गा उपलव्ध गराउन नसक्ने हुनाले जग्गा उपलव्ध गराउने र परिवार बसोवास गराउने कार्यक्रम विभिन्न वर्षहरुमा विभाजन गरिएको छ । विभिनन आयोजनाहरुमा वर्षेनी उपलव्ध गराउन सक्ने जग्गा र वसोवास गराउने परिवार संख्या निम्न अनुसार छ ।

उपलब्ध गराउने जग्गा (हेक्टरमा)

		032-33	033-34	034-35	035-36	036-37	hDdf
१	झापा	1100	675	900	1225	1100	5000
२	नवलपुर	1100	1325	1575	1575	1425	7000
३	वर्दिया	1550	1500	3200	3250	3500	13000
४	कैलाली	1350	2100	2100	2350	2100	10000
५	कंचनपुर	1800	2600	3600	3500	3500	15000
	जम्मा	6900	8200	11375	11900	11625	50000

विभिन्न स्थानमा वसाउने परिवार संख्या

		032-33	033-34	034-35	035-36	036-37	hDdf
१	झापा	500	300	400	550	500	2250
२	नवलपुर	500	600	700	700	650	3150
३	वर्दिया	700	675	1440	1460	1575	5850
४	कैलाली	610	945	945	1055	945	4500
५	कंचनपरु	810	1170	1620	1575	1575	6750
	जम्मा	3120	3690	5105	5340	5245	22500

उपरोक्त तालिकाहरु बमोजिम उपलब्ध गराइने जग्गा मध्ये केही प्रतिशत जग्गामा स्कूल, सडक, नहर, चरन आदिको वयवस्था हुने हुनाले वितरण हुने सम्पूर्ण जग्गामा खेती नहुने तथ्य स्पष्ट छ । त्यस्तै ०३१।३२ मा उपलब्ध गराइएको जग्गा मध्ये दुई तिहाई ०३२।३३ मा खेतीमा ल्याइने हुनाले विभिन्न वर्षहरुमा वसोवास कार्यक्रमबाट खेतीमा ल्याइएको थप जग्गा निम्न अनुसार हुनेछ ।

खेतीमा ल्याइने थप जग्गा (हेक्टरमा)

	जिल्ला	032-33	033-34	034-35	035-36	036-37	hDdf
१	झापा	960	800	700	900	1000	4360
२	नवलपुर	367	1167	1409	1572	1525	6040
३	वर्दिया	1566	1385	1860	2893	2996	10700
४	कैलाली	1205	1440	1890	1965	2050	8550
५	कंचनपुर	1640	1860	2640	3210	3150	12500
	जम्मा	5738	6652	8499	10540	10721	42150

ञ. खाद्य तथा कृषि बजार सेवा

कृषकहरुको पैदाइसको समुचित वजार व्यवस्था गर्न र यस्ता पैदावरको उपयुक्त प्रशोधन प्रविधिको विकासका लागि खाद्य अनुसन्धान र गुण स्तर निर्धारण आदि कार्यक्रम पनि स.चालन हुनु पर्ने हुन्छ आउंदछ । कृषि विकासको क्रममा कृषि क्षेत्रको विभिन्न स्तरमा आर्थिक अध्ययनहरु गरिनु नितान्त जरुरी छ । विकासको गति अनुरुप योजना एवं आयोजनाहरुको तर्जुमा र कार्यानवयनको निमित्त आवश्यक पर्ने कृषि क्षेत्रको अध्यावधिक तथ्यांकहरु स.कलन तथा विश्लेष्ण हुनु पनि उत्तिकै महत्वपूर्ण छन् ।

उपर्युक्त तथ्यहरुलाई ध्यानमा राखी पाँचौ योजना अवधिमा यस खाद्य तथा कृषि बजार सेवा विभागबाट निम्न लिखित कार्यक्रमहरु संचालन गरिनेछ:

१. कृषि पदार्थहरुको बेचविखनमा दक्षता बढाउन विभिन्न प्कारका बजार तथा बजार व्यवस्थाको अध्ययन सर्वेक्षण गरी बजार विकास तथा विस्तार गर्न आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने । अन्तर्राष्ट्रिय खाद्यान्न बजार स्थितिको समेत विश्लेषण गर्ने र आवश्यक जानकारी सम्बन्धित सबैलाई उपलब्ध गराउने । कृषि सामाग्री संस्थान र नेपाल खाद्य संस्थानसंग श्री ५ को सरकारको तर्फबाट सम्पर्क कार्यालयको रुपमा काम गर्ने र बजार विकास कार्यक्रममा अन्य संस्थाहरुसँग संम्बन्ध स्थापना गर्ने ।

२. अधिराज्यका विभिन्न जिल्लाहरुलाई आवश्यक पर्ने खाद्यान्नको अनुमान तयार गर्ने ।

३. देशको कृषि विकासको योजनाहरु तर्जुमा एवं कार्यान्वयनका लागि आवश्यक सामायिक कृषि तथ्यांक उपलब्ध गराउने ।

४. उत्पादकत्व, मूल्य तथा अन्य आर्थिक पक्षबाट कृषि उत्पादन र कृषि वस्तुहरुको मागमा परेको वा पर्ने असर एवं कृषि उत्पादन खर्च सम्बन्धी अध्ययन गर्ने, ग्रामीण परिवारको आर्थिक स्थिति र ग्रामीण अर्थशास्त्र एवं सामाजिक व्यवस्था जस्ता विषयमा अध्ययन अनुसन्धान, सर्वेक्षण गरी कृषि विकासको निमित्त गरिने नीति निर्धारणमा सहयोग पुऱ्याउने ।

५. खाद्य अनुसन्धानमा मुख्यतया देशमा प्रचलित कृषि पदार्थहरुको बढी पौष्टिकतत्वको उपभोग एवं प्रचलनको लागि नीति निर्धारणमा सहयोग पुऱ्याउने खालका अनुसन्धान गर्ने । खाद्य पदार्थको प्रशोधनको सुधार तथा पैदावारको विकासको लागि अनुसन्धान गरी बजार तथा बजार व्यवस्था कार्यक्रम समेतमा प्राविधिक सहयोग पुऱ्याउने । विभिन्न खाद्य पदार्थहरुको गुण एवं स्तर निर्धारणका लागि आवश्यक अनुसन्धान गरी आन्तरिक, आयात तथा निर्धात व्यापार गरिने पदार्थहरुको नियन्त्रण एवं संरक्षणमा मद्दत पुऱ्याउने । जन स्वास्थ्यको समेत ख्याल राखी यस सम्बन्धी आवश्यक ऐन तथा नियम बनाउन एवं लागू गर्न सघाउ पुऱ्याउने ।

ट. कृषि वर्ष

नेपालको आर्थिक विकासको आधार नै कृषि भएकोले कृषि उत्पादनमा उललेखनीय वृद्धि नहुँदा सम्म वहुसंख्यक नेपालिको जीवन स्तरमा सुधार हुन नसक्ने कुरालाई दृष्टिगत गरी राष्ट्रिय विकास परिषद्को तेस्रो वैठकमा श्री ५ महाराजाधिराज सरकारबाट आ.व. ०३२।३३ लाई कृषि विकासको वषको रुपमा मनाउन राय मागी बक्से बमोजिम आ.व. ०३२।३३ लाई कृषि विकासको वर्षको रुपमा मनाउन उपयुक्त देखि विशेष कार्यक्रमको तर्जुमा गरिएको छ । कृषि वर्षमा संचालन गरिने विशेष कार्यक्रमहरु अभियानको रुपमा स.चालन गरिनेछ र यसमा वर्तमान कृषि संगठनका अतिरिक्त वर्गीय संगठनहरुलाई र गाउँ फर्क केन्द्रीय कार्यालयलाई समेत परिचालन गरिनेछ ।

कृषि वर्षमा संचालन गरिने कार्यक्रमको भौतिक लक्ष्यहरु मात्र तल प्रस्तुत गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण आ.व. ०३२।३३ को वार्षिक कार्यक्रममा प्रस्तुत गरिएको छ ।

कृषि वर्षमा संचालन हुने कामहरु

सिनं	कामको विवरण	भौतिक लक्ष्य	कैफियत
१	रासायनिक मल	१००८५ मे.टन (२५००० मे.ट. ग्रसमा)	काठमाडौं उपत्यका र पहाडी जिल्लाहरुमा मात्र ।
२	उन्नत विउ	९२९ मे.ट.	काठमाडौं उपत्यका र पहाडी जिल्लाहरुमा मात्र ।
३	फलोद्यान विकास		अधिराज्यका २७ जिल्लाहरुमा
	(क) फलफूल उत्पादन	१५०० हेक्टर	मध्य पहाडी र उत्तरी भेगका १९ जिल्लाहरुमा ।
	(ख) नर्सरी स्थापना	१९ जिल्ला	पूवी पहाडी जिल्लाहरुमा ।
४	अलैची विकास	१०० हेक्टर	सर्लाही र सिन्धुली जिल्लामा ।
५	जिरा खेती विकास	५ हेक्टर	
६	पशुपालन विकास		

	(क) भैसी वितरण	२५०० संख्या	
	(ख) रांगो वितरण	१०० संख्या	
	(ग) याक वितरण	१२० संख्या	
	(घ) भेंडा वाखा वितरण	५२०० संख्या	
	(ङ) चरन विकास	५ जिल्ला	तिव्रीकोट, डोल्पा, रसुवा, रामेछाप र सोलुखुम्वु जिल्लाहरु ।
	(च) डाले घांस विकास	४००० विरुवाहरु वितरण एवं नर्सरी स्थापना	
७	मत्स्य विकास	२२० हेक्टर जलक्षेत्र	खुम्यतः तराई क्षेत्रमा ।
८	तरकारी खेती विकास	५२० हेक्टर	विभिन्न जिल्लाहरुमा ।
९	सिचाई सुविधामा सुधार तथा सफाई	७३०० हेक्टर	हिउँदेवालीको लागि सिंचाई सुविधा र पहाडी जिल्लामा साना कुलाहरुको निर्माण ।
१०	मलको व्यवस्था	विभिन्न जिल्ला	डोटी, जाजरकोट, प्यूठान, भोजपुर, इलाम, संखुवासभा, वांके, धनुषा, अर्घाखांछी, सिराहा र झापा लगायत अन्य केही जिल्लामा नयाँ सघन कार्यक्रम संचालन गर्ने ।
११	गोवर ग्यांसको प्रयोग प्रदर्शन	११ जिल्ला	काठमाडौ., सुनसरी, सप्तर, चितवन, उदयपुर, सुर्खेत, वर्दिया, कास्की, झापा, नवलपरासी रबपिलवस्तु जिल्लाहरुमा ।
१२	किटनाशक औषधीको व्यवस्था		निर्देशित सहकारी स.स्थाहरु मध्ये प्रत्येकका लागि २-२ वटा किटनाशक औषधी छर्ने स्प्रेयर र औषधी उपलव्ध गराउने ।
१३	कृषि ऋण व्यवस्था		कृषि विकास वैंकले ग्राम समिति, निर्देशित सहकारी संस्था वा आफ्नै कार्यालय मार्फत ऋणको व्यवस्था गर्ने, ऋणीहरुका लागि ऋण वितरण पत्र बनाउने, मोही कृषकलाई पनि ऋण दिने ।

ठ. खर्चको विवरण :

पाँचौ योजना अन्तर्गत कृषि विकासको निमित्त माथि उल्लेख गरिएका कार्यक्रम संचालन गर्न चाहिने खर्चको विवरण तल प्रस्तुत गरिएको छ:

खर्च रु. हजारमा

सिनं	कामको विवरण	भौतिक लक्ष्य	कैफियत
१	वाली अनुसन्धान तथा विकास	9,92,51	1,06,00
२	कृषि प्रसार	22,60,79	8,00,00
३	फलोद्यान तथा तरकारी विकास	6,49,17	3,00,00
४	(क) पशु विकास	5,04,22	4,00,00
	(ख) दुग्ध विकास	4,50,00	0
५	मत्स्य विकास	2,35,69	0
६	(क) पुनर्वास विभाग	1,16,87	0

	(ख) पुनर्वास कम्पनी	8,31,19	0
७	खाद्य तथा कृषि बजार सेवा	2,84,84	0
८	कृषि वर्षको कार्यक्रम	2,10,00	0
	जम्मा	65,35,28	16,06,00

अनुसूची

पाँचौ योजना (२०३२-३७) कार्यक्रम

बाली अनुसन्धान विकास

आयोजनाको नाम	स्थान	आयोजना को स्थिति	भौतिक लक्ष्य	आयोजनामा लाग्ने खर्च रु ००० मा	कैफियत
१. कृषि वनस्पत				3381	
क. वाली प्रजनन	विभिन्न	चालू	१. विभिन्न प्रदेश र वाली अनुसार उपयुक्त बढी उत्पादन दिने उन्नत विउ विकास गर्ने र प्रजनन विउ उत्पादन गर्न मूल विउ उत्पादन गरी उपलब्ध गराउने ।		विभिन्न कृषि केन्द्र वा फार्ममाफत गरिने सम्बवन्धित कार्य पनि यस्मा समावेश गरिएको छ ।
			२. नयाँ उन्नत विउ विकासको निमित्त निम्न परीक्षणहरु गर्ने		
			क) विभिन्न जातको संकलन तथा विस्तृत अधययन ५०० संख्या		
			ख) विभिन्न जातहरमा संकलन २०० संख्या		
			ग) संकलित जातहरुको परीक्षण १००० संख्या		
			घ) प्रारम्भिक जातीय परीक्षण तथा अरु अध्ययन २५ सख्या		
			ङ) प्रोटिन वाइसिन ट्रिपटो म्यान परीक्षण ४००० संख्या		
ख) वनस्पति परिचय तथा वर्गीकरण			१. विभिन्न स्वदेशी तथा विदेशी बालीका जातहरुको र झारहरुको अध्ययन तथा विश्लेषण गरी तिनीहरुको उपयुक्तता वा नियन्त्रण सम्वन्धी सिफारिश गर्ने ।		
			२. उपर्युक्त कामको निमित निम्न लिखित अध्ययन, वर्गीकरण गर्ने		
			क) अधिराज्यमा हुने विभिन्न वालीहरु र वाहिरबाट भिकाइने जातहरको अध्ययन, वर्गीकरण, मूल्यांकन र संक्षण गर्ने ५०० संख्या		
			ख) वाली सम्वन्धी झापात संकलन र वर्गीकरण ५०० संख्या		
ग.वीज परीक्षण, प्रमाणीकरण तथा विकास			१. विउहरुको गुण जोगाउन यस्मा असर पार्ने कुराहरु अध्ययन गरी समाधानका उपायहरु सिफारिस गर्ने ।		

			२. धान, गहुँ, मकै, जौ. आदिको प्रोटीन तथा अन्य पौष्टिकत्व विशलेषण गरी आँकडाहरु उपलव्ध गारउने, विउ सम्वन्धी नीति अपनाई कार्यान्वयन गर्ने । ३. किसानहरु वा फार्महरुबाट उत्पादन गरिएको विउलाई परीक्षण र प्रमाणीकरण गर्न निम्नलिखित कार्य गर्ने		
			क) विभिन्न बालीको विज परीक्षण - १२,५०० संख्या		
			ख) बाली निरीक्षण ४००० हेक्टर		
			ग) विउ प्रमाणीकरण १०,००० मेट		
			घ) विउ सम्वन्धी अध्ययन १५ संख्या		
घ. क्षेत्रीय वीउ परीक्षण प्रयोगशाला	३ विसका क्षेत्र	प्रस्तावित	स्थानमा परीक्षणशाला स्थाना गर्ने	1998	१. खर्च साधारण वजेटमा परेको छ ।
					२. विभिन्न कृषि केन्द्र वा फार्महरुबाट गरिने कार्य पनि यसमा समावेश गरिएको ।
२. बाली विज्ञान	विभिन्न	चालू	१. कोदो, जौ, उवा, फाफर जस्ता प्रमुख पहाडी बालीको उन्नत जात विकास गर्ने		
			२. परीक्षण, संकरण इत्यादिबाट उपर्युक्त ठहरी विकास गरिएको यस्तो विउ किसानलाई उपलव्ध गराउने ।		
			३. विभिन्न जातको उन्नत वालीहरुको रोप्ने समय, विउको मात्रा, रोप्ने तरिका किसानहरुलाई सिफारिस गर्ने ।		
ख. कृषि केन्द्र स्थापना			उच्च पहाडी बाली विकासको निमित्त उन्नत विउहरु विकास गर्न उच्च पहाडी प्रदेशमा एउटा कृषि केन्द्र स्थापना गर्ने ।		
ग. मिस्रित खेती विकास			१. विभिन्न जातहरुको बाली मिश्रण गरी वा घुम्ती तरीकाबाट खेती गर्दा हुने उपयुक्तता वारे सिफारिस किसानलाई उपलव्ध गराउने ।		
			२. विभिन्न उन्नत जातको विउको स्थान अनुसारको रोप्ने समय विउको मात्रा र खेतीको तरीका किसानलाई सिफारिस गर्ने ।		

घ. कोसे बाली विकास			स्थानीय वा विदेशी उपयुक्त उन्नत जातको विउ छनौट गरी किसानालाई लगाउने तरीका, रोप्ने समय इत्यादि समेत सिफारिस गर्ने ।		
ङ विउ उत्पादन			१. प्रजनन विउ		
			धान १५०० के.जि		
			गहुँ १५०० के.जि		
			मकै २१२५ के.जि		
			२. उन्नत विउ उत्पादन		
			धान १५१५ मे.टन.		
			गहुँ १२८५ मे.टन.		
			मकै १५९ मे.टन.		
			३. अन्य विउ उत्पादन		
			तेलहन ८ मे.टन		
			सनपाट ४५ मे.टन		
			कोसेवाली २६ मे.टन		
			उखु २३०० मे.टन		
च. झारपात नियन्त्राण			विभिन्न वालीमा देखा पर्ने अनुपयोगी झारपात नियन्त्रण गर्न उपयुक्त उपायहरु सिफारिश गर्ने ।		
छ. परीक्षण			उपर्युक्त सिफारिसहरुलाई आवश्यक पर्ने विभिन्न किसिमको परीक्षणहरु गर्ने ११९७ संख्या		
३. कपास विकास कार्यक्रम	विभिनन जिल्ला	प्रस्तावित	१. कपास खेतीगर्ने ४५५० हेक्टर	2,13,98	
			२. कपास सम्वन्धी परीक्षणहरु गर्ने र उन्नत विउको किसिम विकास गर्ने ।		
			३. किसानलाई उन्नत विउ र यस्तो विउको खेती गर्ने प्रविधि सिफारिस गर्ने ।		
४. नगदेवाली विकास	,,	,,	-	1,06,00	

५. माटो विज्ञान	,,	चालू	१. चौथो योजनाको अन्त्यसम्ममा माटो सर्वेक्षण पुरा भएका र पाँचौ योजना अवधिमा सर्वेक्षण गरिने जिल्लाहरुमा बाली अनुसार र जिल्ला अनुसार आवश्यक मल (रासायनिक र प्राँगरिक) हरुको किसिम र मात्रा सिफारिस गर्ने ।	57,18	
			२. प्राँगरिक र जैविक मल बनाउने र प्रयोग गर्ने विधि किसानहरुलाई उपलवध गराउने ।		
			३. माटोको गुण कायम राख्न उपयुक्त प्रविधि सिफारिस गर्ने ।		
			४. देशको विभिन्न भागमा माटो सर्वेक्षण विश्लेषण र वर्गीकरण गरी माटोको नक्सा तयार गर्ने र सोही अनुसार बाली र मलखादको सिफारिस गर्ने ।		
			५ परीक्षण कार्य		
			१. माटो विज्ञान		
			क) मलखाद परीक्षण ४१ संख्या		
			ख) स्थानीय रुपमा चल्ने मलखाद परीक्षण रवहुँबाली एवं मलखादको व्यवस्था बारे अधययन १० संख्या		
			ग. मलखाद परीक्षणबाट प्राप्त माटोको नमूनाहरुको विश्लेषण १,८०० संख्या		
			घ. कृषकको खेतबारीमा साधारण मलखाद परीक्षण १,२५० संख्या		
			२. स्वयल फिजिकस		
			क. माटोको भौतिक विश्लेषण २५,००० संख्या		
			ख) फिल्ड परीक्षण १० संख्या		
			३. माटो र कृषि रसायन		
			क) माटो विशलेषण (मलखाद, पानी, विरुवा आदि) ५०,५०० संख्या		
			खं विस्तृत विश्लेषण १,८०० संख्या		
			ग) कृषि उपयोग गरिने रसायनहरुको विश्लेषण २६० संख्या ।		
			४. प्लाण्ट न्यूट्रिसन		
			क) ग्रीन हाउस परीक्षण १० संख्या		
			ख) फिल्ड र ग्रीन हाउसबाट प्राप्त विरुवाको नमूनाहरुको विशलेषण १००० संख्या ।		
			ग) फिल्ड र ग्रीन हाउसबाट प्राप्त माटोको नमूनाहरुको विशलेषण १२५० संख्या ।		

			ग) प्लान्ट नयूट्रिसनतर्फ आई स्टोफको प्रयोग सम्वन्धी अध्ययन ३ संख्या		
			५. स्वायल माइक्रोवायोजली		
			क) फिल्ड तथा ग्रीन हासमा परीक्षण २५		
			ख) माटोको सुक्ष्म जैविक विश्लेषण २५०० संख्या		
			ग) प्रयोगशालामा शुद्ध रुपमा जिवाणु छुट्याउने १५० संख्या		
			घ) माटो सर्वेक्षण र वर्गीकरण २८७२००० हेक्टर		
			ङ) माटोको विभिन्न पक्षसँग समन्वयात्मक अध्ययन ५ संख्या		
६. बढी उपजका अन्न बाली विकास आयोजना	विभिन्न	चालू	दोस्रो चरणको काम संचालन गर्ने	900	
७. बाली रोग विज्ञान	,,	,,	१. प्रमुख बालीहरुमा देखा पर्ने रोगहरु जस्तै धानमा ल्वाइट, हेल्मेन्थो, स्पोरियम ल्वाइट, गहुँमा सिँदुरे, कालोपोके, मर्कमा हेल्मेन्थो स्पोरियम लेक्टोस्पोरियम-रष्ट आदि र आलमा डडुवा ब्रोवरट आदि नियन्त्राण गर्ने निश्चित विधिहरु किसानलाई सिफारिश गर्ने ।	3519	
			२. च्याउ खेती विकास गर्न किसानलाई विउ र प्रविधि उपलवध गराउने ।		
			३. अनुसन्धान कार्य गर्ने		
			क) रोगको सर्वेक्षण १,२८,००० हेक्टर		
			ख. रोग संकलन तथा परीक्षण प्राप्त हुन आए अनुसार गर्ने ।		
			ग) रोग अध्ययन तथा परीक्षण १२५ संख्या		
			घ) च्याउ सम्वन्धी अध्ययन १० संख्या		
			ङ) विउ सम्वन्धी रोग अध्ययन ४०० संख्या		
			४. तालीम-आवश्यकतानुसार		
८. प्लान्ट क्वारेन्टिन	विभिन्न	चालू	१. विदेश निकासी वा पैठारी गर्ने जांची र उपचार गरी विरुवा स्वास्थ्य प्रमाण प्रदान गर्ने ।	39,15	

			२. प्रवेश केन्द्रहरुमा निकासी पैठारी गरिने विरुवा तथा विरुवा उत्पादनको सर्वेक्षण गर्ने र आवश्यकतानुसार उपचार गर्ने ।		
			३. पैठारी गरिने विरुवा वा विरुवा उत्पादनलाई आवश्यकतानुसार कम से कम एक सिजन सम्म ल्यान्ट इन्ट्री क्वारेन्टिनमा राख्ने ।		
			४. विनासकारी रोग तथा किराको प्रवेश र फैलावट रोक्न समय समयमा आवश्यकतानुसार निमय कानून वनाई लागू गर्ने ।		
			५. थप प्लान्ट क्वारेन्टिन चेक पोष्ट स्थापना गर्ने (पशुपतिनगर, भद्रपुर, धनगढी, महेन्द्रनगर र कोइलावास) - ५ संख्या		
			६. पोष्ट इन्ट्री क्वारेन्टिन प्लान्ट खडा गर्ने १ संख्या		
			७. खोलिएका केन्द्रहरुमा रोग तथा किराको समय समयमा निरीक्षण गरी आवश्यकतानुसार नियन्त्रण गर्ने ।		
९. <u>किट विज्ञान शाखा</u>	विभिन्न	चालू	१. विभिन्न वालीमा लाग्ने मुख्य मुख्य किराहरु नियन्त्रण गर्ने उपाय पत्ता लगाई किसानलाई सिफारि गर्ने ।	33,48	
			२. अन्नमा विभिन्न विषादीको प्रयोगबाट हुने कुप्रभाव रोक्ने उपाय पत्ता लगाई किसानलाई सिफारिस गर्ने ।		
			३. संचय गरिएको अन्नमा लाग्ने किरा मुसा रोक्ने उपाय पत्ता लगाई किसानलाई सिफारिश गर्ने ।		
			४. उपयोगी किरा जस्तै रेशम, मौरी आदिको पालन सम्वन्धमा किसानलाई सिफारिश गर्ने, तालिम दिने र आवश्यक प्राविधिक सहयोग गर्ने ।		
			५ <u>अनुसन्धान कार्य</u>		
			१. ट्याक्सोनोमी		
			क) सर्वेक्षण वस्तृत ५ जातको वाली		
			ख) सर्वेक्षण साधारण ५ जातको वाली		
			ग) संकलन १० जातको किरा		
			घ) पहिचान १० जातको किरा		
			ङ) म्युजियम थप संरक्षण १००० कोराजात		

			च) वर्गीकरण ५ कोरा जात		
			छ) विस्तृत पहिचान १० जात		
			ज) दुर्गम क्षेत्रको किराको फनेल १४ जिल्ला		
			२. टक्सोकोलोजी:		
			क) विषादीको विषालुपनको अध्यनय १० वाली		
			ख) विषादीको वालीको किरा नियन्त्राणमा तुलनात्मक अध्ययन ५ जात		
			ग) संचित अनाजमा लाग्ने किराको रोकथाम अध्ययन ४ जातको अनाज ।		
			घ) विषादीको अभशेष अध्ययन ५ जातको तरकारी वाली		
			ङ) प्रयोगशाला विषादी चालू		
			च) विषादी प्रयोग विधीवारे साधन तयार पार्ने ५ संख्या		
			३. इकोलाजेजी		
			क) किराको सामयिक आंशिक वृद्धि अध्ययन लाइट ट्यामको माध्यमबाट ५ जातको किरा		
			ख) किराको सामयिक आंशिक वृद्धि अध्ययन अन्य माध्यमबाट ५ जातको किरा		
			ग) किराको जैविक अध्ययन जीवनी ८ किरामा		
			घ) आहारा अनुसार वृद्धि अध्ययन ५ किरामा		
			ङ) किराबाट बालीमा हुने क्षती वारे अध्ययन ४ किरामा		
			च) किसानको लागि सुधारिएको भकारी अध्ययन आवश्यकतानुसार		
			छ) भकारी र संचित अनाजमा भिन्दा भिन्दै अध्ययन आवश्यकतानुसार		
			ज) भकारी र संचित अनाजमा विषादीको तुलनात्मक अध्ययन संचित अनाजमा		
			झ) मुसा नियन्त्रण सर्वेक्षण ३ वाली		
			ञ) मुसा संकलन ३ वाली		
			ट) पहिचान ३ वाली		
			ठ) मुसामा विषादी अध्ययन चालू		
			बाली संरक्षण		
			क्षेत्रीय प्रयोगशालाहरुको स्थापना ३ क्षेत्रमा		
			जैविक नियन्त्रण		
			क) कालेझार एवम् परजीवि संकलन विभिन्न जिल्ला		

			ख) संकलित परजीविहरु आवश्कतानुसार		
			ग) कालेझार नास्ने किरा पैठारी गर्ने चालू		
			घ) परजीवि किराको नियन्त्रित अवस्थामा अध्ययन गर्ने चालू		
			ङ) परजीवि किरालाई परीक्षणको लागि छाड्ने चालू		
१०. व्यावसायिक किट विज्ञान आयोजना	काभ्रे	चालू	१. किंवु रेशम खेती:	4500	
			क) पाइलट प्रोजेक्ट ५ संख्या		
			ख) सामान्य किरा पालन प्रदर्शनी १० संख्या		
			ग) विरुवा वितरण २०५० संख्या		
			घ) स्थलगत संभाव्यता सर्वेक्षण १० संख्या		
			ङ) विउ उत्पादन संरक्षण ३.७ ग्राम		
			तालिम र प्रशिक्षण		
			क(कृषक तालिम ११६ संख्या		
			ख) मध्यम स्तरका विशेष तालिम ६० जना		
			ग) अनुसन्धान परीक्षण ३० संख्या		
			घ) मौरी पालन अध्ययन ९ संख्या		
			ङ) अन्य किरा अध्ययन १५ संख्या		
			कारखाना विकास		
			सरकारी क्षेत्र निजी स्तर घरेलु कुटी र स्तर र सहकारी स्तरमा औद्योगिक पक्षको विकास विस्तार गर्न किसानलाई प्रोत्साहित तुल्याउने ।		
११. (क) एगृ इन्जिनियरिङ्ग	काठमाडौं	चालू	क) कृषि विभाग तथा कृषिका विभिन्न अंगहरुलाई चाहिने भवन, ल्याव इत्यादिको डिजाइन लगत इष्टिमेट तयार गर्ने र निर्माणमा रेखदेख तथा जाँच पास गर्ने ।	2417	
			ख) गोदामहरुको अध्ययन गरी उपयुक्त नमूना किसानहरुलाई सिफारिस गर्ने ।		
			ग) कुखुरा खोरको डिजाइन गरी उपयुक्त नमूना किसानलाई सिफारिस गर्ने ।		
			घ) कृषकको निमाृण सामान काठछानाको अध्ययन गरी उपयुक्त नमूना कृषकमा पुऱ्याउने ५ पटक ।		
			सिंचाई अनुसन्धान		

			(जनकपुर, भैरहवा, नेपालगंज र परवानीपुरका कृषि केन्द्रहरुमा)		
			क) ओपन डग वेलामा जाग्ने खर्च तथा नाफाको अध्ययन ५ पटक		
			ख) सेन्ट्रीफ्युगल (५-१०) घा.शंको. संचालन तथा सम्भार खर्चको अध्ययन - ५ पटक		
			ग) परवानीपुर वा भैरहवामा फार्मको ट्रयववेलको नाफा तथा आउटपुट ३ पटक		
			घ) धान, गहु तथा आलुमा चाहिने पानीको मात्रा निकाल्ने र सिफारिश गर्ने १५ पटक		
			ङ) जलवायु सम्वन्धी डाटाबाट इभापोरेशन, ट्रान्सपोरेशन, धान, गहु, मर्कमा निकाल्ने १५ पटक		
			च) विभिन्न किसिमको कुलाहरुको तुलनात्मक अध्ययन गरी उपयुक्त कुलाको किसानहरुलाई सिफारिश गर्ने ४ पटक		
			भू-संरषण		
			क) एक ठाउँमा वेन्च टेरेसिंग खोल्ने - चालू		
			ख) रामपुरमा हावाद्वारा हुने भूक्षतिको अध्ययन गर्ने - चालू		
			ग) भू-संरक्षणको अध्ययन गर्ने - ३ पटक		
			घ) विभिन्न किसिमको कुलोहरुको तुलनात्मक अध्ययन - ४ पटक		
			ङ) किसानलाई गरा, कान्ला बनाउने प्रविधि सिफारिश गर्ने ।		
			गोवर ग्याँस निर्माण		
			क. सरकारी कृषि फार्ममा परीक्षणको रुपमा निर्माण गर्ने ।		
			ख) निजी किसानलाई आवश्यक प्राविधिक सहयोग दिने ।		
			ग) प्रचार गर्ने ।		
ख. एगृ इन्जिनियरिंग डेभलपमेण्ट रिसर्च तथा तालिम केन्द्र, रानीधाट	वीरगंज		क. औजार नमूना तयार पार्ने - १० थान	4674	
			ख) औजारहरुको तुलनात्मक अध्ययन ५ पटक		
			ग) विदेशबाट भिकाइएको औजार र्मत संभार - चालू		

			घ) विदेशबाट झिाइउको औजार तथा यन्त्रको मर्मत ५ पटक		
			ङ) कृषि औजार प्रदर्शन ७५ पटक		
			च) औजार संकलन ५ अंचल		
			छ) ट्याक्टर अपरेटर तालिम ७० जनाव		
			ज) ट्याक्टर मेकानिक्स तालिम २५ जवान		
			झ) गोरुले तानने औजार र पम्प सिंचाईहरु सम्वन्धी तालिम ४५० जवान		
१२. कृषि केन्द्र तथा फार्महरु					
१. तरहरा	सुनसरी	चालू	१. उन्नत गहुं विउ उत्पादन - ६० मे.टन	4544	जुट विकास समेत
			२. धान विउ उत्पादन - १०० मे.ट.		
			३. जूट उत्पादन - ४५ मे.ट.		
			४. विभिन्न परीक्षण - २०० संख्या		
२. परवानीपुर	वारा	चालू	१. उन्नत गहुं विउ उत्पादन - १०० मे.टन	9013	धान, उखु विकास समेत
			२. उन्नत धान विउ उत्पादन - ८० मे.ट.		
			३. उखु उत्पादन - २३०० मे.ट.		
			४. विभिन्न परीक्षण - २१५ संख्या		
३. धनकुटा	धनकुटा	चालु			फलोद्यानतर्फ वजेट परेको छ ।
४. जनकपुर	धनुषा	चालू	१. उन्नत गहुं विउ उत्पादन - १३५ मे.टन	1908	
			२. उन्नत धान विउ उत्पादन - १४० मे.ट.		
			३. विभिन्न परीक्षण गर्ने - १०० संख्या		
५. रामपुर	चितवन	चालू	१. उन्नत गहुं विउ उत्पादन - १०० मे.टन	5722	मकै र तेल विकास समेत
			२. उन्नत धान विउ उत्पादन - १५० मे.ट.		
			३. उन्नत मकै विउ उत्पादन - १०० मे.ट.		
			४. तेल जात उत्पादन ८ मे.टन		
			४. विभिन्न परीक्षण - १५२ संख्या		
६. खुमल	ललितपुर	चालू	१. उन्नत गहुं विउ उत्पादन - १०० मे.टन	4097	गहु र कोसोबाली विकास समेत
			२. उन्नत धान विउ उत्पादन - ६५ मे.ट.		

			३. उन्नत मकै विउ उत्पादन - ५ मे.ट.		
			४. दालजात उत्पादन - २६ मे.ट.		
७. जिरी	दोलखा	चालू	१. उन्नत गहुं विउ उत्पादन - २० मे.टन	1723	
			२. उन्नत धान विउ उत्पादन - २० मे.ट.		
			३. उखु मकै विउ उत्पादन - ७.५ मे.ट.		
			४. विभिन्न परीक्षण गर्ने - ४९ संख्या		
८ भैरहवा	रुपन्देही	चालू	१. उन्नत गहुं विउ उत्पादन - १०० मे.टन	2992	
			२. उन्नत धान विउ उत्पादन - २२५ मे.ट.		
			३. उन्न मकै विउ उत्पादन - २.५ मे.ट.		
			४. विभिन्न परीक्षण गर्ने - १२५ संख्या		
९. नेपालगंज	वाँके	चालू	१. उन्नत गहुं विउ उत्पादन - २०० मे.टन	3856	
			२. उन्नत धान विउ उत्पादन - २५० मे.ट.		
			३. उन्नत मकै विउ उत्पादन - ४० मे.ट.		
			४. विभिन्न परीक्षण - १५० संख्या		
१०. जुमला	जुम्ला	चालू	१. उन्नत गहुं विउ उत्पादन - १० मे.टन	1230	
			२. उन्नत धान विउ उत्पादन - ५ मे.ट.		
			३. उन्नत मकै विउ उत्पादन - ४ मे.ट.		
			४. आलु विउ उत्पादन ५ मे.टन		
			५. विभिन्न परीक्षण - ५० संख्या		
११. डोटी	डोटी	चालू	१. उन्नत गहुं विउ उत्पादन - १० मे.टन	1063	
			२. उन्नत धान विउ उत्पादन - ३० मे.ट.		
			३. विभिन्न परीक्षण - २१५ संख्या		
१२. सुर्खेत	सुर्खेत	चालू	केन्द्र स्थापना गर्ने	1485	
१३ टिकापुर	कैलाली	प्रस्तावित	१००० विगाहामा कृषि फार्म स्थापना गर्ने	225	

१४. वीज वृद्धि फार्महरु					
१. सुनरसी	सुनसरी	प्रस्तावित	१. उन्नत गहुँ विउ उत्पादन - ४५० मे.ट.	5625	
			२. उन्नत धान विउ उत्पादन ४५० मे.ट.		
२. पश्चिमाञ्चल		,,	फार्म स्थापना गर्ने		
३. सुदूर पश्चिमाञ्चल		,,	फार्म स्थापना गर्ने		
				99251	10600
			कुल जम्मा रु	109851	

पाँचौ योजना (२०३२-३७) को कार्यक्रम

कृषि प्रसार

आयोजनाको नाम	स्थान	आयोजना को स्थिति	भौतिक लक्ष्य		आयोजनाम ा लाग्ने खर्च रु ००० मा	कैफियत
१. उन्नत विउले ढाक्ने क्षेत्र	विभिन्न जिल्ला	चालू	१. धान (हेक्टर)	387653		गण्डकी अंचल कृषि विकास आयोजना समेत
			२. मकै (,,)	135895		
			३. कोदो (,,)	190		
			४. गहुँ (,,)	367200		
			५. दाल (,,)	4837		
			६. आलु (,,)	12439		
			७. जुट (,,)	45000		
			८. उखु (,,)	18790		
			९. कपास (,,)	4550		
			१०. तृलहन (,,)	5000		
			११. तरकारी (,,)	15272		
			१२. फलफूल थप(,,)	8000		
२. कृषि प्रसार कार्यक्रम					78620	
क. प्रसार कार्यक्रम			१. कृषकको घर खेतमा भेटघाट	४५०२२५ संख्या		
			२. कृषक सभा	७९२ ,,		
			३. सामुहिक छलफल	18716 ,,		
			४. कृषक भ्रमण	8654 ,,		
			५. कृषक दिव	243 ,,		
			६. मेला प्रदर्शन	504 ,,		
			७. कृषक तालिम (गाउँमा)	5233 ,,		
			८. अगुवा कृषक तालिम (जिल्लामा)	898 ,,		
			९. तरिका प्रदर्शन	25891 ,,		
			१०. नतिजा प्रदर्शन	15969 ,,		
			११. उत्पादन प्रदर्शन	961 ,,		

			१२. करेसावरी	7657 ,,		
			१३. बढी अन्न उत्पादन प्रतियोगिता	723 ,,		
			१४. माछा प्रदर्शन	50 ,,		
			१५.चारपाते क्लव संचालन गर्ने पंचायत	1709 ,,		
			१६. चारपाते क्लव	3042 ,,		
			१७. चारपाते सदस्य	50964 ,,		
			१८.प्रौढ अगुवा	3044 ,,		
			१९.व्यक्तिगत परियोजना	37092 ,,		
			२०.परियोजना अगुवातालिम	8473 ,,		
			२१. तरिका प्रदर्शन टिम तालिम	7652 ,,		
			२२.जजिङ टिम तालिम	7704 ,,		
			२३. सामुदायिक सेवा	8648 ,,		
			२४. जिल्ला तार पाते कार्य कुशलता दिवस	60 ,,		
			२५. संगठनात्मक अगुवा तालिम	137 ,,		
			२६. परियोजना भ्रमण	3677 ,,		
			२७. राष्ट्रिय तारपाते कार्यकुशलता दिवस	5 ,,		
			२८. वर्गशप तालिम संख्या	16 ,,		
			२९. जिल्ला मूल्यांकन अध्ययन	5 ,,		
			३०. अन्तर्राष्ट्रिय युवा आदान प्रदान	5 ,,		
			३१. पुस्तिका तयार गर्ने	25 ,,		
ख. तालिम कार्यक्रम	ललितपुर	चालू	१. क्षे.कृ.नि. हरुद्वारा गरिने वाली विषयहरुको जे.टि.ए हरुको सेवा कालीन तालिमको मूल्यांकन र सुझाव दिने	60 संख्या		रकम प्रसार कार्यक्रममा परेको छ।
			२. कृषि प्रसार तरिकाहरुलाई बढी प्रभावकारी बनाउन कृषि प्रसार तरिकाको अध्ययन मूल्यांकन र सिफारिस सहित निदेशन दिने :			
			क) नतिजा प्रदर्शन	1 संख्या		
			ख) नतिजा प्रदर्शन	1 संख्या		
			ग) कृषक भ्रमण, कृषक दिवस र मेला प्रदर्शन	1 संख्या		
			घ) वाली प्रतियोगिता	1 संख्या		

			३. कृषि प्रसार कार्यकर्ताहरु आफ्नो काम प्रति सन्तुष्ट छन् वा छैनन् भन्ने अध्ययन तथा अनुसन्धान गर्ने			
			क) कृषि विकास अधिकृत	1 पटक		
			ख) जे.टि	1 पटक		
			ग) जे.टि.ए.	1 पटक		
			४. मध्यम स्तरका कृषि प्रसार कार्यकर्ताहरु रकिसानहरुको लागि प्रभावकारी तालिम वारे खोजपूर्ण अध्ययन रसिफारिस चालू रहने			
			५. क्षे.कृ.नि. मार्फत जे.टि. तथा जे.टि.ए. को तालिम दिने आवश्यकतानुसार			
३. कृषि सूचना कार्यक्रम	विभिन्न जिल्ला	चालू	१. पुस्तिका पर्चा फोल्डर प्रकाशन किसिम ३००	3051		
			२. पोस्टर (रंगित) प्रकाशन किसिमत - १५०			
			३. कृषि द्वैमासिक पत्रिका प्रकाशन पटक - ३०			
			४. श्रव्य दृष्ट तालिम पटक - ७५			
			५ कृषि चलचित्र फिल्म स्ट्रिम निर्माण किसिम १०			
			६. फिलिम चार्ट निर्माण किसिम ५			
			७. कृषि प्रदर्शनी पटक ३०			
४. गण्डकी अंचल	गण्डकी अंचल	चालू			14400	कार्यक्रम कृषि प्रसारभित्र परेको छ ।
५. षेत्रीय कृषि प्रशासन	विभिन्न	चालु	समन्वय तथा नियन्त्रण गर्ने ।		17940	
६. फार्म सिंचाई तथा उपयोग	विभिन्न	चालु	१. सिंचाइ आयोजनाको सर्वेक्षण हेक्टर १००००		7288	
			२. सर्वे गरिएको जग्गाको नक्सा वनाई जल उपयोग तथा जल वितरण गर्नको लागि फार्म कुलो इत्यादिको डिजाइन र लगत इष्टिमेट गर्ने हेक्टर १००००			

			३. डिजाइन इष्टिमेट भएको आयोजनाहरको निर्माण गर्ने हेक्टर ५७००			
			४. जल उपयोग सम्वन्धी किसानहरुलाई तालिम दिने जवान १४००			
७. पहाडी क्षेत्र कृषि विकास आयोजना	जिभिन्न	प्रस्तावित	पहाडी क्षेत्रमा कृषि विकास सम्वन्धी सर्वेक्षण गरी प्रतिवेदन तयार गर्ने	1,26,22		
८. पहाडी क्षेत्र कृषि विकास आयोजना	जिभिन्न	प्रस्तावित	प्रतिवृदन तयार भए पछि उपर्युक्त आयोजनाको कार्यान्वयन गर्ने		60000	
९. जनकपुर अंचल कृषि विकास आयोजना	जनकपुर	चालु	जनकपुर अंचलमा कृषि विकास सम्वन्धी कार्य गर्ने	24750		
१०. समन्वयात्मक पहाडी क्षेत्र कृषि विकास	जिरी	प्रस्तावित	वाली र पशु विकास गर्न प्रसा सेवा उपलव्ध गराउने ।	14908		
११. त्रिशुली, रसुवा समन्वयात्मक विकास	नुवाकोट रसुवा			50000		यस आयोजनाको संचालन, गृह पंचायत मन्त्रालय अन्तर्गत हुनेछ ।
१२. वाली संरक्षण सेवा	विभिन्न	प्रस्तावित	वालीहरुमा संरक्षण सेवा पुऱ्याउने	2500		
१३. पक्की वास कृषि विकास	धनकुटा	प्रस्तावित	कृषि प्रसार तथा तालिम कार्यक्रम संचालन गर्ने			वृटिश सहयोगबाट संचालित गर्ने ।
१४. लुम्ले कृषि विकास	पर्वत	प्रस्तावित	,,			,,
१५. अन्य कृषि विकास कार्यक्रम					20000	
				226079	80000	
					306079	

वागवानी विकास

आयोजनाको नाम	स्थान	आयोजना को स्थिति	भौतिक लक्ष्य	आयोजनामा लाग्ने खर्च रु ००० मा	s}lkmot
१. वागवानी अनुसन्धन केन्द्र	धनकुटा	चालू	१. कलमी वेर्ना उत्पादन तथा वितरण गर्ने २६५००० संख्या	50,53	सुन्तला विकास समेत
			२. तरकारी विउ उत्पादन गर्ने ३७५० के.जी		
२. वागवानी केन्द्र	तरहरा	चालू	१. कलमी वेर्ना उत्पादन तथा वितरण गर्ने ८६००० संख्या	1305	
			२. तरकारी विउ उत्पादन २२५० के.जी		
			३. आलु विउ उत्पादन १५ मे.टन		
३. आलु विकास केन्द्र	जौवारी, इलाम	चालू	१. आलु विउ उत्पादन २४० मे.टन	1814	
४. वागावनी केन्द्र	सोलुखुम्वु, सल्लेरी	प्रस्तावित	१. केन्द्र स्थापना गर्ने	1890	
			२. कलमी वेर्ना उत्पादन तथा वितरण गर्ने		
			३. आलु विउ उत्पादन गर्ने १५ मे.ट.		
५. अलैची विकास फार्म	इलाम	चालू	१. फार्म स्थापना पूरा गर्ने ।	1116	
			२. लेआउ र लेभिलिङ्ग गर्ने		
			३. उत्पादन प्रारम्भ गर्ने ।		
६. वागवानी केन्द्र	हेलम्वु	चालू	१. कलमी वेर्ना उत्पादन तथा वितरण गर्ने ४३,००० संख्या	1170	
			२. तरकारी विउ उत्पादन ४०० के.जी		
			३. आलु विउ उत्पादन २८ मे.टन		
७. वागवानी केन्द्र	ककनी	चालू	१. कलमी वेर्ना उत्पादन तथा वितरण गर्ने १,६६००० संख्या	1489	

८. वागवानी केन्द्र	त्रिशुली	चालू	१. कलमी वेर्ना उत्पादन तथा वितरण गर्ने ७५००० संख्या	752	
			२. तरकारी विउ उत्पादन ९०० के.जी		
९. वागवानी केन्द्र	रसुवा	चालू	१. कलमी वेर्ना उत्पादन तथा वितरण गर्ने ९०० संख्या	1396	
			२. तरकारी विउ उत्पादन ६५० के.जी		
			३. आलु विउ उत्पादन १० मे.टन		
१०. वागवानी केन्द्र	धुनीवेसी, धादिङ्ग	चालू	१. कलमी वेर्ना उत्पादन तथा वितरण गर्ने ५०,००० संख्या	741	
			२. तरकारी विउ उत्पादन ६५० के.जी		
११. वागवानी केन्द्र	दामन, मकवानपुर	चालू	१. कलमी वेर्ना उत्पादन तथा वितरण गर्ने १६१००० संख्या	1800	
			२. तरकारी विउ उत्पादन २३२५ के.जी		
१२. वागवानी केन्द्र	परवानीपुर	चालू	१. कलमी वेर्ना उत्पादन तथा वितरण गर्ने ११९००० संख्या	819	
			२. तरकारी विउ उत्पादन ११७५ के.जी		
१३. वागवानी केन्द्र	यज्ञपुरी	चालू	१. कलमी वेर्ना उत्पादन तथा वितरण गर्ने ३,००,००० संख्या	2187	
			२. तरकारी विउ उत्पादन ६१०० के.जी		
१४. वागवानी केन्द्र	जनकपुर	चालू	१. कलमी वेर्ना उत्पादन तथा वितरण गर्ने २१००० संख्या	7,26	
			२. तरकारी विउ उत्पादन १३५० के.जी		

१५. प्लाण्ट इन्ट्रोडक्शन प्रोजेक्ट	गोदावरी	चालू	१. कलमी वेर्ना उत्पादन तथा वितरण गर्ने २,५०,००० संख्या	1352	
			२. तरकारी विउ उत्पादन ५०० के.जी		
१६. वागवानी केन्द्र	पांचखाल	चालू	१. फार्म स्थापना गर्ने	2277	
			२. लेभिलिङ्ग लेआउट गर्ने		
			३. उत्पादन प्रारम्भ गर्ने		
१७. प्लाण्ट इन्ट्रोडक्शन प्रोजेक्ट	गोदावरी	चालू	१. कलमी वेर्ना उत्पादन तथा वितरण गर्ने २५०,००० संख्या	1352	
			२. तरकारी विउ उत्पादन ५०० के.जी		
१८. वागवानी अनुसन्धान कृन्द्र	कीर्तिपुर	चालू	कमली वेर्ना उत्पादन तथा वितरण गर्ने २४०,००० संख्या	2687	
१९. वागवानी अनुसन्धान केन्द्र	काठमाडौं	चालू	तरकारी विउ उत्पादन ४७५० के.जी.	1651	
२०. आलु विकास केन्द्र	काठमाडौं	चालू	आलु विउ उत्पादन २४ मे.टन	3171	
२१. न्यूक्लियस आलु विउ फार्म	जिरी	प्रस्तावित	आलु विउ उत्पादन २४ मे.ट.	1102	
२२. वागवानी केन्द्र	जिरी	प्रस्तावित	फार्म स्थापना गर्ने	562	
२३. वागवानी अनुसन्धान केन्द्र	पोखरा	चालू	१. कलमी वेर्ना उत्पादन तथा वितरण गर्ने १०७,००० संख्या	2281	
			२. तरकारी विउ उत्पादन ४७० के.जी		
२४. वागवानी अनुसन्धान केन्द्र	थाकमार्फा मुस्ताङ्ग	चालू	१. कलमी वेर्ना उत्पादन तथा वितरण गर्ने २०,००० संख्या	2403	
			२. तरकारी विउ उत्पादन १३५० के.जी		
			३. आलु विउ उत्पादन १० मे.टन		

२५. वागवानी केन्द्र	पाल्पा	चालू	१. कलमी वेर्ना उत्पादन तथा वितरण गर्ने ७५००० संख्या	12,60	
			२. तरकारी विउ उत्पादन ४०५० के.जी		
२६. वृहत वागवानी केन्द्र	सत्रसय आवु पृथ्वी राजमार्ग	चालू	फार्म स्थापना गर्ने	2080	
२७. वागवानी केन्द्र	अर्घाखाँी	प्रस्तावित	फार्मस्थापना गर्ने	1890	
२८. सुठो विकासकेन्द्र	स्याङजा	चालू	१. फार्म स्थापना गर्ने	1028	
			२. उत्पादन प्रारम्भ गर्ने		
२९. वागवानी केन्द्र	दार्पा, हुम्ला	चालू	१. कलमी वेर्ना उत्पादन तथा वितरण गर्ने ११००० संख्या	1444	
			२. तरकारी विउ उत्पादन २५० के.जी		
३०. वागवानी केन्द्र	जुम्मा	चालू	१. कलमी वेर्ना उत्पादन तथा वितरण गर्ने ३९००० संख्या	1635	
			२. तरकारी विउ उत्पादन ९०० के.जी		
३१. वागवानी केन्द्र	वैडती	चालू	१. कलमी वेर्ना उत्पादन तथा वितरण गर्ने ४५००० संख्या	1300	
			२. आलु विउ उत्पादन ५ मे.टन		
३२. वागवानी केन्द्र	दैलेख	चालू	१. कलमी वेर्ना उत्पादन तथा वितरण गर्ने ७००० संख्या	612	
३३. वागवानी नर्सरी	दैलेख	प्रस्तावित	१. कलमी वेर्ना उत्पादन तथा वितरण गर्ने	2245	
			२. आलु विउ उत्पादन १४ मे.टन		
३४. वागवानी केन्द्र	नेपालगञ्ज	प्रस्तावित	फार्म स्थापना गर्ने	535	
३५. तरकारी विउ फार्म	रुकुम	प्रस्तावित	फार्म स्थापना गर्ने	1237	

३६. मसला वाली विकास	सर्लाही	प्रस्तावित	मसला विकास गर्न मल विउको व्यवस्था गर्ने	350	
३७. निजी क्षेत्र नर्सरी तथा वागवानी विकास	विभिन्न	प्रस्तावित	निजी क्षेत्रमा नर्सरी स्थापना गर्नेर फलफूल लगाउने किसानलाई सामग्री रप्राविधिक सहयोग प्रदान गर्ने ।	3220	
३८ फलोद्यान विकास संभाव्यता अध्ययन	विभिन्न	प्रस्तावित	विभिन्न क्षेत्रको संभाव्यता अध्ययन गरी प्रतिवेदन तयार गर्ने	2600	
३९. फलोद्यान विकास कार्यक्रम	विभिन्न	प्रस्तावित	यू.एन.डी.पी. बाट संभाव्यता अध्ययन भएपछि उपयुक्त आयोजनाको संचालन गर्ने	3,00,00	
			जम्मा ६,४९,१७	3,00,00	
			कूल जम्मा	९४९१७	

पाँचौ योजना (२०३२-३७) को कार्यक्रम

पशु विकास

आयोजनाको नाम	स्थान	आयोजना को स्थिति	भौतिक लक्ष्य	cfof]hgfdf nfUg] vr{ ?= 000 df	कैफियत
१. पशु विकास फार्म	तरहरा	चालू	१. पाडा हुकाएने १४० गोटा	1832	
			२. पाडा वितरण १०५ गोटा		
			३. संगुर उत्पादन २००० गोटा		
			४. सुंगुर वितरण १५०० गोटा		
			५. भैसी प्रजनन् परीक्षण १० संख्या		
			६. चरन तथा आहारा परीक्षण २० संख्या		
			७. उन्नत घांसको विउ उत्पादन १०,००० के.जि.		
२. चौरी फार्म	सोलुखुम्वु	चालू	१. याक नाक प्रजनन परिक्षण ५ संख्या	1760	
			२. याक नाक उत्पादन ८५ गोटा		
			३. याक नाक वितरण ५२ गोटा		
			४. चरन तथा आहारा परीक्षण २५ संख्या		
३. ब्रुडर फार्म	तरहरा	चालू	चल्ला उत्पादन १,००,००० गोटा	693	
४. पशु विकास फार्म	जिरी	चालू	१. वाछा वाछी हुर्काउने २२५ गोटा	2232	
			२. वाटा वाछी वितरण १३०		
			३. सुंगुर उत्पादन ५०० गोटा		
			४. सुंगुर वितरण ३७५ गोटा		
			५. मिश्रण प्रजनन अध्ययन ५ संख्या		
			६. आहारा तथा पालन अध्ययन २ संख्या		
			७. चरन सम्वन्धी अध्ययन ८० संख्या		
५. पशु विकास फार्म	रामपुर	चालु	१. पाडा हुकाएने ४१० गोटा	3069	

			२. पाडा वितरण २६० गोटा		
			३. सुंगुर उत्पादन २००० गोटा		
			४. सुंगु वितरण १८०० गोटा		
			५. मैसी प्रजनन परीक्षण १० गोटा		
			६. चरन तथा आहारा परीक्षण २० संख्या		
६. भेडा फार्म	चितलाङ्ग	चालु	१. भेंडा प्रजनन परीक्षण ३ संख्या	796	
			२. नयाँ जातको भेंडा सृजना १ संख्या		
			३. भेंडा उत्पादन ७०० गोटा		
			४. भेडा वितरण ६०० गोटा		
			५. उन्नत जाको धांसको विउ उत्पादन ५० के.जि.		
७. भेंडा फार्म	पाँचसय खोला	चालु	१. भेंडा प्रजनन परीक्षण ५ संख्या	1350	
			२. नयाँ जातको भेंडा सृजना १ संख्या		
			३. भेंडा उत्पादन १००० गोटा		
			४. भेडा वितरण ९०० गोटा		
			५. चरन तथा आहारा परीक्षण १० संख्या		
			६. उन्नत जाको धांसको विउ उत्पादन ५० के.जि.		
८. वाखा विकास फार्म	काभ्रे	प्रस्तावित	१. नश्ल सुधार तथा आधुनिक वाखा पालन सम्वन्धी अध्ययन ५ संख्या	1107	
			२. वाखामा सेवा पुऱ्याउन सेवा केन्द्र स्थापना ८ गोटा		
			३. वाखा वितरण ३५० गोटा		
९. पशु विकासफार्म	खुमलटार	चालू	१. वाछा हुर्काउने ३८० गोटा		
			२. वाछ वितरण १८५		
			३. सुंगुर पाठापाठी उत्पादन १,५०० गोटा		

			४. सुंगुर वितरण १००० गोटा		
			५. गाई वस्तु र सुंगुर सम्वन्धी परीक्षण १० संख्या		
			६. चरन तथा आहारा परीक्षण २० संख्या		
			७. अध्ययन परीक्षण भेंडा ५ गोटा		
			८. अध्ययन परीक्षण वाखा ५ गोटा		
			९. अध्ययन परीक्षण कुखुरा ५ गोटा		
			१०. अरु परीक्षण ५००० स्याम्पल		
			११. पशु आहार सर्वेक्षण ५ जिल्ला		
			१२.पशु आहार सम्वन्धी अन्य परीक्षण तथा अध्ययन २५ संख्या		
			१३. पशु प्रजनन सर्वेक्षण ५ जिल्ला		
			१४. पशु प्रजनन सम्वन्धी अन्य परीक्षण तथा अध्ययन १२ संख्या		
			१५. पशु खेती सर्वेक्षण ५ जिल्ला		
			१६. पशु खेती सम्वन्धी अन्य परीक्षण तथा अध्ययन ११ संख्या		
			१७. काठमाडौंमा डेरी टेक्नोलोजी र प्रसा सर्वेक्षण १ जिल्ला		
			१८. डेरी टेक्नोजी सम्वन्धी अन्य परीक्षण तथा अध्ययन १० सख्या		
१०. सेन्ट्रल ह्याचरी	परवानीपुर	चालु	चल्ला उत्पादन ३३०,००० गोटा	1539	
११. ब्रुडर कम फार्म	काठमाडौं	चालु	चल्ला उत्पादन २८०,००० गोटा	1305	
१२. कृत्रिम गर्भाधान आयोजना	विभिन्न	चालु	१. वीउ व्यवस्था	1746	
			क) साँढे १७२,००० मात्रा		
			ख) राङ्ग १०५,००० मात्रा		
			२. तरल नाइट्रोजन प्लाण्ट स्थापना		

			क) तालिम दिने संख्या ५० जवान		
			ख) तालीम व्यवस्था ५ पटक		
१३. औषधी उत्पादन तथा रेविज नियन्त्रण	काठमाडौ.	चालु	१. गौगोटीभ्याक्सिन मात्रा ११००,०००	2115	
			२. रानी खेत एफ स्ट्रेन भ्याक्सिन १६,७५,००० मात्रा		
			३. रानीखेत एम स्ट्रेन भ्याक्सिन १६७५,००० मात्रा		
			४. फउल पक्स भ्याक्सिन १६,७५,००० मात्रा		
			५. एच. एस भ्याक्सिन १०,७०,००० मात्रा		
			६. चरचरे भ्याक्सिन १,९५,००० मात्रा		
			७. इन्ट्रिक्सी भ्याक्सिन ३५,००० मात्रा		
			८. सिप पकस भ्याक्सिन ३५,००० मात्रा		
			९. स्वाइन फिभर भ्याक्सिन ३०,००० मात्रा		
			१०. लडवर्म भ्याक्सिन २१,००० मात्रा		
			११. एण्टी रेविज भ्याक्सिन मानिको लागि १०२०,००० मात्रा		
			१२. कुकुरको ग्रिपीमेण्टीभ एण्टी रेविज भ्याक्सिन ५५,००० मात्रा		
			१३. एण्टी रेविज भ्याक्सिन पशुको लागि ३७७,००० मात्रा		
			१४. विज रोग निदान कार्य चालू राख्ने ।		
			१५. रेविज रोग सर्भेक्षण चालू राख्ने ।		
			१६. लेवोरेटरी एनिमल उत्पादन कार्य चालू राख्ने ।		

१४. पशुरोग अध्ययन पारासाइट तथा खोरेत कन्ट्रोल आयोजना	काठमाडौं	चालु	१. अधिराज्यभर सर्भेक्षण गर्ने	1728	
			२. रोग नियन्त्रण गर्ने आवश्यकतानुसार		
१५. पशु विकास कार्य पोल्ट्री ब्रुडर यूनिट	पोखरा	चालू	१. पाडा हुर्काउने २०० गोटा	1800	
			२. पाडा वितरण तथा १३० गोटा		
			३. सुंगु उत्पादन ९०० गोटा		
			४. सुंगुर वितरण ७०५ गोटा		
			५. मैसी प्रजनन परीक्षण १० संख्या		
			६. भेडा उत्पादन ४१० गोटा		
			७. भेडा वितरण ३६० गोटा		
			८. चरन तथा आहारा परीक्षण २० संख्या		
			९. भेडा प्रजनन परीक्षण ३ संख्या		
			१०. उन्नत घाँसको विउ उत्पादन १०००० के.जी		
			११. कुखुरा, चल्ला उत्पादन २,००,००० संख्या		
१६. भेंडा, वाखा, विकास फार्म	गोर्खा, लमजुङ्ग र मनाङलाई पायक पर्ने स्थान	प्रस्तावित	१. सर्भेक्षण गर्ने पूरा गर्ने	1305	
			२. जग्गा अधिग्रहण गर्ने १२० हेक्टर		
			३. फेनसिङ्ग गर्ने पूरा गर्ने		
			४. घर तथा गोठ निर्माण गर्ने		
			५. भेंडा राख्ने		
			क) उन्नत जात २०० संख्या		
			ख) स्थानीय जात १०० संख्या		

			६. भेडाको शुद्ध तथा मिश्रण प्रजनन गर्ने शुद्ध तथा मिश्रण प्रजनन गर्ने		
			७. भेडा वितरण १०० संख्या		
			८. चरन विकास गर्ने		
१७. चौरी फार्म	डोल्पा	प्रस्तावित	१. सर्भेक्षण पूरा गर्ने	1431	
			२. जग्गा अधिकरण २०० हेक्टर		
			३. गोठ तथा घर निर्माण पूरा गर्ने		
			४. याक नाक मनाउने		
			क) याक ५ संख्या		
			ख) नाक ५० संखया		
			५. याक नाक उत्पादन ३० गोटा		
			६. याक नाक वितरण ८ गोटा		
			७. घाँसे वाली परीक्षण ८ संख्या		
१८. भेडा फार्म	जुम्ला	चालू	१. भेंडा उत्पादन ३५० गोटा	1557	
			२. भेडा वितराण ३०० गोटा		
			३. नयाँ जातको भेडा सृजना १ गोटा		
			४. चरन तथा आहारा १० संख्या		
			५. भेंडामा मिश्रण प्रजनन परीक्षण ३ संख्या		
			६. घाँसको वीउ उत्पादन ५०० के.जी		
१९. ब्रुडर कम ह्याचरी	नेपालगंज	प्रस्तावित	१. जग्गा अधिकरण २०० हेक्टर	6399	
			२. फेन्सीङ्ग गर्ने २०० हेक्टर		
			३. गोठ निर्माण गर्ने		
			४. घर तथा अन्य निर्माण गर्ने		
			५. भैसी खरी ३०० संख्या		
			६. पाडा पाडी उत्पादन २१० गोटा		
			७. पाडा पाडी वितरण ५० गोटा		
			८. घाँस लगाउने ५० हेक्टर		

			९. घाँसको वी उत्पादन ७,००० के.जी		
२१. चरन विकास आयोजना	विभिन्न स्थान	चालू	क) जिल्ला सर्भेक्षण ५ जिल्ला	1107	
			ख) अन्य परीक्षण ७५ संख्या		
			प्रसार कार्यर्क:		
			उच्च पहाड जुम्ला रसुवा र सोलुखुम्वुमा उन्नत घाास लगाउने - २२६० हेक्टर		
			मध्य पहाड कास्की र इलाममा उन्नत घाँस लगाउने -चालु रहने		
			सुनसरी र दैलेखमा उन्नत घाँस लगाउने - चालू रहने		
			अध्ययनतर्फ		
			१. स्टक क्यारिङ्ग क्यापासिटीको अध्ययन प्राथमिक चरणमा गर्ने - ६ गोटा		
			२. स्थानीय हवापानीमा स्वदेशी तथा विदेशी हरियो घाास र वीउको उत्पादन क्षमता हेर्ने - १५० गोटा		
			३. वनस्पति सर्वेक्षण र हर्वेरियम बनाउने - २०० गोटा		
			४. उपरोक्त सर्वेणबाट प्राप्त वनस्पतिको पहिचान - २०० गोटा		
			५. विभिन्न वीउहरु १५ दिनको अन्तरमा रोपेर हेर्ने समयको अध्ययन गर्ने - १५० गोटा		
			६. उत्तरी क्षेत्रमा डंडेलो लाग्ने अध्ययन गर्ने - ४ गोटा		
			७. विभिन्न वीउहरु उत्पादन - ५० टा		
			८. डाले घास रुखको नर्सरी बनाउने - २०००० गोटा		
			९. जे.टी.ए. लाई तालिम - ७५ जना		

२२. पशु विकास समन्वयात्मक सेवा	विभिन्न	प्रस्तावित	निर्धारित प्रभाव क्षेत्रहरुमा सेवा पुऱ्याउने पशुको संख्या	10529	
			क) गाई, भैसी ४८,०००		
			ख) भेंडा ३३,०००		
			ग) वाखा ३८,०००		
			घ) सुंगुर ३,०००		
२३. अन्य पशु विकास कार्यक्रम		प्रस्तावित	सम्भाव्यता अध्ययनपछि उपयुक्त आयोजना संचालन गर्ने ।	40000	
			जम्मा	50422	
			कुल जम्मा	90422	

पाँचौ योजना (२०३२-३७) को कार्यक्रम

दुग्ध विकास

आयोजनाको नाम	स्थान	आयोजना को स्थिति	भौतिक लक्ष्य	cfof]hgfdf nfUg] vr{ ?= 000 df	कैफियत
क) दुग्ध उत्पादन					
१. काठमाडौं दुग्ध वितरण आयोजना	काठमाडौं	चालु	योजनाको अन्त्यसम्ममा वार्षिक क्षमता ७० लाख लिटर पुऱ्याई योजना अवधिमा जम्मा उत्पादन गर्ने २६५,००,००० लिटर	1530	
२. हेटौंडा दुग्ध वितरण आयोजना	हेटौंडा	चालु	योजनाको अन्त्यसम्ममा वार्षिक क्षमता ३३ लाख लिटर पुऱ्याई योजना अवधिमा १०४,७९,००० लिटर उत्पादन गर्ने	810	
३. पोखरा दुग्ध वितरण आयोजना	पोखरा	प्रस्तावित	१. निर्माण पुरा गर्ने	10350	
			२. ११००,००० लिटर दुध उत्पादन गर्ने ।		
४. विराटनगर दुग्ध वितरण आयोजना	विराटनगर	चालू	योजनाको अन्त्यसम्मा वार्षिक क्षमता ३३ लाख लिटर पुऱ्याई योजना अवधिमा १०४,७९,००० उत्पादन गर्ने	810	
५. नेपालगंज दुग्ध वितरण आयोजना	नेपालगंज	प्रस्तावित	१. निर्माण पूरा गर्ने	10395	
			२. ३,००,००० लिटर दुध उत्पादन गर्ने		
ख. मखन उत्पादन	विभिन्न स्थान	चालू	३३७,००० के.जी	540	
ग. ची उत्पादन	विभिन्न स्थान	चालु	३६२,००० के.जी	2430	
घ. शिशु आहार उत्पादन आयोजना		प्रस्तावित	निर्माण काम पूरा गरी परीक्षण उत्पादन गर्ने	18000	स्थान निर्धारण भै नसकेको
ङ. संभाव्यता अध्ययन			दुग्ध तथा दुध पदार्थ सम्वन्धी संभाव्यता अध्ययन गर्ने	135	
			जम्मा	450,00	

पाँचौ योजना (२०३२-३७) को कार्यक्रम

मत्स्य विकास

आयोजनाको नाम	स्थान	आयोजना को स्थिति	भौतिक लक्ष्य	cfof]hgfdf nfUg] vr{ ?= 000 df	कैफियत
१) मत्स्य विकास केन्द्र	तरहरा	चालू	१. खानेमाछा उत्पादन १२३०० के.जी.	425	
			२. माछा भुरा वितरण १३५०००० संख्या		
२) मत्स्य विकास केन्द्र	सप्तरी	चालू	१. खानेमाछा उत्पादन २२००० के.जी.	500	
			२. माछा भुरा वितरण २२,००० संख्या		
३) मत्स्य विकास केन्द्र	परवानीपुर	चालू	१. खानेमाछा उत्पादन ५५०० के.जी.	665	
			२. माछा भुरा वितरण १५००००० संख्या		
४) मत्स्य विकास केन्द्र	जनकपुर	चालू	१. खानेमाछा उत्पादन १४५०० के.जी.	1995	
			२. माछा भुरा वितरण ३३७५००० संख्या		
५) मत्स्य विकास केन्द्र	गोदावरी	चालू	१. खानेमाछा उत्पादन २५०० के.जी.	819	
			२. माछा भुरा वितरण ३३७५००० संख्या		
६) व्यावसायिक मत्स्य केन्द्र	हेटौंडा	चालू			निजी क्षेत्रबाट संचालन गरिने
७) राप्ती व्यावसाकिय मत्स्य केन्द्र	चितवन	चालू			,,
८) मत्स्य विकास केन्द्र		चालू	१. माछा भुरा वितरण ५५,००,००० संख्या	765	
९) मत्स्य विकास केन्द्र	त्रिशुली	चालू	१. माछा भुरा वितरण संख्या १५,५०,०००	504	
१०) मत्स्य विकास केन्द्र		चालू	१. माछा भुरा वितरण २२,००,००० संख्या	14814	
११) मत्स्य विकास केन्द्र		चालू	१. खानेमाछा उत्पादन ४४,००० के.जी.	1824	

			२. माछा भुरा वितरण ३४,००,००० संख्या		
१२) मत्स्य विकास केन्द्र	सुदूर पश्चिमाञ्चल	प्रस्तावित	१. खानेमाछा उत्पादन ६५०० के.जी.	907	
			२. माछा भुरा वितरण ११,५०,००० संख्या		
१३) नदीमा मत्स्य विकास कार्यक्रम		चालू	१. नदी सर्वेक्षण	351	
			२. संभाव्यता अध्ययन		
			३. माछा पालन कार्य प्रारम्भ गर्ने		
			४. जलाशय संरक्षण नियम बनाउने		
			जम्मा	23569	

पाँचौ योजना (२०३२-३७) को कार्यक्रम

पुनर्वास कार्यक्रम

आयोजनाको नाम	स्थान	आयोजना को स्थिति	भौतिक लक्ष्य	cfof]hgfdf nfUg] vr{ ?= 000 df	कैफियत
१. अव्यवस्थित बसोबास नियन्त्रण गरी नियमित रुपले जग्गा आवाद गर्ने (क्षेत्रफल)	विभिन्न जिल्ला	चालू	१. झापा -५००० हेक्टर	1147	
			२. मोरङ्ग, सुनसरी, उदयपुर - ३००० हेक्टर	1434	
			३. धनुषा, महोत्तरी, सर्लाही - २५०० हेक्टर	1506	
			४. वारा, पर्सा,रोतहट - १५०० हेक्टर	1147	
			५. नवलपरासी, रुपन्दही, कपिलवस्तु ३००० हेक्टर	1147	
			६. दाङ्ग देउखुरी ७५० हेक्टर	1506	
			७. वाँके, वर्दिया ४२५० हेक्टर	1147	
			८. कैलाली - २५०० हेक्टर	1147	
			९. कंचनपुर - २५०० हेक्टर	1506	
				11687	
२. व्यवस्थित वसोवास	विभिन्न जिल्ला	चालू	१. झापा	10781	
			क. वसोवास परिवार संख्या २२५०		
			ख. जग्गा आवाद गर्ने हेक्टर ५०००		
			२. नवलपुर	3660	
			क. वसोवास परिवार संख्या ३१५०		
			ख. जग्गा आवाद गर्ने हेक्टर ७०००		
			३. वर्दिया	28570	
			क. वसोवास परिवार संख्या ५८५०		
			ख. जग्गा आवाद गर्ने हेक्टर १३००००		
			४. कैलाली	5133	

			क. वसोवास परिवार संख्या ४५००		
			ख. जग्गा आवाद गर्ने हेक्टर १०००		
			५ कंचनपुर	32145	
			क. वसोवास परिवार संख्या ६७५०		
			ख. जग्गा आवाद गर्ने हेक्टर १५०००		
			६ पुनर्वास प्रशासन	2830	
				83119	

पाँचौ योजना (२०३२-३७) को कार्यक्रम

खाद्यकृषि तथा बजार सेवा

आयोजनाको नाम	स्थान	आयोजना को स्थिति	भौतिक लक्ष्य	cfof]hgfdf nfUg] vr{ ?= 000 df	कैफियत
क. बजार सेवा शाखा					
१. बृषि बजार अनुसन्धान	विभिन्न	चालु	१. १० जिल्लाहरुको पहाडी स्थाल बजार विकास अध्ययन गर्ने	1328	
			२. १० जिल्लाहरुको हाट बजार विकास अध्ययन गर्ने ।		
			३. ५ वटा शहरी क्षेत्रको बजार विकास अध्ययन गर्ने ।		
			४. १ जिल्लामा थोक बजार विकास संभाव्यता अध्ययन गर्ने ।		
			५. प्रमुख कृषि बस्तुहरुको बजार सम्वन्धी अध्ययन गर्ने ।		
			६. ६ जिल्लाहरुमा कृषि विकास वै.क अन्तगृत रहेका सहकारीहरुको अध्ययन गर्ने ।		
			७. धान चामल निर्यात व्यापार अध्ययन गर्ने ।		
			८. ५ जिल्लाहरुमा पशुवधशालाहरुको स्थापनावारे संभाव्यता अध्ययन गर्ने ।		
२. कृषि मूल्य विश्लेषण			१. अधिराज्य भरी कृषि वस्तुहरुको मूल्यसंकलन गर्ने ।	716	
			२. मासिक, साप्ताहिक र दैनिक रुपमा मूल्य सम्वन्धी समाचार प्रकाशन गर्ने ।		
			३. मासिक रुपमा बजार सम्वन्धी समाचार प्रकाशन गर्ने ।		
			४. ३६ वटा कृषि वस्तुहरुको मूल्य सूचिहरु तयार गर्ने ।		
			५. मुख्य कृषि वस्तुहरुको मौसमी मूल्य विश्लेषण गर्ने ।		

			६. १२ जिल्लाहरुको विशेष मूल्य विश्लेषण गर्ने ।		
			७. कृषि वस्तुहरुको मूल्यमा असर पर्ने तथ्यहरुको सांख्यकीय विश्लेषण गर्ने ।		
			८. मासिक रुपमा उपभोक्ता सम्वन्धी प्रतिवेदनहरु प्रकाशन गर्ने ।		
३. खाद्य स्थिति विश्लेषण			१. अधिराज्यभर वफरस्टक सम्वन्धी अध्ययन तथा प्राविधिक सेवा पुऱ्याउने ।	405	
			२. मासिक रुपमा खाद्यान्न स्थिति प्रतिवेदन तयार गर्ने ।		
			३. अधिराज्यभर खाद्यान्न वितरण कार्यमा प्राविधिक सेवा पुऱ्याउने ।		
			४. अधिराज्यभर खाद्यान्नको माग तथा पूर्तिको अध्ययन गर्ने ।		
			५. अधिराज्यभर खाद्यान्न निकासी सम्वन्धी नीति निर्धारण निमित्त प्राविधिक सेवा पुऱ्याउने ।		
					१.
४. थोक बजार र विकास			झापा र सुनसरीमा स्थापना हुने थाक बजारहरको संचालन गर्ने ।	1743	२.
ख. खाद्य अनुसन्धान शाखा			१. १३ नगर पंचायत र गाउँ पंचायतमा खाद्य नियम लागू गर्ने ।	2646	३.
			२. १० अंचलमा धान र चाममा ग्रेड लागू गर्ने ।		४.
			३.दुध र दुध पदार्थ विश्लेषण ५००० नमूना ।		५.
			४. घ्यू, तेल विश्लेषण २५०० नमूना ।		६.
			५. फल तथा फलूल पदार्थको विश्लेषण जाँच १५०० नमूना ।		७.
			६. मासु तथा मासु पदार्थको विश्लेषण जाँच १३२५ नमूना		८.

			७. मदिराको विश्लेषण जाँच ८५० नमूना ।		
			८. अन्य पेश पदार्थको विश्लेषण जाँच ३०० नमूना ।		
			९. कनफेकसनरी तथा वेकरी पदार्थ विश्लेषण जाँच ६२५ नमूना ।		
			१०. मरमसला र मसाला पदार्थका विश्लेषण जाँच ९०० नमूना ।		
२. पौष्टिक पदार्थ अनुसन्धान तथा विकास			१. पौष्टिक आहाराको लागि खाद्य विश्लेषण गर्ने ।	2430	
			२. पोषण अवस्थामा सुधार ल्याउनको लागि पोषण नीति तर्जुमा गरी सोही अनुरुप कार्यक्रम संचालन गर्ने ।		
			३. पौष्टिक सर्वेक्षण १३ जिल्ला		
३. खाद्य अनुसन्धान			१. फलहरुको गुण तत्ववारे विश्लेषण गर्ने ४०० नमूना ।	2137	
			२. फलहरुलाई ताजा वा अर्ध प्रशोधित अवस्थामा संरक्षण गर्न उपयुक्त किसिमहरुको अध्ययन प्रयोग र प्रसार गर्ने ९६ प्रयोग ।		
			३. विभिन्न फलहरुलाई क्यानि प्रशोधन गर्न उत्पादन गरिने जातहरुको उपयुक्तता वारे अध्ययन प्रयोग गर्ने १२० प्रयोग ।		
			४. फलफूल तथा सब्जीहरुलाई संरषण गर्न उपयुक्त प्रकृयाको प्रयोगात्मक अनुसन्धान गरी उपादेयता वारे अध्ययन गर्ने १२१ संख्या		
			५. मसला पदार्थहरुको उच्च गुण स्तर कायम राख्न विभिन्न प्शोधन तथा संरुक्षण विधिहरुको अध्ययन तथा रासायनिक विश्लेषण गर्ने ।		

			६. ६ प्रचलित प्रशोधन विधिहरुको सर्वेक्षण तथा प्रशोधित मसला पदार्थहरुको नमूना संकलन गर्ने र प्रशोधित नमूना समेत रासायनिम विश्लेषण गर्ने ।		
			७. फलफूल तथा साग सब्जी प्रशोधन संरक्षण तालिम २५०		
			८. मसला प्रशोधन तालिम ५० संख्या		
४. खाद्य परीक्षण शाखा	हेटौंडा	चालू	१. उसिना विधिमा प्रचलनमा आएका कम स्तरका धान जातहरुको अध्ययन गरी ती जातका धानको उन्नत उसिना विधि खोजी गर्न तथा उसिना चामलको गन्हाउने गन्ध हटाउन विधिन्न प्रक्रिया सम्वन्धी अध्ययन गर्ने ३४० नमूना ।	2061	
			२. धान, अरुवा चामल, उसिना चामल आदिको बढी उत्पादन हुने स्थान तथा बढी कटानी हुने मिल भएको क्षेत्रलाई प्राथमिकता दिई उपरोक्त सम्वन्धमा ग्रेडिग गरी स्तर निर्धारण गर्ने २४० नमूना		
			३. उन्नत गरिकाबाट चिउरा प्रशोधन तथा उचित आवश्यकीय तत्वहरुको समावेश गरी प्रशोधन अध्ययन गर्ने १०० नमूना		
			४. धानका नमूना तथा अन्य खाद्यान्नका नमूना संकलन गरी साइज वर्गीकरण गर्ने ५०० जात		
			५. विभिन्न जातका धानको कुकिंग तथा केमिकल गुणहरु हेर्ने ५०० नमूना		

			६.भटमासमा आधारित दाल आहार अध्ययन सम्वन्धी पौष्टिक पदार्थहरुको प्रारम्भिक अध्ययन अनुसन्धान गर्ने १० नमूना		
			७.देशमा स्थापित वेंकिग उद्योगहरुको सर्वेक्षण तथा समस्याहरुको अध्ययन गर्ने १० नमूना		
			८. देशमा उत्पादित गहुं जातहरु सम्वन्धी रासायनिक विश्लेषण गर्ने ३५ नमूना		
			९. माल्ट परीक्षण अनुसन्धान गर्ने ५ नमूना		
			१०. गै.डिङ्ग तालिम दिने १०० जवान		
ग. आर्थिक विश्लेषण					
१. खेती व्यवसाय एवं कृषि उत्पादन			१. लेखा तरिकाबाट खेती प्रवन्ध अध्ययन ।		
			२.फलफूल उत्पादन अध्ययन ।		
			३.मुख्य नदगे वालीहरुको अध्ययन		
			४.कृषि प्रवन्ध प्रसार		
			५. पशुपालन व्यवसायको अध्ययन ।		
२. ग्रामीण अर्थशास्त्र			१. पोखरा उत्पादनका मल्लाहाहरुको सामाजिक आर्थिक स्थिति अध्ययन		
			२. कुनै राजमार्ग वरिपरिका ग्रामीण परिवारको सामाजिक आर्थिक स्थिति अध्ययन ।		
			३. कुनै एक विकास क्षेत्रको ग्रामीण परिवारको सामाजिक आर्थिक स्थिति अध्ययन ।		
			४. कुनै एक कृषि विकास आयोजना क्षेत्रका कृषकहरुमा भइको आर्थिक परिवर्तन, उन्नत कृषि पद्धति प्रति कृषकहरुको दृष्टिकोणको अध्ययन ।		

३. विशेष अध्ययन			१. राष्ट्रियस्तरमा भूमि उपयोग एवं खेती आयोजना सम्वन्धी आर्थिक अध्ययन ।		
			२. नेपालको वर्तमान खेती पद्धतिमा श्रम र यन्त्रको संयोजन सम्वन्धी अध्ययन ।		
			३.कृषि श्रमिकको स्वानान्तरण अध्ययन ।		
घ. कृषि तथ्यांक शाखा			१. खाद्यान्न तथा मुख्य अन्य वालीहरुको तथ्यांक संकलन एवं विश्लेषण ।	104,22	
			२. मत्स्य, पशु, पंछी एवं उत्पादनको तथ्यांक संकलन ।		
			३. कृषि क्षेत्रमा आपूर्ति एवं उपयोगिता तथ्यांक संकलन		
			४. खाद्यान्न बालिको पूर्व अनुमान ।		
			५. फार्म मूल्यांकन		
ङ पौष्टि आहार प्रशोधन		प्रस्तावित	संस्थान खडा गरी पौष्टिक आहार उत्पादन गर्ने ।	2022	
				28484	
				653528	160600
				814128	

परिच्छेद–१३

कृषि ऋण उत्पादन सामाग्री तथा खाद्य व्यवस्था

योजनामा निर्धारित कृषि क्षेत्रका भौतिक लक्ष्यहरू मुख्यत: गैर सरकारी क्षेत्रका लाखौ किसानहरूका प्रयासबाट मात्र संभव हुने तथ्य निर्विवाद छ । तसर्थ कृषि विकासको लागि सरकारी स्तरबाट हुने लगानी र प्रयास मुख्यत: निजी क्षेत्रको किसानहरूलाई आफ्नो उत्पादन बढाउने कार्यमा सक्दो सघाउ पुऱ्याउने उद्देश्यले प्रभावित हुनु नितान्त जरुरी छ । विगतको योजनामा जस्तै पाँचौ योजनामा पनि कृषि शिक्षा अनुसन्धान, प्रसार, प्रसार सिँचाई कार्यका अतिरिक्त उन्नत खेती प्रणालीको विकास र विस्तारलाई सहायक हुने आधुनिक उपकरणहरूका साथै ऋण सुविधाको व्यवस्था गरिएको छ ।

पाचौं योजना अन्तर्गत कृषि ऋण र उपकरणहरूको व्यवस्था चौथो योजनामा निर्धारित नीति र उद्देश्य वमोजिम अरू व्यापक गर्ने दृष्टिकोणबाट निम्न बमोजिम कार्यक्रम निर्धारित गरिएको छ ।

(क) सहकारिता :

तेश्रो योजनामो अन्तिम वर्षदेखि नै पुराना निस्कृय सहकारी संस्थाहरूबाट अपेक्षित काम हुन नसकेको अनुभव गरी यस्ता निस्कृय सहकारी संस्थाहरूलाई एकीकरण वा सुदृढिकण गरी र कतै कतै त खारेज समेत गरी निर्देशित सहकारी संस्थाहरू गठन गर्ने व्यवस्था गरिएको हो । यस्ता निर्देशित सहकारी संस्थाहरूको गठन र प्रारम्भिक व्यवस्था सहकारी विभागबाट गरिदिए पछि व्यवस्थापन सम्बन्धी सबै कार्य कृषि विकास बैङ्कबाट नियुक्त तालिम प्राप्त व्यवस्थापकबाट हुने गरेकोले यी संस्थाहरूको कार्य सञ्चालनमा ठुलो परिवर्तन देखापर्न थालेको छ । चौथो योजनाको प्रारम्भमा यस्ता संस्था सघन कृषि विकास कार्यक्रम सञ्चालन गरिने २८ जिल्लामा मात्र केन्द्रित हुन गए तापनि विगत दुई वर्षदेखि पहाडी जिल्लाहरूमा समेत यसलाई विस्तार गर्दै ल्याइएको छ ।

सहकारी विभागले यस्ता संस्थाको स्थापना गरिसकेपछि सञ्चालजनका लागि कृषि विकास बैङ्कलाई हस्तान्तरण गर्ने परिपाटी हुँदा सहकारी संस्थाको स्थापना पछि हर साल त्यसको हिसाब जाँच गर्ने काममा नै सहकारी विभागले बढी समय दिनुपर्ने भएकोले पाँचौं योजनाकालमा स्थापना भईसकेका निर्देशित सहकारी संथाहरूको सदस्यता संख्या बढाउने, सहकारी संस्थाप्रति जनभावना र विश्वास जगाउने जस्तो प्रवर्द्धनात्मक कार्यहरूमा साझा सङ्गठनलाई सहकारी विभागबाट आवश्यक सहयोग पुऱ्याइने व्यवस्था गरिएको छ । साथै निर्देशित सहकारी संस्थाहरूलाई सक्षम बनाई स्वम आफैंले आफ्नो व्यवस्थापन कार्य सञ्चालन गर्नसक्ने तुल्याउन त्यस्ता संस्थाका सदस्यहरूलाई कार्यशाला गोष्ठीको व्यवस्था गर्नाका साथै सहकारी व्यवस्थापक, निरीक्षक तथा सहायक निरीक्षकहरूलाई तालिम दिने कार्यक्रम रहेको छ । पाचौं योजनाकालमा छानिएका केही निर्देशित सहकारी संस्थाहरूको व्यवस्थापन कार्य संस्थाका सदस्यहरूबाट नै गराउने व्यवस्था गरिनेछ ।

पाचौं योजनाकालमा गठन गरिने निर्देशित सहकारी संस्थाहरू

क्षेत्र	चौथो योजनाको अन्त्य सम्म स्थापना हुने संस्था संख्या	पाचौं योजनामा थप स्थापना गरिने संस्था संख्या	पाचौं योजनाको अन्त्यमा हुन आउने संस्था संख्या
१. सुदूर पश्चिमाञ्चल	४२	४३	८५
२. पश्चिमाञ्चल	३९	७६	११५
३. मध्यमाञ्चल	१०७	१२२	२२९
४. पूर्वाञ्चल	६३	८१	१४४
जम्मा	२५१	३२२	५७३

चौथो योजनाकालमा जस्तौ पाचौं योजनाकालमा स्थापना हुने नयाँ निर्देशित सहकारी संस्थाहरूको व्यवस्थापन कार्य केही कालसम्म कृषि विकास बैङ्कबाट खटिएका तालिमप्राप्त व्यवस्थापकबाट हुनेछ र यसको प्रशासकीय खर्चको निमित्त स्थापना भएको पहिलो, दोस्रो, तेश्रो र चौथो वर्षहरूमा क्रमश: १०० प्रतिशत, ७५ प्रतिशत, ५० प्रतिशत र २५ प्रतिशत श्री ५ को सरकारबाट अनुदानको रूपमा कृषि विकास बैङ्कलाई उपलब्ध गराइनेछ । पाचौं वर्षदेखि सबै खर्च बैङ्कले आफ्नै स्रोतबाट व्यहोर्नेछ ।

विगत वर्षहरूको अनुभव अनुसार एक संस्थाले औसतमा तीन पञ्चायत क्षेत्रलाई सेवा पुऱ्याउन सकेको पाइएको छ । पाचौं योजना अवधिमा प्रत्येक संस्थाको कार्य क्षेत्र सामान्यत: तीन पञ्चायत निर्धारित गरिएको छ । यस अनुसार पाँचौं योजनाको अन्त्य सम्ममा जम्मा ५७३ निर्देशित सहकारी संस्थाहरूको सेवा कार्य १७१९ गाउँ पञ्चायतहरूमा पुग्ने अनुमान गरिएको छ ।

(ख) ग्राम समिति :

पाँचौं योजनाको अन्त्य सम्म १७१९ गाउँ पञ्चायतहरूलाई निर्देशित सहकारी संस्थाहरूको माध्यमद्वारा गाउँ स्तरमा कृषि ऋण, उपकरण र सामाग्रीको व्यवस्था गर्ने कार्यक्रम माथि उल्लेख भई सकेको छ । बाँकी गाउँ पञ्चायतहरू मध्ये पनि चौथो योजनाको अन्त्यसम्ममा ४५३ वटा निर्देशित ग्राम समितिहरूबाट १३६९ गाउँ पञ्चायतहरूलाई ऋण सुविधा पुग्न जानेछ । निर्देशित सहकारी संस्थाहरू जस्तै निर्देशित ग्राम समितिको सञ्चालनमा चाहिने रेखदेख तीन ग्राम समितिलाई एक तालिमप्राप्त कृषि विकास बैङ्कबाट खटिने ऋण निरीक्षकबाट हुने व्यवस्था गरिएको छ । यस्ता ऋण निरीक्षकको व्यवस्था गर्न चाहिने खर्च पनि श्री ५ को सरकारबाट निर्देशित सहकारी संस्थाको व्यवस्थापनको खर्च जस्तै स्थापना भएको पहिलो, दोश्रो, तेश्रो र चौथो वर्षहरूमा क्रमशः १०० प्रतिशत, ७५ प्रतिशत, ५० प्रतिशत र २५ प्रतिशत अनुदान दिइनेछ ।

पाँचौ योजनाकालमा उपरोक्त ४५३ निर्देशित समितिहरूलाई नै बढी सक्षम र कृयाशील तुल्याई निर्देशित सहकारी संस्था र निर्देशित ग्राम समितिको माध्यमद्वारा ३००० भन्दा बढी गाउँ पञ्चायतहरूलाई संस्थागत ऋण सुविधा पुऱ्याइनेछ ।

निर्देशित रूपमा सञ्चालन गरिने ग्राम समितिहरू मध्ये पनि व्यवहारिकताको आधारमा क्रमशः निर्देशित सहकारी संस्थाको पमा परिणत गर्दै जाने कार्यक्रम अन्यत्र उल्लेख भईसकेको छ ।

(ग) साझा:

साझा व्यवस्थालाई सुदृढ गर्ने र यसको परिधि बढाउने दृष्टिकोणबाट पाँचौ योजनाकालमा यसलाई विस्तार गर्ने उद्देश्यले हालसम्म गठन भईसकेका र पाँचौ योजनाकालमा गठन गरिने निर्देशित सहकारी संस्थाहरूको आर्थिक क्षमता सुदृढ र स्थानीय जन भावना र विश्वास सहकारी संस्थाहरूप्रति जगाउन सहकारी सस्थाहरूको सदस्यता बृद्धि गर्ने तर्फ साझा केन्द्रीय सङ्गठनले काम गर्नेछ । साथै उक्त सङ्गठनबाट कूटिर उद्योग र उपभोक्ता भण्डारको स्थापना गरी निर्देशित रूपमा सञ्चालन गर्ने गरी पाँचौ योजनामा कार्यक्रम समावेश गरिएको छ । पाँचौयोजना अवधिमा चार विकास क्षेत्रमा गरी जम्मा २० वटा निर्देशित साझा उपभोक्ता भण्डार र २० वटा निर्देशित साझा कुटिर उद्योग स्थापना गरी सञ्चालन गनिछ ।

साझा उपभोक्ता भण्डार स्थापना गर्दा दोहोरोपन हटाउन सकभर निर्देशित सहकारी संस्था नभएका स्थानलाई प्राथमिकता दिइनेछ । साझा भण्डार र साझा कुटिर उद्योगको निर्देशित रूपमा व्यवस्थापन गर्ने जिम्मेवारी साझा केन्दीय सङ्गठनको हुनेछ । उक्त सङ्गठनले तालिम प्राप्त व्यवस्थापकहरूको व्यवस्था गर्नेछ र निजहरूको खर्च निर्देशित सहकारी संस्थाहरूका व्यवस्थापकको खर्च जस्तै पहिलो, दोस्रो, तेस्रो र चौथो वर्षहरूमा क्रमशः १०० प्रतिशत, ७५ प्रतिशत, ५० प्रतिशत र २५ प्रतिशत श्री ५ को सरकारले अनुदानको रूपमा प्रदान गर्नेछ । पाँचौ योजनाकालमा साझा केन्द्रीय सङ्गठनलाई राष्ट्रिय साझा संठनको रूपमा विकास गर्ने संभावना र उपयोगिता बारे अध्ययन पूरा गरिनेछन् ।

(घ) कृषि विकास बैङ्क

गाउँ स्तरमा किसानहलाई उपलब्ध गराइने रासायनिक मल, उन्नत बीउ, कीट तथा रोगनाशक औषधि जस्ता अल्पकालिन आवश्यकताको अतिरिक्त सिँचाई सुविधा, चिया खेती, वेचखिवन आदिको निमित्त मध्यकालिन वा दीर्घकालीन आवश्यकताहलाई पूरा गर्न, ऋणको व्यवस्था गर्न चौथो योजनाको प्राम्भिक वर्षहरूमा भूमिसुधार वचत संस्थान र कृषि विकास बैङ्क दुई संस्था सञ्चालन भइरहेका थिए । ऋण कार्यक्रम एकै संस्थाबाट सञ्चालन गरिएमा वढी प्रभावकी हुने देखिएकोले भूमिसुधार बचत संस्थानलाई कृषि विकास बैङ्कमा भागी ऋणको व्यवस्था गरिदै आएको हो

कृषि क्षेत्रका निधारित भौतिक लक्ष्यहरू पूरा गर्न गैर सरकारी क्षेत्रलाई कृषि उपकरण र सामग्रीहरू जुटाउन चाहिने ऋणको बिचार गरी पाँचौ योजनाकालमा कृषि विकास बैङ्कबाट उपलब्ध गराउने अल्पकालिन, मध्य र दीर्घकालीन कृषि ऋणको लक्ष्य रु. १४२.३ करोड निर्धारित गरिएको छ । कृषि ऋण सुविधा बढी से बढी कृषकहरूलाई उपलब्ध गराउने दृष्टिकोणबाट योजनाको अन्त्य सम्ममा देशका ७५ जिल्लामा निर्देशित सहकारी संस्था वा निर्देशित ग्राम समितिको स्थापना गर्ने कुरा अन्यत्र उल्लेख भईसकेको छ । यसरी देशभर स्थापना गरिने संस्था समितिका अतिक्ति कृषि विकास बैङ्का आफ्नै कार्यालयहरूको विस्तार गर्ने कार्यक्रम भएकोले पाँचौयोजनाकालमा कृषि ऋण सुविधा विगत वर्षहरूमा भन्दा बढी व्यापक सुभल हुने आशा गरिएको छ ।

पाँचौ योजनामा उपलब्ध गराइने ऋण सुविधा

(रु. हजारमा)

सि.नं.	कार्यक्रम (१)	२०३२-३३ (२)	२०३३-३४ (३)	२०३४-३५ (४)	३०३५-३६ (५)	२०३६-३७ (६)	पाँच वर्षकोजम्मा (७)
क.	खाद्य कार्यक्रम						
१.	खाद्य बाली विकास						
	धान	२३३००	३४७२२	३५०००	४७८००	५७७१६	१९८५३८
	मकै	३२००	४३००	५४००	६५००	७६००	२७०००
	गहुँ	३२०००	३८९००	५०१५६	५९४६	७०५००	२५१५०२
	जौ	७०	९०	११०	१२५	१४५	५४०
	आलु	१०५५	१२३२	२००३	२९१६	४०३७	११२४३
	दालभात	-	५०	१००	१२५	१५०	४२५
२.	औद्योगिक बाली विकास						
	जूट	११२००	२१०००	२६८००	३३०००	३५६००	१२७६००
	उखु	७७००	१०००००	१२६०००	१५५००	१६२००	६२०००
	सूर्ती	८२००	१०२००	१०६००	११०००	११५००	५१५००
	कपास	-	५०	६५	१००	१२५	३४०
	तेलजात	११००	१३००	१७००	१९००	२२००	८२००
३	विशेष बाली विकास						
	सुठो	४००	५००	६००	६५०	७००	२८५०
	अलैंची	४५०	५००	६००	५६०	८००	३०००
	रेशम	-	५०	७०	१००	१२५	३४५
	खोर्सानी	-	२०	२५	३५	४०	१२०
	मह	-	१५	२५	३०	४०	११०
	जम्मा	८८६७५	१२२९२९	१४५८५४	१८०३७७	२०७४७८	७४५३१३
४.	फलफूल विकास एवं संरक्षण	१०१७	१११५	१२००	१३२३	१४८२	६१३७
५.	तरकारी विकास	१५०	२००	२७२	३२५	४००	१३४७
	जम्मा	११६७	१३१५	१४७२	१६४८	१८८२	७४८४

६.	पशु उत्पादन						
	मासु: खसी/ भेडा	३९७	४११	४५०	५००	५५७	२३१५
	कुखुरा	५५०	४००	४५०	५१५	७००	२६१५
	सुँगुर	६०६	६५५	७१६	७८६	८६५	३६२८
	दूध- भैंसी/गाई	१६८५	१८५१	२०५३	२३२४	२४२४	१०३३७
	चौ	२९७	३००	३२६	३५८	३९३	१६७४
	फुल	११०५	४००	४५०	५१५	७००	३१७०
	माछा	४१२	४३८	४५९	५०२	५४४	२३५५
	जम्मा	५०५२	४४५५	४९०४	५५००	६१८३	२६०९४
७.	उत्पादन साधन विकास बीउ, बिजन उत्पादन	३००	३५०	४००	५००	६००	२१५०
८.	सिचाई विकास पम्प	७०३	१३४६	१४५१	१५४७	१७६४	६८११
९.	कृषि औजा	२३०८५	२३०६४	२५७८९	२६२६१	२६८७७	१२५०७६
	जम्मा	२४०८८	२४७६०	२७६४०	२८३०८	२९२४१	१३४०३७
१०.	चिया	२५००	२५००	२५००	२७५०	३००	१०५५०
११.	गोदाम निर्माण	१०५००	१२०००	१०५००	९०००	१२०५००	५२५००
१२.	बेच विखन तथा कृषि उद्योग	३६१०९	५७५६७	७६७११	८४७२८	१०३१९८	३५८३१३
१३.	जमीन सुधार	१००००	१२५००	१५०००	१७५००	२०००	७५०००
	जम्मा	५९,१०९	८४,५६७	१०,४,७११	१,१३,९७८	११३,९९८	४, ९६,३६३
ख.	अन्य						
	उपभोक्ता ऋण	७००	९००	१०००	१०७५	११५०	४८२५
ग.	समन्वयात्मक ग्रामीण विकास कार्यक्रम						
१	छोटो अवधि ऋण	-	१०००	१२००	१५००	२०००	५७००
२.	मध्यम अवधि ऋण	-	५००	८००	९००	११००	३३००
	जम्मा	-	१५००	२०००	२४००	३१००	९०००
	कूलजम्मा	१७८७९१	२४०४२६	२८७५८१	३३३२८६	३८३०३२३	१४२३११६

उपर्युक्त लक्ष्य अनुसार ऋण सुविधा पुऱ्याउन चाहिने साधन तल लेखिएका स्रोतहरूबाट पुऱ्याउने व्यवस्था गरिएको छ ।

योजना अवधिमा आवश्यक पर्ने पूँजी र स्रोत

(रु.हजारमा)

स्रोत		आर्थिक वर्षहरू				
क.	अनुमानित नगद आय	०३२-३३	०३३-३४	०३४-३५	०३५-३६	०३६-३७
१.	शेयर पूँजी					
	श्री ५ को सरकारको तर्फबाट	१००००	१००००	१००००	१००००	१००००
	अन्य आन्तिरिक स्रोत	५५००	५५००	५५००	५५००	५५००
२.	ऋण (ने.रा. बैङ्क तथा अन्य अन्तर्राष्ट्रिय संस्थाहरूबाट)	१११८५८	१०४७९२	९६५६९	१०३१७९	११२५२५
३.	लगानी असूलीबाट जम्मा नगद आय	१४१२९३	१८१२९७	२३५०५१	२८७१९३	३४४८०२
	जम्मा नगद आय	२६८६५१	३०१५८९	३४७१२०	४०५८७२	४७२८२७
ख.	अनमानुति नगद अन्य					
१.	ऋण लगानी	१७९१०१	२४१५७	२८८३५८	३३४१७२	३८६७३४
२.	कर्जा भुक्तानी	८९५५०	६०४३२	५८७६२	७१७००	८६०९३
	जम्मा नगद अन्य	२६८६५१	३०१५८९	३४६१२०	४०५८७२	४७२८२७

साना किसानहरूलाई विशेष साविक भन्दा बढी कृषि ऋणको व्यवस्था गर्न अधिकतम कार्यक्रमको रूपमा विशेष व्यवस्था गरिएको छ । यसको निमित्त पूँजीको व्यवस्था श्री५ को सरकारबाट गरिनेछ ।

(ङ) **कृषि उत्पादन सामग्री:**

पाँचौ योजनाकालमा कृषि उत्पादन बृद्धि गर्नको निमित्त उन्नत बीउ-विजन, रासायनिक मल, रोग तथा कीटनाशक औषधि र उन्नत औजारको आवश्यकता बार अन्यत्र व्यवस्था भई सकेको छ । उन्नत बीउ पूर्ति यस संस्थानबाट मात्र पूरा नहुने भए तापनि अन्य सामग्री विशेष गरी आयात गरिने सबै सामग्री यसै संस्थानबाट व्यवस्था गरिनेछ । बिक्री वितरण गरिने उत्पादन सामग्रीहरू यथा सम्भव संस्थागत रूपमा मात्र गर्ने नीति लिइएको छ ।

पाँचौ योजना अवधिमा प्रयोग गरिने उन्नत बीउ रासायनिक मल र उन्नत उपकरणहरूको विवरण तल प्रस्तुत गरिएको छ ।

पाँचौयोजना अवधिमा बिक्री वितरण हुने रसायनिक मल
(प्टान्ट न्यूट्रिएन्टको हिसाबमा)

मे.ट.मा.

मल	योजना अवधिमा जम्मा
नाइट्रेजन	१०३८००
फोस्फरस	३५२५०
पोटास	२३८२५
जम्मा	१६२८७५

उन्नत बीउको बिक्री वितरण गर्ने लक्ष्य

मे.ट.मा.

बीउ	योजनाको अवधिमा जम्मा
धान	३६९०
गहुँ	१४११०
मकै	१३३५

जम्मा	१९१३५

कृषि औजारह, बाली संक्षण सामग्रीहरूको लक्ष्य

(रु. हजामा)

साल	कृषि औजाह	बाली संरक्षण सामग्रीहरू
२०३२-३३	१२५०	७,५०
२०३३-३४	१४,००	९,७५
२०३४-३५	१६,००	११,५०
२०३५-३६	१८,५०	१३,२५
२०३६-३७	२१,५०	१६,००
जम्मा	८२,५०	५८,००

विकास क्षेत्र अनुसार कृषि उत्पादन सामग्रीको बिक्री वितण

सामग्री		**सुदुर पश्चिमाञ्चल**	**पश्चिमाञ्चल**	**मध्यमाञ्चल**	**पूर्वाञ्चल**	**जम्मा**
१.	रसायनिक मल (मे.ट.)	९,३००	३३,८००	८६,०५०	३३,७२५	१,६२,८७५
२.	उन्नत बीउ बिजन (मे.ट)	२,८९५	२,८९५	७,३२५	४,०२०	१९,१३५
३.	बाली संरक्षण सामग्री (रु.)	९,९२,०००	९,९२,०००	२४,४७,००,०	१३,६९,०००	५८,००,०००
४.	उन्नत औजार (रु.)	१३,१०,०००	१३,९०,०००	३५,६०,०००	१९,९०,०००	८२,५०,०००

रासायनिक मल उन्नत बीउ र अन्य बाली संरक्षणका साग्रीहरू समयमै खरीद गरी सञ्चय गर्नुपर्ने भएकोले यस्ता उत्पादन सामग्रीहरूको निमित्त विशेष रूपले नियन्त्रित गोदाम घरहरूको आवश्यकता हुने भएकोले चौथो योजनाकाल देखि नै गोदाम घहरूको निर्माण भई रहेको छ । तत्कालिन कृषि खरिद बिक्री संस्थान अन्तर्गत निर्मित गोदामहरूको पनि संस्थानको विभाजन हुँदा विभाजन गरिएको सामग्रीको दृष्टिोणबाट उपयुक्त स्थानमा उपयुक्त क्षमताका गोदाम निर्माण कार्य चालू नै राखिएको छ । विभाजन पछि उत्पादन सामग्रीको निमित्त जम्मा ३५,१५० मे.ट. क्षमताका विभिन्न गोदाम रहेकोले पाँचौ योजना अवधिमा थप ३३,५०० मे.ट. क्षमताका विभिन्न गोदामहरू निर्माण गरिनेछ । पाँचौ योजनामा निर्माण गरिने गोदाम घरहरूको लक्ष्य तल प्रस्तुत गरिएको छ :-

पाँचौ योजनामा कृषि सामग्री संस्थानद्वारा निर्माण गरिने गोदामको लक्ष्य

क्षमता : मे.ट.मा

क्षेत्र	आ.व.	आ.व.	आ.व.	आ.व.	आ.व.	आ.व.	जम्मा
		०३२-३३	०३३-३४	०३४-३५	०३५-३६	०३६-३७	-
१.	सुदुर पश्चिमाञ्चल विकास क्षेत्र	१००	१५०	१५०	६००	-	१९००
२.	पश्चिमाञ्चल विकास क्षेत्र	२७५०	७५०	१६००	-	१५००	६६००
३.	मध्यपश्चिमाञ्चल विकास क्षेत्र	६२५०	१६००	४६५०	१०००	४५००	१८०००
४.	पूर्वाञ्चल विकास क्षेत्र	२५००	८००	१६५०	५५०	१५००	७०००
	कूल जम्मा	१२५००	३३००	८०५०	२१५०	७५००	३३५००

उन्नत बीउ र रासायनिक मल पहाडी जिल्लाहरूमा ढुवानी गरी बिक्री गरिँदा लाग्ने ढुवानी खर्च चौथो योजनाकालमा जस्तै पाँचौ योजनाकालमा पनि श्री ५ को सरकाले अनुदानको रूपमा उपलब्ध गराउनेछ ।

कृषि उत्पादन सामग्रीको आपूर्ति अरू बढी मात्रामा गरिनु पर्ने तथ्यलाई ध्यानमा राखी अधिकतम कार्यक्रमको रूपमा थप रकमको व्यवस्था गरिएको छ ।

(च) खाद्य व्यवस्था:

केही पहाडी जिल्लाहरूमा खाद्यानको कमी महसूस गरिएकोले यस्ता जिल्लाहरूमा खाद्यान्न सुलभ जिल्लाहरूबाट समयमै योजनाबद्ध रूपमा खाद्यान्न परिचालन गर्नुपर्ने कुरालाई ध्यानमा राखी खाद्यान्न परिचालनको निमित्त छुट्टै सस्थाको व्यवस्था गरिएको छ । प्रतिकूल मौसममा खाद्यान्न संकट पर्न सक्ने संभावनालाई समेत ध्यानमा राखी अधिकांश जिल्लाहरूमा खाद्यान्न भण्डार राख्ने र यसको निमित्त क्रमीक रूपमा सञ्चय गर्दै जाने नीति लिइएको छ ।

विभिन्न स्थानमा खाद्यान्न खरीद गरी अभाव क्षेत्रमा गर्ने बेलासम्म सञ्चय गरी राख्न र कतिपय स्थानमा स्थायी रूपले वर्ष भरी नै सञ्चय गरी राख्नको निमित्त गोदामहरूको विस्तृत प्रणाली व्यवस्था गरिनु आवश्यक छ । दुई संस्थानको विभाजन हुँदा गोदामहरूको स्वामित्वमा पनि सोही अनुसा विभाजन भएकोले खाद्यान्नको लागि मात्र गोदाम निर्माण गरिनु पर्ने र यस्ता गोदामहरूको निमित्त सोही मनुसार स्थान समेत निर्धाण गर्नुपर्ने भएकोले छुट्टै कार्यक्रम समावेश गरिएको छ । पाँचौ योजना अवधिमा यस प्रयोजनाको निमित्त जम्मा २८,००० मे.ट. क्षमताका विभिन्न गोदाम घरहरूको निर्माण गरिनेछ । विभिन्न वर्षहरूम निर्माण गरिने गोदामहरूको विस्तृत विवरण तल प्रस्तुत गरिएको छ ।

पाँचौ योजनामा नेपाल खाद्य संस्थानद्वारा निर्माण गरिने गोदामको लक्ष्य

क्षमता मे.टन.मा

क्षेत्र	आ.व.	आ.व.	आ.व.	आ.व.	आ.व.	आ.व.	जम्मा
		०३२-३३	०३३-३४	०३४-३५	०३५-३६	०३६-३७	-
१.	सुदुर पश्चिमाञ्चल विकास क्षेत्र	३००	–	१५००	–	–	४५००
२.	पश्चिमाञ्चल विकास क्षेत्र	३०००	–	–	–	–	३०००
३.	मध्यपश्चिमाञ्चल विकास क्षेत्र	३७५०	–	१२५०	–	–	५०००
४.	पूर्वाञ्चल विकास क्षेत्र	३०००	५५००	४०००	३०००	–	१५,५००
	कूल जम्मा	१२,७५०	५,५००	६,७५०	३,०००	–	२८,०००

(छ) खर्चको विवरण:

पाँचौयोजन कालमा कृषि ऋण, उत्पादन सामग्री तथा खाद्य व्यवस्थाको निमित्त माथि उल्लेख गरिएका कार्यक्रम सञ्चालन गर्न चाहिने खर्चको विवरण तल प्रस्तुत गरिएको छ ।

(खर्च रु. हजारमा)

	कार्यक्रम	**न्यूनतम कार्यक्रमको लागि रकम**	**अधिकतम कार्यक्रमको लाथि थप रकम**
१.	सहकारी विकास	८१,५०	–
२.	साझा	१५,३०	–
३.	क. कृषि विकास बैङ्क (लगानी	५,००,५००	
	ख. निर्देशित सहकारी संस्था र ग्राम समितिहरू सञ्चालनको लागि अनुदान	२,६३,७२	
	ग. साना किसानलाई विशेष ऋणको निमित्त (लगानी)		२,००,००
४.	क. कृषि सामग्री संसथान (लगानी)	२,७१,००	
	ख. उन्नत वीउ विजनको लागि ढूवानी अनुदान	१,५०,००	
	ग. कृषि सामग्रीको व्यवस्था (लगानी)		४,००,००
५.	खाद्य संस्थान (लगानी)	२,७०,००	
	जम्मा	१५,५१,५२	६,००,००

	कूल जम्मा	२१,५१,५२	

अनूसिुच

पाँचौ योजना (२०३२– ३७) को कार्यक्रम

	आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य			आयोजनामा लाग्ने खर्च (रु.०००) मा	कैफिय
(क)	सहकारी तथा साझा विकास							
१.	सहकारी कार्यक्रम	विभिन्न	चालु	१.	निर्दिष्टि सहकारी संस्था स्थापना गर्ने संस्था	३२२	४५९४	
				२.	राष्ट्रिय सहकारी संघको गठन संख्या	१		
				३.	वार्षिक हिसाव जाँच पटक	१८१९		
				४.	रजिष्ट्रेशन खारेज गर्ने संख्या	१००		
				५.	विचार गोष्ठी			
					क. राष्ट्रिय पटक	५		
					ख. क्षेत्रीय पटक	२०		
				६.	सहकी कार्यालयको निमित्त			
					क. जग्गा प्राप्त गर्ने जिल्ला	१५		
					ख. भवन बनाउने जिल्ला	१२		
				७.	सहकारी सदस्य शिक्षा सिविर सञ्चालन गर्ने पटक	६०		
२.	सहकारी प्रशिक्षण	ललितपुर	चालु	प्रशिक्षण दिने			३५५६	
				१.	सहकारी इन्सपेक्टर	३० जवान		
				२.	सहकी अडिटर	४१ जवान		
				३.	स.स.ई.को सेवा प्रवेश	१२५ जवान		
				४.	स.स.ई.को सेवा कालिन	१२५ जवान		
				५.	व्यवस्थापक	२०७ जवान		

३.	साझा केन्द्र अन्तर्गत	विभिन्न	प्रस्तावित	(क)	सहकी सदस्यता बृद्धि कार्यक्रम	२०० निर्देशित सहकारी संस्थाहरूमा	१५३०	
				(ख)	साझा उपभोक्ता भण्डार स्थापना र सञ्चालन	२० वटा		
				(ग)	साझा कुटिर उद्योग स्थाना र सञ्चालन	२० वटा		
	ख. कृषि विकास बैङ्क						७६३७२	
	१. कृषि विकास बैङ्क	विभिन्न जिल्ला	चालु	१.	कृषि ऋण वितरण	रु.१,४२,३१,१६,०००		
				२.	निर्देशित सहकी संस्था संचालन रेखदेख			
				३.	निर्देशित ग्राम समिति सञ्चालन रेखदेख			
				४.	शाखा विस्तार ८ स्थान (गुल्मी, सल्यान, डोल्पा, पाँचथर, प्यूठान, दैलेख, रामेछाप तुह्रथुम)			
२.	कृषि विकास बैङ्क	विभिन्न जिल्ला	प्रस्तावित	सानाकिसानलाई विशेष ऋणको व्यवस्था गर्ने			२००००	
	ग. कृषि सामग्री संस्थान							
	१ . उन्नत कृषि उत्पादन सामग्री विक्री	,,	चालू	१.	उन्नत विउ मे.ट.	१९,१३५	१५०००	
				२.	रासयनिक मल मे.ट.	१,६२,८७५		
				३.	उन्नत औजार	रु.५८,००,००		
				४.	उन्नत ओजार	रु. ८२,५०,०००		
	२. कृषि उत्पादन सामग्री व्यवस्था	,,			कृषि उत्पादन सामग्रीको व्यवस्था गर्ने		४०००	
	३. गोदाम निर्माण				गोदाम क्षमता मे.ट.	३३,५००	२७१००	
	(घ) खाद्य संस्थान गोदाम निर्माण			,,	गोदाम क्षमता	२८,०००	२७०००	
					जम्मा	१५५१५२	६००००	
					कूल जम्मा	**२१५१५२**		

परिच्छेद – १४

सिचाई, जलस्रोत तथा जलवायू

वर्षामा मात्र आधाति वाली भन्दा व्यवस्थित सिँचाई सुविधा प्राप्त वालीको उत्पादनमा उल्लेखनीय बृद्धि हुने अनुमान गरिएको छ । यस बाहेक हिउँदे बालीमा प्रति हेक्टर उत्पादन कम मात्र होइन खेति गरिने क्षेत्रफलमा समेत बृद्धि गर्न नसकिने हुन्छ । उन्नत बीउ, रसायनिक मल र कीटनाशक औषधिहरूको उत्पादकत्व पनि सिँचाईमा निर्भर रहेको पाइएको छ । नेपालमा नदीहरूका प्रवाहको स्थिति हेर्दा अधिकांश जमीनमा सिँचाई सुविधा पुऱ्याउन सकिने पाइएको छ ।

(**क**) **सिचाई विकासको उद्देश्य:**

उपर्युक्त कुराहरूलाई ध्यानमा राखी पाँचौ योजनाकालमा सिँचाई विकास कार्यक्रमको निम्नलिखित उद्देश्य रहेको छ :–

१. प्राकृतिक साधनको रूपमा उपलब्ध विभिन्न जलस्रोतहरूलाई सिँचाई विकास कार्यक्रमको लागि उपयोगमा ल्याउनु ।

२. वर्तमान वर्षामा मात्र निर्भर अनिश्चित खेती प्रणालीलाई निश्चित र स्थायी रूप दिनु ।

३. कृषि उत्पादनमा विविधिकण गर्न एक क्षेत्रमा एक भन्दा बढी बाली लगाउन सकिने स्थिति ल्याउनु ।

४. उन्नत कृषि उपकरणहरू (रासायनिक मल, उन्नत बीउ, उन्नत औजार कीटनाशक औषधिहरू) को उत्पादनमा बृद्धि गर्नु ।

५. सघन सालभर नै खेती गर्ने स्थितिको विकास गरी श्रमको अधिकतम उपयोग गर्नु ।

(**ख**) **नीति:**

उपर्युक्त उद्देश्यहरू हासिल गर्न पाँचौ योजनाकालमा निम्नलिखित सिँचाई विकास सम्बन्धी नीति अपनाइएको छ ।

१. सरकी स्तरबाट हाल पूरा भई सकेको आयोजनाहरूको स्थायी रूप दिन मरमत संभारको स्थायी व्यवस्था गर्न सरकारी स्तरमा संस्थागत सुधार गरिनेछ ।

२. गैर सरकारी क्षेत्रमा सम्पन्न भएका आयोजनाहरूको पनि मरमत संभारको समुचित व्यवस्था गर्न श्री ५ को सरकारले सकेसम्म सहयोग गर्नेछ ।

३. साल भरी नै सिँचाई संभव हुने आयोजनालाई बढी प्राथमिकता दिइनेछ । ग्राभिटी इरिगेशनमा नदीहरूको जल प्रवाहको न्यूनतम मात्रा निर्धाण गरी सोही आकारको योजना निर्धाण गरिनेछ । यसै गरी टचयूवेल इरिगेशन (Tubewell irrigation) मा पनि जलस्रोतको निश्चित मात्र हेरी सघनता निर्धाण गरिनेछ र आर्टिशनफ्लोर विद्युत शक्ति उपलब्ध क्षेत्रमा जोड दिइनेछ ।

४. तराई प्रदेशमा ठूला र मझौला खालका आयोजनाहरू ग्राभिटी प्रणाली अन्तर्गत समावेश गरिने छन् साथै जलस्रोत सर्वेक्षणको प्रतिवेदनको आधारमा ग्राभिटी प्रणालीको संभावना कम भएको क्षेत्रमा विकल्पको रूपमा टचूवेल सिँचाई विकास गरिनेछ ।

५. पहाडी प्रदेशमा ठूला नदीहरूको किनारका फाँट वा उपत्यकामा अवस्था हेरी मझौला वा साना आयोजना ग्राभिटी वा लिफ्ट दुवै प्रणाली अपनाई सञ्चालन गरिनेछ । निर्माण पूरा भई सकेपछि संभार गर्न नसकिने खालका नहरहको नयाँ निर्माण पहाडी क्षेत्रमा साधारणतय: गरिने छैन ।

६. साना आयोजना मुख्तय: पहाडी वा हिमाली प्रदेशमा मात्र सीमित राखिनेछ ।

७. प्रत्येक स्तरका आयोजनाको निर्माण प्रविधि निर्धारण गर्दा यथा संभव श्रमको अधिकतम उपयोग हुने र आयात गरिने सामानहरूहको न्यूनतम आवश्यकता मात्र हुने प्रविधि अपनाइनेछ ।

८. उपलब्ध सिँचाई सुविधाको उपयोग कसरी गर्ने र पानीपोतको निर्धाण कुन किसिमबाट गर्ने आदि कुरा वैज्ञानिक रूपमा हुन सकेको छैन । त्यसैले हाल सम्म उपलब्ध सिँचाई सुविधाको उपयोग अधिकतम मात्रामा हुन सकेको छैन र पानीपोत पनि उपलब्ध सुविधाको नगण्य भागबाट मात्र असूल हुन सकेको छ । यी कुराहरूलाई धनमा राखी संस्थागत रूपमा वाटर म्यानेजमेण्टको व्यवस्था गरिनेछ र पानीपोत पनि वैज्ञानिक आधारमा निर्धाण गरिनेछ ।

९. भूमिगत जलस्रोतको आधामा स्थापना गरिने टचूवेलहरू निजी क्षेत्रमा वा सहकारी स्वामित्वमा रहने गरी स्थापना गरिनेछ ।

१०. सिँचाई आयोजनाको निर्माण संभाव्यता अध्ययनका आधारमा उपयुक्त ठहरिन आएमा मात्र गरिनेछ ।

(ग) **प्राथमिकता:–**

पाँचौ योजनामा निर्माण गरिने आयोजनाहरू निम्नलिखित प्राथमिकता क्रम अनुसार समावेश हुने छन्:–

१. निर्माणधीन आयोजनाहरू ।

२. विदेशी राष्ट्र वा अन्तार्राष्ट्रिय संस्थाहरूसँग वचतबद्ध भई सकेका आयोजनाहरू ,

३. पुाना आयोजनाको ममत र क्षमता विस्तार गर्ने आयोजनाहरू ।

४. पहाडी प्रवेशको विकासलाई टेवा दिने खालका टार वा साना सिँचाई आयोजनाहरू ।

५. क्षेत्रीय सन्तुलनको दृष्टिकोणबाट उपयुक्त बृहद् आयोजनाहरू ।

(घ) **लक्ष्य:–**

पाँचौ योजनाकालमा सम्पन्न हुने बृहद् आयोजना, साना आयोजना, टचूवेल किसानाहरूको कुलोहरूको सुधारबाट हुन आउने थप सुविधा समेत गरी हालसम्म यकीन हुन सकेका सबै आयोजनाहरूबाट जम्मा १,४६,००० हेक्टरमा थप सिँचाई सुविधा उपलब्ध गराइनेछ र यस बाहेक केही आयोजनाको निर्माण कार्य पनि चालू रहने छन् । सम्पन्न आयोजनाबाट उपलब्ध हुने सिँचाई सुविधाको विवरण आयोजनाको किसिम अनुसार तल प्रस्तुत गरिएको छ:–

१.	बृहद् सिँचाई आयोजना	१२४२६४ हेक्ट
२.	साना सिँचाई आयोजना	४३१६ हेक्टर
३.	टचूवेल सिँचाई आयोजना	१६४२० हेक्टर
४.	कृषकको कुलो सुधार आयोजना	१००० हेक्टर
	जम्मा:	१४६००० हेक्टर

(ङ) **सिचाई विकास कार्यक्रम:–**

पाँचौ ओजनामा सञ्चालना गरिने सिँचाई विकास कार्यक्रमलाई निम्न अनुसा विभाजन गरिएको छ

क. बृहद् सिँचाई आयोजना निर्माण,

ख. साना सिँचाई आयोजना निर्माण,

ग. टचयूवेल सिँचाई आयोजना निर्माण,

घ. जनताबाट निर्मित आयोजनाको सुधार नवीकरण र विस्तार,

ङ. पुराना आयोजनाको सुधार नवीकरण,

च. आयोजना संभाव्यता अध्ययन तथा विश्लेषण र

छ. जलवायू तथा हावापानी अध्ययन तथा विश्लेषण ।

विभिन्न उप–शीर्षक अन्तर्गत पर्ने आयोजनाहरूको छोटकी विवरण तल प्रस्तुत गरिएको छ ।

(च) **बृहद् सिचाई आयोजना निर्माण:–**

१. **महाकाली सिचाई आयोजना, दोस्रो चरण (कञ्चनपुर):–**

भारत सरकारसँग भएको सम्झौता अनुसार भारतले महाकालीमा बनाएको ब्यारेजबाट नेपालको लागि ४६० देखि १०००० क्यू. सेक सम्म पानी उपलब्ध गराउने र त्यसको लागि १००० क्यू. सेक क्षमता भएको हेड रेगुलेटर बनाई दिने व्यवस्था छ । नेपालले आफ्नो क्षेत्रमा नहर प्रणाली बनाउनु पर्ने व्यवस्था भए अनुसार २०२७/२८ साल देखि अवधिमा पूरा हुनेछ र यसबाट ५,००० हेक्टरमा सिँचाई सुविधा उपलब्ध हुनेछ । दोस्रो चरणको कामबाट ७,००० हेक्टरमा थप सिँचाई हुनेछ । उक्त दोस्रो चरणको काम आयोजनाको अन्त्यसम्ममा पुरा हुनेछ ।

२. **चौर जहारी सिचाई आयोजना (रूकुम) :–**

आ.व. २०२७/२८ मा यो आयोजना प्रारम्भ हुँदा २५० हेक्टरमा सिँचाई सुविधा पुऱ्याउने लक्ष्य रहेको थियो तर यसमा केही संशोधन गरी यसबाट ४०० हेक्टर सिँचाई हुने गरी निर्माण भई रहेको छ । चौथो योजनाको अन्तिम वर्षमा यस आयोजनको ८० प्रतिशत काम पूरा हुनेछ र बाँकी काम पाँचौ योजनाको पहिलो वर्षमा पूरा गरी आयोजना सम्पन्न गरिनेछ ।

३. **गण्डक पश्चिम नहर (नवलपरासी र रूपन्देही):–**

यो आयोजना चौथो योजनाको दोस्रो वर्ष सम्ममा पूरा हुनु पर्ने थियो तर यसको लागि चाहिने व्यवस्था टुङ्गो लागि नसकेकोले चौथो योजनाकालमा काम प्रारम्भ नै हुन सकेन् । हाल यस सम्बन्धमा पुनः वार्ता भई रहेको छ । संशोधन लक्ष्य अनुसार नवलवरासी र रूपन्देही जिल्लाको २८,००० हेक्टरमा सिँचाई हुने यस आयोजनाको शतप्रतिशत काम पाँचौ योजना कालमा पूरा हुनेछ ।

४. **वाण गङ्गा सिचाई आयोजना (कपिलवस्तु):–**

जगदीशपुर रिजरम्वायरको माध्यमबाट पहिले देखिनै वाण-गङ्गा नदीबाट सिँचाई हुने गरेको थियो । वर्तमान आयोजना अन्तर्गत वाण गङ्गा कैला नदीको दोभान भन्दा केही तलबाट एउटा मुख्य नहर रिजरम्वयारमा लगी रिजरभ्वायबाट दुई मुल द्वारा ६,००० हेक्टरमा सिँचाई सुविधा उपलब्ध गराइने छ । चौथो योजनाको अन्त्य सम्ममा यस आयोजनाको ५० प्रतिशत निर्माण कार्य पूरा भई सक्ने अनुमान गरिएको छ । बाँकी काम पाँचौ योजनाको दोस्रो वर्ष सम्ममा पूरा गरी आयोजना सम्पन्न गरिनेछ ।

५. **चापाकोट (स्याङ्जा):–**

दासिङ्गको ज्ञादी खोलामा हेड वर्क्स बनाई करीब ३२ किलोमीटर लामो नहर, बनाई चापाकोट टार र अन्य टारहरू समेत गरी जम्मा २,००० हेक्टर जमीनमा सिँचाई सुविधा उपलब्ध गराइने कार्यक्रम रहेको छ । यो आयोजना आ.व. २०२६ /२७ मै प्रारम्भ भएको हो र चौथो योजनाको दोस्रो वर्षमा पूरा हुनु पर्ने भए तापनि पहाडी क्षेत्रमा पहिलो पल्ट यसरी बृहत रूपमा सिँचाई आयोजनाको निर्माण कार्य भएकोले चाहिने प्राविधिक सघाउन नहुँदा निर्धारित लक्ष्य अनुसार कार्य सम्पन्न हुन नसकेकोले हाल सम्म भएको वास्तविक प्रगतिलाई ध्यान राखी पाँचौ योजनाकालमा पूर्ण रूपले सम्पन्न गर्ने निर्धारित गरिएको छ ।

६. **फेवाताल बाँध निर्माण आयोजना (काश्की):–**

सिँचाई र विद्युत शक्तिको उपयोगमा आई रहेको पोखराको बाँध भत्किएकोले यसलाई पुनः निर्माण गरी दुवै कार्यको निमित्त पानी यथावत उपलब्ध गराउने गरी आयोजना तर्जुमा गएिको छ । चौथो योजनाको अन्तिम वर्ष त्यस क्षेत्रको विशेष रूपले भूगर्भ विश्लेषणको कार्य गर्ने र तदनुरूप डिजाइनहरू तयार गर्ने कार्य सञ्चालन गरी पाँचौ योजनाको पहिलो र दोस्रो वर्षमा निर्माण गरी आयोजना सम्पन्न गरिनेछ । यसबाट ३२० हेक्टर भूमिको निमित्त सिँचाई सुविधा उपलब्ध हुनेछ ।

७. **कमला सिचाई आयोजना (धनुषा, सिराहा):–**

प्रारम्भिक अध्ययन अनुसार कमला नदीबाट धनुषा र सिराहा गरेर जम्मा ९६,००० हेक्ट भूमिमा सिँचाई गर्ने ३०,००० कि.वा. विद्युत शक्ति उत्पादन गर्ने संभावना देखिएको छ । आयोजनाको पहिलो चरणमा दुवै जिल्लाको २८,००० हेक्टर क्षेत्रमा ढाक्ने र जम्मा २१,६०० हेक्टर खूद वाली क्षेत्रमा सिँचाई सुविधा उपलब्ध हुने गरी कार्यक्रम सञ्चालन गरिँदै छ ।

२०१८/ १९ साल तिर यसको निर्माण कार्य प्रारम्भ भई केही काम समेत भई सकेको भए तापनि कतिपय कारणले बीचैमा आयोजना स्थगित रहेको थियो । चौथो योजनाको अन्त्य तिर पुनः कार्यक्रम प्रारम्भ गरिएको छ र चौथो योजना काल मै लगभग २० प्रतिशत काम पूरा गरिने अनुमान छ । पाँचौ योजनाकालको अन्तिम वर्षमा आयोजनाको प्रथम चरणको काम सम्पन्न गरिनेछ ।

८. **चितवन सिँचाई आयोजना (चितवन)–**

यस आयोजना अन्तर्गत मुख्य तीन काम पर्दछन् नारायणी नदीबाट पम्प गरी पानी उकाल्ने, लोथर नदीमा ब्यारेज बनाउने र वर्तमान खगेरी सिँचाई आयोजनालाई विस्तार गर्ने । यी तीनै स्रोतबाट चितवन उपत्यकाको ११,१०० हेक्टर थप जमीनमा सिँचाई सुविधा उपलब्ध हुनेछ । चौथोयोजना कालमा कामको प्रारम्भ भई सकेको भएतापनि पाँचौ योजनाको अन्तिम वर्षमा मात्र यो आयोजना सम्पन्न हुनेछ । यस आयोजनालाई एशियाली विकास बैङ्कबाट ऋण सहायता प्राप्त भएको छ ।

९. **नारायणी अञ्चल सघन सिँचाई आयोजना (बारा, पर्सा):–**

गण्डक पूर्वी नहरको नेपाली क्षेत्र भित्रको काम र उक्त नहरले नढाकिएको भूभागमा निर्माण गरिने टचूवेलको कामलाई समेत मिलाई यो आयोजना सञ्चालन भई रहेको छ । आयोजना अन्तर्गत कूलो, कुलेसो आदि निर्माण गरिनुका साथै आयोजना क्षेत्र भित्र पानीको समुचित उपयोग र सघन कृषि विकास कार्यक्रम समेत सञ्चालन गरिने छ । आयोजना सम्पन्न भएपछि वारा र पर्साको ३१,४३० हेक्टर भूमिमा साल र भेरी नै सिँचाई सुविधा उपलब्ध हुने छ । चौथो योजनाकालमै यस अध्ये २,००० हेक्टरमा सिँचाई उपलब्ध भई सक्ने भएकोले पाँचौ

योजनाको लक्ष्यमा २९,४३० हेक्टर मात्र राखिएको छ । पाँचौ योजना अवधिमा यो आयोजना सम्पन्न हुने छ । यस आयोजनालाई विश्व बैङ्कबाट ऋण सहायता प्राप्त भएको छ ।

१०. **बट्टार सिँचाई आयोजना (नुवाकोट):–**

यस आयोजना अन्तर्गत त्रिशूली नदीबाट पानी पम्प गरी बट्टार क्षेत्रको जम्मा ५०० हेक्टर भूमिमा साल भरीनै सिँचाई सुविधा उपलब्ध गराइनेछ । यस आयोजनाबाट चौथो योजनाको अन्त्य सम्ममा ८६ हेक्टरमा सिँचाई उपलब्ध हुनेछ बाँकी पाँचौयोजनाको चौथो वर्ष सम्मा पूरा हुनेछ ।

११. **मनुष्मासा (दोस्रो चरण) सिचाई आयोजना (रौतहट):–**

वर्तमान अनुष्माा सिचाई आयोजनाको दक्षिण तर्फको पटनी गर्न दोस्रो चरणको आयोजना समावेश गरिएको छ । प्रस्तावित आयोजनाबाट २००० हेक्टर थप भूमिमा सिँचाई सुविधा उपलब्ध हुनेछ । यो आयोजना पाँचौ योजनाको चौथो वर्ष सम्मा पूरा हुनेछ ।

१२. **कोशी पश्चिम नहर (सप्तरी):–**

यस आयोजना अन्तर्गत कोशी व्यारेजबाट निकालिने पश्चिमी नहरबाट नेपाललाई प्राप्त हुने भागको वितरण प्रणालीका काम उक्त नहर भन्दा उपल्लो भागमा कोशीबाट नै पम्प गरी पानी वितण गर्ने काम र साविकको चन्द्र नहर प्रणालीको सिँचाई क्षमतामा विस्ता गर्ने काम पर्दछन् । यी तीनै कामबाट क्रमशः १३,००० हेक्टर, १२,००० हेक्टर र ४,००० गरी जम्मा २९,००० हेक्जर जमीन ढाकिने भएतापनि यसबाट क्रमशः १०,००० हेक्टर, ९,००० हेक्टर र ३,००० हेक्टर गरी जम्मा २२,००० हेक्टरमा सिचाई सुधिधा उपलब्ध हुन सक्नेछ । आयोजनाको निर्माण कार्य पाँचौ योजनाको दोस्रो वर्षदेखि प्रारम्भ हुनेछ र योजना कालमा ४० प्रतिशत काम पूरा भई ११,००० हेक्टर भूमिमा मात्र सिँचाई सुविधा उपलब्ध हुनेछ।

१३. **कन्काई सिँचाइ आयोजना (झापा)**

वतैमान प्रथम चरणको निर्माण कार्य अनतगृत कन्काईमा व्यारेज बनाई पश्चिमी किनार पट्टी नहर बनाईनेछ । यसबाट ८,००० हेक्टर जमीन ढाकिनेछ र खुद ५,००० हेक्टर जमीनमा सिँचाई हुनेछ । यस आयोजनाको केहि काम चौथो योजना अवधिमा नै पूरा हुनेछ र पाँचौ योजनाको तेस्रो वर्षमा आयोजना सम्पन्न गरिनेछ । यस आयोजनालाई इशियाली विकास बैङ्कबाट अण सहायता प्राप्त भएको छ ।

१४. **कञ्चलन दानब सिँचाइ आयोजना (रूपन्देही):–**

रूपन्देही जिल्लाको पश्चिमी भागमा बग्ने कञ्चन दानव नदीबाट यस जिल्लाको लगभग १०,००० हेक्टर भूमिमा सिँचाई सुविधा उपलब्ध गराउने गरी यस आयोजनाको तर्जुमा गरिएको छ । पाँचौ योजनाको अधिकतम कार्यक्रम अन्तर्गत यस आयोजनाको निर्माण कार्य समावेश गरिएको छ ।

(छ) **साना सिँचाई आयोजनाः–**

बिगत योजनाह देखिनै साना सिँचाई आयोजनाको निर्माणमा विशेष जोड दिइँदै आएको हो । तर अधिकांश आयोजना, विशेषतः पहाडी प्रदेशमा पर्ने आयोजनाहको हकमा चाँहिदो मात्रामा संभाव्यता अध्ययन पूरा नगरी निर्मण कार्य सञ्चालन गरियबाट धेरै जसोको निर्माण क्रममा नै असंभाव्य वा प्रारंभिक लगत अनुमानको धेरै गुणा बढी खर्च देखिन आएको छ । त्यसैले पाँचौयोजनाकालमा सञ्चालन गरिने हुने पनि साना आयोजनाको पहिले नै विस्तृत छानबीन र संभाव्यता अध्ययन पूरा नगरी निर्माण प्रारम्भ गरिने छैन । अध्ययन पूरा भएका र संभाव्य ठहरिएका आयोजनाहरूलाई मात्र बार्षिक योजनामा समावेश गर्दै निर्माण गर्ने सामान्य नीति अपनाइएको छ ।

पाँचौ योजनामा समावेश गरिएका केही साना सिँचाई आयोजनाह चौथो योजना कालमा नै सम्पन्न गर्ने हिसाबले राखिएका थिए, तर पछि यस्ता आयोजनाको लागतमा र कतै कतै त डिजाइनमा नै आमूल फरक देखिएकोले तिनीहरूलाई पुनः अध्ययन गरी पाँचौ योजनामा समावेश गरिएको छ । पाँचौ योजनामा निर्माण गरी अन्य आयोजनाको हकमा पछि संभाव्यता अध्ययनको आधारमा खास खासओजनाहरू वार्षिक योजनाको माध्यमबाट यकिन गरिने भएकोले पाँचौ योजनामा यस्ता आयोजनाहरूको एक मुष्ट लक्ष्य मात्र निर्धारित गरिएको छ ।

तराई प्रदेशमा बृहद् सिँचाई आयोजना टचूवेल सिँचाई आयोजना संचालन गर्ने संभावना भएको र यस्ता आयोजना अधिकाधिक मात्रामा समावेश समेत गरिएकोले साना र मझौला खालका आयोजना विशेष गरे पहाडी भेग र टाहरूमा नै केन्द्रीत गर्ने सामान्य नीति लिइएको छ तापनि उपयुक्तताको आधामा अन्य स्थानमा पनि साना सिँचाई आयोजना सञ्चालन गर्न सकिनेछ । पाँचौ योजनाकालमा सबै विकासक्षेत्रमा गरी न्यूनतम कार्यक्रम अन्तर्गत

जम्मा ४३१६ हेक्टर भूमिमा साना सिँचाई आयोजनाबाट सिँचाई उपलब्ध गराइने लक्ष्य राखिएको छ । यस उप–शीर्षक अन्तर्गत यकीन भईसकेका र चालू आयोजनाहरूको विवरण तल प्रस्तुत गरिएको छ:–

१. **हाडेटार सिँचाइ आयोजना** (लमजुङ्ग):–

यो आयोजना लमजुङ्ग जिल्लाको मानचोका गाउँ पश्चिम पर्दछ । आयोजना अन्तगृत पाउँदी खोलाको पुरन्देही भन्ने ठाउम्मा हेड वक्स बनाई दायाँबायाँ करीब १० कि.मी. कुलो निकाले यस क्षेत्रको २०० हेक्टर जमीनमा सिँचाई सुविधा उपलब्ध गराउने लक्ष्य राखिएको छ । यसको निर्माण चौथो योजनामा नै ४० प्रतिशत पूरा हुनेछ र बाँकी ६० प्रतिशत मात्र पाँचौ योजनाको दोस्रो वर्षमा पूरा हुनेछ ।

२. रम्घाटा (लमजुङ्ग):–यस आयोजना अन्तर्गत लमजुङ्गको रिस्ती खोलामा हेड वर्क्स बनाई ४० क्यू. सेक. पानी निकालिनेछ र नहरबाट २४४ हेक्टरमा सिँचाई गरिनेछ । यसको निर्माण पनि चौथो योजनाकालमा ५० प्रतिशत पूरा हुने छ र बाँकी काम पाँचौ योजनाको दोस्रो वर्षमा पूरा हुनेछ ।

३. काठेपुल (बाग्लुङ्ग):– काठेखोलामा हेड वर्क्स बनाई ४६६ हेक्टरमा सिँचाई गर्ने यस आयोजनाको ३० प्रतिशत निर्माण कार्य चौथो योजनाको अन्त्य सम्ममा पूरा हुनेछ । पाँचौयोजनाको दोस्रो वर्षमा पूरा कार्य सम्पन्न हुनेछ ।

४. डेडगाउँटार: (पाल्पा):– यो आयोजना ०२४/२५ मै प्रारम्भ भई आयोजना सम्पन्न समेत भएको हो त २०३० सालको बाढीले आयोजना ध्वस्त भएकोले यसलाई पुन: निर्माण गरिदैछ । यो आयोजना सम्पन्न भएपछि २०० हेक्टर भूमिमा सिँचाई सुविधा उपलब्ध हुनेछ । यो आयोजना चौथो योजनाकालमा ७०प्रतिशत पूरा हुनेछ र पाँचौ योजनाको पहिलो वर्षमा पूर्ण रूपले सम्पन्न हुनेछ ।

५. कञ्चनिया (कपलिवस्तु):– यो आयोजनाबाट कपिलवस्तुको ४०० हेक्टरमा सिँचाई सुविधा उपलब्ध हुनेछ । पाँचो योजनाको दोस्रो वर्षमा यो आयोजना सम्पन्न हुनेछ ।

६. अन्य पहाडी सिँचाई आयोजना: हाल विदेशी विशेषज्ञहरूबाट निम्न लिखित १२ वटा पहाडी टारहरूको संभाव्यता अध्ययन भईरहेको छ । यस बाहेक पाँचौ योजनामा अवधिमा पनि केहि अन्य साना सिँचाई आयोजनाहको संभाव्यता अध्ययन हुनेछ । यी आयोजनाहरूबाट उपयुक्त ठहरिएका आयोजनाहरूको निर्माण कार्य गरिनेछ । यस्ता आयोजनाबाट पाँचौ योजनाकालमा २८०६ हेक्टर भूमिमा सिँचाई सुविधा उपलब्ध गराइनेछ ।

१. रावतकोट (दैलेख) (२). भेलुकुलो (मुगु) (३) वुलिंटार (पाल्पा)
(४) रामपुरटार (पाल्पा) (५) अत्रौलीटार (लमजुङ्ग)(६) भोर्लेटार (तनहुँ)
(७) रागीनासटार (लमजुङ्ग) (८) भंसारटार (तनहुँ) (९) खैरेनीटा (तनहुँ)
(१०) सल्यानटार (धादिङ) (११) सेरावरी (नुवाकोट) (१२) तुम्लिंटार (संखुवासभा)

७. तराई र पहाडमा खाना सिँचाई:– उपरोक्त न्यूनतम कार्यक्रममा अतिरिक्त तराई पहाडी क्षेत्रमा थप सिँचाई सुविधा पुऱ्याउने उद्देश्यले अधिकतम कार्यक्रमको रूपामा यस आयोजनालाई समावेश गरिएको हो । तर पाँचौ योजना अन्तर्गत कृषि क्षेत्रको निर्धारित भौतिक लक्ष्यहरू पूरा गर्न चाहिने सिँचाई सुविधा न्यूनतम कार्यक्रम अन्तर्गतका आयोजनाहरूबाट नै प्राप्त गर्ने गरी कार्यक्रम निर्धारित गरिएको छ ।

८. पहाडी टार सिँचाई (लिफ्ट):– न्यूनतम कार्यक्रम अन्तर्गत निर्धारित दुई आयोजनाहरू (बट्टार चितौन सिँचाई आयोजनहरू) बाट लिफ्ट सिँचाई बारे प्राविधिक तथा व्यवहारिक ज्ञान हासिल हुने भएकोले ती आयोजनाहरूबाट प्राप्त हुने अनुभवको आधारमा विशेषत: पहाडका अन्य टारहरूका लिफ्ट सिचाई प्रणाली विकास गर्ने उद्देश्यले यो आयोजना अधिकतम कार्यक्रम समावेश गरिएको छ ।

(ज) **टचूवेल सिँचाई आयोजना निर्माण**:–

सतह जलस्रोत सिंचाइ हुन नसक्ने र भू–भर्गीय जल स्रोत संभव भएका क्षेत्रमा टचूवेल सिँचाईको विकास आवश्यक हुन्छ । विगत वर्षहरूमा पश्चिमी तराई प्रदेशमा भएको सघन परीक्षणको आधारमा रूपन्देही जिल्लामा, यस्तो जल स्रोतको प्रशस्त भण्डार पाइएको छ र कैलानी र कञ्चनपुरमा पनि प्रशस्त आर्टिजन जल स्रोत पाइएको छ । पाँचौ योजना कालमा धनुषामा ४२० हेक्टरमा, रूपन्देहीमा जम्मा ८,००० हेक्टरमा कैलानी र कञ्चनपुरमा ८,००० हेक्टर गरी जम्मा १६,४२० हेक्टर भूमिमा टचूवेल सिँचाई सुविधा पुऱ्याउने लक्ष्य राखिएको छ । धनुषा टचूवेलको काम जनकपुर कृषि विकास आयोजनाबाट हुनेछ । यस बाहेक वारा, पर्सामा नारायणी सिँचाई विकास अन्तर्गत पनि २७३० हेक्टरमा टचूववेल सिँचाई हुनेछ, त यसलाई नाायणी अञ्चल सिँचाई विकास अन्तर्गत नै समावेश गरिएकोले यहा छुट्टै देखाइएको छैन । विगत वर्षहरूको अनुभववाट सहत सिँचाई आयोजनाह सम्पन्न गर्न

निकै समय लाग्ने देखिएकोले छोटो अवधिमा नै कृषि विकासको लागि चाहिने सिँचाई सुविधा पुऱ्याउने वैकल्पिक सोतको रूपमा भूमिगत जलस्रोतको विकास विस्तृत रूपमा हुनु जरुरी देखिन्छ । यस कारण अधिकतम कार्यक्रमको रूपमा टचूववेल सिँचाई विस्तृत गर्ने उद्देश्यले ठूलो रकम छुटचाइएको छ ।

(झ) गैर सरकारी क्षेत्रमा सार्वजनिक सुधार–विस्ता:–

अधिराज्यको सबै प्रदेश र क्षेत्रमा जस्ता आफैले पनि साना ठूलो बाँध, कुलो कुलेसा आदि निर्माण गरी सिँचाई गर्दै आएका छन् र कतिपय यस्ता आयोजनाहरू पूराना भई वा पर्याप्त स्याहार सम्भार नहुँदा चुहावट भई पानी खेर जाने गरेको पाइएका छन् । यसै गरी कुनै स्थानमा सानातिना कठिनाईले कुलोहरूको विस्तार कार्य रोकिएको पनि पाइएको छ । यस्तो अवस्थामा सरकारी स्तरबाट केही मात्रामा प्राविधिक सहयोग र निर्माण सामग्रीको सहायता भएमा त्यस्ता कुला–बाँधको क्षमतामा पनि अप्रत्याशित बृद्धि हुने देखिएको छ । यीनै कुराको परिप्रेक्षमा पाँचौ योजनमा यस्ता कुला–बाँधको पनि सुधार भई कम्तिमा पनि १,००० हेक्टरमा थप सिँचाई सुविधा उपलब्ध गराउने न्यूनतम कार्यक्रम रहेको छ । यसबाट प्राप्त हुने अनुभवको आधारमा अधिकतम कार्यक्रमको रूपमा अझ विस्तृत रूपले यस्ता सुधार र विस्तार कार्य सञ्चालन गर्ने लक्ष्य रहेको छ ।

(ञ) पुराना आयोजनाको सुधार तथा नवीकरण:–

यस कार्यक्रम अन्तर्गत पहिले सम्पन्न भई सकेका सरकाी स्तका आयोजनाहरू मर्मत, नवीकण र सम्भाव्य स्थानमा क्षमता विस्तार गर्ने काम समेत गर्दछन् । आयोजनाहको स्थिति हेरी प्रत्येक वर्ष सुधार गरिनु पर्ने आयोजनाहको छनौट गरी सोही अुनसा वार्षिक योजनामा आवश्यक व्यवस्था गरी नवीकरण विस्तार कार्य सम्पन्न गरिनेछ ।

(ट) अनुसन्धान, सम्भाव्यता अध्ययन:–

सिँचाई विकासको निमित्त गरिने अनुसन्धान, अध्ययन र विश्लेषण कार्य अन्तर्गत पाँचौ योजनाकालमा निम्न लिखित कार्यहरू गरिनेछन् ।

१. सम्भाव्यता अध्ययन

पाँचौ योजनाकाल मै सञ्चालन गरिने र पछिको योजनाहरूमा समेत सञ्चालन गरिने आयोजनाको विस्तृत रूपले सम्भाव्यता अध्ययन गरिनेछ र आवश्यक डिजाईन, खर्चको अनुमान आदि सबै काम पूरा गरिनेछ । योजना अवधिमा बृहद् सिँचाई आयोजना तर्फ पहिलो वर्ष देखि नै वागमती सिँचाई आयोजनाको सम्भाव्यतमा अध्ययन गरी प्रतिवेदन तयार गनिछ । यस बाहेक पश्चिम राप्ती, बबई कन्काई (दोस्रो चरण)को पनि पूर्ण रूपमा प्रतिवेदन तयार गरिनेछ ।

साना सिँचाई तर्फ प्रत्येक वर्ष ३०/३५ वटा आयोजनाको छनौट गरी प्रारम्भिक अध्ययन गरिनेछ र प्रारम्भिक तहमा उपयुक्त देखिएको आयोजनाहरूको मात्र विस्तृत रूपले सम्भाव्यता अध्ययन छ । यसबाट करिब ५०–६० वटा उपयुक्त आयोजनाहरूको प्राप्त हुने अनुमान छ ।

त्यस्तै, नेपालको पश्चिम तराई भागमा भूमिगत जल स्रोत सर्वेक्षण पूरा भई सकेकोले पाँचौ योजनाकालमा मध्य र पूर्वी तराईको क्षेत्रमा भूमिगत जल स्रोत सर्वेक्षण कार्य सम्पन्न गरिनेछ ।

२. प्रयोगशाला निर्माण:–

हालसम्म सञ्चालित सबै आयोजनाको डिजाई सैद्धान्तिक आधारमा मात्र सिमित रहेको र यसमा नेपालको स्थानीय भौगर्भिक स्थितिसँग मिल्ने गरी यसमा सुधार हुन नसकेकोले कतिपय कठिनाई परी रहेको अनुभव छ । यसै गरी प्रचलित प्रविधिबाट स्थानीय निर्माण सामग्री जस्तै : चून, ढुङ्गा आदिको उपयोग गर्ने सम्भावना नभएकोले यस तर्फ पनि उचित अनुसन्धान हुनु आवश्यक छ । पाँचौ योजनाकालमा स्थानीय निर्माण सामग्रीको शक्ति परिक्षण गर्ने र स्थानीय भौगर्भिक समस्या अनुकूल डिजाइन तयार गर्नको निमित्त अधिकतम कार्यक्रम अन्तर्गत आवश्यक हाइड्रोलिक तथा निर्माण सामग्री प्रयोगशाला स्थापना गर्ने लक्ष्य राखिएको छ ।

(ठ) जल स्रोत तथा हावापानी अध्ययन:–

पाँचौ योजना कालमा जल स्रोत कार्य तर्फ थप ७५ वटा नयाँ जल स्थिति मापक केन्द्रहरूको निर्माण गर्ने तर्फ ४० वटा तार मार्गहरूको निर्माण, २० वटा स्वचालित जल स्थिति मापक केन्द्रहरूको निर्माण गर्ने तथा २० वटा अन्य थप थिग्रेनी नमूना सङ्कलन केन्द्रहरूको निर्माण स्थापना गर्ने लक्ष्य राखिएको छ ।

यसै गरी हावापानी तर्फ ३७ वटा वर्षा मापक केन्द्रहरू २० वटा स्वचालित वर्षा मापक केन्द्रहरू ४ वटा सिनप्टिक केन्द्रहरू, ३ वटा ऐनटिकल केन्द्रहरू, ८ वटा रिपोर्टिङ्ग स्टेसनहरू र १ वटा रेडिएसन केन्द्रको स्थापना गरी

जम्मा ८७ वटा केन्द्रहरूको स्थापना गर्ने लक्ष्य राखिएको छ । वार्षिक पुस्तिका "क्लाइमेटोलजिकल रेकर्डस् अफ नेपाल" ५ वटा र क्लाइमेटोलजिकल नामको मासिक बुलेटिन ६० वटा पनि यस आयोजनाकालमा प्रकाशन गरिनेछ ।

यस आयोजनाको सञ्चालनमा संयुक्त राष्ट्र विकास कोषबाट सहयोग प्राप्त हुनेछ ।

(ङ) **खर्चको विवरण:–**

पाँचौ योजना अन्तर्गत सिँचाई जलस्रोत तथा जलवायु विकासको निमित्त माथि उल्लेख गरिएका कार्यक्रम सञ्चालन गर्न चाहिने खर्चको विवरण तल प्रस्तुत गरिएको छ ।

खर्च रु. हजारमा

सि.नं.	कार्यक्रम	न्यूनतम कार्यक्रमको लागि रकम	अधिकतम कार्यक्रमको लागि थप रकम
१.	बृहद् सिँचाई आयोजना	५२,७२,३१	१,००,००
२.	साना सिँचाई आयोजना	३,२३,८४	८,५०,००
३.	टचूवेल सिँचाई आयोजना	७,२०,००	८,००,००
४.	गैर सरकारी क्षेत्रका सार्वजनिक कुलो सुधार र विस्ता आयोजना	१८,००	२,००,००
५.	पुरानो आयोजनाहको सुधा तथा नविकण	१,७८,२०	
६.	अनुसन्धान तथा सम्भाव्यता अध्ययन	३,६२,१५	१,२६,००
७.	जलस्रोत तथा हावपानी विज्ञान	१,९३,५०	
	जम्मा:	७०,६८,००	२०,७६,००
	कूल जम्मा:	९१,४४,००/–	

अनुसूची

पाँचौ योजना (२०३२– ३७) को कार्यक्रम

सि.नं.	आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य		आयोजनामा लाग्ने खर्च (रु. ०००मा)	कैफिय
क.	बृहद् सिँचाई आयोजना						
१.	महाकाली सिँचाई (दोस्रो)	कञ्चनपुर	प्रस्तावित	७०००	हेक्टरमा सिँचाई सुविधा हुने गरी आयोजना सम्पन्न गर्ने	१,२७,४८	
२.	चौरजहारी सिँचाई	रुकुम	चालू	४००	,, ,,	३,७१	
३.	गण्डक पश्चिम नहर	नवलपरासी रूपन्देही	प्रस्तावित	२८०००	,, ,,	६,३०,००	
४.	वाण गंगा सिँचाई	कपलिवस्तु	चालू	६०००	,, ,,	८०,३७	
५.	चापाकोट टार सिँचाई	स्याङजा	चालू	२०००	,, ,,	२,८६,७०	
६.	फेवाताल बाँध	कास्की	चालू	३२०	,, ,,	१,३५,००	
७.	कमला सिँचाई	धनुषा र सिराहा	चालू	२१६००	,, ,,	७,६८,६०	
८.	चितवन सिँचाई	चितवन	चालू	१११००	,, ,,	१०,२६,४५	
९.	नारायणी अञ्चल सघन सिँचाई	वारा, पर्सा	चालू	२९४३०	,, ,,	७,२०,००	
१०.	वट्टार सिँचाई	नुवाकोट	चालू	४१४	,, ,,	९०,००	
११.	मनुषमारा सिँचाई (दोस्रो चरण)	रौतहट	प्रस्तावित	२००	,, ,,	५४,००	
१२.	कोशी पश्चिम नहर	सप्तरी	प्रस्तावित	१. सम्पूर्ण कामको ४० प्रतिशत काम पूरा गर्ने		९,९०,००	
				२. जम्मा २२०० हेक्टर मध्ये ११००० हेक्टरमा सिँचाई सुविधा पुऱ्याउने			
१३.	कन्काई सिँचाई	झापा	चालू	५००	हेक्टरमा सिँचाई सुविधा हुने गरी आयोजना सम्पन्न गर्ने ।	३,६०,००	
१४.	कन्चनदानव सिँचाई	रूपन्देही	प्रस्तावित	१००००	हेक्टरमा सिँचाई सुविधा पुऱ्याउने आयोजनाको सम्पूर्ण कार्यको ३५ प्रतिशत भाग पूरा गर्ने ।	१,००,००	
ख.	साना सिँचाई आयोजना						

१.	हाडेटार	जमजुङ्ग	चालू	२००	हेक्टरमा सिँचाई सुविधा हुने गरी आयोजना सम्पन्न गर्ने ।	१०,२६	
२.	रम्घाटार	जमजुङ्ग	चालू	२४४४	हेक्टरमा सिँचाई सुविधा हुने गरी आयोजना सम्पन्न गर्ने ।	१२,९०	
३.	काठेकुलो	बागलुङ्ग	चालु	४६६	हेक्टरमा सिँचाई सुविधा हुने गरी आयोजना सम्पन्न गर्ने ।	१७,१४	
४.	डेडगाउँ टार	पाल्पा	चालू	२००	हेक्टरमा सिँचाई सुविधा हुने गरी आयोजना सम्पन्न गर्ने ।	३,६४	
५.	कञ्चनिया	कपिलवस्तु	प्रस्तावित	४००	हेक्टरमा सिँचाई सुविधा हुने गरी आयोजना सम्पन्न गर्ने ।	९,००	
६.	अन्य पहाडी सिँचाई	विभिन्न स्थान	प्रस्तावित	२८०६	हेक्टरमा सिँचाई सुविधा हुने गरी आयोजना सम्पन्न गर्ने ।	२,७०,९०	
७.	तराई पहाडमा साना सिँचाई	विभिन्न स्थान	प्रस्तावित		–	३,५०,००	
८.	पहाडीटा सिँचाई (लिफ्ट)	विभिन्न स्थान	प्रस्तावित		–	५,००,००	
ग.	टचूवेल सिँचाई निर्माण आयोजना						
१.	धनुषा	धनुषा	प्रस्तावित	४२०	हेक्टरमा सिँचाई सुविधा हुने गरी आयोजना सम्पन्न गर्ने ।	–	यसमा लाग्ने खर्च जनकपुर, कृषि विकास योजनाबाट व्यहारिनेछ ।
२.	रूपन्देही	रूपन्देही	प्रस्तावित	८००	हेक्टरमा सिँचाई सुविधा हुने गरी आयोजना सम्पन्न गर्ने ।	३,६०,००	
३.	कैलाली कञ्चनपुर	कैलाली र कञ्चनपुर	प्रस्तावित	८०००	हेक्टरमा सिँचाई सुविधा हुने गरी आयोजना सम्पन्न गर्ने ।	३,६०,००	

४.	अन्य टचूवेल सिँचाई	विभिन्न स्थान	प्रस्तावित		–	८,००,०००	
घ.	गैर सरकारी क्षेत्रका सार्वजनिक कुलो सुधार विस्ता आयोजना	विभिन्न स्थान	प्रस्तावित		सुधार विस्ताबाट १,००० हेक्टरमा थप सिँचाई सुविधा उपलब्ध गर्ने	१८,००	
ङ.	गैर सरकारी क्षेत्रका सार्वजनिक कुलो सुधार विस्ता आयोजना	विभिन्न स्थान	प्रस्तावित		–	२,००,००	
च.	पुरानो आयोजनाहको सुधार तथा नविकण				आयोजनाहरूको स्थिति हेरी प्रत्येक वर्ष नविकरण, सुधार र विस्तार गर्ने	१,७८,२०	
छ.	अनुसन्धान तथा संभाव्य अध्ययन						
१.	वागमती	रौतहट	प्रस्तावित		संभाव्यता अध्ययन गरी प्रतिवेदन तयार गर्ने	८०,००	
२.	कन्कार्य (द्वितीय चरण)	झापा	प्रस्तावित		संभाव्यता अध्ययन गरी प्रतिवेदन तयार गर्ने	२५,००	
३.	बबई	बाँके	प्रस्तावित		संभाव्यता अध्ययन गरी प्रतिवेदन तयार गर्ने	२५,००	
४.	पश्चिम राप्ती	सुदुर पश्चिम	प्रस्तावित		संभाव्यता अध्ययन गरी प्रतिवेदन तयार गर्ने	२५,००	
५.	साना र मझौला सिँचाई	विभिन्न स्थान	प्रस्तावित		प्रारम्भिक अध्ययन गरी उपयुक्त देखिएमा विस्तृत सम्भाव्यता अध्ययन गर्ने	७०,००	
६.	भूमिगत जलस्रोत	पूर्वाञ्चल मध्यमाञ्चलका तराई क्षेत्र	प्रस्तावित		विस्तृत सर्वेक्षण विश्लेषण गरी प्रतिवेदन तयार गर्ने	१,३७,१५	
७.	कमला (द्वितीय चरण)	धनुषा	प्रस्तावित			२६,००	
८.	प्रयोगशाला निर्माण	काठमाडौं	प्रस्तावित			१,००,००	
ज.	जलस्रोत तथा हावापानी विज्ञान						
१.	जलस्रोत	विभिन्न स्थान	चालू	१.	नयाँ जलस्थिति मापक केन्द्रको निर्माण – ७५ वटा	१,१५,२०	

				२.	तार मार्ग निर्माण–४० वटा		
				३.	स्वचालित जनस्थिति मापक केन्द्रको निर्माण –२० वटा		
				४.	थिग्रेनी नमूना संकलन केन्द्रको स्थापना – २ वटा		
२.	हावापानी विज्ञान	विभिन्न स्थानमा	चालू	१.	वर्षामापक केन्द्रको स्थापना	७८,३०	
				२.	स्वचालित वर्षामापक केन्द्रको स्थापना – २० वटा		
				३.	सिनप्टिक केन्द्रको स्थापना – ४ वटा		
				४.	क्लाइमेटोलजिकल केन्द्रको स्थापना – ५ वटा		
				५.	रिपोर्टिङ्ग केन्द्र स्थापना – ८ वटा		
				६.	रेडिएसन केन्द्र – १ वटा		
				७.	एरोनोटिकल केन्द्र – ३ वटा		
				८.	एग्रोमेट केन्द्र - ५ वटा		
				९.	हिम मापक केन्द्र – ४ वटा		
जम्मा:						**७०,६८,००**	**२०,७६,००**
कूल जम्मा:						**९१,४४,००**	

परिच्छेद – १५
भूमिसुधार, भूमि प्रशासन तथा नापी

(क) **उद्देश्यः–**

पाँचौयोजना अन्तर्गत भूमिसुधा कार्यक्रम निम्न लिखित उद्देश्य अनुप निर्धाति गरिएको छ ।

१. भूमिमा वास्तविक किसानको स्वामित्व क्रमशः कायम गर्ने दिशातर्फ पहिलो चणको रूपमा वास्तविक किसानहरूलाई आफ्नो श्रम र साधनको न्यायोचित फल पाउने स्थिति सुरक्षित गरी उत्पादन कार्यमा किसानालाई प्रोत्साहन दिलाई कृषि उत्पादनमा आवश्यक बृद्धि गर्ने ।

२. कृषि विकासका लागि कृषि ऋण, अनुसन्धान र प्रसार सेवा लगायत अन्य भौतिक र अभौतिक उपकरणहको आवश्यक व्यवस्था भूमिसुधार कार्यक्रमसित समन्वय कायम गरी गर्ने ।

३. कृषि योग्य भूमि तथा कूतको न्यायोचित वितरण व्यवस्थाद्वारा भूमिमा लागेका निस्क्रिय पूँजी र जन भार गैर कृषि क्षेत्रको उत्पादन कार्यमा आकर्षिक तुल्याउने ।

४. देश विकास कार्यक्रमलाई चाहिने बढ्दो विकास सधन जुटाउन कृषि क्षेत्रबाट बढी साधनको परिचालन गर्ने ।

(ख) **नीतिः–**

उपरोक्त उद्देश्यहरू पूरा गर्नका लागि भूमिसुधार कार्यक्रम सम्बन्धी नीति तल लेखिए बमोजिम रहेको छः–

१. कुनै व्यक्ति वा निजको परिवारले जग्गावालको हैसियतले भूमि सम्बन्धी ऐन २०२१ ले राख्न पाउने हदवन्दीसम्मको जग्गामध्ये भित्री मधेश समेत सम्पूर्ण तराई क्षेत्र, काठमाडौं उपत्यका र सम्पूर्ण पहाडी क्षेत्रमा कुनै निश्चित परिमाणसम्को जग्गामा आफले वा आफ्नो परिवारको श्रमबाट खेती गर्न पाउने र अरू बाँकी जग्गाको हकमा अनिवार्य रूपले मोही कायम गरिनु पर्ने, मोही काम नगरिएमा श्री ५ को सरकारले मोही कायम गर्ने वा त्यस्तो जग्गा प्राप्त गरी वितरण गर्ने व्यवस्था गर्ने । तर हाल यसरी आफूले खेती गर्न राख्न पाउने हदसम्मको जग्गा समेतमा मोही लागि सकेको भएमा सो यथावत कायम राख्ने ।

२. भित्री मधेश समेत सम्पूर्ण तराई क्षेत्रमा योजनाको प्रारम्भिक कालदेखिनै र अन्य क्षेत्रमा कित्ता नापीको आधारमा वार्षिक मुख्य वालीको निश्चित कूल कायम गरी ठेककूत व्यवस्था लागू गर्ने ।

३. जग्गावालाले आफ्नो जग्गा कुनै कारणबाट बेचबिखन गर्न चाहेमा त्यस्तो जग्गामा मोही लागेको भए तोकिएको हदसम्मको जग्गा सम्बन्धित मोहीले नै किन्न पाउने व्यवस्था गर्ने ।

४. मोही र जग्गावाला बीच आपसी समझदारीको आधारमा जग्गावालले आफ्नो मोहीलाई जग्गा बेचबिखनगर्न चाहेमा र मोहीले सो किन्न चाहेमा चाहिने ऋण सरकारी संस्थागत माध्यमद्वारा व्यवस्था गर्ने ।

५. मोहियानी हकको सुरक्षा र संरक्षणको लागि थप कदमहरू उठाउने ।

६. हदवन्दी भन्दा बढी र लुकाएको छिपाएको जग्गा सम्पूर्ण रूपले प्राप्त गरी बितरण गर्ने ।

७. स–साना जग्गावाला र मोहीहरूलाई उपयुक्त सहुलियत दर कायम गरी बचतको बढी संभाव्यता भएका जिल्लाहरूबाट अनिवार्य बचत नगदमा उठाउने पुनः बिचार गरी यसको संकलन र बितरण एकै संस्थागतबाट सञ्चालन गराउने ।

८. कृषि विकासको लागि चाहिने ऋण–उपकरण किसानसम्म पुऱ्याउने आधारभूत माध्यमको रूपमा सहकारी संस्थाहरूको विकास गरिनेछ र क्रमशः ग्राम समितिहरूलाई पनि सहकारी संस्थामा परिणत गरिनेछ ।

(ग) प्राथमिकताः–

उरपोक्त उद्देश्य र नीति बमोजिम भूमिसुधार कार्यक्रम निम्नलिखित प्राथमिकताको आधारमा सञ्चालन गरिनेछ :–

(१) पाँचौयो जनाको प्रारम्भिक काल भित्रै अनिवार्य बचतको लेखा परीक्षण तथा पुनर्लेखा सम्बन्धी काम पूर्ण रूपले व्यवस्थित गर्ने ।

(२) कित्ता नापी कार्यलाई तीब्रता गतिले पूरा गर्ने ।

(३) उपरोक्त नीतिलाई कार्यान्वयन गर्न चाहिने कानुनी व्यवस्था पाँचौ योजनाको पहिलो वर्षमा नै सम्पन्न गर्ने ।

(४) उपरोक्त नीतिलाई कार्यान्वयन गर्न चाहिने संस्थागत व्यवस्था पनि पाँचौ योजनाको पहिलो वर्षमा नै पूरा गर्ने ।

(घ) लक्ष्य:–

भूमिसुधार कार्यक्रमको लक्ष्य तल लेखिए बमोजिम निर्धारित गरिएको छ :–

(१) पाँचौ योजनाकालमा कृषि विकासको दृष्टकोणले महत्वपूर्ण सबै जिल्लाहरूमा कित्ता पानी पूरा गर्ने ।

(२) भित्री मधेश लगायत सम्पूर्ण तराई क्षेत्रका साथै भूमिसुधारको दृष्टिकोणले महत्वपूर्ण सम्पूर्ण पहाडी क्षेत्र र काठमाडौं उपत्यकामा माथिको नीति अन्तर्गतको दफा (१) लागू गर्ने ।

(३) भित्री मधेश लगायत सम्पूर्ण तराई क्षेत्रका साथै भूमिसुधारको दृष्टिकोणले महत्वपूर्ण सम्पूर्ण पहाडी क्षेत्र र काठमाडौं उपत्यकामा माथिको नीति अन्तर्गतको दफा (२) लागू गर्ने ।

(४) साधन र व्यवस्थापनको क्षमताले भ्याएसम्म माथिको नीति अन्तर्गतको दफा (४) देशको बढी क्षेत्रमा लागू गर्ने ।

(५) माथिको नीति सम्बन्धी दफा (५) को व्यवस्था योजनाको पहिलो वर्षमा गर्ने ।

(६) अन्य कानुनी व्यवस्था पनि योजनाको पहिलो वर्षमा पूरा गर्ने ।

(७) परिवर्तित पमा बचतको संकलन व्वस्था योजनाको पहिलो वर्षदेखि लागू गर्ने ।

(ङ) भूमिसुधारको कार्यक्रम:

पाँचौ योजनामा कार्यक्रमको रूपमा समावेश गरिनु पर्ने भूमिसुधार कार्यक्रम अन्तर्गत मुख्य रूपले बचत सम्बन्धी कार्यक्रम, मोहियानीहकको संरक्षण सम्बन्धी कार्यक्रम, जग्गाको बिक्री वितरण सम्बन्धी कार्यक्रम, ठेक कूत गर्ने सम्बनधी कार्यक्रम, भूमि प्रशासन सम्बन्धी कार्यक्रम र भूमि सुधारमा अध्ययन, सर्वेक्षण मूल्याङ्कन सम्बन्धी कार्यक्रम गरी जम्मा ६ वटा कार्यक्रम पर्दछन् । यी कार्यक्रमसँग सम्बन्धित छुट्टाछुट्टै कामको छोटकरी विवरण तल प्रस्तुत गरिएको छ ।

१. अनिवार्य बचत सम्बन्धी कार्यक्रम:–

विगत केही वर्षदेखि बचत उठाउने काम स्थगित भइरहेको थियो । चौथो योजना अवधिमा तराईका सबै जिल्ला, उपत्यकाका तीन जिल्ला र उदयपुर, सिन्धुली, कमवानपुर र काभ्रेपलान्चोकसमेत गरी कृषि विकासको निमित्त बढी महत्वपूर्ण २६ जिल्लामा बचतको सबै हिसाबको टुंगो लगोकोले पाँचौ योजनाको पहिलो वर्ष देखिनै परिवर्तित रूपमा अनिवार्य बचत पुन: उठाउने कार्यक्रम राखिएको छ । यस कार्यक्रमबाट पाँचौ योजना अवधिमा जम्मा रु. ८.५० करोड अनिवार्य बचत उठ्ने अनुमान गरिएको छ ।

पुरानो बचतको लेखा परीक्षण गर्ने काम चौथो योजनाकालमै अधिकांश रूपमा पूरा भई सकेकोले बाँकी रहेको जम्मा ५४६ वडाको हिसाब पाँचौ योजनाको पहिलो वर्षमै पूरा गरिने छ । बचत कर्तालाई बचतको प्रमाणपत्र दिने काम अब जम्मा १८५३ वडामा मात्र बाँकी रहेकोले पाँचौ योजनाको दोस्रो वर्षसम्ममा पूरा गरिने छ । यसै गरी बचतको ब्याज बितरण गर्न बाँकी ८७३९ वडामा ब्याज बितरण गर्ने काम पूरा गरिनेछ ।

योजनावधिमा नयाँ उठाउने अनिबार्य बचतको रु. ८.५० कोड र पुरानो बक्यौता वा पुरानो बितति कृषि ऋणबाट फिर्ता हुने रु. ४ करोड समेत गरी जम्मा रु. १२.५० करोड कृषि विकास बैङ्कमा दाखिल गरिनेछ । कृषि ऋण सम्बन्धी सबै कारोबार कृषि विकास बैङ्कबाट नै हुने व्यवस्था अनुसार भूमिसुधार कार्यक्रममा यसको निमित्त कुनै कार्यक्रम राखिएको छैन ।

२. मोहियानी हकको संक्षण:–

भूमिमा वास्तविक जोताहा किसानको स्वामित्व क्रमश: कायम गर्ने दिशातर्फ मुख्य चरणको रूपमा अनिवार्य रूपले मोही कायम गर्नु पर्ने नीति लागू गर्ने पाँचौ योजनाकालको पहिलो वर्षभित्रै चाहिने सबै अध्ययन पूरा गरिनेछ । योजनाकाल भित्र भित्री मधेश लगायत सम्पूर्ण तराई क्षेत्रका साथै भूमिसुधारको दृष्टिकोणले महत्वपूर्ण पहाडी क्षेत्र काठमाडौं उपत्यकामा यो नीति लागू गरिनेछ ।

मोहियानीहकको संरक्षणको शिलसिलामा हालसम्म छुटफुट भएका नयाँ जोताहाहरूको लगत लिई मोहियानीहकको सुरक्षा–प्रदान गर्नका साथै मोहियानीहकको लगत नापी समाप्त हुने सबै जिल्लाहरूमा अध्याबधिक राख्ने व्यवस्था गरिनेछ । त्यस्तै नापी समाप्त हुने ४१ जिल्लामा निम्न बमोजिम मोहियानीहकको स्थायी प्रमाणपत्र बितरण गरिने छ ।

मोहियानी हकको स्थायी प्रमाण पत्र दिइने जिल्लाहरू

आ.व. २०३२/३३	२०३३/३४	२०३४/३५	२०३५/३६	२०३६/३७

१३ जिल्ला (ललितपुर, भक्तपुर, बारा, पर्सा, रौतहट, महोत्तरी, सर्लाही, धनुषा, सिराहा, सप्ती, सुनसरी, मोरङ्ग, झापा)	१४ जिल्ला (काठमाडौं, चितवन, नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, इलाम, उदयपुर, सिन्धुली, सुर्खेत)	६ जिल्ला (तनहुँ, मकवानपुर, धनकुटा,पाँचथर, रामेछाप, डँडेलधुरा)	४ जिल्ला (तेह्रथुम, पाल्पा, प्यूठान, धादिङ)	४ जिल्ला (काभ्रे, रसुवा, नुवाकोट, कास्की)

३. हदवन्दी भन्दा बढी देखिएको जग्गाको विक्री बितरण:–

भूमि सम्बन्धी ऐन २०२१ ले दिएको हदवन्दी भन्दा बढी जग्गा प्राप्त गरी विक्री वितरण गर्ने काम चौथो योजनाको अन्यसम्ममा जम्मा ३२, ०३० हेक्टमा पूरा भई सक्नेछ । पाँचौ योजनाकालमा कित्ता नापी पूरा भएका जिल्लामा हदबन्दी भन्दा बढी देखिए अनुसारको जग्गा प्राप्त गरी बिक्री गरिने छ ।

लुकाए छिपाएको यस्तो जग्गा देखिन आएमा पनि जफत गरी विक्री वितरण गर्ने काम चालू नै रहने छ यसै बीच २५ जिल्लामा मोहीलाई जग्गा किन्न ऋण उपलब्ध गराई भूस्वामित्व बनाउने काम चालू नै रहने छ ।

४. ठेक कूत सम्बन्धी कार्यक्रम:–

उब्जनीको प्रतिशतको रूपमा भन्दा निश्चित रूपमा ठेक कूत बुझाउने सुविधाको कृषि उत्पादन र न्यायोचित वितणमा समेत उघाउ हुने भएकोले पाँचौ योजनाकालमा भूमिप्रशासन लागू भई सक्ने थप २६ जिल्लामा ठेक कूतको व्यवस्था गरिनेछ । ठेक कूत लागू गरिने जिल्लाहरूको विवरण तल प्रस्तुत गएिको छ ।

ठेक कूत लागू गरिने जिल्लाहरू

आ.व. २०३२/३३	आ.व. २०३३/३४	आ.व. २०३४/३५	आ.व. २०३५/३६	आ.व. २०३६/३७
दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर	रूपन्देही, कपिलवस्तु, नवलपसी, उदयपुर, सिन्धुली, इलाम, सुर्खेत	तनहुँ, मकवानपुर, धनकुटा, पाँचथर, रामेछाप, डँडेलधुरा	तेह्रथुम, धादिङ, पाल्पा, प्यूठान	काभ्रे, रसुवा, नुवाकोट, काश्की

५. भूमि प्रसाशन सम्बन्धी कार्यक्रम:–

चौथो योजनाको अन्त्यसम्ममा जम्मा २९ जिल्लामा भूमि प्रशासन लागू भई सक्नेछ र पाँचौ योजना अवधिमा नापी भूरा भई सक्ने अन्य १७ जिल्लामा भूमि प्रशासन लागू गर्ने लक्ष्य रहेको छ । योजनको अन्तिम वर्षमा लागू हुने ५ जिल्ला बाहेक बाँकी ४१ जिल्लामा रहेका भूमि सम्बन्धी सबै अभिलेखहरूको जस्तैं जग्गाधनीको लगत, जग्गाको किसिम कित्ता अनुसारको लगत, मोहीको लगत, आवादी बाहेकको जग्गाको लगत आदि अध्यावधिक रूपमा कायम राखिने छन् । ५ जिल्लाको भने भूमि प्रशासन लागू हुने पहिलो बर्ष मात्र भएकोले स्वत: नै अध्यावधिक हुनेछ । भूमि प्रशासन लागू हुने जिल्लाको विवरण तल प्रस्तुत गरिएको छ:–

आ.व. २०३२/३३	आ.व. २०३३/३४	आ.व. २०३४/३५	आ.व. २०३५/३६	आ.व. २०३६/३७
धनकुटा, पाँचथर, रामेछाप	डँडेलधुरा	तेह्रथुम, धादिङ, पाल्पा, प्यूठान	काभ्रे, रसुवा, नुवाकोट, काश्की	सल्यान, मनाङ, स्यांजा, बाग्लुङ्ग, दार्चुला

६. भूमिसुधार सम्बन्धी अध्ययन, सर्वेक्षण:–

पाँचौ योजनाकाल मै निश्चित हदवन्दी भन्दा बढीको जग्गामा अनिवार्य रूपले मोही लगाउन पर्ने व्यवस्था गरिएको छ । यसको निमित्त सर्वेक्षण र आवश्यक विश्लेषण गरी यस्तो जग्गाको इकाई र उत्पादन, कृषि ऋण ग्राम समितिहको समस्या आदिका विस्तृत अध्ययन गरी निश्चित नीति निर्धारण हुनु पर्ने देखिएको छ

त्यस्तै भूमिसुधार कार्यक्रमको समस्या, प्रभावकारीता आदि बारे पनि विस्तृत अध्ययन हुन आवश्यक देखिएको छ । पाँचौ योजनाकालमा यी सबै विषयहरूमा विस्तृत अध्ययन गरी प्रतिवेदन तयार गरिनेछ ।

(च) नापीको कार्यक्रम:–

नापीको कार्यक्रम कित्ता नापी, ट्रिगोनोमेट्रिल नापी, टोपोग्राफिकल सर्वे र यी सबै कार्यको निमित्त निम्न र मध्यम स्तरीय जनशक्ति तयार गर्ने नापी तालिमको काम समेत पर्दछन् ।

१. कित्ता नापी:–

भूमि सम्बन्धी कुनै पनि ठोस नीति निर्धाण गर्न र कार्यान्वयन गर्न कृषि भूमिको वैज्ञानिक आँकडाको आवश्यकता हुन्छ । मालपोत उठाउनको निमित्त पहिले देखि चलन चल्तीमा रहेका नापहरू, जस्तै : हलो, कोदालो, माटोमुरी, खेतमुी जस्ता असंख्या र स्थानीय नापहरूले गर्दा एक रूपता नभै विभिन्न समस्या उत्पन्न भएकोले अधिराज्यभ एकै किसिमबाट नापी गरी आवादी र यससँग संलग्न क्षेत्रको कित्ता अनुसार जमीनको किसिम अनुसार वर्गीकरण गरी नक्साहरू तयार गर्ने कार्यक्रम संचालन भइरहेको छ । यसबाट अन्य कुराहरूको

अतिरिक्त जग्गा धनीको लगत, जोताहाको लगत जस्ता महत्वपूर्ण स्रेस्ताहरू र नक्साहरू भूमि प्रशासनको निमित्त उपलब्ध हुनेछ र हदबन्दी भन्दा बढी देखिन आउने जग्गा बिक्री वितण संभव हुने छ ।

पाँचौ योजनाकालमा चौथो योजनामा कित्ता नापी प्रारम्भ भइसकेका जिल्लाहरूमा समेत गरेर लगभग ५,६०,००० हेक्टरमा थप नापी गरिने अनुमान छ । यस अवधिमा १८ जिल्लाको नापी सम्पन्न हुने छ भन्य ६ जिल्लामा नापीको काम प्रारम्भ हुनेछ । विभिन्न वर्षमा नापी सञ्चालन गरिने जिल्लाहरूको विवरण तल प्रस्तुत गरिएको छ ।

कामको किसिम	२०३२/३३	२०३३/३४	२०३४/३५	२०३५/३६	२०३६/३७
नापी शुरु वा चालू गर्ने	तेह्रथु, काभ्रे, काठमाडौ (शहरी क्षेत्र) धादिङ, पाल्पा स्यांजा, नुवाकोट, प्यूठान, काश्की	नुवाकोट, स्यांजा, काभ्रे, सल्यान, कास्की	लमजुंग, सल्यान, स्याङ्गजा, गुल्मी, बाग्लुङ्ग	अर्घाखाँची, गुल्मी, लमजुङ्ग, डोटी	सिन्धुपाल्चोक, गोर्खा, दैलेख, वैतडी, भोजपुर, डोटी
नापी सम्पन्न गर्ने	डँडेलधुरा	तेह्रथुम, काठमाडौं (शहरी क्षेत्र) धादिङ, पाल्पा, प्यूठान	काभ्रे, रसुवा, नुवाकोट, काश्की	बाग्लुङ्ग, सल्यान, मनाङ, स्याङ्गजा, दार्चुला	अर्घाखाँची, गुल्मी, लमजुङ्ग, म्याग्दी ।

२. **ट्रिगोनोमेट्रिकल नापी:**

विभिन्न किसिमको नक्साहरू तयार गर्न र विशेष गरेर कित्ता नापीको काम शुद्ध रूपले गर्न ट्रिग विन्दुको अत्यन्त महत्व रहन्छ । यसै गरी सानो मानको नक्सालाई इच्छित मानमा पविर्तन गर्नमा समेत यस्ता ट्रिग बिन्दुहरू खडा गर्ने र यीनै मुख्य आधार हुन आउँछन् । कित्ता नापी गर्नु अघि नै यस्ता ट्रिग बिन्दुहरू खडा गर्ने र यीनै बिन्दुहरूको परिधि भित्र रही नापी गर्दा कित्ताको आंकक्षा बढी शुद्ध हुने हुनाले ट्रिगानोमेट्रिक नापीलाई कित्ता नापीको पूर्वाधारको रूपमा सञ्चालन गरिएको छ । पाँचौ योजनाकालमा कित्ता नापी सञ्चालन गरिने जिल्लामा कित्ता नापीको काम प्रारम्भ हुनु अघि नै ट्रिगोनोमेट्रिक नापीको काम समाप्त भई सक्ने गरी कार्यक्रम मिलाइएको छ । विभिन्न जिल्ला गरी पाँचौ योजनाकालमा जम्मा ३२, ००० ट्रिग बिन्दु र ७०० वटा वेचमार्कह स्थापना गरिनेछन् ।

३. **टोपोग्राफिकल नापी:**

भौगर्भिक सर्भे, माटो सर्भे र वन सर्भे जस्ता महत्वपूर्ण सर्भे कार्यलाई जमीनको उचाई गहिराई आदि कंटूर लाइनद्वारा देखाइएको जमीन स्पष्ट चित्र लेखाउने र अन्य सबै प्राकृतिक संकेत जस्तै खोला नाला आदिको अतिरिक्त बाटो, गोरेटो आदि समेत देखाउने व्यवस्थाको निमित्त टोपोग्राफिक पोल नापी गरी यस्तो टोपो नक्सा आवश्यक हुन आउँछ । केही वर्ष अघि भारतीय सहयोगबाट केही काम भई सकेको भए पनि यसबाट तयार गरिएको १"= १ माइलको नक्सालाई अद्यावधिक राख्नुपर्ने भएको छ । यी सबै कुरालाई ध्यानमा राखी चौथो योजनाकालमा नेपाल मै यस्तो टोपो नक्सा उत्पादन गर्न छुट्टै शाखाको स्थापना गरिएको थियो । पाँचौ योजनाकालमा १"= १ माइलको आवश्यक नक्साहरू तयार गरी आवश्यकता परे जि छाप्ने, १:२,५०,००० वा सो भन्दा सानो मानको नक्साहरू तयार गर्ने शहरी क्षेत्रको टोपो नक्सा तयार गरी छाप्ने र अन्य विकास आयोजनाहरू सञ्चालन गरिने स्थानहरूको टोपो नक्सा उपलब्ध गराउने काम गरिने लक्ष्य राखिएको छ ।

४. **नापी तालिम:**

कित्ता नापी, टोपोग्राफिकल र सर्भे र ट्रिगोनोमेट्रिकल नापीको काम गर्नको निमित्त निम्नस्तरीय र मध्य स्तीय जनशक्ति तयार पार्न विभाग अन्तर्गत नै तालिम दिने कार्यक्रम सञ्चालन गरिदै छ । चौथो योजनाकालको अन्त्य सम्ममा हुन आउने जनशक्तिको स्थिति र पाँचौ योजनाको नापीको भौतिक लक्ष्य समेत हेरी तालिमको लक्ष्य निर्धारित गरिएको छ । यस अनुसार ५५० जना अमिन, १२२ जना जुनियर सर्वेय र ६० जनालाई सिनियर सर्वेयर तालिम दिइने छ ।

५. **भू–उपयोग सर्वे:**

नेपलाको भू–उपयोगिता सम्बन्धमा विस्तृत सर्वेक्षण गरी भू–उपयोग नक्सा तयार गरिने छ यस कार्यक्रको निमित्त संयुक्त राष्ट्र विकास कार्यक्रमबाट सहयोग प्राप्त हुनेछ ।

छ. खर्चको विवरण:

पाँचौ योजना अन्तर्गत भूमि सुधार भूमि प्रशासन तथा नापीको निमित्त माथि उल्लेखित गरिएका कार्यक्रम सञ्चालन गर्न चाहिने खर्चको विवरण तल प्रस्तुत गरिएको छ ।

रु. हजारमा

सि.नं.	कार्यक्रम	न्यूनतम कार्यक्रमको लागि रकम	अधिकतम कार्यक्रमको लागि थप रकम
१.	भूमि सुधार कार्यक्रम	४,६१,९४	–
२.	नापी कार्यक्रम	८,७२,२६	
	कुल जम्मा:	१३,३४,२०	

अनुसूचि

पाँचौ योजना (२०३२–०३७) को कार्यक्रम

भूमिसुधार

सि.नं.	आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य		आयोजनामा लाग्ने खर्च (रु.००० मा)	कैफियत
१.	वचत सम्बन्धी कार्यक्रम	विभिन्न	चालू	१.	अनिवार्य बचत सङ्कलन गर्ने रु.८,५०,००,००	२,७२,०७	
				२.	बिपरित ऋण असुल उपर गर्ने रु. ४,००,००,०००		
				३.	कृ.वि. वैङ्कमा रकम जम्मागर्ने रु. १२,५०,००,०००		
				४.	बचतको प्रमाणपत्र बितरण गर्ने –१८५३ वटा		
				५.	बचतको लेखापरीक्षण गर्ने –५४६ वटा		
				६.	ग्राम समितिलाई सहकारितामा परीणत गर्ने – ग्रा.सं. २६०		
				७.	बचतको ब्याज बितण गर्ने – ८७३९ वडा		
२.	भूमिसुधार सम्बन्धी कार्यक्रम					१,८९,८७	
क.	मोहीयानीहको संरक्षण	विभिन्न	चालू	१.	छूटफूट र अन्य जोताहाको लगत लिई मोहीयानी हकको सुरक्षा प्रदान गर्ने– ७५ जिल्ला		
				२.	मोहीको अध्यावधिक लगत तयार राख्ने– ४१ जिल्ला		
				३.	मोहीयानी हकको स्थायी प्रमाण–पत्र बितण गर्ने – ४१ जिल्ला		
				४.	मोहीको अध्यावधिक बढी लगत तयार राख्ने– ४१ जिल्ला		
				५.	निश्चित हदभन्दा बढी जग्गामा अनिवार्यरुले मोही लगाउने (नीतिको दफा १ बमोजिम)		
ख.	जग्गा विक्री बितरण	विभिन्न	चालू	१	हदबन्दी भन्दा बढी जग्गा प्राप्त गर्ने –देखिन आएजति		

				२.	जग्गा किन्न मोहीलाई ऋण उपलब्धगराउने – २५जिल्ला		
ग.	ठेककूत निर्धारण	विभिन्न	चालू		ठेक कूल लागू गर्ने – २६ जिल्ला		
३.	भूमिप्रशासन सम्बन्धी कार्यक्रम	विभिन्न	चालू	१.	भूमिप्रशासन लागू गर्ने थप–१७		
				२.	जग्गा धनीको रेकर्ड तयार गर्ने र अध्यावधिक राख्ने –४१ जिल्ला		
				३.	जग्गाको अद्यावधिक रेकर्ड राख्ने –४१ जिल्ला		
४.	अध्ययन सर्वेक्षण			१.	भूमिसुधार सम्बन्धी सर्वेक्षण तथा अनुसनधान गर्ने ।		
					जम्मा	४,६१,९४	

पाँचौयोजना (२०३२–३७) को कार्यक्रम

नापी

सि.नं.	**आयोजनाको नाम**	**स्थान**	**आयोजनाको स्थिति**	**भौतिक लक्ष्य**		**आयोजनामा लाग्ने खर्च रु.००० मा**	**कैफियत**
१.	कित्ता नापी	विभिन्न जिल्ला	चालू	कित्ता नापी पूरा गर्ने १८ जिल्लाहरू (जम्मा ५,५९,२५० हे. अनुमानित)		४,३३,५०	
२.	टोपोग्राफिकल नापी	काठमाडौं	चालू	नक्साहरू तयार गर्ने (विभिन्न मानको)		१,८१,२७	
३.	ट्रिगोनोमेट्रिकल नापी	विभिन्न	चालू	क.	ट्रिगोनोमेट्रिक स्टेशन स्थापना गर्ने – ३२,००० स्टेशन	२,००,००	
				ख.	वेन्च मार्कको स्थापना गर्ने – ७०० स्टेशन		
४.	नापी तालिम	काठमाडौं	चालू	क.	अमिन तालिम– ५५० जवान	४७,४९	
				ख.	जुनियर सर्भेयर – १२२ जवान		
				ग.	सिनियर सर्भेयर– ६० जवान		
५.	भू उपयोग सर्भे	विभिन्न स्थान			भूउपयोग नक्शा तयारगर्ने	१०,००	
					जम्मा:	**८,७२,२७**	

					कुल जम्मा:	१३,३४,२०	

परिच्छेद– १६

बन, बनस्पति, भूसंरक्षण तथा वन्य जन्तु संरक्षण

नेपालको अर्थ व्यवस्थापन वन–बनस्पतिको भूमिका निकै महत्वपूर्ण रहि आएको छ । आर्थिक विकासको साथसाथै वन पैदावाको आवश्कता पनि बढ्दै जाने पारिस्थिक संतुलन कायम गर्न पनि वनको महत्व बढी हुँदै जाने तथ्यलाई ध्यानमा राख्दा देशलाई आवश्यक हुने वनको न्यूनतम मात्रा निश्चित गरी स्थायी रूपले संरक्षण गर्न आवश्यक छ । यस बाहेक वनको अन्य घरायसी र औद्योगिक माग र पूर्तिको बीच संतुलन कायम गर्न र निरन्तर रूपमा क्षय हुँदै गई रहेको भूमिको संरक्षणको निमित्त आवश्यक बृक्ष बृक्षोपण गरी नयाँ वन लगाउनु पर्ने देखिएको छ ।

(क) **वन–वनस्पति विकासको उद्देश्य:**

१. आर्थिक विकासका साथै पारिस्थितिक सन्तुलत (इकोलजिकल व्यालेन्स) समेत कायम गर्न सदासर्बदा कायम राख्नुपर्ने न्यूनतम वन जङ्गल यकीन गरी वनको स्पष्ट स्थायी सीमाङ्कन गर्ने ।

२. वन संपदामा हुने आर्थिक बृद्धि र कटानी बीच उपयुक्त संतुलन कायम गरी वन जङ्गलको संरक्षण र संवर्द्धन गर्ने ।

३. वृक्षारोपण, नदी नियन्त्रण लगायत अन्य उपायहरूद्वारा विभिन्न जलाधार क्षेत्रमा भूक्ष्य नियन्त्रण गरी देशको जलवायु स्थितिमा संतुलन कायम गर्ने ।

४. उपलब्ध जडीबुटीको संवर्द्धन र व्यावसायिक उपयेाग गर्ने र जडीबुटीको खेती व्यावसायिक रूपमा विस्तारगर्ने ।

५. दुर्लभ वन्यजन्तुको संरक्षण र प्रवर्द्धन गर्ने ।

(ख) **नीति:–**

१. सम्पूर्ण तराईमा वन कार्य योजना (बर्किंगप्लान) लागू गर्ने आवश्यक पन आएको स्थानमा संशोधन गरेर भए पनि कार्य योजना अनुसा नै काम गर्ने ।

२. व्यावसायिक रहर–घर–संघार प्रयोजनको लागि (कमर्सियल एण्ड डोमेष्टिकयूज) के कस्तो रूपमा वा मात्रामा वन कटानी गर्ने स्पष्ट नीीत निर्धाण गरी कार्यान्वयन गर्ने ।

३. विकास क्षेत्र अनुसार वर्तमान लिलामी प्रथा बन्द गर्ने र सरकारी संस्थागत रूपमा मात्र रुख कटानी र विक्री गर्ने ।

४. वन सम्पदाको संरक्षण र विकासको दृष्टिकोणबाट वन उपयोग र वनको प्राकृतिक बृद्धिको अनुपातमा वृक्षारोपण गर्ने ।

५. भू–क्षयको रोकथाम गर्न वर्तमान स्तरलाई बढाई छुट्टै विभागको स्थापना गरी बृहद् रूपमा कार्य सञ्चालन गर्ने ।

६. स्थापना भई सकेका वन्य जन्तु संरक्षण र राष्ट्रिय निकुन्जहरूको संबर्द्धन गर्ने र राष्ट्रिय स्तरमा सर्वेक्षण गरी अन्य उपयुक्त स्थानमा नयाँ निकुँज स्थापना गर्ने ।

७. विभिन्न हावापानीको दृष्टिकोणबाट उपयुक्त हुने स्थान हेरी हाल स्थापना भई सकेका जडीबुटी केन्द्रको अतिरिक्त अन्य स्थानमा पनि व्यावसायिक रूपमा जडीबुटी खेती गर्ने र गैर सरकारी क्षेत्रमा जडीबुटी खेती बढाउन प्रोत्साहित गर्ने व्यवस्था गर्ने ।

(ग) **प्राथमिकता:**

१. प्रारम्भ भई सकेका वा चालू रहेका आयोजनाहरू ।

२. विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संस्थाहरूसँग बचनबद्ध भई सकेका आयोजनाहरू ।

३. प्रादेशिक र क्षेत्रीय दृष्टिकोणबाट उपयुक्त हुने आयोजनाहरू ।

४. वृक्षारोपणका कार्यक्रमहरू

५. भू–क्षय नियन्त्रण सम्बन्धी कार्यक्रमहरू ।

६. कार्य योजना लागू गर्ने सम्बन्धी आयोजनाहरू ।

(घ) **वन विकास कार्यक्रम:**

१. **वन कार्य योजना कार्यान्वयन:–**

वन डिभिजन भित्र कायम हुनु पर्ने न्यूनतम वनको क्षेत्र निर्धारित गरी सोही अनुसारको न्यूनतम मात्रा सदा सर्वदा कायम राख्ने र माग अनुसारको वन पैदावार अतिरिक्त रूपमा उत्पादन गर्ने समेत उद्देश्यले सम्बन्धित वन क्षेत्रको विस्तृत तथ्याङ्कहरू छानविक गरी कार्ययोजना तर्जुमा गरी सोही अनुसार प्रत्येक डिभिजनको निमित्त छुट्टा छुट्टै कार्यक्रम सञ्चालन गर्ने व्यवस्था विगत योजनाकाल देखि नै केही डिभिजनमा लागू भइसकेको छ । तर अनियमित वन फँडानी र वन अतिक्रमण तथा कतिपय कारणले यी कार्य योजनामा उल्लेखित तथ्याङ्क कायम राख्न नसकिएकोले यसमा पूर्ण रूपले संशोधन गर्नुपर्ने स्थिति आएको छ । पाँचौ योजनाकालमा तराईका सबै डिभिजन कार्य योजना आवश्यकता अनुसार संशोधित रूपमा लागू गरिनेछ ।

योजनाको पहिलो वर्ष विराटनगर, महनुमानगर, वीरगञ्ज, चितवन, लुम्बिनी बाँके, बर्दिया, कैलाली र कञ्चनपुर गरी ९ डिभिजन, तेस्रो वर्ष मेची, जनकपुर, कपिलवस्तु गरी ३ डिभिजनमा र योजनाको अन्तिम वर्ष दाङ् डिभिजन समेत गरी १३ डिभिजनमा आवश्यकता अनुसार संशोधित रूपमा कार्य योजना लागू गर्ने लक्ष्य राखिएको छ । यस बाहेक पहाडी डिभिजनहरूमा वन सम्पदाको दृष्टिकोणले उपयुक्त डिभिजनहरूको कार्ययोजना तर्जुमा गरिनेछ । कार्य योजना लागू भएका जिल्लामा हर–घर–संघाको निमित्त वा औद्योगिक योजनाको निमित्त नीति स्तरमा, सोझै वन जङ्गलमा गई रुख कटान गर्ने व्यवस्था रोक लगाइनेछ । हालसम्ममा कञ्चनपुर, बर्दिया, चितवन र मेचीमा संस्थागत रूपमा मात्र वन पैदावारको बिक्री वितरण गर्ने काम चालू रहेको छ । पाँचौ योजनाकालमा तराईका सबै स्थानमा र पहाडको केही उपयुक्त स्थानमा यो व्यवस्था लागू हुनेछ । कार्य योजना लागू हुने र भएका डिभिजनहरूमा गरी आवश्यक कार्यालय भवन, पालेघर आदि बनाउने, २६३ किलो मीटर नयाँ बन पथ निर्माण गर्ने, ५०० किलोमीटर पुरानो वन पथको मर्मत गर्ने, आवश्यक सञ्चार व्यवस्था कायम गर्ने, ३५२ कि.मि. नयाँ अग्नी संरक्षण रेखा बनाउने, ८०० कि.मि. पुरानो अग्नि संरक्षण रेखालाई मर्मत गर्ने र ३१२ हेक्टर वन क्षेत्रमा टी.एस.आई.को. कार्य सञ्चालन गर्ने लक्ष्य राखिएको छ ।

२. **वृक्षारोपण:–**

निरन्तर ह्रास हुँदै गइरहेको वन पैदावारको कमीलाई पूर्तिगरी सन्तुलन कायम गर्न पहाडमा भीर, नाङ्गा डाँडा वा यस्तै अन्य स्थानबाट निरन्तर रूपमा भइरहेको भू–स्वखलन र भू–क्षय नियन्त्रण गर्न केही स्थानमा औद्योगिक दृष्टिले उपयोगी वन पैदावारको विकास गर्न समेत वृक्षा रोपणको कार्यक्रमलाई विशेष प्राथमिकता दिई सञ्चालन गरिनेछ ।

३. **वन सिमाना निर्धारण:–**

निरन्तर रूपमा परिवर्तनशील सीमा रहेको कारणले पनि वन क्षेत्रको ह्रास भइरहेको कुरा स्पष्ट अनुभव भएको छ । वास्तवमा सिमाङ्कन रूपमा नभएका र भएकोमा पनि निश्चित रूपले संरक्षण नगरिएकोले यसको विशेष महत्व नरहेको पाइएको छ । पाँचौ योजनाकालमा यिनै कुरालाई ध्यानमा राखी स्थानीय किसिमले सिमाङ्कन गरी नक्सा तयार गरिनेछ र यसको विवरण राजपत्रमा समेत प्रकाशति गरिनेछ र सोही अनुसार यसको संरक्षण गरिनेछ ।

योजना अवधिमा ६,४८० कि.मि.मा नयाँ सिमाङ्कन गरिनेछ र १,६०० कि.मि. पुरानो सिमाङ्कनलाई मर्मत र नवीकरण गरिने छ ।

४. **जिरी वन विकास आयोजना:–**

जिरी क्षेत्रको नाङ्गाडाँडामा विशेष रूपले वृक्षारोपण गर्ने, वन सिमाङ्कन गर्ने, स्थानीय जनतामा वनको उपयोगिता बारे प्रचार प्रसार गर्ने समेत उद्देश्यले यस क्षेत्रको निमित्त एउटा छुट्टै आयोजना सञ्चालन गरिएको छ । यस क्षेत्रमा विशेष गरेर भू–क्षयको समेत समस्या रहेकोले वन सम्बन्धी सबै कार्यक्रमलाई भू–क्षय नियन्त्रणकै सन्दर्भमा सञ्चालन गरिने गरी कार्यक्रम तर्जुमा गरिएको छ ।

पाँचौ योजनाकालमा २१० हेक्टरमा वृक्षारोपण गर्नको निमित्त अवाश्यक नर्सरी तयार गरिनेछ र वृक्षारोपणगरी भू–क्षय नियन्त्रण गरिने छ । यसको निमित्त १० मे.टन बीउ सङ्कलन गरिने छ । यस बाहेक स्थानीय जनतालाई वन संरक्षण सम्बन्धी प्रचार प्रसार र आवश्यक तालिमको समेत काम चालू नै रहने छ । त्यस क्षेत्रमा सडकको विकासका साथै वन उपयोगिताको निमित्त स–मिलको समेत संभावना केही स्थापना गरिने कार्यक्रम रहेको छ ।

५. **अन्य विशेष वन विकास आयोजनाहरू–**

कर्णाली, सुर्खेत, पोखरा र धनकुटाको स्थिति अन्य वन विकास कायक्रम भन्दा केही फरक किसिमको भएको र यहाँ सामान्य रूपले वृक्षारोपण गर्ने वा वन सिमाङ्कन गर्ने र अग्निसंरक्षण रेखा निर्माण गर्ने जस्ता काम बाहेक भू–क्षय नियन्त्रण गर्न र त्यस क्षेत्रको विशेष रूपले प्राकृतिक दृश्यावलीमा समेत सुधार गर्ने कार्यक्रम समेत रहेकोले यी क्षेत्रको निमित्त छुट्टै कार्यक्रम तर्जुमा गरी समावेश गरिएको छ । पाँचौ योजना अवधिमा कर्णालीमा १० कि.मि. घोडेटो निर्माण गर्ने र ८५ हेक्टरमा वृक्षारोपण गरी रुखहरू हुकार्उने लक्ष्य रहेको छ । सुर्खेतको बाँक्रे बिहार र लाटी कोइली क्षेत्रमा ५६ कि.मी. वन पथ मर्मत गर्ने, २५ कि.मि. तार–वार लगाउने, ३१५ हेक्टरमा वृक्षारोपण गरी स्यार गर्ने, त्यस भेगमा पाइने वन्य जनतु संरक्षण र समर्द्धन गर्ने र ६ हेक्टरमा भू–संरक्षणको काम गरिनेछ । पोखरामा वन–पथ निर्माण गर्ने र रहेका वन सिमानालाई स्याहार संभार गरिनेछ । यसै गरी धनकुटाको सल्लेरी वन, चुली वनमा रहेको वनको सम्बर्द्धन र संरक्षण गर्ने कार्यक्रम रहेको छ ।

६. नागार्जुन शाही वन विकास आयोजनाः–

नार्गाजु शाही वन क्षेत्रलाई रमणीय वन बनाउने उद्देश्य अनुरूप यस क्षेत्रमा सडक, पर्खाल, विश्राम गृह, चमेना गृह आदिको निर्माण गरिने भएको छ । पाँचौयोजनाकालमा १० कि.मि. पुरानो कच्ची सडकलाई खण्डास्मित गर्ने, ३ कि.मि. नयाँ सकड थप गर्ने, ४ वटा विश्राम गृह निर्मँण गर्ने, १० सेड घर वनाउने, एउटा चमेना घर बनाउने र एउटा भ्यू टावर निर्माण गर्ने लक्ष्य राखिएको छ ।

७. फुलचोकी वन विकास आयोजनाः–

काठमाडौंबाट करीब १६ कि.मि. दक्षिण गोदावरी देखि शुरु हुने फुलचोकी वन जङ्गलको संरक्षण, सम्वर्द्धन र विकास गर्न छुट्टै आयोजना संचालन गरिनेछ । यस आयोजना अन्तर्गत वन–वन्य जन्तु, वनस्पतिको संरषण व्यवस्था र विकास गर्ने भू–संरक्षण सम्बन्धी कार्य गर्ने र पर्यटन– उद्योगलाई विकास गर्ने कार्यक्रम संचालन गरिनेछ । पाँचौयोजना अवधिमा यी कार्यहरू सम्बन्धमा विस्तृत सर्वेक्षण पूरा गरिनेछ र सोही अनुसार कायक्रम सञ्चालन गरिनेछ ।

८. सर्वेक्षण, अनुसन्धान र कार्ययोजना तर्जुमाः–

यस आयोजना अन्तर्गत मुख्य रूपले चार कार्यक्रम समावेश गरिएका छ– वन सम्पदा सर्वेक्षण, कार्य योजना तर्जुमा , माटो सर्वेक्षण विश्लेषण र वन अनुसन्धान । वन सम्पदा सर्वेक्षण अन्तर्गत भेरी, कर्णाली, सुर्खेत र दाङ वन क्षेत्रको नयाँ लिने हवाई चित्रको र पुरानो हवाई चित्रको फोटो टाइपिङ्ग गरी वन सम्पदाको यथार्थ मूल्याङ्कन गरिनेछ । आवश्यकता अनुसार नकसाहरू पनि उपलब्ध गराइनेछ । यस बाहेक चौताराको चौरी क्षेत्र, चिरी, लुम्बिनी, वीरगञ्ज कैलाली र विराटनगर वन क्षेत्रको वन सम्पदा सर्वेक्षण गरिनेछ ।

कार्य योजना तर्जुमा गर्ने तर्फ सम्पूर्ण तराई क्षेत्रका डिभिजनहरूको कार्य योजना आवश्यकता अनुसार संशोधन गरी प्रकाशित गरिनेछ । जिरी क्षेत्रको चौरी रेञ्जको कार्य योजना पनि यसै अवधिमा तर्जुमा गरी प्रकाशति गरिनेछ । कार्य योजना कार्यानवयन गर्नको निमित्त आवश्यक पर्न सक्ने सबै किसिमका प्राविधिक सल्लाह र सहयोग दिने काम पनि यसै कार्यक्रमको अङ्गको रूपमा राखिएको छ ।

माटोको सर्वेक्षण तर्फ विराटनगर, कञ्चनपुर, कैलाली, दाङ र सुर्खेतको सर्वेक्षण गरी प्रतिवेदन तयार गरिनेछ । काठमाडौंको सर्वेक्षणको विश्लेषण पूरा गरी प्रतिवेदन तयार गरिनेछ । यस बाहेक अन्य वृक्षारोपण हुने स्थानको पनि आवश्यकता अनुसार माटोको विश्लेषण गरी त्यसको विवरण उपलब्ध गराई दिने काम पनि यसै कार्यक्रम अन्तर्गत समावेश गरिएको छ।

अध्ययन अनुसन्धान तर्फ सिमल, अस्ना, साल आदि जातको रुखहरूको विभिन्न अङ्गको परिमाणको प्रतिशत अध्ययन गर्ने, मुख्य मुख्य जातका रुखहरूको ठुटाहरूको मेटाई अग्लाई सम्बन्धी अनुपातहरूको तालिका तयार गरिनेछ । यी सबै कार्यको निमित्त साविकको प्लटहरूका अतिरिक्त ५ वटा परिक्षण प्लटहरू, ५ वटा तुलनात्मक अध्ययन प्लट, ५ वटा पाइलट प्लान्टेशन प्लट आदिको स्थापना गरिनेछ ।

९. राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु आरक्षः–

नेपालमा दुर्लभ हुँदै गइरहेका वन्य जन्तुलाई संरक्षण र सम्वर्द्धन गर्न अत्यावश्यक देखिएकोले चौथो योजनाकालमा लामटाङ र चितवनमा गरी दुई राष्ट्रिय निकुञ्ज स्थापना गर्ने लक्ष्य रहेको थियो । यसै बीच केही अन्य स्थानहरूमा पनि वन्य जन्तु आरक्ष र राष्ट्रिय निकुञ्ज स्थापना गर्न आवश्यक देखिएकोले चौथो योजना अवधि मै चितौन, लामटाङ, खुम्वु रारा, शुक्ला फाँट, बर्दिया , र कोशि टप्पु, गरी ७ स्थानमा यस्ता केन्द्रहरू स्थापना भइ सकेका छन् । पाँचौ योजनाकालमा सेती (डोल्पा) र नारायणी (नवलपुर)गरी दुई स्थानमा थप केन्द्र स्थापना गरिनेछ ।

यस बोहक तराईको चार उपयुक्त स्थानमा र पहाड तर्फको दुई उपयुक्त स्थानमा शिकार आरक्ष समेत स्थापना गर्ने कार्यक्रम रहेको छ । यस आयोजनाको सञ्चालन गर्नमा संयुक्त राष्ट्र विकास कार्यक्रमबाट पनि सहयोग प्राप्त हुनेछ ।

१०. **गोल तथा अन्य बन्य पदार्थ उत्पादनः–**

यो आयोजना अधिकतम कार्यक्रमको रूपमा समावेश गरिएको छ । यसबाट पाँचौयोजना अवधिमा करीब २५००० मे.ट. गोल र अन्य सहायक बन्य पदार्थको उत्पादन गर्ने अनुमान छ । यस आयोजनाको लागि संयुक्त राष्ट्र विकास कार्यक्रमबाट सहयाता प्राप्त हुने आशा गरिएको छ ।

(ङ) **भू तथा जल संरक्षणः**

विभिन्न जलाधार क्षेत्रहरूम नदी र खहरेहरूका बाढी पैरो आदिले निरन्तर रूपमा माटो बगाई भूमिको उर्वरकत्व घट्दै गएको पाइएको छ । विगत योजनाकाल देखिनै यस्तो प्रवृत्तिलाई रोक्न भू तथा जल संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन हुँदै आएको छ । भू तथा जल संरक्षाको बढ्दो आवश्यकतालाई ध्यानमा राखी चौथो योजना अवधिमा एउटा छुट्टै विभाग स्थापना गरी विस्तृत रूपले कार्यक्रम सञ्चालन गर्ने आधार खडा गरिएको छ । पाँचौ योजनाकालमा यस विभागबाट अधिराज्यको विभिन्न जलाधार क्षेत्रको सुव्यवस्थित संरक्षणद्वारा बाढी पैरो र त्यस्तै अन्य प्राकृतिक भू–स्खलन जस्ता कुराहरूबाट पानी र माटोको संरक्षण गरी उर्वराकतव कायम राख्नका निमित्त र खहरेहरूबाट किनारा काटी आवादी जमीनमा वालुवा पुरी दिने जस्ता कुराहरूलाई ध्यानमा राखी नदी नियन्त्रण गर्नको निमित्त निम्न लिखित कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखिएको छ।

१. **जलाधार क्षेत्र नियन्त्रणः–**

जलाधार क्षेत्र नियन्त्रण गर्ने आयोजना अन्तर्गत पाँचौ योजनाकालमा त्रिशूली, कोशी, वागमती, पोखरा र सुर्खेतको भू तथा जल संरषण गर्ने कार्यक्रम रहेको छ । त्रिशूलीमा २५० वटा नियन्त्रण बाँध निर्माण गर्ने, २५० हेक्टरमा वृक्षारोपण गर्ने, ५५ हेक्टरमा उन्नत घाँस लगाउने, ७० हेक्टरमा फलफूल विरूवा लगाउने, १२५ हेक्टरमा गरी र कान्ला बनाउने र ३५० मिटरमा तटबन्ध बनाउने कार्यक्रम रहेको छ । वागमतीमा २१५ वटा नियन्तण बाँद्द बनाउने, २५ हेक्टरमा वृक्षारोपण गर्ने, १५ हेक्टरमा उन्नत घाँस लगाउने, १५ हेक्टरमा फलफूल वेर्ना लगाउने, २५ हेक्टरमा कान्ला बनाउने वा सुधार गर्ने र २५०० मिटरमा तटबन्ध बनाउने कार्यक्रम रहेको छ । यसैगरी पोखरामा ३७० वटा नियन्त्रण बाँध बनाउने, ३२० हेक्टरमा वृक्षारोपण गर्ने, ६५ हेक्टरमा उन्नत घाँस लगाउने, ५० हेक्टरमा फलफूल वेर्ना लगाउने, ९५ हेक्टरमा गरा–कन्ला निर्माण गर्ने, १५५ हेक्टरमा कान्ला सुधारगर्ने र ६१० मिटरमा तटबन्ध निर्माण गर्ने कार्यक्रम राखिएको छ ।

यसै अवधिमा सुर्खेतमा ३४० वटा चेक डयामको निर्माण गर्ने, २४० हेक्टरमा वृक्षारोपण गर्ने, ४५ हेक्टरमा घाँस लगाउने, २४ हेक्टरमा फलफूल लगाउने, ४० हेक्टरमा गरी र कान्ला सुधार गर्ने र ४२० मीटर तटबन्ध निर्माण गरिनेछ ।

अन्य आयोजना अन्तर्गत लामिडाँडा ३० नियन्त्रण बाँध, ४ हेक्टरमा वृक्षा रोपण, २ हेक्टरमा उन्नत घाँस रोप्ने र १ हेक्टरमा फलफूल वेर्ना लगाउने लक्ष्य राखिएको छ ।

नदी नियन्त्रण फर्त वेरिङ्ग नदीमा १३५ वटा नियन्त्रण बाँध, ९५ हेक्टरमा वृक्षारोपण २५ हेक्टरमा उन्नत घाँस रोप्ने, २५ हेक्टरमा फलफूलको वेर्ना लगाउने, २५ हेक्टरमा गरा कान्ला सुधार र ११०० मीटरमा तटबन्ध निर्माणगर्ने कार्यक्रम छ । यसै गरी लोथरमा १३५ वटा नियन्त्रण बाँध, ९५ हेक्टरमा वृक्षारोपण, २५ हेक्टरमा उन्नत घाँस रोप्ने, २५ हेक्टरमा फलपूलको वेर्ना लगाउने, २५ हेक्टरमा गरा कान्ला सुधार र ११०० मीटरमा तटबन्ध निर्माण गर्ने कार्यक्रम राखिएको छ ।

पुतलीखेत नजीकै आँधीखोलाको कटानी, चितवनको इलाकामा नारायणीको कटानी र दार्चुला इलाकामा महाकालीको कटानी क्षतीलाई नियनत्रण गर्न विस्तृत सर्वेक्षणको आवश्यकता पर्ने भएकोले यहाँ मोटामोटी रूपमा कार्यक्रम समावेश गरिएको छ । योजना अवधिमा विस्तृत कार्यक्रम तयार गरी सोही नियन्त्रण कार्य सञ्चालन गरिनेछ ।

जलाधार क्षेत्र र नियन्त्रण गर्न अनुसन्धान प्रचार प्रसारको पनि उत्तिकै जरुरत पर्ने भएकोले यस योजना अवधि भित्र ३ स्थानमा अनुसन्धान प्लटहरू स्थापना गर्ने र विभिन्न प्रोजेक्टहरूमा जलवायु तथा पानी वहावको स्थानीय अध्ययन, स्थानीय परम्परागत जलसंरक्षण प्रणालीहरूको अध्ययन गर्ने लक्ष्य राखिएको छ ।

२. **सर्वेक्षण र आयोजना तयारीः–**

अधिराज्यको विभिन्न नदीहरूको जलाधार क्षेत्रम के कस्तो भू–क्षयको समस्या छ, त्यसको रोकथामको के कस्तो आयोजना तयार गर्नु पर्छ र कुन प्राथमिकता क्रमअनुसार सञ्चालन गरिनु पर्छ आदि मौलिक कुराहरूको जानकारी नभएकोले पाँचौ योजनाकालमा यस सम्बन्धी विस्तृत सर्वेक्षण गरी समस्याको मूल्यांकन गर्ने र सोही अनुसार आयोजना तयार गर्ने एउटा छुट्टै आयोजना राखिएको छ । योजना अवधिमा कर्णाली र त्रिशूलीको विस्तृत सर्वेक्षण गरी नियन्त्रण आयोजना तयार गरिनेछ र कंकाईको सर्वेक्षण कार्य पूरा गरिनेछ । यसै गरी तिनाउबाट वुटवल खस्यौलीको कटानी नियन्त्रण गर्न सर्वेक्षण कार्य पूरा गरिनेछ ।

उपरोक्त विभिन्न आयोजना सञ्चालनको निमित्त संयुक्त राष्ट्र विकास कार्यक्रमबाट पनि सहयोग प्राप्त हुनेछ ।

(च) वनस्पति विकासः–

देशमा पाइने जडिबुटीहरूको परीक्षण गरी आवश्यक सुधार कार्य समेत गरी वर्तमान वैज्ञानिक औषधिको खाँचो धेरै मात्रामा पूरा हुन सक्ने देखिएको छ । नेपालका विभिन्न हावापानीमा औषधि उपयुक्त विभिन्न जडिबुटीको खेती गर्ने प्रशस्त संभावना रहेकोले पाँचौयोजनाकालमा यस्ता जडिबुटीको खेतिलाई अझ विकासगर्ने विभिन्न जडिबुटीको रसायनिक परीक्षण गरी औषधि तयार गर्ने कार्यक्रमलाई चालू नै राखिएको छ ।

१. शाही औषधि अनुसन्धानशालाः–

प्रचलित परम्परागत औषधि प्रणालीको वैज्ञानिक विश्लेषण गर्ने, जडिबुटीहरूको रसायनिक परीक्षण गर्ने, मर–मसला, सूर्ती र मादक पदार्थको रसायनिक विश्लेषण गर्ने, औषधिहरूको स्तर निर्धारण गर्ने जस्ता काम यस अनुसन्धानशालाबाट हुनेछ । पाँचौयोजनाकालमा औषधि अनुसार औषधिहरूको परीक्षण गर्ने, नेपाल फर्माकोपिया तयार गर्ने, ३० जडिबुटीको फर्माकोग्नोस्टीकल अध्ययन गर्ने, ५० जडिबुटीको रसायनिक अध्ययन गर्ने, ३० जडिबुटीको माईक्रोबायोलजिकल अध्ययन गर्ने, १५ जडिबुटीको फर्माकोलोजिकल अध्ययन गर्ने, सरकारी स्तरमा खेती गरिने ५ किसिमको जडिबुटीको गुण सुधार गर्ने, ५ किसिमको औषधि उत्पादन विधि तयार गर्ने, उपयुक्त द्द सेन्थेसिस विधि तयार गर्ने लक्ष्य राखिएको छ ।

२. वोटानिकल सर्वे तथा हर्वेरियमः–

नेपालको विभिन्न भागमा पाइने जडिबुटीहरू र अन्य हालसम्म प्रकाशमा आई नसकेको जडिबुटीहरूको विस्तृत रूपमा सर्वेक्षण गरी विस्तृत तथ्याङ्कको आवश्यकता महसूस गरिएको छ । विगत योजनाकाल देखिनै यस तर्फ काम प्रारम्भ भईसकेको छ र पाँचौ योजनाकालमा यसमा अरू थप सर्वेक्षण कार्य गरिने कार्यक्रम रहेको छ ।

३. शाही वनस्पति, उद्यान, गोदावरीः–

नेपालका विभिन्न स्थानमा उपलब्ध हुने बोट विरूवाहरू संकलन गरी स्वदेशी तथा विदेशी बोट विरुवाहरूको उपयोगिता बारे अध्ययन गर्ने र सुहाउँदो माटो तथा हावापानीको संभव हुने बाटिकाहरूको प्रतिधित्व गराई यसबाट अनुसन्धान कार्यमा सहयोग गर्ने उद्देश्यले यो उद्यान सञ्चालन गरिएको छ । हालसम्मा विभिन्न किसिमका फूल–बनस्पतिको निमित्त छुट्टा छुट्टै बाटिकाहरू स्थापना गर्ने काम भई सकेको छ । पाँचौ योजनाकालमा ४ हेक्टरमा आर्बोरेटम उदान, ०.२५ हेक्टरमा वलौटे उदान, ०.२५ हेक्टरमा गुलाफ उद्यान, ५.२५ हेक्टरमा बेत बाँस आदिको उद्यान, ०.२५ हेक्टरमा झ्याउ र उन्यू उद्यान र विरूवा र फूल विक्री वितरणको लागि ३ हेक्टरमा थप बाटिका लगाइने लक्ष्य रहेको छ । केन्द्रीय वनस्पति अनुसन्धान केन्द्रबाट बनस्पतिको बृद्धि मल–पानी आदि लगायत रोग, औषधि सम्बन्धी अध्ययन चालू नै राखिने छ यस बाहेक बोट विरुवा सम्बन्धी विवरण पनि प्रकाशित गरिनेछ ।

४. जडिबुटी उद्यानहरूः–

नेपालका विभिन्न हावापानीमा उपयुक्त हुने जडिबुटीहरूको खेती प्रयोगात्मक र व्यावसायिक रूपमा समेत खेती गर्त मणिचुर, शिवपुरी, टिष्टुंग, दामन, वृन्दावन, तामागढी, तरहरा र डोटी गरी जम्मा ८ वटा स्थानमा जडिबुटी केन्द्र स्थाना भई सकेका छन् । यी केन्द्रहरूमा हाल धतुरा, वेलाडोना, मेन्था, एगेट, कुटुकी, पोडोफाइलम, एकोनाइट, रावलफिया आदिको अनुसनधान र खेति समेत भई रहेको छ । पाँचौयोजना कालमा नीजि क्षेत्रमा पनि जडिबुटीको खेती गर्न किसानहरूर्ला बोट विरुवा उपलब्ध गराउनुका साथै प्राविधिक सहयोग समेत यी केन्द्रहरूबाट उपलब्ध गराइने कार्यक्रम राखिएको छ । अधिकांश जडिबुटी केन्द्रहरू उत्पादनमा आउन लागि सकेको यी केन्द्रहरूबाट उत्पादन गरिने जडिबुटी वा रस, तेल आदि पनि लक्ष्यमा समावेश गरिएको छ । यस बाहेक पूर्वाञ्चलको ताप्लेजुङ्ग जिल्लामा पनि एउटा जडिबुटी केन्द्र स्थापना गरिने कार्यक्रम रहेको छ ।

(छ) औषधि उत्पादनः–

विगत केही वर्षदेखि शाही औषिध लिमिटेडबाट विभिन्न किसिमका औषधि व्यावसायिक स्तरमा उतपादन हुँदै आएको छ । यो कार्यक्रमलाई पाँचौयोजना अवधिमा अझै विस्तार गरी उत्पादित औषधिबाट स्थानीय मागको अधिकांश भाग पूरा गर्ने लक्ष्य राखिएको छ।

(ज) काष्ठ प्रशोधन तथा इन्धन व्यवस्थाः–

जङ्गलबाट रुखहरू काटी न्यूनतम प्रशोधित गरी विक्री बितरण गर्ने र काठमाडौं उपत्यकालाई आवश्यक इन्धनको व्यवस्था गर्ने कामको निमित्त हाल टिम्बर कर्पोरेशन र इन्धन संस्थान गरी दुई संस्थानबाट काम भई रहेको छ । पाँचौयोजना अवधिमा पनि यी दुवै संस्थाबाट यथावत रूपमा काठ इन्धनको व्यवस्था गरिनेछ । टिम्बर कर्पोरेशनबाट यस अवधिमा ४२ लाख ५० हजार क्यू.फिट गोलिया काठको लगिंग गरिनेछ र २९ लाख ७५ हजार क्यू. फिट चिरान गरी पुरनो बाँकी समेत जम्मा ३२ लाख क्यू.फिट काठ विक्री वितरण गरिनेछ । यसै गरी इन्धन संस्थानबाट ५२९६२० मे.ट. बराबरको दाउरा र ३२२२ मे.ट. बराबरको गोल इन्धको निमित्त विक्री वितरण गरिनेछ । गोलको उत्पादन नारायणी अञ्चल वन क्षेत्रबाट गर्ने व्यवस्था मिलाइएको छ ।

(झ) खर्चको विवरणः–

पाँचौ योजना अन्तर्गत वन, बनस्पति, भू तथा जल संरक्षणको निमित्त माथि उल्लेखित गरिएका कार्यक्रम सञ्चालन गर्नको लागि चाहिने खर्चको विवरण तल प्रस्तुत गरिएको छ ।

खर्च रु. हजारमा

सि.नं.	कार्यक्रम	न्यूनतम कार्यक्रमको लागि रकम	अधिकतम कार्यक्रमको लागि थप रकम
१.	वन विकास	११,७५,००	१,०८,००
२.	वनस्पति विकास	४,३२,००	–
३.	भू तथा जल संरषण	३,००,५०	–
	जम्माः	**१९,०८,००**	**१,०८,००**
	कूलजम्माः	**२०,१६,००**	

अनुसूचि

वन विकास

पाँचौयोजना (२०३२–३७) को कार्यक्रम

क्र.सं.	आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य	आयोजनामा लाग्ने खर्च (रु.०००)मा	कैफियत
१.	**वन कार्य योजना कार्यान्वयन र प्रारम्भिक कार्य:–**					
क.	**वन कार्य योजना कार्यानवयन**	अधिराज्यभरी	चालू	१३ वन डिभिजनहरूको वन कार्य योजनाहरू कार्यानवयन गर्ने	३,७०,८०	
ख.	**भवन निर्मण तथा मर्मत**	,,	,,	९४ क्वाटर र कार्यालयहरू समेत गरी	२२,५०	
ग.	**यातायात तथा सञ्चार**	,,	,,	वनपथ नयाँ निर्माण २६५ कि.मि. तथा मर्मत ५०० कि.मि., संचार १०० कि.मि.	१३,५०	
घ.	**अग्नी संरक्षण**	,,	,,	फायर लाइन निर्माण ३५२ कि.मि. अग्नी संरक्षण रेखा मर्मत ८०० कि.मि. र आगो निभाउने उपकरणहरू उपलब्ध गर्ने	९,००	
ङ.	**टि. यस आई.**	,,	,,	३१२५ हेक्टर	१,८०	
च.	**रैजिन संलकन कार्य**	सुदूर पश्चिमाञ्चल	प्रस्तावित	सुदुर पश्चिमाञ्चल विकास क्षेत्रका सल्लाको जंगलमा कम्पार्टमेण्ट छुट्याउने, रूखमा चिनो लगाउने आदि ।	१,८०	
छ.	**प्रचार प्रसार, तालिम तथा एक्सटेन्सन**	अधिराज्यभरी	चालु	वन सम्बन्धी विषयहरूमा प्रचार, प्रसार तालिम वन एक्सटेन्सन कार्यहरूगर्ने	२,७०	
२.	**वृक्षारोपण**	विभिन्न वन डिभिजनहरू	,,	१. विरुवा उत्पादन– २०,८७,००,०००	१,१३,००	
				२. तारबार लगाउने– २००० हेक्टर		
				३. विरुवा रोप्ने – २०००० हेक्टर		
३.	**वन सीमाना निर्धारण तथा मर्मत**	पहाड तथा तराई	,,	वन सीमाना निर्धारण– ६४०० कि.मी.	२३,४०	
				वन सीमाना मर्मत– १६०० कि.मी.		
४.	**जिरी वन विकास**	जिरी	,,	क. वृक्षारोपण र भूसंरक्षण– २१० हेक्टर	९,००	
				ख. बीउ संकलन– १० मे.ट.		

				ग. तालिम प्रचार प्रसार आदि		
५.	**अन्य आयोजना**	कर्णाली, सुर्खेत पोखरा, धनकुटा	,,		१८,००	
				कर्णाली		
				क. घोडेटो निर्माण– १० कि.मी.		
				ख. वृक्षारोपण– ८५ हेक्टर		
				सुर्खेत		
				क. वनपथ मर्मत – ५६ कि.मी.		
				ख. फेन्स मर्मत – २५ कि.मी.		
				ग. वृक्षारोपण – ३१५ हेक्टर		
				घ. भू–संरषण – ६ हेक्टर		
				पोखरा		
				क. वन सीमाना मर्मत – ७ कि.मी.		
				ख. वनपथ निर्माण– ५ कि.मी.		
				धनकुटा		
				तार–बार मर्मत र वृक्षारोपण संभार		
६.	**नागार्जुन वन विकास**	बालाजु, काठमाडौं	चालू	१. कच्ची सडकलाई खण्डास्मित गर्ने – १० कि.मी.	२५,००	
				२. नयाँ बाटो निर्माण –३ कि.मी.		
				३. विश्राम गृह निर्माण– ४ वटा		
				४. सेड घर निर्माण– १० वटा		
				५. भ्यू–टावर निर्मण – १ वटा		
				६. चमेना गृह – १ वटा		
७.	**फूलचोकी वन विकास**	ललितपुर	प्रस्तावित	१. विस्तृत सर्वेक्षण गरी कार्यक्रम निर्धारण गर्ने	१५,००	
				२. निर्धारित कार्यक्रम सञ्चालन गर्ने ।		
८.	**सर्वेक्षण अनुसन्धान र कार्य योजना तर्जुमा**	अधिराज्यभरी	चालू		१,००,००	

				फरेष्ट इन्भेण्टरी पुरानो हवार्य चित्रमा फोटो टाइपिङ्गको काम पूरा गर्ने, भेरी, कर्णाली देखि पश्चिम र पूर्वी भाग, दाङ, सुर्खेत डिभिजन समेतको हवाई चित्रबाट नकसा बनाउने काम चालू राख्ने, एरियल फोटोग्राफी सेक्सन स्थापना गर्ने, जिरी क्षेत्रको इन्भेण्टरी लिने र लुम्बिनी वीरगन्ज, कैलानी, विराटनगर डिभिजनहरूको इन्भेन्टरी लिने ।		
				वर्किङ्ग प्लान जिरी क्षेत्रको मेनेजमेण्ट प्यान बनाउने, वीरगञ्ज, लुम्मिनी र कैलानीको मेनेजमेण्ट डिभिजन प्रकाशति गर्ने, फोटो निकाल्ने र सम्भाव्यता अध्ययन गरी प्रतिवेदन प्रकाशित गर्ने ।		
				स्वायल एण्ड ल्याण्ड यूज सर्वे विराटनगर, कञ्चनपुर, कैलानी, दाङ्ग, सुर्खेतको स्वायल सर्वे गर्ने । काठमाडौं, विराटनगर, कञ्चनपुर र कैलानी डिभिजनहरूको प्रतिवेदन प्रकाशित गर्ने ।		
				रिसर्च सिमल, असना, साल र कर्माको वर्क टेबुल बनाउने । मुख्य जातका रुखहरूको स्टम्प, डि.वि.एच् रेलेसन निकाल्ने । सालको ईल्डटेबुल बनाउने ५ एक्स्पेरिमेण्टल प्लट, छ ट्रायल, ५ पाइलट प्यान्टेशन प्लट स्थापना गर्ने । टिम्वर टेष्टिङ्ग ल्याव स्थापना गरी टेष्टिङ्ग शुरू गर्ने आदि कामहरू गर्ने ।		

९.	**राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण**	काठमाडौं	चालू	केन्द्रीय कार्यालय	२,५०,००	
				१. कार्यलय भवन – १		
				२. कन्जरभेशन एजुकेशन लाइब्रेरी फोटो ल्याव आदि उपरोक्त भवनमा समावेश गरिएको छ । भवनमा समावेश गरिएको । कञ्जरभेशन एजुकेशन सञ्चालन गर्ने ।		
				क. रेडियो		
				ख. प्रेस र अन्य जर्नल्स तथा म्यागाजिनबाट		
				ग. फिल्म		
				घ. पोष्टर पाम्पेलेट र ब्रेञ्च		
				ङ. प्रदर्शनहरू		
				च. स्थायी इन्भ्यारोन्मेण्टल इन्टरप्रिटेशन यूनिट		
				३. इकोलोजिकल सर्वे		
				हुम्ला, मोदीखोला, अन्नपूर्ण, मनाङ्ग, भोट, मार्खा भोट, अरुण उपत्यका, धौलागिरी, लामवगर, रोल्वालिङ्ग हिमाल इत्यादि क्षेत्र – १० वटा		
		चितौन	**चालू**	**२. शाही चितौन राष्ट्रिय निकुञ्ज**		
				१. भवन		
				क. रौराहा गेष्ट हाउस –१		
				ख. अधिकृत क्वाटर –२		
				ग. स.वर्डेन क्वाटर –५		
				घ. स. वार्डेन कार्यालय –२		
				ङ. गार्डपोष्ट, गेट पोष्ट, स्टोर वर्कसप तथा अन्य घर ––४०		

				च. कञ्जरभेशन एजुकेशन सेण्टर (५० जवान अटाउने होष्टल सहित) – १		
				छ. क्याम्प साइट र ल्याट्रिन , वाथरुम, मान्छाघर सहित –– ३		
		सोलुखुम्वु	**चालू**	**३. सगरमाथा राष्ट्रिय निकुञ्ज**		
				१. टुरिष्ट हाउस – १०		
				२. गार्ड क्वाटर – १०		
				३. अफिस कार्यालय – १		
				४. पानी सप्लाई – १		
				५. निकुञ्ज सूचना केन्द्र– १		
				६. इलेक्ट्रोकि सप्लाई –१		
				७. ट्रेल – ४० कि.मी.		
		रसुवा	,,	**४ लामटाङ्ग राष्ट्रिय निकुञ्ज**		
				१. गार्ड क्वाटर –५		
				२. गेट क्वाटर – ३		
				३. माउण्टेशन – १		
				४. माउण्टेन – १०		
				५. गोरेटो बाटो र पूल – ४० कि.मी.		
				६. निकुञ्ज सूचना केन्द्र –१		
				७. हाइड्रो इलेक्ट्रीक –१		
				८. एयर स्ट्रीप सुधार –१		
		मुगु	**चालू**	**५. रारा राष्ट्रिय निकुञ्ज**		
				१. कार्यालय भवन वार्डेन –१		
				२. सूचना केन्द्र –१		
				३. गार्ड क्वाटर –५		
				४. गेट क्वाटर – २		
				५. माउण्टेन लज – १		
				६. माउण्टेन हट्स –१०		
				७. इलेक्ट्रक सप्लाई – १		

				८. एयर स्ट्रीप सुधार – १		
				९. डिमार्केशन – ३२ कि.मी.		
		सुनसरी	,,	**६. कोशी टप्पु वन्य आरक्ष**		
				१. कार्यलय भवन – १		
				२. गार्ड पोष्ट – २		
				३. वाच टावर –१		
				४. वन, पथ – ३२ कि.मी.		
				५. नोटिस साइन बोर्ड – ८०		
				६. डिमार्केशन –१६ कि.मी.		
				७. जग्गा अधिग्रहण गरी तार–वार लगाउने – २२ कि.मी.		
		कञ्चनपुर	**चालू**	**७. शुक्ला फाट वन्य जन्तु आरक्ष**		
				१. गार्ड पोष्ट – २		
				२. वन पथ तथा पूल – २८ कि.मी.		
				३. नोटिम साइन बोर्ड–५०		
				४. मर्मत कार्य चालू – राख्ने		
		बर्दिया	,,	**८. कर्णाली वन्यजन्तु आरक्ष**		
				१. कार्यालय भवन –१		
				२. सडक मर्मत – चालू		
				३. नोटिस तथा साइन बोर्ड– ५०		
		डोल्पा	,,	**९. से –डोल्पा वन्यजन्तु आरक्ष**		
				१. सिमांकन – ५० माइल		
				२. स. वार्डेन क्वाटर –१		
				३. गार्ड क्वाटर –५		
				४. नोटिस वोर्ड –२५		
		नवलपुर	चालू	१०. नारायणी वन्य जन्तु आरक्ष		
				१. सं. वार्डेन क्वाटर – १		
				२. वार्ड क्वाटर – ४		
				३. जुनियर स्टाफ क्वाटर – १		

				४. आरक्ष पथ – ३२ कि.मी.		
		विभिन्न स्थान	,,	११ शिकार आरक्ष		
				१. पहाडी क्षेत्रमा – २		
				२. तराई क्षेत्रमा – ८ (सिमाङ्ग गर्ने व्लक छुटचाउने)		
				३. शिकार गर्न सकिने संख्या पत्ता लगाई कटान गर्ने ।		
१०.	**चारकोल (गौल) र अन्य वाई–** प्रडक्सनहरू उत्पादन	चितौन वीरगञ्ज वन डिभिजनको इलाका	प्रस्तावित	गोल उत्पादन गर्ने २५००० मे.ट.	१,०८,००	

क्र.सं.	आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य	आयोजनामा लाग्ने खर्च (रु.०००)मा	कैफियत
	भू– तथा संरक्षण					
१.	**जलाधार क्षेत्र नियन्त्रण**	नुवाकोट	**चालू**	**१. त्रिशूली**		
				(१) चेक डैम – २५० गोटा		
				(२) वृक्षारोपण – २५० हेक्टर		
				(३) उन्नत घाँस रोप्ने – ५५ हेक्टर		
				(४) फलफूल लगाउने – ७० हेक्टर		
				(५) गरा र कान्ला निर्माण हेक्टर		
				(६) तटबन्ध – ३५० मिटर		
		काठमाडौं	,,	**२. वागमती**		
				१) चेक डैम– २१५ गोटा		
				२) वृक्षारोपण – २५ हेक्टर		
				३) उन्नत घाँस लगाउने – १५ हेक्टर		
				४) फलफूल लगाउने – १५ हेक्टर		
				५) गरा सुधार – १५ हेक्टर		
				६) तटबन्ध – २५०० मिटर		
		पोखरा	,,	**३. पोखरा**		

				१) चेक डैम – ३७० गोटा		
				२) वृक्षारोपण – ३२० हेक्टर		
				३) घाँस लगाउने – ६५ हेक्टर		
				४) फलफूल लगाउने – ५० हेक्टर		
				५) गरा र कान्ला निर्माण – ९५ हेक्टर		
				६) गरा सुधार – १५५ हेक्टर		
		सुर्खेत	**चालू**	**४. सुर्खेत**		
				१) चेक डैम– ३४० गोटा		
				२) वृक्षारोपाण – २४० हेक्टर		
				३) घाँस लगाउने – ४५ हेक्टर		
				४) फलफूल लगाउने – २४ हेक्टर		
				५) गरा सुधार ख ५० हेक्टर		
				६) तटबन्ध – ४२० मिटर		
		कोशीको जलाधार क्षेत्र	**प्रस्तावित**	**५. कोशी**		
				कोशी जलाधार क्षेत्र नियन्त्रण गर्न विस्तृत सर्वेक्षणगरी नियन्त्रण कार्य प्रारम्भ गर्ने ।		
		लामिडांडा	**चालू**	**लामिडांडा**		
				(१) चेक डैम– ३० गोटा		
				(२) वृक्षारोपण – ४ हेक्टर		
				(३) घाँस लगाउने – २ हेक्टर		
				(४) फलफूल लगाउने – १ हेक्टर		
३	नदी नियन्त्रण	झापा	चालू	१. बेरिङ्ग		
				(१) चेक डैम – १३५ गोटा		
				(२) वृक्षारोपण – ९५ हेक्टर		
				(३) उन्नत घाँस लगाउने – २५ हेक्टर		
				(४) फलफूल लगाउने – २५ हेक्टर		
				(५) गरा सुधार – २५ हेक्टर		
				(६) तटबन्ध – ११०० लिटर		

				२. लोथर		
				(१) चेक डैम– १३५ गोटा		
				(२) वृक्षारोपण – ९५ हेक्टर		
				(३) उन्नत घाँस लगाउने – २५ हेक्टर		
				(४) फलफूल लगाउने –२५ हेक्टर		
				(५) गरा सुधार – २५ हेक्टर		
				(६) तटबन्ध – ११०० मिटर		
		पुतलीखेल	प्रस्तावित	३. आंधिखोला (पुतलीखेत)		
				तटबन्ध निर्माण गर्ने		
		दार्चुला	प्रस्तावित	४. महाकाली, दार्चुला		
				रिनेटिंग वाल निर्माण गर्ने		
		चितौन	,,	५. नारायणी		
				जिल्ला पञ्चायत मार्फत निर्माणको काम हुने भएकोले प्राविधिक सरसल्लाह मात्र दिने ।		
४.	**मर्मत संभार**	अधिराज्यभर	चालू	आवश्यकतानुसार गर्ने		
५.	**अनुसन्धान प्रचार प्रसार**	,,		(१) तीन स्थानमा अनुसन्धान प्लट स्थापना गर्ने		
				(२) विभिन्न प्रोजेक्टहरूमा आवव्हानको स्थानीय अध्ययन गर्ने ।		
				(३) स्थानीय परम्परागत जल संरक्षण प्रणालीहरूको अध्ययन ।		
६.	**सर्वेक्षण तथा योजना तयार गर्ने**	अधिराज्यभर	चालू	(१) कर्णाली र त्रिशूलीको सर्वेक्षण तथा योजना तयार गर्ने ।		
				(२) कन्काईको सर्वेक्षण पूरा गर्ने ।		
				(३) बुटौल खस्यौलीको प्रारम्भिक सर्वेक्षणगर्ने ।		

क्र.सं.	आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य	आयोजनामा लाग्ने खर्च (रु.०००)मा	कैफियत
१.	**शाही औषधि अनुसन्धान शाला**	थापाथली काठमाडौं	**चालू**	१. **नेपाल औषधि ऐन (ड्रग ऐक्ट अफ नेपाल)** औषधि ऐन लागू गर्न आवश्यक प्राविधिक अंग श्रृजना गर्ने ।	१,६२,००	
				२. **नेपाल फर्माकोपिया** नेपाल फर्माकोपिया तयार गर्न प्राविधिक अङ्गको रूपमा कार्यक्रम सञ्चालन गर्ने ।		
				३. **रसायनिक अनुसन्धान कार्य**		
				क. फर्माकेमिष्ट्रकल अध्ययन – ५० जडिबुटीहरू		
				ख. फाइटोकेमिष्ट्रकल अध्ययन – ५० जडिबुटीहरू		
				४. **जीव विषयात्मक अनुसन्धान कार्य**		
				क. माइक्रोवायोलजिकल अध्ययन – ३० जडिबुटीहरू		
				ख. फर्माकोलजिकल अध्ययन – १५ जडिबुटीहरू		
				५. **जडिबुटीको गुण सुधार**		
				शाही औषधि अनुसन्धानशाला, शाही वनस्पति उद्यान तथा जडिबुटी उद्यानहरूको संयुक्त रूपमा खेती गरिएका जडिबुटी मध्ये ५ जडिबुटीहरूको गुण सुधारगर्ने		
				६. **टेक्नोलजी विकास**		
				क. औषधि बनाउने तत्वहरू उत्पादन गर्ने – ५ जडिबुटीहरू		

				ख. सिन्थेसिस विधि विकास गर्ने – २ रसायनिक तत्वहरू		
				ग. जीव विषयात्मक रसायन उत्पादन गर्ने विधि विकास गर्ने – २ जीवहरू		
				७. औषधि स्तर निर्धारण तथा मूल्यांकन		
				१० जडिबुटी न्यूनतम गुण निर्धारण गर्ने ।		
				८. विश्लेषण कार्य – ५०० वस्तुहरू		
				९. गुण नियन्त्रण कार्य – २५०० वस्तुहरू		
२.	**शाही वनस्पति उद्यान**	गोदावरी, ललितपुर	चालू	१. **ल्याण्डस्वेप गार्डेनिंग** – थप १३ हेक्टर जमीनमा निम्न बाटिकाहरू लगाउने	७२,००	
				क. आर्वोरेटम उद्यान –४ हेक्टर		
				ख. वलौटे उद्यान – ०.२५ हेक्टर		
				ग. गुलाफ वाग – ०.२५ हेक्टर		
				घ. वेत, वाँस र ताड उद्यान – ५.२५ हेक्टर		
				ङ. भ्याउ र उन्यू वाटिका – ०.२५ हेक्टर		
				च. विरुवा र फूल विक्री वितरणको लागि – ३ हेक्टर		
				२. वनस्पति अनुसन्धान केन्द्र		
				एक केन्द्रीय वनस्पति प्रयोगशाला स्थापना गरी निम्न अनुसन्धान कार्य सञ्चालन गर्ने		
				क. बोट विरुवाहरूको स्याहार विस्तार तथा बृद्धि अध्ययन गर्ने ।		
				ख. बोट विरुवाहरूमा लाग्ने रोगहरूको अध्ययन तथा नियन्त्रण गर्ने ।		
				३. प्रकाशन कार्य		

				बोट विरुवाहरू तथा उद्यान सम्बन्धी बुलेटिन, दृश्यकार्ड, ट्रान्स्परेन्सी फोटोहरू प्रकाशित गर्ने ।		
३.	**वोटानिकल सर्वे तथा हर्वेरियम**	थापाथली काठमाडौं	चालू	**१. नेपाल फ्लोरा प्रकाशन गर्ने**	१,०३,६४	
				फ्लोरा सम्पादन कार्यचालू राख्ने		
				२. नेपालको भेजिटेशन नक्सा तयार गर्ने		
				मध्य नेपालको भेजिटेशन नकसा तयार गर्ने ।		
				३. प्रकाशन गर्ने		
				वनस्पति सम्बन्धी पुस्तकहरूको बुलेटिनको रूपमा प्रकाशन गर्ने क्रम चालू राख्ने		
				४.वनस्पति सर्वेक्षण तथा संकलन		
				सर्वेक्षण कार्य सञ्चालन गर्ने । २५००० वोट विरुवाहरूको नमूना संकलन गर्ने ।		
				५. नेपाली विरुवाहरूको क्रोमोजोम नक्सा तयार गर्ने ।		
				तयार नभएका सम्पूर्ण नेपाली विरुवाहरूको क्रोमोजोम नक्सा तयार गरी प्रकाशनमा ल्याउने ।		
				६. इकोनोमिक वोटानी		
				५ वनूपतिको आर्थिक लाभ संभाव्यता अध्ययन गर्ने ।		
				७. हिष्टोकेमिकल शाखा		
				१५ वनस्पतिको एनाटोमिकल अध्ययन गर्ने		
				८. क्षेत्रीय कार्यलाय, नेपालगञ्ज, महेन्द्रनगर ।		

				वनस्पति सर्वेक्षण कार्य गरी कन्दमूल सम्बन्धी एक पुस्तक प्रकाशित गर्ने ।		
				९. पूर्वाञ्चल क्षेत्रीय कार्यालय		
				तरहरा जडिबुटी केन्द्रसँग संलग्न गरीएक क्षेत्रीय कार्यालय स्थापना गर्ने र सघन वनूपति सर्वेक्षण कार्य सञ्चालनगर्ने ।		
४.	**जडिबुटी उद्यानहरू:**				९४,३६	
	१. **शिवपुरी**	काठमाडौं	चालू	१. प्रयोगात्मक खेतीगर्ने		
				सुगन्धवाल, मेन्था, पिप्रेटा, धतुरो – ६ रोपनी		
				२. विरुवा लगाउने		
				क. वेलाडोना – १२५ रोपनी		
				ख. डिजिट्यालिस – २५०० रोपनी		
	२. **मणिचुर**	,,	,,	१. प्रयोगात्मक खेती गर्ने		
				सुगन्धवाल, म्याकुर, धतुरो –– १० रोपानी		
				२. विरुवा लगाउने		
				क. वेलाडोना – १३५ रोपनी		
				ख. डिजिट्रयालिस – १८० रोपनी		
				३. वाली संकलन		
				क. वेलाडोना– २८५० के.जि.		
				ख. डिजिट्रयालिस – ५००० के.जि.		
				ग. पाइरेथ्रम २०७५ – के.जि.		
	३. **टिष्टुंग**	मकवानपुर	चालू	१. प्रयोगात्मक खेती गर्ने		
				एगेट, भ्याकुर – २५ रोपनी		
				२. विरुवा लगाउने		
				पाइरेथ्रम– २५० रोपनी		
				३. वाली संकलन		

				क. पाइरेथ्रम – १५०० के.जि.		
				ख. डिजिट्रयालिस – ३५०० के.जि.		
	४. **दामन**	,,	,,	१. प्रयोगात्मक खेतीगर्ने		
				कुटकी, पोडोफाइलम, एगोनाइट– २५ रोपनी		
				२. विरुवा लगाउने		
				वाइरेथ्रम – १७५ रोपनी		
				३. वाली संकलन		
				पाइरेथ्रम – १००० के.जि.		
	५. **वृन्दावन (हेटौडा)**	मकवानपुर	चालू	१. प्रयोगात्मक खेतीगर्ने		
				मेन्था स्पेकेटा, मेन्जा प्रिपेटा, रावलफिया क्यानेसेन्स –– १ हेक्टर		
				२. विरुवा लगाउने		
				क. सिट्रोनेला – १८ हेक्टर		
				ख. रावलफिया – १० हेक्टर		
				३. वाली संकलन		
				क. सिट्रानेलाको तेल – ४६५ लिटर		
				ख. रावलफियाको बीउ – १५० के.जि.		
				ग. रावलफियाको जरा – ५००० के.जि.		
	६. **तरहरा**	सुनसरी	चालू	१. प्रयोगात्मक खेती गर्ने		
				ओसिमम क्यालामाण्डिस क्यारिकम – १ हेक्टर		
				२. विरुवा लगाउने		
				क. रावलफिया – २० हेक्टर		
				ख. मेन्था – ३० हेक्टर		
				३. वाली संकलन		
				क. रावलफियाको बीउ – २०० के.जि.		
				ख. रावलफियाको जरा – ५२०० के.जि.		
				ग. मेन्थाको तेल – ७५० लिटर		

	७. तामावडी	वारा	चालू	१. प्रयोगातमक खेती गर्ने		
				सिट्रोनेला, रावलफिया क्यानेसेन्स – २ हेक्टर		
				२. विरुवा लगाउने		
				क. रावलफिया – २०० हेक्टर		
				ख. मेन्था – १५ हेक्टर		
				ग. सिट्रोनेला – १५ हेक्टर		
				३. वाली संकलन		
				क. रावलफियाको बीउ – १२० के.जि.		
				ख. रावलफियाको जरा – ७००० के.जि.		
				ग. सिट्रोनेलाको तेल – ३७५ लिटर		
				घ. मेन्थाको तेल – ९८० लिटर		
	८. डोटी	डोटी	चालू	१. प्रयोगात्मक खेती गर्ने		
				पाँच चौंले, एकोनाइट, जटामसी कोल्चिकम– १० रोपानी		
	९. ताप्लेजुंग	ताप्लेजुंग	प्रस्तावित	जडिबुटी उत्पादन गर्ने		
५	**औषधि उत्पादन**	काठमाडौं	चालू	१ टचयाब्लेट – ७०, ७३, ३५,००० वटा		
				२. लिक्वीड तथा आयन्टमेण्ट – ४४,४५,९०० वोतल		
				३. क्याम्पुल – २,२१,७७,०००		
				४. आई.सि. तथा इन्जेक्टेवल १७,५९,००० वोतल		

क्र.सं.	आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य	आयोजनामा लाग्ने खर्च (रु.०००)मा	कैफियत
क.	**दि टिम्बर कर्पोरेशन अफ नेपाल**					
	१. लगिंन	विभिन्न स्थान	चालू	४२,५०,००० क्यू फूट गोलिया		
	२. चिरान उत्पादन	,,	,,	२९,७५,००० क्यू. फूट चिरान		
	३. चिरान विक्री बन्दोवस्त	,,	,,	३२,००,००० ,,		
ख.	इन्धन संस्थान					
	१. दाउरा विक्री	,,	,,	५,२९,६२० मे.ट.		
	२. गोल विक्री	,,	,,	३,२२२ मे.ट.		
				जम्मा	१९,०८,००/–	१,०८,००/–
				कूल जम्मा:	२०,१६,००/	

परिच्छेद– १७

सडक तथा अन्य यातायात

देशको सर्वाङ्गिण विकासमा सडक यातायात जस्मा भौतिक पूर्वाधार (फिजिकल इन्फ्रास्टक्चर) ले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यातायातको अभावमा देशको आर्थिक तथा सामाजिक व्यवस्था पिछडिएको अवस्थामा रहने कुरा बितेका अनुभवबाट सिद्ध भैसकेको छ । कृषि, उद्योग तथाअन्य राष्ट्रिय अर्थ व्यवस्थामा उत्पादन, वितरण र विनिमय प्रकृयाकोलागि यातायात सेवामा विस्तार हुनु जरुरी भएको हुँदा योजनाबद्ध विकास कार्य र प्रारम्भ भए देखि नै सकड कयातायातको अभावलाई सकभर चाँडो हटाउन यसको निर्माणमा प्राथमिकता प्रदान गर्दै आएको हो । अधिराज्यको अधिकांश जिल्लाहरू अझै सडक यातायातको सुविधाबाट बञ्चित भएर रहेको हुँदा दीर्घकालिन, लक्ष्यको आधारमा तर्जुमा गरिएको थियो । पाँचौ योजनामा मुख्यत: चौथो योजनामा निर्माण कार्य प्रारम्भ भएका सडकहरूले नै महत्व पाएका छ न् ।

(क) उद्देश्य:

सडक यातायात विकास सम्बन्धी पाँचौ योजनाको मुख्य मुख्य उद्देश्यहरू यस प्रकार रहेका छन्:–

(१) देशमा विभिन्न भागहरू एक अर्कासित आवद्ध गरी राष्ट्रियता र प्रादेशिक अक्षुणताको आधारलाई सुदृढ गर्ने ।

(२) व्यापक राष्ट्रिय दृष्टिकोणबाट देशको आर्थिक तथा सामाजिक विकासको एक मुख्य पूर्वाधारको रूपमा विकसितगर्ने ।

(३) प्रादेशिक सन्तुलन र आर्थिक एकीकरणको हिसावले सडक यातायात सुविधा विस्तार गर्ने ।

(४) मोटर यातायात र हवाई सेवा पुऱ्याउन समय लाग्ने आवागमनका मूलबाटोहरूमा पर्ने नदीनालाहरूमा झोलुङ्गे पुलहरूको निर्माण गरी जन सुविधा र प्रचलित व्यापार र आवँयक वस्तुहरू ढुवानी कार्यमा सघाउ पुऱ्याउने ।

(५) निर्माण भै सकेका सडकहरूको सुधार र पुन: निर्माण गर्ने ।

(ख) नीति:

उपरोक्त मुख्य मुख्य उद्देश्यहरूलाई हासिल गर्नयोजानाकालमा निम्न नीतिहरू अपनाइने छन् ।

(१) सडक यातायातको विकासको लागि निर्माण गरिनु पर्ने सडकहरूलाई राजमार्ग सहायक मार्ग र मुख्य शहरी सडक गरी तीन श्रेणीमा विभाजित गरी सडक विभागको कार्य क्षेत्र यिनै राष्ट्रिय स्तर र महत्वका आयोजनाहरूको निर्माण र मर्मत संभारमा सीमित गर्ने । गाउँ र जिल्लास्तरीय आयोजनाहरू स्थानीय पञ्चायतहरूको माध्यमद्वारा स्थानीयविकास विभाग अन्तर्गत आवश्यक आर्थिक अनुदान र प्राविधिक सहयोगबाट सम्पन्न गर्ने ।

(२) प्रादेशिक विकासको दृष्टिकोणबाट चार विकास केन्द्रहरूमा चार क्षेत्रीय कार्यालयहरू स्थापना गरी यिनै कार्यालयहरूबाट सम्बन्धित क्षेत्र अन्तर्गतका सडकहरूको निर्माण तथा मर्मत संभारको काम गराई केन्द्रीय कार्यालयमा समन्वयको लागि न्यूनतम प्राविधिक र स्टाफ मात्र कायम गरी क्षेत्रीय कार्यालयलाई सक्षम गर्ने ।

(३) निर्माण भैसकेका, निर्माणाधीन गरेका र प्रस्तावित राजमार्गहरूलाई वढी उपयोगी बनाउन सहायक मार्गहरूको निर्माण गर्ने र यस्ता सहायक मार्गहरूको निर्धारण गर्दा संयुक्त राष्ट्र संघको सहायतबाट सम्पन्न गरिएको सडक संभाव्यता अध्ययन प्रतिवेदनलाई सकभर आधार मान्ने र बढी से बढी अञ्चल र जिल्ला सदर मुकामहरूलाई जोड्ने लक्ष्य गर्ने ।

(४) देशका विभिन्न प्रदेशहरू बीच प्रचलित आवागमन र मालसामन ओसार पसारगर्ने चल्ती बाटोहरू सुगम र सुरिक्षत गर्न बढी से बढी संख्यामा झोलुङ्गे वा अन्य किसिमका पुलहरू निर्माण गर्ने ।

(५) विभिन्न किसिमका सडक र पुलहरूको आर्थिक औचित्यको आधारमा स्तर निर्धारण गरी निर्माण कार्य सोही अनुसार गर्ने ।

(६) निर्माण भैसकेका र हुने सडकहरूको आर्थिक योगदान बढाउन विभिन्न विकास आयोजनाहरू बीच समन्वय गर्ने र सडक सुविधा भैसकेका र हुने क्षेत्र को आपपासमा विशेष विकास कार्यहरू सम्पन्न गरी सडक यातायात बाट बढी आर्थिक लाभ प्राप्भ गर्ने ।

(ग) प्राथमिकता:

माथि उल्लेख भएका उद्देश्य तथा नीतिहरू हासिलगर्न समावेश गरिने आयोजनाहरूमा निम्न अनुसारको प्राथमिकता रहेको छ :

(१) गत योजनाको बाँकी कार्यहरू पूरा गर्ने र झोलुङ्गे पुलहरू निर्माण गर्ने ।

(२) महेन्द्र राजमार्गको बाँकी सडकको सकभर बढी निर्मण गर्ने ।

(३) विकास केन्द्रहरू जोड्ने राजमार्ग तथा सहायक मार्गहरूको निर्माणगर्ने ।

(४) सदरमुकार जोड्ने सडकहरू ।

(घ) लक्ष्य:

पाँचौ योजनाको मुख्य मुख्य भौतिक लक्ष्यहरू यस प्रकार रहेका छन् :

(१) विभिन्न किसिमका सडकहरू गरी पाँचौ योजना कालमा न्यूनतम: १,२०७ किलोमिटर र अधिकतम १,६२४ किलोमिटर निर्माण गर्ने लक्ष्य रहेको छ । न्यूनतम लक्ष्य १,२०७ किलोमिटरगरी ४९० किलोमिटर कालोपत्र, ५८० किलोमिटर खण्डास्मित र १३७ किलोमिटर कच्ची सडक छ । निर्धारित अधिकतम लक्ष्य अन्तर्गत ५४५ किलोमिटर कालोपत्र, ८१७ किलोमिटर खण्डास्मित र २६२ किलोमिटर कच्ची रहेको छ।

(२) पुल तर्फ कमला पुल र नारायणी पुलको निर्माण सम्पन्न गरिनेछ । झोलुङ्गे पुलको हकमा चौथौ योजना कालमा अधूरो र चालू रहेका १७ वटाको निर्माण पूरा गरी २५ देखि ५० वटा नयाँ झोलुङ्गे पुलहरूको निर्माण कार्य समेत सम्पन्न गर्ने लक्ष्य निर्धारित गरिएको छ ।

(ङ) सडकहरूको वर्गीकरण:

चौथो योजना कालमा सडकलाई मोटर चल्लने र नचल्ने आधारमा मार्ग र बाटोमा वर्गिकरण गरी मार्गलाई राजमार्ग, मुख्य मार्ग क्षेत्रीय मार्ग र बाटोलाई चक्रेटो, घोडेटो र गोरेटोमा वर्गिकरण सगरिएको थियो । पाँचौ योजनाकालमा यस वर्गिकरणलाई सरलीकरण गरी निम्न बमोजिम राखिएको छ ।

राष्ट्रिय स्तरका सडकहरू श्री ५ को सकारको सम्पूर्ण खर्चमा निर्माण गरिने छन् । तर स्थानीय स्तरको बाटो श्री ५ को सरकारको अनुदानमा अथवा स्थानीय स्रोतबाट स्थानीय पञ्चायतहरूको निर्माण गर्ने छन् ।

राष्ट्रिय स्तरको सडक मध्ये राजमार्ग भन्नाले राष्ट्रिय दृष्टिकोणले महत्वपूर्ण ठहरिएको पूर्व पश्चिम तथा उत्तर दक्षिणका मूल सडकहरूलाई राजमार्ग भनिएको छ । सहायक मार्ग भन्नाले राजमार्गहरूसँग अञ्चल, जिल्लाका सदर मुकाल अथवा मुख्य मुख्य व्यापारिक केन्द्र ऐतिहासिक धार्मिक स्थल वा पर्यटन केन्द्रहरूलाई जोड्ने तथा अन्तर जिल्लाका सडक समेतलाई जनाउनेछ ।

मुख्य शहरी सडक भन्नाले काठमाडौं उपत्यका तथा क्षेत्रीय, अञ्चलीय एवं जिल्लाका सदर मुकाममा बन्ने र अन्य ठूला व्यापारिक केन्द्रहरूमा बनिने सडक समेतलाई जनाउनेछ न ।

स्थानीय स्तरकोको बाटोको हकमा श्री ५ को सरकारले दिएको अनुदानबाट अथवा स्थानीय स्रोतबाट पञ्चायतहरूले एक गाउँबाट अर्को गाउँ जाने विशेष गरी तराईमा चक्रेटो (गाडा अथाव जीप चल्न सक्ने) र पहाडमा (दोहोरो घोडा हिडन सक्ने) र गोरेटो (एकोहोरो घोडा हिन सक्ने) बाटो बनाइनेछ । यी बाटोहरू स्थानीय जिल्ला प्रशासन अन्तर्गत सार्वजनिक निर्माण शाखाको प्राविधिकहरूको निर्देशन र रेखदेखमा निर्माण गरिने छन् ।

च) सडक निर्माण कार्यक्रम:

पाँचौ योजनामा निर्धारित गरिएका उद्देश्यहरू तथा नीतिहरू अनुरूप सडक निर्माण सम्बन्धी विभिन्न आयोजनाहरू समावेश गरिएका छन् । यी विभिन्न किसिमका सडक आयोजनाहरूहरूलाई मुख्य: (क) राजमार्ग निर्माण, (ख) सहायक निर्माण, (ग) संभाव्यता अध्ययन तथा विस्तृत सर्वेक्षण पछि निर्माण गर्ने सडक (घ) मुख्य शहरी सडकहरू, (ङ) सर्वेक्षण तथा संभाव्यत: अध्ययन समेत गरी ५ विभिन्न शीर्षकहरूमा विभाजन गरी प्रस्तुत गरिएकोछ । यी कार्यक्रमहरूको कार्यान्वयनबाट पाँचौयोजना अवधिमा राजमार्ग तर्फ न्यूनतम ६३२ कि.मि. र अधिकतम ८६९ कि.मि., सहायक मार्ग तर्फ न्यूनतम ३९० कि.मि. र अधिकतम ५७० कि.मि. संभाव्यता अध्ययन तथा विस्तृत सर्वेक्षण पछि निर्माण गर्ने तर्फ ११६ कि.मि. तथा शहरी सडक तर्फ ६९ कि.मि. गरी न्यूनतम १२०७ कि.मि. र अधिकतम १६२४ कि.मि. सडक निर्माण गर्ने लक्ष्य राखिएको छ । हुनत: योलक्ष्य विगत चौथो योजनाको तलक्ष्यको तुलनमा कम देखिन्छ तापनि यस योजना अवधिमा हासिल भएको उपलब्धीको दाँजोमा भने यो लक्ष्य बढी नै देखिन आउँछ । सीमित साधन, दक्ष प्राविधिकज्ञहरूको कमी तथा विभागको वर्तमान क्षमता आदिलाई

विचार गरी बढी व्यवहारिक बनाउन यस किसिमको लक्ष्य निर्धारण हुनु जरुरी छ । निर्माण गरिने सडकहरू भरसक पक्की नै गर्ने सिद्धान्त अनुसार यस योजना कालमा निर्माण गरिने विभिन्न सतरका सडकहरू मध्ये केवल न्यूनतम तर्फ २६२ कि.मि. र अधिकतम तर्फ १२५ कि.मि. कच्ची अवस्थाको हुनेछ । उल्लेखित विभिन्न ५ शीर्षक अन्तर्गतका आयोजनाहरूको विवरण तल दिइएको छ ।

राजमार्गहरूको निर्माण:

विगत आयोजनाहरूको कार्यान्वयनको फलस्वरूप अधिराज्यमा अरनिको राजमार्ग, सिद्धार्थ राजमार्ग, पृथ्वी राजमार्ग तथा महेन्द्र राजमार्गको खण्डहरूको निर्माण पूरा भै यातायातको सुविधा समेत उपलब्ध भै सकेको छ । नेपाल अधिराज्यका चौथोयोजनाको अन्त्य सम्ममा ७ वटा राजमार्गहरूबाट सेवा उपलध भैरहेको र हेटौडा–नारायणगढ, बुटवल–कोहलपुर, कोहलपु–बनवासा, धरान–धनकुटा महेन्द्र राजमार्ग (कौलपुर) सुर्खेत तथा धनवढी–डँडेलधुरा गरी ६ राजमार्ग स्तरका आयोजनाहरू निर्माणाधिन अवस्थामा रहेको छ ।

चौथो योजना अन्तर्गत निर्माण चालू रहेको राजमार्गलाई पूरा गर्ने तथा देशको मध्य पहाडी भागबाट पूर्व पश्चिम जाने नयाँ राजमार्गरुको निर्माण प्रारम्भ गर्ने सम्बन्धी कार्यक्रम पाँचौयोजनामा समावेश गरिएको छ । यस राजमार्ग निर्माण कार्यक्रम अन्तर्गगत सञ्चालन गरिने आयोजनाहरूलाई (क) महेन्द्र राजमार्गको बँकी खण्डको निर्माण (ख) उत्तर दक्षिण राजमार्ग (ग) मध्य पहाडी पूर्व पत्तिचम राजमार्ग गरी ३ शीर्षकमा विभाजन गरी ८ वटा आयोजनाहरू समावेश गरिएका छन् । यस तर्फको न्यूनतम सडक ६३२ किलोमिटर थप निर्माण हुनेछ । यी आयोजनाहरूको विवरण तल तालिका नं १ मा प्रस्तुत गरिएको छ ।

तालिका नं १

राजमार्ग निर्माण सम्बन्धी लक्ष्य (२०३२– ३७)

क्र.स.	आयोजनाको नाम	सडकको कूल लम्बाई	न्यूनतम भौतिक लक्ष्य				अधिकतम भौतिक लक्ष्य				कैफियत
			कालोपत्र	खण्डाश्मित	कच्ची	कूल	कालोपत्र	खण्डाश्मित	कच्ची	कूल	
क.	महेन्द्रे राजमार्गको बाँकी खण्ड		३३१	१०	४०	३८१	३३१	११२	-	४४३	
	१. कोहलपुर–वनवासा	१९१	-	१०	४०	५०	-	११२	-	११२	
	२. बुटवल–कोहलपुर	२५१	२५१	-	-	२५१	२५१	-	-	२५१	
	३. हेटौडा– नारायणगढ	८०	८०	-	-	८०	८०	-	-	८०	
ख.	उत्तर–दक्षिण राजमार्ग	-	१३	२१३	-	२२६	१३	२१३	-	२२६	
	१. म.रा.मा. –सुर्खेत	८४	१३	७१	-	८४	१३	७१	-	८४	
	२. धनगढी–डँडेलधुरा	१४०	-	८४	-	८४	-	८४	-	८४	
	३. धरान– धनकुटा	६५	-	५८	-	५८	-	५८	-	५८	
ग.	मध्य पहाडी पूर्वपश्चिम राजमार्ग	-	-	१०	१५	२५	-	२०	१८०	२००	
	१. पोखरा– सुर्खेत	४००	-	१०	-	१०	-	२०	१००	१२०	
	२. काठमाडौं– धनकुटा	४००	-	-	१५	१५	-	-	८०	८०	
	कूल जम्मा:	-	३४४	२३३	५५	६३२	३४४	३४५	१८०	८६९	

१. महेन्द्र राजमार्गको बाँखी खण्डः

महेन्द्र राजमार्गको कूल लम्वाई २,०३२ कि.मि. हुने अनुमान गरिएको छ । यस राजमार्गको पूर्वीय खण्डको २०४० कि.मि. लामो सतिघट्टा–ढल्केवर तथा १०९ कि.मि. लामो ढल्केवर –पथलैया र पश्चिमाञ्चल क्षेत्रका ११६ कि.मि. नारायणवढ–बुटवल सकडको निर्माण पूरा भै अन्य खण्डहरूको पनि निर्माण कार्य भैरहेको छ ।पाँचौयोजना कालमा उक्त राजमार्गमा तल देखिए बमोजिमको निर्माण कार्य हुने लक्ष्य निर्धारित गरिएको छ ।

कोहलपुर–वानवासः

सुदुर पश्चिमाञ्चल विकास क्षेत्रको तराई प्रदेशमा पर्ने यस सडकको कूल लम्वाई १९१ कि.मी. हुन आउने अनुमान छ । महेन्द्र राजमार्गको यो खण्ड कोहलपुबाट प्रारम्भ भै चिसापानी नजिकै कर्णाली पार गरी धनवढी–डँडेलधुरा राजमार्गको अटरियामा मिल्दछ र महाकाली अञ्चलको सदरमुकाम महेन्द्र नगरको उत्तर हुँदै वानवासामा अन्त हुन जान्छ । यस सडकको निर्माण नेपाली प्राविधिकज्ञ तथा साधनबाट चौथो योजनाकालमा प्रारम्भ गरिएको थियो र सो योजनाको अन्तिम वर्ष महेन्दनगर सम्म ८ किलोमिटर कालोपत्रको निर्माण पूरा गरिने भएको छ ।

पाँचौयोजनामा यस सडकको महेन्द्रनगर देखि चिसापानी अन्तर्गत न्यूनतम कार्यक्रमको रूपमा ५० कि.मि. (१० कि.मि. खण्डास्मित र ४० कि.मि. कच्ची) र अधिकतम कार्यक्रमको रूपमा ११२ ख खण्डास्मित गर्ने लक्ष्य निर्धारित गरिएको छ ।

बुटवल –कोहलपुरः

महेन्द्र राजमार्गको मध्यवर्ती बुटवल–कोहलपुर खण्डको लम्वाई रूपन्देही जिल्लाको बुटवल देखि बाँके जिल्लाको कोहलपुर सम्म २५१ कि.मि. हुन आउने अनुमान छ । जसमध्ये ११० कि.मि.पश्चिम विकास क्षेत्रमा र बाँकी १४१ कि.मि. सुदूर पश्चिमाञ्चलमा पर्दछ । भारतीय सहयोग अन्तर्गत यस आयोजनाको निर्माण कार्य चौथो योजनाकालमा प्रारम्भ गरिएको थियो । सो योजनाको चौँथो वर्ष सम्ममा २० कि.मि.जति खण्डास्मित तथा ७० कि.मि. कच्ची चक्रेटो स्तरको सडक निर्माण भएको देखिन्छ । तर चौथोयोजनाको अन्ति वर्ष सम्मा २३६ कि.मि. कच्ची सडक निर्माण हुने अनुमान छ । पाँचौयोजना अवधि सम्ममा यसको सम्पूर्ण लम्वाई कालोपत्र गरिने लक्ष्य रहेको छ ।

हेटौडा–नारायणगढः

मध्यमाञ्चल क्षेत्रमा पर्ने महेन्द्र राजमार्गको अर्को खण्ड हेटौडा–नारायणगढ सडक हो । यसको कूल लम्वाई ८० कि.मि. हुने अनुमान छ । हालको सडक राजमार्ग स्तरको नभएको र केवल राप्ती दून विकास योजन सञ्चालन हुँदा त्यसको आवश्यकता पूर्ति गर्न निर्माण गरिएको हो । चौथो योजनामा यस सडकको सुधार कार्य भएको तथा राजमार्ग स्तरमा स्तरोन्नति गर्न विस्तृत प्राविधिक सर्वेक्षण र निर्माण सम्बन्धी आवश्यक कार्य शुरु गरिएको थियो ।

पाँचौ योजनामा एशियाई विकास बैङ्कको ऋणबाट निर्माण हुने यस सडकको सम्पूर्ण भाग कालोपत्र गर्ने लक्ष्य छ । साथै, यस सडकमापर्ने नारायणी पुलको निर्माण कार्य पनि पूरा गरिनेछ । यस सडकको निर्माणबाट अधिराज्यको पूर्व सीमानाको सतिघट्टा देखि पश्चिम बुटवल तथा कोहलपुरसम्म सिधा यातायात सेवा उपलब्ध हुनेछ । यसको अतिरिक्त यस सडकले नारायणी अञ्चलको औद्योगिक तथा अन्य क्षेत्रहरूको विकासमा पनि महत्वपूर्ण योजदान प्रदान गर्नेछ ।

चौंथो योजना देखिनै पहाडी तथा तराई प्रदेशको आर्थिक विकास एक दोस्रोको परिपूरकको रूपमा विकास गर्न तथा आर्थिक स्थितिमा देखापरेको क्षेत्रीय विषमतालाई क्रमशः कम गर्दै लैजान हिमाली, पहाडी तथा तराई प्रदेशहरूलाई जोड्ने सडकहरूलाई महत्व दिइएको थियो । यी सडकहरू मध्ये कुनै राजमार्ग स्तरका र कुनै सहायक मार्ग स्तरको रूपमा थिए । विकास रेखा राजमार्ग यी सबै सडकहरूको कार्यान्वयनबाट २५४ कि.मि. खण्डास्मित गर्ने लक्ष्य निर्धारण भएकोमा कतिपय कारणलेगर्दा सर्वेक्षण र निर्माण सम्बन्धी प्रारम्भिक कार्य मात्र हुन सक्यो । तसर्थ विगत योजनामा प्रारम्भ गरिएका यी आयोजनाहरू पाँचौ योजनामा समावेश हुन आएका छन् ।

उत्तर दक्षिण राजमार्ग अन्तर्गत पाँचौ योजनामा धरान–धनकुटा,महेन्द्र राजमार्ग– सर्खेत तथा धनगढी–डँडेलधुरा सडकहरू गरी जम्मा ३ आयोजनाहरू समावेश गरिएका छन् । यी आयोजनाहरूको कार्यान्वयनबाट २१३ किलोमिटर खण्डास्मित र १३ किलोमिटर कालोपत्र गरीजम्मा २२६ कि.मि. सडक निर्माण गर्ने लक्ष्य रहेको छ । यी आयोजनाहरूको छुट्टा छुट्टै विवरण तल प्रस्तुत गरिएको छ।

धरान–धनकुटाः

धरान–धनकुटा राजमार्ग चौथो योजनामा प्रस्तावित धरान–धनकुटा खाँदवारी विकास रेखा मार्गको प्रथम चरणको रूपमा लिक सकिन्छ । ६५ कि.मि. लामो यस मार्गको निर्माण पूरा भएपनि पूर्वाञ्चल विकास क्षेत्रको दुर्गम तथा पहाडी जिल्लाहरू जस्तैः ताप्लेजुङ्ग, तेह्रथुम, संखुवासभा, धनकुटा आदिका वासिन्दाहरूलाई आधुनिक यातायातको सुविधा उपलब्ध हुनेछ । तसर्थ यस भेकको आर्थिक विकासमा यस राजमार्गको महत्वपूर्ण योगदान प्रदान गर्ने छ । पाँचौ योजना अवधिमा निर्माण सम्पन्न गरिने धरान–धनकुटा राजमार्गले पूवाञ्चलको प्रशिद्ध व्यापारिक केन्द्र धरान तथा विराटनगरलाई धनकुटा विकास केन्द्रसित जोड्ने छ ।

यस राजमार्गको विस्तृत इञ्जिनियरिङ्गको कार्य चौथो योजनामा नै पूरा भएको हुँदा पाँचौयोजनाको चौँथो वर्ष सम्ममा यसको सम्पूर्ण भाग खण्डास्मित गर्ने लक्ष्य छ । यसको निमित्त संयुक्त अधिराज्यको सहयोगको लागि चाहिने सम्झौता पनि भैसकेको छ ।

महेन्द्रराजमार्ग–सुर्खेतः

सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा निर्माण भैरहेको उत्तर दक्षिण राजमार्गहरू मध्येको यो सडक अन्दाजी २५० किलोमिटर लामो हुने नेपालगञ्ज–जुम्ला विका रेखा मार्गको एक भागको रूपमा रहेको छ। हाल यो सडकले महेन्द्र राजमार्गको कोहलपुर र सुर्खेतलाई जोड्ने छ ।

यस राजमार्गको सम्पूर्ण लम्बाई ८४ कि.मि. हुन आउने अनुमान गरिएको छ । तराई क्षेत्रको कोहलपुरदेखि चिसापानी सम्म १३ कि.मि. र बाँकी ७१ कि.मि. पहाडी क्षेत्रमा पर्दछ । चौँथो योजना अवधिमानै यस सडकको विस्तृत सर्वेक्षण कार्य पूरा गरी निर्मण कार्य सुरु गरिएको थियो । पाँचौयोजनामा यस सडकको १३ कि.मि. कालोपत्र र बाँकी ७ ७१ कि.मि. खण्डास्मित गर्ने लक्ष्य छ ।

धनगढी–डँडेलुधराः

सुदूर पश्चिमाञ्चल क्षेत्रमा हाल निर्माण भैरहेको उत्तर दक्षिण राजमार्गहरू मध्ये सबभन्दा लामो धनगढी– डँडेलधुरा सडक रहेको छ । कूल लम्बार्य १४० कि.मि. हुन आउने यो सडकको निर्माण कार्य तेस्रो योजनाको वर्षमा संयुक्त राज्य अमेरिकाको सहायता अन्तर्गत नेपाली प्राविधिकहरूबाट निर्माण कार्य प्रारम्भ गरिएको थियो । चौँथो योजनामा यसको १२२ कि.मि. खण्डास्मित गर्ने लक्ष्य रहेकोमा विभिन्न कारणले गर्दा यस योजनाको चौँथो सम्ममा २५.३ कि.मि. खण्डास्मित र डँडेलुधरा सम्म चक्रेटो निर्माण भएको देखिन्छ ।

पाँचौ योजनामा यस सडकको बाँकी ८४ कि.मि.लाई चौडा गरी खण्डास्मित कार्य पूरा गरिनेछ ।

मध्य पहाडी पूव पश्चिम राजमार्गः

देशको पूर्व पश्चिम राजमार्ग हाल तराई प्रदेशमा मात्र सीमित रहेको छ । यस मध्ये पहाडी प्रदेशबाट पनि राजमार्गहरूको निर्माण गर्ने विचारबाट पूर्वाञ्चल विकास केन्द्रको धनकुटा पश्चिमाञ्चलको पोखरा र सुदूर पश्चिमाञ्चलको सुर्खेतलाई मध्यमाञ्चलको काठमाडौंसित जोड्ने तल देखिएका दुई राजमार्गहरूको निर्माण कार्यहरू यस योजनामा समावेश छन् । प्रस्तावित दुबै राजमार्गको निर्माण सम्बन्धी हुनु पर्ने विस्तृत संभाव्यता अध्ययन लगत अनुमान, नाप नक्सा आदिको कार्य अझै पूरा हुँन बाँकिनै छ ।

काठमाडौं–धनकुटाः

यो राजमार्ग बनेपा अथवा पाँचखालबाट सुरु भै सुनकोशीको किनार हुँदै धनकुटा पुऱ्याइने मोटामोटी रेकाङ्कन भएको छ । यस राजमार्गको पूरा लम्बाई ४०० किलोमिटरको हुने अनुमान छ र कूल लम्बाई मध्ये १२५ कि.मि. मध्यमाञ्चल र बाँकी २७५ कि.मि. पूवाञ्चल विकास क्षेत्रमा पर्ने छ । पाँचौ योजना अवधिमा न्यूनतम लक्ष्य १५ कि.मि. कच्ची गर्ने तथा अधिकतम ८० कि.मि. कच्ची सडक निर्माण गर्ने प्रारम्भिक कार्यक्रम रहेको छ ।

यस राजमार्गबाट पूर्वाञ्चल विकास क्षेत्रको केन्द्र धनकुटा राधिराज्यको राजधानी तथा मध्माञ्चल विकास क्षेत्रको काठमाडौलाई आधुनिक यातायातले जोड्नाका अतिरिक्त अति धना वस्ती भएको पहाडी भेकका बासिन्दाहरूलाई आधुनिक यातायतको सुविधा समेत उपलब्ध हुनेछ ।

पोखरा–सुर्खेतः

यो सडक पश्चिमाञ्चल विकास केन्द्र पोखराबाट सुरु भै सुर्खेतसम्म अन्दाजी ४०० कि.मि. हुन आउने अनुमान छ । चौथो योजनाको अन्तिम वर्षमा यस आयोजनाको प्रारम्भिक अध्ययन गरियो । यस सडकले सुदूर पश्चिमाञ्चल विकास क्षेत्रलाई पश्चिमाञ्चल विकास क्षेत्रसँग जोडी गण्डकी, धौलागिरी, राप्ती र भेरी अञ्चलहरूको अति दुर्गम तथा अति पिछडिएका क्षेत्रहरूमा यातायातको सुविधा पुऱ्याउने छ ।

पाँचौयोजनामा राजमार्गको न्यूनतम लक्ष्य १० कि.मि. खण्डास्मित र अधिकतम लक्ष्य २० कि.मि. खण्डास्मित र १०० कि.मि. कच्ची गरी १२० कि.मि. सडक निर्माण गरिने प्रारम्भिक कार्यक्रम रहेको छ ।

सहायक मार्गहरूः

राजमार्गहरूलाई बढी उपयोगी गरी राजश्वमा समेत बृद्धी गर्न सहायक मार्गहरूको निर्माण हुनु आवश्यक छ । विशेषत: सहायक मार्ग भन्नाले राजमार्गसँग अञ्चल तथा जिल्लाका सदरमुकाम, मुख्य स्थान र पर्यटन केन्हरू जोड्ने सडकहरूलाई लिइन्छ । चौथो योजनामा पनि यस किसिमका सहायक मार्गहरूको आवश्यकतालाई महसूस गरी विभिन्न आयोजनाहरू समावेश गरिएको थियो । फलस्वरूप चौथो योजनाको चार वर्षको अवधि सम्ममा विभिन्न स्तरको १८४ कि.मि. सहायक मार्ग निर्माण गरिएको छ । साथै योजना अन्तर्गत अधिराजइका सहायक मार्गहरूको पनि संभाव्यता अध्ययन पूरा गर्न निर्धारित लक्ष्य अनुरूप श्री ५ को सरकार र संयुक्त राष्टसंघ विकास कार्यक्रम (यू.एन.डी.पी.) को संयुक्त प्रयासबाट पूर्व पश्चिम महेन्द्र राजमार्गलाई उत्तर र दक्षिण जोड्ने जम्मा १,११८ कि.मि. का विभिन्न सहायक मार्गहरूको संभाव्यता अध्यनन पूरा गरियो ।

पाँचौं योजनमा मुख्यत: यस सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा सहायक मार्ग निर्माण गर्ने आयोजनाहरू समावेश गरिएका छन् । यो योजनाहरूको कार्यान्वयनबाट न्यूनतम ३९० कि.मि. र अधिकतम ५७० कि.मि. सडक निर्माण हुने छ । यी आयोजनाहरूलाई (१) महेन्द्र राजमार्गको सहायक मार्ग (२) अन्य राजमार्गको सहायक मार्ग तथा (३) अन्य सहायक मार्ग गरी तीन शीर्षक अन्तर्गत समावेश गरिएका छन् ।

तालिका नं २

सहायक मार्ग निर्माण सम्बन्धी लक्ष्य (२०३२–३७)

क्र.सं.	आयोजनाको नाम	सडकको कूल लम्बाई	न्यूनतम भौतिक लक्ष्य (कि.मि.मा)				अधिकतम भौतिक लक्ष्य (कि.मि.मा)				कैफियत
			कालोपत्र	खण्डास्मित	कच्ची	कूल	कालोपत्र	खण्डास्मित	कच्ची	कूल	
क.	सहायक मार्ग:	१	२	३	४	५	६	७	८	९	
	महेन्द्र राजमार्ग सहायक मार्ग	-	५१	९९	-	१५०	९७	११७	-	२१४	
	१. म.रा.मा. – कन्याम–इलाम	८४	-	४७	-	४७	-	४७	-	४७	
	२. म.रा.मा. – राजविराज	१०	-	१०	-	१०	-	१०	-	१०	
	३. म.रा.मा. –सिरहा	२१	-	-	-	-	२१	-	-	२१	
	४. म.रा.मा. –मलंगवा	२५	-	-	-	-	२५	-	-	२५	
	५. म.रा.मा. – भद्रपुर	२१	१३	-	-	१३	१३	-	-	१३	
	६. म.रा.मा. –तौलिहवा	१८	-	-	-	-	-	१८	-	१८	
	७. म.रा.मा. – तुल्सीपुर	४२	-	४२	-	४२	-	४२	-	४२	
	८. म.रा.मा. – नेपालगञ्ज	२०	२०	-	-	२०	२०	-	-	२०	
	९.म.रा.मा. – कृष्णनगर	१८	१८	-	-	१८	१८	-	-	१८	
ख.	अन्य राजमार्गका सहायक मार्ग:	-	१८	१७६	-	१९४	१८	१९९	-	२१७	
	१. लामोसाँघु– जिरी	१०५	-	१०५	-	१०५	-	१०५	-	१०५	
	२. मुगलिङ्ग–नारायणगढ	३४	-	३४	-	३४	-	३४	-	३४	
	३. मभ्रुवा– साँघु (गोर्खा)	२३	-	-	-	-	-	२३	-	२३	
	४. पालुङ– कुलेखानी	२३	-	-	-	-	-	२३	-	२३	
	५. भैरहवा– लुम्बिनी	१८	१८	-	-	१८	१८	-	-	१८	
	६. दोलालघाट–चौतारा	२६	-	६	-	६	-	६	-	६	
	७. पृथ्वीराजमार्ग–रूपाताल वेगनासताल	८	-	८	-	८	-	८	-	८	
ग.	अन्य सहायक मार्गहरू:		८	३८	-	४६	१७	१२२	-	१३९	
	१. भक्तपुर–नगरकोट	२३	६	१७	-	२३	६	१७	-	२३	

	२. गैर सडक	-	-	-	-	-	-	४३	-	४३	
	३. भक्तपुर–चाँगुनारयण	५	-	-	-	-	५	-	-	५	
	४. गोकर्ण– साँखु	११	-	-	-	-	-	-	-	-	
	५. टिकाभैरव सडक	१२	-	६	-	६	-	६	-	६	
	६. नेपालगञ्ज–गुलरिया	३८	-	-	-	-	३८	-	३८	३८	
	७. विराटनगर–रंगेली	२२	२	-	-	२	२	-	-	२	
	८. काउलेथाना –ककनी	४	-	-	-	-	२	-	-	४	
	९. टिकापुर सडक	१५	-	१५	-	१५	-	१५	-	१५	
	१०. पनौती – खोपासी	३	-	-	-	-	-	३	-	३	
	कूल जम्मा:		७७	३१३	-	३९०	१३२	४३८	-	५७०	

महेन्द्र राजमार्गका सहायक मार्ग:

देशको दक्षिण भागबाट गएको महेन्द्र राजमार्गको पश्चिमाञ्चल विकास क्षेत्र सम्मको अधिकांश खण्डहरूको निर्माण कार्य प्राय: पूरा भै सकेको र राजमार्गको यी खण्डहरूमा यातायात सेवा समेत हालू भै सकेको छ । सतिघट्टा–ढल्केबर–पथलैया, नारायणगढ–बुटवल सडकहरूमा हाल भएको यात्रु तथा मालसामानको ढुवानी आदिको सवारीमा बृद्धि गर्दै लैजान यी सडकहरूलाई जोड्ने सहायक मार्गहरूको निर्माण हुन आवश्यक छ । यसैले पाँचौं योजनाकालमा महेन्द्र राजमार्गको बनिसकेको र बनिरहेको विभिन्न खण्डहरूलाई जोड्ने सहयाक मार्गहरूको निर्माणगर्ने कार्यक्रम रहेको । यस योजनामा अवधिमा यस शीर्षक अन्तर्गत जम्मा ९ वटा आयोजनाहरू समावेश गरी नयूनतम १५० किलोमिटर तथा अधिकतम २१४ किलोमिटर सडक निर्माण गर्ने लक्ष्य रहेको छ ।

१. **महेन्द्रराजमार्ग (चारआले) –कन्याम–इलाम:**

मेची अञ्चलमा पर्ने महेन्द्रराजमार्गको सहायक मार्गको रूपमा रहेको यो सडक चार आलेबाट शुरु हुँदै इलाममा टुंगिने छ । यसको सम्पूर्ण लम्बाई ८४ किलोमिटर अनुमान गरिएको छ । जनश्रमबानबाट निर्माण भएको यस सडकको चार आलेदेखि कन्यामसम्म चौथो योजनाको अन्तिम वर्षमा खण्डास्मित गर्ने लक्ष्य थियो । पाँचौं योजना अवधिमा कन्यामदेखि इलाम सम्मको बाँकी खण्ड ४७ कि.मी.लाई पनि खण्डास्मित गरिनेछ । यस सडकले झापा तथा इलाम जिल्लाहरूको चिया उद्योगको विकासमा निकै नै टेवा दिने छ ।

२. **महेन्द्रराजमार्ग–राजविराज:**

सप्तरी जिल्लाको उत्तरतिरबाट महेन्द्र राजमार्ग गएको हुँदै यस राजमार्गलाई जिल्लाको सदर मुकामसित जोड्ने यो सहायक कार्य प्रस्तावित गरिएको हो । यसको कूल लम्बाई १० किलोमिटर रहेको छ । चौथो योजना अवधिमा यस सडकको सर्वेक्षण गरी ७ किलोमिटर कच्ची सडक निर्माण गरिएको थियो । पाँचौ योजनामा यसको सवै भाग खण्डास्मित गरिनेछ ।

३. **महेन्द्र राजमार्ग–सिरहा:**

सगरमाथा अञ्चलको सिरहा जिल्लाको सदरकुमामलाई महेन्द्र राजमार्गसँग जाड्ने यो सडक अधिकतम कार्यक्रम अन्तर्गत प्रस्तावित गरिएको छ । महेन्द्र राजमार्गको खुहुघाटबाट सुरु भै जिल्ला सदरकुमा सिरहा बजारमा अन्त हुने सडकको कूल लम्बाई २१ कि.मि. हुनेछ । पाँचौं योजना हालमा यसको सम्पूर्ण भागलाई कालोपत्र गरिनेछ ।

४. **महेन्द्रराजमार्ग–मलंगवा:**

यस सडकले महेन्द्र राजमार्गको पतथरकोट र सर्लाही जिल्लको सदर मुकाम मलंगवा जोड्छ । यसको कूल लम्बाई २५ कि.मि. हुन आउने देखिन्छ । अधिकतम कार्यक्रमको रूपमा पाँचौं योजनामा यसको सम्पूर्ण भागलाई खण्डास्मित गरिने लक्ष्य निर्धारित गरिएको छ । सर्लाही जिल्लाको कृषि, उद्योग तथा व्यापार आदिको विकासको सन्दर्भमा यो सडक महत्वपूर्ण छ ।

५. **महेन्द्र राजमार्ग–भद्रपुर:**

झापा जिल्लामा पर्ने महेन्द्र राजमार्गको अर्को सहायक मार्गको रूपमा रहेको यस सडकको लम्वाई २१ किलो मिटर रहेको छ । चौथो योजनाको अन्तिम वर्ष तिर यस सडकको ८ किलोमिटर कालोपत्रे कार्य गरिएकोमा पाँचौ योजनामा बाँकी १३ किलोमिटरलाई कालो पत्र गर्ने कार्य पूरा गरिने छ ।

६. महेन्द्र राजमाग–तुल्सीपुर:

राप्ती अञ्चलको दाङ्ग जिल्लाबाट गएको महेन्द्र राजमार्गको खण्डसित यस अञ्चलको सदरकुमाम तुल्सीपुर जोड्ने यो सहायक मार्ग समावेश गरिएको छ । महेन्द्र राजमार्गको अमेलियाबाट तुल्सीपुर सम्म यसको लम्बाई ४२ किलोमिटर रहेको छ र भविष्यमा यस सहायक मार्गलाई सल्यानसम्म विस्तार गर्ने लक्ष्य रहेको छ । यस सडकको विस्तृत सर्वेक्षण चौथो योजनाको अन्तिम वर्षमा पूरा गर्ने अनुमान छ । पाँचौ योजनामा यो सकडकलाई खण्डास्मित गरिने छ । सल्यान तथा दाङ्ग देउखुरी जिल्लाहरूको विकासको लागि यसले पूर्वाधारको कार्य गर्नेछ ।

७. **महेन्द्रराजमार्ग–तौलिहवा:**

पश्चिमाञ्ल विकास क्षेत्रमा पर्ने राजमार्गको बुटवल–कोहलपुर खण्डको सहायक मागएको रूपमा यो सडक रहनेछ । महेन्द्र राजमार्ग र कपिलवस्तु जिल्लालाई जोड्ने यस सडकको लम्बाई १८ कि.मि. रहेको छ । पाँचौ योजनमा अधिकतम कार्यक्रमको रूपमा विस्तृत सर्वेक्षण गरी सम्पूर्ण भाग खण्डास्मित गरिने छ ।

८. **महेन्द्र राजमार्ग–नेपालञ्ज:**

सुदूर पश्चिमाञ्लमा पर्ने महेन्द्र राजमार्गको बुटवल–कोहलपुर खण्डको सहायक मार्गका रूपमा रहेको यस सडकको कूल लम्बाई २० किलोमिटर रहेको छ । चौथो योजना कालमा निर्मण प्रारम्भ गरिएको यस सडकलाई पाँचौ योजनामा कालोपत्र गर्ने लक्ष्य छ ।

९. **महेन्द्र राजमार्ग–कृष्णनगर:**

चौथो योजना कालमा निर्माण प्रारम्भ गरिएको कृष्ण नगरबाट महेन्द्र राजमार्ग जोड्ने यस सहायक मार्गको कूल लम्बाई १८ किलोमिटर रहेको छ । पाँचौ योजनामा यस सडकलाई कालोपत्र गर्ने लक्ष्य छ ।

(ख) **अनय राजमार्गका सहायक मार्ग:**

महेन्द्र राजमार्गको अतिरिक्त सिद्धार्थ राजमार्ग, अरनिको राजमार्ग, पृथ्वी राजमार्ग तथा त्रिभुवन राजमार्गलाई जोड्ने सहायक कार्यहरू निमार्ण हुन बाँकी नै छ । यी राजमार्गहरूलाई पनि बढी उपयोग गर्न र आसपासका जिल्लाका जनतालाई पनि सुविधा पुऱ्याउन सहायक मार्गहरू निर्माण हुनु आवश्यक छ । यी राजमार्गसित जोड्ने केही सकायक मार्गहरूको पाँचौ योजनामा निर्माण गरिने कार्यक्रम यस प्रकार रहेको छ ।

१. **लामोसाँघु–जिरी:** सिन्धुपाल्चोक जिल्लामा पर्ने अरनिको राजमार्गको लामोसाँघु र जिरी जोड्ने यो सडकको लम्बाई १०५ कि.मि. रहेको छ । रेखाङ्कन अनुसार यो सडक लामो साँघुबाट सुरु भै पोखरा, शिलढुङ्गा, निगाले, खरिढुङ्गा, मकैवारी, चरिकोट बस्ती, नाम्दु, हनमुन्ते हुँदै जिरी पुग्छ । यो सडकको निर्माण सम्बन्धी विस्तृत सर्वेक्षण चौथो योजनाको अन्तिम वर्षमा सुरु गरिएको थियो । पाँचौं योजना कालमा यसको १०५ किलोमिटर नै खण्डास्मित गर्ने लक्ष्य रहेको छ र यो सडकको निर्माण पूरा भएपछि दोलखा जिल्लाको विकास कार्यमा निकै नै सहयोग पुग्ने जाने छ र जिरी क्षेत्रको बहुउेश्यीय कार्यक्रमलाई पनि सघाउ पुग्नेछ ।

२. **मुगलिङ–नारायणगढ:** सडक संभाव्यता अध्ययन अनुसार यो सहायक मार्ग चितौन जिल्लाको नारायाणवढबाट सुरु भै त्रिशूली गङ्गाको बाँया किनार भई उत्तर तिरबाट गई पृथ्वी राजमार्गको मुगलिङ फाँटमा गएर अन्य हुने गरी रेङ्गान गरिनेछ । मध्य पहाडी प्रदेशबाट जाने पूर्व पश्चिम राजमार्गको खण्डको रूपमा रहने पृथ्वी राजमार्ग र तराईबाट गएको महेन्द्र राजमार्गलाई जोड्ने यस सहायक मार्गको कूल लम्बाई ३४ कि.मि. हुन आउने अनुमान छ । पाँचौं योजना अवधिमा यसको विस्तृत सर्वेक्षण गरी खण्डास्मित स्तरमा निर्माण गरिने छ । यस सहायक मार्गको निर्माणबाट अधिराज्यको घनावस्ती भएको काठमाडौं उपत्यका तथा वागमती, गण्डकी आदि अञ्चलहरूको विभिन्न जिल्लाहरूलाई समेत अप्रत्यक्ष रूपबाट फाइदा पुऱ्याउने छ । जो सडकलाई सुनौली पोखरा जोड्ने सिद्धार्थ राजमार्ग र रक्सौल तथा काठमाडौं जोड्ने त्रिभुवन राजमार्गको वैकल्पिकको रूपमा पनि लिन सकिन्छ ।

३. **मभ्फुजा–साँगु (गोर्खा):** यस सडक संभाव्यता अध्ययन आयोजनाको प्रतिवेदन अनुसार यो सडक पृथ्वी राजमार्गको मभ्फुवा खैरिनीमा सुरु भै मर्स्याङ्दीलाई दरौंदी र मर्स्याङ्दीको सङ्गमको केही तल पार गरी दरौदी खोलाको बायाँ किनारै किनार भै गोरखाको उत्तर पश्चिम स्थित साखुँमा गएर टुङ्गिन्छ । यस सडकको कूल लम्बाई २३ कि.मि. हुन आउने अनुमान छ । पाँचौ योजनामा अधिकतम कार्यक्रम अन्तर्गत खण्डास्मित गर्ने लक्ष्य छ ।

४. **कुलेखानी–पालुङ्ग:** यो सडक त्रिभुवन राजमार्गको सहायक मार्गको रूपमा रहने छ । यसको कूल लम्बाई कुलेखानी देखि पालुङ्ग सम्म २३ कि.मि. हुन आउने अनुमान छ । चौथो योजनाको अन्तिम वर्षमा विस्तृत सर्वेक्षण तथा निर्माण प्रारम्भ गरिएको यस सडकलाई खण्डास्मित स्तरमा पाँचौ योजनाको सुरु वर्षमा नै निर्माण पूरा गर्ने लक्ष्य छ । यस सडक निर्माणबाट कुलेखानी जल विद्युत आयोजनाको निर्माण कार्यमा ठूलो योगदान पुग्ने छ ।

५. **भैरहवा–लुम्बिनी:** रूपन्देही जिल्लमा पर्ने यस सडकको कूल लम्बाई १८ किलोमिटर रहेको छ । चौथो योजना कालमा निर्माण कार्य चालू गरिएको यस सडकको सम्पूर्ण लम्बाईलाई पाँचौं योजना अवधिमा कालोपत्र गरिनेछ । लुम्बिनी क्षेत्रको विकासलाई यो सडक पूर्वाधारको रूपमा हुनेछ ।

६. **दोलालघाट–चौतारा:** चौथो योजना प्रारम्भ गरिएको दोलालघाट चौतारा सकडकले सिन्धुपाल्चोक जिल्ला सदर मुकाम र अरनिको राजमार्गलाई जोड्छ । २६ कि.मि. लामो यो सडको बाँकी ६ किलोमिटरलाई खण्डास्मिथ गर्ने पाँचौं योजनाको लक्ष्य छ ।

७. **पृथ्वी राजमार्ग–रूपाताल–वेगनासताल:** कास्की जिल्लामा पर्ने यो सडक पर्यटन उद्योगको विकासको लागि आवश्यक रहेको हुँदा पाँचौंयोजनामा करीब ८ कि.मि. लामो यस सडकलाई खण्डास्मित गरिनेछ ।

(ग) **अन्य सहायक मार्गहरू:** देशका धार्मिक स्थल, व्यापार केन्द्र, पर्यटक केन्द्रहरूलाई जोड्ने खालका सडकहरूलाई पनि सहायक मार्गको स्तरमा निर्माण गर्ने कार्यक्रम अनुसार पाँचौं योजना अवधिमा पनि यस्ता प्रकारका केही सहायक मार्गहरू निर्माण गरिनेछ । यो सहायक मार्गहरूको लम्बाई ९३ कि.मि. हुन आउने छ । यी सडकहरू यस प्रकार रहेका छन्:

(१) **भक्तपुर–नगरकोट:** पर्यटन विकासको दृष्टिकोणबाट नगरकोट अत्यन्तै महत्वपूर्ण स्थान हो । पर्यटन वडा योजनाले पनि यस सडक निर्माण समावेश गरेको हुँदा चौथो योजना अवधिमा नै यसको निर्माण सुरु गरिएको छ । २३ किलोमटिर लामो यो सडकको अधिकांश निर्माण कार्य पूरा भै सकेको हुँदा पाँचौं योजना कालमा बाँकी ६ किलोटिर कालोपत्र तथा १७ कि.मि. खण्डास्मित स्तरमा निर्माण गर्ने लक्ष्य रहेको छ ।

(२) **गौर सडक:** महेन्द्र रामाजर्ग र कलैया मध्ये कुनबाट गौर जोड्दा बढी लाभदायक हुन्छ । सो बारे तुलनात्मक अध्ययन गरी पाँचौं योजनामा रौतहट जिल्जाको सदर मुकाम गौरसम्म करीब ४३ कि.मि. खण्डास्मित सडक निर्माण गर्ने लक्ष्य अधिकतम कार्यक्रम अन्तर्गत राखिएको छ । आर्थिक दृष्टिकोणले विकसित भैरहेको रौतहट जिल्लाई यो सडककले धेरै सघाउ पुऱ्याने छ ।

(३) **चांगुनारायण–भक्तपुर:** यस सडकको कूल लम्बाई ५ कि.मि. रहेको छ । ऐतिहासिक नारायणको मन्दिर भएको चांगुनारायण स्थल पर्यटन आकर्षण केन्द्र भएको छ तसर्थ यस सडकलाई कालोपत्र गर्ने पाँचौ योजनामा अधिकतम कार्यक्रम अन्तगृत निर्धारित गरिएको छ ।

(४) **गोकर्ण–सांखु:** काठमाडौं उपत्यका पर्ने ११ कि.मि. लामो यस सडकको खण्डास्मित कार्य चौथो योजनामा प्रारम्भ गरिएको थियो । पाँचौं योजनामा यस सडक अन्तर्गत पुल पुलेसाहरूको निर्माणको साथै बाँकी सम्पूर्ण निर्माण कार्य पूरा गर्ने लक्ष्य छ ।

(५) **टिकाभैरव सडक:** काठमाडौं उपत्यका १२ किलोमिटर लामो टिकाभैरव सडकको खण्डास्मित गर्ने कार्य चौथौं योजनामा नै सुरु गरिएको थियो । पाँचौं योजनामा यसको बाँकी ६ किलोटिमर सडकलाई खण्डास्मित गरिनेछ ।

(६) **नेपालगञ्ज–गुलरिया:** बाँके जिल्लाको नेपालगञ्ज तथा बर्दिया जिल्लाको गुलरियालाई जोड्ने यो सडकको कूल लम्बाई ३८ कि.मि. हुने अनुमान छ । दुई जिल्लाको बीचको यस सहायक मार्गबाट यहाँका जनाताहरूलाई आवागमनको कठिनाईहरूको समाधान गर्नमा निक्कै नै मद्दत गर्नेछ । पाँचौं योजनामा अधिकतम कार्यक्रम अन्तर्गत यस सडकको सम्पूर्ण लम्वाईलाई खण्डास्मित गर्ने लक्ष्य छ ।

(७) **विराटनगर–रंगेली:** मोरङ्ग जिल्ला पर्ने २२ कि.मि. लामो विराटनगर–रंगेली सडकको कालोपत्र गर्ने कार्य चौंथौ योजना अवधिमा नै प्रारम्भ गरिएको थियो । पाँचौ योजनामा यसको बँकी २ किलोमिटरलाई कालोपत्र गर्ने लक्ष्य छ ।

(८) **काउलेथाना–ककनी:** पर्यटक आर्षक ककनीलाई काठमाडौं–त्रिशूली सडकको काउले थानामा जोडिने यस सडकको लम्बाई ४ किलोमिटर छ । पाँचौ योजनामा अधिकतम कार्यक्रमको रूपमा यसलाई कालोपत्र गरिने लक्ष्य छ ।

(९) **टिकापुर सडक:** कैलानीको टिकापुर विकास योजनाको लागि आवश्यक भएको यस सडक टिकापुर देखि भारत सीमाना सम्म करिव १५ किलोमिटर पुग्न आउने अनुमान छ । पाँचौ योजनामा यस सडकलाई खण्डास्मित स्तर निर्माण गर्ने लक्ष्य निर्धारण गरिएको छ ।

(१०) **पनौती– खोपासी:** करिब ३ किलोमिटर लामो पनौती–खोपासी सडकलाई पाँचौ योजनाकालमा अधिकतम कार्यक्रम अन्तर्गत खण्डास्मित गरिनेछ ।

संभाव्यता अध्ययन तथा विस्तृत सर्वेक्षण पछि निर्माण:

यस पाँचौयोजनामा त्रिशूली– स्याप्रुवेसी, हेलम्बु–पाँचखाल र विराटनगर–हरैचामोड, कानेपोखरी–लेटाङ्ग शिखरवास सडक आयोजनाको संभाव्यता अध्ययन तथा विस्तृत सर्वेक्षण गरिनेछ । यस किसिमको अध्ययन पछि आर्थिक औचित्यको आधारमा त्रिशूली–स्याप्रुवेसी तर्फ ७० किलोमिटर कच्ची र हेलम्बु पाँचखालमा निर्माण कार्य प्रारम्भ गरी १२ किलोमिटर कच्ची र विराटनगर–हरैचा मोड कानेपोखरी–लेटाङ्ग–शिखरवासमा ३४ किलोमिटर खण्डास्मित निर्माण समेत गरी जम्मा ११६ किलोमिटर सडक निर्माण गर्ने लक्ष्य छ ।

मुख्य शहरी सडकहरू:

१. **शहरी सडक:** शहरी सडक भन्नाले काठमाडौं उपत्यका लगायत अधिराज्यका अन्य ठूल–ठूला शहरी क्षेत्र भित्रका सडकहरू भन्ने बोध गराउँछ । विगत योजनाहरूमा पनि शहरी सडकहरूलाई आवश्यकता अनुसार स्तर बृद्धि गर्दै लाने नीति अनुरूप कार्य भएको थियो । यस योजना अवधिमा खण्डास्मित तथा कच्ची अवस्थामा रहेका शहरी सडकहरू मध्ये ४० कि.मि. कालोप गर्ने लक्ष्य छ ।

२. **काठमाडौं चक्रपथ:** यस चक्रपथको लम्बाई हाल २४.४० कि.मि. हुन आएको छ । चीन सरकारको सहायता अन्तर्गत चौथो योजनाको अन्त्यतिर निर्माण प्रारम्भ गरिएको यस सडकबाट क्रमश: विस्तार हुँदै गईरहेको काठमाडौं शहरलाई यातायात सुविधा उपलब्ध हुने तथा शहरको निकटवर्ती क्षेत्रहरूको क्रमिक रूपले विकास हुदै जानेछ । यसको रेखाङ्कन काठमाडौं शहरी क्षेत्रको आसपासमा रहेको चावहिलबाट सुरु भै बाँसवारी, स्वयम्भू, नैकाप, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, नख्खु, पाटन सातदोबाटो, कोटेश्वर (काठमाडौं–भक्तपुर राजमार्गको) र वत्तिसपुतली भै पुन: चावहिलमा जोडिन्छ । पाँचौ योजनाकालमा यसको सम्पूर्ण लम्वाईलाई कालोपत्र गरिन्छ ।

३. **बलखु खोला–चोभार:** चोभारस्थित सीमेन्ट कारखाना उत्पादन एवं सञ्चालनमा आएकोले सामान ढुवानीको परिमाणमा ठूलो बृद्धि हुने हुँदा हाल भएको दक्षिणकाली सडकले धान्न नसकिने हुन आउँदछ । तसर्थ

पाँचौ योजनाको प्रारम्भमानै वलखु खोलादेखि चोभारसम्म ५ किलोमिटरको खण्डमा आवश्यक सुधार तथा निर्माण कार्य गरिनेछ ।

सर्वेक्षण तथा संभाव्यता अध्ययन:

पाँचौ योजना अवधि भित्र निम्नलिखित सडक आयोजनाहरूको सर्वेक्षण कार्य सम्पन्न गरिनेछ ।

१. **धनवढी–डँडेलधुरा राजमार्ग डोटी सडक:** सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा हाल निर्माण भैरहेको धनवढी–डँडेलधुरा राजमार्गलाई डोटीसित जोड्ने संभाव्यता बारे अध्ययन तथा सर्वेक्षण गरिनेछ ।

२. **डँडेलधुरा–डोटी–वभ्राङ्ग तथा डँडेलधुरा–वैतडी:** धनगढी–डँडेलधुरा राजमार्गबाट डोटी जाने सडकको विस्तृत सर्वेक्षण डँडेलधुरा डोटीबाट वभ्राङ्ग जाने सडकको प्रारम्भिक सर्वेक्षण कार्य पूरा गरिने छ ।

३. **महेन्द्रराजमार्ग–सिन्धुली–नाबुघाट:** यो सडकको प्राविधिक सम्भाव्यता अध्ययन भैसकेको छ । यो सडकले मध्ये पहाडी क्षेत्रमा पूर्व पश्चिम दिशामा बन्ने काठमाडौ–धनकुटा राजमार्गलाई नाबुघाटमा भेट्दछ र यसबाट पूर्व–पश्चिम र उत्तर–दक्षिण आवागमनमा मद्दत पुग्ने देखिन्छ । पाँचौ योजनाकालमा यसको विस्तृत सर्वेक्षण गरिनेछ ।

४. **दाङ्ग–सेर्खेत सडक:** राप्ती अञ्चलको दाङ्ग तथा सुदूर पश्चिाञ्चल क्षेत्रको सुर्खेतलाई जोड्न श्रमदानबाट निर्माण भैरहेको सडकमा संभाव्यता अध्ययन गरी रेखाङ्कन गर्ने कार्य हुनेछ ।

५. **जलेश्वर–गौशाला:** धनुषा जिल्लाको सदरमुकमा जलेश्वरसँग त्यस जिल्लाको एक प्रमुख व्यापार केन्द्र गौशाला जोड्ने यस सडकको संभाव्यता अध्ययन पाँचौ योजनाकालमा गरिनेछ ।

६. **अन्य सडकहरू:** विकास नीति अनुरूप भविष्यमा निर्माण हुने सडकहरूको संभाव्यता अध्ययन र सर्वेक्षण भैरहनु पर्ने भएकोले उपरोक्त सडकहरू बाहेक आवश्यकता अनुसार अन्य सडकहरूको पनि संभाव्यता अध्ययन गरिनेछ ।

पुल तथा झोलुङ्गेपुलहरू:

नेपालको जस्तो भू–वनोट तथा प्रशस्त नदी नाला भएको मुलुकमा सुगम यातायात सेवा उपलब्ध गराउन पुल तथा झोलुङ्गे पुलहरूको आवश्यकता रहने कुरा स्वत: स्पष्ट छ । देशको सबै भागमा सडक निर्माण हुन अझै प्रशस्त समय लाग्ने छ । पहाडी जिल्लाहरूको मूल बाटोमा पर्ने ठूल ठूला तथा खोलाहरूमा पुलहरू मात्र निर्माण हुन सकेमा पनि सर्व साधारण जनताको आवागमनमा ज्यादैनै सुविधा हुनेछ । झोलुङ्गे पुलहरूको अभावले गर्दा दुर्गम तथा विकट स्थानहरूमा आवागमनको ठूलो कठिनाई छ । यसै तथ्यलाई ध्यानमा राखेर पहाडी तथा दुर्गम जिल्लाहरूलाई सुगम यातायातको सेवा प्रदान गर्दै जाने नीति अनुरूप विगत चौथो योजनामा २६ वटा झोलुङ्गे पुलहरू र केही पुलहरू निर्माण गर्ने लक्ष्य राखिएको थियो । यस लक्ष्य अनुसार योजनाको विगत चार वर्षको अवधि सम्ममा, आरुघाट (गोरखा), तुर्केघाट (संखुवासभा), खस्तीवेसी (दोलखा), झाप्रेवगर (पर्वत), धानेघाट (रामेछाप) र स्याप्रुवेसी (रसुवा) गरी ६ स्थानमा मात्र झोलुङ्गे पुलहरूको निर्माण सम्पन्न हुन सक्यो ।

(क) पुलहरू:

पाँचौ योजनामा चौथो योजना अवधिमा प्रारम्भ गरिएको तर सम्पन्न हुन नसकेका तल उल्लेखित पुलहरूको निर्माण पूरा गरी केही नयाँ पुलहरूको समेत निर्माण गरिनेछ ।

१. **कमला पुल:** महेन्द्र राजमार्गको कमला नदीमा रहेकोयो पुल पूर्वाञ्चल तथा मध्यमाञ्चल विकास क्षेत्रको सीमानामा पर्दछ । यो पुलको निर्माण कार्य समाप्त भएपछि पूर्वमा काकरभिट्टा देखि नारायणगढसम्म महेन्द्रराज मार्ग मा अटुट सवारी चालू हुनेछ । यो पुल भारत सरकारको सहयोगबाट निर्माण गरिदैछ र पाँचौ योजनाकालमा यसको निर्माण कार्य पूरा गरिनेछ ।

२. **नारयाणी पुन:** चितौन र नवलपरासी बीचको नारायणीमा निर्माण गरिने यस पुलले महेन्द्र राजमार्गको नारायणगढ–बुटवल सडक र हेटौडा–नारायणगढ सडककलाई जोड्ने छ । यसको निर्माण सम्पन्न भएपछि पूर्व मेचीदेखि पश्चिम वुटवल तथा कोहलपुर सम्म सजिलै सित मोटर चल्न सक्ने हुन्छ । एशियाली विकास बैङ्कको ऋण अन्तर्गत निर्माण हुने महेन्द्र राजमार्गको हेटौडा–नारायणगढ आयोजनामा यो पुलको निर्माण समेत समावेश भएको छ । यसालाई पाँचौ योजनाकालमा पूरा गर्ने लक्ष्य राखिएको छ।

३. **अमलेखञ्ज नं. १, अमलेखगञ्ज नं. २ र परवानीपुरको पुल:** विश्व वैंकको ऋणबाट निर्माण भैरहेको यी पुलहरूको सम्पूर्ण निर्माण कार्य पाँचौ योजनाको पहिलो वर्षमा नै पूरा गर्ने लक्ष्य निर्धारण गरिएको छ ।

४. **माननाला र भार्दा नदीका पुलहरू:** नेपालगञ्जबाट गुलरिया जाने मूल सकडमा पर्ने मान नाला र भार्दा नदीमा निर्माण भइरहेका पुलहरू पाँचौ योजना अवधिमा पूरा गरिनेछ । यी पुलहरूको निर्माणले बाँके र बर्दिया जिल्लाको बीच बाह्रै महिला यातायातको सेवा उपलब्ध हुनेछ ।

५. **तुल्सीपुर–घोराहीमा पर्ने पुलहरू:** राप्ती अञ्चलको सदरकुमाम तुल्सीपुर र दाङ जिल्लाको सदरमुकाम घोराहीबो बीच हाल चालू रहेको सडकमा पर्ने नदीहरूमा पुलहरू नभएको हुँदा बाह्रै महिना यातायात सुचारू

किसिमबाट चल्न सकेको छैन । तसर्थ यस योजना अवधिमा यस बाटोमा पर्ने आवश्यक पुलहरूको निर्माण सम्पन्न गरिनेछ ।

झोलुङेपुल सर्वेक्षण तथा निर्माण:

अधिराज्यका पहाडी तथा दुर्गम जिल्लाहरूमा आवागमनको सुविधा पुऱ्याउन ६०–७० वटा झोलुङ्गे पुलहरूको विस्तृत सर्वेक्षण तथा संभाव्यता अध्ययन गर्ने कार्यक्रम अनुसार चौंथो योजनामा १५ वटाको सर्वेक्षण कार्य पूरा भैसक्ने अनुमान छ । पाँचौ योजनाकालमा बाँकी झोलुङ्गे पुलहरूको संभाव्यता अध्ययन कार्य संयुक्त राष्ट्र संघ विकास कार्यक्रमको सहायाताबाट पूरा गरिनेछ ।

यस योजना अवधिमा संभाव्यता अध्ययन गरिएका र गरिने झोलुङ्गे पुलहरू मध्ये न्यूनतम २५ वटा र अधिकतम ५० वटा निर्माण गरिनेछ । साथै चौथो योजनामा निर्माण सुरु भै पूरा हुन नसकेका अधुरा आयोजनाहरू तथा चालू आयोजनाहरू १७ वटा पनि यसै योजना अवधिमा पूरा गरिने लक्ष्य छ ।

चौगो योजना कालमा पूरा नभएका र प्रारम्भ गरिएका १७ वटा झोलुङ्गे पुलहरू निम्न बमोजिम छन् :

अधुरो र चालू झोलुङ्गे पुलहरू:

१. लुबुघाट (तमोर नदी) तेह्रथुम
२. कल्लीटार (कृष गण्डकी) तनहुँ र चितौन
३. वडीघाट (उललीखोला) गुल्मी
४. ठोक्रेदोभान (तमोर) ताप्लेजुङ्ग
५. रसुवा दोभान, (रसुवा खोला) उदयपुर
६. कावेली (कावेली नदी) पाँच थर
७. पूर्तिघाट (कालीगण्डकी) गुल्मी र पर्वत
८. तल्लुगाउँ (ठूलोभेरी) जाजरकोट
९. राइघाट (सुनकोशी) खोटाङ्ग
१०. तिलताली (सेती) डोटी
११. सिसाघाट (मादी नदी) तनहुँ
१२. रानीघाट (कृष्ण गण्डकी) पाल्पा)
१३. पूर्तिघाट (सुनकोशी) सिन्धुली
१४. टुम्लीङ्गटार (सभाखोला) संखुवासभा
१५. तेउनासघाट स्याङ्जा (राम्दीघाटको पुल सारेको)
१६. सिम्लिघाट (सानु भेरी) रूकुम
१७. सिपाघाट (इन्द्रवाती (सुन्धुपाल्चोक)

राजमार्ग पुन: निर्माण तथा मर्मत संभार र मालसामान:

अधिराज्यको विभिन्न राजमार्गहरू वेलावेलामा आउने भीषण वर्षाद तथा बाढीले गर्दा नराम्रोसित क्षतिग्रस्त हुने हुँदा यस्ता क्षतिग्रस्त राजमार्गहरूको मर्मत तथा पुन: निर्माण गर्ने कायै पाँचौ योजनाकालमा पनि गर्दै रहनु पर्ने हुन्छ । साथै निर्माण भैसकेका राजमार्ग, सहायक मार्गहरू तथा अन्य सडकहरूको संभार तथा सुधार कार्य हुनु पनि अति जरूरी भएकोले यी सडकहरूको संभार कार्यको लागि आवश्यक रोलर, डोजर जस्ता औजारहरूको व्यवस्था योजनामा हुनु जरूरी छ । त्यस्ता औजारहरूको मर्मत संभारको लागि कार्यशालाहरूको निर्माण तथा चाहिने उपकरणहरूको समेतको व्यवस्था गरिनेछ । यस कार्यको लागि विश्व वैंकबाट आवश्यक सहायता प्राप्त हुनेछ ।

हील ट्रेल निर्माण:

देशका विभिन्न पहाडी भागहरूमा मोटर चल्ने स्तरका सडकहरूको निर्माण तत्कालै नहुने र अझै समय लाग्ने हुँदा देशका केही पहाडी भागमा हील ट्रेलहरूको निर्माण गर्दै लग्ने कार्यक्रम रहेको छ ।

पाँचौ योजनाकालमा तानसेन–रिडी, जाजरकोट–तल्लु, दार्जुला व्यास–टिकर लगायत हील ट्रेलहरूको निर्माण कार्य विश्व खाद्य कार्यक्रमको सहायता समेतबाट सम्पन्न गरिने कार्यक्रम रहेको छ ।

विविध:

यस शीर्षक अन्तर्गत छुटफुट अधुरा काम, जग्गा अधिग्रहण तथा मुआव्जा वितरण र राजमार्गको दायाँ बायाँ वृक्षारोपण गर्ने कार्यहरू समावेश गरिएका छ ।

सडक विकास सम्बन्धी खर्चको विवरण तल प्रस्तुत गरिएको छ ।

(रु.हजारमा)

खर्च रकम

क्र.स.	आयोजना	न्यूनतम कार्यक्रम	अधिकतम कार्यक्रमको लागि थप
क.	राजमार्ग	६६,२५,००	२६,८५,००
ख.	सहायक मार्ग	२१,७५,००	९,५४,००
ग.	सम्भावइता अध्ययन, विस्तृत सर्वेक्षण तथा निर्माण	३,००,००	
घ.	सहरी सडकहरू	३,००,००	
ङ.	सर्वेक्षण तथा सम्भाव्यता अध्ययन	५०,००	
च.	पुल तथा झोलुङ्गेपुल	७,०१,४०	५,९५,००
छ.	सुधार तथा पुनः निर्माण	५,९५,००	
ज.	हील ट्रल निर्माण	३,००,००	
झ.	विविध	२,७५,००	
	जम्मा:	१,१३,२१,४०	४२,३४,००
	कूलजम्मा:	१,५५,५५,४०/–	

रेल्वे, रोप्वे तथा अन्य यातायातः

नेपालको परिवहन व्यवस्थालाई सुनियोजित किसिमबाट विकास गर्नु नै यस आयोजनाको मुख्य उद्देश्य हो । दोस्रो योजनाकालमा अर्थात् २०२१ सालमा नेपाल यातायात संस्थान ऐन अन्तर्गत "नेपाल यातायात संस्थान" को स्थापना भएको थियो । यस संस्थानबाट रेल्वे, रोपवे तथा ट्रक सेवाहरू उपलब्ध गर्दै आइरहेको छ । हाल यस संस्थान अन्तर्गत नेपाल रोपवे यातायात नेपाल जनकपुर–जयनगर रेल्वे, एन.जी.आर. (रक्सौल–वीरगञ्ज रेन्वे) तथा ट्रक सेवा आदि सञ्चालन भैरहेको छ ।

यातायातको विभिन्न साधनहरू मध्य रेल्वे तथा रोपवेको पनि विकास गर्ने गुन्जायस नभएको होइन । पाँचौ योजनामा विशेष रेल्वे र रोपवे जस्ता यातायातलाई सुदृढ एवं विस्तार गर्ने आयोजनाहरू समावेश गरिएका छन् । यस सम्बन्धी विवरण तल प्रस्तुत गरिएको छ ।

१. **रेल्वे निर्माण तथा सुदृढीकरणः**

यस शीर्षक अन्तर्गत मुख्यतः २ आयोजनाहरू समावेश छन् । (१) रक्सौल–वीरगञ्ज रेल्वे निर्माण र (२) जनकपुर – रेल्वे सुदृढीकरण ।

१. **रक्सौल –वीरगञ्ज रेल्वेः**

पर्सा जिल्लामा रहेको यो रेल्वे पहिलेको रक्सौल देखि अमलेखगञ्जसम्म लामो रेल्वे लाइनको एक खण्डमात्र हो । यो रेल्वे एन.जी.आर.को नामबाट सञ्चालन भएको थियो । वीरगञ्ज देखि हेटौडा सम्मको सडक निर्माण भएपछि अमलेखगञ्जदेखि वीरगञ्जसम्को रेल्वेबाट कुनै किसिमको फाइदा उपलब्ध हुन नसकेकोले यस खण्डलाई रद्द गरिएको र रक्सौल–वीरगञ्ज खण्डलाई पनि मालसामान ढुवानीमा मात्र सीमित राखिएको छ ।

स्थलमार्गबाट काठमाडौं आउने मालसामनको अधिकांश भाग रक्सौलाबाट आउने गर्दछ । रक्सौल देखि वीरगञ्ज सम्मको रेल्वे लाइन न्यारो गेजको भएको हुँदा भारतको मिटरगेज रेलबाट ल्याएका सबै सामानहरू रक्रौल स्टेशनमा उतारी फेरी हाम्रो न्यारोगेज रेलमा चढाई वा ट्रकद्वारा वीरगञ्ज सम्म ढुवानी गर्ने गरी आएको छ । यस किसिमको लोडिङ्ग अन–लोडिङ्गको समस्या हल गर्न रक्सौल–वीरगञ्ज न्यारोगेज रेल्वे लाइनलाई मिटरगेज रेल्वे लाइनमा परिणत गर्नु लाभदायक हुने देखिएकोले पाँचौ योजनामा यस सम्बन्धी विस्तृत सर्वेक्षण र आर्थिक तथा प्राविधिक संभाव्यता अध्ययन गरिनेछ । संभाव्यता अध्ययनबाट औचित्य देखिएमा निर्माण कार्य समेत गर्ने लक्ष्य निर्धारित गरिएको छ ।

२. **जनकपुर रेल्वे सुदृढीकरणः**

नेपाल अधिराज्यको अर्को रेल्वे जनकपुर रेल्वे हो । यो रेल्वे धेरै पुरानो भएको र यसको लिग तथा सिल्परहरू फेर्नु पर्ने भएको हुँदा पाँचौ योजनाकालमा जनकपुर–विजलपुरा तथा जनकपुर–जयनगर दुवै खण्डहरूको आवश्यक लिग तथा सिल्परहरूको पुनः निर्माण गर्नुको अतिरिक्त रेल्वे वागन तथा बोगीहरूको उपलब्ध गर्ने कार्यक्रम रहेको छ । साथै यस रेल्वेलाई गौशाला सम्म विस्तार गर्न आर्थिक तथा प्राविधिक संभाव्यता अध्ययन पनि गरिनेछ ।

रोपवे यातायात विकासः

नेपाल यातायात संस्थानबाट उपलब्ध भैरहेको यातायात सेवा मध्ये रोपवे यातायात पनि एक हो ।

हाम्रो जस्तो पहाडी मुलुकमा रोपवे यातायातको विकास हुनु उपयुक्त देखिएकोले पाँचौ योजनामा अधिराज्यका पहाडी तथा दुर्गम प्रदेशहरू अन्तर्गतको जोमसोम, वाग्लुङ्ग, भोजपुर–धनकुटा र ओदान–दैलेख बीच रोपवे यातायात विकास सम्बन्धी विस्तृत आर्थिक तथा प्राविधिक संभाव्यता अध्ययन संयुक्त राष्ट्र विकास कार्यक्रमको सहायतबाट सम्पन्न गरिने छ। उल्लेखित ३ स्थानहरू मध्ये संभाव्य देखिएका कुनै एकको निर्माण कार्य पनि अधिकतम कार्यक्रम अन्तर्गत राखिएको छ।

कन्टेनर ट्रक सेवा सञ्चालन:

सन् १९७१ को नेपाल–भारत बीच सम्पन्न भएको व्यापार तथा पारवहन सन्धीमा "नेपालले पनि उक्त क्षेबमा आफ्नै ट्रक सञ्चालन गर्न सकिने व्यवस्था" भए अनुसार संस्थानले कलकत्ता वन्दरगाहबाट नेपाल अधिराज्यको विभिन्न स्थानहरूमा मालसामन ढुवानी गर्न यस आयोजनालाई समावेश गरिएको छ। पाँचौ योजनामा कन्टेदर ट्रक सेवा उपलब्ध गर्न कन्टेदर राइजड् ट्रक, ट्राक्टर, सेमि–ट्रेलर आदि उपलब्ध गर्नुको अतिरिक्त सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विभिन्न किसिमको सेवा प्रदान गरिनेछ। यसको लागि संयुक्त विकास कार्यक्रमबाट सहायता प्राप्त हुने छ।

काठमाडौं–भक्तपुर ट्रलिवस:

विद्यात शक्तिबाट सञ्चालन हुने यस ट्रलिवस आयोजना चौंथो योजनामा प्रारम्भ गरिएको हो। भक्तपुरको सूर्य विनायकदेखि काठमाडौको त्रिपुरेश्वरमा टुङ्गिने यस आयोजनाको सम्पूर्ण लम्वाई १२.७३ किलोमिटर हुन आउने अनुमान छ। यस आयोजना अन्तर्गत २२ वटा सिङ्गल ट्रलिवसहरू रहेका छन्। यी ट्रलिवसहरूबाट प्रतिदिन १५ हजार यात्रुहरूलाई वसार पसार गर्न सकिनेछ। यसले ८०० किलोवाट विद्युत शक्ति खपत गर्ने छ। पाँचौ योजनाको प्रथम वर्षमानै यस आयोजना सम्बन्धी बाँकी सम्पूर्ण कार्यपूरा गर्नुको साथै ट्रलिवस सञ्चालन सम्बन्धी प्रशिक्षण गइनेछ।

खर्चको रकम:

रेल्वे, रोपवे तथा अन्य यातायात विकास सम्बन्धी खर्च विवरण तल प्रस्तुत गरिएको छ।

क्र.सं.	आयोजना	खर्च रकम न्यूनतम कार्यक्रमको लागि रकम	(रु.हजारमा) अधिकतम कार्यक्रमको लागि थप रकम
क.	रेल्वे निर्माण तथा सुदृढीकरण	१,८०,००	–
ख.	रोपवे यातायात विकास	१,००,००	२,५८,०२
ग.	कन्टेनर ट्रक सोवा	६१,९८	–
घ.	काठमाडौं– भक्तपुर ट्रलिवस	६,००	–
	जम्मा	**३,४७,९८**	**२,५८,०२**
	कूल जम्मा:	**६,०६,००/–**	

अनुसूची न. १

पाँचौ योजना (२०३२–३७) को कार्यक्रम

सडक यातायात

(रु.हजारमा)

क्र. सं.	आयोजनको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य		आयोजनामा लाग्ने खर्च		कैफिय
राजमार्गहरूको निर्माण						६६,२५,००	२६,८५,००	
क.	महेन्द्र राजमार्गको बाँकी खण्ड							
१	क. कोहलपुर–वनवासा (१९१ कि.मि.)	बाँके, बर्दिया, कैलानी तथा कञ्चनपुर जिल्लाहरू	चालू	महेन्द्रनगर–चिसापनी खण्ड तर्फ		२,००,००	–	
				१.	खण्डास्मित: १० कि.मि.			
				२.	कच्ची : ४० कि.मि.			
					कूल: ५० कि.मि.			
	ख) कोहलपुर– वनवासा (१९१ कि.मि.)	,,	चालू	महेन्द्रनगर–चिसापनी खण्ड तर्फ		–	१८,८५,००	
				१.	खण्डास्मित: १०२ कि.मि.			
२.	बुटवल–कोहलपुर (२५१ कि.मि.)	रूपन्देही, कपिलवस्तु, तौलिहवा, दाङ्ग, बाँके जिल्ला	चालू	१.	कालोपत्र: २५१ कि.मि.	१७,५०,००	–	
३.	हेटौडा–नारायणगढ (८० कि.मि.)	मकवानपुर र चितौन	चालू	१.	कालोपत्र: ८० कि.मि.	१३,००,००	–	
	ख) उत्तर–दक्षिण राजमार्ग:							
	१. धरान–धनकुटा (६५ कि.मि.)	सुनसरी धनकुटा	चालू	१.	खण्डास्मित: ५८ कि.मि.	११,७५,००	–	
	२. महेन्द्र राजमार्ग– सुर्खेत (८४ कि.मि.	बाँके, बर्दिया र सुर्खेत	चालू	१	कालोपत्र १३ कि.मि.	११,००,००	–	
				२.	खण्डास्मित : ७१ कि.मि.			
					कूल: ८४ कि.मि.			
	३. धनगढी– डँडेलधुरा (१४० कि.मि.)	कैलाली, डोटी र डँडेलधुरा	चालू	१	खण्डास्मित: ८४ कि.मि.	९,००,००	–	
	ग. मध्ये पहाडी पूर्व पश्चिम राजमार्ग							
१	क. पोखरा–सुर्खेत (४०० कि.मि.)	पश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको मध्य पहाडी जिल्लाहरू	नयाँ	१.	खण्डास्मित: १० कि.मि.	१,००,००	–	
	ख. पोखरा–सुर्खेत (४०७ कि.मि.)	,,	नयाँ	१	खण्डास्मित: १० कि.मि.	–	५,००,००	
				२.	कच्ची : ११० कि.मि.			

					कूल : १२० कि.मि.			
२.	क. काठमाडैं–धनकुटा (४०० कि.मि.)	मध्यमाञ्चल तथा पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत मध्य पहाडी जिल्लाहरू	नयाँ	१	कच्ची : १५ कि.मि.	१,००,००	–	
	ख. काठमाडौं–धनकुटा (४०० कि.मि.)	,,	नयाँ	१	कच्ची: ६५ कि.मि.	–	३,००,००	
सहायक मार्गहरू:								
क.	महेन्द्र राजमार्गको सहायक मार्ग					२१,७५,००	९,५४,००	
	१. महेन्द्र राजमार्ग–कन्याम –इलाम (८४ कि.मि.)	झापा र इलाम	चालू	१	खण्डास्मित: ४७ कि.मि.	४८,००	–	
	२. महेन्द्र राजमार्ग– भद्रपुर (२१ कि.मि.)	झापा	चालू	१.	कालोपत्र: १३ कि.मि.	२१,००	–	
	३. महेन्द्र राजमार्ग–राजविराज (१० कि.मि.)	सप्तरी	चालू	१	खण्डास्मित : १० कि.मि.	१६००	–	
	४. महेन्द्र राजमार्ग–सिराह (२१ कि.मि.)	सिरहा	चालू	१	कालोपत्र : २१ कि.मि.	–	१,२५,००	
	५. महेन्द्र राजमार्ग–मलंगवा (२५ कि.मि.)	सर्लाही	नयाँ	१	कालो पत्र: २५ कि.मि.	–	१,३०,००	
	६. महेन्द्र राजमार्ग –तौलिहवा (१८ कि.मि.)	कपिलवस्तु	नयाँ	१	खण्डास्मित: १८ कि.मि.	–	१,००,००	
	७. महेन्द्र राजमार्ग –तुल्सीपुर (४२ कि.मि.)	दाङ्ग	चालू	१	खण्डामिस्त: ४२ कि.मि.	५,००,००	–	
	८. महेन्द्र राजमार्ग–कृष्णनगर (१८ कि..मि.)	कपिलवस्तु	चालू	१	कालोपत्र: १८ कि.मि.	४०,००	–	
	९.महेन्द्र राजमार्ग –नेपालगञ्ज (२० कि.मि.)	बाँके	चालू	१	कालेपत्र: २० कि.मि.	५०,००	–	
ख.	अन्य राजमार्गका सहायक मार्ग							
	१. लामो साँघु–जिरी (१०५ कि.मि.)	काभ्रे र रामेछाप	चालू	१	खण्डास्मित: १०५ कि.मि.	८,००,००	–	
	२. मुगलिङ्ग– नारायणगढ (३४ कि.मि.)	चितौन	नयाँ	१	खण्डास्मित: ३४ कि.मि.	२,५०,००	–	
	३. मभुवा –साँघु (गोर्खा (२३ कि.मि.)	गोरखा	नयाँ	१	खण्डास्मित: २३ कि.मि	–	२,००,००	
	४. पालुङ्ग– कुलेखानी (२३ कि.मि.)	मकवानपुर	चालू	१	खण्डास्मित: २३ कि.मि.	१,२०,००	–	
	५. भैरहवा– लुम्बिनी (१८ कि.मि.)	रूपन्देही	चालू	१	कालोपत्र: १८ कि.मि.	२,००,००	–	
	६. दोलालघाट– चौतारा (२६ कि.मि.)	सिन्धुपाल्चोक	चालू	१	खण्डास्मित: ६ कि.मि.	२०,००	–	
	७. पृथ्वीराजमार्ग–रूपाताल वेगनासताल (८ कि.मि.)	कास्की	चालू	१	खण्डास्मित: ८ कि.मि.	२०,००	–	
ग.	अन्य सहायक मार्गहरू							
	१. भक्तपुर– नगरकोट (२३ कि.मि.)	भक्तपुर	चालू	१	कालोपत्र: ६ कि.मि.	३५,००	–	
				२.	खण्डास्मित : १७ कि.मि.			
					कूल: – २३ कि.मि.			

	२. गोरखा सडक (४३ कि.मि.)	रौतहट	चालू	१	खण्डास्मितः ४३ कि.मि.	–	२,००,००	
	३. नेपालगञ्ज– गुलरिया (३८ कि.मि.)	बाँके र बर्दिया	चालू	१	खण्डास्मित : ३८ कि.मि.	–	१,७५,००	
	४. चाँगुनारायण– भक्तपुर (५ कि.मि.)	भक्तपुर	नयाँ	१	कालोपत्रः ५ कि.मि.	–	१५,००	
	५. गोकर्ण–साँखु (११ कि.मि.)	काठमाडौं	चालू	१	पुल पुलेसा, टेवा पर्खाल तथा ढल आदि निर्माण पूरा	१०,००	–	
	६. टिकाभैरव सडक (१२ कि.मि.)	ललितपुर	चालू	१	खण्डास्मितः	६ कि.मि.	१०,००	–
	७. विराटनगर–रंगेली (२२ कि.मि)	मोरङ्ग	चालू	१	कालोपत्रः २ कि.मि.	१५,००	–	
	८. काउलेथान–ककनी (४ कि.मि.)	काठमाडौं	चालू	१	कालोपत्रः ४ कि.मि.	–	४,००	
	९. टिकापुर सडक	कैलानी	चालू	१	खण्डास्मितः १५ कि.मि.	२०,००	–	
	१०. पनौती –खोपासी	काभ्रे	नयाँ	१	खण्डास्मितः ३ कि.मि.	–	५,००	
	संभाव्यता अध्ययन तथा सर्वेक्षण पछि निर्माण							
	१. त्रिशूली –स्याप्रुवेसी (७० कि.मि.)	नुवाकोट तथा रसुवा	नयाँ	१	विस्तृत संभाव्यता अध्ययन पूरा गर्ने	–	–	
				२.	निर्माण : कच्ची सडक ७० कि.मि.,			
	२. हेलम्बु –पाँचखाल	काभ्रे सिन्धुपाल्चोक	नयाँ	१	विस्तृत संभाव्यत अध्ययन पूरा गर्ने			
	३. विराटनगर–हरैचा मोड, कानेपोखरी लेटाङ्ग– शिखरवास			२	कच्ची सडकः १२ कि.मि. पूरा गर्ने			
		मोरङ्ग	नयाँ	१	विस्तृत संभाव्यता अध्ययन पुरा गर्ने			
				२	निर्माण खण्डास्मित	३,००,००		
	मुख्य सहरी सडक							
	१. काठमाडौं चक्रपथ (२४ कि.मि.)	काठमाडौं जिल्ला	चालू	१	कालोपत्रः २४ कि.मि.	२,००,००		
	२. बखुखोला–चोभार (५ कि.मि.)	,,	चालू	१	कालोपत्रः ५ कि.मि.	५०,००		
	३. सहरी सडकहरू	अधिराजइका विभिन्न नगर पञ्चायत क्षेत्रहरू	नयाँ	१	कालोपत्रः ४० कि.मि.	५०,००		
	सडक सर्वेक्षण तथा संभाव्यता अध्ययन	विभिन्न जिल्ला तथा अञ्चल	नयाँ		निम्न सडकहरूको सर्वेक्षण तथा संभाव्यता अध्ययन गरिनेछ ।	५०,००		

				१.	धनगढी–डँडलधुरा राजमार्ग देखि डोटी सडक			
				२	डँडेलधुार–डोटी बझाङ सडक			
				३	महेन्द्र राजमार्ग–सिन्धुली नाबुघाट सडक			
				४	दाङ– सुर्खेत सडक			
				५	जलेश्वर –गौशाला			
				६	अन्य सडकहरू			
	पुल तथा झोलुङ्गे पुल					७,०१,४०		
क.	पुलहरू					२,२२,००		
	१. कमला पुलः	सिरहा र धनुषा	चालू	१	बाँकी सम्पूर्ण निर्माण कार्य पूरा गर्ने	१,००,००	–	
	२. अमलेखगञ्ज पुन नं. १	मकवानपुर	चालू	१	बाँकीसम्पूर्ण निर्माण कार्य पूरा गर्ने	१९,००	–	
	३. अमलेखगञ्ज पुल नं २	मकवानपुर	चालू	१	बाँकी सम्पूर्ण निर्माण कार्य पूरा गर्ने	१३,००	–	
	४. परवानीपुर	,,	चालू	१	बाँकी सम्पूर्ण निर्माण कार्य पूरा गर्ने	१८,००	–	
	५. मान तथा मार्दा नदी	बाँके	चालू	१	निर्माण कार्य पूरा गर्ने	६०,००	–	
	६. नारायणी पुल	चितवन	नयाँ	१	निर्माण पूरा	–	–	हेटौडा–नारायणगढ सडक आयोजनामा रकम समावेश भएको
	७. तुल्सीपुर –घोराही सडकमा पर्ने पुलहरू	दाङ्ग जिल्ला	नयाँ	१	सडकलाई बाह्रै महिना चलू राख्न आवश्यक पुल तथा पुलेसाहरू निर्माण	१२,००		
ख.	झोलुङ्गेपुल सर्वेक्षण तथा निर्माण					४,७९,४०	५,९५,००	

	१. विस्तृत सर्वेक्षण	अधिराज्यका विभिन्न पहाडी जिल्लाहरू	नयाँ		५० वटा झोलुङ्गेपुलहरूको विस्तृत सर्वेक्षण पूरा गर्ने			यसको रकम झोलुङ्गे पूल निर्माणमा नै समावेश भएको छ ।
२	(क) २५ वटा नयाँ पुल निर्माण	,,	,,	१	विस्तृत सर्वेक्षण गरिएको झोलुङ्गेपुलहरू मध्ये २५ वटाको निर्माण पूरा गर्ने	४,००,००		
	(ख) २५ वटा नयाँ पूल निर्मँण	अधिराज्यका विभिन्न पहाडी जिल्लाहरू	नयाँ	१	विस्तृत सर्वेक्षण गरिएको पुलहरू मध्ये बाँकी २५ वटाको निर्माण पूरा गर्ने	–	५,९५,००	
३.	१७ वटा चालू पुलहरू	,,	चालू		१७ वटाको निर्माण पूरा गर्ने	७४,४०	–	
	राजमार्ग पुनः निर्माण तथा मर्मत सम्भार र माल सामान					५,९५,००	–	
	(क) राजमार्ग पुनः निर्माण	विभिन्न जिल्लाहरू	नयाँ		भीषण वर्षाद् तथा बाढीले क्षेत्रीग्रस्त भएको निम्न राजमार्गहरूको मर्मत तथा पुनः निर्माण गरिने छ ।	२,५०,००	–	
				१	त्रिभुवन राजमार्ग (त्रि.रा.प.)			
				२.	अरनिको राजमार्ग (काठमाडौं–कोदारी)			
				३	पृथ्वी राजमार्ग (नौविसे – पोखरा)			
				४	सिद्धार्थ राजमार्ग (सुनौली– पोखरा)			
				५	महेन्द्र राजमार्गको पूर्वीय खण्डहरू			
	(ख) मर्मत सम्भार र मालसामन	–	चालू	१	सडक मर्मत सम्भार सम्बन्धी मेशिनरी तथा उपकरणहरू उपलब्ध गर्ने	३,४५,००		

				२	कार्यशाला भवनहरु निर्माण पूरा गर्ने			
	हीलट्रेल निर्माण:	विभिन्न पहाडी जिल्लाहरु	नयाँ		निम्न हील ट्रेलको निर्माण गरिनेछ	३,००,००	–	
				१	तानसेन– रिडी			
				२	जाजरकोट–तल्लु			
				३	दार्चुला –ब्याज–टिकर			
				४	अन्य			
	विविध:	–	सालवसाली	१	सडक निर्माणमा परेका घर जग्गाहरुको अधिग्रहण गरी मुआब्जा वितरण गर्ने	२,७५,००		
				२	राजमार्गहरुको दायाँ बायाँ वृक्षारोपण गर्ने			
				३	छुटफुट अधुरा काम			
					जम्मा:	१,१३,२१,४०	४२,३४,००	
					कूल जम्मा:	१,५५,५५,४०/–		

क्र. सं.	**आयोजनको नाम**	**स्थान**	**आयोजनाको स्थिति**	**भौतिक लक्ष्य**		**आयोजनामा लाग्ने खर्च**		**कैफिय**
१	रेल्वे निर्माण तथा सुदृढीकरण							
	क. रक्सौला–वीरगञ्ज रेल्वे	वीरगञ्ज	नयाँ	१	हाल चालूमा रहेको न्यारो गेज रेल्वेलाई मीटगेज रेल्वेमा परिणत गर्ने बारे विस्तृत अध्ययन गर्ने	१,२०,००		
				२	निर्माण प्रारम्भ गर्ने	–		
	ख. जनकपुर रेल्वे सुदृढीकरण	धनुषा	नयाँ	१.	जयनगर–जनकपुर–वीजलपुरा रेल्वे सुदृढीकरण : ३३ माइल	६६,००		

				२	रेल्वे वागन तथा बोग्नी उपलब्ध गर्ने			
				३	जनकपुर–जयनगर रेल्वे लाइनलाई गौशाला सम्म विस्तार कार्यको लागि प्राविधिक अध्ययन गर्ने			
२.	क. रोप्वे यातायात विकास	अधिरज्यका विभिनन पहाडी जिल्लाहरु	नयाँ	१	अधिराज्यको निम्न पहाडी तथा दुर्गम प्रदेशहरुको रोप्वे यातायात विकास सम्बन्धी आर्थिक तथा प्राविधिक संभाव्यता अध्ययन पूरा गर्ने	१,००,००	–	
				क	जोमसोम–वाग्लुङ्ग			
				ख	ओदान–दैलेख सुर्खेत			
				ग	भोजपुर–धनकुटा			
	ख. रोपवे यातायात विकास	–	नयाँ	१	संभाव्यता अध्ययनबाट उपयुक्त ठहरिएको उल्लेखित ३ आयोजना निर्माण प्रारम्भ गर्ने	२,५८,०२		
३.	कन्टेनर ट्रक सेवा सञ्चालन	विभिन्न जिल्लाहरु	नयाँ	१	कलकत्ता वन्दरगाह र नेपला अधिराज्यका विभिन्न स्थानहरु बीच कण्टेनर ट्रक सेवा सञ्चालन गर्न कण्टेनराइजड् ट्रक, ट्राक्टर आदि खरिद गर्ने	६१,९८		
४.	काठमाडौं–भक्तपुर ट्रलिवस	काठमाडौं र भक्तपुर	चालू	१	आयोजना सम्बन्धी बाँकी सम्पूर्ण कार्य पूरा गर्ने	६,००		
				२	ट्रलि वस सञ्चालन सम्बन्धी प्रशिक्षण दिने			
					जम्मा:	३,४७,९८	२,५८,०२	

					कूल जम्मा:	६,०६,००/–	

परिच्छेद १८

हवाई यातायात

आधुनिक यातायात सेवा उपलब्ध गर्ने विभिन्न साधनहरुमध्ये हवाई यातायात पनि एक भएको तथा अधिकांश भू-भाग पर्वतले ढाकिएको हाम्रो जस्तो मुलुकमा यसको विशेष स्थान रहनु स्वाभाविकै हो । देशको सीमित साधन तथा प्राकृतिक वनौटको कारणले गर्दा प्रत्येक जिल्लामा मोटर चल्न सक्ने सडक यातायात सुविधा उपलब्ध गर्न अझै समय लाग्ने छ । यस उसले विगत योजनाहरु अन्तर्गत हवाई यातायातको विकासमा जोड दिदै आएको हो र फलस्वरुप हवाई यातायात तर्फ निकैनै विकास भैसकेको छ ।

देशको बढ्दो यातायातको आवश्यकतालाई पूर्ति गर्दै लान र हवाई सेवालाई बढी भरपर्दो, सुगम र सुरक्षा प्रदान गर्दै जानु पर्ने सन्दर्भमा पाँचौं योजनामा पनि यस क्षेत्रको विकासमा बढी ध्यान जानु स्वाभाविकै हो । पाँचौं योजना अवधिमा हवाई यातायातको विकासको लागि निम्न उद्देश्य, नीति, प्राथमिकता र कार्यक्रम निर्धारण गरिएको छ ।

(क) उद्देश्य:

पाँचौं योजनामा हवाई यातायात विकास सम्बन्धी मुख्य ३ उद्देश्यहरु रहेका छन् । यी उद्देश्यहरु निम्न प्रकार छन् ।

१. देशका विभिन्न भागहरु एक अर्को सित आवद्ध गरी राष्ट्रियता र प्रादेशिक अखण्डताको आधारलाई सुदृढ गर्ने उद्देश्य अनुरुप सडक यातायातको सुविधा पुऱ्याउन लामो समय र बढी खर्च लाग्ने स्थानहरुमा क्रमश; हवाई यातायात सेवा पुऱ्याइने छ ।

२. व्यापक राष्ट्रिय दृष्टिकोणबाट देशको आर्थिक तथा सामाजिक विकासमा प्रादेशिक सन्तुलन कायम गर्न आवश्यक न्यूनतम सघाउ पुऱ्याइने छ ।

३. देशको आर्थिक तथा सामाजिक विकासका साथै अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्न चाहिने वाह्य जगतसितको यातायात सेवालाई सक्षम र सुगम पारिने छ ।

(ख) नीति:

माथि उल्लेख भएका खासखास उद्देश्यहरुलाई हासिल गर्न योजना अवधिमा निम्न नीतिहरु अपनाइने छन् ।

१. आर्थिक दृष्टिकोणबाट दोहरो यातायात सुविधा पुऱ्याउनु पर्ने हाललाई कुनै औचित्य नदेखिएकोले सडक यातायात सुविधा भै सकेको र तत्कालै हुने स्थानहरुमा हवाई सेवाको विकासमा प्राथमिकता नदिने ।

२. प्रादेशिक विकासको दृष्टिकोणबाट आवश्यक तर अन्य वैकल्पिक यातायात सुविधा प्राविधिक हिसावले तत्कालै संभव नभएका स्थानहरुमा हवाई यातायात विकास र विस्तार गर्दै लाने ।

३. बढ्दो अन्तर्राष्ट्रिय सम्पर्क सुहाउदो आधुनिक स्तरको यातायात सेवा सुविधा छानिएका स्थानहरुमा विकास र विस्तार गर्दै लगिने ।

४. देशको सबै भागमा एकै किसिमको वा समान स्तरका सेवा सुविधाहरु पुऱ्याउन आवश्यक र संभव नभएकोले व्यापक राष्ट्रिय दृष्टिकोणले हवाई यातायात सुविधाको विभिन्न स्तर निर्धारण गरी सोही बमोजिम विमानस्थलहरुको वर्गीकरण गर्ने तथा तदअनुरुप यातायात सेवा पुऱ्याइने छ ।

(ग) प्राथमिकता:

हवाई यातायात विकास सम्बन्धी माथि उल्लेख भएका उद्देश्यहरु हासिल गर्न समावेश भएका विभिन्न आयोजनाहरुको कार्यान्वयनमा प्राथमिकताक्रम निम्न अनुसार निर्धारण गरिएको छ ।

१. निर्माणाधीन आयोजनाहरुलाई सम्पन्न गर्ने ।

२. सम्पन्न भई चालु रहेका आयोजनाहरुलाई सुदृढ र सुसंगठित गर्ने ।

३. प्रादेशिक विकासको दृष्टिकोणले आवश्यक स्थानहरुमा नयाँ आयोजनाहरु संचालन गर्ने ।

(घ) विमानस्थलहरुको वर्गीकरण:

विगत योजनाहरुको कार्यान्वयनको फलस्वरुप अधिराज्यमा विमानस्थलहरुको संख्यामा महत्वपूर्ण वृद्धि भएको छ र थप विमानस्थलहरुको निर्माण पनि हुँदै रहेको छ । यी विभिन्न विमानस्थलहरुको महत्व विभिन्न दृष्टिकोणवाट समान रहेको छैन । सवारीको हिसावबाट पनि यिनीहरुलाई एकै स्तरमा राख्न सकिन्न । साथै प्रायः अधिकांश विमानस्थलहरुमा न्यूनतम सुविधाहरु पनि उपलव्ध गर्नु बाँकी नै छ । तसर्थ यी विभिन्न विमानस्थलहरुमा संचार तथा उड्डयन सम्बन्धी आवश्यक सुविधा उपलव्ध गर्नुको अतिरिक्त अन्य व्यवस्था पनि गर्दै लग्नु पर्ने स्थिति छ । कुन विमान स्थललाई कति सम्म सुविधा उपलव्ध गर्ने हो, कुन प्रकारको संचार उपकरणहरु उपलव्ध गर्ने, कुन स्तरको विमान सम्मलाई उत्रन दिने आदिको व्यवस्था गर्न हाल चालूमा रहेका विमानस्थलहरुको वर्गीकरण गर्नु वान्छनीय भएकोले सम्पूर्ण विमानस्थललाई प्राविधिक तथा प्रशासनिक दृष्टिकोणबाट चार वर्गमा वर्गीकरण गरिएको छ । यस अनुसार "क" वर्गमा त्रिभुवन विमानस्थल, काठमाडौ, "ख" वर्गमा भैरहवा, विराटनगर र नेपालगंज विमानस्थलहरु, "ग" वर्गमा धनगढी, सुर्खेत, भरतपुर, सिमरा, जनकपुर, राजविराज, दाङ्ग, भद्रपुर, गोरखा र तुम्लिंगटार र "घ" वर्गमा बाँकी रहेका सबै कच्ची तथा पक्की साना हवाई मैदान (स्टोल)हरु रहेका छन् । "क" वर्गको विमानस्थल अन्तर्राष्ट्रिय स्तरको हुनेछ र यसको धावन मार्ग १०,००० फीटको हुनेछ । "ख" वर्ग अन्तरगत पर्ने विमानस्थलहरुको धावन मार्ग साधारणत ५,००० फिटको तथा पक्की हुनेछ । "ग" वर्ग अन्तर्गत पर्ने विमानस्थलहरुको धावन मार्गहरु कच्ची तथा कम्तीमा ३,००० फिटको हुनेछ । "घ" वर्गमा पर्ने हवाई मैदानहरुको धावनमार्ग कच्ची र एप्रोन समेत हुनेछ । यी विभिन्न वर्गमा पर्ने विमानस्थलहरुको न्यूनतम सुविधाहरु तलको तालिकामा उल्लेख गरिएको छ ।

अधिराज्यका विमानस्थलहरुको वर्गीकरण तथा उपलव्ध गरिने न्यूनतम सुविधाहरु

वर्ग	विमानस्थलको नाम	न्यूनतम सुविधाहरु	कैफियत
क	त्रिभुवन विमानस्थल काठमाडौं ।	१. टर्मिनल भवन र कण्ट्रोल टावर	
		२. रेडियो, टेलिफोन, टेलिटाइपको मुख्य सञ्चार केन्द्र	
		३. पक्की रन्वे (१०,०००X १५०) प्राँगण र इन्धन भर्ने सुविधा	
		४. माथिल्लो स्तरको फायर स्टेशन तथा फायर टेण्डरहरु	
		५. प्रहरी चौकी, कार्यालय र आवासगृह	
		६. उड्डयन सहायक उपकरण जम्मा ५	
		७. मौसम सम्बन्धी एम.एम.ओ. कार्यालय	
		८. हेंगर, कार्गो स्टोर्स, भन्सार, हुलाकको व्यवस्था	
		९. मिडियन इन्टेन्सीटी एयरपोर्ट लाइटिङ्ग, सिम्पुल एप्रोच लाइटिङ्ग र टी. भासिज	
		१०. ट्रान्समिटिङ्ग र रिसिभिङ्ग स्टेशन	
		११. पावर कण्ट्रोल	
		१२. सेन्ट्रल इन्जीनियरिङ्ग वर्कशप	
		१३. इन्जीनियरिङ्ग प्रयोगशाला	
		१४. सिभिल मेण्टिनेन्स भवन तथा यार्ड	
		१५. ग्यारेज, कारपार्किङ्ग इत्यादि	
		१६. खाने र अन्य प्रयोगको लागि प्रचूर पानीको व्यवस्था	
		१७. भि.भि.आइ.पी. र भि.आई.पि. भवन र आवश्यक सुविधाहरु	
		१८. अन्तरराष्ट्रिय विमानस्थलमा आवश्यक पर्ने यन्त्र, मेशीन सवारी साधन	
ख	पोखरा, भैरहवा, विराटनगर, र नेपालगञ्ज	१. टर्मिनल भवन र कण्ट्रोल टावर	
		२. रेडियो टेलिटाइप, रेडियो टेलिफोन पि.पि. सञ्चार क्षेत्रीय उपकेन्द्र	
		३. मेडियम साइजको फायर स्टेशन (एभ्रोस्तरीय)	

		४. स्टाफ क्वार्टर र प्रहरी आवास गृह
		५. पक्की रन्वे (५००० X १२०) एप्रोन र इन्धन भर्ने प्रवन्ध
		६. उड्डयन सहायक उपकरण १ र त्यसलाई व्याक अप गर्ने त्यस्तै अर्को उपकरण
		७. मौसम सम्बन्धी डी.एम.ओ.को कार्यालय
		८. हेंगर कार्गो स्टोर्स सुविधा
		९. ट्रान्समिटिङ्ग स्टेशन
		१०. खाने र अन्य प्रयोजनको लागि पर्याप्त पानीको व्यवस्था
ग	धनगढी सुर्खेत, भरतपुर, सिमरा, जनकपुर, राजविराज, तुल्सीपुर (दाङ्ग) भद्रपुर, गोर्खा र तुम्लीङ्गटार	१. टर्मिनल भवन र कण्ट्रोल टावर
		२. कच्ची रन्वे (३००० X १००) र एप्रोन
		३. रेडियो टेलिफोन सञ्चार सुविधा
		४. उड्डयन सहायक उपकरण
		५. मौसम सम्बन्धी एस.एम.ओ.
		६. स्टाफ क्वाटर्स र प्रहरी आवास गृह
		७. खाने र अन्य प्रयोजनको लागि प्रशस्त पानीको व्यवस्था

पोखरा विमानस्थलको हकमा धावन मार्गको स्तर यकिन हुन बाँकी ।

घ	अरु सबै कच्ची तथा पक्की (स्टोलफिल्ड) सानो हवाई	१. टर्मिनल भवन, कण्ट्रोल टावर
		२. रेडियो टेलिफोन सूचना सुविधा
		३. कच्ची रन्वे र एप्रोन
		४. स्टाफ क्वार्टर र प्रहरी आवास गृह
		५. खाने र अन्य प्रयोजनको लागि पानीको व्यवस्था

नोटः यी न्यूनतम सुविधाहरु मध्ये उपलव्ध गर्नु पर्ने उल्लेखित सुविधाहरु क्रमिक रुपमा पुऱ्याइएको छ ।

(ङ) हवाई यातायात विकास कार्यक्रम:

पाँचौं योजना अवधिमा उल्लेखित उद्देश्यहरु प्राप्तिका लागि विभिन्न कार्यक्रमहरु समावेश गरिएका छन् । यी कार्यक्रमहरुलाई मुख्यत: (१) विमानस्थल निर्माण तथा सुदृढिकरण (२) नविकरण तथा थप सुविधा (३) सानो हवाई मैदान (स्टोल) निर्माण तथा थप सुविधा (४) सञ्चार तथा उड्डयन सहाय (५) अग्नी निवारण तथा जीवनोद्धार सेवा र (६) नागरिक उड्डयन सम्वन्धी प्रशिक्षण गरी जम्मा ६ शिर्षकहरुमा विभाजन गरिएको छ ।

(१) विमानस्थल निर्माण तथा सुदृढीकरण:

पाँचौं योजना अवधिमा पोखरा, नेपालगञ्ज, सुर्खेत, धनगढी र महेन्द्रनगर गरी ५ स्थानमा नयाँ विमानस्थलहरु निर्माण, विराटनगर तथा भैरहवा विमानस्थलहरुको बाँकी सम्पूर्ण निर्माण कार्य पूरा गर्ने र त्रिभुवन विमानस्थलको पुरानो धावनमार्गलाई सुदृढीकरण गर्ने कार्य समावेश गरिएको छ । यी उल्लेखित विमानस्थलहरुमा गरिने कार्यहरुको विस्तृत विवरण तल प्रस्तुत गरिएको छ ।

त्रिभुवन विमानस्थल

नेपाल अधिराज्यको सबभन्दा ठूलो तथा पुरानो विमानस्थल त्रिभुवन विमानस्थल सुदृढीकरण भएकोले विगत योजनामा यसको धावनमार्गलाई थप ६,६०० फीट सम्म विस्तार गरी अन्तरराष्ट्रिय विमानस्थलमा परिणत गरेको थियो । यसले गर्दा यस विमानस्थलमा साना तथा मझौला खालका जेट विमानहरुको उडान तथा अवतरण सजिलैसित हुन सक्यो । यसबाट मित्रराष्ट्रहरु सितको हवाई सम्पर्कमा निक्कैनै वृद्धि हुन सक्यो । शुरु शुरुमा केवल भारत सितमात्र हवाई सम्पर्क भएकोमा विस्तार विस्तारै थाईल्याण्ड, वर्मा, पाकिस्तान जस्ता मित्रराष्ट्रहरुसित पनि हवाई सम्पर्क स्थापना हुन सक्यो । तीब्रतर गतिले बृद्धि हुँदै आइरहेको हवाई सेवाले गर्दा ६,६०० फीट लामो धावनमार्ग पनि पर्याप्त नभएकोले चौथो योजनाकालमा ६,६०० फीटको धावनमार्गमा ३,४०० फीट (१०३६ मिटर) थप गरी १०,००० फीट पुऱ्याउने लक्ष्य राखी सो अनुरुप कार्य सम्पन्न गरिएको छ ।

हाल निर्माण गरिएको धावनमार्गको भार वहन क्षमता (एल.सी.एन.) एक किसिमको छ तर पुरानो ६,६०० फीट धावनमार्गको भार वहन क्षमता अर्कै हुँदा यसको पुन: निर्माण तथा सुदृढीकरण गर्नु अतिनै आवश्यक भैसकेको छ । यस उसले पाँचौं योजना अवधिमा पहिलेको धावनमार्गको सुदृढीकरण गर्ने तथा अन्तरराष्ट्रिय विमानस्थललाई सुहाउँदो स्तरको नयाँ विसौनी (टर्मिनल) भवन, प्राङ्गण क्षेत्र (एप्रोन) प्रवेश थप, कार पार्किङ्ग क्षेत्र आदिको विस्तृत नाप नक्सा तथा लगत अनुमान तयार गर्ने आदि कार्य न्यूनतम लक्ष्यको रुपमा निर्धारण गरिएको छ । अधिकतम लक्ष्य अन्तर्गत नयाँ टर्मिनल भवन, प्राङ्गण क्षेत्र, प्रवेशपथ आदिको निर्माण प्रारम्भ गरिनेछ ।

पोखरा विमानस्थल:

पश्चिमाञ्चल विकास क्षेत्रको केन्द्र पोखरा पर्यटन उद्योगको दृष्टिकोणबाट पनि अत्यन्त महत्वपूर्ण स्थान हो । पोखरामा हाल एक कच्चि विमानस्थल रहेको छ । यही विमानस्थलबाट नै वर्तमान हवाई यातायात सेवा उपलव्ध भैरहेको छ । हुन त बढ्दो हवाई सेवाको मागलाई पूर्ति गर्न चौथो योजनाले ५,७०० फिट लामो धावन मार्ग भएको विमानस्थल नयाँ स्थानमा निर्माण गर्ने लक्ष्य राखेको थियो तर कतिपय कारणहरुले गर्दा यसको निर्माण सम्पन्न गर्न सकिएन ।

पाँचौं योजनामा नयाँ स्थानमा ५,७०० फिट लामो धावनमार्ग भएको एक पक्की विमान स्थलको निर्माण सम्वन्धी प्रारंभिक कार्य न्यूनतम लक्ष्यको रुपमा निर्धारण गरिएको र निर्माण सम्पन्न गर्ने अधिकतम रुपमा रहेको छ । आवश्यक देखिएमा त्रिभुवन विमानस्थलको वैकल्पिक विमानस्थलको रुपमा प्रयोग गर्न सकिने किसिमबाट यसको निर्माण गरिने छ । यसको लागि धावनमार्ग १०,००० फिट सम्म विस्तार गर्न सकिने गरी जग्गा अधिग्रहण हुनेछ । यसको अतिरिक्त विसौनी (टर्मिनल) भवन, प्रागंण (एप्रोन) तथा प्रवेश पथ आदिको निर्माण हुनेछ ।

नेपालगञ्ज विमानस्थल:

सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको व्यापारिक केन्द्रको रुपमा रहेको नेपालगञ्जले विषेश महत्व राखेको कुरा सर्वविदितै छ । हाल यस क्षेत्रमा डेकोटा विमान उत्रन सकने खालको ३,००० फिट लामो र १५० फिट चौडा धावनमार्ग भएको कच्ची विमानस्थल चालुमा रहेको छ । हाल चालुमा रहेको विमानस्थल भन्दा उपयुक्त स्थानमा एक छुट्टै एभ्रो स्तरको विमान उत्रने खालको ५,००० फिट लामो पक्की धावनमार्ग भएको आधुनिक ढङ्गको विमानस्थल निर्माण गर्ने लक्ष्य चौथो योजनामा पनि रहेको थियो । यस लक्ष्य अनुसार विगत योजनावधिमा विमान स्थल निर्माण गर्ने स्थलको छनौटको कार्य पुरा गरी निर्माणसम्बन्धी प्रारम्भिक कार्यहरु भएको थियो ।

चौथो योजनामा प्रारम्भ गएिको यस विमानस्थलको निर्माण कार्यलाई पाँचौ योजना अवधिमा पुरा गर्ने लक्ष्य राखिएको छ । यस अवधिमा पक्की धावनमार्ग निर्माण गर्नुको अतिरिक्त विसौनी (टर्मिनल) भवन, प्रहरी तथा कर्मचारी भवनहरु, सीभिल मेन्टेनेन्स यार्डस, तथा उड्डयन सहायक उपकरण रहने भवनहरु, कार्यशाला तथा प्रवेश पथ, पानी पूर्ति आदिको व्यवस्था गरिने छ ।

सुर्खेत विमानस्थल:

अधिराज्यको सुदूर पश्चिमाञ्चलमा रहेको सुर्खेत हाल विकास केन्द्रको रुपमा कार्यमा हुन गएकोले प्रशासनिक तथा आर्थिक दृष्टिकोणबाट यसको सन्दर्भमा विशेष महत्वपूर्ण हुन गएको छ । हाल यहाँ एक ३,००० फिट लामो र १५० फिट चौडा धावन मार्गको कच्ची विमानस्थल रहेको छ । यही विमानस्थलले नै यस भेकमा हवाई सेवा पुऱ्याउने कार्य नियमित रुपबाट भैरहेको छ । गत योजनाकाल देखि नै प्रादेशिक सन्तुलन कायम गर्ने हेतुले सुर्खेतलाई सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको केन्द्र घोषित गरियो । यसैले प्रशासनिक तथा अन्य दृष्टिकोणबाट समेत यहाँ भरपर्दो यातायात सेवा उपलब्ध हुनु आवश्यक भएको छ । यसै कुरालाई ध्यानमा राखी चौथो योजनाको मध्य तिर अर्थात आ.ब. २०२९।३० मा आएर यस क्षेत्रको कुनै उपयुक्त स्थानमा बाऱ्है महीना सेवा उपलब्ध हुन सक्ने किसिमबाट एभ्रो स्तरको विमान उत्रन सकिने एक पक्की विमानस्थल निर्माण गर्ने लक्ष्य निर्धारण गरियो सो अनुरुप कार्य प्रारंभ गरियो । विगत योजना अवधिमा केवल विभिन्न वैकल्पिक स्थानहरुको खोजी गर्ने कार्य मात्र हुन सक्यो ।

पाँचौ योजनामा अधिकतम लक्ष्यको रुपमा यस विमानस्थलको निर्माणलाई समावेश गरिएको छ । यस विमानस्थलको धावन मार्गको लम्बाई ५००० फिट तथा चौडाई १०० फिट (१५०० मिटर ३० मिटर) को हुनेछ । यसको अतिरिक्त प्रवेश तथा, कर्मचारी आवास गृह, आदिको निर्माण पनि गरिने छ ।

धनगढी विमानस्थल:

सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने सेती अञ्चलको सदर मुकाम रहेको धनगढी यस भेकका आर्थिक तथा प्रशासनिक दृष्टिकोणबाट महत्वपूर्ण रहि आएको छ । यहाँ अहिले एक कच्ची विमानस्थल रहेको छ र यसै विमानस्थलबाट नै यस क्षेत्रको हवाई सेवाको मागलाई पूर्ति गर्ने कार्य भैरहेको छ । यो विमानस्थल धनगढी बजारसित जोडिएर रहेको हुँदा यसलाई बजार देखि केही पर उपयुक्त स्थानमा सार्नु अत्यन्त आवश्यक भएको हुँदा चौथो योजना अवधिमा यस तर्फ विशेष कदम चालिएको थियो । यस अवधिमा हालको विमानस्थल भन्दा उत्तर तर्फ प्राविधिक दृष्टिकोणबाट उपयुक्त स्थान छनोट गरी निर्माण सम्वन्धि केही कार्यक्रम प्रारंभ गरिएको थियो ।

पाँचौं योजना अवधिमा १८०० मिटर लम्बाई तथा २०० मिटर चौडा भएको कच्चा विमानस्थलको सम्पूर्ण निर्माण कार्य पुरा गरी विसौनी (टर्मिनल) भवनको निर्माण तथा विमानस्थल वरीपरी वार लगाउने कार्य तथा प्रवेश पथ निर्माण, प्रहरी तथा कर्मचारी आवास गृह, एन.डी.वी. भवन निर्माण आदि कार्य पनि पूरा गर्ने लक्ष्य छ ।

विराटनगर विमानस्थल:

पूर्वाञ्चलको मोरङ्ग जिल्लामा पर्ने तथा देशको दोस्रो महत्वपूर्ण विमानस्थलको रुपमा रहेको यो विमानस्थलको धावनमार्ग तथा टर्मिनल भवनहरुको विस्तार सम्वन्धी निर्माण कार्य एशियाली विकास बैंङ्कको

ऋणबाट चौथो योजनाको अन्तसम्ममा प्राय: पुरा गरिएको थियो । गत आर्थिक वर्ष २०३१।३२ मा आएको भीषण वर्षादले गर्दा यस विमानस्थललाई क्षति पुऱ्याएको हुँदा पाँचौ योजना कालमा क्षति ग्रष्त भागलाई पुन: निर्माण गर्ने कार्य पूरा गरिने छ ।

भैरहवा विमानस्थल:

पश्चिमाञ्चल क्षेत्रको रुपन्देही जिल्लामा पर्ने भैरहवा विमानस्थलको धावनमार्गलाई ५,००० फिट सम्म तथा टर्मिनल भवन आदिको विस्तार सम्बन्धि निर्माण कार्य एशियाली विकास बैंकको ऋण अन्तर्गत चौथो योजनामा शुरु गरिएको थियो । यस विमानस्थलको विस्तार सम्वन्धी बाँकी सम्पूर्ण कार्य पाँचौ योजना कालमा पूरा गर्ने लक्ष्य निर्धारण गरिएको छ ।

महेन्द्रनगर विमानस्थल:

महाकाली अञ्चलको सदर मुकाम भए पनि महेन्द्रनगर हवाई यातायातको दृष्टिकोणबाट अझै पिछडिएको अवस्थामा छ । यहाँ जनश्रमदानबाट निर्माण भएको एक कच्ची हवाई मैदान छ । शाही नेपाल वायु सेवा निगमबाट पनि यही जनश्रमदानबाट बनेको हवाई मैदानमा सेवा उपलव्ध गर्ने कार्य भैरहेको छ । पाँचौं योजनामा वर्तमान हवाई मैदानमा आवश्यक सुधारका साथै धावनमार्गमा विस्तार गर्ने लक्ष्य निर्धारण गरिएको छ । साथै विमानस्थलको चारैतिर वार लगाई विसौनी (टर्मिनल) भवनको निर्माण पनि गरिएको छ ।

(२) विमानस्थल नविकरण तथा थप सुविधा:

अधिराज्यको विभिन्न जिल्ला तथा स्थानहरुमा चालु भैरहेको विमानस्थलहरुमा कतिपय आवश्यक सुविधा तथा सेवाहरुको पूर्ति गर्न बांकी रहेको र यस्ता सुविधाहरु क्रमश: उपलव्ध गर्दै जाने नीति अनुसार चौथो योजना देखिनै यस तर्फ विशेष कार्यक्रमहरु सञ्चालन गरिदै आएको हो । विगत योजनाहरुमा निर्माण गरिएको अधिकांश विमानस्थलहरुमा धावन मार्ग, विसौनी (टर्मिनल) भवन र एक दुई प्रशासकीय भवनहरुमात्र उपलव्ध थियो । विमानस्थलहरुलाई सुचारु रुपले चालु राख्न अन्य कतिपय सुविधाहरुको आवश्यकता हुन्छ । तसर्थ: यी सुविधाहरुलाई क्रमश: उपलव्ध गर्दै लग्ने उद्देश्य अनुरुप पाँचौं योजनामा पनि यस कार्यक्रमलाई समावेश गरिएको छ ।

पौचौं योजनामा विशेष गरेर त्रिभुवन विमानस्थल, विराटनगर, भैरहवा, जनकपुर, चन्द्रगढी (झापा), राजविराज, दाङ्ग, सिमरा र महेन्द्रनगर विमानस्थलहरु गरी ९ विमानस्थलहरुमा थप सुविधाहरु उपलव्ध गरिनेछ । यी विमानस्थलहरुमा योजना अवधिमा उपलव्ध गराउने खास खास सुविधाहरुको विवरण तल प्रस्तुत गरेको छ ।

त्रिभुवन विमानस्थल:

त्रिभुवन विमानस्थल हाल निकै चालु अवस्थामा भएको हुँदा यसकोलागि प्रशासनिक तथा सञ्चार उड्डयन सम्वन्धी भवनहरु जस्तै प्रहरी आवास गृह, ट्रान्समिटिङ्ग तथा रिसिभिङ्ग स्टेशन भवनहरु आदि निर्माण गरिनुको साथै ढल व्यवस्था, भी.भी.आई.पि. लाउन्ज जस्ता सुविधाहरु विगत वर्षहरुमा उपलव्ध गरिएको थियो । पाँचौ योजना अवधिमा यस विमानस्थलको लागि स्टोर भवन, केन्द्रीय कार्यशाला भवन, इन्सीनेटर घरको साथै हालको बारुणयन्त्र भवन ज्यादै सानो र विस्तार गरिएको धावनमार्गको सन्दर्भमा ठीक स्थानमा पनि नरहेको मध्यम स्तरीय फायर टेण्डरलाई हुने किसिमबाट नयाँ बारुणयन्त्र भवन निर्माण गरिने कार्यक्रम छ । यसको अतिरिक्त बढ्दो पानीको आवश्यकतालाई पूर्ति गर्ने व्यवस्था पनि गरिनेछ ।

विराटनगर विमानस्थल :

हाल यस विमानस्थलमा विसौनी भवन, जेनेरेटर भवन, वारुण यन्त्र भवन, कर्मचारी तथा प्रहरी आवास गृह रहेको छन् । पाँचौं योजनामा विमानस्थलको लागि अहिलेको भन्दा ठूलो फायर टेण्डर उपलव्ध गराइने भएकोले वर्तमान वारुणयन्त्र भवन सानो हुने हुँदा यस भवनलाई आवश्यकता अनुसार विस्तार गरिने छ । साथै, ट्रान्समिटिङ्ग स्टेशनको लागि १ जेनेरेटर भवन र मेट्रोलजिकल यूनिट आदिको निर्माण कार्य समेत गरिने छ ।

भैरहवा विमानस्थल:

यस विमानस्थलको धावन मार्ग ५००० फीट पुगेको छ र यहाँको यात्रु विश्राम (टर्मिनल) भवनलाई पनि विस्तार एवं सुधार गर्ने कार्य पुरा गरिएको छ । यस विमानस्थलमा हाल विसौनी (टर्मिनल) भवन, जेनेरेटर भवन, वारुण यन्त्र भवनको अतिरिक्त कर्मचारी तथा प्रहरी आवास गृहहरु छन् । पाँचौं योजनामा मझौला खालका फोम टेण्डर (वारुणयन्त्र उपकरण) उपलव्ध गरिने भएको हुँदा हालको वारुणयन्त्र भवनलाई आवश्यक सुधार तथा विस्तार गरिनाका साथै ट्रान्समिटिङ्ग स्टेशनको निमित्त एक जेनेरेटर भवन, मेट्रोलजिकल युनिट आदिको निर्माण कार्य समेत गरिनेछ ।

जनकपुर विमानस्थल :

यसको धावन मार्ग ३,३०० फीट लामो र १०० फीट चौडा रहेको छ । यस विमानस्थलमा विसौनी (टर्मिनल) भवन, वारुणयन्त्र भवन, जेनेरेटर भवनको साथै कर्मचारी आवास गृह तथा प्रहरी आवास गृह पनि छन् । पाँचौं योजना अवधिमा यस विमानस्थलको लागि मेट्रोलजिकल युनिटको स्थापना, पानी पूर्तिको व्यवस्था, ट्रान्समिटिङ्ग स्टेशनको निमित्त जेनेरेटर घर आदि उपलव्ध गरिने छ । साथै धावनमार्गमा आवश्यक सुधार तथा ढल सम्वन्धी कार्य अधिकतम लक्ष्यको रुपमा समावेश गरिएको छ ।

राजविराज विमानस्थल :

यो एक कच्ची विमानस्थल हो र यसको धावनमार्ग ५२०० फीट लामो तथा १०० फीट चौडा छ । हाल यहाँ विसौनी (टर्मिनल) भवन तथा टावर र जेनेरेटर भवन रहेका छन् । पाँचौ योजना अवधिमा न्यूनतम लक्ष्यको रुपमा एक प्रहरी आवास गृह दुईवटा कर्मचारी आवास गृह, ट्याक्सी प्राङ्गण (एप्रोन) प्रवेश पथ आदिको निर्माण गर्ने कार्य रहेको छ । थप २ वटा कर्मचारी आवास गृह अधिकतम लक्ष्यको रुपमा समावेश छन् ।

चन्द्रगढी (झापा) विमानस्थल :

यो कच्ची विमानस्थलको धावनमार्ग ५,००० फीट तथा चौडाई १५० फीटको छ । यस विमानस्थल विसौनी (टर्मिनल) भवन, जेनेरेटर तथा कर्मचारी आवास गृहहरु उपलव्ध छन् । पाँचौं योजना अवधिमा प्रहरी आवास गृह निर्माण तथा अन्य आवश्यक सुविधाहरु उपलव्ध गरिने छ ।

दाङ्ग विमानस्थल :

कच्ची अवस्थामा रहेको यस विमानस्थलको धावनमार्ग २,७३० फीट लामो र चौडा १५० फीट रहेको छ । यहाँ विसौनी (टर्मिनल) भवन, टावर, जेनेरेटर भवन, वारुण यन्त्र भवन तथा कर्मचारी भवनहरु छन् । पाँचौं योजना अवधिमा विमानस्थल सुरक्षाको लागि रहेको प्रहरीहरुको निमित्त आवास गृहहरुको निर्माण तथा अन्य आवश्यक सेवाहरु उपलव्ध गरिने छ ।

सिमरा विमानस्थल :

यस विमानस्थलको धावनमार्ग ४,००० फीट लामो तथा चौडाई १५० फीट रहेको छ । यसको अवस्था कच्ची छ र यहाँ विसौनी (टर्मिनल) भवन, टावर, जेनेरेटर घर तथा कर्मचारी आवास गृह रहेका छन् । पाँचौं योजनामा यस विमानस्थलमा मेट्रोलोजिकल यूनिटको व्यवस्था गरिने छ ।

(३) सानो हवाई मैदान (स्टोल) निर्माण तथा थप सुविधा :

नेपाल पहाडै पहाडले ढाकिएको र यहाँका अधिकांश जिल्लाहरु अझै दुर्गम अवस्थामा नै छन् । आधुनिक यातायातको सेवा छिट्टै पुऱ्याउन सक्ने साधनहरु मध्ये हवाई यातायातको स्थान प्रमुख रहेको छ । तर दुर्गम तथा पहाडी जिल्लाहरुमा ठूला खालका विमानहरु उत्रन सक्ने विमानस्थलहरु निर्माण गर्ने गुञ्जायस प्राविधिक तथा आर्थिक दृष्टिकोणबाट सामान्यतः सीमित देखिएकोले त्यस्ता जिल्लाहरुमा उपयुक्त हुने साना हवाई मैदान (स्टोल) हरु निर्माण गर्दै लैजाने कार्यक्रम विगत योजना कालदेखि चालु रही आएको छ ।

विगत योजनाहरुको कार्यान्वयनबाट हवाई विभागबाट निर्माण भएका साना हवाई मैदानहरुको संख्यामा क्रमिक रुपबाट वृद्धि हुँदै आइरहेको छ । यसवाट दुर्गम जिल्लाहरुमा बढी विमान सेवा पुऱ्याउन सकेको छ ।

अधिराज्यका अन्य जिल्लाहरुमा पनि स्टोल सेवा विस्तार गर्दै लग्ने उद्देश्य अनुरुप पाँचौं योजना अवधिमा ५ वटा साना हवाई मैदानहरु निर्माण गर्ने लक्ष्य रहेको छ । यसमध्ये धनकुटा, हुम्ला, भोजपुर

बैतडीमा गरी ४ वटाको निर्माण पुरा गर्ने न्यूनतम लक्ष्य निर्धारण गरिएको छ । यी हवाई मैदानहरु (स्टोल) मा नियन्त्रण टावर सहितको विसौनी (टर्मिनल) भवन, कर्मचारी आवास गृह तथा प्रहरी आवास गृहको निर्माण गर्ने पनि लक्ष्य रहेको छ ।

साथै यस योजनाकालमा जोमसोम सानो हवाई मैदानमा जेनेरेटर घर, कर्मचारी तथा प्रहरी आवास गृह, जुम्लामा नियन्त्रण टावर सहितको विसौनी भवनको पुनः निर्माण तथा रुकुम र डोल्पा सानो हवाई मैदानमा विसौनी भवन, नियन्त्रण टावर, कर्मचारी तथा प्रहरी आवास गृह आदि निर्माण गरिने छ ।

(४) सञ्चार तथा उड्डयन सहाय (नेभएड) :

हवाई सेवालाई सुरक्षित तथा दक्ष तुल्याउन सञ्चार तथा उड्डयन सहाय सम्बन्धी सुविधाहरु उपलब्ध हुनु अति जरुरी छ । यसको व्यवस्थालाई विगत योजनामा पनि ध्यान दिइएको थियो । फलस्वरुप केही विमानस्थलहरुमा सञ्चार तथा उड्डयन सहायका उपकरणहरु जडान गरियो र केही उपकरणहरु थप गरियो । सञ्चार तथा उड्डयन सहायका विभिन्न उपकरणहरु जस्तै भी.ओ.आर, डी.एम.ई.,एन.डी.वी, रिसिभिङ्ग र ट्रान्समिटिङ्ग स्टेशन आदि एशियाली विकास बैंकको ऋण तथा अष्ट्रेलियन सहायता अन्तर्गत प्राप्त भएको थियो ।

पाँचौं योजना अवधिमा केही विमानस्थलहरुमा थप उपकरणहरु उपलब्ध गर्ने तथा अन्य विमानस्थलहरु र साना हवाई मैदानहरुमा वर्गीकरण अनुसारको सञ्चार तथा उड्डयन सहायका सेवाहरु उपलब्ध गर्ने लक्ष्य रहेको छ । यस अनुसार त्रिभुवन विमान स्थलमा अष्ट्रेलियन सहायता अन्तर्गत सञ्चालन गरिएका रीपिटर स्टेशनमा बाँकी उपकरण जडान, धावनमार्गमा वत्तीको व्यवस्थाहरु (रन्वेलाइटिङ) कार्य, रेडियो टेलिटाइप सेण्टरको बाँकी उपकरणहरु जडान, केन्द्रीय कार्य शाखा उपकरणहरुको जडान तथा बनेपा र थेचोमा लोकेटर उपकरणहरुको जडान आदि कार्य सम्पन्न गर्नुका साथै कार्यक्रमवद्ध जडान सम्वन्धी सूचना प्रदर्शित व्यवस्था, एप्रोच लाइटीङ्ग तथा भिज्यूएल एड्सको व्यवस्था आदि कार्यहरु पनि गर्ने लक्ष्य रहेको छ । विराटनगर तथा भैरहवा विमानस्थलमा अष्ट्रेलियन सहायता अन्तर्गत चौथो योजनाको वाँकी कार्यहरु जस्तै धावनमार्गमा वत्तीको व्यवस्था, इटहरी र भलवाडी लोकेटेर विकन भवनमा उपकरणहरुको जडान, रेडियो टेलिटाइप, ट्रान्समिटिङ्ग स्टेशनमा उपकरण जडान, वारुण यन्त्र सेवा आदि कार्यक्रम पुरा गरिने छ । साथै कम्यूनिकेशन रिकर्डिङ्ग व्यवस्था, कार्यशाला स्थापना, उपकरण तथा सञ्चालन कक्षहरुमा एयर कण्डीशनीङ्ग तथा अग्नि सूचक (फायर डिटेक्सन) को व्यवस्था आदि कार्य गर्ने लक्ष्य रहेको छ । नेपालगञ्ज विमानस्थलमा ट्रान्समिटिङ्ग र रिसिभिङ्ग स्टेशनमा उपकरण जडान, सञ्चार रेकर्डिङ्ग प्रणालीको व्यवस्था, कार्यशाला स्थापना, टेलिफोन तथा अग्नि सूचकको व्यवस्था, आदि कार्यहरु गरिने छन् । सिमरा विमानस्थल "ग" वर्गमा परेको भएतापनि काठमाडौ आउने तथा यहाँवाट अन्यत्र जाने विमानहरु सर्वप्रथम यसै विमानस्थललाई सूचना गरी जानु पर्ने तथा आउनु पर्ने हुँदा यसको विशेष महत्व रहेको छ । तसर्थ यस विमानस्थलमा केही थप सञ्चार उपकरणहरु उपलब्ध गर्नु युक्ति संगत नै देखिन्छ । यसैले यस विमानस्थलमा रेडियो टेलिटाइप (आर.टी.टी.) उपकरण, सञ्चार रिकर्डिङ्ग प्रणालीको व्यवस्था, एयर कण्डीसनिङ्ग तथा अग्नी सूचक व्यवस्था कार्यशाला स्थापना आदि कार्यहरु गर्ने लक्ष्य छ । जनकपुर विमानस्थलमा अष्ट्रेलियन सहायता अन्तर्गत गत योजनाको वाँकी कार्यहरु जस्तै धावनमार्गमा प्रकाशको व्यवस्था, रेडियो टेलिटाइप, ट्रान्समिटिङ्गको व्यवस्था आदि पुरा गरिने छ । साथै सञ्चार रिकर्डिङ्ग प्रणालीको व्यवस्था वारुण नियन्त्रण स्टेशनमा सञ्चार सुविधाको व्यवस्था, कार्यशाला स्थापना, आदि कार्यहरु पनि गर्ने लक्ष्य रहेको छ । पोखरा विमानस्थलमा सञ्चार रिकर्डिङ्ग प्रणालीको व्यवस्था तथा अन्य कार्यहरु गरिने छन् ।

सुर्खेत, धनगढी, पालुङ्गटार, भद्रपुर, तुम्लिङ्गटार विमानस्थलहरुमा नन् डिरेक्सनल विकन (एन. डी.बी.) प्वाइण्ट टू प्वाइण्ट (पी.पी.) सञ्चार व्यवस्था, भी.एच.एफ. सञ्चार रिकर्डिङ्ग प्रणालीको व्यवस्था आदि कार्यहरु गरिने छन् । साथै जोमसोम, जुम्ला, लामीडाँडा, दिपायल, साफेबगर, रुकुम, डोल्पा, हुम्ला, बभ्राङ्ग, ताप्लेजुङ्ग तथा स्यांगबोचे सानो हवाई मैदान (स्टोल) हरुमा पी.पी. र एयर ग्राउण्ड सञ्चार उपकरणहरु स्थापना गर्नुको अतिरिक्त पावर सप्लाईको व्यवस्था पनि गरिने छन् ।

(५) अग्नी निवारण तथा जीवनोद्धार सेवा :

पाँचौ योजनामा समावेश गरिएका उल्लेखित हवाई यातायात विकास कार्यक्रमहरु मध्ये अग्नी निवारण तथा जीवनोद्धार सेवा पनि एक हो । आगलागीलाई नियन्त्रणमा ल्याउन तथा आगलागी हुन नदिन

र आगलागीबाट हुने धनजनको क्षतिलाई सकभर रक्षा गर्न विमानस्थलहरुमा अग्नी निवारण तथा जीवनोद्धार सेवाको व्यवस्था हुनु ज्यादै नै आवश्यक छ । अन्तरराष्ट्रिय नागरिक उड्डयन संगठन (इकाओ) को नियम अनुसार पनि विमानस्थलहरुको श्रेणी मुताविक अग्नी नियन्त्रण तथा जीवनोद्धार सेवाको व्यवस्था गर्नु अनिवार्य भैसकेको छ । तसर्थः पाँचौं योजनामा अधिराज्यका प्रमुख विमानस्थलहरु विशेष गरी "क" तथा "ख" वर्गमा रहेका विमानस्थलहरुमा यस सम्बन्धी न्यूनतम सहुलियत प्रदान गर्ने लक्ष्य राखिएको छ ।

हाल अधिराज्यका केही प्रमुख विमानस्थलहरु जस्तै त्रिभुवन विमानस्थल, विराटनगर, भैरहवा आदि विमानस्थलहरुमा साधारण किसिमको वारुण यन्त्र उपकरणहरु तथा अन्य सानातिना जीवनउद्धार सम्बन्धी व्यवस्था भएको छ । यस कार्यमा मित्रराष्ट्र अष्ट्रेलियाको सहायता पनि प्राप्त भएको छ । पाँचौं योजनामा त्रिभुवन विमानस्थल, विराटनगर, भैरहवा, पोखरा तथा नेपालगञ्ज विमानस्थलहरुमा यस किसिमको सेवालाई भरपर्दो गर्न थप सुविधाहरुको व्यवस्था गरिने छ । त्रिभुवन विमानस्थलमा वारुण नियन्त्रण सम्बन्धी ठूलो फोम टेण्डर (दमकल) लाइफ रेस्कू टेण्डर, एम्बुलेन्स आदि र विराटनगरमा ठूलो फोम टेण्डरको व्यवस्था गर्ने कार्य न्यूनतम लक्ष्यको रुपमा रहेको छ । भैरहवा, पोखरा र नेपालगञ्जमा ठूला तथा मझौला खालका म्यानुयल किसिमको फोम टेण्डरहरु (दमकल) उपलब्ध गर्ने कार्य अधिकतम लक्ष्यको रुपमा रहेको छ ।

(६) नागरिक उड्डयन प्रशिक्षण :

नागरिक उड्डयन सम्बन्धी विभिन्न विषयहरु तालीम प्राप्त मध्यम तथा निम्न स्तरीय प्राविधिक जनशक्तिको बढ्दो मागलाई स्वदेशमै उत्पादन गरी पूर्ति गर्नु बढी लाभप्रद हुने हुँदा संयुक्त राष्ट्र संघ विकास कार्यक्रमको सहायता अन्तर्गत एक नागरिक उड्डयन प्रशिक्षण केन्द्र स्थापना गरी प्रशिक्षण दिने कार्य पाँचौं योजनामा गरिने छ ।

हवाई विकास सम्बन्धी खर्च विवरण तल प्रस्तुत गरिएको छ ।

(रु. हजारमा)

आयोजना	खर्च रकम	
	न्यूनतम कार्यक्रमको लागि रकम	अधिकतम कार्यक्रमको लागि थप रकम
क.विमानसथल निर्माण तथा सुदृढिकरण	११,११,१७	५,५०,००
ख. नविकरण तथा थप सुविधा	९२,६०	१७,३०
ग. स्टोल विमानस्थल निर्माण तथा थप सुविधा	७५,३०	४०,००
घ. अग्नी निवारण तथा जीवनउद्धार सेवा	१,०१,३२	५५,६८
ङ. सञ्चार तथा उड्डयन सहाय (नेभएड)	१,८०,००	-
च. विविध	२२,००	-
छ. शाही नेपाल वायु सेवा निगम		४,२०,००
जम्मा	१५,८२,३९	१०,८२,९८

कूल जम्मा : २६,६५,३७

शाही नेपाल वायु सेवा निगम (आर.एन.ए.सी):

नेपालको एक मात्र वायु सेवा निगमको रुपमा शाही नेपाल वायु सेवा निगमको स्थापना प्रथम योजना अवधिमा अर्थात् १ जुलाई १९५८ मा भएको हो । यस निगमले सुरुमा केवल १ वटा डाकोटा विमानबाट सेवा उपलब्ध गर्ने गरेकोमा चौथो योजनाको अन्त सम्ममा जेट लगायत अन्य विभिन्न किसिमको विमानहरुको संख्यामा बृद्धि गरी सेवा पुऱ्याउँदै आएको छ । यी विभिन्न प्रकारका विमानहरुबाट

निगमले अन्तर्राष्ट्रिय क्षेत्रमा हवाई सेवा विस्तार गर्नुको अतिरिक्त अधिराज्यको विभिन्न दुर्गम पहाडी क्षेत्रहरुमा हवाई यातायात सेवा उपलब्ध गर्दै आएको छ ।

हवाई यातायात विकास सम्वन्धी योजनाका उद्देश्यहरु प्राप्त गर्नुमा शाही नेपाल वायु सेवा नियमको भूमिका महत्वपूर्ण छ । यसै अनुरुप पाँचौं योजना कालमा श्री ५ को सरकारबाट निर्माण गरिएका तथा यस योजना अवधिमा निर्माण हुने विमानस्थल तथा साना हवाई मैदानहरु (स्टोल) मा हवाई सेवा विस्तार गर्दै लगि वैकल्पिक यातायात सुविधा उपलब्ध नभएको देशका दुर्गम तथा पहाडी भागहरुमा नियमित हवाई सेवा उपलब्ध गर्ने नीति रहेको छ । यसको साथै बढ्दो अन्तर्राष्ट्रिय सम्पर्कको सन्दर्भमा वाह्य मुलुकहरुमा आर्थिक औचित्यताको आधारमा सेवा विस्तार गरिने छ ।

उपरोक्त उद्देश्य तथा नीति अनुरुप यस निगम अन्तर्गत निम्न लिखित विभिन्न आयोजनाहरु समावेश गरिएको छ । यी आयोजनाहरुका विवरण यस प्रकार रहेको छ ।

१. विमान खरिद :

शाही नेपाल वायु सेवा निगमबाट प्रदान भैरहेको आन्तरिक तथा वाह्य हवाई उडानहरु वर्षेनी बढ्दै आइरहेको छ । यस निगम सित हाल १ वटा मझौला खालको जेट विमान तथा अन्य विमानहरु ९ वटा समेत गरी जम्मा १० वटा छन् । पाँचौं योजनामा डि.एच.सी. तथा पीलाटस पोर्टर जस्ता सानो हवाई मैदानहरुलाई उपयुक्त हुने खालको विमानहरु खरिद गर्ने लक्ष्य छ ।

यस निगमसित अहिले मझौला खालको एउटा मात्र जेट विमान रहेको छ । यसैवाट वाह्य हवाई सेवा सञ्चालन भैरहेको छ ।

२. शाखा कार्यालय भवन :

यस निगमको अधिराज्यको विभिन्न जिल्लाहरुमा रहेको अधिकांश शाखा कार्यालयहरुको आफ्नै भवनहरु नभएको हुँदा पाँचौं योजना अवधिमा विराटनगर, नेपालगञ्ज जस्ता आवश्यक स्थानहरुमा शाखा कार्यालय भवनहरु निर्माण गरिनेछ ।

३. विशाल हैंगर :

निगमको आफ्नै विमानहरु राख्ने हैंगर नभएको हुँदा विमानहरु प्रायः जसो खुल्ला मैदानमा नै राख्नु पर्ने भएकोले पाँचौं योजना अवधिमा जेट विमानलाई उपयुक्त हुने हैंगरको व्यवस्था गरिने छ ।

४. ओभरहल वर्कशप :

विमानहरुको नियमितरुपले मर्मत संभार गर्नुपर्ने हुँदा कार्याशालाको व्यवस्था हुनु जरुरी छ । पाँचौं योजनाकालमा ओभरहल वर्कशप स्थापना गरी संभार सेवाको व्यवस्था गरिने छ ।

५. ल्फाइट किचेन :

त्रिभुवन विमानस्थलमा बढ्दो अन्तर्राष्ट्रिय उडान सेवाहरुलाई आवश्यक केट्रिङ सेवा उपलब्ध गर्न तथा यस निगमको आफ्नै अन्तर्राष्ट्रिय उडान सेवाहरुका लागि आवश्यक उच्च स्तरको केटरिङ्ग सेवा उपलब्ध गराउन योजनाकालमा एउटा ल्फाइट किचेनको स्थापना गरिने छ ।

६. पाइलटलीकं ट्रैनर :

यसबाट नेपाली पाइलटहरुलाई विमान सञ्चालन सम्वन्धी तालीम दिने कार्य हुनेछ ।

७. विविधः

नियमलाई आवश्यक गोदाम घरहरुको निर्माण, कर्मचारीहरुलाई प्रशिक्षण दिने जस्ता कार्यहरु सञ्चालन गरिने छ ।

पाँचौ योजनाकालमा शाही नेपाल वायु सेवा निगम तर्फ हुने खर्चको रकम

(रु. हजारमा)

आयोजना	खर्च रकम	
	न्यूनतम कार्यक्रमको लागि रकम	अधिकतम कार्यक्रमको लागि थप रकम
१. विमान खरिद	-	४,२०,००
	कूल जम्मा	४,२०,००

पाँचौं योजना (२०३२-०३७) को कार्यक्रम

रु. ००० मा

हवाई विकास आयोजनाको नाम	स्थान	आयोजना स्थिति	भौतिक लक्ष्य	आयोजनामा लाग्ने खर्च		कैफियत
क. विमानस्थल निर्माण तथा सुदृढीकरण						
१. (क) त्रिभुवन विमानस्थल	गौचर, काठमाडौ	नयां	१. पहिलो निर्माण भएको ६६०० फिटको धावनमार्गको सुदृढीकरण कार्य पूरा गर्ने २. अन्तर्राष्ट्रिय टर्मिनल भवन तथा टर्मिनल क्षेत्रको डिजायन लगत अनुमान तयार गर्ने	६,१०,००		
+(ख) त्रिभुवन विमानस्थल	,,	,,	१. अन्तराष्ट्रिय विमानस्थल स्तरको नयां टर्मिनल भवन निर्माण गर्ने ।		२,००,००	
२. (क) पोखरा विमानस्थल	पोखरा कास्की	,,	१ विमानस्थल निर्माण सम्वन्धी प्रारम्भिक कार्य गर्ने	४७,००	-	
+ (ख) पोखरा विमानस्थल	,,	,,	१. नयां स्थानमा ५७०० फिट लामो पक्की धावनमार्गको निर्माण कार्य पूरा गर्ने २. टर्मिनल भवनको निर्माण पूरा गर्ने ३. प्रांगण (एप्रोन) निर्माण कार्य पूरा गर्ने ४. प्रवेशपथ १.५ कि.मि. निर्माण पूरा गर्ने		२,६३,००	

३. नेपालगञ्ज विमानस्थल	मनिकापुर, वाँके	नयां	१ धावनमार्ग ५००० X १०० फि को निर्माण गर्ने २. एप्रोन क्षेत्रको सफाइन कार्य पूरा गर्ने ३. टर्मिनल भवनको निर्माण पूरा गर्ने ४. प्रवेशपथ ५.१ कि.मि. डाईभर्सनरोड, धावनमार्गमा चिन्हो लगाउने, विद्युतिकरणका साथै कर्मचारी तथा प्रहरी आवास गृहहरु र अन्य आवश्यक भवनहरुको निर्माण गर्ने	२,६५,९२		
४. धनगढी विमानस्थल	धनगढी	नयां	१. स्ट्रिप र फेन्स ६००० X ६५० फिट निर्माण । २. टर्मिनल भवन निर्माण गर्ने ३. कर्मचारी आवासगृह निर्माण गर्ने ४. प्रवेश पथ निर्माण गर्ने ५. प्रहरी आवासगृह निर्माण गर्ने । ६. फेन्सीङ कार्य गर्ने । ७. एन.डी.वी. भवन निर्माण गर्ने	२७,५०		
५. सुर्खेत विमानस्थल	सुर्खेत	नयाँ	१. धावनमार्ग ५००० X १०० फिटनिर्माण पूरा गर्ने २. माटोको काम र सववेश पूरा गर्ने ३. फेन्सीङ । ४. जोमेट्रीकल प्लानिंग, माटो परीक्षण र जग्गा अधिग्रहण ।		८७,००	
६. महेन्द्रनगर विमानस्थल	कन्चनपुर	नयां	१ हवाई मैदान निर्माण तथा फेन्सीङ २. टर्मिनल भवन तथा टावर निर्माण । ३. कर्मचारी तथा प्रहरी आवास गृह निर्माण	१५,१५		

७. विराटनगर विमानस्थल	मोरङ्ग विराटनगर	चालु	१. वांकि सम्पूर्ण कार्य पूरा हुने (भीषण वर्षबाट क्षति पुऱ्याएको कार्य पुनः निर्माण गर्ने)	१०,७९		
८. भैरहवा विमानस्थल	भैरहवा	चालु	१. बांकि सम्पूर्ण कार्य पूरा हुने	३२,८५		
९. योजना सञ्चालन	-	नयां	ए.डि.वी.ऋण अन्तर्गतको ४ विमानस्थलहरुसित सम्वन्धित प्रशासनिक तथा प्राविधिक रेखदेख कार्य गर्ने	१०,१,९६		
ख. नविकरण तथा थप सुविधा १. त्रिभुवन विमानस्थल	गौचर,	नयां	१. स्टोर घर निर्माण २. केन्द्रीय कार्यशाला घर निर्माण ३. वारुणयन्त्रघर निर्माण ४.पानी वितरण व्यवस्था ५. जेनेरेटर घर निर्माण	५३,५०		
२. विराटनगर विमानस्थल	विराटनगर कञ्चनपारी	नयां	१ वारुणयन्त्र भवन विस्तार १ वटा २ जेनेरेटर भवन निर्माण १ वटा ३. मेट्रोलोजिक यूनिट स्थापना	५,७०	-	
३. सिमरा विमानस्थल	वारा	नयां	१ मेट्रोलोजीकल यूनिट स्थापना	२,००	-	
४. भैरहवा विमानस्थल	भैरहवा	नयां	१ जेनेरेटर घर निर्माण १ वटा २ मेट्रोलोजिकल युनिट स्थापना ३ वारुणयन्त्र भवन विस्तार	५,७०	-	
५.(क) जनकपुर विमानस्थल	जनकपुर	नयां	१. जेनेरेटर घर निर्माण २. कर्मचारी आवासगृह २ वटा ३. मेट्रोलोजिक यूनिट स्थापना ४. पानी पूर्तिको व्यवस्था	११,७०	-	
(ख) जनकपुर विमानस्थल	जनकपुर	नयां	१.धावनमार्ग सुदृढीकरण तथा ढल व्यवस्था	-	१५,००	

६.क. राजविराज विमानस्थल	राजविराज	नयां	१. कर्मचारी आवासगृह २ वटा २. प्रहरी आवास गृह १ वटा ३. टेक्सीवे, एप्रोन, प्रवेशपथ तथा फेन्सीङ	८,००	-	
+ख. राजविराज विमानस्थल	राजविराज		१. कर्मचारी आवासगृह २ वटा	-	२,३०	
७. चन्द्रगढी विमानसथल	झापा	नयां	१. प्रहरी आवासगृह १ वटा	२,००	-	
८. दामङ विमानस्थल	तरिगाउँ	नयां	१. कर्मचारी आवासगृह २ वटा २. प्रहरी आवासगृह १ वटा	४,००	-	
ग. सानो हवाई मैदान (स्टोल)निर्माण तथा थप सुविधा						
१.क सानो हवाई मैदान (स्टोल) निर्माण	धनकुटा, हुम्ला, वैतडी र भोजपुर	नयां तथा चालु	४ वटा हवाई मैदानको निर्माण पूरा गर्ने १ स्ट्रीप निर्माण: ४ वटा २. टर्मिनल भवन निर्माण ४ वटा ३. प्रहरी आवासगृह निर्माण ४ वटा ४. कर्मचारी आवास गृह निर्माण ४ वटा ५. जग्गा अधिग्रहण तथा मुअव्जा	६०,५०		
+ ख. सानो हवाई मैदान (स्टोल) निर्माण	अन्य कुनै एक स्थानमा	नयां	१ वटा हवाई मैदानको निर्माणकार्य पूरा १ स्ट्रीप निर्माण: १ वटा २. टमिर्भनलभवन निर्माण १ वटा ३ प्रहरी आवास गृह निर्माण १ वटा ४. कर्मचारी आवासगृह निर्माण १ वटा ५. जग्गा अधिग्रहण तथा मुआव्जा	-	४०,००	

२. सानो हवाई मैदान (स्टोल) मा थप सुविधा						
१. डोल्पा हवाई मैदान	डोल्पा	नयां	१ टर्मिनल भवन तथा टावर निर्माण २. कर्मचारी आवासगृह निर्माण ३. प्रहरी आवासगृह निर्माण	५,१०	-	
२ जोमसोम हवाई मैदान.	जोमसोम	नयां	१. कर्मचारी आवास गृह निर्मण २. प्रहरी आवासगृह निर्माण	२,६०	-	
३. जुम्ला हवाई मैदान	जुम्ला	नयां	१. टर्मिनल भवनको पुन निर्माण तथा टावर निर्माण	२,००	-	
४. रुकुम हवाई मैदान	चौरजहारी	नयां	१. टर्मिनल भवन निर्माण २. कर्मचारी आवास गृह निर्माण ३. प्रहरी आवासगृह निर्माण	५,१०	-	
घ. अग्नी निवारण तथा जीवन उद्धार सेवा						
१. त्रिभुवन विमानस्थल	काठमाडौ	नयां	१. ठूलो फोम टेण्डर ४ वटा २. ठूलो वाटर टेण्डरः ४ वटा ३. लाइट रेस्क्यू टेण्डर ४. एम्बुलेन्सः २ वटा ५. यन्त्र सञ्चालनको लागि आवश्यक स्पेयर पार्ट तथा उपकरण र केमिकल उपलव्ध गर्ने	८७,२६		
२. विराटनगर विमानस्थल	मोरङ्ग	नयां	१. फोम टेण्डरः १ वटा २. स्पेयर पार्ट तथा केमिकल उपलव्ध गर्ने	१४,०६		

+ ३. भैरहवा विमानस्थल	रुपन्देही	नयां	१. मभ्फौला खालको फोम टेण्डर १ वटा प्राप्त गने २. स्पेयर पार्ट र केमिकल उपलव्ध गर्ने	-	१४,६	
+ ४ पोखरा विमानस्थल	काश्की	नयां	१. मभ्फौला खालको फोम टेण्डरः १ वटा प्राप्त गर्ने २. स्पेयर पार्ट र केमिकल उपलव्ध गर्ने	-	२०,८१	
+५. नेपालगञ्ज विमानस्थल	बाँके	नयां	१ मभ्फौला खालको फोम टेण्डरः १ वटा प्राप्त गर्ने २. स्पेयर पार्ट र केमिकल उपलव्ध गर्ने	-	२०,८१	
ङ सञ्चार तथा उड्डयन सहायक						
१. त्रिभुवन विमानसथल	गौचर, काठमाडौ	चालु	क. चौथो योजनाको वाँकी कार्य १. फूलचोकी रिपिटर स्टेशनमा वाँकी उपकरणहरु जडान कार्य पूरा गर्ने । २. धावन मार्गमा वत्तीको व्यवस्था कार्य पूरा गर्ने ३. रेडियो टेलिटाइप सेण्टरको बाँकी उपकरणहरुको जडान कार्य गर्ने । ४. वनेपा र थेचोमा लोकेटर विकन उपकरणहरुको जडान कार्य पूरा गर्ने ५. केन्द्रीय कार्यशाला भवन (सेण्टर वर्कशप) मा उपकरणहरु जडान पूरा गर्ने	७६,००	-	

			ख. नयाँ आयोजनाहरु १. लोकेटरहरुलाई द्वयप्रणालीमा परिणत गर्ने । २. कार्यक्रमवद्ध उडान सम्वन्धी सूचना प्रदर्शनको व्यवस्था गर्ने (प्रोग्राम फ्लाइट इनफरमेशन डिस्प्ले) ३. एप्रोन लाइटिङ्ग तथा भिजुयल एडको व्यवस्था गर्ने ४. विद्युतको व्यवस्था गर्ने । ५. उपकरण कक्षहरुमा एयरकण्डीशनको व्यवस्था गर्ने । ६. स्पेयरपार्टर् तथा अन्य आवश्यकीय सामानहरु उपलव्ध गर्ने			

२. विराटनगर विमानस्थल	विराटनगर	चालु	क. चौथो योजनाको वाकी कार्य १. धावनमार्गमा वत्तीको व्यवस्था कार्य पूरा गर्ने २. रेडियो टेलिटाइप ट्रान्समिटिङ्ग स्टेशनमा उपकरण जडान कार्य पूरा गर्ने । ३. इटहरीको लोकेटर विकन भवनमा उपकरण जडान कार्य पूरा गर्ने । ४. वारुणनियन्त्रण सेवा सम्वन्धी कार्य पूरा गर्ने । ख. नयाँ आयोजनाहरु १. सञ्चालन रिकर्ड प्रणालीको व्यवस्था गर्ने (कम्युनिकेशन रिकर्डिङ्ग) २. संभार कार्यशाला स्थापना ३. वारुण नियन्त्रण स्टेशनमा सञ्चार सहुलियतको व्यवस्था गर्ने । ४. उपकरण तथा सञ्चालन कक्षहरुमा एयर कण्डीशन तथा अग्नी सूचक उपकरणहरुको व्यवस्था गर्ने । ष्टाण्डवाई पावरको व्यवस्था गर्ने	९,००		

३. भैरहवा विमानस्थल	भैरहवा	चालु	क. चौथो योजनाको वाँकी कार्य : १. धावनमार्गमा वत्तीको व्यवस्था कार्य पूरा गर्ने । २ रेडियो टेलिटाइप, ट्रान्समिटिङ्ग स्टेशनमा उपकरण जडानकार्य पूरा गर्ने । ३. भलवाडी लोकेटर विकन भवनमा उपकरण जडान कार्य पूरा गर्ने । ४. अग्नी नियन्त्रण सेवा सम्वन्धी कार्य पूरा गर्ने ख. नयाँ आयोजनाहरु १. सञ्चार रिकर्ड प्रणालीको (रेकर्डिङ्ग सिष्टमको) व्यवस्था गर्ने । २. मर्मत संभार कार्यशाला स्थापना । ३. वारुणयन्त्र स्टेशनमा सञ्चार सहुलियतको व्यवस्था गर्ने । ४. उपकरण तथा सञ्चालन (अपरेशन) कक्ष हरुमा एयरकण्डीशन तथा अग्नी सूचक उपकरणहरुको व्यवस्था गर्ने । ५. स्टाण्डवाई पावरको व्यवस्था गर्ने	९,००		

४. सिमरा विमानस्थल	वारा	नयां	१. टावर तथा उपकरण कक्षमा रेडियो टेलिटाइप उपकरण जडान गर्ने । सञ्चार रेकर्डिङ्ग प्रणालीको व्यवस्था गर्ने । ३. टेलिफोन प्रणालीको व्यवस्था गर्ने । ४. एयर कण्डीशन तथाअग्नी सूचक उपकरणहरुको व्यवस्था गर्ने । ५. मर्मत संभार कार्यशालाको व्यवस्था गर्ने । ६. एयरपोर्ट लाइटिङ्गको व्यवस्था गर्ने । ७. स्टाण्डवाई पावर तथा विमानस्थलको विद्युतीकरण । ८. वारुण स्टेशनमा सञ्चार सहुलियत पुऱ्याउने ।	१४,००		
५. नेपालगञ्ज विमानस्थल	मणिकापुर, बाँके	नयां	१. ट्रान्समिटिङ्ग तथा रिसिभिङ्ग उपकरणहरुको जडान । २. टावर तथा उपकरण कक्षमा उपकरण जडान गर्ने । ३. कार्यशाला स्थापनाको व्यवस्था गर्ने । ४. विमानस्थलमा विद्युतीकरण, विद्युतशक्तिको पूर्ति तथास्टाण्डवाई पावरको व्यवस्था गर्ने । ५. उपकरण कक्षमा एयर कण्डिशनिङ्ग व्यवस्था गर्ने । ६. सञ्चार रिकर्डिङ्ग प्रणालीको व्यवस्था गर्ने । ७. टेलिफोन तथा अग्नी सूचक उपकरणको व्यवस्था गर्ने ।	१७,५०		
६. सुर्खेत विमानस्थल	सुर्खेत	नयां	१. सञ्चार सहुलियत तथा वारुणयन्त्रको व्यवस्था गर्ने । नन् डिरेक्सनल विकनको व्यवस्था गर्ने । ३. विमानस्थलमा विद्युतको व्यवस्था गर्ने । ४. सञ्चार रेकर्डिङ्ग प्रणालीको व्यवस्था गर्ने ।	७,००		

७. धनगढी विमानस्थल	धनगढी	नयां	१ नन् डिरेक्शनल विकनको स्थापना २. पी.पी. तथा एयर ग्राउण्ड सञ्चार उपकरणको व्यवस्था गर्ने । ३. पावर तथा अन्य सेवा उपलव्ध गर्ने ।	३,००		
८. जनकपुर विमानस्थल	धनुषा	चालु	क. चौथो योजनाको वाँकी कार्य : १. अग्नी संरक्षक सेवा सम्वन्धी उपकरणको व्यवस्था पूरा गर्ने । २. धावनमार्गमा प्रकाशको व्यवस्था पूरा गर्ने । ३. रेडियो टेलिटाइप ट्रान्समिटिङ्ग स्टेशनको व्यवस्था गर्ने । (ख) अन्य आयोजनाहरु १. सञ्चार रेकर्डिङ्ग प्रणालीको व्यवस्था गर्ने । २. वारुण नियन्त्रण स्टेशनमा स्ञ्चार सुविधाको व्यवस्था गर्ने । ३. कार्यशाला भवनको निर्माण तथा उपकरणको व्यवस्था गर्ने । ४. एयर कण्डीशनिङ्ग, अग्नीसूचक तथा टेलिफोनको व्यवस्था गर्ने । ५. पावर सप्लाई र स्टाण्डवाई पावरको व्यवस्था गर्ने ।	१२,००		
९. पोखरा विमानस्थल	काश्की	नयां	१. टावर तथा उपकरण कक्षमा एयर कण्डीशनिङ्गको व्यवस्था गर्ने । २. सञ्चार रेकर्डिङ्ग प्रणालीको व्यवस्था ३. विद्युतीकरण तथा अन्य सेवाहरु	४,५०		

१० पालुङ्गटार विमानस्थल	गोर्खा	नयां	विभिन्न सेवाहरु उपलब्ध गर्ने १. एन.डी.वी. स्थापना २. अन्य कार्यहरु	२,००		
११.भद्रपुर विमानस्थल	झापा		विभिन्न सेवाहरु उपलब्ध गर्ने १. प्वाइण्ट टू प्वाइण्ट (पी.पी.) सञ्चार व्यवस्था भी.एच.एफ., एन.डी.वी. उपकरण तथा पावर सप्लाईको व्यवस्था गर्ने ।	२,००		
१२ टुम्लिङ्गटार विमानस्थल	संखुवासभा		१ एन.डी.वि. तथा अन्य आवश्यक उपकरणहरुको व्यवस्था	२,००		
साना हवाई मैदान (स्टोल)			११ वटा साना हवाई मैदानहरुमा सञ्चार उपकरणहरुको व्यवस्था गर्ने	२२,००		
१.जोमसोम हवाई मैदान	मुस्ताङ्ग		पी.पी.एयर ग्राउण्ड सञ्चार उपकरण स्थापना तथा विद्युत शक्तिको पूर्तिको व्यवस्था गर्ने र जेनेरेटर सेड निर्माण गर्ने।			
२. जुम्ला हवाई मैदान	जुम्ला		,,			
३. लामिडाँडा हवाई मैदान	खोटाङ्ग		पी.पी. एयर ग्राउण्ड सञ्चार उपकरण स्थापना तथा विद्युत शक्तिको पूर्तिको व्यवस्था गर्ने र जेनेरेटर सेड निर्माण गर्ने ।			
४. दिपायल हवाई मैदान	डोटी		,,			
५. साफेवगर हवाई मैदान	अछाम		,,			
६. रुकुम हवाई मैदान	रुकुम		,,			
७. डोल्पा हवाई मैदान	डोल्पा		,,			
८. हुम्ला हवाई मैदान	हुम्ला		,,			

९. वझाङ्ग हवाई मैदान	वझाङ्ग		,,			
१० ताप्लुजुङ्ग हवाई मैदान	ताप्लेजुङ्ग		,,			
११. स्याङबोचे हवाई मैदान	स्याङबोचे		,,			
च. विविध १. नागरिक उड्डयन सम्वन्धी परीक्षण			नागरिक उड्डयन सम्वन्धी निम्न र मध्ये स्तरीय प्रशिक्षण उपलव्ध गर्ने	२२,००	-	
			जम्मा	१५,८२,३९	६,६२,९८	
				कूल जम्मा	२२,४५,३७	
शाही नेपाली वायुसेवा निगम १. विमान खरिद	काठमाडौ	नयां	निम्न किसिमका विमानहरु खरिद गर्ने १ डी.एच.सी- ७ विमानः १ वटा २. डी.एचसी.- ६ विमानः २ वटा ३. पीलाटस विमान : ३ वटा	-	४,२०,००	
२ शाखा कार्यालय भवन	विभिन्न स्थानहरु	नयाँ	शाखा कार्यालय भवनहरुको निर्माण गर्ने			
३ विशाल हैंगर	काठमाडौ	चालु	विशाल हैंगरको खरिद तथा निर्माण गर्ने	-	-	निगमको आफ्नो श्रोतबाट व्यहोरिने
४. ल्फाइट किचेन	काठमाडौ	नयाँ	ल्फाइट किचेनको निर्माण गर्ने	-	-	
५. ओभरहल वर्कशप	काठमाडौ	चालू	वर्कशपको स्थापना कार्य पूरा गर्ने	-	-	
६. पाइलट लींक ट्रेनर	काठमाडौ	चालू	पाइलट लींक ट्रेनरको कार्य पूरा गर्ने			

विविध		नयां ,, सालवसाली	१ गोदाम घरहरुको निर्माण गर्ने २. गाडीहरु खरिद गर्ने ३. कर्मचारीहरुलाई प्रशिक्षण प्रदान गर्ने			
			जम्मा	४,२०,००		
			कूल जम्मा	२६,६५,३७		

(हवाई विकास समेत)

परिच्छेद १९

दूर संचार

आधुनिक सञ्चार व्यवस्थाका विभिन्न माध्यमहरु मध्ये दूर सञ्चार पनि महत्वपूर्ण हुन आएको छ । दूर सञ्चारका विभिन्न साधनहरु जस्तै आकाशवाणी, माइक्रोवेभ प्रणाली, स्थानीय टेलिफोन एक्सचेज आदिबाट मुलुकको एक स्थानबाट अर्को स्थानमा तथा एक मुलुकबाट अर्को मुलुकमा छिटो र छरितो किसिमबाट सन्देश तथा खवरहरुको आदान प्रदान निक्कैनै छिटो हुन्छ । देशको उद्योग, वाणिज्य आदिको बृद्धि र विकासको लागि दूर सञ्चारको विकास हुनु जरुरी छ । आर्थिक तथा सामाजिक विकासका भौतिक पूर्वाधारको रुपमा दूर सञ्चारको निकै महत्वपूर्ण भूमिका रहन्छ ।

(क) उद्देश्य :

पाँचौं योजनामा दुर सञ्चारको सेवाको मूल उद्देश्य राष्ट्रिय एकताको सुदृढीकरण तथा देशको आर्थिक विकासको निमित्त आवश्यक विभिन्न किसिमको दूर सञ्चार सेवा सर्व साधारण जनताको लागि समेत सरल, सुलभ रुपमा उपलब्ध गराइनु हो । आधुनिक दूर सञ्चार सेवाहरुको विकास तथा विस्तार प्रादेशिक सन्तुलनको आधारमा गरी अधिराज्यका विभिन्न जिल्लाहरुमा सेवा पुऱ्याइने छ ।

(ख) नीति :

माथि उल्लेख गरिएको उद्देश्य प्राप्तीका लागि पाँचौं योजनामा निम्न नीतिहरु अपनाइने छ ।

१. अधिराज्य भित्रको कुनै एक ठाउँबाट अर्को ठाउँमा सम्पर्क कायम राख्नको लागि आवश्यक सञ्चार माध्यमको सिर्जना गर्दै लगिने छ ।

२. चारै विकास क्षेत्रहरुमा स्थानीय टेलिफोन सेवा तथा माइक्रोवेभ ट्रंक सेवा उपलब्ध गराइने छ ।

३. उद्योग तथा वाणिज्य विस्तार गर्ने सिलसिलामा हाल काठमाडौमा मात्र उपलब्ध टेलेक्स सेवालाई अन्य केही जिल्लाहरुमा पनि विस्तार गरिने छ ।

४. नेपाल दूर सञ्चार समितिको कार्य सञ्चालन पूर्णतया व्यावसायिक सिद्धान्तको आधारमा गरी आर्थिक दृष्टिकोणले आत्मनिर्भर तुल्याई राजस्वमा समेत योगदान दिन सक्ने तुल्याइने छ ।

(ग) प्राथमिकता :

पाँचौं योजनामा दूर सञ्चारको विकास तथा विस्तारको लागि सञ्चालन गरिने आयोजनाहरुमा निम्न अनुसार प्राथमिकता तोकिएको छ :-

१. हाल निर्माण भैरहेको पूर्व पश्चिम माइक्रोवेभ ट्रंक प्रणालीलाई बढी प्राथमिकता दिइने छ ।

२. अधिराज्यका विभिन्न सहरहरुमा स्थानीय टेलिफोन सेवा सुविधा पुऱ्याउने उद्देश्यले सञ्चालन गरिएको टेलिफोन सेवालाई दोश्रो प्राथमिकता दिइने छ ।

(घ) भौतिक लक्ष्य :

दूर सञ्चार विकास तथा विस्तारको लागि समावेश गरिएको विभिन्न आयोजनाहरु मध्ये ट्रंक सञ्चार सेवा तर्फ माइक्रोवेभ वा अन्य उपयुक्त ट्रंक सञ्चार प्रणाली अधिराज्यको थप १३ विभिन्न जिल्लाहरुमा उपलब्ध गर्ने तथा स्थानीय टेलिफोन एक्सचेञ्ज तर्फ योजना अवधिमा टेलिफोन एक्सचेञ्जको संख्या २७ पुऱ्याइने छ । यसबाट थप ९ नगरहरुमा टेलिफोन सेवा उपलब्ध हुने तथा टेलिफोन लाइन २४,०७० पुऱ्याउने लक्ष्य छ ।

यसरी अधिराज्यमा टेलिफोनको घनत्व ०.०८ (प्रति लाख व्यक्ति ८० टेलिफोन लाइन) बाट बृद्धि गरी पाँचौं योजनाको अन्त्य सम्ममा ०.१२ (प्रतिलाख व्यक्ति १२० टेलिफोन लाइन) पुऱ्याइने लक्ष्य छ ।

पाँचौं योजनामा दूर सञ्चार सम्बन्धी कार्यक्रम :

पाँचौं योजनामा उल्लेखित दूर सञ्चार सेवाको उद्देश्यहरु हासिल गर्न विभिन्न कार्यक्रमहरु समावेश गरिएका छन् । यी कार्यक्रमहरुको कार्यान्वयनबाट स्थानीय टेलिफोन एक्सचेञ्जको सेवामा बृद्धि हुनुको साथै आन्तरिक तथा अन्तर्राष्ट्रिय दूर सञ्चार सेवामा समेत विस्तार हुनेछ । यस योजनामा समावेश गरिएका कार्यक्रमहरुलाई मुख्यत ५ शिर्षकमा प्रस्तुत गरिएको छ । (१) स्थानीय टेलिफोन एक्सचेञ्ज स्थापना तथा विस्तार (२) अन्तर देशीय ट्रंक प्रणाली स्थापना तथा विस्तार (३) अन्तर्राष्ट्रिय ट्रंक प्रणाली विस्तार (४) दूर मुद्रण (टेलेक्स) सेवा विस्तार र (५) विविध ।

१. स्थानीय टेलिफोन एक्सचेञ्ज स्थापना तथा विस्तार :

उद्योग तथा व्यापारको विकास तथा विस्तारले गर्दा स्थानीय टेलिफोन सेवाको मागमा पनि अप्रत्यासित रुपबाट बृद्धि हुँदै आइरहेको छ । टेलिफोन सेवाको बढ्दो मागलाई ध्यानमा राखी यस योजना अवधिमा अधिराज्यका विभिन्न नगरहरु मध्ये थप ९ नगरहरुमा टेलिफोन एक्सचेञ्ज स्थापना गर्ने र १३,९०० टेलिफोन लाइन थप गर्ने लक्ष्य राखिएको छ । यस कार्यक्रम अन्तर्गत (१) नयाँ स्वचालित टेलिफोन एक्सचेञ्ज स्थापना (२) म्यानुयल एक्सचेञ्जलाई स्वचालित टेलिफोन एक्सचेञ्जमा परिणत गर्ने (३) चालु म्यानुयल टेलिफोन एक्सचेञ्जमा थप लाइन विस्तार गर्ने र (४) नयाँ म्यानुयल टेलिफोन एक्सचेञ्ज स्थापना समेत गरी ४ उप-कार्यक्रमहरु समावेश गरिएको छन् ।

(क) नयाँ स्वचालित टेलिफोन एक्सचेञ्ज स्थापना :-

अधिराज्यभरका काठमाडौ, पाटन र वीरगञ्जमा मात्र हाल स्वचालित स्थानीय टेलिफोन सेवा उपलब्ध छ । काठमाडौमा ५,००० लाइन, पाटनमा १,००० लाइन र वीरगञ्जमा १,००० लाइन समेत गरी ७,००० स्वचालित टेलिफोन लाइन रहेको छ । यस योजना अवधिमा काठमाडौ, पाटन, बनेपा, भक्तपुर, भरतपुर, विराटनगर, बुटवल गरी ७ नगरहरुमा नयाँ स्वचालित एक्सचेञ्ज स्थापना गरी ९,५५० लाईन थप गर्ने लक्ष्य छ ।

१. काठमाडौः

काठमाडौमा हाल चालुमा रहेको टेलिफोन एक्सचेञ्जको क्षमताले यस नगरको बढ्दो मागलाई पूर्ति गर्न नसकिने भएको र अहिलेको एक्सचेञ्ज भवनमा लाइनहरु वृद्धि गर्ने पनि गुन्जायस नभएको हुँदा उपयुक्त स्थानमा ५,००० लाइन क्षमता हुने एक नयाँ एक्सचेञ्जको स्थापना गरिने छ । तर यो नयाँ एक्सचेञ्ज स्थापना गर्न अरु केही समय लाग्ने हुँदा र तीव्र गतिले वृद्धि भैरहेको मागले गर्दा जटिल हुँदै आइरहेको समस्यालाई तत्कालै हल गर्न ५०० देखि १००० लाइन सम्म क्षमता रहेको ट्रेलर एक्सचेञ्जको व्यवस्था गरिने छ । उपरोक्त सबै कार्य भएपछि काठमाडौमा ०.३३ टेलिफोन घनत्व(अर्थात प्रति लाख व्यक्ति ३३० लाइन) भएकोबाट बृद्धि भै पाँचौं योजनाको अन्त्य सम्ममा ०.५५ (अर्थात प्रति लाख व्यक्ति ५५० टेलिफोन लाइन) घनत्व हुन आउने छ ।

२. पाटन :

उपत्यकाको प्रमुख सहरमध्ये पाटन पनि एक भएको र यहाँको बन्ध व्यापारमा पनि वृद्धि हुँदै गएको हुँदा टेलिफोन सेवाको माग निक्कै बढन गएको छ । हाल यहाँ ६०० लाइन क्षमताको स्वचालित टेलिफोन एक्सचेञ्ज रहेको छ। यसले पाँचौं योजनामा ५००-१००० लाइन क्षमता भएको ट्रेलर एक्सचेञ्जको स्थापना गरिने छ ।

३. बनेपा :

काठमाडौको पूर्वतिर रहेको बनेपा सहर व्यापारिक दृष्टिकोणबाट महत्वपूर्ण रहेको छ । यस सहरलाई पनि स्थानीय टेलिफोन सेवा उपलब्ध गर्न एक स्वचालित टेलिफोन एक्सचेञ्ज स्थापना गरिने छ । यसको क्षमता ५० देखि १०० लाइन सम्मको हुनेछ । राजस्वको दृष्टिकोणवाट यस एक्सचेञ्जले काठमाडौ, भक्तपुर, बनेपामा धुलिखेल ट्रंक क्यारियर ओपन वायर प्रणालीलाई धेरैनै फाइदा गर्नेछ ।

४. भक्तपुर :

उपत्यकाको प्रमुख सहरहरुमध्ये भक्तपुर पनि एक पर्यटन आकर्षक सहर हो । चौथो योजनामा यस सहरमा पनि स्थानीय टेलिफोन एक्सचेञ्ज स्थापना गरी २०० लाइन उपलब्ध गर्ने लक्ष्य भएकोमा काठमाडौ टेलिफोन एक्सचेञ्जबाट नै माग अनुसार २० लाइन उपलब्ध गरिएको थियो । पाँचौं योजना कालमा २०० लाइन क्षमता भएको टेलिफोन एक्सचेञ्ज स्थापना गरी सेवा उपलब्ध गर्ने लक्ष्य राखिएको छ ।

५. भरतपुरः

चितौन जिल्लाको सदर मुकामको रुपमा रहेको भरतपुरको महत्व बढ्दै गइरहेको छ । योजनाबद्ध विकासको क्रम शुरु भएपछि विभिन्न आर्थिक क्षेत्रहरुसित सम्बन्धित कार्यक्रमहरुको सञ्चालनबाट यस नगरको विकास एवं महत्व बढ्दै आइरहेको छ । यसलाई ध्यानमा राखी १०० लाइनको टेलिफोन एक्सचेञ्ज पाँचौं योजनामा स्थापना गर्ने लक्ष्य राखिएको छ ।

६. विराटनगर:

नेपाल अधिराज्यको दोस्रो महत्वपूर्ण सहर तथा औद्योगिक क्षेत्र विराटनगरमा हाल ४०० लाइनको सी.वी. म्यानुयल टेलिफोन एक्सचेञ्जबाट टेलिफोन सुविधा उपलब्ध भै रहेको छ । चौथो योजनामा २,००० लाइन क्षमताको एक स्वचालित टेलिफोन एक्सचेञ्ज स्थापना प्रारम्भ भएको थियो । यस स्थापना कार्यलाई पाँचौं योजना अवधिमा पुरा गरिने छ ।

७. बुटवल :

उद्योग, वाणिज्य तथा प्रशासनिक दृष्टिकोणबाट यस नगरको महत्व झन वढ्दै आइरहेको छ । यसैले पाँचौं योजनामा २०० लाइन क्षमताको एक स्वचालित टेलिफोन एक्सचेञ्ज स्थापना गर्ने लक्ष्य रहेको छ ।

(ख) म्यानुयल स्थानीय टेलिफोन एक्सचेञ्जलाई स्वचालितमा परिणत गर्ने :-

चौथो योजनामा पोखरा, जनकपुर, हेटौंडा, नेपालगञ्ज, धरान र भैरहवा गरी ६ नगरहरुमा एक एक म्यानुयल स्थानीय टेलिफोन एक्सचेञ्ज स्थापना गरेको थियो । यी नगरहरुमा भैरहेको विकास तथा वृद्धि भैरहेको टेलिफोन सुविधाको माँगलाई ध्यानमा राखी ती स्थानहरुमा स्वचालित टेलिफोन सेवा उपलब्ध गर्नु आवश्यक देखिन आएको छ । यसबाट राजस्वमा अप्रत्यासित रुपबाट बृद्धि पनि हुने देखिन्छ । यसैले ती नगरहरुको म्यानुयल टेलिफोन एक्सचेञ्जहरुलाई स्वचालितमा परिणत गरी ३१०० स्वचालित टेलिफोन लाइन उपलब्ध गर्ने लक्ष्य राखिएको छ । हाल यी नगरहरुमा भएका म्यानुयल एक्सचेञ्जहरुलाई अन्यत्र उपयोग गरिने छ ।

१. पोखरा :

पश्चिमाञ्चल विकास क्षेत्रको केन्द्र पोखरामा हाल ३०० लाइनको एक म्यानुयल टेलिफोन एक्सचेञ्ज रहेको छ । यस योजनाकालमा ५०० लाईन सम्मको एक नयाँ स्वचालित टेलिफोन एक्सचेञ्ज स्थापना गरिने छ ।

२. जनकपुर :

जनकपुर अञ्चलको सदर मुकाम तथा औद्योगिक क्षेत्र जनकपुरमा २०० लाइन क्षमता भएको एक म्यानुयल टेलिफोन एक्सचेञ्जको व्यवस्था भैरहेको छ । पाँचों योजना अवधिमा टेलिफोनको वढ्दो माँगलाई ध्यानमा राखी ४०० लाइन क्षमता भएको स्वचालित टेलिफोन एक्सचेञ्ज स्थापना गर्ने लक्ष्य राखिएको छ ।

३. भैरहवा :

लुम्वीनी अञ्चलको प्रमुख व्यापारिक तथा औद्योगिक केन्द्र भैरहवामा २०० लाइनको म्यानुयल टेलिफोन एक्सचेञ्जलाई स्वचालित एक्सचेञ्जमा परिणत गरी ४०० लाइनको सेवा उपलब्ध गर्ने लक्ष्य रहेको छ ।

४. हेटौंडा :

काठमाडौ वीरगञ्ज विकास रेखामा पर्ने हेटौंडालाई प्रमुख औद्योगिक केन्द्रको रुपमा लिन सकिन्छ । उद्योग धन्दाको विकास तथा जनसंख्यामा भएको बृद्धिले गर्दा पनि टेलिफोन सेवाको मागमा बृद्धि भै राखेको छ । चौथो योजना अवधिमा २०० लाइन क्षमताको एक म्यानुयल टेलिफोन एक्सचेञ्ज स्थापना गरी सेवा उपलब्ध गर्ने कार्य भएको थियो । यस योजना अवधिमा हाल चालुमा रहेको म्यानुयल टेलिफोन एक्सचेञ्जलाई स्वचालितमा परिणत गरी ५०० लाइनको व्यवस्था गर्ने लक्ष्य रहेको छ ।

५. नेपालगञ्ज :

सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको औद्यौगिक तथा व्यापारिक केन्द्र नेपालगञ्जमा गत योजनाकालमा २०० लाइन क्षमताको म्यानुयल टेलिफोन एक्सचेञ्ज स्थापना गरी सेवा उपलब्ध गरिएको थियो । यस योजना अवधिमा यस म्यानुयल एक्सचेञ्जलाई स्वचालितमा परिणत गरी ५०० लाइनको व्यवस्था गर्ने लक्ष्य छ ।

६. धरान:

पूर्वाञ्चल विकास क्षेत्रमा पर्ने सुनसरी जिल्लाको मुख्य व्यापारिक केन्द्र तथा जिल्लाको सदर मुकाम भएको हुँदा धरानलाई एक प्रमुख नगरको रुपमा लिन सकिन्छ । यस नगरमा चौथो योजना

कालमा ४०० लाइनको म्यानुयल टेलिफोन एक्सचेञ्ज स्थापना गरिएको थियो । पाँचौं योजना कालमा यस म्यानुयल एक्सचेञ्जलाई स्वचालित एक्सचेञ्जमा परिणत गरी ८०० लाइन उपलब्ध गर्ने लक्ष्य रहेको छ ।

(ग) स्थानीय म्यानुयल टेलिफोन एक्सचेञ्जमा विस्तार

चौथो योजना कालमा स्थापना गरिएका केही म्यानुयल टेलिफोन एक्सचेञ्जहरुमा थप लाइनहरु उपलब्ध गर्ने व्यवस्था पाँचौं योजनाकालमा गरिने छ । यस अनुसार मलंगवामा हाल भएको ५० लाइनमा १०० लाइन थप गर्ने, झापामा हाल भएको १०० लाइनमा अर्को १०० लाइन थप गर्ने र राजविराजमा हाल भएको १०० लाइनमा अर्को १०० लाइन थप गर्ने लक्ष्य निर्धारण गरिएको छ ।

(घ) स्थानीय म्यानुयल टेलिफोन एक्सचेञ्ज स्थापना :

यस योजना अवधिमा सिरहा, धनकुटा, तानसेन, सुर्खेत र महेन्द्रनगर गरी ५ स्थानहरुमा नयाँ म्यानुयल एक्सचेञ्जहरु स्थापना गरी जम्मा ८५० लाइन उपलब्ध गरिने लक्ष्य छ ।

१. सिरहा :

सगरमाथा अञ्चलको सिरहा जिल्लामा रहेको सिरहा वजारबाट काठमाडौ देखि भद्रपुर सम्मको माइक्रोवेभ सञ्चार प्रणालीको धार गएको छ । यस सिरहा वजारमा एक माइक्रोवेभ रिपिटर स्टेशन रहेको छ । यसले गर्दा यहाँ म्यानुयल टेलिफोन एक्सचेञ्ज स्थापना गर्न उपयुक्त भएको छ कारण यसले ट्रंङ्क टेलिफोनको सेवामा बढी ट्राफिक पैदा गर्नमा निक्कै मद्दत गर्नेछ र राजश्वमा पनि बृद्धि हुन जानेछ । यस योजनाकालमा ५० लाइनको म्यानुयल टेलिफोन एक्सचेञ्ज स्थापना गर्ने लक्ष्य राखिएको छ ।

२. धनकुटा:

पूर्वाञ्चल विकास क्षेत्रको केन्द्रको रुपमा रहेको हुँदा धनकुटाको महत्व दिन प्रतिदिन वढ्दै आइरहेको छ । विकास केन्द्रको रुपमा रहेको र प्रशासकीय कार्यालयहरु तथा अधिकांश विकास आयोजनाहरुको सञ्चालन तथा रेखदेख यहींबाट हुने गरेको छ । चार विकास केन्द्रहरुमा स्थानीय टेलिफोन सुविधा उपलब्ध गर्ने नीति अनुसार यस योजना अवधिमा २०० लाइनको स्थानीय सी.वी. म्यानुयल टेलिफोन एक्सचेञ्ज स्थापना गर्ने लक्ष्य राखिएको छ ।

३. तानसेन:

पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने तानसेन एक पहाडी रमणीय नगर हो । सिद्धार्थ राजमार्गको छेउमा रहेको हुँदा पनि यसको विकास हुँदै आइरहेको छ । तसर्थ यस नगरको बढ्दो विकासलाई सघाउ पुऱ्याउन स्थानीय सी.वी. टेलिफोन एक्सचेञ्ज स्थापना गरी २०० लाइन उपलब्ध गर्ने लक्ष्य यस पाँचौं योजनाले निर्धारण गरेको छ ।

४. सुर्खेत :

सुर्खेत सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको केन्द्र भएको हुँदा विभिन्न सरकारी कार्यालयहरुको स्थापना हुँदै आइरहेको छ । यसले प्रशासनिक दृष्टिकोणबाट यस नगरको महत्व बढ्दै छ । पाँचौ योजनामा प्रशासनिक क्षेत्र तथा अन्य क्षेत्रबाट हुने टेलिफोन सेवाको मागलाई पूर्ति गर्ने हिसावबाट २०० लाइनको सी.वी. म्यानुयल टेलीफोन एक्सचेञ्ज स्थापना गरिने छ ।

५. महेन्द्रनगर :

महाकाली अञ्चलको सदर मुकामको रुपमा रहेको महेन्द्र नगरमा २०० लाइन म्यानुयल टेलीफोन एक्सचेञ्ज स्थापना गर्ने लक्ष्य पाँचौं योजनामा राखेको छ । यस आयोजनाबाट यहाँको टलीफोन सेवाको माग पूर्ति हुने आशा गरिन्छ ।

(२) ट्रंङ्क प्रणाली स्थापना तथा विस्तार

देशको एक भागबाट अर्को टाढा भागमा रहेका स्थानहरुमा र अरु मुलुकहरुमा सन्देश पठाउने दूर सञ्चार व्यवस्थालाई ट्रंङ्क प्रणाली भनिन्छ । अधिराज्यको टाढा टाढा स्थानहरुमा दूर सञ्चार उपलब्ध गर्दै लग्ने उद्देश्य अनुरुप पाँचौ योजनामा माइक्रोवेभको साथसाथै क्यारियल लाइन ट्रंङ्क प्रणालीको स्थापना तथा विस्तार कार्यक्रम समावेश गरिएको छ । यस कार्यक्रम अन्तर्गत मुख्यत: दुई प्रकारका आयोजनाहरु सञ्चालन गरिने छ । यी हुन अन्तरदेशीय ट्रंक प्रणाली स्थापना तथा विस्तार र अन्तर राष्ट्रिय ट्रंक प्रणाली विस्तार ।

(क) ट्रंकप्रणाली स्थापना तथा विस्तार (अन्तर देशीय) :

यस आयोजना अन्तर्गत चार आयोजनाहरु छन् । (१) माइक्रोवेभ सञ्चार प्रणालीको नयाँ स्थापना (२) माइक्रोवेभ सञ्चार प्रणालीमा विस्तार (३) ट्रंक क्यारियर ओपन वायर प्रणाली र (४) आकाशवाणी (एच.एफ) डुप्लेक्स ट्रंक प्रणाली स्थापना रहेका छन् । यस आयोजनाले गर्दा एक जिल्लाको टेलीफोनबाट अर्को जिल्लाको टेलीफोनमा सजिलैसित वार्तालाप हुन सक्नेछ ।

१. माइक्रोवेभ सञ्चार प्रणाली नयाँ स्थापना :

माइक्रोवेभ सञ्चार व्यवस्था अत्याधुनिक दूर सञ्चार माध्यमहरु मध्ये एक भएको र यसमा आकाशवाणी सञ्चार प्रणालीमा भन्दा विशेष फाइदाहरु रहेको हुन्छ । यस प्रणालीको विशेषता तार प्रयोग विना देशको टाढा टाढाका स्थानहरुमा एक पटक छुट्टा छुट्टै कुराकानी गर्दा तथा खवर संदेश आदिको आदान प्रदान सजिलो सित गर्न सक्नाका साथै ट्रंक टेलिफोन लाइनमा जस्तै दुई कार्यालयको वीच सजिलैसित कुरा हुन सक्ने हुन्छ । हालको आकाशवाणीमा जस्तै एक पटकमा एक क्षेत्रबाट एकजनाले मात्र कुरा गर्न सक्ने नभै यस प्रणालीमा बढी च्यानलहरु रहने हुँदा धेरै व्यक्तिहरुले एकै समयमा कुरा गर्न सकिने हुन्छ । चौथो योजनामा माइक्रोवेभ सञ्चार सेवा पूर्वाञ्चल, मध्यमाञ्चल तथा पश्चिमाञ्चल क्षेत्रहरुमा उपलब्ध गर्ने कार्य भएको हो ।

पाँचौं योजनामा अधिराज्यका पश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल क्षेत्रमा केही थप स्थानहरुमा नयाँ माइक्रोवेभ टर्मिनल स्टेशनहरु स्थापना गरी सेवा उपलब्ध गरिने छ । यसै सिलसिलामा (१) काठमाडौ- भैरहवा (२) भैरहवा-नेपालगञ्ज (३) नेपालगञ्ज- सुर्खेत (४) भैरहवा- भरतपुर (५) भैरहवा-वुटवल र (६) विराटनगर-धनकुटा वीच नयाँ माइक्रोवेभ लिंकहरुको स्थापना कार्य पुरा गरिने छ । यस आयोजनाको निर्माणबाट मेची देखि पश्चिम सुर्खेत र नेपालगञ्जसम्म सिधा सञ्चार सेवा उपलब्ध हुनेछ ।

२. माइक्रोवेभ सञ्चार प्रणालीमा विस्तार :

चौथो योजनामा माइक्रोवेभ सञ्चार आयोजना अन्तर्गत भद्रपुर, दमक, विराटनगर, धरान, राजविराज, सिरहा, जनकपुर, मलंगवा, वीरगञ्ज, काठमाडौ, फुलचोकी, गोरखा तथा पोखरामा गरी १३ स्थानहरुमा रिपिटर तथा माइक्रोवेभ टर्मिनल स्टेशनहरु स्थापना गरी १११ च्यानलबाट सेवा उपलब्ध गर्ने कार्य पूरा गरिएको छ । यस योजना अवधिमा (१) फुलचोकी-वीरगञ्ज, (२) फुलचोकी -विराटनगर, (३) फुलचोकी- पोखरा तथा (४) विराटनगर भद्रपुर गरी ५ माइक्रोवेभ लिंकहरुमा डुप्लेक्स स्टाण्ड-वाई सिष्टमको स्थापना गरी ७२ च्यानेल थप गर्ने लक्ष्य राखिएको छ ।

३. ट्रंक क्यारियल ओपन वायर प्रणाली :

यस योजना अवधिमा काठमाडौ, भक्तपुर, बनेपा र धुलिखेल वीच ओपन वायर क्यारियर सिष्टमको स्थापना गरी भक्तपुर तथा काभ्रेपलाञ्चोक जिल्लाहरुमा ट्रंकसञ्चार सेवा उपलब्ध गरिने छ । साथै बुटवल र तानसेनका वीचमा पनि ओपन वायर क्यारियर सिष्टम स्थापना गरिने छ ।

४. आकाशवाणी (एच.एफ. डुप्लेक्स) ट्रंक प्रणाली स्थापना:

यस ट्रंक प्रणाली एक किसिमको आकाशवाणी जस्तै हो । तर साधारण किसिमको आकाशवाणी र यो आकाशवाणीमा केही फरक हुन्छ । यसमा एकै पटक दुई व्यक्ति सम्मले साथसाथै टेलिफोनमा वार्तालाप गरे जस्तै सजिलै सित सन्देशहरु आदान प्रदान गर्न सकिन्छ । यसमा टेलिफोन तथा टेलीग्राफको च्यानलहरुको व्यवस्था रहेको हुन्छ । चौथो योजना अवधिमा काठमाडौ- भैरहवा र काठमाडौ -नेपालगञ्जको वीच ट्रंक सञ्चार सेवा उपलब्ध गर्न आकारवाणी (एच.एफ.) डुप्लेक्स प्रणाली स्थापना गरिएको थियो ।

पाँचौं योजना अवधिमा कञ्चनपुर जिल्लाको महेन्द्रनगर, धनगढी, जुम्ला तथा दांगमा एच.एफ.डुप्लेक्स आकाशवाणी केन्द्रहरु स्थापना गरी काठमाडौ र यी ४ स्थानहरुको वीचमा ट्रंक सञ्चार व्यवस्थाको स्थापना गर्ने लक्ष्य निर्धारण गरेको छ । माइक्रोवेभ सञ्चार व्यवस्था स्थापना गर्न अझै समय लाग्ने यी स्थानहरुमा यस आयोजनाबाट निकै नै लाभ हुनेछ ।

(३) ट्रंक प्रणाली विस्तार (अन्तर्राष्ट्रिय) :

समुद्रपारका मुलुकहरुसित संदेशहरु आदान प्रदान गर्न तथा वार्तालाप गर्न बम्बइ, हङ्गकङ्गको माध्यम गरी पठाउन सक्ने व्यवस्था हाल कायम रहेको छ । काठमाडौ-टोकियो एच.एफ.लिंक स्थापना भएबाट अन्तर्राष्ट्रिय जगतको विभिन्न मुलुकमा सञ्चार सम्पर्क राख्न झन सजिलो भएको छ । यस व्यवस्थालाई बढी भरपर्दो गर्न हालको च्यानेलहरुमा बृद्धि गर्नु पर्ने आवश्यकता भएको हुँदा विस्तार कार्यहरु गर्ने लक्ष्य राखिएको छ । यस अन्तर्गत मुख्यतः २ आयोजनाहरु छन् । (१) एशियन टेलिकम नेटवर्क र (२) अन्तर्राष्ट्रिय आकाशवाणी (एच.एफ.) लिंक ।

१. एशियन टेलीकम नेटवर्क

एशियाली मुलुकहरुको वीचमा सञ्चार व्यवस्था कायम गर्न तथा भएको व्यवस्थालाई सुचारुरुपवाट सञ्चालन हुन सक्ने गर्न इस्कापबाट एशियन टेलीकम नेटवर्क स्थापना गर्ने सिफारीश भए अनुसार पाँचौं योजनामा यस आयोजनालाई समावेश गरिएको छ । पाँचौं योजना अवधिमा काठमाडौ-फुलचोकी-वीरगञ्ज माइक्रोवेभ सञ्चार व्यवस्थामा २४ च्यानेल टेलीफोन तथा वीरगञ्ज-रक्सौल वीच ६ च्यानेल टेलीग्राफ थप गरिने छ ।

२. अन्तर्राष्ट्रिय आकाशवाणी (एच.एफ.) लिंक :

अन्तर्राष्ट्रिय ट्रंक सञ्चार सेवाको मागमा पनि वर्षेनी बढ्दै आइरहेको र हालको व्यवस्थालाई बढी भरपदोंगर्न पाँचौं योजना अवधिमा काठमाडौ-बम्बइ-हङ्गकङ्ग लिंकमा टेलीग्राफ च्यानेलको वृद्धि गरिने छ ।

(४) टेलेक्स सेवा विस्तार:

टेलेक्स सेवालाई पनि एक प्रकारको ट्रंक सञ्चार सेवाको रुपमा लिन सकिन्छ । अन्य ट्रंक सञ्चार र माध्यम जस्तै टेलिफोन, टेलीप्रिन्टर आदि भन्दा यस प्रणालीमा केही बढी सुविधाहरु निहित रहेको हुन्छ । टेलेक्सबाट बढी सन्देशहरु आदान प्रदान गर्न सक्ने र यसरी आदान प्रदान गरिएका सन्देशहरु निरन्तर छापिदै रहने हुन्छ । साथै सन्देशहरु एक पक्षको अनुपस्थितिमा पनि प्रदान गर्न सक्ने हुन्छ र यसरी पठाइएका सन्देशहरु गोप्य रहने हुन्छ । कुनै नगरको उद्योग तथा वाणिज्य जस्तै पर्यटन उद्योग, होटल व्यवसाय, ट्राभल एजेन्सीहरु, हवाई सेवा आदिको यथेष्ट बृद्धि भएपछि टेलेक्स सेवाको आवश्यकता हुन्छ । काठमाडौको वढ्दै गई रहेको उद्योग तथा व्यापारलाई महसूस गरी चौथो योजनाकालमा काठमाडौ टेलेक्सको स्थापना भै ३० लाइन सव्सक्राइवर सेवा उपलव्ध गरेको थियो ।

पाँचौं योजना अवधिमा काठमाडौ टेलेक्सको क्षमतामा वृद्धि गरी अधिराज्यका अन्य प्रमुख नगरहरुमा टेलेक्स सेवा उपलव्ध गर्ने कार्यक्रम रहेको छ । यसबाट ८० लाइन सव्सक्राइवरको सेवा प्रदान हुने लक्ष्य निर्धारण गरिएको छ ।

(५) विविध:

१. कार्यालय भवन :

नेपाल दूर सञ्चार समितिको हालको कार्यालय भवन बढ्दै गै रहेको कार्यको सन्दर्भमा अपर्याप्त भएको छ । पाँचौं योजनाको अन्ततिर भवनको निर्माण शुरु गर्ने लक्ष्य रहेको छ ।

२. दूर सञ्चार प्रशिक्षण

दूर सञ्चार सम्वन्धी निम्न तथा मध्यमस्तरीय विभिन्न किसिमको प्राविधिकज्ञहरु स्वदेशमा नै उत्पादन गरी प्राविधिक जनशक्तिको कार्यबाट उत्पन्न समस्या समाधान गर्न यो आयोजना चौथो योजनामा नै प्रारम्भ गरिएको थियो । पाँचौं योजना अवधिमा दूर सञ्चार तालीम केन्द्र स्थापना गरी दूर सञ्चार सम्वन्धी विभिन्न विषयको तालीम दिने कार्य हुनेछ । यस आयोजनाको निमित्त आवश्यक सहयोग संयुक्त राष्ट्र संघको विकास कार्यक्रमबाट उपलव्ध हुनेछ ।

३. सम्भाव्यता अध्ययन:

दूर सञ्चार सम्वन्धी आवश्यक आयोजनाहरुको प्राविधिक तथा आर्थिक सम्भाव्यता अध्ययनको आधारमा उपर्युक्त दीर्घकालीन नीतिहरुको तर्जुमा गरिने छ ।

पाँचौं योजना कालमा दूर सञ्चार विकास तर्फ हुने खर्च

(रु. हजारमा)

आयोजना	न्यूनतम कार्यक्रमको	अधिकतम

		लागि रकम	कार्यक्रमको लागि थप रकम
१.स्थानीय टेलीफोन एक्सचेञ्ज		६,३३,२३	-
२. ट्रंक प्रणाली स्थापना तथा			
विस्तार (अन्तरदेशीय		२,२८,७७	-
३. ट्रंक प्रणाली विस्तार (अन्तर्राष्ट्रिय)		५८,००	-
४. टेलेक्स सेवा विस्तार		२५,००	-
५. विविध		३२,००	-
	जम्मा	९,७७,००	-
		कूल जम्मा ९,७७,००	

अनुसूची नं. १

दूर संचार पाँचौं योजना (२०३२-३७) को कार्यक्रम

आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य	आयोजनामा लाग्ने खर्च रु. ००० मा		कैफियत
स्थानीय टेलिफोन एक्सचेञ्ज						
क. नयाँ स्वचालित एक्सचेञ्ज स्थापना			नयाँ स्वचालित टेलिफोन एक्सचेञ्ज स्थापना कार्य पूरा गर्ने	४,४३,२३		
१.काठमाडौ स्याटेलाइट	काठमाडौ	नयां	क. ५००-१००० लाइन क्षमताको स्वचालित ट्रेलर एक्सचेञ्ज स्थापना ख. ५००० लाइन क्षमताको नयाँ स्वचालित एक्सचेञ्ज स्थापना	३,२३,१३	-	
२ वनेपा एक्सचेञ्ज	वनेपा	नयाँ	(१) ५० लाइन (५० देखि १०० लाइन क्षमताको स्वचालित एक्सचेञ्ज स्थापना	२,६९		
३.बुटवल एक्सचेञ्ज	बुटवल	नयाँ	(१) २०० लाइनको स्वचालित एक्सचेञ्ज स्थापना	१२,४७	-	
४.पाटन एक्सचेञ्ज	पाटन	नयाँ	(१) ५००-१००० लाइन क्षमताको स्वचालित ट्रेलर एक्सचेञ्ज स्थापना	४६,११	-	
५.भक्तपुर एक्सचेञ्ज	भक्तपुर	चालु	(१) २०० लाइनको स्वचालित एक्सचेञ्ज स्थापना	१४,६३		
६. भरतपुर एक्सचेञ्ज	भरतपुर	नयाँ	(१) १०० लाइनको स्वचालित एक्सचेञ्ज स्थापना	६,९५		
७. विराटनगर एक्सचेञ्ज	विराटनगर	चालु	(१) १३०० लाइनको स्वचालित एक्सचेञ्ज स्थापना (२) थप ७०० लाइनको व्यवस्था गर्ने	३७,२५		
ख. म्यानुयल एक्सचेञ्जलाई स्वचालितमा परिणत गर्ने			म्यानुयल टेलिफोन एक्सचेञ्जलाई स्वचालितमा परिणत कार्य पूरा गर्ने :	१,५९,५०		

१.पोखरा एक्सचेञ्ज	पोखरा	नयाँ	(१) ५०० लाइनको क्षमता भएको नयाँ स्वचालित एक्सचेञ्ज स्थापना	२३,५०		
२ जनकपुर एक्सचेञ्ज	जनकपुर	नयाँ	(१) ४०० लाइनको क्षमता भएको नयाँ स्वचालित एक्सचेञ्ज स्थापना	१९,००		
३ भैरहवा एक्सचेञ्ज	भैरहवा	नयाँ	(१) ४०० लाइनको क्षमता भएको नयाँ स्वचालित एक्सचेञ्ज स्थापना	२१,००		
४. हेटौंडा एक्सचेञ्ज	हेटौंडा	नयाँ	(१) ५०० लाइनको नयाँ स्वचालित एक्सचेञ्ज स्थापना	२०,००		
५.नेपालगञ्ज एक्सचेञ्ज	नेपालगञ्ज	नयाँ	(१) ५०० लाइनको नयाँ स्वचालित एक्सचेञ्ज स्थापना	३४,००		
६.धरान एक्सचेञ्ज	धरान	नयाँ	(१) ८०० लाइनको नयाँ स्वचालित एक्सचेञ्ज स्थापना	४२,००		
ग. स्थानीय म्यानुयल टेलिफोन एक्सचेञ्जमा विस्तार			हाल चालूमा रहेको म्यानुयल एक्सचेञ्जमा लाइन बृद्धि गर्ने	१०,००		
१. मलंगला एक्सचेञ्ज	मलंगवा	नयाँ	(१) १०० लाइन थप गर्ने	२,००		
२.झापा एक्सचेञ्ज	भद्रपुर	नयाँ	(१) १०० लाइन थप गर्ने	३,५०		
३.राजविराज एक्सचेञ्ज	राजविराज	नयाँ	(१) २०० लाइन थप गर्ने	४,५०		
घ. नयाँ म्यानुयल एक्सचेञ्ज स्थापना			नयाँ म्यानुयल एक्सचेञ्ज कार्य पूरा गर्ने	२०,५०		
१. सिरहा एक्सचेञ्ज	सिरहा	नयाँ	(१) ५० लाइनको नयाँ एक्सचेञ्ज सीवी. म्यानुयल स्थापना	५०		
२ धनकुटा एक्सचेञ्ज	धनकुटा	नयाँ	(१) २०० लाइनको नयाँ एक्सचेञ्ज सी.वी. म्यानुयल स्थापना	५,००		
३.तानसेन एक्सचेञ्ज	तानसेन	नयाँ	(१) २०० लाइनको नयाँ एक्सचेञ्ज सी.वी. म्यानुयल स्थापना	५,००		
४.सुर्खेत एक्सचेञ्ज	सुर्खेत	नयाँ	(१) २०० लाइनको नयाँ एक्सचेञ्ज सी.वी. म्यानुयल स्थापना	५,००		
५ महेन्द्रनगर एक्सचेञ्ज	महेन्द्रनगर	नयाँ	(१) २०० लाइनको नयाँ एक्सचेञ्ज सी.वी. म्यानुयल स्थापना	५,००		
२. ट्रंक प्रणाली स्थापना तथा विस्तार						

क. ट्रंक प्रणाली स्थापना तथा विस्तार (अन्तर देशिय)						
१. माइक्रोवेभ सञ्चार प्रणाली नयाँ लिंक स्थापना	काठमाडौ, विराटनगर, सुर्खेत, भरतपुर बुटवल र धनकुटा		निम्न माइक्रोवेल लिंकको स्थापना कार्य पुरा गरी सेवा उपलव्ध कार्य पुरा गर्ने । १. काठमाडौ- भैरहवा : १२ च्यानेल २. भैरहवा- नेपालगञ्जः १२ ,, ३. नेपालगञ्ज- सुर्खेत : ६ ,, ४. भैरहवा- भरतपुर ६ ,, ५. भैरहवा- वुटवल ६ ,, ६. विराटनगर- धनकुटा १२ ,,	१,३०,००		
२. माइक्रोवेभ सञ्चार प्रणाली विस्तार	फुलचोकी वीरगञ्ज विराटनगर, पोखरा र भद्रपुर	नयाँ	हालको माइक्रोवेभ स्टेशनहरुमा डुप्लेक्स स्टाण्ड-वाई सिष्टम स्थापना गरी ७२ च्यानेल थप गर्ने १. फुलचोकी- वीरगञ्ज २. फुलचोकी- विराटनगर ३. फुलचोकी- पोखरा ४. फुलचोकी- भद्रपुर	६०,००		
३. ट्रक क्यारियल वोपन वायर प्रणाली	काठमाडौ, भक्तपुर, बनेपा, धुलिखेल, वुटवल र तानसेन	नयाँ	निम्न स्थानहरुमा वोपन वायर स्थापना कार्य पुरा गर्ने १. काठमाडौ- भक्तपुर-वनेपा-धुलिखेल ३ च्यानेल २. वुटवल-तानसेन ३ च्यानेल	८,०० (३.००) (३,००)		

४. आकाशवाणी (एच. एफ.) डुप्लेक्स ट्रंक प्रणाली	महेन्द्रनगर, धनगढी, जुम्ला र दांग	नयाँ	निम्न स्थानहरुमा डुप्लेक्स लिंक स्थापना कार्य पूरा गरी १।१ च्यानेलको टेलीग्राफ र टेलीफोन सेवा उपलव्ध गर्ने १. काठमाडौ- महेन्द्रनगर २. काठमाडौ - धनगढी ३. काठमाडौ - जुम्ला ४. काठमाडौ - दांग	३०,७७		
(३) ट्रंक प्रणाली विस्तार (अन्तर्राष्ट्रिय)						
१. एशियन टेलीकम नेटवक	काठमाडौ फुलचोकी र वीरगञ्ज	नयां	निम्न स्थानहरुमा थप च्यानेल उपलव्ध गर्ने १. काठमाडौ फुलचोकी वीरगंज २४ च्यानेल टेलीफोन २. वीरगंज रक्सोल ६ च्यानेल टेलीग्राफ	४०,००		
२ अन्तर्राष्ट्रिय आकाशवाणी (एच. एफ. लिंक	काठमाडौ	नयां	थप च्यानेल उपलव्ध गर्ने : १. काठमाडौ । बम्बै । हङ्गकङ्ग १. च्यानेल टेलीफोन १ च्यानेल टेलीग्राफ	१८,००		
टेलेक्स सेवा विस्तार	काठमाडौ र अन्य प्रमुख स्थानहरु	नयां	काठमाडौ तथा अधिराज्यका प्रमुख नगरहरुमा ८० टेलेक्स लाइन उपलव्ध गर्ने गरी टेलेक्स एक्सचेंजको स्थापना गर्ने	२४,००		
विविध						
१. कार्यालय भवन	काठमाडौ	नयां	कार्यालयको निर्माण कार्य प्रारंभ गर्ने	५,००		
२ दूरसञ्चार प्रशिक्षण	काठमाडौ	चालु	निम्नस्तरिय तथा मध्यस्तरिय प्राविधिकहरुको उत्पादनको लागि दूर सञ्चार सम्वन्धी प्रशिक्षण उपलव्ध गर्ने	२७,००		
३. संभाव्यता अध्ययन		सालवसाली	दूर संचार विकास सम्वन्धी आर्थिक तथा प्राविधिक अध्ययन गर्ने			

			कूल जम्मा	९,७७,००		

परिच्छेद २०

हुलाक

सञ्चार साधनहरु मध्ये नेपाल जस्तो देशको लागि हुलाक सेवाको विकास र विस्तार हुनु ज्यादै आवश्यक छ । आजको हुलाक सेवाको क्षेत्र पहिले जस्तै चिट्ठी पत्रको आदान प्रदानमा मात्र सीमित नरही कतिपय आर्थिक तथा सामाजिक क्षेत्रहरुमा पनि यसबाट सघाउ पुग्न गएको छ । नेपालमा हुलाक अड्डाको प्रारम्भ वि.सं. १९३५ सालमा भएको हो । हुलाक सेवाको क्रमिक विकास भई चौथो योजनाको अन्त्यसम्ममा गोस्वारा हुलाक १,१२६ वटा छोटी हुलाकबाट ७४ जिल्ला हुलाक कट्टा गरी ५२ वटा छोटी हुलाक, जिल्ला हुलाक ७४, शाखा हुलाक २०३ वटा छोटीमा परिणत भएको, अतिरिक्त हुलाक ७०१, डाँक रेखा ६२, आन्तरिक धनादेश सेवा १४, वचत बैंक सेवा ४ हुने देखिन्छ ।

(क) उद्देश्य :

पाँचौं योजनामा हुलाक सेवाको मुल उद्देश्य राष्ट्रिय सञ्चार योजना अनुरुप हुलाक व्यवस्थालाई छिटो, छरितो र देशव्यापी वनाई राष्ट्रिय एकतालाई बढी सुदृढ गर्नुको साथै राष्ट्रिय विकासको लागि आवश्यक हुलाक सेवा उपलब्ध गराउनु हुनेछ । यसतर्फ खास खास उद्देश्यहरु निम्न प्रकारका हुनेछन् ।

(१) हुलाकहरुको संख्यात्मक वृद्धि मात्र नगरी भइरहेको हुलाकहरुलाई आवश्यक अनुसार सुदृढीकरण गरी बढी जनसंख्यालाई हुलाक सेवा प्रदान गर्ने ।

(२) विगत योजनाहरुमा झैं केवल चिट्ठीको आदान प्रदानमा मात्र हुलाक सेवालाई सिमित नराखी आर्थिक तथा सामाजिक सेवा जस्तै धनादेशसेवा, हुलाकआदेशसेवा आदि सेवाहरुको प्रारम्भ तथा विस्तार गरिने छ ।

(३) विश्व हुलाक संघको नियम र परिपाटी बमोजिम अन्तर्राष्ट्रिय हुलाक सेवामा बृद्धि गराइने छ ।

(ख) नीति :

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्न पाँचौं योजनामा तल दिइएका नीतिहरु अपनाइने छन् ।

(१) श्री ५ को सरकार तथा जनसाधारणका निमित्त आवश्यक देशव्यापी हुलाक व्यवस्थाको विकास गर्ने ।

(२) हुलाक सेवालाई आर्थिक दृष्टिकोणबाट आत्मनिर्भर बनाउन यथाशक्य प्रयास गर्ने ।

(३) का.स. व्यवस्थालाई पूर्ण रुपले उन्मुलन गर्ने ।

(४) हुलाकहरु स्थापना गर्दा जनसंख्याको अतिरिक्त क्षेत्रीय सन्तुलनको दृष्टिकोणपनि अपनाइने छ ।

(५) सरकारी हुलाकहरु जस्तै छोटी हुलाक, जिल्ला हुलाकलाई यथासम्भव सरकारी भवनमा राख्ने व्यवस्था मिलाइने छ ।

(६) दुई जिल्लाको सदर मुकामहरुलाई लघुतम दूरी कायम गर्ने किसिमबाट डांक परिवहन गर्ने कार्यमा उपलब्ध साधनद्वारा हुने सम्म छिटो गराउन हवाई सेवा चालू भएको ठाउँमा विमानद्वारा र मोटर सवारी उपलब्ध स्थानमा सवारी साधन द्वारा डाँक चलाइने छ ।

(७) विभिन्न हुलाक सेवा विस्तार सर्वेक्षणको आधारमा धनादेश सेवाको व्यवस्था गरिने छ ।

(८) सिधा डांक आदान प्रदान गर्ने व्यवस्था हाल सम्म केही मुलुकहरुमा मात्र भएकोमा पाँचौं योजना कालमा नेपालसंग आदान प्रदान हुने हुलाक वस्तुको परिमाणको आधारमा आवश्यक ठहरिएका सबै मुलुकहरुसंग सिधा डांक आदान प्रदानको व्यवस्था मिलाइने छ ।

(९) हुलाक सेवा बढी सक्षम गर्न हुलाक प्रशिक्षण क्षमतामा बृद्धि गराइने छ र घुम्ती टोलीहरुबाट अल्पकालीन तालीम प्रदान गरिने छ ।

(ग) प्राथमिकता:

उपरोक्त उद्देश्य तथा नीतिहरुको आधारमा पाँचौं योजना कालमा सञ्चालन गरिने हुलाक आयोजनाहरुलाई निम्न किसिमको प्राथमिकता दिइएको छ ।

(१) हुलाक विस्तारको सन्दर्भमा सरकारी हुलाक भन्दा अतिरिक्त हुलाक खोल्नलाई बढी प्राथमिकता दिने ।

(२) छोटी हुलाकको स्थापना तथा डांक रेखा विस्तार गर्ने ।

(३) हुलाक भवन निर्माण र डांक परिवहन व्यवस्था गर्ने ।

(४) आन्तरिक तथा अन्तर्राष्ट्रिय हुलाक सेवा विस्तार गर्ने ।

(५) हुलाक प्रशिक्षणलाई बढी सक्षम गर्ने ।

(घ) लक्ष्य :

तेश्रो योजनाको शुरुमा एक हुलाकको सरदर ४३,६२० जनसंख्यालाई हुलाक सेवा पुऱ्याएकोमा चौथो योजनाको अन्त्यसम्ममा १ हुलाकले सरदर १२,४१७ जनसंख्यालाई हुलाक सेवा उपलब्ध गर्ने अनुमान गरिएको छ । हुलाक र जनसंख्याको अनुपात अझ सानो पारी हाम्रो साक्षरता र शैक्षिक स्तर अनुरुप हुने किसिमबाट यसलाई घटाउँदै लगि प्रति हुलाकले १०,००० जनसंख्या सम्मलाई सेवा उपलब्ध गराउनाका साथै हुलाकले ४४ वर्गमील भूमिमा वसोवास गरेको जनसंख्यालाई सेवा पुऱ्याउने लक्ष्य छ । यसबाट नेपाल पनि विश्व संस्थाबाट निर्धारित लक्ष्य भन्दा धेरै पछाडी पर्ने छैन । यसको अतिरिक्त हुलाक वस्तु सञ्चालनमा प्रतिवर्ष १० प्रतिशतले वृद्धि गर्ने लक्ष्य निर्धारण गरिएको छ ।

(ङ) कार्यक्रम :

माथि उल्लेख गरिएका उद्देश्य तथा लक्ष्यहरु प्राप्त गर्न पाँचौं योजना अवधिमा हुलाक सम्बन्धी निम्नलिखित ९ वटा आयोजनाहरु सञ्चालन गरिने छन् ।

(१) छोटी हुलाक :

छोटी हुलाकको स्थान हुलाक सेवाको लागि अत्यन्त महत्वपूर्ण छ । यो जिल्ला हुलाक पछिको पूर्ण सरकारी हुलाक हो । छोटी हुलाकले आफ्नो क्षेत्र भित्रको अतिरिक्त हुलाकलाई चाहिने आवश्यक टिकट आदि सम्पूर्ति गर्नुको साथै हुलाक वस्तुको आदान प्रदानको कार्य गर्दछ ।

चौथो योजनाको अन्त्य सम्ममा १२६ वटा छोटी हुलाकको स्थापना हुनेछ । पाँचौं योजनामा पनि छोटी हुलाकको विस्तार गरिने छ । यस अनुसार योजना अवधि भित्र विभिन्न स्थानमा गरी जम्मा ३२ वटा छोटी हुलाक खोल्ने लक्ष्य राखिएको छ ।

(२) अतिरिक्त हुलाक

अतिरिक्तहुलाक अर्ध सरकारी हुलाक हो । हुलाक सेवा विकासमा अतिरिक्त हुलाकको सबै भन्दा महत्वपूर्ण स्थान छ । अतिरिक्त हुलाकले बढीमा ३ कोष क्षेत्रफलमा ६ हजार जनतालाई हुलाक सेवा पुऱ्याउने काम गर्दछ ।

चौथो योजनाको अन्त्य सम्ममा जम्मा ७०१ अतिरिक्त हुलाकहरुको व्यवस्था हुने अनुमान छ । अतिरिक्त हुलाकलाई पाँचौं योजनामा पनि महत्व दिइएको छ । पाँचौं योजना अवधिभरमा अधिराज्यको विभिन्न स्थानमा गरी जम्मा ३१६ वटा अतिरिक्तहुलाक स्थापना गर्ने लक्ष्य राखिएको छ ।

(३) डांक रेखा विस्तार :

नेपालको प्रशासन र विकास कार्यहरुको लागि छिटो र सोझो मार्गबाट चिट्ठीपत्रहरु प्राप्त हुनु अति आवश्यक छ । यसले खास गरी दुई जिल्लाको सदर मुकामहरुलाई लघुतम दूरी कायम हुने गरी डांक आदान प्रदानमा छिटो छरितो पन ल्याउने छ ।

चौथो योजनाको अन्त्य सम्ममा जम्मा ६२ वटा डांक रेखाको व्यवस्था हुन सक्ने अनुमान गरिएको छ । पाँचौं योजना अवधि भित्र थप जम्मा १५ डांक रेखाको विस्तार गर्ने लक्ष्य राखिएको छ ।

(४) डांक परिवहन :

उपलब्ध साधनद्वारा डांक परिवहनमा द्रुतता ल्याउन हवाई जहाज चल्ने ठाउँमा हवाईजहाजद्वारा, राजमार्ग निर्माण भएका ठाउँमा मोटर आदिद्वारा र पैदल चलाउन पर्ने ठाउँमा पनि तोकिएको समय सारिणी अनुसार डांक आदान प्रदानमा द्रूतगति ल्याउने व्यवस्थाको साथै चिट्ठीपत्रको सङ्कलन र डेलीभरीमा शीघ्रता ल्याउन हुलाकहरुमा स्कूटर भ्यान तथा साइकलहरुको समेत व्यवस्था गरिने छ ।

पाँचौं योजना अवधिभरमा हुलाकलाई सुहाउँदो ३० नयाँ भवन निर्माण गर्ने व्यवस्था गरिएको छ । साथै आवश्यकताको आधारमा ६ स्थानमा भवन विस्तार गरिने छ ।

(६) आन्तरिक धनादेश सेवा :

नेपाल अधिराज्यको सबै जिल्लाहरुमा बैंक सेवा नभएको हुँदा एक जिल्लाबाट अर्को जिल्ला तथा एक स्थानबाट अर्को स्थानमा रकम आदान प्रदान गर्ने जस्ता कार्यहरुमा आन्तरिक धनादेश सेवाले विशेष महत्व राख्दछ । हुनत आन्तरिक धनादेश सेवा उपलब्ध गर्ने तर्फ विगत योजनाकालमा कार्य प्रारम्भ गरिएको थियो । यस अनुसार चौथो योजनाको अन्त सम्ममा १४ अञ्चलका मुख्य मुख्य हुलाकहरुबाट धनादेश सेवा उपलब्ध गरिएको थियो । पाँचौं योजनामा यस सेवालाई अझ विस्तार गर्दै लग्न नीति अनुरुप थप ४५ जिल्लाहरुमा सेवा उपलब्ध गर्ने लक्ष्य रहेको छ । साथै भारतमा वसेका नेपालीहरुलाई आफ्नो पैसा नेपालमा पठाउन र नेपालमा रहेका आफन्तहरुबाट भारतमा पैसा पठाउन नेपाल-भारत विच धनादेश सेवा सञ्चालन गरिने छ ।

(७) वचतकोष सेवा

हुलाक सेवा अन्तर्गत सञ्चालन हुने वित्तीय सेवाहरुमध्ये वचतकोष सेवा पनि एक प्रमुख भएकोले अधिराज्यका विभिन्न २५ ठाउँका हुलाकमा सानो तिनो रकम वचत गर्न चाहनेका लागि वचत कोष सेवा चलाउने कार्यक्रम राखिएको छ ।

(८) अन्तर्राष्ट्रिय सेवा

यसमा विश्व हुलाक संघको पुलिन्दा सेवा सम्झौतामा प्रवेश गरी आवश्यक र उपयुक्त देखिएका देशहरु संग सीधा पुलिन्दा सेवा चालु गरिने छ ।

(९) हुलाक प्रशिक्षण :

हुलाक सेवा पनि प्राविधिक किसिमको हुँदा यसमा तालीम प्राप्त कर्मचारीको नितान्त आवश्यक छ । सो को लागि हुलाकका कर्मचारीहरुलाई वैज्ञानिक प्रशिक्षण दिई तिनीहरुको कार्य क्षमतामा वृद्धि गर्नुपर्ने भएकोले योजना अवधि भरमा राजपत्र अनंकित प्रथम श्रेणी सम्मका ५०० कर्मचारीहरुलाई प्रशिक्षण दिने व्यवस्था गरिएको छ ।

(च) खर्च व्यवस्था :

हुलाक सेवाको लागि चाहिने खर्चको विवरण तल प्रस्तुत गरिएको छ ।

रु. हजारमा

आयोजना	न्यूनतमकार्यक्रमको लागि रकम	अधिकतम कार्यक्रमको लागि थप रकम
१. छोटी हुलाक	९,१८	-
२. अतिरिक्त हुलाक	२३,१७	-
३. डांक रेखा विस्तार	२,६३	-
४. डांक परिवहन	२,७२	-
५. भवन निर्माण	३०,००	-
६. धनादेश सेवा	७,२३	-
७. वचत कोष सेवा	१,०६	-
८. अन्तर्राष्ट्रिय सेवा	१५,००	-
९. हुलाक प्रशिक्षण सेवा	९,००	-
कूल जम्मा	१,००,००	-

अनुसूची नं १

हुलाक सेवा सम्वन्धी पाँचौं योजना (२०३२-३७) को कार्यक्रम

आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य	आयोजनामा लाग्ने खर्च रु. ००० मा		कैफियत
१ छोटी हुलाक	अधिराज्यका विभिन्न स्थानहरु	नयाँ	१ स्थापना ३२ वटा पूरा गर्ने	९,१८	-	
२ अतिरिक्त हुलाक	,,	,,	१ स्थापना ३१६ वटा पूरा गर्ने	२३,१८	-	
३ डांक रेखा विस्तार	,,	,,	१ स्थापना १५ रेखा विस्तार पूरा गर्ने	२,६३	-	
४.डांक परिवहन सुधार	,,	सालवसाली	निम्न डांक परिवहन साधन उपलव्ध गर्ने १. स्कुटर भ्यान १० वटा २. साइकल २२५ वटा	२,७२		
५. भवन निर्माण तथा विस्तार	अधिराज्यको विभिन्न स्थानहरुमा	नयां	१ हुलाक भवन निर्माण ३० वटा २. हुलाक भवन विस्तार ६ वटा	३०,००		
६. धनादेश सेवा	-	नयां	आन्तरिक तथा वाह्य धनादेश सेवा उपलव्ध गर्ने १. आन्तरिक धनादेश सेवा ४५ जिल्लामा उपलव्ध गर्ने २अन्तर्राष्ट्रिय धनादेश सेवा नेपाल-भारत वीच सेवा उपलव्ध गर्ने	७,२३		यसको रकम अन्तर्राष्ट्रिय सेवामा समावेश गरिएको छ ।
७. वचत कोष सेवा	अधिराज्यको विभिन्न स्थानहरुमा	नयां	१ वचतकोष सेवा २५ विभिन्न स्थानहरुमा उपलव्ध गर्ने	१,०६	-	

८. अन्तर्राष्ट्रिय सेवा	-	नयां	१. पुलिन्दा सेवा (क) विश्व हुलाक संघका पुलिन्दा सेवा संभ्कौतामा प्रवेश गर्ने (ख) विभिन्न मुलुकहरुसित सिधा पुलिन्दा सेवा चालू गर्ने	१५,००		
९. हुलाक प्रशिक्षण	काठमाडौ	सालवसाली	१. हुलाक प्रशिक्षण ५०० व्यक्तिलाई उपलव्ध गर्ने	९,००	-	
			कूल जम्मा	१,००,००		

परिच्छेद २१

उद्योग

औद्योगिक क्षेत्र निकै पिछडिन गई सामान्य दैनिक उपभोग तथा निर्माणका वस्तुहरुको लागि पनि पैठारीमा निर्भर रहनुपर्ने नेपालको अर्थ व्यवस्थालाई क्रमशः आत्मनिर्भर गर्नाका साथै गैर कृषि क्षेत्रमा बढ्दो श्रमशक्तिलाई रोजगारी दिलाउन औद्योगिक क्षेत्रलाई विस्तार गर्नु पर्ने तथ्य निर्विवाद छ । वितेका अनुभवको आधारमा विचार गर्दा गैरसरकारी क्षेत्रमा औद्योगिक लगानी आकर्षित गर्न अन्य लगानी भन्दा यसलाई बढी लाभदायक तुल्याउनु जरुरी देखिन्छ । साथै सरकारी क्षेत्रले पनि सक्रिय रुपले अग्रसर भई औद्योगिक उत्पादन बढाउने काममा महत्वपूर्ण भूमिका खेल्नु पर्ने देखिन्छ । पाँचौं योजनाकालमा औद्योगिक विकासको लागि अपनाइएका उद्देश्य, नीति, प्राथमिकता र कार्यक्रम तल प्रस्तुत गरिएका छन् ।

(क) उद्देश्य

१. औद्योगिक उत्पादन तथा उत्पादकत्वमा परिमाणात्मक वृद्धि र गुणात्मक सुधार गर्ने ।

२. औद्योगिक विकासद्वारा जमीनमा आश्रित आवश्यकता भन्दा बढी श्रमशक्तिलाई स्थानान्तर गर्न औद्योगिक रोजगारीमा बृद्धि गर्ने ।

३. स्थानीय पूंजी, शीप र साधनको अधिकतम परिचालन गर्ने ।

४. दैनिक उपभोगका अत्यावश्यक वस्तुहरु तथा केही निर्माण सामग्रीहरुमा यथाशीघ्र आत्मनिर्भर हुने ।

५. प्रादेशिक आर्थिक असन्तुलनमा कमी ल्याउने ।

६. निर्यात बृद्धि तथा आयात प्रतिस्थापन प्रक्रियाबाट देशको शोधनान्तर स्थित सुधार्ने ।

(ख) नीति :

१. देशको साधन औद्योगिक क्षेत्रतर्फ प्रवाहित गर्न औद्योगिक लगानीलाई वैदेशिक व्यापारमा, जग्गा जमीन, ठेकेदारी वा अन्य कार्यहरुमा हुने लगानी भन्दा बढी आकर्षक तुल्याउने छ ।

२. प्रतिरक्षा र सार्वजनिक सुविधा सम्वन्धी उद्योग व्यवसाय पूर्णतया सरकारी क्षेत्रमा सीमित रहने र अन्य उद्योगहरुको हकमा सरकारी क्षेत्र, गैर सरकारी क्षेत्र र दुवै क्षेत्रका संयुक्त लगानीमा स्थापना र सञ्चालन गर्न सकिने व्यवस्था गरिने छ ।

३. निर्धारित कार्यक्रम बमोजिम नयां उद्योगहरु गैर-सरकारी क्षेत्रमा स्थापना हुन नआएमा वा श्री ५ को सरकारले आवश्यक ठानेमा निजी क्षेत्रको शेयर खुला राखी श्री ५ को सरकारले नै त्यस्ता उद्योगहरुको स्थापना गर्न सक्नेछ ।

४. निजी लगानीलाई संरक्षणस्वरुप श्री ५ को सरकारले लगानी गर्दा, पाइलट उद्योग भएमा वाहेक ठूला उद्योगमा मात्र लगानी गर्न सक्ने व्यवस्था गरिनेछ ।

५. उद्योग स्थापना गर्न इजाजत दिने तथा उद्योगहरुलाई ऋण दिने कार्य विधिहरुलाई यथासम्भव छरितो, वैज्ञानिक तथा आधारवद्ध वनाइने छ ।

६. विभिन्न उद्योगहरुलाई दिइने सुविधाहरु हरसम्भव किटान गरी इजाजत पत्रमा उल्लेख गरी दिनु पर्ने व्यवस्था गर्ने र सुविधा उपभोग गर्न नपाएका उद्योगहरुले उजूर गरेमा यथोचित कारवाही गरिने व्यवस्था समेत मिलाइ दिइने छ ।

७. नयां उद्योग स्थापना गर्दा दिइने सुविधाहरुलाई उद्योगको प्रकृति, लगानी र रोजगारीमा आधारित गरिने छ र उद्योगको किसिमको आधारमा दिइने ऋणको व्याजदरमा समेत विभिन्नता ल्याइने छ ।

८. औद्योगिक उत्पादनमा लगाइने कर व्यवस्थालाई उत्पादनमूलक वनाइने छ ।

९. नयां उद्योगहरुको स्थापनाको साथसाथै स्थापना भइसकेका उद्योगहरुको क्षमता पूर्णरुपले उपयोग गराउने, आवश्यकतानुसार आधुनिकरण गराउने र क्षमता बढाउने कार्यका साथै स्थापना भई वन्द रहेका उद्योगहरुलाई आर्थिक औचित्यको आधारमा पुनः चालु गराइने छ ।

१०. आधुनिकरण वा विस्तार गर्न उद्योगहरुलाई विभिन्न सुविधाद्वारा प्रोत्साहित गरिने छ ।

११. घरेलु तथा साना उद्योगहरु नेपाली नागरिकको लागि मात्र सुरक्षित राखी मझौला तथा ठूला उद्योगमा विदेशी लगानीलाई पनि प्रोत्साहन दिइने छ ।

१२. औद्योगिक विकास कार्य विभिन्न भौगोलिक क्षेत्रमा आकर्षित गर्न र क्षेत्रीय सन्तुलन कायम गर्न विभिन्न क्षेत्रमा स्थापना गरिने उद्योगहरुलाई दिइने सुविधाहरुमा विभिन्नता ल्याइने छ ।

१३. प्राविधिक कारणबाट अन्य उपाय अपनाउनु पर्ने स्थितिमा बाहेक अरु सबमा श्रमप्रधान प्रविधि अपनाइने आधारमा उद्योग खोल्ने इजाजत लगायत अन्य सुविधाहरु प्रदान गर्दा विशेष सहुलियतको व्यवस्था गरिने छ ।

१४. विभिन्न उद्योगहरुलाई सुविधाहरु सुलभ तरिकाले उपलब्ध गराउने र आवश्यकता बमोजिम कच्चा माल तथा विदेशी मुद्रा जुटाउने प्रणालीमा समेत समन्वयात्मक व्यवस्थाद्वारा निश्चितता ल्याई औद्योगिक जगतमा विश्वासको नयां वातावरण सृजना गरिने छ ।

(ग) प्राथमिकता :

१. निर्माण अवस्थामा रहेका वचनवद्ध उद्योगहरु ।

२. दैनिक उपभोगका अत्यावश्यक वस्तुहरुको पूर्ति वढाउने र आर्थिक विकासको आधारलाई सुदृढ गर्ने निर्माण सामग्रीहरु उत्पादन गर्ने खालका उद्योगहरु ।

३ जुनसुकै किसिमको उद्योग छनौट गर्दा मुख्यत: स्वदेशी कच्चा पदार्थ र प्राकृतिक साधनमा नै अधिकांश रुपले आधारित हुने उद्योगहरु ।

४. प्राविधिक कारणले ठूलो स्तरबाट कार्य सन्चालन गर्नु पर्नेमा वाहेक सकभर मझौला र सानो खालका उद्योगहरु र ठूला उद्योगहरुलाई चाहिने केही सामान्य भागहरु उत्पादन गर्नमा आर्थिक औचित्यका आधारमा सकभर ससाना उद्योगहरुलाई प्रोत्साहन गर्ने ।

(घ) कार्यक्रम :

१. सरकारी क्षेत्रका चालू उद्योगहरुको सुधार

सामान्यत: हाल चालू रहेका सरकारी क्षेत्रका उद्योगहरुको उत्पादन क्षमता बढाउने लक्ष्य नभए तापनि पुरानो मेशिन उपकरणमा हेरफेर गरी उत्पादन क्षमतामा सुधार गरिने छ । साथै चौथो योजनाकालमा क्षमता वृद्धि गर्न अधुरो रहन गएका कार्यक्रमलाई पनि पूरा गरिने छ । तर पाँचौ योजनाकालमा विशेष जोड आन्तरिक व्यवस्था सुधार, व्यवस्थापन तालीम, लेखा व्यवस्था तालीम, गुण सुधार, स्तर नियन्त्रण, बजार खोज र बजार विस्तृतिकरण तर्फ हुनेछ । हालसम्म पूर्ण क्षमतामा नचलेका उद्योगहरुलाई उत्पादन विविधिकरणको प्रकृयाद्वारा पूर्ण क्षमतामा चलाउने प्रयास पनि गरिने छ ।

कृषि औजार कारखाना

वीरगञ्जस्थित कृषि औजार कारखानामा पाँचौ योजनाको प्रथम र द्वितीय वर्षमानै हालसम्म निर्माण गरिएका औजारहरुको अतिरिक्त आवश्यक मेशिनहरु थप गरी सेन्ट्रीफुगल पम्प युनिट समेत उत्पादन गर्ने व्यवस्था गरिने छ ।

छाला जुत्ता कारखाना:

यस कारखानाको जुत्ता उत्पादन क्षमता प्रतिदिन २०० जोरबाट ६०० जोर पुऱ्याउने विस्तार कार्यक्रम चौथो योजना अन्तर्गत प्राय: पूरा हुने भएको र केही बाँकी काम पाँचौं योजनाको शुरुमानै पूरा गरिने छ । सुदूर पश्चिमाञ्चलमा दुईवटा ट्यानरी स्थापना गर्न तथा कारखानामा खेर गैरहेको छालाबाट सरेश बनाउन सम्भाव्यता अध्ययन गराई सम्भाव्य भएमा उक्त उद्योगहरु स्थापना गर्ने र सरेश उत्पादन गर्ने कार्यक्रम रहेको छ ।

सूर्ति विकास कम्पनी :

यस कम्पनीको स्थापना जनकपुर चुरोट कारखानालाई आवश्यक सूर्ति पुऱ्याउने उद्देश्यले भएको हो । यस कम्पनीको कार्यकलापहरु मध्ये मुख्यत: सूर्ति उत्पादकहरुलाई आवश्यक आर्थिक र प्राविधिक सुविधाहरु पुऱ्याई सूर्ति उत्पादनमा बृद्धि ल्याउनु र आवश्यक अनुसन्धानद्वारा सूर्तिको गुणमा सुधार ल्याई निर्यात गर्न योग्य समेत बनाई विदेशी मुद्रा आर्जन गर्नु हो । तद् अनुरुप चौथो योजनाको अन्त्यतिर सूर्ति खेतीबाट वार्षिक सूर्ति उत्पादन १८०० टन पुगेको अनुमान छ । पाँचौं योजनाको प्रथम वर्षमा ३००० टन सूर्ती उत्पादन गरी क्रमश: वृद्धि गरी अन्तिम वर्षमा ५४०० टनसम्म उत्पादन गर्ने लक्ष्य रहेको छ ।

सूर्ती उत्पादनमा वृद्धि गर्नुको साथै यस योजनाकालको प्रथम दुई वर्षमा अनुसन्धान शाखाको विस्तार गरी सूर्ति सम्वन्धी अनुसन्धान तथा परीक्षण कार्य समेत गरिने छ ।

नेपाल चिया विकास निगम :

यस निगमबाट आ.व. २०२२।२३ मा पहिलो पटक २,६४३ के.जी. चिया उत्पादन गरिएको थियो । प्रत्येक वर्ष निगमको कार्यक्रम क्रमशः बढाउँदै लगी आ.व.०३१।३२ सम्ममा इलाम चिया कमानबाट २०,५०० के.जी. र सोक्तिम चिया कमानबाट २८,००० के.जी. गरी जम्मा ४८,५०० के.जी. चिया उत्पादन हुने आशा गरिएको छ । पाँचौं योजनाकालमा झापाको टोक्ला कमानमा ५०० एकड र वारादसिमा ५०० एकड गरी थप १००० एकडमा चिया लगाउने कामका साथै वार्षिक चिया उत्पादन आ.व. २०३६।३७ मा १,७२,५०० के.जी. पुऱ्याउने लक्ष्य रहेको छ ।

चालु सरकारी उद्योगहरुको उत्पादन कार्यक्रम

तालिका नं. १

सि.नं.	उद्योगको नाम	उत्पादन	एकाई	०३२।३३	०३३।३४	०३४।३५	०३५।३६	०३६।३७
१	वीरगञ्ज चिनी कारखाना	चिनी	मे.टन	५,०००	८,०००	१०,०००	१२,०००	१५,०००
२.	कृषि औजार कारखाना	औजार	रु. हजार	८३,५८	८९,०७	१,०१,५०	१,१०,४६	१,२२,६९
३	जनकपुर चुरोट कारखाना	चुरोट	हजार खिल्ली	३,००,००,००	३,३०,००,००	३,५०,००,००	३,७५,००,००	४,००,००,००
४	छाला जुत्ता कारखाना	छाला जुत्ता	जोर	१,५०,०००	१,८०,०००	२,००,०००	२,५०,०००,	३,००,०००
५.	इँटाटायल कारखाना	इँट टायल	गोटा	२,२५,००,०००	२,२५,००,०००	२,२५,००,०००	२,२५,००,०००	२,२५,००,०००
६	चिया विकास कर्पोरेशन	चिया	के.जि	५५,५००	५८,५००	७१,५००	१,०७,७५०	१,७२,५००
७.	सूति विकास कंपनी सूर्ति	मे.टन	३,०००	३,५००	४,१००	४,७००	५,४००	

२. चौथो योजनामा शुरु भई पाँचौं योजनाकालमा सम्पन्न हुने उद्योगहरु

सूती कपडा :

यस कारखानाको भवन तथा अन्य सहायक भवनहरुको निर्माण कार्य चौथो योजनाको अन्त्य सम्ममा शुरु गर्ने लक्ष्य राखिएको थियो । यस कारखानाको वार्षिक कपडा उत्पादन क्षमता एक करोड मिटर हुने र कपासको वार्षिक खपत २,३०० टन हुने अनुमान गरिएको छ । यसको स्थापना हेटौंडा औद्योगिक क्षेत्रमा भई पाँचौं योजनाकालमा उत्पादन समेत शुरु गर्ने लक्ष्य रहेको छ ।

कृषि तथा औद्योगिक चूनः

कृषि चून कारखाना आ.व. २०३०।३१ मा शुरु गरी चौथो योजनाको अन्त सम्ममा आवश्यक मेशिनरी आर्डर गर्ने कार्य सम्पन्न गरी केही निर्माण कार्य समेत पूरा गर्ने लक्ष्य राखिएको थियो । पाँचौं योजनाकालको प्रथम वर्षमा निर्माण कार्य तथा मेशिनरी जडान कार्य पूरा गरी दोश्रो वर्षमा वार्षिक ६,००० टन कृषि चुन उत्पादन गरी योजनाको अन्तिम वर्ष सम्ममा वार्षिक उत्पादन १८,००० टन पुऱ्याइने लक्ष्य छ ।

हाल सञ्चालन भइराखेको कारखानाहरु मध्ये वीरगञ्ज चिनी कारखानाले आवश्यक औद्योगिक चूनढुङ्गा भारतबाट आयात गर्दै आएको छ । हेटौंडामा निर्माण हुन लागेको कपडा उद्योग र प्रस्तावित कागज कारखानाको लागि पनि चूनढुङ्गाको आवश्यकता पर्ने हुनाले औद्योगिक चून उद्योगको महत्व अझ बढ्न गएको छ । खानी विभागको सर्वेक्षणबाट पत्ता लाग्न आएको धादिङ्ग जिल्लाको जोगिमाराको चूनढुङ्गा उपरोक्त उद्योगहरुमा प्रयोग गर्न सकिने गुण प्रमाणित भइसकेको छ । यही खानीमा आधारित गरी औद्योगिक चून उत्पादन कार्यक्रम पाँचौं योजनामा समावेश गरी प्रथम वर्ष देखिनै वार्षिक ६,००० टन उत्पादन गर्ने लक्ष्य राखिएको छ । कृषि चून र औद्योगिक चून उत्पादन कार्य एउटै संगठनको माध्यमबाट हुने भए तापनि कृषि चून कारखाना चोभारमा र औद्योगिक चून कारखाना जोगिमारा - धादिङ्ग) मा रहने छन् ।

वनस्पति घिउ :

देशभित्र तेलहनको उत्पादन पर्याप्त मात्रामा भए तापनि विस्कुट, वेकरी तथा अन्य कन्फेक्सनरी उद्योगहरुलाई आवश्यक वनस्पति घिउ बाहिरबाट आयात गरिने गरेको छ । तसर्थ घरायसी तथा औद्योगिक खपतको लागि एक वनस्पति घिउ कारखानाको स्थापना अत्यावश्यक भएको महसूस गरी वार्षिक घिउ उत्पादन क्षमता ६,००० टन भएको वनस्पति घिउ उद्योग आ.व. २०३०।३१ देखि हेटौंडामा स्थापना कार्य शुरु भई चौथो योजनाको अन्तिम वर्ष २०३१।३२ सम्ममा कारखाना भवन, अन्य निर्माण तथा मेशिनरी आर्डर गर्ने सम्बन्धी प्रारम्भिक कार्यहरु सम्पन्न हुने भएको छ । पाँचौं योजनाकालको तेस्रो वर्षसम्ममा सम्पूर्ण निर्माण कार्य तथा मेशिनरी जडान गरी चौथो वर्षमा परीक्षण उत्पादन कार्य शुरु गर्ने लक्ष्य राखिएको छ । वनस्पति घिउ उत्पादन गर्ने कच्चा पदार्थको रुपमा सस्सू, तोरी तथा बदाम मध्ये जुनसुकै पनि उपयोग गर्न सकिने भए तापनि आर्थिक दृष्टिकोणले बढी लाभदायक बदामकै प्रयोगबाट हुने देखिन्छ । तर बदाम खेती पर्यात मात्रामा नभएसम्म पहिलो दुई वर्षसम्म सस्सूँ तथा तोरीको मिश्रित गेडाबाट घ्यू उत्पादन गर्ने लक्ष्य राखिएको छ ।

इँटा कारखानाः

हरिसिद्धस्थित इँट टायल कारखानाबाट उत्पादित इँटको परिमाण बढ्दो मांगलाई आपूर्ति गर्न धेरै कम भएकोले एक छुट्टै इँट कारखाना भक्तपुर शहरबाट दक्षिणपूर्वमा रहेको खापिमा स्थापना गर्न आवश्यक प्रारम्भिक कार्य चौथो योजनाकालमै शुरु भइसकेको छ । कारखानाको निर्माण तथा मेशिनरी जडान कार्य पाँचौं योजनाको दोस्रो वर्ष सम्ममा सम्पन्न गरी तेस्रो वर्ष देखि वार्षिक २ करोड इँट उत्पादन गर्ने लक्ष्य रहेको छ ।

वनस्पति तेल कारखाना

यस उद्योगको स्थापनाको लागि चौथो योजनाको अन्तसम्ममा प्रारम्भिक सर्वेक्षण कार्य पूरा गरी निर्माण कार्य समेत शुरु गरिने कार्यक्रम रहेको थियो । यस कारखानाको उत्पादन क्षमता वार्षिक ५००० टन तोरीको तेल उत्पादन गर्ने लक्ष्य रहेको छ । यसको अतिरिक्त यस कारखानाबाट सलाड आयल पनि उत्पादन गर्ने कार्यक्रम छ । कारखानाको निर्माण तथा मेशिनरी जडान कार्य पाँचौं योजनाको चौथो वर्षमा सम्पन्न गरी अन्तिम वर्षमा उत्पादन शुरु गर्ने लक्ष्य राखिएको छ ।

३. नयाँ स्थापना हुने उद्योगहरु

पाँचौ योजना अन्तर्गत तल लेखिए बमोजिमका उद्योगहरु सरकारी क्षेत्रमा वा संयुक्त लगानीवाट स्थापना गरिने कार्यक्रम छ ।

रोजिन एण्ड टर्पेण्टाइन :

कैलाली जिल्लाको अटारियामा वार्षिक २९०० टन रोजिन र ७,३७,००० लिटर टर्पेण्टाइन उत्पादन गर्ने क्षमता भएको उद्योग स्थापना गरी आ.व. २०३६।३७ सम्ममा परीक्षण उत्पादन शुरु गर्ने लक्ष्य रहेको छ ।

म्याग्नेसाइट तथा एफ.एम.पी. मलखाद उद्योग

खरिढुङ्गको म्याग्नेसाइट खानी सञ्चालन गरी ४५ हजार टन सिण्टर्ड म्याग्नेसाइट उत्पादन गरी २५,००० टन सिण्टर्ड म्याग्नेसाइटकै रुपमा निर्यात गरिने र वाँकी २०,००० टनबाट वीरगञ्जमा एक कारखाना स्थापना गरी रिफ्रेक्टरी म्याग्नेसाइट ब्रिक उत्पादन गरिने छ । यही खानीकै म्याग्नेसाइट प्रयोग गरी हेटौंडामा ३०,००० टन फ्यूज्ड म्याग्नेसियम फोस्फेट मलखाद समेत उत्पादन गरिने कार्यक्रम छ । यस कारखानाको निर्माण कार्य सबै पूरा गरी योजनाको अन्त्य सम्ममा उत्पादन प्रारम्भ गरिने लक्ष्य छ ।

पेपर एण्ड पल्प:

वर्दिया जिल्लाको चिसापानीमा वा अन्य कुनै उपयुक्त स्थानमा एक पेपर एढड पल्प कारखाना अधिकतम कार्यक्रम अर्न्तत स्थापना गर्ने कार्यक्रम रहेको छ ।

सिमेण्ट उद्योग

खानी विभागको अन्वेषण कार्यबाट भैंसे र ओखरेमा प्रमाणित भएको चूनढुङ्गाको गुण र परिमाणको आधारमा मझौला खालको एक सिमेण्ट उद्योग स्थापना गर्न सम्भव देखिन आएको छ । तसर्थ उक्त खानीहरुमा आधारित वार्षिक १,७०,००० टन क्षमता भएको एक सिमेण्ट उद्योग पाँचौं योजनाकालमा शुरु गरी आ.व. २०३६।३७ सम्ममा उत्पादन शुरु गर्ने लक्ष्य निर्धारित गरिएको छ ।

४. औद्योगिक क्षेत्रहरु

देशको सबै भागमा मझौला तथा साना उद्योगहरु स्थापनाको लागि आधारभूत सुविधाहरुको व्यवस्था गर्न निक्कै समय लाग्ने हुन्छ । यस कमीलाई हटाउन तथा क्षेत्रीय विकासको आवश्यकतालाई समेत ध्यानमा राखी औद्योगिक क्षेत्रहरुको स्थापना भएको हो । पाँचौ योजनाकालमा निम्न औद्योगिक क्षेत्रहरुको विस्तार कार्यक्रम तल खुलाए बमोजिम हुनेछ । साथै नयाँ औद्योगिक नीति अनुसार यी क्षेत्रहरुको सञ्चालन औद्योगिक सेवा केन्द्रबाट गरिने छ ।

नेपालगञ्ज र धरान औद्योगिक क्षेत्र :

यी औद्योगिक क्षेत्रहरुको दोस्रो चरणको कार्यको लागि गुरु योजना तयार गरी सानातिना निर्माण कार्य गरिने छ । साथै तयार भएको औद्योगिक सेडहरुमा उद्योग स्थापनाको लागि औद्योगिक प्रवर्द्धन कार्य गरिने छ ।

पोखरा र वुटवल औद्योगिक क्षेत्र :

यी दुवै क्षेत्रहरुमा प्रथम चरणको सम्पूर्ण सेडहरुको निर्माण कार्य पूरा गरी अन्य भौतिक सुविधा जस्तै पानी, विजुली इत्यादिको व्यवस्था गरी औद्योगिक प्रवर्द्धन गरिने छ ।

पाटन, हेटौंडा र बालाजु औद्योगिक क्षेत्र:

यी औद्योगिक क्षेत्रहरुमा विभिन्न थप निर्माण कार्यहरु गरी औद्योगिक प्रवर्द्धन कार्य गरिने छ ।

५. औद्योगिक सेवा केन्द्र

सरकारी तथा गैर सरकारी क्षेत्रमा स्थापना भएको तथा हुने उद्योगहरुको विकासको लागि आवश्यक विभिन्न प्राविधिक सेवाहरु उपलब्ध गराउन चौथो योजना अन्तर्गत औद्योगिक सेवा केन्द्रको स्थापना भएको हो । यस सेवा केन्द्रले औद्योगिक संभाव्यता अध्ययन, व्यवस्थापन तथा अन्य विषयमा तालीम दिने, उद्योगहरुको आधुनिकरण, विस्तार तथा उत्पादकत्व वृद्धि गर्ने लगानी कर्ताहरुलाई परियोजनाहरु

उपलव्ध गराउने, औद्योगिक नीति बारे श्री ५ को सरकारलाई सर सल्लाह दिने आदि कार्यहरु गर्नेछ । पाँचौं योजना कालमा उक्त केन्द्रले गर्ने मुख्य मुख्य कामको विवरण तल प्रस्तुत गरिएको छ ।

औद्योगिक योजना तथा संभाव्यता :

यस आयोजना अन्तर्गत विभिन्न क्षेत्रहरुमा उपयुक्त हुने उद्योगहरुको सम्भाव्यता अध्ययनका साथै साना उद्योगहरुको हकमा घरेलु विभागसंग सम्मिलित भई त्यस्ता उद्योगहरुको सम्भाव्यता अध्ययन गरिने छ । यसको अतिरिक्त परम्परागत रही आएको उद्योगहरु जस्तै कागज, राडीपाखी आदिको प्रवर्द्धन निमित्त देशव्यापी सर्वेक्षण पनि गरिने छ ।

परामर्श सेवा:

लगानी कर्ताहरुलाई परियोजना प्रतिवेदन, उत्पादन, प्राविधिक तथा व्यवस्थापन सम्वन्धी सेवा उपलव्ध गराइने छ । साथै व्यवस्थापन अध्ययन अन्तर्गत व्यवस्थापन पक्ष, संगठन र सिष्टम अध्ययन तथा आर्थिक विश्लेषण कार्यहरु पनि गरिने छ ।

व्यवसाय प्रवर्द्धन र डकुमेण्टेशन तथा प्रशिक्षण

यस अन्तर्गत औद्योगिक सेवा केन्द्रको गतिविधि वारे प्रकाशन, सम्भावित उद्योगहरुको स्कीम तयार गरी प्रकाशन गर्ने, लेखा सेवा, मार्केटिङ्ग, सामान्य प्रशासन, उत्पादन प्रशासन, पर्सोनेल म्यानेजमेण्ट आदि विषयमा तालीम दिने, कार्यशाला प्रशिक्षण कार्यक्रम र डकुमेण्टेशनको व्यवस्थाआदि समावेश गरिएका छन् ।

औद्योगिक क्षेत्र

औद्योगिक नीति २०३० अनुसार यस सेवा केन्द्रले औद्योगिक क्षेत्रहरुको सम्भाव्यता अध्ययन, प्रवर्द्धन तथा व्यवस्थापन कार्यहरु गर्नेछ ।

६. इन्स्टिच्यूट अफ स्टाण्डर्ड

यस संस्थाको स्थापनाको लागि आ.व. २०३१।३२ मा प्रारम्भिक कार्य पूरा गर्ने लक्ष्य राखिएको थियो । पाँचौं योजनाकालमा यस संस्था स्थापना गरी देशका औद्योगिक उत्पादनहरुको गुण नियन्त्रण गर्न आवश्यक व्यवस्था गरिने छ ।

७. गैर सरकारी क्षेत्र

पाँचौं योजनाकालमा गैरसरकारी क्षेत्रमा नयाँ उद्योगहरुको स्थापना, भएका उद्योगहरुको क्षमता बढाउने वा क्षमताको पूर्ण उपयोग गर्ने तथा वन्द भइरहेका उद्योगहरुलाई पुनः चालु गर्ने जस्ता कार्यक्रम सञ्चालन हुने अनुमान गरिएको छ । नयाँ स्थापना हुने उद्योगहरुको हकमा कृषिमा आधारित ५०, वनमा आधारित १२, खानीमा आधारित १३ र विविध ५२ समेत गरी जम्मा १२७ सम्भावित उद्योगहरुको सूची यसैसाथ प्रस्तुत गरिएको छ । यी उद्योगहरुमा पाँचौ योजना अवधिमा रु. ४०-५० करोड लगानी हुने अनुमान गरिएको छ । यसरी गैर सरकारी क्षेत्रमा स्थापना हुन आउने उद्योगहरुलाई चाहिने ऋण सुविधा पुऱ्याउने काममा विकास निगमको भूमिका महत्वपूर्ण हुनेछ । नेपाल औद्योगिक विकास निगमबाट यसरी ऋण सुविधा जुटाउन श्री ५ को सरकारबाट पाँचौं योजनाकालमा रु. १४ करोडको वित्तिय साधन उक्त निगमलाई उपलव्ध गराउनाका साथै वाह्य स्रोतबाट पनि आवश्यक अनुसार थप साधनको व्यवस्था गरिदिने छ । यसरी ने.औ.वि.नि.बाट प्राप्त हुने ऋणको अतिरिक्त औद्योगिक लगानीको लागि चाहिने थप साधन निजी क्षेत्रले आफ्नै श्रोतको परिचालनबाट जुटाउने छ ।

गैर सरकारी क्षेत्रमा स्थापना हुने उद्योगहरुको सूची

उद्योगको नाम	संख्या	कूल वार्षिक क्षमता
कृषिमा आधारित उद्योगहरु		
१ आधुनिक चामल कारखाना	२०	६३,००० मे.टन
२ आधुनिक तेल मिल	२	३,००० मे.टन
३. आधुनिक मैदा मिल	३	९,००० मे.टन
४. घिउ प्रशोधन	१	२०० मे.टन
५. चिनी	३	३४,६८० मे.टन

६. उनी कारखाना	१	उनी कपडा १,२०,००० मिटर
		उनी धागो १९.३ टन
७. विस्कुट र कन्फेक्सनरी	१	विस्कुट ४५० टन
		चकलेट १५० टन
८. अन्य (छाला प्रशोधन,		
कोल्ड स्टोरेज इत्यादि	१९	
वनमा आधारित उद्योगहरु		
१ रोजिन एण्ड टर्पेनटाइन	१	३,००० टन
२. सलाई	१	३०,००० ग्रुस
३. कत्था	१	कत्था ३२ टन
		कच ९६ टन
४. उड सिजनिङ्ग	३	३,४०,३८० घन फीट
५. फर्निचर	५	२७,५०० संख्या
६. कार्डवोर्ड	१	२,००,००० संख्या
खानीमा आधारित उद्योगहरु		
१. आधुनिक इँटा	६	५,४०,००,००० गोटा
२. रोडा	४	४८,००० टन
३.अक्सीजन	१	१,००० घन फीट प्रति घण्टा
४. स्लेट	१	६,००,००० संख्या
५. इलेक्ट्रीक आर्क फर्नेस तथा		
रिरोलिङ्ग मिल	१	१५,००० मे.टन डण्डी
विविध		
१. होटल (विभिन्न तारे)	११	९६० कोठा
२.टुरिष्ट लज	१८	१५० कोठा
३.पेय पदार्थ (सफ्ट ड्रिंक)	१	५० लाख बोटल
४. अटो रिपियर वर्कस	६	५०,४२,००० रु. वरावरको काम
५. ड्राइसेल व्याट्री	१	५,००,००० गोटा
६. वेवी फुड	१	१८० मे.टन
७. अन्य (सिमेण्ट, छापाखाना, वर्कशप)	१४	

८. खर्च व्यवस्था

सरकारी क्षेत्रमा चालु रहेका, पूरा हुने, नयाँ उद्योगहरु र अन्य कार्यक्रमका लागि छुट्याइएका खर्च रकमको संक्षिप्त विवरण तल दिइएको छ ।

खर्च (रु. ००० मा)

आयोजनाको नाम	न्यूनतम कार्यक्रमको लागि रकम	अधिकतम कार्यक्रमको लागि थप रकम
चालु उद्योगहरु		
१ कृषि औजार कारखाना	१०,००	-
२ सूर्ति विकास कम्पनी	१०,००	-

३. छाला जुत्ता कारखाना	-	२०,००	
४. चिया विकास निगम	-	४०,००	
चौथो योजनामा शुरु भई			
पाँचौ योजनामा पुरा हुने उद्योगहरु			
१. सूती कपडा	-	१०,००,००	
२. कृषि तथा औद्योगिक चून	-	२०,००	
३ वनस्पति घ्यू	-	२,५०,००	
४ इँट कारखाना, भक्तपुर	-	१,००,००	
५. वनस्पति तेल	-	१,५०,००	
नयाँ उद्योगहरु			
१. रोजीन एण्ड टर्पेण्टाइन	-	१,३५,००	
२. सिमेण्ट उद्योग	-	९,००,००	
३. म्याग्नेसाइट तथा एफ.एम.पी.	-	५,००,००	
४. पेपर एण्ड पल्प	-	२५,००	४,७५,००
औद्योगिक क्षेत्रहरु			
१. नेपालगञ्ज	-	१०,००	
२. धरान	-	१०,००	
३. पोखरा	-	६०,००	
४. वुटवल	-	४०,००	
५. पाटन, वालाजु तथा हेटौंडा	-	८०,००	
विविध			
१. औद्योगिक सेवा केन्द्र	-	६०,००	
२. इन्स्टिच्यूट अफ स्टाण्डर्ड	-	१५,००	
३. नेपाल औद्योगिक विकास निगम	-	१४,००,००	
जम्मा	-	४८,३५,००	४,७५,००
		कूल जम्मा ५३,१०,००	

अनुसूची - १

पाँचौं योजना (२०३२-३७) को कार्यक्रम

आयोजनाको नाम	स्थान	आयोजनाको स्थित	भौतिक लक्ष्य	आयोजनामा लाग्ने खर्च (रु. ००० मा)		कैफियत
क. सरकारी क्षेत्रका चालू उद्योगहरु						
१ कृषि औजार कारखाना	वीरगञ्ज	चालु	योजना कालको प्रथम र द्वितीय वर्षमा आवश्यक मेशीनहरु थप गरी सेन्ट्री फ्यूगल पम्प युनिट समेत उत्पादन गर्ने	१०,००		
२ सूर्ति विकास कम्पनी	जनकपुर	चाल	योजनाको प्रथम दुई वर्षमा अनुसन्धान शाखाको विस्तार गरी सूर्ति सम्वन्धि अनुसन्धान र परिक्षण कार्य गर्ने	१०,००		
३ छाला जुत्ता कारखाना	वांसवारी, काठमाडौ	चालु	सुदूर पश्चिमाञ्चलमा २ वटा ट्यानरिको स्थापना बारे संभाव्यता अध्ययन गराई उद्योग स्थापना गर्ने । साथै कारखानाको स्क्राप छालाबाट ग्लयू उद्योग स्थापना गर्ने	२०,००		
४ नेपाल चिया विकास निगम	इलाम, झापा	चालु	टोक्लामा ५०० एकड र वारादसीमा ५०० एकडमा चिया लगाउने	४०,००		
ख. चौथो योजनामा शुरु भई पाँचौं योजनामा सम्पन्न हुने उद्योगहरु						
१ सुती कपडा	हेटौंडा	चालु	वार्षिक १ करोड मिटर विभिन्न किसिमका सूर्ती कपडा उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।	१०,००,००		
२ कृषि तथा औद्योगिक चून	काठमाडौ र जोगिमारा	चालु	वार्षिक ६००० मे.टन कृषि चून उत्पादन क्षमताको उद्योग स्थापना गर्ने र पाँचौ योजना अवधिमा उत्पादन १८,००० मे.टन पुऱ्याउने त्यस्तै वार्षिक ६,००० टन क्षमताको औद्योगिक चून उद्योग स्थापना गर्ने	२०,००		

३ वनस्पति घ्यू	हेटौंडा	चालु	वार्षिक ६,००० टन वनस्पती घ्यू उत्पादन क्षमताको उद्योग स्थापना गर्ने	२,५०,००		
४ इँटा कारखाना	भक्तपुर	चालु	वार्षिक २ करोड इँट उत्पादन गर्ने उद्योग स्थापना गर्ने	१,००,००		
५. वनस्पती तेल	बुटवल	चालु	वार्षिक ५,००० टन तोरीको तेल उत्पादन क्षमताको उद्योग स्थापना गर्ने ।	१,५०,००		
ग. नयाँ स्थापना हुने उद्योगहरु						
१. रोजीन एण्ड टर्पेन्टाइन	अटरिया, कैलाली	नयाँ	वार्षिक २९०० टन रोजीन र ७,३७,००० लिटर टर्पेन्टाइन उत्पादन क्षमताको उद्योग स्थापना गर्ने	१,३५,००		
२ सिमेन्ट	हेटौंडा	नयाँ	भैंसेको चून ढुंगा प्रयोग गरी वार्षिक १ लाख ७० हजार टन सिमेन्ट उत्पादन क्षमताको उद्योग स्थापना गर्ने	९,००,००		
३ म्याग्नेसाइट तथा एफ. एम. पी. मलखाद	सिन्धुपाल्चोक, विरगञ्ज र हेटौंडा	नयाँ	वार्षिक २५,००० टन सिन्टर्ड म्याग्नेसाइट २०,००० टन म्याग्नेसाइट ब्रीक, ३०,००० टन फ्युज्ड म्याग्नेसियम फोस्फेट उत्पादन गर्ने उद्योग स्थापना गर्ने	५,००,००		
४. (क) पेपर एन्ड पल्प	चिसापानी वा अन्य अस्थान	नयाँ	संभाव्यता अध्ययन गराई प्रारम्भिक कार्य समेत गर्ने	२५,००		
(ख) पेपर एन्ड पल्प	,,	,,	उद्योग स्थापना गरी उत्पादन स्तरमा जाने		४,७५,००	
घ. औद्योगिक क्षेत्रहरु						
१ नेपालगञ्ज औद्योगिक क्षेत्र	नेपालगञ्ज	चालु	विभिन्न साइजका १७ वटा भवनहरु उपलब्ध गराउने, पानी, विजुली, गोदाम वर्कशप आदि सुविधा उपलब्ध गराई औद्योगिक क्षेत्रको सञ्चालन गर्ने	१०,००		
२ धरान औद्योगिक क्षेत्र	धरान	चालु	विभिन्न साइजका १६ वटा भवनहरु उपलब्ध गराउने	१०,००		
३ पोखरा औद्योगिक क्षेत्र	पोखरा	चालु	१२ वटा विभिन्न उद्योगहरुको लागि भवनहरु निर्माण गर्ने तथा पानी, विजुली,वर्कशप आदि उपलब्ध गराई औद्योगिक क्षेत्रको सञ्चालन गर्ने	६०,००		

४ वुटवल औद्योगिक क्षेत्र	वुटवल	चालु	२४ वटा स्टान्डर्ड औद्योगिक भवनहरु निर्माण गर्ने तथा पानी, विजुली, वर्कशप आदि सुविधाहरु उपलव्ध गराई १० वटा उद्योगहरु स्थापना गर्ने	४०,००		
५ पाटन, वालाजु तथा हेटौंडा औद्योगिक क्षेत्रहरु	पाटन, काठमाडौ, मकवानपुर	चालु	यी औद्योगिक क्षेत्रहरुमा विभिन्न थप निर्माण कार्यहरु गरी औद्योगिक प्रवर्द्धन कार्य गरिने छ ।	८०,००		
ङ औद्योगिक सेवा केन्द्र	काठमाडौ	सालवसाली	औद्योगिक तालीम, संभाव्यता अध्ययन, सर्वेक्षण, कन्सल्टेन्सी तथा विभिन्न औद्योगिक क्षेत्रहरुको सञ्चालन आदि कार्य गर्ने	६०,००		
च. इन्स्टिच्यूट अफ स्टेन्डर्ड	काठमाडौ	नयाँ	स्वदेशी औद्योगिक उत्पादनको गुण नियन्त्रण गर्ने व्यवस्था गर्ने	१५,००		
छ. नेपाल औद्योगिक विकास निगम	चार विकास क्षेत्र	सालवसाली	यस संस्थानबाट निजी क्षेत्रमा १२७ उद्योगहरु स्थापना गर्न जम्मा रु. ३३ करोड ७० लाख यस योजनाकालमा ऋण तथा शेयर लगानी हुने अनुमान गरिएको छ ।	१४,००,००		रु. १४ करोड श्री ५ को सरकारको तर्फबाट लगानी हुने
			जम्मा	४८,३५,००	४,७५,००	
			कूल जम्मा	५३,१०,००		

परिच्छेद २२

घरेलु उद्योग

देशको भौगोलिक वनावट, यातायातको स्थिति, प्राविधिक ज्ञानको स्तर, सीमित आन्तरिक वजार तथा कृषि प्रधान अर्थतन्त्रकोव्यापक सन्दर्भमा विचार गर्दा ठूला-मझौला खालका आधुनिक उद्योगहरुका साथै ग्रामीण क्षेत्रमा स-साना घरेलु उद्योगहरुको विकास र विस्तारबाट वढी जनतालाई गैर कृषि क्षेत्रमा रोजगार दिलाउन सकिने, परम्परागत शीप, हस्तकला आदिको व्यवस्थित रुपले सदुपयोग र सुधार हुने, स्थानीय आवश्यकताहरु पनि केही हदसम्म पूर्ति भई ग्रामीण क्षेत्रमा छरिएका स्थानीय साधनहरुको समेत सदुपयोग हुने देखिन्छ । तसर्थ, विगत योजनाहरुमा जस्तै पाँचौं योजना अन्तर्गत पनि घरेलु उद्योगलाई विकास गर्न सरकारी स्तरबाट बढी सक्षम रुपले सघाउ पुऱ्याउने कार्यक्रम निर्धारित गरिएको छ ।

(क) उद्देश्य

बढ्दो जनसंख्याको सन्दर्भमा सकेसम्म बढी जनतालाई रोजगारी प्रदान गर्नु, स्थानीय कोरामालको उपयोग गर्नु, स्थानीय खपतका वस्तुहरु सकेसम्म स्थानीय स्तरमा उत्पादन गर्नु, परम्परागत शीप र हस्तकलाको विकास गरी पर्यटन व्यवसायलाई समेत बढावा दिनु, सकेसम्म धेरै जनतालाई नियमित आय स्रोतको वन्दोवस्त गर्नु र प्रादेशिक असमानता कम गर्नु आदि पाँचौं योजनामा घरेलु उद्योग विकासको उद्देश्य रहने छ ।

(ख) नीति

उपर्युक्त उद्देश्य प्राप्तिका निमित्र पाँचौं योजनाकालमा निम्न नीतिहरु अनुसरण गरिने छन् ।

१. केही वस्तुहरु घरेलु स्तरमा मात्र उत्पादन गर्ने गरी घरेलु उद्योगको निमित्त स्थान सुरक्षित राख्ने ।

२. घरेलु उद्योगलाई चाहिने कर्जा, विजुली, कच्चा पदार्थ जस्ता आधारभूत सुविधाहरु सकेसम्म सरल र सुलभ गराउने ।

३. घरेलु उद्योग सम्बन्धी सर्वेक्षण तालीम, प्राविधिक सरसल्लाह तथा ऋण दिने उद्देश्यले खडा भएको घरेलु उद्योग केन्द्रहरुलाई विस्तारका साथै सुदृढ गरी यी केन्द्रहरुको कार्य पद्धतिमा सुधार र प्रभावकारितामा अभिवृद्धि गर्ने उद्देश्यले हाल खडा भैसकेका केन्द्रहरुलाई कायम राखी चार क्षेत्रिय विकास केन्द्रहरुमा ३ वटा क्षेत्रीय कार्यालयहरु र एक केन्द्रीय निर्देशनालय रहने छन् । क्षेत्रीय कार्यालयहरु र जिल्ला केन्द्रहरुबाट प्राविधिक सरसल्लाह तालीम र कर्जा दिने ।

४. स्थानीय पञ्चायतहरुले सहकारिताको माध्यमद्वारा घरेलु उद्योग सञ्चालन गर्न चाहेमा प्राथमिकता दिने र क्षेत्रीय कार्यालय वा जिल्ला केन्द्रले आवश्यक सहुलियत दिने ।

५. धेरै जन समूहलाई रोजगारी दिने र आवश्यक वस्तुको आपूर्ति गर्ने उद्देश्यले सूती र उनी कपडा उद्योगलाई बढावा दिने ।

६. घरेलु उद्योगको उत्पादकत्व बढाउन क्रमशः आधुनिकरण गर्ने ।

७. घरेलु उद्योगलाई चाहिने बाहिरबाट आयात गर्नु पर्ने कच्चा पदार्थ घरेलु शिल्पकला विक्री भण्डारले पर्याप्त मात्रामा आयात गरी आवश्यकता अनुसार देशका विभिन्न भागमा पुऱ्याउने र घरेलु उद्योगका तयारी वस्तुहरु पनि सोही भण्डारले आफ्ना कार्यालयहरु मार्फत विक्री गरिदिने प्रवन्ध गर्ने ।

(ग) प्राथमिकता:

घरेलु उद्योगको विकासमा पाँचौं योजनाकालमा देहाय वमोजिम प्राथमिकता दिइने छ ।

१. घर घरै जसो काम दिन सक्ने र माँगको दृष्टिबाट पनि उपर्युक्त देखिएकोले सूती र उनी कपडा उद्योगलाई सर्वोपरी प्राथमिकता प्रदान गर्ने ।

२. हिमाली क्षेत्र जस्तो यातायातको असुविधा भएको क्षेत्रमा स्थानीय कोरामालको उपयोग गरी स्थानीय आवश्यकता पूर्ति गर्ने राडी, पाखी जस्ता उद्योगलाई प्राथमिकता दिने ।

३. वेकारी र अर्ध वेकारी समस्या ग्रस्त मध्य पहाडी क्षेत्रमा स्थानीय कोरामालको उपयोग गर्न घरेलु उद्योगको अतिरिक्त बाहिरबाट कच्चा पदार्थ ल्याएर उत्पादन गर्नु पर्ने भए पनि स्थानीय खपत हुने सूती कपडा जस्तो उद्योगलाई प्राथमिकता दिने ।

४. पर्यटकहरुलाई चाख लाग्ने घरेलु र हस्तकला वस्तुहरुको विकास गर्न काठमाडौ उपत्यकामा धातु तथा काष्ठ मूर्ति कला उद्योगलाई विशेष जोड दिने ।

(घ) कार्यक्रम

माथि उल्लेख गरिएको उद्देश्य तथा नीति अनुरुप पाँचौं योजना अवधिमा घरेलु उद्योग सम्वन्धी विभिन्न १० वटा आयोजनाहरु सञ्चालन गरिने छन् ।

१. औद्योगिक सेवा :

गैर सरकारी क्षेत्रमा साना तथा घरेलु उद्योगहरुलाई सघाउ पुऱ्याउने उद्देश्यले यो आयोजना सञ्चालन भएको हो । साना तथा घरेलु उद्योग स्थापना गर्न आवश्यक प्राविधिक सरसल्लाह उपलब्ध गर्ने यसको मूल उद्देश्य रहेको छ । घरेलु, ग्रामीण र हस्तकला उद्योगका सम्वन्धमा यस प्रकारको सेवा उपलब्ध गराउने संस्था घरेलु तथा ग्रामिण उद्योग विभाग बाहेक हाल अरु कुनै संस्था नभएकोले पाँचौं योजनामा औद्योगिक सेवाको लागि महत्वपूर्ण स्थान दिएको छ । औद्योगिक सेवा अन्तर्गत औद्योगिक सर्वेक्षण, सम्भाव्यता अध्ययन प्रतिवेदन तयारी, स्कीम तयारी तथा वितरण, प्राविधक सरसल्लाह तथा सहयोग आदि कार्यक्रमहरु रहेका छन् ।

(१.१) औद्योगिक सर्वेक्षण :

घरेलु, ग्रामीण र हस्तकला उद्योग सम्वन्धमा अधिराज्यको कुन भागमा के कस्ता औद्योगिक कच्चा माल सामानहरु पाइन्छन्, के कस्ता स्थानीय शीप तथा जनशक्ति उपलब्ध छन् , वजारको स्थिति कस्तो छ, यातायात तथा अन्य औद्योगिक सुविधाहरु के कस्ता छन् आदि विवरणहरुको जानकारीको लागि पाँचौं योजना अवधि भित्र अधिराज्यका विभिन्न स्थानमा (ताप्लेजुङ्ग, पाँचथर, ओखलढुङ्गा, दोलखा, रामेछाप, सिन्धुली, रसुवा, धादिङ्ग, मकवानपुर, गोरखा, तनहुँ, पर्वत स्याङजा, गुल्मी, डोल्पा, रोल्पा, प्यूठान, जुम्ला, तिब्रीकोट, दैलेख, जाजरकोट, डोटी, बैतडी, डडेलधुरा, बाजुरा) गरी २५ जिल्लाहरुमा औद्योगिक सर्भेक्षण गरिने छ ।

(१.२) सम्भाव्यता अध्ययन प्रतिवेदन तयारी

पाँचौं योजना अवधि भित्र औद्योगिक सर्वेक्षण भै सकेका जिल्लाहरुको प्राप्त प्रतिवेदनको आधारमा सम्भाव्यता अध्ययन गरी सम्भाव्य देखिएका घरेलु ग्रामीण र हस्तकला उद्योगहरुको सम्वन्धमा विभिन्न ५ स्थानहरुको सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरी प्रकाश गर्ने कार्यक्रम निर्धारित गरिएको छ ।

(१.३) स्किम तयारी तथा वितरण :

औद्योगिक सम्भाव्यता प्रतिवेदनहरुको आधारमा सम्भाव्य देखिएका घरेलु, ग्रामीण तथा हस्तकला उद्योगहरुको विभिन्न स्तरको उद्योग स्थापना तथा सञ्चालन सम्वन्धी योजनाहरु (स्किम) उद्योगीहरुको माग बमोजिम तयार गरी वितरण गरिने कार्यक्रम रहेको छ ।

(१.४) प्राविधिक सरसल्लाह सहयोग :

उद्योग स्थापना वा सञ्चालन सम्वन्धमा प्राविधिक विषयहरुमा घरेलु, ग्रामीण तथा हस्तकला उद्योगीहरुको लागि सरसल्लाहको आवश्यकता पर्ने हुँदा उद्योगीहरुको आवश्यकता र माग अनुसार प्राविधिक सरसल्लाह प्रदान गरिने छ ।

२. हस्तकला प्रवर्द्धन :

देशको वर्तमान हस्तकला उद्योगहरुबाट उत्पादिन बस्तुहरुको डिजाइन, गुणात्मक स्तरको सुधार गरी हस्तकलाको विकास गर्नु यस आयोजनाको मुख्य उद्देश्य रहेको छ । हस्तकला खास गरी पर्यटन उद्योग संग सम्बन्ध रहेकोले पर्यटकको रुची तथा अन्तर्राष्ट्रिय वजार अनुकूल डिजाइन, गुण, मूल्य र परिमाणमा उत्पादन गर्नमा सघाउ पुऱ्याउन पाँचौं योजनामा हस्तकला प्रवर्द्धन आयोजना अन्तर्गत निम्न कार्यहरु सञ्चालन गरिने छन् ।

(२.१) डिजाइन तथा नमूना तयारी :

नेपाली कला र संस्कृतिको साथै जनजीवन प्रतिविम्वीत हुने किसिमका, कम मूल्यमा बढी उत्पादन गर्न सकिने किसिमका आधुनिक डिजाइनहरु तयार गरिने छ । पाँचौं योजना अवधि भित्र धातु,

काठ, कागज, सुती र उनी सम्वन्धी र बेत, बाँस र निगालोको ३०० थान विभिन्न डिजाइन तथा नमूना तयार गर्ने लक्ष्य निर्धारित गरिएको छ ।

(२.२) अनुसन्धान :

परम्परागत यन्त्र तथा औजारमा सुधार गरी उत्पादन क्षमता र गुणात्मक स्तर बृद्धि गर्ने तथा मूल्य नियन्त्रणमा समेत सहायत हुने किसिमका आधुनिक र वैज्ञानिक ढंगका ५ विभिन्न स-साना यन्त्र तथा औजारहरुको अनुसन्धान कार्य सम्पन्न गरिने छ । साथै इलेक्ट्रोप्लेटिङ्ग, अक्सिडाइजिङ्ग, एनोडाइजिङ्ग, मोल्डिङ्ग र काष्टिङ्ग गरी ५ विषयको उत्पादन प्रकृया तथा प्रविधि सम्वन्धी अनुसन्धान गरिने छ ।

(२.३) डिजाइन वितरण तथा पुनरावलोकन :

योजना अवधिमा २० टोलीबाट डिजाइन वितरण तथा डिजाइन पुनरावलोकन गराउने लक्ष्य पनि राखिएको छ ।

(२.४) हस्तकला प्रदर्शनी :

योजना अवधिमा ५ पटक हस्तकला सम्वन्धी प्रदर्शनीको व्यवस्था गरिने छ । उक्त प्रदर्शनीमा हस्तकला प्रवर्द्धन अन्तर्गत अनुसन्धान गरिएका हस्तकला सम्वन्धी यन्त्र तथा औजारहरु, गुनात्मक स्तरको उत्पादन सम्वन्धी आधुनिक प्रक्रिया तथा प्रविधिहरु समेतको प्रदर्शन गरिने छ । यस प्रकारको हस्तकला प्रदर्शनीमा उत्कृष्ट स्थान प्राप्त गर्ने वस्तुसंग संलग्न डिजाइनकर्ता र कालिगढलाई पुरस्कृत गर्ने व्यवस्था पनि गरिने छ ।

(२.५) हस्तकला संग्रहालयको स्थापना :

हस्तकला वस्तुहरुको नमूनाहरु, दुर्लभ हस्तकलाहरु र नयाँ निर्मित उत्कृष्ठ वस्तुहरुको स्थायी संरक्षण तथा प्रदर्शनार्थ एक हस्तकला संग्रहालयको स्थापना गरिने लक्ष्य निर्धारण गरिएको छ ।

(२.६) हस्तकलाको क्याटालग प्रकाशन :

नेपाली हस्तकला बारे पर्यटक एवं अन्तर्राष्ट्रिय बजार तथा हस्तकला उद्योग संग सम्वन्धि सबैको जानकारीको निमित्त ५ विभिन्न क्याटलगहरुको प्रकाशन गर्ने व्यवस्था गरिने छ ।

(२.७) हस्तकला सम्वन्धी प्राविधिक अनुदेश पुस्तिकाको प्रकाशन :

हस्तकला उद्योगहरुको उत्पादन क्षमतामा वृद्धि, गुणात्मक स्तरमा वृद्धि, मूल्य नियन्त्रणको साथै अनुसन्धान तथा अन्वेषण गरिएका उत्पादन प्रक्रिया एवं प्रविधिको व्यापक प्रचारको लागि विस्तृत व्याख्या र विवरणका साथै १० विभिन्न विषय सम्वन्धी पुस्तिकाहरु प्रकाशन गरी वितरण गरिने छ ।

३. प्राविधिक प्रशिक्षण :

घरेलु, ग्रामीण र हस्तकला उद्योग सम्वन्धी हालसम्म दिई आएको तालीम कार्यक्रमलाई स्थानीय आवश्यकता अनुरुप पारी तालीम पाएका व्यक्तिहरुलाई आफूले पाएका तालीम अनुसारको काममा लाग्न सक्ने तुल्याउन पाँचौं योजनाकालमा व्यवस्थित तालमि चार विकास क्षेत्रका ३ क्षेत्रीय कार्यालय र केन्द्रीय निर्देशनालयमा सीमित गरिने छ र पहिले जस्तै जिल्ला कार्यालयहरुले प्रदान गर्दै आएका तालमि कार्यक्रमलाई खारेज गरी जिल्लाहरुमा स्थापना हुने खास खास उद्योगहरुलाई चाहिने अल्पकालीन तालीमको व्यवस्था घुम्ती टोलीहरुको माध्यमद्वारा पुऱ्याइने छ । चार विकास क्षेत्रमा सञ्चालन गरिने तालीम कार्यक्रम तल प्रस्तुत गरिएको छ ।

(३.१) आधारभूत वा साधारण तालीम (१ वर्ष) :

यस प्रकारको तालमि सम्वन्धित विषयमा प्रारम्भिक ज्ञान समेत नभएको कोरा व्यक्तिको लागि प्रदान गरिने छ । यस तालीममा सैद्धान्तिक पक्ष भन्दा व्यवहारिक पक्षमा बढी जोड दिइने छ । पाँचौं योजना अवधि भित्र १३७५ जवानलाई आधारभूत वा साधारण तालीम दिइने छ ।

(३.२) सेवा कालीन तालीम (३,६ महिने) :

यस प्रकारको तालीम कार्यालयका प्राविधिक कर्मचारीहरुको कार्य दक्षता वृद्धि गर्नको लागि व्यवस्था गरिने छ। पाँचौं योजना भित्र विभिन्न विषयमा १०० जवान कर्मचारीलाई सेवा कालीन तालीम उपलव्ध गराइने छ ।

(३.३) व्यवस्थापन विषय प्रशिक्षण गोष्ठी :

घरेलु ग्रामीण हस्तकला उद्योगहरुमा व्यवस्थापन तर्फ संलग्न व्यक्तिहरुलाई भाग लिन लगाई व्यवस्थापन सम्वन्धी विभिन्न पक्षको आधारभूत तथा व्यवहारिक ज्ञान प्रदान गर्न यस प्रकारको गोष्ठीको आयोजना गरिने छ । पाँचौं योजना अवधि भित्र अधिराज्यको विभिन्न स्थानमा गरी ५ पटक व्यवस्थापन विषयक प्रशिक्षण गोष्ठीको आयोजना गरिने छ ।

४. उत्पादन आयोजना :

घरेलु उद्योग सम्वन्धी तालमि प्राप्त गरेका प्रशिक्षार्थीहरुलाई तालीम सकिए पछि पनि केही समय उत्पादन कार्यमा सरीक गराइने व्यवस्था छ । यसको मुख्य उद्देश्य तयार गरिएका विभिन्न डिजाइनहरु अनुसारका वस्तुहरुको उत्पादन गरी त्यसको प्रवर्द्धन गर्नु हो । पाँचौं योजना अवधि भित्र रु. ४५,००,००० वरावरको विभिन्न सूती तथा ऊनी कपडा, काठका फर्निचर, विभुषण तथा क्यूरियो वस्तु, नेपाली कागज ऊनी गलैंचा उत्पादन गर्ने लक्ष्य निर्धारित गरिएको छ ।

५. कारागार कारखाना

विभिन्न अपराधमा बन्दी भैरहेका कैदीहरुलाई घरेलु उद्योग व्यवसाय सम्वन्धी प्रशिक्षण दिने यस आयोजनाको मुख्य उद्देश्य हो । हालसम्म काठमाडौ, पाल्पा, झापा र धनुकटा जिल्लाका कारागारहरुमा यस्तो तालीमको व्यवस्था भैसकेको छ र पाँचौं योजनाकालमा अन्य एक जिल्लामा पनि यस कार्यक्रमको व्यवस्था गरी पाँचौं योजनामा ३०० जवान कैदीहरुलाई प्राविधिक प्रशिक्षण प्रदान गर्ने र रु. ९३,००,००० बरावर मुल्यको कपडा, होजीयरी, कपडा सिलाई, धागो र कपडा रङ्गाईबाट उत्पादन गरिने लक्ष्य निर्धारण गरिएको छ ।

६. ऋण व्यवस्था :

घरेलु, ग्रामीण र हस्तकला उद्योगहरुको निमित्त पाँचौं योजनाकालमा रु. २,५,३,००,००० बरावरको ऋण घरेलु विभाग र त्यस अन्तर्गतका जिल्ला तथा क्षेत्रीय कार्यालयहरुबाट प्रादेशिक सन्तुलनको दृष्टिकोणबाट प्रदान गर्ने लक्ष्य निर्धारित गरिएको छ ।

७. पाइलट प्रोजेक्ट आयोजना :

उद्योग स्थापना तथा सञ्चालन तर्फ रुची एवं पूंजी लगाउन इच्छुक भएतापनि उद्योग स्थापनाको निम्ति आवश्यक प्रारम्भिक कार्यहरुमा निकै समय लाग्ने र उत्पादन प्रारम्भ हुनु भन्दा अगाडी प्रशस्त लगानी गर्नु पर्ने आदि कारणहरुले गर्दा सम्भाव्य उद्योगहरुमा पनि गैर सरकारी क्षेत्र अग्रसर हुन सकेको छैन । यस कारण साना स्तरका सम्भाव्य उद्योगहरु प्रारम्भमा घरेलु तथा ग्रामीण उद्योग विभागले आफ्नो लगानी र सम्पूर्ण व्यवस्था द्वारा स्थापना एवं सञ्चालन गर्ने पछि यस्ता उद्योगहरु चलाउन इच्छुक भएकाहरुलाई हस्तान्तरण गर्ने पाइलट प्रोजेक्टको मुख्य उद्देश्य हो । यस अन्तर्गत पाँचौं योजना अवधि भित्र सम्भाव्यताको आधारमा धनकुटा, सुर्खेत र पोखरा विकास क्षेत्रमा एक एक वटा पाइलट प्रोजेक्ट स्थापना गरिने छ ।

८. विक्री वितरण व्यवस्था :

देशका विभिन्न भागमा स्थापना भएका घरेलु उद्योगहरुलाई चाहिने कोरा माल पुऱ्याउने र तयारी माल विक्री गर्ने प्रवन्ध घरेलु शिल्पकला विक्री भण्डारबाट भइ आएको छ । यस कार्यलाई पाँचौं योजनाकालमा विस्तार गर्ने उद्देश्यले धनकुटा, पोखरा, सुर्खेत, भरतपुर, धरान र अन्य दुई पहाडी क्षेत्रमा समेत गरी जम्मा ७ इकाइहरुका माध्यमद्वारा देशका विभिन्न सथानमा स्थापना भएका र नयाँ स्थापना हुने घरेलु उद्योगहरुलाई चाहिने कोरा सामान दिलाउने र तयारी सामानको विक्री गरी दिने व्यवस्था गरिने छ ।

९. कार्यालय सञ्चालन :

यस आयोजना अन्तर्गत पाँचौं योजनाकालमा ३ क्षेत्रीय कार्यालय र २६ जिल्ला कार्यालयको सञ्चालन खर्च समावेश गरिएको छ । जिल्ला कार्यालयबाट माथि उल्लेख गरिए बमोजिम प्राविधिक सेवा, ऋण वितरण, औद्योगिक सर्भेक्षण, घुम्ती तालीम आदि काम हुनेछ । क्षेत्रीय कार्यालयको हकमा आवधिक तालमि तथा पाइलट प्रोजेक्ट सञ्चालन जस्ता थप कामहरु समावेश गरिएका छन् ।

१०. भवन निर्माण :

क्षेत्रीय तथा जिल्ला कार्यालयहरुको आफ्नै भवनहरुको स्थानीय वस्तुहरु प्रयोग गरी उपलब्ध साधनको आधारमा क्रमशः निर्माण गरिने छ ।

(ङ) खर्च व्यवस्था :

घरेलु तथा ग्रामीण उद्योग विकासको लागि चाहिने खर्चको विवरण तल प्रस्तुत गरिएको छ ।

रु. ००० मा

	न्यूनतम कार्यक्रमको लागि रकम	अधिकतम कार्यक्रमको लागि थप रकम
१. औद्योगिक सेवा	१८,००	-
२. हस्तकला प्रवर्द्धन	२७,००	-
३. प्राविधिक प्रशिक्षण	५०,००	-
४. उत्पादन आयोजना	२५,००	-
५. कारागार कारखाना	२०,००	-
६. ऋण व्यवस्था	२,५३,००	-
७. पाइलट प्रोजेक्ट	१५,००	-
८. विक्री वितरण व्यवस्था	३०,००	-
९. कार्यालय सञ्चालन	१,२०,००	-
१०. भवन निर्माण	२५,००	-
जम्मा	५,८३,००	-

अनुसूची नं. - १

पाँचौं योजना (२०३२-०३७ को कार्यक्रम)

आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य	आयोजनामा लाग्ने खर्च रु. ००० मा	कैफियत
१. औद्योगिक सेवा (क) औद्योगिक सर्वेक्षण (ख) संभाव्यता अध्ययन प्रतिवेदन तयारी (ग) स्कीम तयारी तथा वितरण (घ) प्राविधिक सरसल्लाह र सहयोग	विभिन्न जिल्ला	सालवसाली	 औद्योगिक सर्वेक्षण २५ जिल्लामा गर्ने संभाव्यता अध्ययन ५ स्थानको गरी प्रतिवेदन तयार गर्ने । उद्योगीहरुको माग बमोजिम स्कीम तयार गरी वितरण गर्ने उद्योगीहरुको मांग वमोजिम प्राविधिक सरसल्लाह र सहयोग गर्ने	१८,००	

२. हस्तकला प्रवर्द्धन (क) डिजाइन तथा नमूना तयार (ख) अनुसन्धान (१) यन्त्र तथा औजार (२) उत्पादन प्रक्रिया तथा प्रविधि (ग) डिजाइन तथा वितरण पुनरावलोकन (घ) हस्तकला प्रदर्शनी (ङ) हस्तकला संग्रहालयको स्थापना तथा वस्तु सर्वेक्षण (च) हस्तकलाको क्याटलग प्रकाशन (छ) हस्तकला सम्वन्धी प्राविधिक अनुदेश पुस्तिकाको प्रकाशन	पा.औ.क्षेत्र, ललितपुर		डिजाइन तथा नमूना तयारी ३०० थानको गर्ने ५ प्रकारको यन्त्र तथा औजार अनुसन्धान गर्ने उत्पादन प्रक्रिया प्रविधि ५ विषयको गर्ने २० टोलीबाट गराउने । हस्तकला प्रदर्शनी ५ पटक गर्ने । एक हस्तकला संग्रहालयको स्थापना गर्ने तथा १० प्रकारको हस्तकला वस्तुको सर्भेक्षण तथा नमुना संकलन गर्ने । ५ वटा हस्तकलाको क्याटलग प्रकाशन गर्ने १० वटा हस्तकला सम्वन्धी प्राविधिक अनुदेश पुस्तिकाको प्रकाशन गर्ने।	२७,००	
३. प्राविधिक प्रशिक्षण (क) आधारभूत वा साधारण तालीम (१ वर्षे) (ख) सेवाकालीन तालीम (३,६ महिने) (ग) व्यवस्थापन विषय प्रशिक्षण	विभिन्न जिल्ला	सालवसाली	१३७५ जवानलाई आधारभूत वा साधारण तालीम (१ वर्षे) प्रदान गर्ने १०० जवान कर्मचारीलाई प्रदान गर्ने ५ पटक व्यवस्थापन विषय प्रशिक्षण गोष्ठी गर्ने	५०,००	

४. उत्पादन (क) सूति उनी कपडा (ख) काठका फर्निचर (ग) विभुषण तथा क्यूरियो (घ) नेपाली कागज (ङ) उनी गलैंचा	विभिन्न जिल्ला	सालवसाली	रु. ४५,००,००० वरावर मूल्यका विभिन्न सूति कपडा, उनीकपडा, काठका फर्निचर, विभूषण तथा क्यूरियो वस्तु, नेपाली कागज र उनी गलैंचा उत्पादन गर्ने ।	२५,००	
५. कारागार कारखाना (क) प्राविधिक प्रशिक्षण १ वर्षे (ख) उत्पादन	काठमाडौ, झापा, धनकुटा पाल्पा र थप १ जिल्ला	सालवसाली	३०० जवान कैदीलाई प्राविधिक प्रशिक्षण प्रदान गर्ने । रु. ९३,००,००० वरावर मूल्यको कपडा, होजीयरी, कपडा-सिलाई, धागो र कपडा रँगाईबाट उत्पादन हुने	५२,००	
६ ऋण सहायता	विभिन्न जिल्ला	सालवसाली	आर्थिक तथा प्राविधिक ऋण सहायता प्रदान गर्ने	२,५३,००	
७ पाइलट प्रोजेक्ट	धनकुटा, पोखरा र सुर्खेत	चालु	देशमा संभाव्य ३ उद्योगको सानो कम्पनीको रुपमा स्थापना गरी सञ्चालन गर्ने	१५,००	
८. विक्री वितरण व्यवस्था	धनकुटा, पोखरा, सुर्खेत भरतपुर, धरान र अरु दूई जिल्ला	चालु	कच्चा पदार्थ उपलव्ध गराउने, तयारी माल सामानको विक्री प्रवर्द्धन गर्ने	३०,००	

९. कार्यालय सञ्चालन (क) चालु ३ क्षेत्रीय कार्यालय (ख) चालू २१ जिल्ला कार्यालय (ग) प्रस्तावित ५ जिल्ला कार्यालय स्थापना र सञ्चालन	विभिन्न जिल्ला पोखरा धनकुटा र सुर्खेत हाल भएको २१ कार्यालय महेन्द्र नगर, प्यूठान, जोमसोम, सिंधुली र खांदवारी	सालवसाली	 चालु ३ क्षेत्रीय कार्यालयको संचालन गर्ने चालु २१ जिल्ला चालु २१ जिल्ला कार्यालयको सञ्चालन । प्रस्तावित ५ जिल्ला कार्यालयका स्थापना तथा सञ्चालन	१,२०,००	
१० भवन निर्माण तथा सुधार	विभिन्न जिल्ला	चालु	भवन निर्माण गर्ने	२५,००	

कूल जम्मा ५,८३,००

परिच्छेद २३

वाणिज्य

वाणिज्य व्यवसाय देशको अर्थ व्यवस्थाको एक प्रमुख अङ्ग हो । आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारले कुने पनि देशको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । देशको औद्योगिकरणको लागि एक महत्वपूर्ण पूर्वाधार वाणिज्य विकास पनि हो । देश विकासको लागि चाहिने विकासका सामाग्रीहरु तथा दैनिक उपभोगका सामानहरु विदेशबाट आयात गरिनु पर्दछ भने आयातको लागि चाहिने विदेशी मुद्रा जुटाउन तथा देशमा रहेको कतिपय साधनको विकास गर्न निर्यात गर्नु पर्दछ । तसर्थ : श्री ५ को सरकारले गत वर्षहरुमा विदेशी व्यापारमा वृद्धि तथा विविधता ल्याउने नीति अपनाउँदै आएको छ ।

(क) उद्देश्य :

१. व्यापक राष्ट्रिय दृष्टिकोणवाट देशको आर्थिक तथा सामाजिक विकास अनुरुप आन्तरिक तथा वाह्य व्यापारलाई निर्देशित तथा नियमित गर्न ।

२. विकास सामाग्री तथा आवश्यक उपभोग्य वस्तुहरुको पर्याप्त मात्रामा नियमित रुपले परिपूर्ति हुने व्यवस्था गर्ने।

३. आन्तरिक मूल्यस्थितिलाई जनजीवनमा प्रतिकूल असर नपार्ने र उत्पादन कार्यलाई निरुत्साहित नगर्ने हिसावले नियमित तथा नियन्त्रित गर्ने ।

४. वैदेशिक व्यापारमा अनुकूल सन्तुलन ल्याउने र व्यापार संरचनामा परिवर्तन गरी वस्तुगत तथा देशगत विविधिकरण ल्याउने ।

(ख) नीति :

१. देशको विकास गति र आय स्तर विपरितको उपभोगबाट देशको वचत र लगानी क्षमता ह्रास भई विकासको गतिमा प्रतिकूल असर पार्ने र जनसाधारणमा नैराश्यता ल्याउने खालका विलासी सामानहरुको पैठारीमा पूर्ण प्रतिवन्ध लगाउने र केहीमा भन्सार महसूल दर बढाई प्रठारी निरुत्साहित गर्ने ।

२. वैदेशिक व्यापार क्रमशः सुसंगठित र संस्थागत रुपमा सञ्चालन गर्ने । यस्तो संस्था वस्तु अनुसार पूर्णतया सरकारी गैर सरकारीका साथै अर्ध सरकारी किसिमको हुनेछ ।

३. देशको सम्पूर्ण आर्थिक तथा सामाजिक विकासको व्यापक सन्दर्भमा निकासी प्रवर्द्धन नीति र उपायहरुमा पुनः विचार गरी आवश्यक परिवर्तन गर्ने तथा पारवहन र गोदाम सुविधा लगायत निकासी प्रवर्द्धन सेवालाई विस्तार गर्ने ।

४. आन्तरिक मूल्य नीति नियमित रुपले निर्धारण र कार्यान्वयनको लागि एक स्थायी व्यवस्था गरी समयानुसार विकास र जनसाधारणको दैनिक आवश्यकतालाई विचार गरी निर्धारित स्वदेशी तथा विदेशी वस्तुहरुको नियमित आपूर्तिको लागि एक छुट्टै सरकारी संस्थागत माध्यमद्वारा देशव्यापी रुपमा विक्री वितरणको व्यवस्था गर्ने ।

५. वैदेशिक व्यापार विविधीकरणको सन्दर्भमा आर्थिक संभाव्यताको आधारमा नयाँ देशहरुसित व्यापार सम्वन्ध विस्तार गर्ने र मुख्यतः नजीकका छिमेकी देशहरुसितको व्यापार विस्तारमा जोड दिने ।

६. मौद्रिक, वित्तीय, विदेशी विनिमय लगायत उत्पादन नीतिहरु देशको आन्तरिक तथा वैदेशिक व्यापार तथा मूल्य नीतिसित समन्वय गर्ने ।

(ग) प्राथमिकता:

१. मौजूदा निकासी प्रवर्द्धन नीति र उपायहरुमा पुनः विचार गरी आवश्यक परिवर्तन गर्ने ।

२. वैदेशिक व्यापार संस्थागत गर्न चाहिने व्यवस्था मिलाउने ।

३. विकास र दैनिक उपभोगका लागि आवश्यक वस्तुहरुको देशव्यापी रुपमा विक्री वितरण गर्न चाहिने संस्थागत व्यवस्था गर्ने ।

४. गोदाम, ढुवानी सुविधाहरुको विस्तार गर्ने ।

५. वैदेशिक व्यापार सम्वन्धी अध्ययन अनुसन्धान गर्ने ।

(घ) लक्ष्य :

१. योजनाको प्रारम्भिक काल देखिनै अति विलासी वस्तुहरुको पैठारी निषेध र विलासी वस्तुहरुकोपैठारी नियन्त्रण गर्ने ।

२. वैदेशिक व्यापार संस्थागत रुपबाट सुसंगठित गरी निर्धारित वस्तुहरु क्रमशः यसको माध्यमद्वारा निकासी पैठारी गर्ने ।

३. प्रत्येक वर्ष देशको सोधनान्तर स्थिति, विदेशी विनिमय संचयको विचार गरी देशको आवश्यकतानुरुप विकास र आवश्यक उपभोग्य वस्तुहरुको निकासी र पैठारी लक्ष्य निर्धारित गर्ने र सोही अनुरुप गर्ने ।

४. धुवानी र गोदाम सुविधाहरु पर्याप्त मात्रामा विस्तार गर्ने ।

५. संस्थागत रुपमा आन्तरिक विक्री वितरणको लागि चाहिने संस्थागत व्यवस्था यथाशीघ्र गर्ने ।

(ङ)कार्यक्रम

उपरोक्त उद्देश्य र लक्ष्य प्राप्तिको लागि पाँचौं योजनामा समावेश गरिनु पर्ने खालका आयोजनाहरु तल प्रस्तुत गरिएका छन् ।

१. व्यापार प्रवर्द्धन केन्द्र : निकासी व्यापारलाई व्यवस्थित ढंगबाट सञ्चालन गर्नुका साथै समुद्रपारका मुलुकहरु सित हुने निर्यात व्यापारको प्रवर्द्धन र विकास गर्ने उद्देश्यबाट यस व्यापार प्रवर्द्धन केन्द्रको स्थापना भएको हो । अन्तर्राष्ट्रिय बजार सम्बन्धी वस्तुस्थितिको ज्ञान तथा तत्सम्बन्धी आवश्यक तथ्यांक र अन्य व्यापारिक महत्वका कतिपय कुराहरु यस केन्द्रले संकलन गरी अधिराज्यका तमाम व्यापारी वर्ग तथा संघ संस्थाहरुलाई नियमति रुपले उपलब्ध एवं जानकारी गराउँदै आएको छ । पाँचौं योजना अवधिमा यस केन्द्रबाट देहाय बमोजिमको कार्यक्रम संचालन गरिने छ ।

निकासी प्रवर्द्धन तथा विकास

(क) व्यापार सूचना प्रलेख तथा परामर्श : निकासी वस्तुहरु र निकासी वजार सम्बन्धी व्यापारिक सूचना प्रलेख तथा परामर्श सेवा नियमित रुपले प्रदान गर्ने ।

(ख) व्यापार सम्बन्धी प्रकाशन : देश विदेशको व्यापार सम्बन्धी महत्वपूर्ण विषयहरु भएको पत्र पत्रिका प्रकाशन गर्ने ।

(ग) निकासी प्रवर्द्धनको प्रचार प्रसार : देशमा निकासी जागरुकता ल्याउन केन्द्रको क्षेत्रीय निकाय र क्षेत्रीय परामर्श समितिद्वारा निकासी जागरुकता र निकासी प्रवर्द्धन सम्बन्धी विभिन्न कार्यहरुको सञ्चारका विभिन्न माध्यमद्वारा प्रचार, प्रसार कार्य अभियानको रुपमा सञ्चालन गर्ने ।

(घ) व्यापार तालीम गोष्ठी : निकासीगत संस्थाहरुको लागि आवश्यक हुने सक्षम जनशक्ति उपलब्ध गर्ने दुष्टिकोणबाट विदेशमा हुने तालीम गोष्ठी कार्यशाला आदिमा भाग लिने ।

(ङ) अन्तरराष्ट्रिय प्रदर्शनी : निकासी प्रवर्द्धनको दृष्टिकोणबाट केही खास क्षेत्रीय तथा अन्तरराष्ट्रिय व्यापार मेलाहरु, प्रदर्शनीहरु सकभर देश भित्र आयोजना गर्ने गराउने प्रयास गर्ने र त्यस्ता अन्तरराष्ट्रिय मेलाहरुमा नेपाली व्यापारीहरुलाई भाग लिन लगाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने ।

(च) सम्वेष्ठन सम्बन्धी सेवा : निकासी प्रवर्द्धनको दृष्टिकोणले सम्वेष्ठन र परिचालन -प्याकिङ्ग र ह्याण्डलिङ्ग) सम्बन्धी कुराहरुमा सुधार ल्याउन तत्सम्बन्धी आवश्यक व्यवस्था तथा सेवा प्रदान गर्ने ।

(छ) निकायहरुको स्थापना : देशको चार विकास क्षेत्रहरुमा केन्द्रको क्षेत्रीय निकायहरुको स्थापना गरी कार्य सञ्चालन गर्ने ।

सर्वेक्षण तथा अध्ययन :

(क) निकासी योग्य वस्तुको सर्वेक्षण : देशको निकासी योग्य वस्तुहरुको निकासी क्षमता र परिप्रेक्षण (प्रोजेक्सन) गर्न र वस्तु विकास कार्यक्रम सञ्चालन गर्न सहायक हुने गरी देशका विभिन्न क्षेत्रहरुमा निकासीयोग्य वस्तुहरुको विस्तृत सर्वेक्षण गर्ने र तिनको प्रतिवेदन तयार गरी सम्बन्धित निकायहरु मार्फत लागू गर्ने गराउने ।

(ख) आन्तरिक वजारको अध्ययन : देशको प्रमुख आन्तरिक वजारहरु, सहायक वजारहरु र हाट बजारहरुको विस्तृत अध्ययन गर्ने ।

(ग) माग सर्वेक्षण : अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरुको उत्पादन वृद्धि वा प्रदाय वृद्धि वा पैठारीको पर्याप्त व्यवस्थाको लागि त्यस्ता वस्तुहरुको माग सर्वेक्षण गर्ने ।

(घ) वैदेशिक वजार अध्ययन : खास गरी नेपालको व्यापार सम्झौता भएका र सम्झौताको संभाव्यता रहेका देशहरु र अधिकतम सुविधा प्राप्त राष्ट्रहरुको वजार सम्वन्धी वृतान्त संकलन गर्नुका अतिरिक्त तत्सम्वन्धी अध्ययन गर्ने ।

(ङ) निकासी-पैठारी जानकारीको संकलन : नेपालबाट अन्य देशसंग हुने निकासी पैठारी व्यापार सम्वन्धी विभिन्न जानकारीहरु संकलन गर्ने र उपयोगमा ल्याउने ।

(च) अन्य अध्ययन : निकासी सुविधा कार्यविधि, पारवहन ऐन कानून तथा अन्तरराष्ट्रिय व्यापारसंग सम्वन्धित विषयहरुको अन्तरराष्ट्रिय व्यवस्था, परिपाटी, कार्यक्रम आदि अध्ययन गरी त्यसको आधारमा आवश्यक प्रतिवेदन तयार गर्ने ।

आधारभूत व्यवस्था :

(क) गुणस्तर निर्धारण : निकासी हुने वस्तुहरुको गुण नियन्त्रण, निर्धारणको लागि सम्वन्धित निकायहरुको व्यवस्था गर्ने र पूर्व निकासी परिक्षणका व्यवस्थाहरु लागू गर्ने ।

(ख) निकासी कर्ताहरुको मूल्यांङ्कनः निकासी कर्ताहरुको निकासी स्तर क्षमता आदि सम्वन्धी विवरणहरु राख्नुका अतिरिक्त तिनीहरुको मूल्यांङ्कन गरी आवश्यक कदरको व्यवस्था गर्ने ।

(२) नेपाल पारवहन तथा गोदाम व्यवस्था प्रा.लि. :

नेपाल जस्तो भू-परिवेष्ठित मुलुकको निमित्त समुद्रपारका मुलुकहरुसित व्यापार विस्तार गर्न पारवहन सुविधाको आवश्यकता पर्ने कुरा निर्विवाद छ । नेपाली व्यापारीहरुलाई भारतीय वन्दरगाहहरुमा पारवहन तथा गोदाम सम्वन्धी सुविधा प्रदान गराउने उद्देश्यबाट यो संस्थाको स्थापना भएको हो । पाँचौं योजना अवधिमा यस संस्थावाट भारतको सीमानास्थित जोगवनी र रक्सौलमा गोदाम घर निर्माण गरी सञ्चालन गर्ने कार्य न्यूनतम कार्यक्रम अन्तर्गत समावेश गरिएको छ तथा नौतनवा र हल्दिया पोर्टमा गोदाम घर निर्माण गरी सञ्चालन गर्ने कार्य अधिकतम कार्यक्रम अन्तर्गत समावेश गरिएको छ ।

(३) नेपाल आयल निगम (स्टोरेज टैंक निर्माण) :

देश विकास कार्यको लागि अत्यावश्यक हुने खनिज तेल एवं तैल्य पदार्थहरुको आयात संस्थागत रुपवाट गरी त्यस्ता पदार्थहरुको संञ्चय तथा विक्री वितरण गर्ने उद्देश्यबाट यस निगमको स्थापना भएको हो । तैल्य पदार्थहरुको अभाव हटाउन विदेशबाट आयात गरी समुचित मात्रामा स्टक राख्न अधिराज्यका केही प्रमुख स्थानमा स्टोरेज टैंक निर्माण गरिने भएको छ । पाँचौं योजना अवधिमा स्टोरेज टैंक निर्माण गरिने कार्यक्रम निम्न वमोजिम छ ।

स्टोरेज टैंक निर्माण :

विराटनगरमा ७१० किलोमिटर क्षमता भएको दुई वटा टैंक र ७० किलोमिटर क्षमता भएको तीन वटा टैंक, भैरहवामा ५५९ किलोमिटर क्षमता भएको तीनवटा टैंक, नेपालगञ्जमा ७० किलोलिटर क्षमता भएको तीनवटा टैंक तथा काठमाडौमा ७१० किलोमिटर क्षमता भएको तीनवटा टैंकको बाँकी २० प्र.श. निर्माण कार्य र अमलेखगञ्जमा ७१० किलोमिटर क्षमता भएको ६ वटा टैंक एवं ४,१०० किलो लिटर क्षमता भएको २ वटा टैंकको वाँकी १० प्र.श. निर्माण कार्य गरी जम्मा २२ वटा टैंकहरु पेट्रोल, डिजेल तथा मट्टितेलको स्टक राख्नको लागि निर्माण गरिने छ ।

(४) नेशनल ट्रेडिङ्ग लिमिटेड :

सरकारी क्षेत्रमा रहेको नेशनल ट्रेडिङ्ग लिमिटेडले पाँचौं योजना अवधिमा विभिन्न निर्माण सामाग्री तथा दैनिक उपभोगका सरसामानहरु पैठारी गरी विक्री वितरण गर्ने कार्यक्रमको अतिरिक्त ५ वटा कार्यालय भवन तथा गोदाम घर निर्माण गर्ने तथा १० वटा शाखा कार्यालय खोल्न एवं दैनिक उपभोग तथा निर्माण सामाग्रीको माग सर्वेक्षण गर्ने लक्ष्य छ ।

(५) जुट विकास तथा व्यापार संस्थान

नेपालको विदेशी व्यापारमा जूट र जूटबाट बनेका सामानहरुको ठूलो भूमिका रहेको छ । नेपालको विदेशी मुद्रा आर्जन गर्ने यो ठूलो स्रोत भएको छ । नेपालमा जूट मिल्सको

स्थापनाबाट नै औद्योगिकरणको शुरुआत भएको हो र हाल सम्म पनि यो देशको सवैभन्दा ठूलो उद्योगको रुपमा विद्यमान छ । नेपालको जूट उद्योगलाई आधुनिकरण गर्नुका साथै जूटको खेतीमा सुधार ल्याई बढी मात्रामा असल जातको जूट उत्पादन गराउन तथा वजारलाई सुनियोजित तरिकाबाट सञ्चालन गरी निर्यात बढाउने तर्फ प्रयास भइरहेको छ । यस दिशातर्फ पाँचौं योजनामा जूट विकास तथा व्यापार संस्थनले उन्नत जूटका विउ वितरण गर्ने लगायत अन्य प्रसार कार्य यथावत चालू राख्ने छ ।

(६) खर्च व्यवस्था :

पाँचौं योजनाकालमा वाणिज्य विकासको लागि लाग्ने खर्चको विवरण तल दिइएको छ ।

खर्च रकम रु. ००० मा

आयोजनाको नाम	न्यूनतम कार्यक्रमको लागि रकम	अधिकतम कार्यक्रमको लागि थप रकम
१. व्यापार प्रवर्द्धन केन्द्र	५०,००	-
२. नेपाल पारवहन तथा गोदाम व्यवस्था प्रा.लि.	५०,००	५०,००
३. नेपाल आयल निगम (स्टोरेज टैंक निर्माण	१,००,००	-
४. जूट विकास तथा व्यापार संस्थान	३०,००	२०,००
जम्मा	२,३०,००	७०,००

कूल जम्मा ३,००,००

अनुसूचि नं. १

वाणिज्य

पाँचौं योजना (२०३२-३७) को कार्यक्रम

आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य	आयोजनाको लाग्ने खर्च रु. ००० मा		कैफियत
१ व्यापार प्रवर्द्धन केन्द्र	नेपाल अधिराज्य भरी हुने	सालवसाली	(क) निकासी प्रवर्द्धन तथा विकास (ख) सर्वेक्षण तथा अध्ययन (ग) आधारभूत व्यवस्था	५०,००		
२ (क) नेपाल पारवहन तथा गोदाम व्यवस्था प्रा.लि. (ख) नेपाल पारवहन तथा गोदाम व्यवस्था प्रा.लि	जोगवनी रक्सौल हल्दिया र नौतनवा	चालु चालु	भारतको सिमाना स्थित जोगवनी रक्सौल गोदाम घर निर्माण गरी सञ्चालन गर्ने । भारतको वन्दरगाह हल्दियामा र सिमाना स्थित नौतनवामा गोदाम घर निर्माण गरी सञ्चालन गर्ने	५०,००	५०,००	
३. नेपाल आयर निगम (स्टोरेज टैंक निर्माण)	विराटनगर भैरहवा, नेपालगञ्ज काठमाडौ, अमलेखगञ्ज	चालु	१ विराटनगरमा ७१० किलो लिटर क्षमताको २ टैंक र ७० किलो क्षमताको ३ टैंक निर्माण गर्ने २. भैरहवामा ५५९ किलो लिटर क्षमताको ३ टैंक निर्माण गर्ने । ३. नेपालगञ्जमा ७० किलोलिटर क्षमताको ३ टैंक निर्माण गर्ने । ४. काठमाडौमा ७१० किलोलिटर क्षमताको ३ टैंकको बाँकी २० प्र. निर्माण गर्ने ५ अमलेखगञ्जमा ७१० किलो लिटर क्षमताको ६ टैंक तथा ४,१०० किलो लिटर क्षमताको २ टैंकको बाँकी १० प्र.श. निर्माण गर्ने	१,००,००		
४.नेशनल ट्रडिङ्ग लिमिटेड	काठमाडौ	सालवसाली	१ विभिन्न सामग्री तथा दैनिक उपभोगका सरसामान पैठारी गर्ने । २ कार्यालय भवन तथा गोदाम घर ५ वटा निर्माण गर्ने ३. शाखा कार्यालय १० वटा खोल्ने ४. दैनिक उपभोग तथा निर्माण सामाग्रीको माग सर्वेक्षण गर्ने			खर्च आफ्नै स्रोतबाट वेहोरिने ।

५ (क) जूट विकास तथा व्यापार संस्थान (ख) जूट विकास तथा व्यापार संस्थान	झापा, मोरङ्ग सुनसरी, सप्तरी, महोत्तरी, सिरहा, धनुषा, उदयपुर	सालवसाली	१ उन्नत जूट लगाइने क्षेत्रफल ४५,००० हेक्टर पुऱ्याउने । २. उन्नत जातको कच्चा जूट उत्पादन ६७,००० मे.ट. पुऱ्याउने ३. जूटको कूल उत्पादन ९०,००० मे.ट. पुऱ्याउने ४. उन्नत विउ उत्पादन ७२० मे.ट. पुऱ्याउने ५. कच्चा जुटको वार्षिक निर्यात उत्पादन २,२००० मे.ट. पुऱ्याउने ६. गोदाम निर्माण ९ वटा १ गोदाम निर्माण ६ वटा	३०,००	२०,००	
			जम्मा	२,३०,००	७०,००	
				कूल जम्मा :		३,००,००

परिच्छेद २४

पर्यटन

नेपाल जस्तो ऐतिहासिक एवं कलात्मक वस्तुहरु तथा प्राकृतिक सोन्दर्यले परिपूर्ण भएको मुलुकमा पर्यटन उद्योगको विकास गर्ने निक्कैनै गुन्जायस छ । पर्यटन उद्योगको विकासबाट राजस्व तर्फ रोजगारीमा हुने वृद्धिका साथै विकासको लागि अत्यावश्यक पर्ने परिवर्त्य विदेशी मुद्रा आर्जनमा ठूलो योगदान पुग्ने हुन्छ । यस उद्योग विकासको लागि चाहिने यात्रा सुविधा, आधुनिक आवासको व्यवस्था, दृश्यावलोकन सम्बन्धी सुविधा जस्ता आधारभूत कुराहरुको व्यवस्था हुनु अति आवश्यक छ । यसकारण विगत योजनाहरुमा पनि पर्यटन उद्योग विकासको लागि आवश्यक आधारभूत कुराहरु माथि ध्यान दिंदै आएको हो । २०१४ सालमा पर्यटन विकास समितिको गठन भयो । पर्यटन विभाग खडा भएपछि नेपालले विभिन्न अन्तरराष्ट्रिय पर्यटन संस्थाहरुको सदस्यता प्राप्त गऱ्यो । होटेल वेडहरु, विभिन्न ट्राभल एजेन्सीहरुको स्थापना, त्रिभुवन विमानस्थलको विकास, विदेशी विमान सेवा सञ्चालनको साथै शाही नेपाल वायु सेवाको अन्तरराष्ट्रिय सेवामा वृद्धि भै पर्यटकहरुको साथै विदेशी मुद्राको आर्जनमा पनि वृद्धि हुँदै आएको छ । पाँचौं योजना अन्तर्गत पर्यटन विकास सम्बन्धी उद्देश्यहरु तल प्रस्तुत गरिएको छन् ।

(क) उद्देश्य

१. पर्यटन उद्योगको विकास गरी विदेशी मुद्रा आर्जन गर्ने र सोधनान्तर स्थिति आफ्नो पक्ष पार्ने ।

२. स्थानीय शिपको विकास गरी रोजगारीमा वृद्धि गर्ने र वहुसंख्यक जनताको क्रयशक्तिमा वृद्धि गर्ने ।

३. क्षेत्रीय र प्रादेशिक सन्तुलन ल्याउन उपयुक्त स्थानहरुमा पर्यटन केन्द्र स्थापना गर्ने ।

४ अन्तर क्षेत्रीय वा प्रादेशिक पर्यटनमा प्रोत्साहन दिने ।

(ख) नीति:

१. देशको ऐतिहासिक, साँस्कृतिक तथा भौगोलिक विशेषताहरुको संरक्षण र सम्वर्द्धन गरी पर्यटन विकासमा "आफ्नोपना कायम" राख्ने ।

२. मुख्यतया: काठमाडौमा मात्र सीमित रहेको पर्यटन क्षेत्रलाई बढाई पर्यटकहरुलाई अन्य क्षेत्रमा पनि आकर्षित गर्न पर्यटन केन्द्रहरुको विकास गर्ने ।

३. नेपाल आउने पर्यटकहरुको वसाई समयमा सकभर वृद्धि गर्ने ।

४. पोखरा, चितवन, लुम्विनी, खुम्बु आदि क्षेत्रलाई पर्यटनको लागि उपयुक्त गराउन आवश्यक सुविधाहरुको विकास गर्ने ।

५. दुर्गम क्षेत्रहरुमा पदयात्रा र हवाई यातायातबाट पर्यटन सम्भव हुने स्थितिको विकास गर्ने ।

६. पर्यटन विकास कार्य कृषि, यातायात, उद्योग जस्ता अन्य आयोजनाहरु संग सम्बन्धित भएकोले यसको समन्वयको लागि उच्चस्तरीय समितिको व्यवस्था गर्ने ।

७. पर्यटकहरु आउने बढी संभावना भएको देशहरुमा नेपालको चिनारी सम्बन्धी पुस्तिका वा अन्य प्रचार साधन सुलभ गराउने ।

८. पर्यटन व्यवस्थासंग सम्बन्धित विषयहरुमा आवश्यक तालीमको व्यवस्था गर्ने ।

(ग) कार्यक्रम :

उपरोक्त उद्देश्य र नीति अनुसार पर्यटक विकास गुरु योजनाको दोस्रो चरणको रुपमा सिफारिश गरिएका कार्यक्रमलाई नै सकभर पाँचौं योजना कालमा पूरा गरिने छ । उक्त गुरु योजनामा पर्यटन विकासको लागि होटेल, लजको थप सुविधा, केही सडकहरुको निर्माण सुधार, केही विमानस्थलको निर्माण सुधार, फलफूल, फुल, दूध जस्ता कृषिसित सम्बन्धित उत्पादन बढाउने कार्यक्रम, घरेलु हस्तकला वस्तुहरुको उत्पादन र स्तर वृद्धि, वन संरक्षण र वृक्षारोपण कार्य, धार्मिक तथा ऐतिहासिक स्मारकहरुको संभार संरक्षण, दूर सञ्चार, विजुली, खानेपानीको व्यवस्था जस्ता कार्यक्रमहरु विस्तृत रुपमा सिफारिश गरिएका छन् । यसरी सिफारिश गरिएका केही कार्यक्रम गैर सरकारी क्षेत्रबाट हुनु पर्ने र अधिकांश कार्यहरु श्री ५ को सरकारका विभिन्न मन्त्रालयहरु अन्तर्गत पर्ने भएकोले उपलब्ध साधनले भ्याएसम्म सम्बन्धित मन्त्रालयहरुकै विकास कार्यक्रम अन्तर्गत कुनै न कुनै रुपले समावेश गरिएका छन् । तसर्थ

तल प्रस्तुत गरिएका कार्यक्रम केवल पर्यटन विभाग आफैले सञ्चालन गरिने कार्यक्रम मात्र हो । यसको विस्तृत विवरण तल प्रस्तुत गरिएको छ ।

(१) अन्तरराष्ट्रिय पर्यटन प्रचार प्रसार :

पर्यटन उद्योगको विकासमा प्रचार कार्यको महत्वपूर्ण भूमिका हुन्छ । नेपालमा पर्यटकहरुको संख्या प्रति वर्ष बृद्धि गर्दै लैजाने नीति अनुसार नेपालको पर्यटन सम्वन्धी अन्तरराष्ट्रिय प्रचार प्रसारमा विशेष वृद्धि गर्नु अति आवश्यक छ । तसर्थ पाँचौं योजना अवधिभित्र नेपाल सम्वन्धी पर्यटन महत्वका विभिन्न प्रचार पुस्तिकाहरु ३५,००,००० प्रति छापी वितरण गर्ने, विभिन्न महत्वपूर्ण प्रकाशनहरुमा नेपालको सचित्र विज्ञापनहरु १३५ वटा छपाउने, विदेशका ख्याती प्राप्त लेखकहरुको भ्रमण, पत्र पत्रिकाका प्रतिनिधिहरु, एयरलाइन्स, टेलिभिजन तथा ट्राभल एजेन्सीका प्रतिनिधिहरु र अन्य भ्रमण व्यवसायीहरुलाई नेपाल भ्रमणको अवसरमा अतिथि सत्कार गर्ने, नेपालको साँस्कृतिक, धार्मिक, ऐतिहासिक र प्राकृतिक आकर्षण केन्द्रको सादा तथा रंगीन स्लाईडहरु १६,००० प्रति खिचि भ्रमण लेखकहरुलाई उपलव्ध गराउने, २ वटा चलचित्र निर्माण गर्ने र सो को १०० वटा रिप्रिण्ट गरी वितरण गराउने, हिमालय समिपवर्ती क्षेत्रहरुमा पर्यटन विकासको संभाव्यता अध्ययन तथा सर्वेक्षण गर्ने कार्यक्रम छ ।

(२) होटल व्यवस्थापन तथा पर्यटन तालीम केन्द्र :

नेपालमा होटेल तथा होटलहरुमा काम गर्ने कर्मचारीहरु, ट्राभल एजेन्सी, रेष्टुराँ आदिको संख्यामा वृद्धि हुँदै आइरहेको छ । आ.व. ०२९।०३० देखि सञ्चालित होटेल तथा पर्यटन तालीम केन्द्रले होटेल ट्राभल एजेन्सी र रेष्टुराँ आदिमा आवश्यक पर्ने जनशक्ति तयार गर्ने लक्ष्य अनुरुप पाँचौं योजना अवधिभित्र फण्ट अफिस कोष, हाउस किपिङ्ग, रेष्टुराँ एण्ड बार, किचेन कोष, पथ प्रदर्शक आदि विषयमा गरी जम्मा ५०० व्यक्तिलाई तालीम दिने लक्ष्य राखिएको छ । होटल व्यवस्थापन तथा पर्यटन तालीम केन्द्रको भवन पनि पाँचौ योजनाको प्रारम्भमा नै पूरा गरिनेछ ।

(३) पर्यटन सूचना केन्द्रहरुको स्थापना

पर्यटकहरुलाई आवश्यक सूचना सम्वन्धी सेवा तत्काल उपलव्ध गराउने हेतुले हाल भैरहेका पर्यटन सूचना केन्द्रहरु यथावत चालु राखि पाँचौं योजना अवधिभरमा तीन उपयुक्त स्थानमा पर्यटन सूचना केन्द्र स्थापना गरिने छ ।

(ख) खर्च व्यवस्था :

उपरोक्त कार्यक्रम सञ्चालन गर्न लाग्ने खर्चको अनुमान तल दिइएको छ ।

(रु. ००० मा)

आयोजनाको नाम	न्यूनतम कार्यक्रमको लागि रकम	अधिकतम कार्यक्रमको लागि थप रकम
१. अन्तरराष्ट्रिय पर्यटन प्रसार तथा प्रचार	८०,००	-
२. होटल व्यवस्थापन तथा पर्यटन तालीम केन्द्र	९०,००	-
३. पर्यटन सूचना केन्द्रहरुको स्थापना	३०,००	-
जम्मा	२,००,००	

अनुसूचि नं. १

पर्यटन पाँचौं योजना (२०३२-३७) को कार्यक्रम

आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य	आयोजनाको लाग्ने खर्च रु. ००० मा		कैफियत
१ अन्तरराष्ट्रिय पर्यटन प्रसार तथा प्रचार	विभिन्न स्थान	सालवसाली		८०,००		
(क) पुस्तिकाहरु छपाई तथा वितरण			नेपाल सम्वन्धी सांस्कृतिक, धार्मिक ऐतिहासिक, प्राकृतिक एवं कलात्मक आकर्षणका केन्द्रहरु माथि लेखिएका पुस्तिकाहरु ३५,००,००० प्रति छापि वितरण गर्ने ।			
(ख) विज्ञापन छपाउने			विभिन्न महत्वपूर्ण प्रकाशनहरुमा नेपाल सम्वन्धी जम्मा १३५ वटा विज्ञापनहरु छपाउने ।			
(ग) अतिथी सत्कार			विदेशका ख्याती प्राप्त भ्रमण लेखकहरु, अन्तराष्ट्रिय पर्यटन क्षेत्रमा ख्याती प्राप्त पत्र पत्रिकाको प्रतिनिधिहरु एयरलाइन्स, टेलिभिजन तथा ट्राभल एजेन्सीका प्रतिनिधिहरु र अन्य भ्रमण व्यवसायहरुलाई नेपाल भ्रमणको अवसरमा वसोवास, दृश्यावलोकन र भ्रमण सम्वन्धी आवश्यक सुविधाहरु उपलव्ध गराउने तथा अतिथी सत्कार गर्ने र उनीहरुद्वारा नेपाल सम्वन्धी लेखहरु लेखाई विदेशमा नेपालको प्रचार गराउने ।			
(घ) फोटो र स्लाइडहरु खिच्ने			नेपालको सांस्कृतिक, धार्मिक, ऐतिहासिक र प्राकृतिक आकर्षण केन्द्रहरुको सादा फोटो एवं रंङ्गीन स्लाइडहरुको जम्मा १६,००० प्रति खिच्ने तथा रिप्रिन्ट गराउने र देश विदेशबाट प्रकाशित हुने पत्र पत्रिकामा छपाउन लगाउने । शाही नेपाली राजदूतावास तथा अन्तरराष्ट्रिय भ्रमण लेखक, ट्राभल एजेन्सी आदिलाई उपलव्ध गराउने र विभागको विभिन्न प्रकाशनहरुको लागि उपयोग गर्ने			

(ङ) चलचित्र निर्माण रिप्रिन्ट गराउने			नेपाल प्रति पर्यटकहरु आकर्षिक हुने धार्मिक ऐतिहासिक, सांस्कृतिक प्राकृतिक आदि स्थलहरुको २ वटा चलचित्र निर्माण गर्ने र सो को प्रति रिप्रिन्ट गराउने ।			
(च) पर्यटन सर्वेक्षण			हिमालय समिपवर्ति क्षेत्रहरुमा पर्यटन विकासको संभाव्यता अध्ययन गर्ने फोटो र स्लाइडस् सङ्कलन गर्ने, विभिन्न क्षेत्रहरुको सर्भेक्षण इत्यादि गर्ने			
२. होटल व्यवस्थापन तथा पर्यटन तालीम केन्द्र	काठमाडौ	चालु	होटल व्यवस्थापन तथा पर्यटन तालीम केन्द्रको भवन बनाउने र ०२९।३० देखि सञ्चालित होटल तथा पर्यटन तालीम केन्द्रले होटल ट्राभल ऐजेन्सी र रेष्टुराँ आदिमा आवश्यक पर्ने जनशक्ति तयार गर्ने लक्ष्य अनुरुप निम्न विषयमा १०० जवानका दरले ५०० जवानलाई तालीम दिने । १. फ्रन्ट अफिस कोर्ष २। हाउस किपिङ ३. रेष्टुराँ एण्ड वार ४. किचेन कोष, ५. पथ प्रदर्शन	९०,००		
३. पर्यटन सूचना केन्द्रहरुको स्थापना	विभिन्न स्थान	चालु	उपयुक्त स्थानमा ३ पर्यटन सूचना केन्द्र स्थापना गर्ने	३०,००		
			जम्मा	२,००,००		

परिच्छेद २५

श्रम

देशको आर्थिक विकासमा श्रमशक्ति सर्वोपरी महत्वको साधन हो । देशमा भएको श्रम शक्तिको सदुपयोग एवं अधिकतम परिचालन गर्नु आर्थिक विकासको लागि अनिवार्य भएको हुँदा पाँचौं योजनामा श्रम विकासलाई महत्वपूर्ण स्थान दिइएको छ ।

(क) उद्देश्य

१. देशको श्रम शक्तिको स्थिति बारे वास्तविक ज्ञान राख्ने र तत्सम्बन्धी अद्यावधिक तथ्याङ्क राख्ने ।

२. श्रम शक्तिको अधिकतम उपयोग गर्ने र उत्पादन प्रकृयामा बढी से बढी जनताले आफ्नो श्रम प्रयोग गरी उत्पादनमा योगदान दिन सक्ने गर्ने ।

३. श्रम प्रशासन यन्त्रलाई सुदृढ र विकसित तुल्याउने ।

(ख) नीति

उपयुक्त उद्देश्य प्राप्तिको निमित्त श्रम शक्तिको गुणात्मक सुधारमा विशेष ध्यान दिइनेछ र श्रमिक वर्गको हित, सुरक्षा र सुविधाको विषयमा तथा औद्योगिक शान्ति कायम राख्ने र व्यवस्थापक-मजदूरको वीच सौहार्द्रता ल्याउने कुराहरुमा कानूनद्वारा बढी व्यवस्थित तुल्याइनेछ । अतः यस कार्यको निमित्त :

१. श्रम सम्बन्धी आवश्यक कानूनहरुको तर्जुमा गरिने छ ।

२. औद्योगिक तथा व्यावसायिक प्रशिक्षण दिई विद्यमान सीपमा विकास गर्ने तथा खेर गैरहेको श्रमलाई उत्पादनशील तुल्याउने व्यवस्था गर्ने ।

३. जन शक्तिको माँग तथा पूर्तिको वीचमा सन्तुलन ल्याउने दृष्टिकोणबाट सम्बन्धित निकायहरुको वीच समन्वय कायम राखिने छ ।

४. सबै प्रकारको उद्योग तथा आयोजनाहरुमा उपलब्ध भएसम्म स्वदेशी श्रम लाई नै अनिवार्य रुपले उपयोगमा ल्याउने पर्ने गराइने छ ।

५. श्रमस्थिति सम्बन्धी अध्ययन अनुसन्धानमा जोड दिइने छ ।

(ग) लक्ष्य :

श्रम प्रशासनको कार्यलाई सुचारुरुपले सञ्चालन गर्न समर्थ तुल्याउन आवश्यक वातावरणको सृजना हुन सकोस् भन्ने उद्देश्यले पाँचौं योजनाकालमा निम्नानुसार कार्य सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

१. श्रम सम्बन्धी कानूनहरुको व्यवस्था :

नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूर सम्बन्धी ऐन, २०१६ हाल औद्योगिक मजदूरहरुको निमित्त मात्र कार्यान्वयन भैरहेको र सीमित जिल्लाहरुमा मात्र लागू भएकोले यसलाई विस्तार गरी देश भरी नै सबै वर्गका मजदूरहरुको निमित्त लागू हुने किसिमले आवश्यक कानूनहरुको व्यवस्था गरिने छ ।

२. औद्योगिक, व्यवसायिक तथा सुपरभाइजरी तालीमको सञ्चालन :

राष्ट्रिय शिक्षा पद्धतिको योजना अनुसार शिक्षण संस्थानहरुको अन्तर्गत सञ्चालन हुने वाहेक अन्य औद्योगिक तथा व्यावसायिक तालीम कार्यक्रम संञ्चालन गरी दक्ष श्रमिक उपलब्ध गराइने छ । यस कार्यक्रम अन्तर्गत अप्रेन्टिसशीप तालीम, पुनर्तालिम, अपग्रेडिङ्ग कोष आदि हुने छन् ।

३. रोजगार सेवा कार्यक्रमको विस्तार :

रोजगार सेवा कार्यक्रमलाई यथाशक्य वढी विस्तार गरी देशका सम्पूर्ण भागमा काम खोज्ने र काम दिलाउनेलाई लाभान्वित तुल्याई वेरोजगारी समस्याको निराकरण गर्न मद्दत पुऱ्याइने छ र यसबाट श्रमशक्तिको परिचालनमा वढी प्रभावकारिता पुग्ने विश्वास गरिन्छ ।

४. आद्योगिक शान्ति कायम राख्ने :

श्रम विभाग र अन्तर्गतका कार्यालयहरुलाई सक्रिय तुल्याई श्रम सम्बन्धी कानूनहरुको कार्यान्वयन गर्न लगाउने र औद्योगिक विवाद उठ्न नदिन समयमै यथोचित प्रवन्ध गरिने छ ।

५. कारखाना निरीक्षण प्रणालीमा प्रभावकारिता ल्याउने :

कारखाना निरीक्षण प्रणालीलाई व्यापक तुल्याई सम्वन्धित ऐन कानूनहरुको कार्यान्वयन भए नभएको निरीक्षण गर्ने तथा मजदूरहरुको सुरक्षा, स्वास्थ्य र अन्य कल्याणकारी व्यवस्थालाई सबै कारखानाहरुमा सन्तोषपूर्ण स्तर कायम गराउन लगाउने ।

६. श्रम सम्वन्धी अनुसन्धान तथा तथ्याङ्क संकलन कार्यमा विस्तार :

श्रम प्रशासन कार्यको लागि यस सम्वन्धी विभिन्न विषयमा विश्वसनीय तथ्याङ्कहरुको अत्यावश्यकता पर्ने र कतिपय विषयमा अनुसन्धानको कार्य पनि गरिनु जरुरी हुने हुँदा सामयिक रुपमा महत्वपूर्ण विषयको तथ्याङ्क लिने र अनुसन्धान कार्यलाई विस्तार गरिने छ ।

७. विभागको संगठनात्मकक्क व्यवस्थालाई सुदृढिकरण गरिने :

श्रम प्रशासनको कार्य गर्न गठित श्रम विभागको वर्तमान संगठनात्मकक्क स्वरुपलाई सुदृढ तथा सक्षम तुल्याउने छ र आवश्यकतानुसार देशका अन्य भागहरुमा यसका क्षेत्रीय कार्यालयहरु खोलिने छ ।

८. औद्योगिक सम्वन्ध :

औद्योगिक प्रतिष्ठानहरुमा कार्य समिति (वर्क कमिटी) को गठन गरी तिनीहरुले सम्पन्न गर्ने कार्यको सम्वन्धमा विवरण तयार पारिने छ र संयुक्त छलफल (ज्वाइण्ट कन्सल्टेशन) को पद्धतिलाई विस्तार गरिने छ ।

(घ) कार्यक्रम :

उपयुक्त लक्ष्यहरुको प्राप्तीका लागि पाँचौं योजनाकालमा निम्नानुसार कार्यक्रम मिलाई सञ्चालन गरिने छ ।

प्रथम दुई वर्षमा :

१ श्रम सम्वन्धी वर्तमान कानूनलाई पुनरावलोकन गरी त्यसमा संशोधन तथा नपुग विषयमा कानूनको तर्जुमा गरिने छ ।

२. विभागको संगठनात्मकक्क व्यवस्थामा सुधार ल्याउन कार्य सरलीकरणको पद्धतिलाई ध्यान दिइने छ र यसको निमित्त आवश्यक फारामहरुको व्यवस्था गरिने छ ।

३. कारखाना निरीक्षण प्रणालीमा प्रभावकारिता ल्याउने ।

४. औद्योगिक शान्ति कायम राख्ने ।

५. रोजगार सेवा कार्यक्रमलाई केही क्षेत्रमा विस्तार गर्ने ।

६. औद्योगिक, व्यवसायिक तथा सुपरभाइजरी तालीमको सञ्चालन सम्वन्धमा नीति निर्धारण गरी प्रारम्भिक कार्य गर्ने ।

७. श्रम सम्वन्धी अनुसन्धान तथा तथ्याङ्कको प्रारम्भिक कार्य गर्ने ।

८. औद्योगिक सम्वन्धमा सुधार ल्याउने ।

दोस्रो दुई वर्षमा

१. प्रथम दुई वर्षको कार्यक्रमको २. मा उल्लेखित कार्यलाई जारि नै राखिने छ ।

२. ऐ. को ३ र ४ मा उल्लेखित कार्यलाई जारी नै राखिने छ ।

३. ऐ को ५ मा उल्लेखित कार्यलाई पुनः विस्तार गरिने छ ।

तथा यस कार्यक्रमको पूरकको रुपमा भोकेशनल गाइडेन्स, इम्प्लाइमेण्ट काउन्सेलिङ्ग तथा इम्प्लाइमेण्ट मार्केट इनफर्मेशन कार्यलाई पनि विकास गरिने छ ।

४. ऐ. को ६ मा उल्लेखित कार्यलाई विस्तृत रुपमा सञ्चालन गरिने छ ।

अन्तिम वर्षमा :

१. माथि क. को ३ र ४ को कार्यलाई जारि नै राखिनेछ ।

२. माथि ख. को ३, ४., ५ र ६ को उल्लेखित कार्यलाई पूर्णरुपमा सञ्चालन गरिने छ ।

माथि उल्लेखित, उद्देश्य, नीति, र लक्ष्य अनुरुप आई.एल.ओ. को सहायताबाट पाँचौं योजनामा श्रम विकास सम्बन्धी तलका चार आयोजनाहरु पनि सञ्चालन गरिने छन् ।

१. इम्प्लाइमेण्ट प्लानिङ्ग प्रोजेक्ट :

यस आयोजना अन्तर्गत रोजगार बढाउने खालका उपयुक्त कार्यक्रमहरु पत्ता लगाई रोजगारी बढाउने उपाय पत्ता लगाउने, रोजगार प्रवर्द्धन सम्बन्धी विभिन्न आयोजनाहरु तयार गर्न सुझाव प्रस्तुत गरिने छ ।

२. रिजनल प्रोजेक्ट फर स्ट्रेन्थेनिङ्ग लेवर र म्यान पावर एडमिनिष्ट्रेशन :

यस आयोजना अन्तर्गत पाँचौं योजनामा श्रम प्रशासनलाई सुदृढिकरण तुल्याउने र श्रम परिचालन सम्बन्धी कार्यमा संलग्न इकाइहरुको संगठनात्मक व्यवस्थामा एशियत राष्ट्रहरुको अनुभव र व्यावहारिक अध्ययनको आधारमा श्रम प्रशासन यन्त्रलाई सुधार गरी सक्षम तुल्याउने कार्यक्रम रहेको छ ।

३. पपुलेशन इजुकेशन इन दी अर्गनाइजड सेक्टर (संगठित उद्योगमा जनसंख्या सम्बन्धी शिक्षा)

यस आयोजना अन्तर्गत जनसंख्या वृद्धि रोकथामको लागि भैरहेको परिवार नियोजन सम्बन्धी काममा सघाउ पुऱ्याउन संगठित संस्थाहरुमा काम गर्ने श्रमिक वर्गमा पनि जनसंख्या वृद्धि र त्यसको असर सम्बन्धमा राम्रो जानकारी उपलब्ध गराई जनसंख्याको चाप घटाउने सम्बन्धी कार्यक्रम छ ।

४. औद्योगिक, व्यवसायिक तथा सुपरभाइजरी तालीम :

यस आयोजना अन्तर्गत दक्ष श्रमिक उपलब्ध गराउन अप्रेन्टीसशीप तालीम, पूनर्तालीम, अपग्रेडिङ्ग कोष आदिको व्यवस्था गरिने छ ।

(ङ) खर्च व्यवस्था :

श्रम सम्बन्धी उपरोक्त कार्यक्रम सञ्चालन गर्न चाहिने खर्चको विवरण तल दिइएको छ ।

(रु. ००० मा)

आयोजनाको नाम	न्यूनतम कार्यक्रमको लागि रकम	अधिकतम कार्यक्रमको लागि थप रकम
१. इम्प्लाइमेण्ट प्लानिङ्ग प्रोजेक्ट	८,५५	-
२. रिजनल प्रोजेक्ट फर स्ट्रेन्थेनिङ्ग लेवर र मैन पावर एडमिनिष्ट्रेशन	८,९५	-
३. पपुलेशन एजुकेशन इन दी अर्गनाइजड सेक्टर (संगठित उद्योगमा जनसंख्या सम्बन्धी शिक्षा)	१४,५०	-
४. औद्योगिक व्यवसायिक तथा सुपरभाइजरी तालीम	३,००	-
	जम्मा	३५,००

पाँचौं योजना (२०३२-३७) को कार्यक्रम

आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य	आयोजनाको लाग्ने खर्च रु. ००० मा		कैफियत
१ इम्प्लाइमेण्ट प्लानिङ्ग प्रोजेक्ट	काठमाडौ	नयाँ	रोजगार बढाउने खालका कार्यक्रम पत्ता लगाई रोजगारी बढाउने उपाय पत्ता लगाउने र रोजागार प्रवर्द्धन सम्वन्धी विभिन्न आयोजनाहरु तयार गर्न सुझाव प्रस्तुत गरिने छ	८,५५		
२. रिजनल प्रोजेक्ट फर स्ट्रेन्थनिंग लेवर र म्यान पावर एडमिनिष्ट्रेशन	,,	,,	श्रम प्रशासनलाई सुदृढिकरण तुल्याउने र श्रम परिचालन सम्वन्धी कार्यमा संलग्न इकाइहरुको संगठनात्मकक्क व्यवस्थामा एशियन राष्ट्रहरुको अनुभव र व्यवहारिक अध्ययनको आधारमा श्रम प्रशासन यन्त्रलाई सुधार गरी सक्षम तुल्याउने	८,९५		
३. पपुलेशन इजुकेशन इन दी अर्गनाइज्ड सेक्टर (संगठित उद्योगमा जनसंख्या सम्वन्धी शिक्षा)	काठमाडौ जनकपुर र वीरगञ्ज	,,	जनसंख्या वृद्धिको रोकथामको लागि परिवार नियोजन संघले विभिन्न कार्यक्रम संचालन गरिरहेकोमा सघाउ पुऱ्याउन संगठित संस्थाहरुमा काम गर्ने श्रमिकवर्गमा पनि जनसंख्या वृद्धि र त्यसको असर सम्वन्धमा राम्रो जानकारी उपलव्ध गराई जनसंख्याको चाप घटाउने ।	१४,५०		
४. औद्योगिक व्यवसायिक तथा सुपरभाइजरी तालिम को संचालन	विभिन्न स्थान	,,	अप्रेन्टीसशीप तालिम, पुनः तालिम, अपग्रेडिङ तालिम	३,००		
			कूल जम्मा	३५,००		

परिच्छेद २६

भौगर्भिक सर्वेक्षण तथा खानी

देशको आर्थिक विकासमा खनिज साधनको भूमिका महत्वपूर्ण हुन्छ । देशको खनिज धनको विकास गर्न सर्वप्रथम भौगर्भिक, भू-भौतिक तथा भू-रसायनिक सर्भेक्षण हुनु आवश्यक छ । यस किसिमको सर्वेक्षणको आधारमा खनिज सम्पदाको क्रमवद्ध रुपमा विस्तृत अन्वेषण, मूल्यांङ्कन, अनुसन्धान, संभाव्यता अध्ययन, प्रशोधन परीक्षण जस्ता कार्यद्वारा खनिज तथा खनिज पदार्थमा आधारित उद्योगको विकास तथा विस्तार गर्न सकिन्छ ।

(क) उद्देश्य

१. अधिराज्यको खनिज सम्पदाको क्रमवद्ध रुपले वैज्ञानिक आधारमा भौगर्भिक सर्वेक्षण, अन्वेषण, अनुसन्धान तथा व्यावहारिक खानी ऐन नियमको आध्यमबाट खनिज तथा खनिज पदार्थमा आधारित उद्योगको विकासमा सहयोग पुऱ्याई राष्ट्रिय आर्थिक स्तर बढाउने ।

२. खनिज अन्वेषण कार्यमा नेपालीको दक्षता बढाउन र विदेशी विशेषज्ञहरुमा सदैव भर नपर्ने गर्न विभागीय संगठन तथा कार्यलाई सुदृढ गर्दै लैजाने ।

(ख) नीति

१. भौगर्भिक सर्वेक्षण गर्न क्षेत्र निर्धारण गर्दा पहिलेका विभिन्न अध्ययनबाट खनिज विकासको बढी सम्भावना देखिएका क्षेत्रहरुलाई प्राथमिकता दिई तोकिएको क्षेत्रमा मात्र गर्ने र भौगर्भिक दृष्टिकोणले खनिज पदार्थको उत्साहवर्द्धक सम्भाव्यता देखिएका केही स्थानमा सघन रुपमा अन्वेषण गर्ने ।

२. हालसम्म अपनाइएको कार्य प्रणाली तथा त्यसबाट भएको उपलब्धीको पुनरावलोकन गरी सकेसम्म बढी लक्ष्य हासिल गर्न कार्य प्रणालीलाई हेरफेर गरी आधुनिक प्रविधिहरु प्रयोगमा ल्याइने छ । यस्तो आधुनिक प्रणाली अपनाउन चाहिने थप कार्य कुशलताको लागि आवश्यकतानुसार विदेशी आर्थिक तथा प्राविधिक सहयोग पनि उपलब्ध गराइनेछ ।

३. देशका वढी जनशक्तिलाई रोजगारी दिलाउन, स्वदेशी कामदारहरुको प्राविधिक दक्षता बढाउन र यथासम्भव खनिज धनबाट बढी मूल्य आर्जन गर्न स्वदेशमा नै खनिज पदार्थहरुको अन्तिम तहसम्म प्रशोधन गरी प्रयोग तथा निकासी गराइने छ ।

४. खनिज तथा खनिजमा आधारित उद्योगलाई प्रोत्साहन गर्न, स्वदेशी तथा विदेशी लगानीकर्तालाई आकर्षित गर्न, राजश्व संकलन सुव्यवस्थित गर्न र खानीमा काम गर्ने कामदारहरुको स्वास्थ्य सुरक्षा र सुरक्षित खानी प्रकृयाको लागि खनिज ऐन नियम उपर पुनरावलोकन गरी बढी व्यावहारिक र समयानुकूल वनाइने छ ।

५. नीजि क्षेत्रलाई खानी विकास कार्यमा सक्षम तथा दरिलो तुल्याउन प्राविधिक सरसल्लाह तथा सहुलियत दिने र विभागीय प्राविधिक क्षमता बढाउन आवश्यक प्राविधिक सहायताको व्यवस्था गरिने छ ।

६. आर्थिक विकासको दृष्टिकोषवाट आवश्यक तर आफ्नै साधन र क्षमताले नभ्याउने खालका आयोजनाहरुमा सकभर हात हालिने छैन ।

(ग) प्राथमिकता :

१. पेट्रोल र प्राकृतिक ग्याँसको खोजी तथा विस्तृत अन्वेषण कार्यको लागि स्थानीय साधन जस्तै उपलब्ध स्थानीय विशेषज्ञ, उपकरण तथा प्रयोगशाला इत्यादिको दृष्टिकोणबाट विचार गर्दा कुनै विदेशी सरकारी, गैरसरकारी वा अन्तरराष्ट्रिय टोलीबाट छिटो छरितो तथा बढी सक्षम तवरबाट हुने भएमा कुनै विदेशी टोलीबाट गर्ने गराउन निमित्त यथाशिघ्र आवश्यक कारवाही गर्ने ।

२. संयुक्त राष्ट्र संघबाट आउनु भएका विशेषज्ञले सिफारिश गरेको क्षेत्रहरुमा वहुधातु मिस्रित खनिज पदार्थको लागि प्रारम्भिक फिल्ड कार्य गरी उत्साहजनक क्षेत्रहरु छुट्याउने ।

३. पूर्वाञ्चल, पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलमा सिमेण्ट गै.ड चुनढुङ्गा तथा माटो प्रमाणित गर्न अन्वेषण गर्ने ।

४. प्रयोगशालाको विस्तृतीकरण तथा सुदृढीकरण गर्ने ।

५. अधिराज्यको खनिज साधनको खोजी तथा अन्वेषण कार्यमा बढी गतिशीलता ल्याउन अपनाउन सकिने प्रविधिहरु बारे बढी जानकारी हासिल गर्न आवश्यक कारवाही गर्ने ।

६. अन्य विभिन्न खनिज पदार्थको लागि सर्वेक्षण, अन्वेषण तथा अनुसन्धान गर्ने ।

(घ) कार्यक्रम :

भौगर्भिक सर्वेक्षण

१. तेल तथा प्राकृतिक ग्याँस खोजी :

नेपालमा पेट्रोलियम पाउन सवभन्दा बढी सम्भावना भएको क्षेत्र पश्चिम तराईको कोइलावास र धनगढीको वीचको क्षेत्र मानी आएको छ । संयुक्त राष्ट्र संघबाट आएका विशेषज्ञहरुबाट नेपालमा खास गरी यो क्षेत्रमा पेट्रोलियम पाइने राम्रो सम्भावना भएको प्रतिवेदन प्राप्त भएको छ । यसै सिलसिलामा चौथो योजनामा दाङ्ग जिल्लामा पेट्रोल पाइने संभावना भएको चट्टानको विस्तृत अध्ययनको लागि ड्रिलिङ्ग कार्य समेत भइ आएको छ । तेल खोजीको कामलाई विशेष दक्षता भएका विशेषज्ञहरुको आवश्यकता पर्ने र धेरै खर्च लाग्ने हुँदा यथाशक्य विदेशी सहायताबाट अथवा विदेशी गैर सरकारी संस्थाबाट गराउने तर्फ प्राथमिकता दिइने छ र सो नभएसम्म विभागको क्षमता तथा साधनले भ्याएसम्म दाङ्ग नेपालगञ्ज क्षेत्रमा भौगर्भिक तथाभू-भौतिक अध्ययन, ड्रिलिङ्ग, फोसिल अध्ययन, सेडिमेण्ट विश्लेषण, तथा एज डिटर्मिनेशन सम्वन्धी काम चालु राखिने छ ।

२. पश्चिम नेपाल भौगर्भिक खनिज अन्वेषण :

पश्चिम नेपालको धौगागिरी अञ्चलमा क्रमवद्ध तरिकाबाट खनिज अन्वेषण कार्यहरु गरिएको आधारमा काँडेवासको शिसा खानी उत्साहवर्द्धक देखिन आएको छ । पाँचौं योजना अवधिमा धौलागिरी, लुम्विनी तथा कर्णाली अञ्चलहरुको १००० वर्ग मील क्षेत्रमा क्रमवद्ध तरीकाले अन्वेषण गरी उत्साहवर्द्धक देखिने क्षेत्रहरुमा विस्तृत भौगर्भिक, भू-रसायनिक तथा भू-भौतिक नक्सा वनाउने कार्यका साथै हेभि मिनरल संकलन गर्ने तथा आवश्यतानुसार जमिन मुनिको चट्टानको स्थिति, वनावट तथा घाएको उपस्थिति पत्ता लगाउन पिटिटङ्ग, च्यानल स्याम्पलिङ एवं ड्रिलिङ्ग गरी अध्ययन गरिने छ ।

३. डडेलधुरा क्षेत्रमा खनिज खोजी

संयुक्त राष्ट्र संघबाट प्राप्त सहायता अन्तर्गत भएको अध्ययनबाट डडेलधुरा क्षेत्रमा टिन र अन्य वहुधातु मिस्रित खनिज हुन सक्ने संभावना देखिन आएको छ । वास्तवमा यस क्षेत्र खनिज खोजीको लागि प्रथम प्राथमिकता दिइएका क्षेत्रहरु मध्ये एक हो । यस आयोजना अन्तर्गत पाँचौं योजनामा डडेलधुरा, डोटी र वैतडीमा १००० वर्गमिल क्षेत्रको नक्सा वनाउने, हेभिमिनरल संकलन गर्ने र सघन रुपमा विस्तृत अन्वेषण कार्यहरु गरिने छन् ।

४. अनुसन्धान तथा प्रयोगशाला :

काठमाडौस्थित केन्द्रीय प्रयोगशालामा विभिन्न क्षेत्रको अन्वेषण कार्यवाट संकलन भै आएका नमुनाहरुको विस्तृत रासायनिक विश्लेषणको साथै थिन सेक्सन पोलिसड सेक्सन वनाई, हेभि मिनरल छुट्याई तथा अन्य प्रकारबाट मेगास्कोपिक, माइक्रोस्कोपिक तथा रेडियोलोजिकल आदि अध्ययन गरिने छ । पाँचौं योजनाकालमा विभिन्न अभियान्त्रिक आयोजनालाई आवश्यक पर्ने इञ्जिनियरिङ्ग जियोलजिकल अध्ययन गर्ने एक प्रयोगशाला पनि खडा गरिने छ । हाल विभागमा फोटो जियोलजि विषयमा तालीम प्राप्त प्राविधिज्ञ उपलव्ध भैसकेकोले फोटो इण्टरप्रिटेशन सम्वन्धी कार्य पनि फोटोजियोलजि प्रयोगशालाबाट हुनेछ । एक साइसमिक स्टेशन पनि यस आयोजना अन्तर्गत स्थापना गरिने छ ।

५. रिजनल जियोलजिकल म्यापिङ्ग तथा म्यापकम्पाइलेशन :

यस आयोजना नेपाल अधिराज्यको समस्त भू-सतहको भौगर्भिक ज्ञान दिलाउन चाहिने भौगर्भिक नक्सा बनाउने दीर्घकालीन योजनाको एक अंश हो । यस आयोजना आ.व. ०२३।२४ देखि शुरु गरिएको हो । चौथो योजनाको अन्त सम्ममा करीव १३५०० वर्गमिल क्षेत्रको भौगर्भिक नक्सा तयार भइसक्ने अनुमान छ । पाँचौं योजनाकालमा यस कार्यक्रम अन्तर्गत उच्च हिमाली श्रङ्खला भन्दा दक्षिणतिरको खनिज धन पाइने संभाव्य देखिएका क्षेत्रहरुलाई प्राथमिकता दिई कार्य सञ्चालन गरिनेछ । यस अनुसार लुम्विनी, गण्डकी, महाकाली, सेती, बागमती, जनकपुर र सगरमाथा अञ्चलको ७५०० वर्गमिल क्षेत्रको १ इञ्च वरावर १ माइलको भौगर्भिक नक्सा वनाउने तथा हालसम्म वनाइएका विभिन्न क्षेत्रको भौगर्भिक नक्सा कम्पाइल गरी एक एकिकृत नक्सा वनाउने लक्ष्य लिइएको छ ।

६. एरोमेग्नेटीक सर्वेक्षण

एरोमेग्नेटीक सर्वेक्षण खनिज खोजीको लागि उपयोगमा ल्याइएका प्रकृयाहरु मध्ये एक आधुनिक प्रकृया हो । यसको मुख्य काम कुन कुन क्षेत्रमा कुन कुन खनिज पदार्थको संभावना छ सो को नक्सा तयार गरिनु हो । साथै पेट्रोल खोजिको लागि अत्यावश्यक भुगर्भमा रहेका चट्टानहरु समेतको बनोट बारे पनि ज्ञान दिने हुँदा अधिराज्यमा भइराखेको तेल खोजिा बारेको अन्वेषणलाई पनि यस आयोजनाले ठूलो सघाउ पुऱ्याउने छ । यस कार्यबाट प्राप्त नतिजाको आधारमा खनिज संभाव्यता भएको क्षेत्रमा मात्र अन्य अन्वेषण कार्य जस्तै भू-भौतिक, भू-रासायनिक, पिटीङ्ग, टेञ्चिङ्ग गर्ने हुँदा ठूलो समय तथा खर्चको वचत हुनेछ । पाँचौं योजनामा अधिकतम कार्यक्रम अन्तर्गत अधिराज्यको ३०,००० वर्ग मिल क्षेत्रको सर्भेक्षण गरिने लक्ष्य निर्धारित गरिएको छ ।

७. अधातु खनिज अन्वेषण :

मध्यमाञ्चल विकास क्षेत्रको पश्चिम भाग देखि लिएर सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको चुरिया तथा महाभारत पहाडी श्रृङ्खलामा फोस्फेट तथा कोइलाको खोजी गरी कुन कुन भागमा कस्तो प्रकारको फोस्फेट तथा कोइला पाउन सकिन्छ र कस्ता प्रकारका खनिजलाई के कसो गरी प्रयोगमा ल्याउन सकिन्छ भन्ने कुरा निर्धारण गरिने छ । यसका अतिक्ति अधिराज्यको विभिन्न भागमा खाने नूनको खोजी पनि यस आयोजना अन्तर्गत गरिने छ ।

८. एकिकृत खनिज अन्वेषण

यस आयोजना यू.एन.डी.पी. को प्राविधिक तथा आर्थिक सहयोगवाट एक छुट्टै समितिद्वारा सञ्चालन गरिने छ । यस आयोजना अन्तर्गत गण्डकी, नारायणी, बागमती, जनकपुर तथा सगरमाथा अञ्चलका करिव १५,००० वर्ग किलोमिटर क्षेत्रमा प्रथम चरणको रुपमा एरियल फोटोको आधारमा ड्रेनेज नक्सा तयार गरिनेछ र सो नक्साको आधारमा भू-रासायनिक नक्सा तयार गरी विस्तृत अन्वेषण कार्य गरिने छ ।

खानी विकास

१. विस्तृत अन्वेषण :

यस कार्य अन्तर्गत तल उल्लेखित पहिला ७ आयोजना पर्दछन् । प्रत्येक खनिज पदार्थहरु प्रमाणित गर्न आवश्यकता अनुसार सर्भेइङ, ट्रेचिङ्ग, ड्रिलिङ्ग, साम्पलिङ्ग, भुमिगत उत्खनन् आदि कार्यहरु गरिने छ । हाल स्थापना भइसकेको सीमेण्ट कारखानाको उत्पादन आवश्यकता भन्दा निक्कै कम छ । सिमेण्टमा आत्मनिर्भर हुन गरिएको प्रयासबाट भैंसे दोभान र ओखरेको चुनढुङ्ग खानीमा प्रतिदिन ५०० टन क्षमता भएको कारखाना स्थापना गर्न पुग्ने चुनढुङ्गा प्रमाणित भैसकेको छ । त्यस्तै अन्य स्थानमा पनि चून ढुङ्गा प्रमाणित गर्ने क्रममा पाँचौं योजनाकालमा सिमेण्ट ग्रेड चुनढुङ्गा अन्वेषण कार्यलाई बढी प्राथमिकता दिइएको छ ।

(१.१) सिमेण्ट ग्रेड चुनढुङ्गा अन्वेषण :

उदयपुर (सगरमाथा अञ्चल) मा १ करोड टन भन्दा बढी रासायमिन तथा सिमेण्ट गै्डको चुनढुङ्गा प्रमाणित गर्ने ।

(१.२) सिमेण्ट ग्रेड चुनढुङ्गा अन्वेषण

अर्घाखाँची (लुम्विनी अञ्चल) मा करीव १ करोड टन सिमेण्ट ग्रेड चुनढुङ्गा प्रमाणित गर्ने ।

(१.३) सिमेण्ट ग्रेड चुनढुङ्गा अन्वेषण :

सुर्खेत (भेरी अञ्चल) मा १.५ करोड टन सिमेण्ट ग्रेड चुनढुङ्गा प्रमाणित गर्ने ।

(१.४) सेरामिक्स कच्चा पदार्थ अन्वेषण :

सेरामिक्स कच्चा पदार्थ खोजी सम्वन्धमा मुख्य कच्चा पदार्थ केवोलिन माटो मकवानपुर जिल्लाको दामन क्षेत्रमा पत्ता लागि सकेको छ । साथै डिपोजिटको परिमाण यकिन गर्न प्रारम्भिक कार्य समेत शुरु भैसकेको छ । पाँचौं योजनाकालमा यहाँको केवोलिन डिपोजित प्रमाणितकरणको साथै अन्य सेरामिक्स कच्चा पदार्थको अन्वेषण गरिने छ ।

(१.५) भुतखोला तामा अन्वेषण :

चौथो योजनाकालमा भूतखोला र ग्याजी तामा खानी मध्ये बढी संभाव्य देखिन आएको भूतखोला तामा खानीमा हालसम्मको अन्वेषणबाट एकिन नतिजा प्राप्त हुन नसकेकोले अझ बढी अन्वेषण कार्य गरिने छ । साथै सोही क्षेत्रमा पाइएको सिसा खानीको अन्वेषण कार्य पनि गरिने छ ।

(१.६) वेरिङ्ग खोला वहुधातु अन्वेषण :

वेरिङ्ग खोला (इलाम जिल्ला) मा वहुधातु मिस्रित सुन-पाइराइट धातुको खोजी भए तापनि हालसम्मको नतिजाले वेरिङ्ग खोला क्षेत्र उत्साहवर्द्धक छ छैन यकिन गर्न अरु थप अन्वेषण कार्य गरिने छ ।

(१.७) पेग्माटाइट खनिज अन्वेषण :

उक्त नेपाल पेग्माटाइट अन्वेषण कार्यबाट नेपालको उत्तरी भेगमा माइका खानीको सम्भावना सम्म देखिन आएको छ । ती अन्वेषण गरिएका खानीहरु तथा नयाँ थाहा हुन आउने खानीहरुको आधारमा पेग्माटाइटमा पाइने अभ्रक, वेरिल र अन्य मूल्यवान खनिजहरुमा आधारित उद्योग स्थापना गर्न चाहिने आधार वनाउन अधिराज्यका विभिन्न क्षेत्रमा मन्वेषण कार्य जारी नै रहने छ ।

(१.८) प्रारम्भिक अन्वेषण :

यस आयोजना अन्तर्गत विभिन्न सुत्र र भौगर्भिक सर्वेक्षणद्वारा सूचित खनिज भण्डारहरुको प्रारम्भिक अध्ययन गरी विस्तृत अध्ययनका लागि आवश्यकतानुसार रिकन्नाइसेन्स सर्भे, भौगर्भिक नक्सा, नमुना, संकलन, पिटिङ्ग, प्यानिङ्ग आदि कार्यद्वारा तथ्याङ्क संकलन गरिने छ ।

(१.९) सामान्य सेवा :

यस आयोजनाले केन्द्रीय कार्यालयबाट विस्तृत अन्वेषणको लागि आवश्यक हुने मेशिनरी, फिल्डको लागि क्याम्पिङ्ग सामान, योजना सम्वन्धी सेवा तथा अन्य आयोजनाको लागि चाहिने आवश्यक सेवा पुऱ्याउने छ ।

२. संभाव्यता अध्ययन :

(२.१) प्रारम्भिक संभाव्यता अध्ययन :

यस आयोजना अन्तर्गत निम्न उद्योगहरु स्थापना गर्न प्रारम्भिक संभाव्यता अध्ययन गरिने छ । (१) फाउण्ड्री (२) सेरामिक्स (३) एस्वेष्टस सिमेण्ट प्रोडक्टस् (४) अभ्रक तथा पेग्माटाइट मिनरलस (५) जेमस्टोन तथा एब्रेसिव (६) स्लेट उद्योग (७) नयाँ पत्ता लाग्ने खानीहरु तथा (८) विविध उल्लेखित उद्योगहरुको संभाव्यता अध्ययन साधारणत: निम्न चरणहरुमा विभाजित गरी पूरा गरिने छ ।

(१) प्रारम्भिक वजार संभाव्यता अध्ययन

(२) प्राविधिक आवश्यकता अध्ययन

(३) प्राविधिक संभाव्यता अध्ययन र

(४) आर्थिक संभाव्यता अध्ययन ।

यस प्रारम्भिक अध्ययनबाट विस्तृत संभाव्यता अध्ययन गर्न उपयुक्त छ वा छैन र उद्योग स्थापना गर्न आवश्यक पुष्ट्याइको एकिन जानकारी हुनेछ ।

(२.२) विस्तृत संभाव्यता अध्ययन :

यस आयोजना अन्तर्गत उद्योगको क्षमता, स्थान, आवश्यक लगानी, उत्पादन खर्च, आन्तरिक तथा वैदेशिक बजार अध्ययनको आधारमा प्रस्तावित निम्न उद्योगहरु स्थापना गर्न चाहिने आधार तयार हुनेछ । यी आयोजनाहरु सम्पन्न गर्न आवश्यकता अनुसार विदेशी कन्सल्टेण्टद्वारा अध्ययन गराइने छ ।

(१) पश्चिमाञ्चल क्षेत्रमा नाइट्रोजन मलखाद उद्योग तथा मध्यमाञ्चलमा एफ.एम.पी. मलखाद उद्योग

(२) काठमाडौ, पोखरा, सुर्खेत र धनकुटा क्षेत्रमा ढुङ्गा उद्योग

(३) पूर्वाञ्चल विकास क्षेत्रमा एक सिमेण्ट उद्योग

(४) सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा एक सिमेण्ट उद्योग

(५) फुलचोकी फलाम खानीमा आधारित फलाम तथा इस्पात उद्योग

(२.३) मूल्याङ्कन :

विस्तृत संभाव्यता अध्ययन समाप्त भइसकेका आयोजनाहरुको अध्ययन प्रतिवेदन मुल्याङ्कन गर्ने र त्यसमा देखिएका कमी, शंका वा समस्या निराकरण गरी सम्वन्धित उद्योगको स्थापना गर्न अन्य प्रवर्द्धनात्मक काम गरिने छ । पाँचौं योजनाकालमा निम्नलिखित उद्योगहरु बारे यस किसिमको मुल्याङ्कन कार्य हुनेछ ।

(१) सिमेण्ट (भैसे र पूर्वाञ्चल विकास क्षेत्र)

(२) निर्माण कार्यको लागि प्रयोग गरिने ढुङ्गाहरु (मध्यमाञ्चल, पूर्वाञ्चल, पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रहरुमा)

(३) म्याग्नेसाइट र एफ.एम.पी. मलखाद (खरिढुङ्गाको म्याग्नेसाइटमा आधारित)

(४) फलाम तथा इस्पात (फुलचोकी खानीमा आधारित)

३. प्रयोगशाला तथा अनुसन्धान :

खनिज उद्योग विकास गर्न नभई नहुने रासायनिक विश्लेषण, धातु प्रशोधन, साधारण परीक्षण, मिनरोलोजिकल विश्लेषण, फाउण्ड्री परीक्षण तथा अनुसन्धान, सर्भेइङ्ग, ड्राफटिङ्ग खनिज संग्रहालय तथा पुस्तकालयको सेवा उपलव्ध गराई विश्लेषणात्मक तथा अनुसन्धानात्मक दक्षता तथा गुणात्मक स्तर स्वदेशमा बढाउदै लैजाने यस आयोजनाको मुख्य लक्ष्य हुनेछ । यस लक्ष्य सम्पन्न गर्न आवश्यक यन्त्र तथा मेशिन औजार थप गरिनेछ । साथै स्थानीय विशेषज्ञहरुलाई स्वदेशमा वा विदेशमा थप तालीम समेत दिलाई अझ बढी सक्षम वनाइनेछ ।

४. खनिज उद्योग विकास सेवा :

निजी क्षेत्रका खनिज उद्योगहरुलाई प्राविधिक सेवा तथा अन्वेषणका औजारहरु भाडामा दिलाउने, खानीको कार्य राम्रोसंग गर्नेलाई पुरस्कार सहित प्रोत्साहन दिने तथा क्षेत्र क्षेत्रमा प्राविधिक सेवा सुलभसित उपलव्ध गराउन ४ स्थानका क्षेत्रीय कार्यालयहरुलाई सुदृढीकरण गरी खनिज संरक्षण गरिनेछ । साथै खनिज ऐन नियमलाई पुनरावलोकन गरी बढी व्यावहारिक र समयानुकूल वनाइने छ ।

(ङ) खर्च व्यवस्था :

भौगर्भिक सर्भेक्षण, एकिकृत खनिज अन्वेषण तथा खानी विकास कार्यक्रमको लागि खर्चको विवरण तल दिइएको छ ।

(रु. ००० मा)

आयोजनाको नाम	न्यूनतम कार्यक्रमको लागि रकम	अधिकतम कार्यक्रमको लागि थप रकम
१. भौगर्भिक सर्भेक्षण सम्वन्धी	१,६८,००	८०,००
२. खानी सम्वन्धी	२,६६,००	-
३. एकिकृत खनीज अन्वेषण	१,१८,००	-
जम्मा	५,५२,००	८०,००

कूल जम्मा :- ६,३२,००

अनुसूचि नं. १

पाँचौं योजना (२०३२-३७) को कार्यक्रम

भौगर्भिक सर्वेक्षण

आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य	आयोजनाको लाग्ने खर्च रु. ००० मा		कैफियत
१. तेल तथा प्राकृतिक ग्यास खोजी	दांग, नेपालगंज	चालु	भौगर्भिक तथा भू-भौतिक अध्ययन ड्रिलिंग, फोसील अध्ययन, सेडिमेण्ट विश्लेषण तथा एज डिटिर्मिनेशन आदि कार्य गर्ने	४०,५०		
२. पश्चिम नेपाल भौगर्भिक खनिज अन्वेषण	धवलागिरी, लुंविनी, कर्णाली	चालु	१००) वर्ग मिलक्षेत्रको खनिज खोजी गरी चुनिएको क्षेत्रमा विस्तृत भौगर्भिक भू-रसायनिक सर्वेक्षण गर्ने	१७,१७		
३ डडेलधुरा क्षेत्रमा खनिज खोजी	डडेलधुरा, डोटी र वैतडी	नयाँ	१००० वर्ग मिलक्षेत्रको भौगर्भिक नक्सा वनाउने, हेभि मिनरल संकलन गर्ने र सघन रुपमा विस्तृत भौगर्भिक तथा भू-रसायनिक सर्वेक्षण गर्ने	१५,०७		
४. अनुसन्धान तथा प्रयोगशाला	काठमाडौ र पोखरा	सालवसाली	इन्जिनियरिंग जियोलजि र फोटोजियोलजि सम्वन्धि प्रयोगशाला र एक साइस्मीक स्टेशन खडा गर्ने, आवश्यकतानुसार रासायनिक पेट्रोग्राफिकल, पेलेन्टोलजिकल विश्लेषण तथा फोटोग्राफि, ड्राफिटङ, मेशिन, पुस्तकालन, म्युजियम संवन्धी कार्य गर्ने	२०,५०		
५. रिजनलजियोलजिकल म्यापिंग तथा म्याप कम्पाइलेशन	लुम्विनी, गंडकी, महाकाली, सेती, बागमती जनकपुर र सगरमाथा	चालु	७५०० वर्गमील क्षेत्रको १ इञ्च वरावर १ माइलको भौगर्भिक नक्सा वनाउने तथा हालसम्म वनाइएका विभिन्न क्षेत्रका भौगर्भिक नक्साहरु कम्पाइल गरी एकिकृत नक्सा वनाउने	२६,३८		
६. एरोम्याग्नेटिक सर्वेक्षण	अधिराज्यभ र	नयाँ	अधिराज्यको ३०,००० वर्गमिल क्षेत्रको एयरवोर्न जियोलोजिकल तथा जियोफिजिकल सर्वेक्षण गर्ने ।	-	८०,००	

७. अधातु खनिज अन्वेषण	पश्चिमाञ्चल तथा सुदूर पश्चिमान्चल	चालु	चुरिया तथा महाभारत श्रङखलामा फोस्फेट तथा कोइला खोजी र अधिराज्यको विभिन्न भागमा नून खोजी गर्ने	३,९०		
८. योजना संचालन	काठमाडौ	सालवसाली	विभिन्न आयोजनाहरुको निमित्त काम गर्ने कर्मचारीहरुको तलव तथा प्रशासनिक व्यवस्था गर्ने	४४,४८		
			जम्मा	१,६८,००	८०,००	
एकिकृत खनिज अन्वेषण	गंडकी, बागमती, नारायणी, जनकपुर र सगरमाथा	चालु	एकिकृत खनिज अन्वेषणको प्रणाली अनुसरण गरी हालसम्म उपलब्ध भौगर्भिक जानकारी तथा भौतिक सुविधाहरुको दृष्टिबाट उपयुक्त देखिएको अधिराज्यको मध्यभागको १५,००० वर्ग किलोमिटर क्षेत्रमा खनिज अन्वेषण तथा मूल्यांकन गर्ने	१,१८,००		यु.एन.डी.पी.को सहयोग प्राप्त हुने
			जम्मा	१,१८,००		

अनुसूचि नं. २

खानी विकास पाँचौं योजना (२०३२-३७) को कार्यक्रम

आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य	आयोजनाको लाग्ने खर्च रु. ००० मा		कैफियत
१ विस्तृत अन्वेषण						
१.१ सिमेण्ट ग्रेड चुनढुंगा	उदयपुर	चालु	१ करोड टनभन्दा बढी सारायनिक तथा सिमेण्ट ग्रेड चुनढुंगा प्रमाणित गर्न सर्भेइङ म्यापिङ, पिटिङट्रेन्चिङ, स्याम्पलिंग गर्ने	८,४०		
१.२ सिमेण्ट ग्रेड चुनढुंगा अन्वेषण	अर्घाखांची	नयाँ	करीव १ करोड टन सिमेण्ट ग्रेड चुनढुंगा प्रमाणित गर्न सर्भेइङ, म्यापिङ, पिटिङ ट्रचिङ, स्याम्पलिंग गर्ने	९,२७		
१.३ सिमेण्ट ग्रेड चुनढुंगा अन्वेषण	सुर्खेत	,,	१.५ करोड टन सिमेण्ट ग्रेड चुनढुंगा प्रमाणित गर्न सर्भेइङ, म्यापिङ, ट्रेन्चिङ, पिटिङ, सिङ्र्लिंग तथा स्याम्पलिंग गर्ने	१०,०७		
१.४ सेरामिक्स कच्चा पदार्थ अन्वेषण	नारायण तथा बागमती	चालु	सेरामिक्स उद्योगको लागि चाहिने कच्चा पदार्थ प्रमाणित सर्भेइङ, म्यापिङ, ट्रेन्चिङ, पिटिङ, सिङ्र्लिंग तथा स्याम्पलिंग गर्ने	३,२८		
१.५ भूतखोला तामा अन्वेषण	तनहुँ	चालु	तामा र शिशाधातुको पर्याप्त परिमाण प्रमाणित गर्न सर्भेइङ, ट्रेन्चिङ, पिटिङ, ड्रिलिङ, भुमिगत उत्खनन, भू-रासायनिक सर्वेक्षण र स्याम्पलिंग गर्ने ।	२,५०		
१.६ वेरिङ खोला बहुधातु अन्वेषण	वेरिगखोला इलाम	चालु	वहुधातु मिश्रित सून पाइराइटको गुण तथा परिमाण गर्न सर्भेइङ, ट्रेन्चिङ, पिटिङ, ड्रिलिङ, भुमिगत उत्खनन, भू-रासायनिक सर्वेक्षण र स्याम्पलिंग गर्ने ।	१,४८		
१.७ पेग्माटाइट खनिज अन्वेषण	अधिराज्यभर	चालु	पेग्माटाइटमा पाइने अभ्रख, वेरिंल र अन्य मूल्यवान खनिजहरुको मुख्यांकन गर्न सर्भेइङ, म्यापिंग पिटिङ, ट्रचिङ ड्रिलिङ, भुमिगत उत्खनन, भू-रासायनिक सर्वेक्षण र स्याम्पलिंग गर्ने ।			

१.८ प्रारम्भिक अन्वेषण	अधिराज्यभर	चालु	विभिन्न सुत्रहरु र भौगर्भिक सर्वेक्षणद्वारा सूचित खनिज भण्डारहरुको प्रारम्भिक अध्ययन गरी विस्तृत अन्वेषणको लागि तथ्यांक संकलन गर्ने			
१.९ सामान्य सेवा	काठमाडौ	सालवसाली	विस्तृत अन्वेषणको लागि आवश्यक हुने मेशिनरी, फिल्डको लागि क्याम्पीङ सामान, योजना सम्वन्धि सेवा तथा अन्य आयोजनाको लागि चाहिने आवश्यक सेवा पुऱ्याउने ।	५०,००		
२. संभाव्यता अध्ययन						
२.१ प्रारम्भिक संभाव्यता अध्ययन	काठमाडौ	चालु	फाउण्ड्री, सेरामिक्स, एक्वेष्टस सिमेण्ट प्रोडक्टस, अभ्रख तथा पेग्माटाइट मिनरसल्स, जेमस्टोन तथा एब्रेसिम्स स्लेट उद्योग, पेट्रोलियम पदार्थ र नयाँ पत्ता लाग्ने खानीहरुको प्राथमिक प्राविधिक तथा आर्थिक संभाव्यता अध्ययन गरी उद्योग संभाव्य छ छैन ठम्याउने ।	२,००		
२.२ विस्तृत संभाव्यता अध्ययन						
१. नाइट्रोजन तथा एफ.एम.पी. मलखाद उद्योग	पश्चिमाञ्चल तथा मध्यमांचल	चालु	स्वदेशी श्रोत दाउरा वा विद्युत शक्ति अथवा विदेशी हाइड्रोकार्वोन कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्न विदेशी कन्सल्टेण्टबाट दुई चरणमा विस्तृत संभाव्यता अध्ययन गराउने ।	२,००		
२. ढूंगा उद्योग	काठमाडौ, पोखरा, सुर्खेत र धनकुटा विकास क्षेत्रहरु	चालु	स्थानीय निर्माण ढुंगाहरुलाई वढी मात्रामा निर्माण कार्यको लागि उपयोगमा ल्याई विदेशी मालको आयातलाई कम गर्ने उद्देश्यले ४ विकाश क्षेत्रमा निर्माण ढुंगाको उद्योग खोल्न सम्भाव्यता अध्ययन गर्ने	८,००		यु.एन.डि.पी. को सहयोग प्राप्त हुने ।
३. सिमेण्ट उद्योग	पूर्वाञ्चल क्षेत्र	नयाँ	पूर्वी नेपालको आवश्यकता पूरा गर्ने र संभव भएमा सीमाना नजिकको भारतीय क्षेत्र एवं वंगलादेशमा सिमेण्ट निर्यात गर्ने उद्देश्यले पूर्वी नेपालमा एक सिमेण्ट कारखानाको संभाव्यता अध्ययन विदेशी कन्सल्टेन्टबाट गराउने	८,००		

४. सिमेण्ट उद्योग	सुदूरपश्चिमान्चल क्षेत्र	नयाँ	पश्चिम नेपालको आवश्यकता पूरा गर्न र सम्भावना भएमा सीमाना नजिकै भारतीय क्षेत्रमा सिमेण्ट निर्यात गर्ने उद्देश्यले पश्चिम नेपालमा एक सिमेन्ट कारखानाको संभाव्यता हेर्न विदेशी कन्सल्टेन्टद्वारा विस्तृत संम्भाव्यता अध्ययन गराउने ।	८,००		
५. फलाम तथा इस्पात उद्योग	मध्यमांचल	चालु	देशमा एउटा सानो फलाम तथा इस्पात कारखानाको स्थापना आर्थिक तथा प्राविधिक दृष्टिकोणले संभाव्य छ छैन एकिन गर्न विदेशी कन्सल्टेन्टहरुको सेवा प्रयोग गरी दोस्रो चरणको सम्भाव्यता अध्ययन गराउने	२,००		
२.३ मूल्यांकन	मध्यमाञ्चल विकास क्षेत्र	चालु	सिमेण्ट उद्योग, म्याग्नेसाइट उद्योग, एफ.एम.पी. मलखाद उद्योग, फलाम तथा ईस्पात उद्योग र निर्माण ढुंगा उद्योगको विस्तृत संभाव्यता अध्ययन प्रतिवेदनको पुनः मूल्यांकन गर्ने र उद्योग स्थापना गर्न सकिने भएमा उद्योग स्थापना गर्ने तर्फ आवश्यक कारवाही गर्ने	५,००		
३. प्रयोगशाला अनुसन्धान	काठमाडौ	सालवसाली	विस्तृत अन्वेषण, संभाव्यता, अध्ययन तथा खनिज उद्योग विकाश आयोजनाहरुको उद्देश्य पूर्ति गर्न आवश्यक रासायनिक विश्लेषण, खनिज प्रशोधन, मिनरोलोजिकल विश्लेषण, फाउन्ड्रि तथा भौतिक परीक्षण, फोटोग्राफी, भवन निर्माण मर्मत तथा संभार कार्य गर्ने ।	४८,००		
४. खनिज उद्योग विकास सेवा	अधिराज्यभर	सालवसाली	निजी क्षेत्रमा खानी उद्योग विकास गर्न आवश्यक पर्ने प्राविधिक प्रशासनिक सल्लाह तथा सेवा, ४ स्थानमा क्षेत्रीय कार्यालयहरुको विस्तार तथा सुदृढिकरण गरी खनिज उत्पादनमा नियन्त्रण, खानी ऐन नियमको पुनरावलोकन तथा संशोधन गर्ने र राजश्व संकलन गर्ने ।	२०,००		
५ योजना संचालन	काठमाडौ	सालवसाली	विभिन्न आयोजनाहरुको निमित्त काम गर्ने कर्मचारीहरुको तलव तथा प्रशासनिक व्यवस्था गर्ने	६५,००		
			जम्मा	२,६६,००		

			कूल जम्मा	६,३२,००		भौगर्भिक सर्वेक्षण, एकिकृत खनिज अन्वेषण र खानी समेतको

परिच्छेद २७

विद्युत

देशको चौतर्फी विकासको लागि विद्युत शक्तिको विकास एक मौलिक आधार हो । कृषि, उद्योग आदिको विकासलाई विद्युत शक्तिको आपूर्तिले असर पारेको हुन्छ । यसै तथ्यलाई ध्यानमा राखी विगत योजनाकाल देखिनै विद्युत शक्तिको विकास तर्फ विशेष ध्यान दिदै आएको हो । विगत आवधिक योजनाहरु अन्तर्गत विद्युत उत्पादन सम्वन्धी आयोजनाहरुको कार्यान्वयन फलस्वरुप विद्युत शक्तिको उपयोग ग्राहस्थ्य कामको अतिरिक्त उद्योग तथा कृषि क्षेत्रको विकासमा पनि क्रमशः विस्तार हुँदै गएको छ ।

(क) उद्देश्य

१. नेपालमा प्रचुर जल विद्युत विकासको सम्भावना छ । जलशक्ति वाहेक अन्य शक्तिको स्रोत जस्तै कोइला, ग्यास अथवा तेलको सम्भावना हालसम्म देखापरेको छैन यसकारण औद्योगिक र ग्राहस्थ्य उपयोगमा आउने शक्तिको खाँचोलाई पूरा गर्न तथा बढी से बढी राजस्व आर्जन गर्न जल विद्युत योजनाहरु क्रमशः परिचालन गर्दै लैजाने ।

२. अधिराज्यको संभाव्य विभिन्न ठाउँहरुमा विद्युत सेवा क्रमशः विस्तार गर्दै लैजाने ।

३. देशको जङ्गलको संरक्षण गर्न र जङ्गली पैदावारलाई बढी उत्पादनशील प्रयोगमा ल्याउन शहरी क्षेत्रहरुमा ग्राहस्थ्य उपयोगमा विजुलीको प्रयोगलाई व्यापक बनाउँदै लैजाने ।

४. विद्युत उत्पादन र वितरणमा क्षेत्रीय सन्तुलन ल्याउने ।

५. विद्युत सेवालाई बढी से बढी गतिशील, नियमित र भरपर्दो पार्दै लैजाने ।

६. सकभर विद्युत शक्तिको आधारमा यातायात लगायत अन्य कार्यहरु विकास र विस्तार गर्ने तर्फ ध्यान दिने ।

(ख) नीति

१. देशको अल्पकालीन र दीर्घकालीन माग पूर्ति एवं निर्यात गर्ने दृष्टिकोणबाट सुहाउँदो जल विद्युत आयोजनाहरु कार्यान्वयन गर्ने ।

२. कृषि विकास, ग्रामीण उद्योग तथा अन्य राष्ट्रिय उत्पादनशील कार्यहरुमा सघाउ पुऱ्याउन आर्थिक औचित्यको आधारमा ग्रामीण विद्युतीकरण गर्ने ।

३. वास्तविक खर्चको आधारमा विद्युत महसूल निर्धारण गर्ने ।

४. विद्युत सेवा व्यवसाय सरकारी क्षेत्रमा सीमित राख्ने

५. व्यापारिक ढंङ्गबाट सञ्चालन गर्न सकिने भएपछि विद्युत सञ्चालन र वितरण कार्य संस्थागत रुपमा क्रमशः गराउँदै लैजाने ।

६. विद्युत व्यवसायबाट राजश्व उपार्जन गर्न तोकिएको क्षमता भन्दा ठूला विद्युत प्रतिष्ठानहरुको सञ्चालन सम्हार कार्य श्री ५ को सरकारबाट गरी विद्युत शक्ति एकमुष्ट संस्थानहरुलाई विक्री गर्ने ।

(ग) विद्युत विकास कार्यक्रम :

पाँचौं योजनाकालमा निर्धारित गरिएका उद्देश्यहरु तथा नीतिहरु हासिल गर्न विद्युत शक्ति उत्पादन सम्वन्धी आयोजनाहरु, प्रसारण लाइन निर्माण तथा विस्तार, विद्युतीकरण तथा सर्वेक्षण आदि कार्यक्रमहरु समावेश गरिएका छन् । विद्युत शक्ति उत्पादन तर्फ मुख्यतः जल विद्युत आयोजनाहरुको कार्यान्वयनबाट योजना अवधिमा गण्डकी जल विद्युत आयोजनाबाट प्राप्त हुने विद्युत शक्ति समेत गरी हालको उत्पादन क्षमतामा ५८,८४५ किलोवाट देखि ५८,९४५ किलोवाट थप वृद्धि गर्ने लक्ष्य रहेको छ । यसमध्ये ५६,९४५ किलोवाट जलविद्युत शक्तिको रुपमा उत्पादन हुनेछ । प्रसारण लाइन तर्फ ३४५ किलोमिटर विभिन्न किलो भोल्टको प्रसारण लाइन निर्माण गर्ने लक्ष्य रहेको छ । यस योजनामा समावेश गरिएका विभिन्न आयोजनाहरुको विवरण तल प्रस्तुत गरिएको छ ।

१. वृहद तथा मझोला जल विद्युत आयोजना निर्माण :

नेपालमा औद्योगिक तथा ग्राहस्थ्य उपयोगको लागि विद्युत शक्तिको माग गत केही वर्ष देखि क्रमशः वृद्धि हुँदै आइरहेको छ । चौथो योजनाको अन्तिम वर्षमा काठमाडौमा मात्र विद्युत शक्तिको खपत ३०,०००

कि.वा. पुग्ने अनुमान छ । यस्तै अन्य क्षेत्रहरुमा पनि विद्युत शक्तिको खपतमा अपेक्षित रुपवाट वृद्धि भएको छ । विद्युत विभागवाट तयार गरिएको विद्युत शक्तिको अधिकतम माग प्रक्षेपण अनुसार विराटनगर, राजविराज, जनकपुर, काठमाडौ, नारायणी, पोखरा र भैरहवा क्षेत्रहरुमा मात्र २०३६।३७ मा वढीमा ९३,२०० कि.वा. विद्युत शक्तिको माग हुने अनुमान छ । काठमाडौ र नारायणी क्षेत्रमा मात्र २०३६।३७ मा ६९,५६० कि.वा. अधिकतम माग हुने देखिन्छ । यस सम्वन्धी पूरा विवरण अनुसूचीमा दिइएको छ । यसरी वृद्धि हुने विद्युत शक्तिको मागको आपूर्ति गर्न यस योजना अवधिमा ५ वटा वृहद तथा मझौला खालका जल विद्युत आयोजनाहरु तथा ३ वटा साना जल विद्युत आयोजनाहरु समावेश गरिएका छन् । पाँचौं योजना अवधिमा जल विद्युत आयोजनाहरु मध्ये देवीघाटबाट १४,००० कि.वा., कुलेखानीको पहिलो चरणबाट ३०,००० कि.वा., गण्डक आयोजनाबाट १०,००० कि.वा, शिखरवास आयोजनाबाट २,४०० कि.वा र साना जल विद्युत आयोजनाहरुबाट ५४५ कि.वा. विद्युत शक्ति उत्पादन गर्ने लक्ष्य रहेको छ ।

(१) कन्काई जल विद्युत आयोजना

पूर्वाञ्चल विकास क्षेत्रमा निर्माण गरिने कन्काई जल विद्युत आयोजना कन्काई वहुमुखी आयोजनाको एक पक्ष मात्र हो । यस आयोजनाको विद्युत उत्पादन क्षमता ३२,००० कि.वा. को हुनेछ । कन्काई आयोजनाको बाँध निर्माण स्थल पूर्व-पश्चिम राजमार्ग देखि ५ किलोमिटर माथि कन्काई नदीमा हुनेछ । पाँचौं योजनामा यस आयोजनाको निर्माण कार्य शुरु गरिनेछ ।

१.२) देवीघाट जल विद्युत आयोजना :

मध्यमाञ्चल विकास क्षेत्रको नुवाकोट जिल्लामा रहेको देवीघाट जल विद्युत आयोजनाको प्रारम्भिक कार्य चौथो योजनाको अन्ततिर शुरु भएको हो । मध्यमाञ्चल क्षेत्रको विद्युत शक्तिको माँगलाई पूर्ति गर्न यस आयोजनाको कार्यान्वयन गरिएको हो । काठमाडौं र नारायणी क्षेत्रमा विद्युत शक्तिको अधिकतम मांग २०३६।३७ सम्ममा ६९,५६० कि.वा. पुग्ने कुरा माथि उल्लेख भइसकेको छ ।

यस आयोजनाले त्रिशुली जल विद्युत आयोजनाको टेलरेस पानीलाई उपयोग गरी सो आयोजनाको स्थलबाट ६ माइल जति दक्षिणतिर देवीघाटमा पावर हाउस रहने छ । यस आयोजनाको जडान क्षमता १४,००० कि.वा. को हुनेछ । पाँचौं योजनाको अन्त सम्ममा यसको निर्माण कार्य पूरा गर्ने लक्ष्य रहेको छ ।

१.३) कुलेखानी जल विद्युत आयोजना :

अधिराज्यका वृहद आयोजनाहरु मध्ये कुलेखानी जल विद्युत आयोजना पनि एक हो । यस आयोजना अन्तर्गत कुलेखानी खोलामा बाँध बाँधी राप्ती नदीमा पानी खसाली विद्युत उत्पादन गरिनेछ । यो वृहद आयोजना भएको हुँदा यसको निर्माणलाई तीन चरणमा विभाजन गरिएको छ । यी तीनै चरणहरुको निर्माण पछि यस आयोजनाबाट १,१२,००० कि.वा. विद्युत शक्ति उत्पादन हुने अनुमान छ । पाँचौं योजना कालमा यसको प्रथम चरणको निर्माण कार्य पूरा गरी ३०,००० कि.वा. उत्पादन क्षमता भएको एउटा युनिट स्थापना गरिने छ ।

(१.४) शारदा-ववाई जल विद्युत आयोजना :

चौथो योजना अवधिमा सुदूर पश्चिमाञ्चल क्षेत्रका नेपालगन्ज, कोइलावास, जस्ता शहरी क्षेत्रहरुमा डिजेल प्लाण्ट र भारतबाट प्राप्त विद्युत शक्तिको आधारमा सीमित रुपले विद्युतीकरण भएतापनि यस भेगमा पर्याप्त विद्युत शक्तिको अभावबाट कृषि तथा उद्योगहरुको विकास गर्नमा समेत अवरोध देखा पर्न आएको छ । नेपालगन्ज तथा अन्य क्षेत्रहरुको लागि कुनै एक जल विद्युत आयोजनाको व्यवस्था हुन जरुरी छ । भेरी अन्चलको शासदा-ववाई नदीबाट विद्युत शक्ति उत्पादन गरेमा नेपालगन्ज क्षेत्रको दीर्घकालीन माँग पूरा हुने देखिन्छ । तसर्थ पाँचौं योजना अवधिमा शारदा-ववाई नदीबाट विद्युत शक्ति उत्पादन गर्न चाहिने संभाव्यता अध्ययन गरी निर्माण कार्य समेत शुरु गरिने कार्य अधिकतम कार्यक्रम अन्तर्गत रहेको छ । यस आयोजना पूरा भएपछि ४९,००० कि.वा. विद्युत शक्ति उपलव्ध हुने प्रारम्भिक अनुमान छ ।

(१.५) शिखरवास जल विद्युत आयोजना :

पूर्वान्चल विकास क्षेत्रको विद्युत शक्तिको मांग बढ्दै आएकोले त्यस क्षेत्रको विद्युत शक्ति आपूर्तिको स्थितिमा तत्कालै सुधार गर्नु नितान्त आवश्यक भएको छ । पाँचौं योजना अवधि भित्र कन्काई

जल विद्युत आयोजनाको केवल निर्माण कार्य मात्र प्रारम्भ हुने भएकोले शिखरवास जल विद्युत केन्द्रको पुनः निर्माण गरिनु उपयुक्त देखिन आएको छ ।

शिखरवास जल विद्युत केन्द्र दश वर्ष अगाडि पहिरोबाट क्षतिग्रस्त भएको हो । चिसाङ्ग खोलामा २५० मिटरको हेड निर्माण गरी उक्त आयोजनाको पुनः निर्माण गर्ने यस आयोजनाको लक्ष हो । ८०० कि.वा. को दुईवटा युनिट जडान गरी शुरुमा यसको क्षमता १,६०० कि.वा. हुनेछ । र अन्तिम चरणमा अर्को एक युनिट जडान गरी २,४०० कि.वा. पुऱ्याइनेछ । यस आयोजनाको सम्पूर्ण काम पाँचौं योजना अवधिमा पूरा गरिनेछ ।

२. सानो जल विद्युत आयोजनाको निर्माण तथा सर्वेक्षण :

नेपाल अधिराज्यको अधिकांश भू-भाग पहाडी प्रदेशमा परेको हुँदा यी प्रदेशहरुमा स-साना नदी तथा खहरेहरुबाट पनि जल विद्युत शक्ति उत्पादन गर्ने प्रशस्त गुन्जायस रहेको छ । पहाडी प्रदेशहरुमा पनि क्रमः कृषि, वाणिज्य तथा साना उद्योगहरुको विकास र विस्तार गर्नमा यस्ता स-साना जल विद्युत आयोजनाहरुबाट ठूलो सघाउ हुनेछ । साथै विद्युत उत्पादन तथा वितरणमा क्षेत्रीय संतुलन कायम गर्ने पाँचौं योजनाको उद्देश्य प्राप्त गर्न पनि यस प्रकारका साना जल विद्युत आयोजनाको कार्यान्वयन हुन आवश्यक छ ।

हालसम्म साना जल विद्युत विकास तर्फ पर्याप्त अनुभव भैनसकेकोले पाँचौं योजनाकालमा कुनै वृहद् कार्यक्रमका विचार नगरी व्यावहारिकताको आधारमा सुदूर पश्चिमाञ्चल क्षेत्रतर्फ एउटा सानो जल विद्युत आयोजनाको निर्माण तथा अन्य १० स्थानमा सर्वेक्षण र विस्तृत संभाव्यता अध्ययन पूरा गरी ती मध्ये उपयुक्त ठहरिएका २ वटाको निर्माण समेत गर्ने लक्ष्य निर्धारित गरिएको छ । यसको विवरण तल प्रस्तुत गरिएको छ ।

(२.१) सानो जल विद्युत निर्माण :

पाँचौं योजनामा ३ वटा सानो जल विद्युत आयोजनाहरु निर्माण गरी ४४५ कि.वा. देखि ५४५ कि.वा. जल विद्युत शक्ति उत्पादन गर्ने लक्ष्य रहेको छ । यस अनुसार चौथो योजनामा प्रारम्भ गरिएको सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको सुर्खेत जिल्लामा रहेको झुप्रा सानो जल विद्युत आयोजनाको निर्माण पूरा गरिने छ । यस आयोजनाको जडान क्षमता ३४५ किलोवाटको हुनेछ । यसबाट सुर्खेतको वीरेन्द्रनगरमा विद्युत शक्ति उपलब्ध हुनेछ तथा सुर्खेत क्षेत्रको विकास कार्यमा सहायता पुग्न जानेछ ।

(२.२) सानो जल विद्युत सर्वेक्षण :

फिदिम (पाँचथर), नाम्चे (सोलुखुम्बु), दुनही (डोल्पा), खाँदवारी (संखुवासभा), जोमसोम (मुस्ताङ्ग), चौरजाहरी (रुकुम), चैनपुर (बझाङ्ग), जुम्ला, भोजपुर र डडेलधुरा समेत गरी जम्मा १० स्थानहरुमा साना जल विद्युत आयोजनाको संम्भाव्यता अध्ययन पूरा गरिने छ र यसरी सम्भाव्यता अध्ययनबाट उपयुक्त ठहरिएका २ वटा आयोजनाहरु मध्ये एक आयोजनाको निर्माण कार्य न्यूनतम कार्यक्रम अन्तर्गत र अर्को आयोजनाको निर्माण कार्य अधिकतम कार्यक्रम अन्तर्गत पाँचौं योजनामा समावेश गरिएको छ ।

३. डिजेल केन्द्र स्थापना तथा विस्तार :

जल विद्युत आयोजनाहरुको निर्माण कार्य पूरा गर्न कम्तीमा पनि वर्ष ४।५ लाग्ने हुँदा विद्युत शक्तिको मांगलाई तत्काल पूर्ति गर्नका लागि डिजेल केन्द्रहरुको व्यवस्था हुन पनि आवश्यक हुन आएको छ । पाँचौं योजनाकालमा डिजेल बाट जम्मा २,००० कि.वा. मात्र विद्युत शक्ति उत्पादन गर्ने लक्ष्य निर्धारित गरिएको छ ।

(३.१) विराटनगर डिजेल केन्द्र तथा विराटनगर क्षेत्रको विद्युतीकरण

(सुदृढीकरण तथा सुधार)

विराटनगर क्षेत्रको बढ्दै गैरहेको औद्योगिकरणबाट उत्पन्न विद्युत शक्तिको मांगलाई पूर्ति गर्न चौथो योजनाको अन्तिम वर्षमा विराटनगर डिजेल केन्द्रको निर्माण कार्य शुरु गरिएको हो । यसको उत्पादन क्षमता १,५०० कि.वा. रहेको छ । पाँचौं योजनाको मध्यतिर यस आयोजनाको स्थापना कार्य पूरा गरिनेछ । साथै यस क्षेत्रको विद्युत प्रणाली ज्यादै नै पुरानो भएकोले औद्योगिक क्षेत्रमा विद्युत सेवा सुचारु रुपवाट उपलब्ध गराउनामा वाधा तथा कठिनाई उत्पन्न भएकोले विराटनगरको विद्युत प्रणालीको सुदृढीकरण र सुधार कार्य पनि यसै आयोजना अन्तर्गत समावेश गरिएको छ ।

(३.२) पोखरा डिजेल केन्द्र :

पोखरास्थित जल विद्युत केन्द्रबाट ७०० किलोवाटसम्म विजुली उत्पादन हुने गरेकोमा हाल पार्दी वाँध क्षतिग्रस्त भएबाट विद्युत केन्द्रलाई असर पर्न गएको छ । पोखराको विद्युत शक्तिको ठूलो कमीलाई ध्यानमा राखी दुई डिजेल सेटको स्थापना गरी कमसेकम ५०० कि.वा. विद्युत शक्ति उत्पादन गर्ने लक्ष्य निर्धारित गरिएको छ ।

४. प्रसारण लाइन निर्माण तथा सर्वेक्षण :

विद्युत शक्तिलाई वितरण गर्न विभिन्न विद्युत शक्ति वहन गर्न सक्ने क्षमता भएको प्रसारण लाइनहरुको निर्माण तथा विस्तार गर्नु आवश्यक छ । तसर्थ विगत योजनाहरुमा पनि प्रसारण लाइनको निर्माण भएको थियो र पाँचौं योजनामा पनि अधिराज्यका विभिन्न विद्युत उत्पादन परियोजना स्थलहरुबाट आवश्यक क्षेत्रहरुमा विद्युत शक्ति पुऱ्याउन विभिन्न प्रकारको प्रसारण लाइनको निर्माण सम्वन्धी आयोजनाहरु समावेश गरिएका छन् । यी आयोजनाहरुको कार्यान्वयनबाट १७० कि.मि. देखि २२० कि.मि. सम्म १३२ के.भि. को प्रसारण लाई १०० कि.मि. सम्म ६६ के.भि. को लाइन र २५ कि.मि. ३३ सम्म के.भि. लाइन निर्माण गरिने छन् । प्रसारण लाइन आयोजनाहरुको विवरण तल दिइएको छ ।

(४.१) हेटौंडा - गण्डक १३२ के.भि. लाइन ?

गण्डक योजनाबाट प्राप्त हुने १०,००० कि.वा. विद्युत शक्ति भरतपुर तथा हेटौंडामा खपत गराउन १७० कि.मि. लामो १३२ के.भि. को यस लाइनको निर्माण चौथो योजना अन्तर्गत प्रारम्भ गरिएको थियो । पाँचौं योजना अन्तर्गत २०३३।३४ सम्ममा यसको निर्माण कार्य पूरा गरिनेछ ।

(४.२) गण्डक-वटवल १३२ के.भि. लाइन :

गण्डक योजनाबाट प्राप्त हुने विद्युत शक्तिलाई भैरहवा-वुटवल क्षेत्रलाई उपलव्ध गराउन यस प्रसारण लाइनको निर्माण गरिनेछ । गण्डक योजना देखि वुटवल सम्म निर्माण गरिने यस प्रसारण लाइनको कूल लम्वाई ५० कि.मि. हुने अनुमान छ । यसको क्षमता १३२ के.भि. को हुनेछ । यस आयोजनालाई अधिकतम कार्यक्रम अन्तर्गत सञ्चालन गरिनेछ ।

(४.३) भरतपुर- पोखरा ६६ के.भि. लाइन

पोखरा क्षेत्रको दीर्घकालीन विजुलीको माँगलाई पूरा गर्न र पछि यस क्षेत्रमा निर्माण हुने जल विद्युत आयोजनाबाट उत्पादन हुने बणि विद्युत शक्तिलाई काठमाडौ क्षेत्रमा समेत खपत गराउन यो प्रसारण लाइनको विचार भएको हो । यस आयोजना अन्तर्गत ६६ के.भि. प्रसारण लाइन तथा आवश्यक सवस्टेशनहरु निर्माण गरिनेछ । भरतपुर देखि पोखरा सम्म १०० कि.मि. हुने यस लाइनबाट ८,००० किलोवाट सम्म विद्युत शक्ति प्रसारण गर्ने क्षमता हुनेछ । यस आयोजनाको सर्वेक्षण र डिजाइन कार्य न्यूनतम कार्यक्रम अन्तर्गत र निर्माण कार्य अधिकतम कार्यक्रम अन्तर्गत पाँचौं योजनामा समावेश गरिएको छ ।

(४.४) बुटवल-तानसेन ३३ के.भि. लाइन:

तानसेन क्षेत्रको बढ्दो विजुलीको मांग पूरा गर्न तथा विद्युत सेवालाई बढी भरपर्दो पार्न यस आयोजना चौथो योजनामा नै समावेश गरिएको हो । ३३ के.भि. प्रसारण लाइन निर्माण हुन यस लाइनको मूल लम्वाई २५ किलोमिटर हुनेछ । यसको सम्पूर्ण निर्माण कार्य पाँचौं योजनामा पूरा गरिनेछ ।

(४.५) प्रसारण लाइन सर्वेक्षण :

कन्काई जल विद्युत आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गतको भद्रपुर, विराटनगर तथा इलाम आदिमा खपत हुने हुँदा यी क्षेत्रहरुमा विद्युत शक्ति पुऱ्याउन प्रसारण लाइनको निर्माण हुन आवश्यक छ । कन्काई जल विद्युत आयोजनाको निर्माण कार्य पाँचौं योजना अवधिमा शुरु भई अर्को योजनाकालमा मात्र पूरा हुने हुँदा पाँचाइै योजना अवधिमा कन्काई- विराटनगर लाइन १३२ के.भि. लाइन, कन्काई-भद्रपुर ३३ के.भि. लाइन र कन्काइ-इलाम ३३ के.भि. लाइनको विस्तृत सर्वेक्षण तथा नाप नक्सा तयार गर्ने काम अधिकतम कार्यक्रमको रुपमा समावेश गरिएको छ । कन्काई-विराटनगर प्रसारण लाइन ८२ कि.मि. कन्काई-भद्रपुर ४० कि.मि. र कन्काई-इलाम ३२ कि.मि. हुने अनुमान गरिएको छ ।

५. विद्युतीकरण :

पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका प्मुख नगर तथास्थानहरुलाई विद्युतीकरण गरी स्थानीय जनताहरुलाई सेवा पुऱ्याउने काम विगत वर्षहरु देखि हुँदै आएको हो । पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने औद्योगिक सहर विराटनगर अतिरिक्त राजविराज, दुवी, धरान, रंगेली, भद्रपुर, इटहरी आदि स्थानहरुलाई विद्युतीकरण गर्ने कार्य भैसकेको छ । मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत प्रमुख नगरहरु जस्तै विरगन्ज हेटौंडा, भरतपुर, आदिको अतिरिक्त काठमाडौ उपत्यकाको आसपासको केही ग्रामीण क्षेत्रहरुमा पनि विद्युतीकरण भैसकेको छ । त्यस्तै पश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गतका प्रमुख नगरहरुमा डिजेल केन्द्रहरुबाट र भारतबाट समेत विद्युत शक्ति उपलब्ध गरी विद्युतीकरण कार्य भएको छ ।

सालवसाली चल्ने कार्यक्रमको रुपमा पाँचौं योजनाकालमा पनि विद्युतीकरण आयोजना अन्तर्गत चार विकास क्षेत्रका विभिन्न स्थानहरुमा विद्युत शक्तिको उपलब्धता र आवश्यकतानुसार विद्युतीकरण गर्दै लाने कार्यक्रम छ । ग्रामीण क्षेत्रको विद्युतीकरण, कृषिविकास, ग्रामीण उद्योग तथा अन्य राष्ट्रिय उत्पादनशील कार्यहरुमा सघाउ पुऱ्याउने हेतुले, आर्थिक औचित्यको आधारमा गरिने छ । मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गतका विभिन्न स्थानहरु मध्ये रसुवा जिल्लामा स्थापना गरिने उद्योगहरुलाई देवीघाट जल विद्युत आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति पुऱ्याउन चाहिने प्रसारण लाइनको व्यवस्था गरिनेछ । सुर्खेत क्षेत्रमा स्थापना भएको झुप्रा सानो जल विद्युत आयोजनाबाट प्राप्त हुने विद्युत शक्तिबाट त्यस क्षेत्रमा विद्युतीकरण गरिनेछ ।

६.अन्य विभिन्न खनिज पदार्थको लागि सर्वेक्षण, अन्वेषण तथा अनुसन्धान गर्ने ।

देशमा भएको प्रचूर जल विद्युत शक्तिलाई योजनाबद्ध तरिकाले विकास गर्दै लगी आर्थिक तथा सामाजिक विकासको प्रक्रियाबाट उत्पन्न हुने विद्युत शक्तिको मांगलाई पूर्ति गर्दै लग्न र निर्यात समेत गर्ने सम्भावनाको आधारमा विद्युत योजनाहरुको परिचालन गर्दै लग्नु नितान्त आवश्यक भएको छ । यसैले अधिराज्यका उपयुक्त स्थानहरुमा जल विद्युत आयोजनाहरुको सर्वेक्षण तथा संभाव्यता अध्ययनका साथै विजुलीको उच्चतम उपयोग गर्न जल विद्युत विकास सम्बन्धी नीति र कार्यक्रम निर्धारण गर्न आवश्यक अध्ययन गर्ने काम पाँचौं योजनामा समावेश गरिएको छ । पाँचौं योजनाकालमा निम्नलिखित ५ विभिन्न जलधारहरुको सर्वेक्षण तथा अध्ययन गरिनेछ ।

(६.१) गण्डक र कोशी वेसिन जल विद्युत गुरुयोजना :

गण्डक वेसिनको गुरु योजना पाँचौं योजनाकालमा तयार गरिनेछ । उक्त गुरु योजनाबाट सवभन्दा उत्तम ठहरिएको एक आयोजनाको सम्भाव्यता अध्ययन गरी प्रतिवेदन समेत तयार गरिनेछ ।

पूर्वी नेपालको दीर्घकालीन विद्युत शक्तिको मांग तथा सिंचाई विकासको लागि आवश्यक विजुली उपलब्ध गर्दै जान यस क्षेत्रको कोशी जलधारको महत्वपूर्ण स्थान छ । पाँचौं योजनाकालमा कोशी जलधारको पनि विस्तृत सर्वेक्षण गरी यसको विकासको लागि एक गुरु योजना तर्जुमा गरिनेछ ।

(६.२) बागमती, कुलेखानी (दोस्रो चरण) र राप्ती जल विद्युत सर्वेक्षण तथा संभाव्यता अध्ययन :

बागमती जलधारको प्रारम्भिक सर्वेक्षण चौगो योजनामा शुरु भएको थियो । पाँचौं योजनाकालमा यस नदीबाट विद्युत शक्ति उत्पादन गर्न सकिने स्थानहरुको सर्भेक्षण गरिनेछ ।

कुलेखानी आयोजनाको प्रथम चरणको निर्माण भएको केही वर्षपछि नै क्रमश: वृद्धि हुँदै जाने विद्युत शक्तिको मांगको संभावनाले गर्दा मध्यवर्ती विद्युत प्रणालीमा एक अर्को वृहद् जल विद्युत आयोजनाको आवश्यकता पर्न आउने देखिन्छ । यसैले कुलेखानी जल विद्युत आयोजनाको ३५,००० कि.वा. क्षमता भएको दोस्रो चरणको विस्तृत सर्वेक्षण तथा संभाव्यता अध्ययन गरिनेछ ।

त्यस्तै सुदूर पश्चिमान्चलमा पर्ने राप्ती नदीको जलधारबाट ठूलो तथा मझौला खालका जल विद्युत आयोजनाहरुको अतिरिक्त ठूला सिंचार्य आयोजनाहरुको पनि संभावना भएको हुंदा पाँचौं योजनाकालमा यस नदीको जलधारको सर्वेक्षण गरिनेछ ।

उपरोक्त तीनै सर्वेक्षण कार्यहरु अधिकतम कार्यक्रमको रुपमा सञ्चालन गरिनेछ ।

७. विविध:

(७.१) कर्णाली जल विद्युत आयोजना :

कर्णाली तल्लो वेसिनमा हालसम्म भएको अध्ययनबाट विभिन्न आयोजनाहरु सञ्चालन गर्न सकिने भए तापनि तत्कालै कार्यान्वयन गर्न सकिनेमा कर्णाली चिसापानी विद्युत आयोजना देखिन आएको छ । यस आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा देखा पर्न आएको प्राविधिक प्रश्नहरु सबै समाधान गर्न आवश्यक अध्ययन तथा सर्भेक्षण गरी एक निश्चित रुपरेखा तयार गरिने लक्ष्य पाँचौं योजनामा निर्धारित गरिएको छ । यस काममा संयुक्त राष्ट्र विकास कार्यक्रमबाट पनि सहयोग प्राप्त हुनेछ ।

(७.२) जल साधन विकास तथा समन्वय :

जल साधनको उपयोग राष्ट्रिय अर्थ व्यवस्थाका विभिन्न क्षेत्रहरुसंग सम्बन्धित रहेकोले सबैको काममा समन्वय ल्याई निश्चित मार्गदर्शन समेत पुऱ्याउन राष्ट्रिय स्तरमा जल साधन विकास सम्बन्धी इकाइको आवश्यकता पर्ने हुँदा पाँचाइैं योजनाकालमा यस्तो इकाइको स्थापना गरिनेछ । यस इकाइको माध्यमद्वारा जलस्रोत तथा नादी घाटीको अध्ययन विश्लेषण गरी सिंचाई तथा विद्युत आयोजनाहरुको तर्जुमा गर्नमा समन्वय ल्याइने छ ।

(७.३) केन्द्रीय प्रशासकीय भवन :

चौथो योजना अवधिमा निर्माण शुरु गरिएको यिवद्युत विभागको केन्द्रीय प्रशासकीय भवनको बाँकी निर्माण कार्य पाँचौं योजनाको प्रथम वर्षमा पूरा गर्ने गरी यो आयोजना समावेश गरिएको छ ।

(७.४) सघन पहाडी क्षेत्र विकास आयोजना :

स्वीस प्राविधिक सहायता संघ (साटा) द्वारा सुनकोशी-खिम्ती खोला क्षेत्रमा सञ्चालन हुने सघन पहाडी विकास कार्यक्रम अन्तर्गत त्यस क्षेत्रमा इन्धन विकास सम्बन्धी कार्यक्रम पनि समावेश गरिएको छ । इन्धन समस्या हल गर्न, वन जंगल सम्पदाको संरक्षण गर्न तथा इन्धन पैठारीमा कमी गर्ने हेतुले अन्य इन्धन स्रोतको समेत अध्ययन गरिनेछ । साथै मभ्कौला खालका विभिन्न उद्योगको लागि चाहिने विद्युत शक्ति पूर्तिको स्रोतहरुको सम्भाव्यता अध्ययन गरिनेछ । यो योजनाकालमा हाइड्रोलिक-यामको निर्माण, सोलार वाटर हिटर पाइलट प्लाण्टको स्थापना, वायो ग्याँस प्लाण्ट आदि निर्माण कार्यहरु गरिने छन् ।

(८) खर्च व्यवस्था :

पाँचौं योजनाकालमा विद्युत विकासको लागि खर्चको विवरण तल दिइएको छ ।

(रु. ००० मा)

आयोजनाको नाम	न्यूनतम कार्यक्रमको लागि रकम	अधिकतम कार्यक्रमको लागि थप रकम
१. वृहद तथा मभ्कौला जल विद्युत आयोजना निर्माण	६५,३९,००	२,००,००
२. सानो जल विद्युत आयोजना निर्माण तथा सर्वेक्षण	१,१४,००	५०,००
३. डिजेल केन्द्र स्थापना तथा विस्तार	७७,००	-
४. प्रसारण लाइन निर्माण तथा सर्वेक्षण	१,८०,००	२,७८,००
५. विद्युतीकरण	१,२६,००	-
६. सर्वेक्षण तथा सम्भाव्यता अध्ययन	२,००,००	१,००,००
७. विविध	१,३५,५२	-
जम्मा	७३,७१,५२	६,२८,००
कूल जम्मा :-		७९,९९,५२

विद्युत पाँचौं योजना (२०३२-३७) को कार्यक्रम

आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य	आयोजनाको लाग्ने खर्च रु. ००० मा		कैफियत
(क) वृहद तथा मझौला जल विद्युत आयोजना निर्माण						
१. कन्काई जल विद्युत आयोजना	मेची अञ्चल	चालु	क्षमता: ३२,००० कि.वा. निर्माण शुरु गर्ने	६,९०,००	-	
२. देवीघाट जल विद्युत आयोजना	नुवाकोट	चालु	क्षमता:१४,००० कि.वा. निर्माण कार्य पूरा	१३,००,००	-	
३. कुलेखानी जल विद्युत आयोजना	मकवानपुर	चालु	क्षमता:- ६०,००० कि.वा. ३०,००० कि.वा. क्षमताको एक युनिट जडान गरी विद्युत उत्पादन गर्न निर्माण कार्य पूरा गर्ने	४३,४९,००	-	
४. शिखरवास जल विद्युत आयोजना	चिसागखोला कोशी अञ्चल	नयाँ	क्षमता २,४०० कि.वा. निर्माण कार्य पूरा गर्ने	२,००,००	-	
+५. शारदा ववाई जल विद्युत आयोजना	भेरी अञ्चल	चालु	क्षमता ४९,००० कि.वा. सम्भावता अध्ययन गरी निर्माण कार्य शुरु गर्ने		२,००,००	
(ख) सानो जल विद्युत आयोजना निर्माण तथा सर्वेक्षण						

१. सानो जल विद्युत सर्वेक्षण आयोजना	विभिन्न ठाउँ	सालवसाली	निम्नलिखित १० ठाउँमा सर्वेक्षण कार्य पूरा गर्ने : १. फिदिम (पाँचथर), (२) नाम्चे (सोलुखुम्बु), (३) दुनही (डोल्पा), (४) खांदवारी (संखुवासभा), (५) जोमसोम (मुस्ताङ), (६) चौरजहारी (रुकुम), (७) जुम्ला, (८) चैनपुर (बझाङ), (९) भोजपुर र (१०) डडेलधुरा ।	५०	-	एक ठाउँमा सानो जल विद्युत आयोजना निर्माण गर्नको लागि रकम समावेश छ ।
२ सुर्खेत (झुप्रा) सानो जलविद्युत आयोजना	सुर्खेत	चालु	क्षमता: ३४५ कि.वा. निर्माण कार्य पूरा गर्ने	६४,००	-	
३(क) सानो जल विद्युत आयोजना	काठमाडौ	नयाँ	क्षमता १०० कि.वा. एक ठाउँमा सानो जल विद्युत आयोजना निर्माण गर्ने	-		रकम सर्वेक्षणमा समावेश छ
(ख) सानो जल विद्युत आयोजना		नयाँ	क्षमता १०० कि.वा. एक ठाउँमा सानो जल विद्युत आयोजना निर्माण गने	-	५०,००	
(ग) डिजेल केन्द्र स्थापना तथा विस्तार						
१. विराटनगर डिजेल केन्द्र तथा विराटनगर क्षेत्र विद्युतिकरणको सुदृढीकरण तथा सुधार	विराटनगर	चालु	क्षमता १,५०,००० कि.वा. डिजेल सेटको जडान कार्य पूरा गर्ने तथा विराटनगर क्षेत्र विद्युतिकरणको सुदृढीकरण तथा सुधार गर्ने	५४,००	-	
२. पोखरा डिजेल केन्द्र	पोखरा	चालु	क्षमता: ५०० कि.वा. डिजेल सेटको जडान कार्य पूरा गर्ने	२३,००	-	

(घ) प्रसारण लाइन निर्माण तथा सर्वेक्षण प्रसार लाइन निर्माण						
१. हेटौंडा-गण्डक १३२ के.भी. लाइन	नारायणी अञ्चल	चालु	लम्वाई १७० कि.मि. निर्माण कार्य पूरा गर्ने	१,५०,००	-	
२. गण्डक-वुटवल १३२ के.भी. लाईन	लुंविनी अंचल	नयाँ	लम्वाई ५० कि.मि. निर्माण कार्य पूरा गर्ने	-	८०,००	
३(क) भरतपुर-पोखरा ६६ के.मि. लाइन	नारायण तथा गण्डकी अञ्चल	नयाँ	लम्वाई १०० कि.मि. सर्वेक्षण, डिजाइन र प्रतिवेदन तयार पार्ने कार्य पूरा गर्ने	१०,००		
(ख) भरतपुर-पोखरा ६६ के.भी. लाइन	नारायणी तथा गण्डकी अञ्चल	नयाँ	लम्वाई १०० कि.मि. निर्माण कार्य पूरा गर्ने	-	१,७३,००	
४. वुटवल-तानसेन ३३ के.भी. लाइन	लुम्विनी अञ्चल	चालु	लम्वाई २५ मि. निर्माण कार्य पूरा गर्ने	२०,००		
प्रशारण लाइन सर्वेक्षण X १. कन्काई- विराटनगर १३२ के.भी. लाइन	मेची तथा कोशी अञ्चल	चालु	लम्वाई ८२ कि.मि. सर्वेक्षण तथा डिजाइन कार्य गर्ने	-	२३,००	
X २. कन्काई- भद्रपुर ३३ के.भी. लाइन	मेची अञ्चल	चालु	लम्वाई ४० कि.मि. सर्वेक्षण तथा डिजाइन कार्य गर्ने	-	१,००	
X ३. कन्काई-इलाम ३३ के.भी. लाईन	मेची अञ्चल	नयाँ	लम्वाई ३२ कि.मि. सर्वेक्षण तथा डिजाइन कार्य गर्ने	-	१,००	

(ङ) विद्युतीकरण १) पूर्वाञ्चल विद्युतीकरण विस्तार	पूर्वाञ्चल विकास क्षेत्र	सालवसाली	विद्युतीकरण विस्तार कार्य गर्ने	४२,००	-	
२. मध्यमाञ्चल विद्युती करण विस्तार	मध्यमाञ्चल विकास क्षे	सालवसाली	विद्युतीकरण विस्तार गर्ने कार्य रसुवा जिल्लामा स्थापना गरिने उद्योगहरुलाई आवश्यक विद्युत शक्ति देवीघाट जल विद्युत आयोजनाबाट उपलव्ध गर्न आवश्यक प्रशारण लाइन निर्माण गर्ने	३०,००	-	
३. पश्चिमाञ्चल विद्युतीकरण विस्तार	पश्चिमाञ्चल विकास क्षेत्र	सालवसाली	विद्युतीकरण विस्तार कार्य गर्ने	२८,००	-	
४. सुदूर पश्चिमाञ्चल विद्युतीकरण विस्तार	विकास क्षेत्र	सालवसाली	विद्युतीकरण विस्तार कार्य गर्ने	१६,००	-	
५. सुर्खेत विद्युतीकरण आयोजना	सुर्खेत	सालवसाली	विद्युतीकरण विस्तार कार्य गर्ने	१०,००	-	
(च) सर्वेक्षण तथा सम्भाव्यता अध्ययन						
१.(क) जल विद्युत सर्वेक्षण आयोजना	गण्डकी तथा कोशी अञ्चल	सालवसाली	१. गण्डक वेसिन गुरु योजना तयार गर्ने २. कोशी अञ्चल वेसिन सर्वेक्षण र गुरु योजना तयार गर्ने	२,००,००	-	
X -ख) जल विद्युत सर्वेक्षण आयोजना	बागमती अञ्चल, राप्ती अञ्चल	सालवसाली	१. बागमती वेसिन जल विद्युत सर्वेक्षण र संभाव्यता अध्ययन गर्ने २. कुलेखानी योजना (दोस्रोचरण) गुरु योजना तयार गर्ने ३. राप्ती जल विद्युत आयोजनाको सर्वेक्षण गर्ने	-	१,००,००	
(छ) विविध १ं कर्णाली जल विद्युत आयोजना	भेरी अञ्चल	चालु	संभाव्यता अध्ययन गर्ने	१,००,००	-	

२. जल साधन विकास तथा समन्वय	अधिराज्यभरी	नयाँ	जल साधन विकास सम्वन्धी इकाइको स्थापना गर्ने	२०,००	-	
३. केन्द्रीय प्रशासकीय भवन	काठमाडौ	चालु	विद्युत विभागको केन्द्रीय प्रशासकीय भवनको बाँकी निर्माण कार्य पूरा गर्ने	६,००	-	
४. सघन पहाडी क्षेत्र विकास आयोजना	सुनकोशी-खिम्ती खोला क्षेत्र	नयाँ	१. हाइड्रोलिक ग्यासको निर्माण गर्ने २. टरवाइन जडान गर्ने । ३. टरवाइन जडान गरी ग्रामीण विद्युतीकरण संभाव्यता अध्ययन गर्ने ४. सुपथ मोलमा कोइला उत्पादन तर्फ परीक्षण गर्ने । ५. सोलार वाटर हिटर पाइलट प्लाण्ट स्थापना गर्ने ६. सोलार वाटर हिटरद्वारा कोठा तताउने वारे परीक्षण गर्ने ७. परीक्षणको रुपमा			
			जम्मा	७३,७१,५२	६,२८,००	

कुल जम्मा ७९,९९,५२

अनुसूची नं. २

विराटनगर, राजविराज, जनकपुर क्षेत्रको विजुलीको अधिकतम भागको अनुमान

वर्ष	विराटनगर क्षेत्र		राजविराज क्षेत्र		जनकपुर क्षेत्र		जम्मा	
	किलोवाट	किलोवाट आवर १००००००	किलोवाट आवर	किलोवाट आवर १००००००	किलोवाट आवर	किलोवाट आवर १००००००	किलोवाट आवर	किलोवाट आवर १००००००
०३२-३३	६९५०	२२.९८	३५३०	६.१८	१६००	८.४५	१०४८०	२९.१६
०३३-३४	७४१०	२४.१७	४७००	८.२१	१८००	९.४८	१२११०	३२.३८
०३४-३५	७८५०	२५.३४	४८००	८.५४	१९३०	१०.१६	१२६५०	३३.८८
०३५-३६	८४७०	२६.८७	५०८०	८.९०	२०७०	१०.९०	१३५५०	३५.७७
०३६-३७	९०००	२८.२२	५३३०	९.३३	२२३०	११.७२	१४३३०	३३.५५
०३७-३८	९५४०	२९.६८	५५७०	९.७४	२३९०	१२.५४	१४११०	३९.४२
०३८-३९	१०२३०	३१.१४	५८७०	१०.२७	२५४०	१३.३६	१६१००	४१.४१
०३९-४०	१०८००	३२.७२	६११०	१०.७०	२७२०	१४.२८	१६९१०	४३.४२
०४०-०४१	११४१०	३४.२५	६३७०	११.१४	३२१०	१६.८७	२०९९०	६२.२६
०४१-०४२	१२०००	३५.८६	६६६०	११.६६	३४००	१७.८९	२२०६०	६५.४१
०४२-०४३	१२७४०	३७.५७	६९७०	१२.२१	३६२०	१९.०२	२३३३०	६८.८०

नोट- (१) विराटनगर क्षेत्र भित्र, विराटनगर, दुवि, इटहरी इर्नवा धरान रङ्गेली आदि ठाउँहरु पर्दछ। (२) राजविराज क्षेत्र भित्र राजविराज, सिराहा, लहान (३) जनकपुर क्षेत्र भित्र जनकपुर, जलेश्वर पर्दछ। (४) जम्मा मार्गमा ०३१-३२ देखि ३९-४० सम्म विराटनगर र राजविराज क्षेत्र गाभिएको छ।(५) ४०-४१ देखि जनकपुर क्षेत्रको भाग समेत गाभिएको छ।

अनुसुचि नं. ३

काठमाडौ, नारायणी, पोखरा तथा भैरहवा क्षेत्रको विजुलीको अधिकतम मागको अनुमान

वर्ष	काठमाडौ तथा नारायणी क्षेत्र		पोखरा क्षेत्र		भैरहवा क्षेत्र		जम्मा	
	किलोवाट	किलोवाट आवर १००००००	किलोवाट आवर	किलोवाट आवर १००००००	किलोवाट आवर	किलोवाट आवर १००००००	किलोवाट आवर	किलोवाट आवर १००००००
०३२-३३	३८६७०	१६२.३०	१२८०	३.३८	४७८०	११.०		
०३३-३४	४६१८०	१९८.२०	१४८०	४.०२	५३३०	१२.२३		
०३४-३५	५१३९०	२२५.११	१६७०	४.६९	५९००	१३.४८	५८९६०	२४३.२८
०३५-३६	६०१५०	२६३.४४	१८८०	५.४३	६५६०	१४.९२	६८५९०	२८३.७९
०३६-३७	६९५६०	३०४.६८	२०६०	६.१२	७२५०	१६.४२	७८८७०	३२७.२२
०३७-३८	७४४३०	३३४.२३	२३१०	७.१०	८०००	२८.२५	८७७४०	३५९.५७
०३८-३९	८३४९०	३६०.८१	२६३०	८.०७	९३८०	१९.९८	९५५००	३८८.८६
०३९-४०	९००००	३८९.५०	३०३०	९.२९	६५६०	२१.७६	१०२५९०	४२०.५५
०४०-०४१	९७१२०	४२०.५०	३३३०	१०.२१	१०३२०	२३.४७	११०७७०	४५४.१८
०४१-०४२	१०४९१८	४४९.९३	३६३०	१०.८९	११०४२	२४.२९	११९५९०	४८५.११

परिच्छेद २८

शिक्षा

नेपालमा शिक्षाको सर्वाङ्गिण विकासको लागि २०२८ पौषदेखि राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८।३२) लागू गरिएको हो । पाँच वर्षको अवधिमा प्रत्येक वर्ष क्रमशः २,१३,१६,२० र २४ गरी ७५ जिल्लामा लागू गर्दै लैजाने योजना अनुसार चौथो योजनाको अन्तिम वर्ष, अर्थात आ.व. २०३१।३२ सम्ममा शिक्षा योजना ५१ जिल्लामा लागू गरिएको छ । पाँचौं योजनाको पहिलो वर्ष अर्थात आ.व. २०३२।३३ मा बांकी २४ जिल्लामा लागू भै राष्ट्रिय शिक्षा पद्धतिको योजना ७५ जिल्लामा कार्यान्वित हुने भए तापनि सो पद्धति पूर्णरुपले लागू गर्न अर्को चारवर्ष लाग्ने हुँदा राष्ट्रिय शिक्षा पद्धतिको योजना पाँचौं योजनाको प्रायः सम्पूर्ण अवधि भरनै जारी रहनेछ । तसर्थ, पाँचौं योजना अन्तर्गत शिक्षा योजनाका उद्देश्यहरु राष्ट्रिय शिक्षा पद्धतिको योजनामा उल्लेख भए अनुसारनै हुनेछन् । पाँचौं योजना अवधिमा राष्ट्रिय शिक्षा पद्धतिको योजना अन्तर्गत शुरु गरिएका शैक्षिक कार्यक्रमहरुलाई सुदृढीकरण गरिने छन् । उच्च शिक्षातर्फ आवश्यकतानुसार केही अध्ययन संस्थानहरुको संख्यात्मक विस्तारका साथै गुणात्मक पक्षको विकासमा जोड दिइएको छ ।

(क) राष्ट्रिय उद्देश्यहरु :-

राष्ट्रिय शिक्षा पद्धतिको योजनामा उल्लेख भए अनुसार दलविहिन प्रजातान्त्रिक पञ्चायती व्यवस्था अनुकूल न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सिर्जना गर्ने लक्ष्य प्राप्तिको निम्ति निम्न लिखित उद्देश्यहरु समावेश गरिएका छन् ।

१. राष्ट्र र राष्ट्रियताप्रति वफादार रही राष्ट्रिय एकता, सार्वभौमिकता, राजमुकूट र स्वतन्त्रताको रक्षा गर्ने, तथा पंचायती व्यवस्था अनुकूल आफ्नो अधिकार र कर्तव्यप्रति सजग र सकृय रहने नागरिक तयार गर्ने ।

२. देशको आर्थिक विकासको लागि आवश्यक ज्ञान विज्ञान, प्राविधिक दक्षता र सीपको विकास, संरक्षण, सम्वर्द्धन र प्रसार गरी देश विकासको प्रत्येक कार्य क्षेत्रमा आवश्यक योग्य कार्यकर्ताहरु तयार गर्ने ।

३. राष्ट्रभाषा, संस्कृति र कलाको विकास, संरक्षण, सम्वर्द्धन र प्रसार गर्ने ।

४. प्रत्येक व्यक्तिमा निम्नलिखित कुराहरुको विकास गर्ने

(क) नैतिक चरित्र,

(ख) परिश्रम गर्ने बानी

(ग)स्वावलम्वी हुने वानी,

(घ) सिर्जनात्मक प्रवृत्ति,

(ङ) वैज्ञानिक ढंगले विचार गर्ने प्रवृत्ति,

(च) अरुको असल भावना र विचारको कदर गर्ने वानी,

(छ) कुशल कला र सौन्दर्यप्रति अनुरागपूर्ण भावना,

(ज) विश्ववन्धुत्वको भावना,

(ख) प्रत्येक तहको शिक्षाका उद्देश्यहरु :

(१) प्राथमिक शिक्षा (कक्षा १-३) को उद्देश्य साक्षर वनाउनु हुनेछ ।

(२) निम्न माध्यमिक शिक्षा (कक्षा ४-७) को उद्देश्य देशभक्ति र राजभक्ति सिकाई चरित्र निर्माण गर्नु तथा पूर्व व्यावसायिक शिक्षाको प्रारम्भ गर्नु हुनेछ ।

(३) माधर्यमिक शिक्षा (कक्षा ८-१०) को उद्देश्य व्यावसायिक शिक्षामा जोड दिई उत्पादनशील र उपयोगी नागरिक तयार गर्नु हुनेछ ।

(४) उच्च शिक्षाको उद्देश्य तालमि प्राप्त जनशक्ति तयार गर्नु हुनेछ । यसका विभिन्न तहहरुमध्ये - क) प्रमाणपत्र तह पास गर्ने व्यक्ति आधारभूत जनशक्ति हुनेछ, (ख) स्नातक तह पास गर्ने व्यक्ति मध्यम

स्तरीय जनशक्ति हुनेछ, (ग) स्नातकोत्तर तह पास गर्ने व्यक्ति उच्च स्तरीय जनशक्ति हुनेछ र (घ) अनुसन्धान तह पास गर्ने व्यक्ति अनुसन्धान स्तरीय जनशक्ति हुनेछ ।

(ग) शिक्षा नीति :

पाँचौं योजनामा शिक्षा विकास सम्वन्धी उपरोक्त उद्देश्यहरु पूरा गर्न निम्नलिखित नीतिहरु अपनाइने छनः-

(१) प्राविधिक जनशक्तिको आवश्यकता पूरा गर्न व्यवसायिक शिक्षामा जोड दिने ।

(२) प्राविधिक शिक्षा तर्फ प्रोत्साहनका निम्ति विशेष सहुलियत प्रदान गर्ने ।

(३) प्राथमिक शिक्षाको व्यापक प्रसारमा जोड दिने र यसलाई निःशुल्क गर्ने ।

(४) उच्च शिक्षालाई भविष्यमा उपलव्ध हुने कार्य अवसरसंगसम्वन्धित गर्ने ।

(५) शिक्षाको संख्यात्मक प्रगतिलाई गुणात्मक प्रगतिसंग संतुलित गर्ने ।

(६) आवश्यकतानुसार आवासीय विद्यालयहरुको व्यवस्था गर्ने ।

(७) प्रादेशिक सन्तुलन र वर्गीय समन्वयको दृष्टिकोणबाट शिक्षाको सुविधाहरुलाई सुलभ र सुगम तुल्याउने प्रयास गर्ने ।

(८) विद्यार्थीहरुलाई आत्मनिर्भर वनाउनुका साथै आफ्नो व्यवसाय सञ्चालन गर्न सक्षम तुल्याउने ।

(९) प्रौढ शिक्षा कार्यक्रमहरु बढी प्रभावकारी रुपमा सञ्चालन गर्ने ।

(घ) लक्ष्यहरु :

(१) प्राथमिक शिक्षाः प्राथमिक स्कूल उमेरका (६ देखि ८ वर्ष) बालबालिकाहरुको जनसंख्याको ६४ प्रतिशतलाई प्राथमिक शिक्षाको सहुलियत प्रदान गरिनेछ ।

(२) निम्न माध्यमिक शिक्षाः प्राथमिक कक्षामा पढने जम्मा विद्यार्थी संख्याको ५० प्रतिशतलाई निम्न माध्यमिक शिक्षाको सुविधा जुटाइने छ ।

(३) माध्यमिक शिक्षाः निम्न माध्यमिक शिक्षा पाउने जम्मा विद्यार्थी संख्याको ४० प्रतिशतलाई माध्यमिक शिक्षाको सुविधा पुऱ्याइने छ ।

(४) उच्च शिक्षाः प्राविधिक उच्च शिक्षाको सम्वन्धमा इन्स्टिच्यूटहरुको कार्य लक्ष्य, आर्थिक विकास कार्यक्रमहरु कार्यान्वयन गर्न चाहिने विभिन्न स्तरको प्राविधिक जनशक्तिको आधारमा निर्धारित गरिनेछ र यसरी निर्धारित हुने लक्ष्य अनुरुप आवश्यकता बमोजिम हालको क्याम्पसहरुलाई सुदृढ गर्ने, स्तर वृद्धि गर्ने र थप क्याम्पस समेत स्थापना गर्ने व्यवस्था हुनेछ । तर साधारण उच्च शिक्षा सम्वन्धी इन्स्टिच्यूटहरुको हकमा नयाँ क्याम्पस खोल्ने तर्फ भन्दा हाल खुली सकेका क्याम्पसहरुलाई नै सुदृढीकरण गर्ने तर्फ बढी जोड दिइनेछ ।

(५) प्रोढ शिक्षा कार्यक्रम अझ प्रभावकारी ढंगले सञ्चालन गरिनेछ ।

कार्यमूलक प्रौढ शिक्षा अरु विकास कार्यक्रम चलेकै ठाउँमा उक्त विकास कार्यक्रम लाई सफल वनाउन सीप र ज्ञान सिकाई श्रमको उत्पादनको दृष्टिकोणले चलाइने छ । यसको निमित्त एक विशेष समन्वय समितिको गठन गरिनेछ ।

(ङ) कार्यक्रम : (प्राथमिक, माध्यमिक, प्रौढ शिक्षा आदि)

१. प्राथमिक शिक्षाः

पाँचौं योजनाको प्रथम वर्ष (२०३२।३३) देखि नै देशमा प्राथमिक शिक्षा निःशुल्क गरिनेछ । बोर्डिङ्ग स्कूलमा बाहेक राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भैसकेको जिल्लाहरुमा आ.व. २०३२।३३ को शुरु देखि र अन्य जिल्लाहरुमा शिक्षा योजना लागू भएको मितिदेखि प्राथमिक शिक्षा निःशुल्क गरिनेछ ।

पाँयौं योजनाकालमा थप ३,०२,३०० बाल बालिकाहरुलाई प्राथमिक शिक्षाको सुविधा पुऱ्याइनेछ । योजनाको अन्त्य सम्ममा प्राथमिक स्कूल जाने उमेरका (६ देखि ८ वर्ष) बाल बालिकाहरु ११,५१,८५१ पुग्ने र प्राथमिक शिक्षा सुविधा ७,३७,००० लाई उपलव्ध हुने अनुमान बमोजिम योजनाको अन्त्य सम्ममा ६४ प्रतिशतलाई प्राथमिक शिक्षा सुविधा उपलव्ध हुनेछ । यसका लागि आवश्यक ८७१० थप शिक्षकहरुको व्यवस्था गरिनेछ । प्राथमिक विद्यालयमा विद्यार्थी भर्ना संख्या वृद्धि थर्न कम विद्यार्थी हुने

ग्रामीण इलाकाहरुमा हिडन सक्ने दुरीमा एक शिक्षक विद्यालय राख्ने, विद्यालयको भौतिक सुविधाहरु सुधार गर्ने, तालीम प्राप्त शिक्षकको व्यवस्था गर्ने, निरीक्षण व्यवस्था सुदृढ गर्ने, अतिरिक्त कार्यकलाप सञ्चालन गर्ने जस्ता कार्यहरुका साथै विशेषतः बालिकाहरुको विद्यालय प्रवेश संख्या वृद्धि गर्न पंचायत, तथा विभिन्न वर्गीय संगठनहरुको सहयोग लिनुको साथै बढी संख्यामा तालीम प्राप्त महिला शिक्षिकाहरु नियुक्त गर्ने जस्ता विशेष उपायहरु पनि अपनाइने छन् ।

तालिका

पाँचौं योजना अवधिमा प्राथमिक शिक्षाको लक्ष्य

आर्थिक वर्ष	प्राथमिक उमेरको अनुमानित जनसंख्या (६-८ वर्ष)	भर्ना भै पढने विद्यार्थी (शिशु कक्षा बाहेक)	विद्यार्थी भर्ना प्रतिशत	चाहिने कुल शिक्षक संख्या	थप हुने विद्यार्थी संख्या	थप हुने शिक्षक संख्या
२०३१।३२	१०,३४,९७२	४,३४,७००	४२	१५८७०		
२०३६।३७	११,५१,८५१	७,३७,०००	६४	२४५८०	३,०२,३००	८७१०

२. निम्न माध्यमिक शिक्षा:

पाँचौं योजनाको अन्त्यसम्ममा प्राथमिक तहका कूल विद्यार्थी संख्याको ५० प्रतिशत अर्थात ३,६८,५०० विद्यार्थीहरुलाई निम्न माध्यमिक शिक्षाको सुविधा पुऱ्याइने छ । यसको निमित्त आवश्यकतानुसार विद्यालयहरु खोलिने छन् र ३२५० जना थप शिक्षकको व्यवस्था गरिनेछ ।

पूर्व व्यवसायिक विषयहरुको अध्यापन कार्यमा स्थानीय अनुभवी शिल्पीकार तथा उन्नत कृषकहरुलाई शैक्षिक क्रियाकलाप सञ्चालनार्थ सहयोगीको रुपमा प्रयोग गर्ने प्रयास गरिनेछ । पूर्व व्यावसायिक विषय सम्वन्धी कृयाकलाप निर्धारण र सञ्चालन गर्दा सकेसम्म क्षेत्रीय तथा स्थानीय आवश्यकता अनुरुप तुल्याउन विशेष ध्यान दिइनेछ । देशभक्ति र राजभक्ति जगाउनका साथै चरित्र निर्माण र शारीरिक विकासको निम्ति अतिरिक्त कार्यकलापष्मा विशेष जोड दिइनेछ ।

३. माध्यमिक शिक्षा :

पाँचौं योजनाको अन्त्यसम्ममा निम्न माध्यमिक विद्यार्थी संख्याको ४० प्रतिशत अर्थात १,४७,४०० जनालाई माध्यमिक शिक्षाको सुविधा उपलब्ध गराइनेछ । साधारण माध्यमिक र व्यावसायिक माध्यमिक विद्यालयमा विद्यार्थी अनुपात क्रमशः ४० प्र.श र ६० प्र.श गर्ने प्रयास हुनेछ । यसको लागि आवश्यकता अनुसार विद्यालयहरु थप गरिने छन् र ९०० जना थप माध्यमिक शिक्षकहरुको पनि व्यवस्था गरिनेछ । यसको अतिरिक्त विज्ञान शिक्षकलाई अरु प्रभावकारी तुल्याउन आवश्यक उपकरण तथा प्रयोगशालाको व्यवस्था गरिनेछ ।

क्षेत्रीय तथा स्थानीय परियोजनाहरुको समुचित अध्ययन गरी सो को आधारमा व्यवसायिक माध्यमिक विद्यालयहरुको पुनः नक्साङ्कम गरिनेछ । आवश्यकता अनुसार केही विद्यालयहरुमा थप व्यावसायिक विषयहरु सञ्चालन गरिनेछन र कार्यशालाको पनि निर्माण गराइनेछ । यसको अतिरिक्त योजना अवधिमा व्यावसायिक विषयहरुको पाठ्यक्रम र पाठ्यपुस्तकहरुलाई बढी व्यावहारिक तुल्याउनुका साथै तालीम पाएका व्यावसायिक शिक्षकहरु तथा थप शैक्षिक सामाग्रहिरु र उपकरणहरु उपलब्ध गराइनेछन् । व्यावसायिक विषयको अध्यापनमा स्थानीय अनुभवी शिल्पकार र किसानहरुको पनि सहयोग लिइनेछ ।

विद्यार्थीहरुलाई आफ्नो रुची र सामर्थ्य अनुसार शिक्षा हासिल गर्ने कार्यमा सहयोग पुऱ्याउन तथा व्यावसायिक शिक्षालाई सफल पार्न विद्यार्थी सल्लाह तथा निर्देशन सेवाको पनि व्यवस्था गरिनेछ ।

४. नमूना विद्यालय व्यवस्था :

विकास कार्यहरुको निमित्त आवश्यक सीपयुक्त जनशक्ति तयार गर्ने क्रममा पाँचौं योजना अवधिमा प्रत्येक विकास क्षेत्रमा १।१ व्यावसायिक नमूना स्कूलको स्थापना गरिनेछ । साथै योजना अवधिमा नमूना स्कूलहरु क्रमशः एक जिल्लाको एउटाको दरले सबै जिल्लाहरुम व्यवस्था गरिनेछ ।

५. प्रौढ शिक्षा

(क) प्रौढ साक्षरता कार्यक्रम :

करीव १४ प्रतिशत साक्षर भएको हाम्रो देशमा निरक्षरता हटाउन प्राथमिक शिक्षा प्रसारका साथै प्रौढ साक्षरता कार्यक्रम पनि एक महत्वपूर्ण माध्यम हुन सक्दछ । पाँचौं योजनामा साक्षरता कार्यक्रम अन्तर्गत ६,००,००० निरक्षर प्रौढहरुलाई साक्षर वनाउने लक्ष्य राखिएको छ । विशेष गरी पिछडिएको क्षेत्रमा र साथै परियोजना स्थलहरुमा पनि यो कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यक्रमलाई सफलतापूर्वक सञ्चालन गर्नको लागि शिक्षण संस्थाहरुलाई माध्यम बनाइने छ र पंचायत, वर्गीय र व्यावसायिक संगठनहरुको सहयोग पनि लिइनेछ । राष्ट्रिय विकास सेवामा सम्मिलित हुने विद्यार्थीहरुलाई पनि साक्षरता कार्यक्रममा संलग्न गराइनेछ । साथै नव साक्षर प्रौढहरुलाई उपयोगी हुने स्वास्थ्य, कृषि, उद्योग, परिवार नियोजन, संस्कृति र राष्ट्रियता जस्ता विषयहरु समावेश गरिएका प्रौढ शिक्षा पुस्तकहरु तयार गरी वितरण गरिने छन् ।

(ख) कार्यमूलक प्रौढ शिक्षा कार्यक्रम

प्रौढहरुलाई आफ्नो काममा प्रत्यक्ष रुपले सहायक हुने किसिमको ज्ञान र सीप सिकाई उनीहरुले गरी आएको काममा कुशलता बढाउनु र उनीहरुद्वारा स्थानीय विकास कार्यमा सघाउ पुऱ्याउनु यस कार्यक्रमको उद्देश्य हो । कार्यमूलक प्रौढ शिक्षा मुख्यतः व्यवसायिक माध्यमिक विद्यालयहरुबाट सञ्चालन गरिने भएतापनि यस कार्यक्रमलाई प्रभावकारी ढंगबाट सन्चालन गर्न श्री ५ को सरकारको विभिन्न प्रसार

इकाइहरुलाई समन्वय गरी सन्चालन गर्नु आवश्यक छ । यसको लागि केन्द्रीय स्तरमा एक समन्वय समितिको व्यवस्था गरिनेछ ।

छात्रवृत्तिः

आर्थिक कठिनाईले गर्दा शिक्षाको अवसरबाट वन्चित हुन नदिन पाँचाइै योजनामा जेहेन्दार गरीव विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिएको छ । साथै शैक्षिक अवसर एवम् सुविधाको संतुलित विकासको निम्ति दुर्गम क्षेत्रका तथा पिछडिएका वर्गका विद्यार्थीहरुलाई छात्रवृत्तिको विशेष व्यवस्था गरिएको छ ।

७. अतिरिक्त कार्यकलाप

अतिरिक्त कार्यकलाप विद्यार्थीहरुको व्यक्तित्व विकासको निम्ति ठूलो सहायक हुने भएको हुनाले राष्ट्रिय शिक्षा पद्धतिको योजनामा उल्लेख भए झैं यो कार्यक्रमलाई अरु विस्तार गरिनेछ ।

क) यस अन्तर्गत खेलकूद, सांस्कृतिक कार्यक्रम, वादविवाद, हाजिरी जवाफ प्रतियोगिता, लोकगीत, लोकनृत्य, निवन्ध प्रतियोगिता, शैक्षिक भ्रमण आदि कार्यक्रमहरु संचालित गरिने छन् ।

ख) जि.शि.अ. कार्यालयहरुमा अतिरिक्त कार्यकलाप सम्वन्धी सुपरिवेक्षक राखिनेछन् । यस विषयमा विद्यालयका शिक्षकहरुलाई तालीम दिने व्यवस्था जारी नै रहनेछ ।

८. विशेष शिक्षा

लाटा, बहिरा, अन्धा तथा अन्य किसिमका अपाङ्गहरुको शिक्षा हाल लेवोरेटरी स्कूल, नेपाल बाल संगठन तथा नेपाल अपाङ्ग अन्ध संघद्वारा संचालन भैरहेको छ । पाँचौं योजनामा हाल चालु भैरहेको कार्यक्रमलाई बढी सुसंगठित र सुदृढ तुल्याई विद्यार्थी संख्यामा वृद्धि गरी आवश्यक भौतिक सुविधा र उपकरणहरुको व्यवस्था गरिनेछ । साथै नेपाल अपाङ्ग अन्ध संघद्वारा संचालित पुरुष तथा महिला नव जीवन गृहमा थप व्यावसायिक विषयहरुको प्रशिक्षण कार्यक्रम संचालन गरी प्रशिक्षित अपाङ्ग अन्धाहरुलाई सकभर उपयुक्त खालको काम दिलाउने प्रयास गरिनेछ । यस किसिमको विशेष शिक्षाको व्यवस्था विस्तार गर्दै लैजाने नीति अनुसार पाँचौं योजना कालमा काठमाडौंका अतिरिक्त अन्य ३ विकास क्षेत्रहरुमा पनि प्रत्येकमा १।१ शाखा शिक्षालयहरु क्रमशः संचालन गरिनेछन् ।

९. मूल्यांकन, अनुसन्धान तथा तथ्याङ्क

क) शैक्षिक कार्यक्रमहरुलाई सुदृढीकरण गर्नको निमित्त विस्तृत रुपमा मूल्यांकन अध्ययन जस्ता कार्य आवश्यकता अनुसार गरिनेछन् ।

ख) साथै शिक्षामा गरिने अनुसन्धान कार्यक्रमहरुको वीचमा समन्वय स्थापना गरिनेछ ।

ग) आवधिक मूल्यांकन कार्य जारी रहनेछ ।

शिक्षा योजनालाई अझ प्रभावकारी तरीकाले कार्यान्वयन गर्ने सिलसिलामा विभिन्न शैक्षिक गतिविधिहरुको सर्भेक्षण तथा अनुसन्धान गरी आधारभूत शैक्षिक तथ्यांक तथा सूचनाहरुको संकलन तथा विश्लेषण गरिनेछ ।

१०. निरीक्षण

गुणनात्मक शिक्षाको विकास गर्न निरीक्षण प्रणालीमा सुधार ल्याइनेछ । यसको अतिरिक्त निरीक्षकहरु तथा जिल्ला शिक्षा अधिकारीहरुलाई आफ्नो कर्तव्य र उत्तरदायित्व प्रति बढी ज्ञान हासिल गराउन आवश्यक तालमि र विचार गोष्ठिहरुको आयोजना गरिनेछ ।

११. पाठ्यक्रम र पाठ्यपुस्तक

(क) प्राथमिक कक्षादेखि माध्यमिक कक्षा सम्मको पाठ्यक्रममा उपयुक्त सुधार गरिने छन् । पाठ्यक्रमलाई समयानुकूल, व्यावहारिक र वैज्ञानिक बनाउँदै लगिनेछ ।

(ख) पाठ्यपुस्तकको उपयुक्तताको अध्ययन गरी यसमा चाहिने सुधार ल्याउने छ र पाठ्यपुस्तकलाई स्तरयुक्त र अरु बढी व्यावहारिक बनाइनेछ ।

(ग) देशभरी पाठ्यपुस्तक सुलभ गराउन पाठ्यपुस्तक वितरण प्रणालीमा क्रमशः सुधार गरिनेछ ।

राष्ट्रिय शिषा पद्धतिको योजना अनुसार विद्यालय स्तरका प्राय: सबै पाठ्यपुस्तकहरु तयार गराई मुद्रण गर्ने कार्य जनक शिक्षा सामग्री केन्द्रबाट गरिआएको छ । पाँचौं योजना अन्तरगत उक्त केन्द्रको मुद्रण क्षमतामा सुधार गरिनेछ ।

१२. शैक्षिक सामग्री तथा विज्ञान कार्यशाला

शिक्षण कार्यलाई प्रभावकारी वनाउन पाँचौं योजना अवधिमा थप शैक्षिक सामग्रीको व्यवस्था गरिनेछ । विज्ञान शिक्षणलाई आवश्यक हुने विज्ञान उपकरणहरु हरिहर भवन स्थित विज्ञान सामग्री कार्यशालामा तयार गरिने छन् । यस कार्यशालामा सकेसम्म स्थानीय साधनहरुको प्रयोग गरी प्रोटोटाइप उपकरणहरु तयार गरिनेछ ।

१३. स्कूल ब्रोडकाष्टिङ्ग

रेडियो एक आधुनिक शैक्षिक माध्यम हो । चौथो योजनाकालमा विद्यार्थीहरुलाई विद्यालयको पढाईमा पूरक हुने किसिमका प्रसारण कार्यक्रम संचालन भै आएकोमा पाँचौं योजनामा शिक्षक तथा विद्यार्थीहरुको लागि उपयोगी हुने कार्यक्रम विस्तार गरिनुको साथै स्कूलको कक्षा भित्र यस माध्यमको प्रयोग हुने कार्यहरु क्रमश: प्रयोगात्मक रुपमा संचालन गरिनेछ ।

१४. शिक्षक तालिम

शिक्षक कार्यलाई प्रभावकारी वनाउन तालीम प्राप्त शिक्षकहरुको नितान्त आवश्यकता पर्दछ । तसर्थ शिक्षक तालमिलाई क्रमश: अनिवार्य गर्दै जाने व्यवस्था गरिएको छ । पाँचौं योजनाकालमा सेवा कालिन तालीमलाई प्राथमिकता दिइने र नयाँ शिक्षकहरुको तालमिमा पनि बृद्धि गरिनेछ । दुर्गम पहाडी जिल्लाको लागि घुम्ती तालीम संचालन गरिनेछ । शहरी क्षेत्रका तालीम नपाएका शिक्षकहरुलाई विहान वेलुकाको सेवाकालिन तालीमको व्यवस्था पनि गरिने छ ।

तालमि प्राप्त माध्यमिक शिक्षकहरुको कमी हटाउनलाई साधारण तर्फ शिक्षा शास्त्र अध्ययन संस्थानका क्याम्पसहरुद्वारा सेवाकालिन र पूर्व सेवाकालिन तालीम कार्यक्रम संचालन गरिनेछ । साथै २०३२ देखि व्यावसायिक विषय अध्ययन गरी एस.एल.सी. उत्तीर्ण हुनेहरुलाई पनि तालीम प्राप्त प्राथमिक शिक्षाको रुपमा उपलब्ध गराउन सकिने देखिएकोछ । यसको अतिरिक्त शिक्षकहरुलाई अल्पकालीन तालीम तथा सुपरिवेक्षक र प्रधानाध्यापकहरुलाई छोटो अवधिको तालीमको व्यवस्था गरिनेछ ।

१५. परीक्षा सुधार

राष्ट्रिय शिक्षा पद्धतिको योजना अनुरुप परीक्षा प्रणालीमा वैज्ञानिक तथा वस्तुगत सुधार ल्याउन आवश्यक भएकोले पाँचौं योजनाकालमा आन्तरिक मूल्यांकन व्यवस्था सुदृढ गरिनुका साथै प्रश्नपत्रहरु वैज्ञानिक बनाउने तथा विद्यार्थीहरुको प्रगति विवरण राख्ने जस्ता उपायहरुलाई सकृयताका साथ लागू गरिनेछन् । योग्यता नपुगेका शिक्षकहरुलाई एस.एल.सी. मा आंशिक परीक्षाको व्यवस्था यथावत संचालन गरिनेछ ।

१६. पुरातत्व

पाँचौं योजना अन्तरगत पर्यटन गुरु योजना वमोजिम देशका पुरातात्विक स्थल तथा वस्तुहरुको संरक्षण तथा सम्वर्द्धन गर्ने सिलसिलामा उपलब्ध साधन अनुसार महत्वपूर्ण प्राचीन कलाकृति तथा स्मारकहरुको संरक्षण गरिनेछ । साथै काठमाडौ उपत्यकाको सांस्कृतिक सम्पदाको संरक्षण गर्ने विशेष कार्यक्रमको विचार हुनेछ र यसको लागि युनेस्कोबाट सहयोग प्राप्त हुने आशा गरिएको छ ।

शिक्षा (प्राथमिक, माध्यमिक, प्रौढ आदि)

पाँचौं योजना (२०३२-३७) को कार्यक्रम

आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य	आयोजनाको लाग्ने खर्च रु. ००० मा		कैफियत
				न्यूनतम	अधिकतम	
१. प्राथमिक शिक्षा	विभिन्न जिल्ला	सालवसाली	प्राथमिक शिक्षा नि:शुल्क गर्ने प्राथमिक स्कूल उमेरका कूल वाल-बालिकाहरुको ६४ प्र.श. अर्थात् थप ३,०२,३०० बालबालिकालाई प्राथमिक शिक्षाको सुविधा उपलब्ध गराउने । थप ८७१० शिक्षकको व्यवस्था गर्ने	८,३५,००	-	
२. निम्न माध्यमिक	,,	,,	प्राथमिक विद्यार्थी संख्या ५० प्रतिशत अर्थात करीव ३,६८,५०० बालबालिकालाई नि.मा. शिक्षाको सुविधा उपलब्ध गराउने । ३२५० थप शिक्षकको व्यवस्था गर्ने । आवश्यकता अनुसार विद्यालयहरु खोल्न्	३,६२,००	-	
३. माध्यमिक शिक्षा	,,	,,	निम्न माध्यमिक विद्यार्थी संख्याको ४० प्रतिशत अर्थात करीव १,४७,४०० विद्यार्थीहरुलाई मा.शि.को सुविधा उपलब्ध गराउने । साधारण शिक्षा र व्यावसायिक शिक्षाका विद्यार्थीको अनुपात ४० र ६० प्र.श. गराउन प्रयास गर्ने । ९०० थप शिक्षकको व्यवस्था गर्ने र आवश्यक अनुसार विद्यालय थप गर्ने व्यावसायिक शिक्षालाई बढी सुदृढ तुल्याउने, आवश्यकता अनुसार व्यावसायिक विषयहरु थप गर्ने र कार्यशाला निर्माण गर्ने ।	२,७५,००	-	
४. व्यावसायिक नमूना स्कूल	४ विकास क्षेत्र र विभिन्न जिल्ला	नयाँ	४ विकास क्षेत्रमा १।१ व्यावसायिक नमूना स्कूल स्थापना गर्ने र क्रमश: सबै जिल्लाहरुमा पनि एक एक वटा नमूना स्कूलको व्यवस्था गर्ने	७०,००	-	

५. प्रौढ शिक्षा	विभिन्न जिल्ला	सालवसाली	योजनाकालमा ६,००,००० निरक्षरहरुलाई साक्षर तुल्याउने । प्रौढहरुलाई उपयोगी हुने पाठ्य-पुस्तक तयार गरी वितरण गर्ने कार्यमूलक प्रौढ शिक्षा कार्यक्रम संचालन गर्ने ।	१,७५,००		
६. छात्रवृत्ति	,,	,,	जेहेन्दार गरीव विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्ने दुर्गम तथा पिछडिइएका वर्गका विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्ने	१,२०,००		
७. अतिरिक्त कार्यकलाप र शारीरिक शिक्षा	विभिन्न जिल्ला	सालवसाली	अतिरिक्त कार्यकलाप कार्यक्रमहरुको सुदृढीकरण गर्ने	५०,००	-	
८. विशेष शिक्षा	,,	,,	अपाङ्ग शिक्षा कार्यक्रमलाई सुदृढ र विस्तार गर्ने । ३ विकास क्षेत्रमा १।१ शाखा शिक्षालयहरु संचालन गर्ने	३५,००	-	
९. मूल्यांकन, अनुसन्धान र तथ्यांङ्क	काठमाडौ	सालवसाली	शिक्षाका विभिन्न कार्यक्रमहरुका सम्वन्धमा मूल्यांकङ्कन तथा अनुसन्धान कार्य गर्ने तथ्यांक खोजी संकलन, विश्लेषण गर्ने	१३,००		
१० निरीक्षण	विभिन्न जिल्ला	सालवसाली	गुनात्मक शिक्षाको विकास गर्न निरीक्षण प्रणालीमा सुधार ल्याउने । निरीक्षक तथा जिल्ला शिक्षा अधिकारीको तालीम, विचार गोष्ठी आदिको व्यवस्था गर्ने ।	१०,००		
११. पाठ्यक्रम तथा पाठ्यपुस्तक	,,	,,	पाठ्यक्रमलाई समयानुकूल व्यावहारिक र वैज्ञानिक बनाउँदै लैजाने पाठ्य पुस्तक वितरण प्रणालीमा सुधार ल्याउने । जनक शिक्षा सामग्री केन्द्रको मुद्रण क्षमतामा सुधार गरिने	४,४५,००		
१२. शैक्षिक सामग्री तथा विज्ञान कार्यशाला						
क. शैक्षिक सामग्री	विभिन्न जिल्ला	सालवसाली	शिक्षण कार्यलाई प्रभावकारी वनाउन थप शैक्षिक सामग्रीहरुको व्यवस्था गर्ने	५०,००	-	

ख. विज्ञान कार्यशाला	काठमाडौ	,,	हरिहर भवनस्थित विज्ञान सामग्री कार्यशालामा विज्ञान उपकरणहरु तयार गर्ने	१०,००		
१३. स्कूल ब्रोडकाष्टिङ्ग	काठमाडौ	,,	विद्यार्थीहरुको निमित्त उपयोगी हुने कार्यक्रमको प्रसारणमा विस्तार गर्ने	१०,००	-	
१४ शिक्षक तालीम	विभिन्न जिल्ला	सालवसाली	सेवाकालीन तालीममा जोड दिई नयाँ शिक्षकहरुको तालीममा वृद्धि गर्ने । व्यावसायिक शिक्षक तालीम क्षमतामा वृद्धि गर्ने । दुर्गम जिल्लाको निमित घुम्ती तालीम सञ्चालन गर्ने । शिक्षकहरुको निम्ति अल्पकालीन तालीमको व्यवस्था कायम राख्ने			यसको लागि आवश्यक वजेट सम्वन्धित आयोजनाहरुमा समावेश छ ।
१५. परीक्षा सुधार	विभिन्न जिल्ला	,,	आन्तरिक मूल्यांकन व्यवस्था सुदृढ गर्ने, प्रश्न पत्रहरु वैज्ञानिक बनाउने, र विद्यार्थीहरुको प्रगति विवरण राख्ने जस्ता उपायहरु लागू गरिने ।			यसको लागि आवश्यक वजेट सम्वन्धित आयोजनाहरुमा समावेश गरिएको छ ।
१६ (क) पुरातत्व	विभिन्न जिल्ला	चालु	"पर्यटन गुरु योजना" वमोजिम देशका पुरातात्विक स्थल तथा वस्तुहरुको संरक्षण तथा सम्वर्द्धन गर्ने	२०,००		
+ (ख) पुरातत्व			संरक्षण तथा सम्वर्द्धन सम्वन्धी थप कार्यक्रमहरु सञ्चालन गर्ने		२०,००	

			जम्मा	२४,८५,००	२०,००	
				कूल जम्मा		२५,०५,००

(ङ) २ कार्यक्रम (उच्च शिक्षा)

उच्च शिक्षा क्षेत्रमा राष्ट्रिय शिक्षा पद्धतिको योजना आ.व. ०२९।३० देखि लागू गरियो । यस अनुसार सबै महाविद्यालयहरुलाई त्रिभुवन विश्व विद्यालयको विभिन्न अध्ययन संस्थान अन्तर्गतका क्याम्पसहरुमा व्यवस्थित गरियो । चौथो योजनाको अन्त्य सम्ममा त्रिभुवन विश्व विद्यालय अन्तर्गत १२ अध्ययन संस्थान र ७९ क्याम्पसहरुको व्यवस्था भएको छ ।

पाँचौं योजनामा साधारण तर्फका अध्ययन संस्थाहरुको क्याम्पस संख्यामा वृद्धि गर्ने तर्फ भन्दा सुदृढीकरण गर्ने तर्फ बढी जोड दिइनेछ । प्राविधिक अध्ययन संस्थानको हकमा आवश्यकता अनुसार क्षमता वृद्धि गर्नाका साथै केही क्याम्पसहरु थप गरिनेछन् । नेपाल र एशियाली अध्ययन संस्थान, व्यवहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान र आर्थिक विकास तथा प्रशासन केन्द्रहरुलाई सम्बन्धित विषयका अध्ययन केन्द्रको रुपमा विकसित गरिनेछ । उच्च शिक्षा सम्बन्धी विभिन्न कार्यक्रमहरुको विवरण निम्न अनुसार छ ।

१. इन्जिनीयरिङ्ग अध्ययन संस्थान

इन्जिनियरिङ्ग अध्ययन संस्थानले इन्जिनियरिङ्ग तथा सम्बन्धित विषयहरु मध्यम तथा निम्न स्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्दै आएको छ । पाँचौं योजना अवधिमा यस संस्थानको केन्द्रीय क्याम्पसमा सिभिल, इलेक्ट्रीकल, मेकानिकल, इन्जिनियरिङ्ग, सर्भेयर, ड्राफ्टसम्यान, इलेक्ट्रोनिक्स आदि विषयहरुमा प्रमाणपत्रहरुको प्रशिक्षण प्रदान गरिनेछ । यसको साथै मन्त्रालय, विभाग, संस्थान र निजी उद्योगबाट माग भए अनुसार मेकानिक्स, डकर्मी, सिकर्मी, प्लम्बर, इलेक्ट्रीसियन आदिको छोटो अवधिको कालिगढ तालमि संचालन गरिनेछ । इन्जिनियरिङ्ग क्षेत्रमा आवश्यक उच्चस्तरीय प्राविधिक जनशक्ति पनि देशभित्रै उत्पादन गर्न पाँचौं योजना अवधिमा सिभिल इन्जिनियरिङ्ग विषयहरुमा डिप्लोमा स्तरको पढाई सन्चालन गरिनेछ । पाँचौं योजना अवधिमा व्यावहारिक विज्ञान र प्रविधि अध्ययन संस्थान अन्तर्गत रहेका थापाथली, बालाजु तथा विराटनगर क्याम्पसहरुलाई यस संस्थान अन्तर्गत ल्याइनेछ । थापाथली क्याम्पसमा मेकानिक्स, अटोमेकानिक्स र इलेक्ट्रीसियन विषयमा र बालाजु तथा विराटनगर क्याम्पसहरुमा मेकानिक्स र ओभरसियरको प्रशिक्षण प्रदान गरिनेछ । यस योजना अवधिमा धनकुटा, पोखरा र सुर्खेतमा विजुली, प्लम्बिङ्ग, सिकर्मी जस्ता विषयहरुमा प्रशिक्षण प्रदान गर्न १।१ वटा नयाँ क्याम्पस स्थापना गरिनेछ र योजनाको अन्त्यतिर यी क्याम्पसहरुमा सिभिल ओभरसियरको प्रमाणपत्र तहको तालीम पनि सुरु गरिनेछ । यसरी पाँचौ योजना अवधिमा यस संस्थान अन्तर्गतका विभिन्न क्याम्पसहरुबाट मध्यम स्तरीय २८९७ र निम्न स्तरीय ३९३० प्राविधिक जनशक्ति उत्पादन गरिने अनुमान छ ।

यस संस्थानको उत्पादन क्षमतामा वृद्धि गर्न भवन तथा अन्य सुविधाहरुमा पनि वृद्धि गरिनेछ । यस अनुसार पोखरा क्याम्पसको लागि भवन निर्माण कार्य आ.व. ०३२।३३ मा शुरु गरी आ.व. ०३३।३४ मा पूरा गरिने छ । धनकुटा र सुर्खेत क्याम्पसहरुको भवन निर्माण कार्य आ.व. ०३३।३४ मा शुरु गरी आ.व. ०३४।३५ मा पूरा गरिने छ । केन्द्रीय क्याम्पसको लागि हाल निर्माण चालु रहेका वर्कसप तथा शैक्षिक भवन निर्माण कार्य योजनाको प्रथम वर्षमा र डिप्लोमा प्रशिक्षणको लागि भवन निर्माण कार्य योजनाको तेस्रो वर्षमा सम्पन्न गरिने छ । इटहरीको भौतिक सुविधा यस संस्थानको लागि प्राप्त गरी त्यसमा आवश्यक मर्मत सुधार तथा छात्रावास निर्माण कार्य आ.व. ०३३।३४ मा पूरा गरिनेछ । यस क्याम्पसबाट मात्रै पाँचौं योजनाकालमा १२०० भन्दा बढी विभिन्न किसिमका प्राविधिक जनशक्ति तयार गर्ने कार्यक्रम निर्धारित गरिएको छ ।

पाँचौं योजना अवधिमा प्रति वर्ष उत्पादन हुने अनुमानित विभिन्न स्तरका प्राविधिक जनशक्ति निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

इन्जिनियरिङ्ग अध्ययन संस्थानको लक्ष्य

जनशक्तिको वर्गिकरण १	०३२-३३ भर्ना उत्पादन २		०३३-३४ भर्ना उत्पादन ३		०३४-३५ भर्ना उत्पादन ४		०३५-३६ भर्ना उत्पादन ५		०३६-३७ भर्ना उत्पादन ६		जम्मा भर्ना उत्पादन ७	
क. उच्च स्तरीय												
१. डिप्लोमा (सिभिल इन्जिनियरिङ्ग	प्रारम्भिक कार्य		प्रारम्भिक कार्य		प्रारम्भिक कार्य		१५		४५		६०	
ख. मध्यम स्तरीय (प्रमाण पत्र)												
१. सिभिल ओभरसियर	४०८	२२०	६००	२८६	६००	४२०	६००	४२१	६००	४२१	२८०८	१७६८
२. इलेक्ट्रीकल ओभरसियर	२८	२०	२३	२०	२३	१६	२३	१६	२३	१६	१२०	८८
३. इलेक्ट्रीकल सुपरभाइजर	२४		२८	१५	२८	२०	२८	२०	२८	२०	१३६	७५
४. सिभिल सुपरभाइजर			८२		८२	५८	८२	५८	८२	५९	३२८	१७५
५ मेकानिकल सुपरभाइजर					४२	३०	५०	३५	६५	४६	१५७	१११
६ मेकानिकल ओभर सियर			४२		४२	३०	४२	३०	४२	३०	१६८	९०
७. अटोमेकानिक्स	२०	१०	२३	१४	२५	१६	२५	१८	२५	१८	११८	७६
८. जनरल मेकानिक्स	४०	१७	३५	२४	३५	२४	३५	२५	३५	२५	१८०	११५

९. इलेक्ट्रोनिक्स	२४		३०	१५	३१	२१	३१	२२	३१	२२	१४७	८०
१० प्लाण्ट मेकानिक्स	प्रारम्भिक कार्य		२३		२३	१६	२३	१६	२३	१६	९२	४८
११ ड्राफ्टम्यान	२८	२०	६५	२०	६८	४५	७०	४८	७०	५०	३०१	१८३
१२ असिष्टेण्ट सर्भेयर			७		७	४	७	४	७	४	२८	१२
१३ इलेक्ट्रसियन	२०	१०	२३	१४	२५	१६	२५	१८	२५	१८	११८	७६
जम्मा	५९२	२९७	९८१	४०८	१०३१	७१६	१०४१	७३१	१०५६	७४५	४७०१	२८९७
ग. निम्न स्तरीय												
१. डकर्मी	३२	३२	१७६	१७६	४१६	४१६	४१६	४१६	४१६	४१६	१४५६	१४५६
२. सिकर्मी	३२	३२	१७६	१७६	२७२	२७२	२७२	२७२	२७२	२७२	१०२४	१०२४
३. प्लम्वर	३२	१६	१६	८	१६	८	१६	८	१६	८	९६	४८
४ सिभिल (सव ओभरसियर)	६०	४८	६०	४८	६०	४९	६२	५०	६२	५०	३०४	२४५
५. इलेक्ट्रीसियन	६०	४७	८६	६३	९४	६८	१०१	७३	११६	८१	४५७	३३२
६. अटोमेकानिक्स	२०	१०	७०	५०	७८	५५	८५	६०	१००	७०	३५३	२४५
७. जनरल मेकानिक्स	२०	१५	७०	५०	७८	५५	८५	६०	१००	७०	३५३	२५०
८. मेकानिक्स	२०	१६	१००	७५	१००	७९	१००	८०	१००	८०	४२०	३३०
जम्मा	२७६	२१६	७५४	६४६	१११४	१००२	११३७	१०१९	११८२	१०४७	४४६३	३९३०

२. चिकित्सा शास्त्र अध्ययन संस्थान :

स्वास्थ्य सेवा विस्तार कार्यक्रमलाई आवश्यक पर्ने विभिन्न स्तरका स्वास्थ्य प्राविधिक तयार गर्नु चिकित्सा शास्त्र अध्ययन संस्थानको उद्देश्य रहेको छ । यस संस्थान अन्तर्गत सञ्चालन भइरहेको नर्स, अ.न.मि., अ.ह.व., रेडियोग्राफर, ल्यावटेक्नीसियन, आयुर्वेद आदि मध्यम तथा निम्न स्तरका स्वास्थ्य प्राविधिकहरुको तालीम कार्यक्रम पाँचौं योजनामा पनि सञ्चालन गरिनेछ । पाँचौं योजना अवधिमा सुर्खेत, पोखरा र धनकुटामा १।१ वटा क्याम्पस स्थापना गरी प्रमाणपत्र तहको स्वास्थ्य कार्यकर्ता तालीम सञ्चालन गरिनेछ । आयुर्वेद क्याम्पसमा आ.व. २०३६।३७ देखि स्नातक स्तरको प्रशिक्षण शुरु गरिनेछ । प्रोफेसनल स्टाफ नर्सको लागि एक वर्षे पोष्ट वेसिक विशेषज्ञ प्रमाण पत्र तालीम पनि सन्चालन गरिनेछ । स्नातक स्वास्थ्य कार्यकर्ता तयार गर्ने सम्वन्धमा डिप्लोमा इन हेल्ड साइन्सको पढाई पनि योजना अवधिमा शुरु गरिनेछ । पाँचौं योजना अवधिमा विभिन्न क्याम्पसहरुबाट मध्यम स्तरीय १८८५ र निम्न स्तरीय २७०५ स्वास्थ्य प्राविधिकहरु उत्पादन गरिने अनुमान गरिएको छ ।

यस संस्थान अन्तर्गतका विभिन्न क्याम्पसहरुमा आवश्यकतानुसार भौतिक सुविधामा वृद्धि गर्ने कार्यक्रम पाँचौं योजनामा रहेको छ । यस अनुसार सुर्खेत, नेपालगन्ज, पोखरा, तानसेन, भरतपुर, विराटनगर क्याम्पसहरुको लागि आ.व. २०३२।३३ मा जग्गा अधिग्रहण गरी क्याम्पस र छात्रावास भवन निर्माण सुरु गरिने छ र आ.व. २०३३।३४ मा पूरा गर्ने लक्ष्य निर्धारित गरिएको छ । महाराजगन्ज क्याम्पसको निर्माण कार्य चालु राखी महाबौद्ध क्याम्पसको लागि क्याम्पस भवन निर्माण कार्य आ.व. २०३२।३३ मा शुरु गरी आ.व. २०३३।३४ मा दुवै पूरा गरिने छ । साथै धनकुटाको क्याम्पस र छात्रावास भवन निर्माण आ.व. २०३४।३५ मा शुरु गरी आ.व. २०३५।३६ मा पूरा गर्ने तथा नरदेवी क्याम्पसको भवन आ.व. २०३५।३६ मा शुरु गरी आ.व. २०३६।३७ मा पूरा गरिने कार्यक्रम छ ।

पाँचौं योजना अवधिमा प्रतिवर्ष उत्पादन हुने अनुमानित विभिन्न स्वास्थ्य प्राविधिकज्ञहरुको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

चिकित्सा शास्त्र अध्ययन संस्थानको लक्ष्य

जनशक्तिको वर्गिकरण १	०३२-३३ भर्ना उत्पादन २		०३३-३४ भर्ना उत्पादन ३		०३४-३५ भर्ना उत्पादन ४		०३५-३६ भर्ना उत्पादन ५		०३६-३७ भर्ना उत्पादन ६		जम्मा भर्ना उत्पादन ७	
क. उच्च स्तरीय												
१. डिप्लोमा इन हेल्थ साइन्स	प्रारम्भिक कार्य		प्रारम्भिक कार्य		प्रारम्भिक कार्य		४०		४०		८०	
ख. मध्यम स्तरीय (प्रमाण पत्र)												
१. हेल्थ असिष्टेण्ट	११०	१००	११०	१००	१६५	१००	१८५	१५०	१८५	१६६	७५५	६१६
२. ल्याव टेक्निसियन	२५	११	२५	१५	३०	१५	३०	१८	३०	२१	१४०	८०
३. रेडियोग्राफल	१५	१५	१२	१०	१२	८	१२	८	१२	९	६३	५०
४ डिस्पेन्सीङ्ग फार्मेसिष्ट	२०		२०	१५	२०	१५	२०	१५	२०	१५	१००	६०
५. स्टाफ नर्स	७०	७५	९५	६०	९५	८०	९५	८०	९५	८१	४५०	३७६
६. पोष्ट वेसिक तालीम	१५	१५	१५	१५	१५	१५	१५	१५	१५	१५	७५	७५
७. सिनियर अ.ह.व.	१२०	१२०	१२०	१२०	१२०	१२०	१२०	१२०	१२०	१२०	६००	६००
आयुर्वेद (कविराज)	३०	१२	१०	४	१०	४	१०	४	१०	४	७०	२८
जम्मा	४०५	३४८	४०७	३३९	४६७	३५७	४८७	४१०	४८७	४३१	२२५३	१८८५
ग. निम्न स्तरीय												
१. अ.न.मि.	३००	२००	४००	२५०	४१०	३३०	४१०	३४०	४१०	३४१	१९३०	१४६१

२. अ.हे.व.	३००	१७०	३००	२५०	३१०	२५०	३७५	२६०	३७५	३१४	१६६०	१२४४
जम्मा	६००	३७०	७००	५००	७२०	५८०	७८५	६००	७८५	६५५	३५९०	२७०५

३. कृषि तथा पशु विज्ञान अध्ययन संस्थान

कृषि विकास कार्यक्रम सन्चालन गर्न आवश्यक पर्ने कृषि प्राविधिकहरु तयार गर्नु यस संस्थानको उद्देश्य हो । यस संस्थानले हाल कृषि विषयमा प्रमाण पत्र तहको र कृषि शिक्षामा डिप्लोमा स्तरको प्रशिक्षण सन्चालन गरी आएको छ । पाँचौं योजना अवधिमा कृषि विषयमा प्रमाण पत्र स्तरको साथै डिप्लोमा तथा स्नातक स्तरको पढाई सन्चालन गरिने छ । कृषि तर्फ डिप्लोमा स्तर र सेवाकालीन कृषि तालीम कार्यक्रम यथावत चालु राखिनुका साथै केही अनुसन्धान कार्यहरु पनि गरिने छन् । पाँचौं योजना अवधिमा लमजुङ्ग, खुमलटार, त्रिपुरेश्व, परवानीपुर, आठराईमा १।१ वर्षे आधारभूत कोष सन्चालन गरिनेछ । यस योजनाको अन्तसम्ममा उच्चस्तरीय ३९६, मध्यम स्तरीय ६३८ र निम्न स्तरीय १०९३ कृषि प्राविधिकहरु उपलव्ध हुने अनुमान छ ।

यस संस्थान अन्तर्गतका विभिन्न क्याम्पसको भौतिक सुविधामा वृद्धि गर्ने पाँचौं योजनाको कार्यक्रम अनुसार केन्द्रीय क्याम्पस रामपुरमा भवन निर्माण कार्य आ.व. २०३३।३४ मा शुरु गरी आ.व. २०३४।३५ मा सम्पन्न गरिनेछ । यस्तै खुमलटार, आठराई, नेपालगन्ज, परवानीपुर र जनकपुर क्याम्पसहरुको लागि छात्रावास भवन र लमजुङ्ग क्याम्पसको लागि क्याम्पस तथा छात्रावास भवन निर्माण कार्य आ.व. २०३२।३३ मा शुरु गरी आ.व. २०३३।३४ मा पूरा गरिनेछ । त्रिपुरेश्वर क्याम्पसको छात्रावास भवन निर्माण कार्य आ.व. २०३२।३३ मा शुरु गरी आ.व. २०३४।३५ मा पूरा गरिने छ ।

पाँचौं योजना अवधिमा प्रति वर्ष उत्पादन हुने विभिन्न कृषि प्राविधिज्ञहरुको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

कृषि तथा पशु विज्ञान अध्ययन संस्थानको लक्ष्य

जनशक्तिको वर्गिकरण १	०३२-३३ भर्ना उत्पादन २		०३३-३४ भर्ना उत्पादन ३		०३४-३५ भर्ना उत्पादन ४		०३५-३६ भर्ना उत्पादन ५		०३६-३७ भर्ना उत्पादन ६		जम्मा भर्ना उत्पादन ७	
क. उच्च स्तरीय (स्नातक)												
१. डिग्री इन एग्रीकल्चर					१०		१०	८	१०	८	३०	१६
२. डिप्लोमा इन एग्रीकल्चर	४०		४०	२०	४०	२०	४०	२०	४०	२०	२००	८०
३. कृषि शिक्षक	१००	३३	१००	५०	१००	६५	१००	७५	१००	७७	५००	३००
जम्मा	१४०	३३	१४०	७०	१५०	८५	१५०	१०३	१५०	१०५	७३०	३९६
ख. मध्यम स्तरीय (प्रमाण पत्र) १. जे.टी.	१५०	६६	२२५	१००	२४०	१५०	२४५	१६०	२४५	१६२	११०५	६३८
ग. निम्न स्तरीय												
१. जे.टी.ए.	१००	१७६	२००	१५०	२००	१५५	२००	१५५	२००	१५७	९००	७९३
२. सेवाकालीन	५०	७१	५०	५०	५०	५०	६०	६०	६९	६९	२७९	३००
जम्मा	१५०	२४७	२५०	२००	२५०	२०५	२६०	२१५	२६९	२२६	११७९	१०९३

४. वन विज्ञान अध्ययन संस्थान

वन सम्वन्धी आयोजनाहरु सन्चालन गर्न आवश्यक प्राविधिकहरु तयार गर्नु र वन पदार्थ सम्वन्धी अनुसन्धान कार्यहरु सन्चालन गर्नु यस अध्ययन संस्थानको उद्देश्य हो । पाँचौं योजना अवधिमा रेन्जर र फरेष्टर तालीम कार्यक्रममा विद्यार्थी भर्ना संख्या वृद्धि गरिने छ र योजना अवधिको अन्त सम्ममा डिप्लोमा स्तरको पढाई सन्चालन गरिने छ । माटो, जल संरक्षण र जीव जन्तु संरक्षण सम्वन्धी अनुसन्धान कार्य चालु राखिने छ । पाँचौं योजना अवधिमा उच्च स्तरीय १५, मध्यम स्तरीय ८२२ वन प्राविधिकहरु उत्पादन हुने अनुमान गरिएको छ । धनकुटा र सुर्खेतमा वन सम्वन्धी क्याम्पस स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ । साथै आ.व. २०३२ ।३३ मा केन्द्रीय क्याम्पस हेटौंडामा हाल चालु रहेको छात्रावास भवन निर्माण कार्य पूरा गरिनुका साथै भण्डार, कक्षा कोठाहरु, प्रयोगशाला तथा पुस्तकालय भवनको पनि निर्माण गरिने छ । पाँचौं योजनाकालमा यस संस्थानले तयार गर्ने वन प्राविधिकज्ञहरुको विवरण निम्न अनुसार छ ।

वन विज्ञान अध्ययन संस्थानको लक्ष्य

जनशक्तिको वर्गिकरण १	०३२-३३ भर्ना उत्पादन २		०३३-३४ भर्ना उत्पादन ३		०३४-३५ भर्ना उत्पादन ४		०३५-३६ भर्ना उत्पादन ५		०३६-३७ भर्ना उत्पादन ६		जम्मा भर्ना उत्पादन ७	
क. उच्च स्तरीय (स्नातक) १. डिप्लोमा							१५		२०	१५	३५	१५
जम्मा							१५		२०	१५	३५	१५
ख. मध्यम स्तरीय (प्रमाण पत्र)												
१. सिनियर सर्टिफिकेट (रेन्जर)	३५	२५	४२	३०	५०	३५	५५	४०	६५	४८	२४७	१७८
२. सर्टिफिकेट (फरेष्टर)	१२०	७३	१८०	१००	१८०	१५०	२०५	१५०	२०५	१७१	८९०	६४४
जम्मा	१५५	९८	२२२	१३०	२३०	१८५	२६०	१९०	२७०	२१९	११३७	८२२

५. प्रविधि अध्ययन केन्द्र :

पाँचौं योजना अवधिमा यस प्रविधि अध्ययन केन्द्रद्वारा नेपालमा सन्चालन भएका र सन्चालन हुने उद्योगहरुको लागि आवश्यक जनशक्ति तयार गरिने छ । यस केन्द्रले नेपालमा उत्पादन हुने वस्तुहरु र नेपालमा उपलब्ध हुने प्राकृतिक साधनहरुको प्रशोधन सम्वन्धी विषयहरुमा प्रशिक्षण तथा अनुसन्धान कार्य गर्नुका साथै व्यवहारिक विज्ञान र प्रविधि सम्वन्धी तालीम प्रदान गरिनेछ । पाँचाइै योजनामा यस केन्द्रले फुड टेक्नोलजी र ल्याव टेक्नोलजीको प्रमाण पत्र तहको तालीम कार्य यथावत सञ्चालन गर्नेछ । योजना अवधिको अन्त सम्ममा जूट, डेरी तथा पेपर पल्प टेक्नोलजीमा प्रमाण पत्र तहको तालीम प्रदान गरिनेछ । यसरी योजना अवधिमा उद्योग प्रविधि सम्बन्धी ९०४ मध्यम स्तरीय जनशक्ति तयार गर्ने अनुमान गरिएको छ । यस केन्द्रका भौतिक सुविधामा वृद्धि गर्ने तर्फ धरान क्याम्पसको भवन निर्माण आ.व. २०३२।३३ मा शुरु गरी २०३घा३४ मा पूरा गरिनेछ । प्राविधिक अध्ययन केन्द्र काठमाडौको निर्माण कार्य र धरान क्याम्पसमा थप उपकरणको व्यवस्था अधिकतम कार्यक्रम अन्तर्गत समावेश गरिएको छ । पाँचौं योजनामा प्रविधि अध्ययन संस्थानले प्रति वर्ष तयार गर्ने जनशक्ति विवरण निम्न अनुसार छ । :-

प्रविधि अध्ययन केन्द्रको लक्ष्य

जनशक्तिको वर्गिकरण १	०३२-३३ भर्ना उत्पादन २		०३३-३४ भर्ना उत्पादन ३		०३४-३५ भर्ना उत्पादन ४		०३५-३६ भर्ना उत्पादन ५		०३६-३७ भर्ना उत्पादन ६		जम्मा भर्ना उत्पादन ७	
क. मध्यम स्तरीय (प्रमाण पत्र)												
१. फुड टेक्नोलजी	८०	२५	१२०	५०	१२०	७५	१२०	७५	१२०	७५	५६०	३००
२.ल्याव टेक्नोलजी	८०	२३	१२०	५०	१२०	७५	१२०	७५	१२०	७७	५६०	३००
३. जूट टेक्नोलजी			प्रारम्भिक कार्य		४०		६५	३०	६५	५०	१७०	८०
४. डेरी टेक्नोलजी			प्रारम्भिक कार्य		५५		६५	४६	६५	५०	१८५	९६
५. साबुन र तेल			प्रारम्भिक कार्य		४०		४०	३२	४०	३२	१२०	६४
६. पेपर र पल्प			प्रारम्भिक कार्य		४०		४०	३२	४०	३२	१२०	६४
जम्मा	१६०	४८	२४०	१००	४१५	१५०	४५०	२९०	४५०	३१६	१७१५	९०४

६. शिक्षा शास्त्र अध्ययन संस्थान :

यस अध्ययन संस्थानको उद्देश्य विद्यालयहरुको निम्ति आवश्यक पर्ने तालीम प्राप्त शिक्षकहरु तयार गर्नु हो । चौथो योजनाको अन्तसम्ममा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक शिक्षकहरुमध्ये करीव ३० प्रतिशत मात्र तालमि प्राप्त हुने अनुमान छ । तालीम प्रापत नगरेका शिक्षकहरुलाई यथाशक्य छिटो तालमि दिलाउनको साथै तालीम प्राप्त नयाँ शिक्षक तयार गर्न पाँचौं योजना अवधिमा विभिन्न कार्यक्रमहरु सन्चालन गरिने छन् । पूर्व व्यावसायिक विषयको शिक्षक तालीम सकेसम्म जिल्ला स्तरको छोटो अवधिको कार्यशालाको माध्यमबाट सन्चालन गरिने छ । साथै यस संस्थानका प्रमाणपत्र स्तरको तालीममा पूर्व व्यावसायिक विषय समावेश गरिने छ । मानविकी र विज्ञानको डिप्लोमा स्तरको पाठ्यक्रममा "शिक्षण विधि" को पाठ्यक्रम पनि सम्मिलित गरिने छ । यसको साथै पाँचौं योजना अवधिमा सेवामा रहेका माध्यमिक शिक्षकहरुलाई अन-द-स्पट तालीम र दुर्गम क्षेत्रहरुमा प्राथमिक शिक्षक तयार गर्नको निम्ति घुम्ति तालीमको व्यवस्था गरिनेछ । कृषि अध्ययन संस्थानबाट पनि व्यावसायिक शिक्षक तयार गर्ने कार्यक्रमहरु सन्चालन गरिने छ । केन्द्रीय क्याम्पसमा वी.एड. र एम.एड. को प्रशिक्षणको साथै अनुसन्धान कार्यक्रम पनि सन्चालन गरिने छ । यसरी पाँचौं योजनामा यसको लागि हाल सन्चालन भैरहेको क्याम्पसहरुको सुदृढीकरण गरिने छ । क्याम्पसहरुलाई आवश्यक भौतिक सुविधाको व्यवस्था गर्ने सिलसिलामा इलाममा क्याम्पस भवन तथा छात्रावास, धनकुटामा क्याम्पस भवन र बुटवल अथवा नेपालगन्जमा छात्रावास भवन निर्माण गर्नुको साथै महेन्द्ररत्न क्याम्पस, काठमाडौको भवन निर्माण कार्य पूरा गरिने छ । पाँचौं योजना अवधिमा तयार हुने उच्च र मध्यम स्तरीय जनशक्तिको विवरण निम्न अनुसार छ । :-

शिक्षा शास्त्र अध्ययन संस्थानको लक्ष्य

जनशक्तिको वर्गिकरण १	०३२-३३ भर्ना उत्पादन २		०३३-३४ भर्ना उत्पादन ३		०३४-३५ भर्ना उत्पादन ४		०३५-३६ भर्ना उत्पादन ५		०३६-३७ भर्ना उत्पादन ६		जम्मा भर्ना उत्पादन ७	
क. उच्च स्तरीय												
१. शिक्षक प्रशिक्षक	५)	१०	६०	३०	६०	३५	६५	३५	६५	४०	३००	१५०
२. माध्यमिक शिक्षक तालीम (+)	७५०	५५६	१३००		१४००	.	१४५०		१५४०		६४४०	
जम्मा	८००	५५६	१३६०	३०	१४६०	३५	१५१५	३५	१६०५	४०	६७४०	
ख. मध्यम स्तरीय (प्रमाणपत्र)												
१. प्राथमिक शिक्षक तालीम (+)	२१८०	१७१०	२५२०		२७००		२४००		२३००		१२१००	
२. निम्न माध्यमिक शिक्षक तालीम (+)	२२३०	५९०	२८७०		३३१०		३३१०		२७९०		१४५१०	
जम्मा	४४१०	२३००	५३९०		६०१०		५७१०		५०९०		२६६६०	

(+) २०३३।३४ देखि भर्नाको आधारमा हुने उत्पादन निर्धारित हुन नसकेको ।

७. व्यापार प्रशासन, वाणिज्य शास्त्र तथा जन प्रशासन अध्ययन संस्थान :

यस अध्ययन संस्थानको उद्देश्य व्यापार प्रशासन, वाणिज्य शास्त्र र जन प्रशासन सम्वन्धी आधारभूत, मध्यमस्तर र उच्चस्तरको जनशक्ति तयार गर्नु हो । यस संस्थानबाट प्रमाणपत्र देखि स्नातकोत्तर तहसम्मको अध्यापन कार्यक्रम सन्चालन भएको छ । पाँचौं योजना अवधिमा यस संस्थान अन्तर्गत २ नयाँ क्याम्पसहरुको स्थापना गरिने छ र एक क्याम्पसको स्तर वृद्धिको काम अधिकतम कार्यक्रम अन्तर्गत रहेको छ । पाँचौं योजना अवधिमा यस संस्थान अन्तर्गत विभिन्न क्याम्पसहरुमा लिइने विद्यार्थी भर्ना सम्वन्धी विवरण निम्न अनुसार छ :-

व्यापार प्रशासन, वाणिज्य शास्त्र तथा

जन प्रशासन अध्ययन संस्थानको भर्ना लक्ष्य

जनशक्तिको वर्गिकरण १	०३२-३३ भर्ना २	०३३-३४ भर्ना ३	०३४-३५ भर्ना ४	०३५-३६ भर्ना ५	०३६-३७ भर्ना ६	जम्मा भर्ना ७
१. प्रमाण पत्र स्तर	२०००	२०००	२०००	२०००	२०००	१००००
२. स्नातक स्तर	१०००	१०००	१०००	१०००	१०००	५०००
३. स्नातकोत्तर	२००	२००	२००	२००	२००	१०००
४. अनुसन्धान	१०	१०	१०	१०	१०	५०
जम्मा	३२१०	३२१०	३२१०	३२१०	३२१०	१६०५०

८. मानविकी र सामाजिक शास्त्र अध्ययन संस्थान

यस अध्ययन संस्थान अन्तर्गतका क्याम्पसहरुमा स्थानीय आवश्यकतानुसार प्रमाणपत्र र स्नातक दुवै स्तर कायम गरी अध्यापन गराउने व्यवस्था गरिएको छ। पाँचौं योजना अवधिमा क्याम्पस संख्यामा साधारणतया थप नगरी बढी विद्यार्थी संख्यालाई अध्ययनको सुविधा प्रदान गरिने छ। स्नातकोत्तर तथा अनुसन्धान तहको अध्यापन केन्द्रीय क्याम्पसमा यथावत चालू राखिनेछ। पाँचौं योजना अवधिमा यस संस्थान अन्तर्गत लिइने विद्यार्थी भर्ना सम्बन्धी विवरण निम्न अनुसार छ :-

मानविकी र सामाजिक शास्त्र अध्ययन संस्थानको भर्ना लक्ष्य

जनशक्तिको वर्गिकरण १	०३२-३३ भर्ना २	०३३-३४ भर्ना ३	०३४-३५ भर्ना ४	०३५-३६ भर्ना ५	०३६-३७ भर्ना ६	जम्मा भर्ना ७
१. प्रमाण पत्र स्तर	४०६०	४४४०	४५००	४५००	४५००	२२०००
२. स्नातक स्तर	२२४५	२०००	१९५५	१९००	१९००	१००००
३. स्नातकोत्तर स्तर	४००	४००	४५०	४५०	५००	२२००
४. अनुसन्धान	१०	१०	१०	१०	१०	५०
जम्मा	६७१५	६८५०	६९१५	६८६०	६९१०	३४२५०

९. विज्ञान अध्ययन संस्थान

यस संस्थान अन्तर्गत भौतिक विज्ञान, जीव विज्ञान, भू-विज्ञान तथा सामान्य विज्ञान गरी चार समूहमा विभाजित गरी साविक बमोजिम प्रमाण पत्र स्तर देखि अनुसन्धान स्तर सम्मको अध्यापन कार्य चालू रहनेछ । जियो-केमिष्ट, जियो-फिजिसिष्ट र जियो-लजिष्ट विषयमा उच्च स्तरीय जनशक्ति तयार गर्ने काम अधिकतम कार्यक्रम अन्तर्गत रहेको छ । योजना अवधिमा यस संस्थान अन्तर्गत लिइने विद्यार्थी भर्ना सम्वन्धी विवरण निम्न अनुसार छ :

विज्ञान अध्ययन संस्थानको भर्ना लक्ष्य

जनशक्तिको वर्गिकरण १	०३२-३३ भर्ना २	०३३-३४ भर्ना ३	०३४-३५ भर्ना ४	०३५-३६ भर्ना ५	०३६-३७ भर्ना ६	जम्मा भर्ना ७
१. प्रमाण पत्र स्तर	१०००	१०००	१०००	१०००	१०००	५०००
२. स्नातक स्तर	५००	५००	५००	५००	५००	२५००
३. स्नातकोत्तर स्तर	१००	१५०	१५०	२००	२००	८००
४. अनुसन्धान	२०	२०	२०	२०	२०	१००
जम्मा	१६२०	१६७०	१६७०	१७२०	१७२०	८४००

१०. कानून अध्ययन संस्थान

देशलाई आवश्यक पर्ने कानून व्यवसाय सम्वन्धी जनशक्ति उत्पादन गर्नु यस अध्ययन संस्थानको उद्देश्य हो । पाँचौं योजना अवधिमा यस संस्थान अन्तर्गत पूर्वी तथा पश्चिमी नेपालमा स्थापना हुने नयाँ क्याम्पसहरु मध्ये एकको स्थापना अधितम कार्यक्रम अन्तर्गत रहेको छ । पाँचौं योजना अवधिमा यस संस्थानले भर्ना लिने अनुमानित विद्यार्थी संख्या निम्न अनुसार छ ।

विज्ञान अध्ययन संस्थानको भर्ना लक्ष्य

जनशक्तिको वर्गिकरण १	०३२-३३ भर्ना २	०३३-३४ भर्ना ३	०३४-३५ भर्ना ४	०३५-३६ भर्ना ५	०३६-३७ भर्ना ६	जम्मा भर्ना ७
१. प्रमाण पत्र स्तर	१६०	१६०	१६०	१६०	१६०	८००
२. स्नातक स्तर	८०	८०	८०	८०	८०	४००

जम्मा	२४०	२४०	२४०	२४०	२४०	१२००

११. संस्कृत अध्ययन संस्थान

पाँचौं योजना अवधिमा दाङस्थित केन्द्रीय क्याम्पस भवनको निर्माण कार्य आ.ब. २०३२।३३ मा शुरु गरी २०३३।३४ मा पूरा गरिने छ । डीन कार्यालय भवनको निर्माण अधिकतम कार्यक्रम अन्तर्गत समावेश गरिएको छ । कृषि कार्यक्रम अन्तर्गत स्टोर तथा कुलो निर्माण सम्पन्न गरिने छ । अन्य क्याम्पसमा थप भौतिक सुविधाहरु उपलव्ध गराइने छ र पाठ्यक्रममा सुधार गरिने छ । यस संस्थान अन्तर्गत विभिन्न क्याम्पसले भर्ना लिने अनुमानित विद्यार्थी संख्या निम्न अनुसार छ :

संस्कृत अध्ययन संस्थानको भर्ना लक्ष्य

जनशक्तिको वर्गिकरण १	०३२-३३ भर्ना २	०३३-३४ भर्ना ३	०३४-३५ भर्ना ४	०३५-३६ भर्ना ५	०३६-३७ भर्ना ६	जम्मा भर्ना ७
१. प्रमाण पत्र स्तर	१००	१००	१००	१००	१००	५००
२. स्नातक स्तर	६०	६०	६०	६०	६०	३००
३. स्नातकोत्तर स्तर	३०	३०	३०	३०	३०	१५०
४. अनुसन्धान	५	५	५	५	५	२२५
जम्मा	१९५	१९५	१९५	१९५	१९५	९७५

१२. आर्थिक विकास तथा प्रशासन केन्द्र

पाँचौं योजना अवधिमा यस केन्द्रद्वारा विभिन्न विषयहरुमा अनुसन्धान तथा मूल्यांकन कार्य गरिनुका साथै विभिन्न तालमिहरु पनि सन्चालन गरिनेछ । अनुसन्धान तथा मूल्यांकन कार्यक्रम अन्तर्गत मुख्यत: योजना, शिक्षा तथा आर्थिक विकासका विभिन्न पक्षहरु सम्वन्धी विषयहरु समावेश गरिएका छन् । यसको साथै केन्द्रले विकास योजना, विकास प्रशासन, साधारण प्रशासन तथा परियोजना विश्लेषण र व्यवस्थापन जस्ता विषयहरुमा विभिन्न किसिमका तालमि सेमिनार तथा विचार गोष्ठी आदिको सन्चालन गर्नेछ ।

१३. नेपाल तथा एशियाली अध्ययन केन्द्र

यस अध्ययन केन्द्रको उद्देश्य नेपाल तथा एशिया सम्वन्धी विभिन्न विषयहरुमा अनुसन्धान कार्य गर्नु र नेपाल सम्वन्धी कुराहरु विश्वमा परिचय गराउनु हो । यस केन्द्रबाट इतिहास, भाषा शास्त्र, समाज र मानव शास्त्र र एशियाली विषयहरुमा अनुसन्धान कार्य चालु राख्नाका साथै सामाजिक तथा सांस्कृतिक पक्षहरुको समेत अध्ययन अनुसन्धान कार्य सन्चालन गरिनेछ ।

१४. त्रिभुवन विश्व विद्यालय केन्द्रीय कार्यालय

पाँचौं योजना अवधिमा त्रि.वि.वि. केन्द्रीय कार्यालयका निमित्त प्रशासकीय भवन निर्माण गरिने कार्यक्रम छ । यस निर्माण कार्यलाई पाँचौं योजनाको अधिकतम कार्यक्रम अन्तर्गत समावेश गरिएको छ । त्रि.वि.वि. केन्द्रीय कार्यालय अन्तर्गत पाठ्यक्रम विकास, अनुसन्धान, राष्ट्रिय विकास सेवा, विद्यार्थीहित कार्यहरु, छात्रवृत्ति आदि कामहरु पनि समाविष्ट छन् । डिप्लोमा स्तरका विद्यार्थीहरुलाई पनि राष्ट्रिय विकास सेवामा सम्मिलित गराउने सम्वन्धमा पाँचौं योजनाकालमा सम्भाव्यता अध्ययन गरिने छ ।

१५. नमूना क्याम्पस

राष्ट्रिय शिक्षा पद्धतिको योजनाले लक्ष्य गरेको शैक्षिक स्तर क्याम्पसहरुमा कायम गराउने उद्देश्यले पाँचौं योजना अवधिमा अनय क्याम्पसहरुको पनि स्तर वृद्धि गराउन नेतृत्व प्रदान गर्न सक्ने किसिमका नमूना क्याम्पसहरुको स्थापना न्यूनतम तथा अधिकतम कार्यक्रम अन्तर्गत गरिनेछ ।

१६. पाठ्यक्रम विकास

नेपालमा उच्च शिक्षाको क्षेत्रमा प्रयोग गरिएका अधिकांश पाठ्यक्रम तथा पाठ्यपुस्तकहरुमा आवश्यक सुधार ल्याउने उद्देश्यबाट पाँचौं योजनामा यस आयोजनालाई समावेश गरिएको छ । नेपाल सम्वन्धी विषयहरुलाई समेत समावेश गरी पाठ्यक्रमलाई सकभर स्पष्ट र विस्तृत गरिनेछ ।

१७. परीक्षा सुधार

परीक्षा सुधार कार्यक्रम अन्तर्गत आन्तरिक मूल्यांकन र सेमिष्टर परीक्षा सन्चालन गर्न प्रत्येक विषयमा विषयगत र वस्तुगत परीक्षाको विकास गरिनेछ । प्रत्येक तहको अन्त्यमा केन्द्रीय स्तरबाट विस्तृत परीक्षा पनि सन्चालन गरिनेछ ।

१८. महिला छात्रावास

अधिराज्यका विभिन्न जिल्लाहरुबाट काठमाडौमा अध्ययन गर्न आउने छात्राहरुलाई आवासको असुविधा भइरहेकोले पाँचौं योजनामा महिलाहरुको लागि एउटा छात्रावासको व्यवस्था गरिनेछ । यसको लागि आ.व. २०३२।३४ मा भवन निर्माण कार्य प्रारम्भ गरी आ.व. २०३३।३४ मा पूरा गरिने छ ।

१९. अन्य कार्यक्रम

पाँचौं योजनाकालमा तल लेखिएका तीन आयोजनाहरु पनि सन्चालन गरिनेछन् । यी आयोजनाहरुका लागि संयुक्त राष्ट्र संघ विकास कार्यक्रम अन्तर्गत सहायता प्राप्त हुनेछ ।

(क) सुपरिवेक्षक प्रशिक्षण कार्यक्रम

(ख) विज्ञान तथा इन्जिनियरिङ्ग प्रशिक्षण विकास कार्यक्रम

(ग) शिक्षा विकास सम्वन्धी समन्वयात्मक कार्यक्रम

अनुसूची- नं. २

उच्च शिक्षा — पाँचौं योजना (२०३२-३७) को कार्यक्रम

आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य	आयोजनाको लाग्ने खर्च रु. ००० मा		कैफियत
				न्यूनतम	अधिकतम	
१. इन्जिनियरिङ्ग अध्ययन संस्थान	विभिन्न स्थान	चालु	विभिन्न स्तरका प्राविधिकहरु उत्पादन गर्ने मध्यम स्तरीय - २८९७ निम्न स्तरीय - ३९३० पोखरा, धनकुटा,सुर्खेत केन्द्रीय क्याम्पसहरुको लागि भवन निर्माण पूरा गर्ने र इटहरीको भौतिक सुविधामा मर्मत सुधार गर्ने	५,७०,००	-	
२. चिकित्सा शास्त्र अध्ययन संस्थान	विभिन्न जिल्ला	चालु	विभिन्न स्तरका प्राविधिकहरु उत्पादन गर्ने मध्येम स्तरीय- १८८५ निम्न स्तरीय - २७०५ सुर्खेत, नेपालगन्ज, पोखरा, तानसेन, भरतपुर, विराटनगर र धनकुटा क्याम्पसहरुको लागि क्याम्पस भवन तथा छात्रावास र महाबौद्ध महाराजगन्ज र नरदेवी क्याम्पसहरुको लागि भवन निर्माण पूरा गरिने	७,२२,००	-	
३. कृषि तथा पशु विज्ञान अध्ययन संस्थान	विभिन्न जिल्ला	चालु	विभिन्न स्तरका प्राविधिकहरु उत्पादन गर्ने उच्च स्तरीय - ३९६ मध्यम स्तरीय - ६३८ निम्न स्तरीय - १०९३ खुमलटार, आठराई, नेपालगन्ज, परवानीपुर, जनकपुर, त्रिपेश्वर क्याम्पसहरुमा छात्रावास भवन, लम्जुङ्ग क्याम्पसमा क्याम्पस र छात्रावास भवन र रामपुरमा क्याम्पस भवन निर्माण पूरा गर्ने	६,००,००	-	

४. वन विज्ञान अध्ययन संस्थान	हेटौंटा	चालु	विभिन्न स्तरका प्राविधिकहरु उत्पादन गर्ने उच्च स्तरीय - १५ मध्यम स्तरीय - ८२२ हेटौंडा छात्रावास भवनको निर्माण कार्य पूरा गरी भण्डार, कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय भवन निर्माण पूरा गर्ने	१,००,००	-	
५.(क) प्रविधि अध्ययन केन्द्र	धरान र काठमाडौ	चालु	विभिन्न स्तरका प्राविधिकहरु उत्पादन गर्ने मध्यम स्तरीय - ९०४ धरान क्याम्पसको क्याम्पस भवन निर्माण पूरा गर्ने	१,४५,००		
+ (ख) प्रविधि अध्ययन केन्द्र	,,	,,	प्राविधिक अध्ययन केन्द्र, काठमाडौको भवन निर्माण पूरा गर्ने तथा धरान क्याम्पसमा उपकरणको व्यवस्था गर्ने	-	३०,००	
६.शिक्षा शास्त्र अध्ययन संस्थान	विभिन्न जिल्ला	चालु	विभिन्न स्तरका शिक्षकहरुलाई तालीम दिने उच्च स्तरीय - ६७४० मध्यम स्तरीय - २६६१० इलाममा क्याम्पस तथा छात्रावास भवन, धनकुटा र (महेन्द्ररत्न क्याम्पस) काठमाडौमा क्याम्पस भवन र वुटवल अथवा नेपालगन्जमा छात्रावास भवन निर्माण पूरा गर्ने	५,००,००	-	
७. (क) व्यापार प्रशासन, वाणिज्य शास्त्र तथा जन प्रशासन अध्ययन संस्थान	विभिन्न जिल्ला	चालु	विभिन्न स्तरका विद्यार्थी भर्ना गर्ने १. प्रमाणपत्र स्तर - १०,००० २. स्नातक स्तर - ५,००० ३. स्नातकोत्तर - १,००० ४. अनुसन्धान - ५०	३०,००	-	
+(ख) व्यापार प्रशासन, वाणिज्य शास्त्र तथा जन प्रशासन अध्ययन संस्थान	विभिन्न जिल्ला	चालु	दुई नयाँ क्याम्पस स्थापना गर्ने १. क्याम्पसको स्तर वृद्धि गर्ने		४,००	

८. मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान	विभिन्न जिल्ला	चालु	विभिन्न स्तरका विद्यार्थी भर्ना गर्ने १. प्रमाणपत्र स्तर - २२,००० २. स्नातक स्तर - १०,००० ३. स्नातकोत्तर - २,२०० ४. अनुसन्धान - ५०	१,५०,००		
९(क) विज्ञान अध्ययन संस्थान	विभिन्न जिल्ला	चालु	विभिन्न स्तरका विद्यार्थी भर्ना लक्ष्य १. प्रमाणपत्र स्तर - ५,००० २. स्नातक स्तर - २५०० ३. स्नातकोत्तर - ८०० ४. अनुसन्धान - १००	८०,००		
+ (ख) विज्ञान अध्ययन संस्थान			जियाकेमिष्ट, जियोफिजिशिष्ट र जियालजिष्ट विषयमा उच्चस्तरीय जनशक्ति तयार गर्ने		२०,००	
१०. (क) कानुन अध्ययन संस्थान	विभिन्न जिल्ला	चालु	विभिन्न स्तरका विद्यार्थी भर्ना गर्ने १. प्रमाणपत्र स्तर - ८०० २. स्नातक स्तर - ४०० एक नयाँ क्याम्पस स्थापना गर्ने	८,००	-	
+ (ख)कानून अध्ययन संस्थान		चालु	थप एक नयाँ क्याम्पस स्थापना गर्ने		३,००	

११(क) संस्कृत अध्ययन संस्थान	विभिन्न जिल्ला	चालु	विभिन्न स्तरका विद्यार्थी भर्ना गर्ने १. प्रमाणपत्र स्तर - ५०० २. स्नातक स्तर - ३०० ३. स्नातकोत्तर - १५० ४. अनुसन्धान - २५ दांग क्याम्पस भवन निर्माण गरी कृषि कार्यक्रम अन्तरगत स्टोर तथा कुलो निर्माण पूरा गर्ने	१८,००	-	
+(ख) संस्कृत अध्ययन संस्थान		चालु	डिन कार्यालय भवन निर्माण पूरा गर्ने		६,००	
१२ आर्थिक विकास तथा प्रशासन केन्द्र	काठमाडौ	चालु	योजना, शिक्षा तथा आर्थिक विकास विषयहरुमा अनुसन्धान गर्ने तथा विभिन्न तालीम गोष्ठि आदि संचालन गर्ने	१,००,००		
१३ नेपाल तथा एशियाली अध्ययन केन्द्र	काठमाडौ	चालु	इतिहास, भाषा शास्त्र, समाज र मानवशास्त्र विषयमा अनुसन्धान गर्ने	५०,००		
१४. (क) त्रिभूवन विश्व विद्यालय	काठमाडौ	चालु	त्रि.वि.वि. संचालन गर्ने	६,१०,००		
+(ख) त्रिभूवन विश्व विद्यालय	काठमाडौ	नयाँ	केन्द्रीय कार्यालयको निमित्त प्रशासकीय भवन निर्माण पूरा गर्ने		१,००,००	
+ १५ (क) नमूना क्याम्पस	विभिन्न जिल्ला	नयाँ	नमुना क्याम्पसहरुको स्थापना गर्ने	१,२५,००		
(ख) नमूना क्याम्पु	,,	नयाँ	थप नमूना क्याम्पसहरुको स्थापना		७५,००	
१६ पाठ्यक्रम विकास	,,	चालु	पाठ्यक्रम तथा पाठ्य पुस्तकमा सुधार ल्याउने	२५,००		
१७ परीक्षा सुधार	,,	नयाँ	परीक्षा सुधार सम्वन्धी कार्य गर्ने	२५,००		
१८ महिला छात्रावास	काठमाडौ	नयाँ	महिला छात्रावास निर्माण गर्ने	१२,००		

१९ अन्य कार्यक्रम	विभिन्न जिल्ला	नयाँ	अन्य कार्यक्रम संचालन गर्ने (क) सुपरिवेक्षक प्रशिक्षण कार्यक्रम (ख) विज्ञान तथा इन्जिनियरिङ्ग प्रशिक्षण विकास कार्यक्रम (ग) शिक्षा विकास सम्वन्धी समन्वयात्मक कार्यक्रम	४८,००		
			जम्मा	३९,१८,००	२,३८,००	
				कूल जम्मा		४१,५६,००

(च) राष्ट्रिय खेलकूद परिषद्

देशका युवावर्गहरुको शारीरिक विकासको लागि खेलकूद व्यवस्था गर्न चाहिने भौतिक सुविधाहरु जुटाउन पाँचौं योजनाकालमा पूर्वान्चल, मध्यमान्चल र पश्चिमान्चलमा राष्ट्रिय खेलकुद परिषद्बाट यस्ता सुविधाहरुको व्यवस्था गर्न चाहिने पूंजीगत खर्च तल लेखिए बमोजिम हुनेछ ।

रु. हजारमा)

खेलकूद	न्यूनतम कार्यक्रमको लागि रकम	अधिकतम कार्यक्रमको लागि थप रकम
१. पूर्वान्चल क्षेत्र	१३,००	४०,००
२. मध्यमान्चल क्षेत्र	२०,००	
३. पश्चिमान्चल क्षेत्र	१७,००	
जम्मा	५०,००	४०,००
	कूल जम्मा ९०,००	

(छ) खर्चको विवरण

पाँचौं योजनामा शिक्षा विकास कार्यक्रम सन्चालन गर्न चाहिने खर्चको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ ।

कार्यक्रम	न्यूनतम कार्यक्रमको लागि रकम	अधिकतम कार्यक्रमको लागि थप रकम
१. प्राथमिक, माध्यमिक, प्रौढ शिक्षा आदि	२४,८५,००	२०,००
२. उच्च शिक्षा	३९,१८,००	२,३८,००
३. खेलकूद	५०,००	४०,००
जम्मा	६४,५३,००	२,९८,००
	कूल जम्मा ६७,५१,००	

परिच्छेद २९

स्वास्थ्य

स्वस्थ जनशक्ति उपलब्ध गराउनु स्वास्थ्य सेवा विकासको प्रमुख उद्देश्य हो । अधिराज्यको समस्त जनतालाई मानसिक तथा शारिरीक दृष्टिकोणबाट स्वस्थ राखी देशको आर्थिक विकास कार्यमा संलग्न गराउने उद्देश्य अनुरुप स्वास्थ्य सेवालाई सामाजिक न्यायको आधारमा विस्तार गर्दै लैजाने स्वास्थ्य क्षेत्रको दीर्घकालिन उद्देश्य रहेको छ । देशमा उपलब्ध सिमित आर्थिक तथा प्राविधिक श्रोतलाई परिचालन गरी सकभर देशको वढी से बढी जनतामा स्वास्थ्य सेवाको सुविधा विस्तार गर्दै लैजाने तर्फ पाँचौं योजनामा बढी जोड दिइएको छ । विकास क्रममा स्वास्थ्य जस्तो सामाजिक क्षेत्रमा गरिएको लगानीबाट जनशक्तिलाई स्वस्थ तथा बढी उत्पादनशील तुल्याउन मद्दत गर्ने हुँदा यस वाट देशको चौतर्फी विकासमा प्रत्यक्ष तथा अप्रत्यक्ष उपलब्धी हासिल गर्न सकिने हुन्छ ।

क. उद्देश्य :

१. रोगीको संख्या घटाउँदै मृत्यु दरलाई कम गरी जनसाधारणको औषत आयुमा वृद्धि गरी शारिरीक, मानसिक तथा पारिवारिक स्वस्थता ल्याउने ।

२. बढी से बढी जनतालाई न्युनतम स्वास्थ्य सेवा उपलब्ध गराई प्रादेशिक सन्तुलन कायम गर्ने ।

३. देशको आर्थिक तथा सामाजिक विकासलाई सघाउ पुऱ्याउने हिसावले जनसंख्याको वृद्धिलाई आवश्यक नियन्त्रण गर्ने ।

४. प्रतिकारात्मक सेवा अन्तर्गत औलो, विफर, क्षय, कुष्ठ आदि सरुवा र संक्रामक रोगहरुको नियन्त्रण, उन्मुलन तथा रोकथाम गर्ने ।

ख. नीति ,

१. देशका बढी से बढी जनतालाई न्युनतम स्वास्थ्य सेवा पुऱ्याउने सम्पूर्ण स्वास्थ्य सेवा कार्यक्रम तथा प्रशासनलाई सुदृढ तथा सक्षम तुल्याउन पाँचौं योजना कालमा सबभन्दा तल्लो तहमा सामान्य चिकित्सा तथा प्रतिकारात्मक सेवा सुलभ गराउने हेतुले क्रमशः एकिकृत हेल्थ पोष्टको व्यवस्था गरिनेछ । जिल्ला स्तरमा हेल्थ पोष्टको प्रेषण (Referral) अस्पतालको रुपमा जिल्ला अस्पताल र जिल्ला अस्पतालको प्रेषण अस्पतालको रुपमा क्षेत्रिय अस्पतालको व्यवस्था गरिने छ । उक्त उल्लेखित आधारभूत एकिकृत हेल्थ पोष्ट तथा जिल्ला अस्पतालको वीच समन्वय स्थापना गर्ने र हेल्थपोष्टहरु सुसंगठित रुपबाट संचालन तथा नीरिक्षण गर्नको लागि जिल्ला जनस्वास्थ्य र क्षेत्रिय जनस्वास्थ्य कार्यालयको स्थापना गरी सम्पूर्ण क्षेत्रको स्वास्थ्य कार्यक्रममा आवश्यक समन्वय स्थापना गरिने छ ।

२. जनसाधारणलाई सामान्य चिकित्सा तथा प्रतिकारात्मक सेवा पुऱ्याउने मुख्य माध्यम नै हेल्थ पोष्ट हुने हुँदा हाल स्थापना भइसकेका हेल्थ पोष्टहरुलाई क्रमशः एकिकृत इकाइको रुपमा विकास गरिनेछ । पाँचौं योजना अवधिमा स्थापना हुने हेल्थ पोष्टहरु पनि सकभर सोही अनुरुप स्थापना गरिने छ ।

३. साधन र प्रशिक्षित जनशक्तिले भ्याए सम्म नयाँ जिल्ला स्तरीय अस्पताल तथा एकिकृत हेल्थ पोष्टको स्थापना गरिने छ ।

४. आयुर्वेदिक चिकित्सा तर्फ हाल स्थापना भइसकेका संस्थाहरुलाई सुसंगठित गरिनेछ र अनुसन्धान कार्य विस्तार गरिने छ ।

५. न्यूनतम स्वास्थ्य सेवा बढी से बढी जनतालाई पुऱ्याउन तल्लो र मध्यम स्तरका प्राविधिक जनशक्तिको बढी खाँचो पर्ने भएकोले सोही अनुरुप चिकित्सा शास्त्र अध्ययन संस्थानको कार्यक्रम पनि निर्धारित गरिनेछ ।

६. श्री ५ को सरकारबाट निर्धारित स्तर तथा नियम अनुसार कार्य संचालन गर्ने गरी गैर सरकारी क्षेत्रमा स्वास्थ्य संस्थाहरुको स्थापना गर्न दिइने छ ।

ग. प्राथमिकता

१. ग्रामिण जनतासम्म यथाशक्य छिटो स्वास्थ्य सेवा उपलब्ध गराउने हेतुले एकिकृत आधारभूत स्वास्थ्य सेवाको विकास गर्ने ।

२. आर्थिक विकाससंग सन्तुलन राख्न बढ्दो जनसंख्यालाई आवश्यक रुपमा नियन्त्रण गर्ने हेतुले देशव्यापी रुपमा परिवार नियोजन तथा मातृ शिशु कल्याण कार्यक्रम संचालन गर्ने ।

३. औलो, विफर, क्षय र कुष्ठ आदि सरुवा रोगहरुको सन्मुलन तथा नियन्त्रण कार्यक्रमको सुदृढीकरण तथा विस्तार गर्ने । संक्रामक रोगहरुको आवश्यक रुपमा रोकथाम गर्ने ।

४. चिकित्सा सेवाको सुदृढीकरण, विकास तथा विस्तार गर्ने ।

घ. लक्ष्य :

१. प्रादेशिक सन्तुलनलाई ध्यानमा राखी साधन र जनशक्तिले भ्याएसम्म आधारभूत हेल्थ पोष्टहरुको विस्तार गरिनेछ । पाँचौं योजनाकालमा यस किसिमका थप ४५९ हेल्थपोष्टहरु स्थापना गरिने छन् ।

२. हालसम्म अस्पताल नभएका १५ देखि २४ वटा जिल्लाहरुमा स्वास्थ्य केन्द्रहरुलाई समेत परिणत गर्ने गरी १५।१५ शैय्याका एक एक अस्पताल स्थापना गरिने छ र विभिन्न क्षेत्रमा चालु रहेका अस्पतालहरुमा पनि जम्मा ४७० शैय्या थप गरिनेछ ।

३. योजना अवधिमा करीव ७,००,००० दम्पतिलाई परिवार नियोजन सेवा उपलव्ध गराई जन्म दरलाई प्रति हजार अनुमानित ४० वाट ३८ मा सीमित गरिने छ । बाल बालिकाहरुको स्वास्थ्य स्तरमा बृद्धि गरी शिशु मृत्यु दर २०० प्रति हजार बाट १५० प्रति हजारमा ल्याइने छ ।

४. औलो उन्मूलनतर्फ योजनाको अन्तिम वर्ष सम्ममा हुने अनुमानित औलो ग्रसित क्षेत्रका ७२ लाख ५३ हजार जनसंख्या मध्ये ६३.०३ लाख जनसंख्या रेखदेख अवस्थामा र ९.५० लाख जनसंख्या आक्रमण अवस्थामा रहने अनुमान छ ।

५. पाँचौं योजनाकालमा अधिराज्यबाट विफल उन्मूलन गरिने छ । तर बाहिरबाट विफरको रोग आउने संभावना पनि भएकोले सर्भेलेन्स कार्य र खोपाउने कार्य चालु नै रहने छ ।

६. क्षय रोग नियन्त्रण कार्यक्रम योजना अवधिमा प्रत्येक विकास क्षेत्रमा सन्चालन गरिने छ । र ०-१४ वर्ष सम्मका बाल बालिकाहरुलाई वी.सी.जी. खोप दिइने छ ।

७. कुष्ठ रोग नियन्त्रण कार्य देशको बढी क्षेत्रमा सन्चालन गरी ४०,००,००० जनसंख्यामा केष्ठ रोगको सर्भेक्षण गरिने छ ।

८. हाल चालु तथा नयाँ खोलिने स्वास्थ्य संस्थाहरुको सुदृढीकरण आवश्यकता अनुसार गरिनेछ ।

ङ कार्यक्रम :

१. क्षेत्रीय स्वास्थ्य कार्यालय :

विकास क्षेत्रहरुको आवश्यकता अनुसार विभिन्न जिल्लाहरुमा प्रादेशिक संतुलनको आधारमा स्वास्थ्य आयोजनाहरु तर्जुमा गर्नु तथा चालु रहेका स्वास्थ्य परियोजनाहरुको सुपरीवेक्षण गर्नु नै क्षेत्रीय स्वास्थ्य कार्यालयको मुख्य उद्देश्य हो । केन्द्रको नीति, निर्देशन अनुसार प्रत्येक क्षेत्रीय कार्यालयले आफ्नो क्षेत्र अन्तर्गतका स्वास्थ्य आयोजनाहरुको प्रशासकीय र प्राविधिक व्यवस्था मिलाउने छ । पाँचौं योजना अवधिमा नेपालगन्ज, पोखरा, काठमाडौ र विराटनगरमा १।१ गरी ४ कार्यालयहरु स्थापना गरिनेछ । क्षेत्रीय कार्यालयको स्थापना र पोखरा कार्यालयको भवन निर्माण कार्य पाँचौं योजनाको न्यूनतम कार्यक्रम अन्तर्गत रहेको छ । अन्य ३ कार्यालय भवनको निर्माण अधिकतम कार्यक्रम अन्तर्गत समावेश गरिएको छ ।

२. जिल्ला स्वास्थ्य कार्यालय :

जिल्लामा रहेका अस्पताल, अन्य स्वास्थ्य संस्था तथा आयोजनाहरुको प्रशासकीय तथा प्राविधिक व्यवस्था मिलाउन जिल्ला स्वास्थ्य कार्यालयको स्थापना गरिएको हो । चौथो योजना अवधिमा बारा, धनुषा, भक्तपु, चितवन, झापा, सिराहा र तनहुँ गरी जम्मा ७ जिल्ला कार्यालय स्थापना भइसकेका छन् । आर्थिक तथा प्राविधिक साधनको दृष्टिकोणबाट प्रत्येक जिल्लामा नै जिल्ला स्वास्थ्य कार्यालयहरु स्थापना गर्नु हाललाई व्यावहारिक नहुने भएकोले जनघनत्व तथा भौगोलिक स्थितिको आधारमा पाँचौं योजनाकालमा जम्मा ४१ जिल्ला स्वास्थ्य कार्यालयहरु स्थापना गरिने छन् । अधिकतम तथा न्यूनतम कार्यक्रमको रुपमा उपलव्ध साधन बमोजिम कार्यालय भवन र क्वाटर निर्माण गरिने छ ।

३. हेल्थ पोष्ट :-

अधिकांश जनसंख्यालाई न्यूनतम स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्य अनुरुप स्वास्थ्य सेवाको आधारभूत तहको रुपमा ग्रामिण क्षेत्रमा हेल्थपोष्टहरु स्थापना गरिएका छन् । नेपालको अधिकांश जनता गाउँघरमै वस्ने भएकोले यी हेल्थ पोष्टहरु बाट ग्रामिण स्तरमा स्वास्थ्य सेवा उपलब्ध गराउन ठूलो सघाउ हुनेछ । चौथो योजनाको अन्त सम्ममा अधिराज्यका विभिन्न जिल्लामा गरी हेल्थ पोष्टहरुको संख्या ३५१ पुग्नेछ । जिल्लामा सन्चालित विभिन्न स्वास्थ्य परियोजनाहरुलाई हेल्थ पोष्टको माध्यमबाट सञ्चालन गर्न चौथो योजनामा वारा र कास्कीका साथै पर्सा, रौतहट, सिराहा, सप्तरीमा एकिकृत स्वास्थ्य सेवा कार्यक्रम सन्चालन गरिएको छ ।

पाँचौं योजना अवधिमा देशका विभिन्न भागमा ४५९ थप हेल्थ पोष्टहरु स्थापना गरिने छन् र योजनाको अन्त्य सम्ममा हेल्थ पोष्टहरुको कूल संख्या ८१० पुग्नेछ । यी हेल्थपोष्टहरुलाई कार्य क्षेत्र र सेवाको किसिम अनुसार क,ख र ग गरी तीन प्रकारमा वर्गीकरण गरिएको छ । "क" प्रकारका हेल्थ पोष्टहरु उच्च पहाडी क्षेत्रमा स्थापना गरी प्रत्येक हेल्थ पोष्टले ५००० जनतालाई परिवार नियोजन तथा मातृ शिशु कल्याण सेवा, डि.पी.टी, विफर, क्षय रोग आदि विरुद्ध विभिन्न खोप सुइ आदि दिने, क्षय तथा कुष्ठ रोगको उपचार, पोषण बारे स्वास्थ्य शिक्षाको साथै सामान्य चिकित्सा सेवा पुऱ्याइनेछ । " ख" प्रकारका हेल्थ पोष्टहरु तराई र पहाडी क्षेत्रका औलो कार्यक्रम नभएका वा सो कार्यक्रम प्रतिरक्षा अवस्थामा नपुगेका इलाकामा स्थापना गरी प्रत्येक हेश्लथ पोष्टले पहाडी क्षेत्रमा १० देखि १५ हजार र तराई र भित्री तराईमा २० देखि २५ हजार जनसंख्यालाई "क" प्रकारका हेल्थ पोष्टले दिने सरहका सबै सेवा पुऱ्याउनेछ । तर यसमा स्वास्थ्य कार्यकर्ताको संख्या बढी हुनेछ । "ग" प्रकारका हेल्थ पोष्ट औलो कार्यक्रम प्रतिरक्षा अवस्थामा भएका इलाकामा स्थापना गरी प्रतयेकबाट परिवार नियोजन तथा मातृ शिशु कल्याण सेवा, स्वास्थ्य शिक्षा, औलोको प्रतिरक्षा कार्य, विफर विरुद्ध खोप र हेरचाह (सर्भेलेन्स), वी.सी.जी. तथा विभिन्न रोगहरु विरुद्ध खोप दिने, क्षय र कुष्ठ रोगीहरु पत्ता लगाउने, उपचार र अनुसरण (फ्लोअप) गर्ने, पोषण सम्वन्धी कार्यक्रम सन्चालन गर्ने, सामान्य चिकित्सा सेवा घर घरमा महिना महिनामा पुऱ्याउने, जन्म मरण सम्वन्धी तथ्याङ्क संकलन गर्ने र "आउट-रीच क्लिनिक" सन्चालन गर्ने आदि कार्यहरु हुनेछन् । पाँचौं योजनाको अन्त्य सम्ममा "क" प्रकारका १००, "ख" प्रकारका ४२०, र "ग" प्रकार २९० गरी जम्मा ८१० हेल्थ पोष्टहरु बाट सेवा पुऱ्याइनेछ ।

४. औलो उन्मूलन :

औलो रोगलाई देशबाट निर्मूल गर्ने उद्देश्यले आ.व. २०१५ देखि औलो उन्मूलन कार्यक्रम सन्चालन गरिएको हो । सामान्यतः सामुद्रिक सतह देखि ४,००० फीट सम्म औलो रोगबाट पिडित हुने भएकोले यो कार्यक्रम देशका औलो ग्रसित ३६ जिल्लाहरुमा सन्चालन भइरहेको छ । यस आयोजना अन्तर्गत औलो ग्रसित क्षेत्रका घर गोठहरुमा वर्षको १ देखि ३ पटक सम्म किटनाशक औषधी छर्कने, रगत संकलन गरी पत्ता लागेका रोगीहरुको आमुलन उपचार गर्ने तथा औलो रोग फैलिन नदिन अन्य उपायहरु अपनाइन्छ । विगत वर्षहरुमा औलो उन्मूलनको लागि गरिएको प्रयासबाट नेपालमा औलो रोगलाई धेरै मात्रामा नियन्त्रित गरिएको छ, तापनि हाल लामखुट्टेमा किटनाशक औषधीहरु प्रति प्रतिरोधात्मक शक्ति बढ्न गएको, अन्यत्र स्थानबाट आएका औलो रोगीहरुमा बृद्धि भएको, अव्यवस्थित वसोवास आदि कारणले गर्दा औलो रोगीहरुको संख्यामा पुनः बृद्धि हुन थालेको देखिन्छ ।

पाँचाईं योजनाको अन्तमा औलो ग्रसित क्षेत्रको जनसंख्या ७२.५३ लाख पुग्ने अनुमान गरिएको छ । यस मध्ये योजनाको अन्त सम्ममा ६३.०३ लाख जनसंख्या रेखदेख अवस्थामा पुऱ्याउने लक्ष्य रहेको छ । ९.५० लाख जनसंख्या मात्र आक्रमण अवस्थामा रहनेछ ।

५. विफर उन्मूलन आयोजना :

देशका सम्पूर्ण जनसंख्यालाई विफर रोगबाट मुक्त गर्न आ.व. २०१८ साल देखि विफर उन्मूलन आयोजना सन्चालन गरिएको छ । यस आयोजना अन्तर्गत नवजात शिशुहरुलाई विफर विरुद्ध खोप दिने, ३।३ वर्ष विराई प्रति वर्ष एक तिहाई जनसंख्यालाई खोप दिने, खत सर्भेक्षण र विफर रोग फैलिएमा नियन्त्रण गर्ने आदि कार्यहरु समावेश छन् । चौथो योजनाको तेस्रो वर्ष, अर्थात आ.व. २०२९।३० सम्ममा, यस कार्यक्रमलाई अधिराज्यभरका सबै जिल्लाहरुमा विस्तार गरिएको थियो ।

चौथो योजनाको अन्त्य सम्ममा प्रथम खोप तथा पुनः खोप गरी जम्मा २,७५,२१,४६२ जवानलाई विफर विरुद्ध खोम र २९,०७,६५५ जवानको खत सर्भेक्षण गरिने अनुमान छ । पाँचौं योजनाको दोस्रो वर्ष

अर्थात आ.व. २०३३।३४ सम्ममा देशबाट विफर रोग उन्मूलन गरिने लक्ष्य राखिएको छ र त्यसपछि संभार कार्य एकिकृत स्वास्थ्य सेवा अनतर्गत सञ्चालन गरिनेछ । पाँचौं योजनाकालमा १,००,००,००० जनतालाई विफर विरुद्ध खोप दिइनेछ ।

६. क्षय रोग निवारण :

जन साधारणलाई क्षय रोगबाट सुरक्षित गर्न २०२२ सालमा अगुवा क्षयरोग निवारण आयोजना सन्चालन गरिएको हो । यस आयोजना अन्तर्गत १५ वर्ष मुनिका बाल बालिका तथा नवजात शिशुहरुलाई वी.सी.जी. दिने र पत्ता लागेका क्षय रोगीहरुको उपचार गर्ने कार्य हुन्छ । प्रत्येक वर्ष यसको क्षेत्रलाई विस्तृत गर्दै लैजाने यस आयोजनाको कार्यक्रम अनुसार हाल सम्ममा बागमती, नारायणी, कोशी, र गण्डकी अन्चलका विभिन्न जिल्लाहरुमा कार्य सनचालन गरिएको छ ।

पाइलट प्रोजेक्टको रुपमा सन्चालन हुँदै आएको क्षय रोग नियन्त्रण कार्यक्रमलाई पाँचौं योजनामा राष्ट्रव्यापी कार्यक्रमको रुपमा सन्चालन गरिने छ । पाँचौं योजनामा मध्यमान्चल, पश्चिमान्चल, सुदूर पश्चिमान्चल र पूर्वान्चलमा एक एक क्षेत्रीय क्षय रोग निवारण आयोजना कार्यालय स्थापना गरिने छ । पाँचौं योजना अवधिमा देशको विभिन्न जिल्लाहरुमा क्षय रोगको सर्भेक्षण गरिनुका साथै सबै जिल्लाहरुको ०-१४ वर्ष सम्मका बाल बालिकाहरुलाई वी.सी.जी. खोप दिइने छ ।

७. कुष्ठ रोग नियन्त्रण :

कुष्ठ रोग नियन्त्रण आयोजना आ.व. २०१९ देखि अगुवा कार्यक्रमको रुपमा सन्चालन गरिएको हो । हाल सम्ममा यो कार्यक्रम कोशी, जनकपुर, सगरमाथा, मेची र लुम्विनी अन्चलहरुमा सन्चालन भइसकेको छ । पाँचौं योजनामा यस कार्यक्रमलाई राष्ट्रव्यापी रुपमा सन्चालन गरिनेछ । यस अनुसार अधिराज्यका विभिन्न पन्चायतहरुका करीव ४०,००,००० जनसंख्यामा सर्भेक्षण गर्दा पत्ता लागेका रोगहिरुको उपचार गरिनेछ । यसको साथै खोकना -काठमाडौ) र मालुङ्गा (स्याँङजा) कुष्ठ रोगी खानाको रोगीहरु मध्ये निको भइसकेको करीव २७ प्रतिशत, अङ्गभङ्ग नभएका करीव ४० प्रतिशत रोगीहरुलाई पुनर्वासको व्यवस्था मिलाइनेछ र करीव ३३ प्रतिशत अङ्गभङ्ग भएका रोगहिरुको निमित्त आवास गृह वनाइने छ ।

८. परिवार नियोजन तथा मातृ शिशु कल्याण :

राष्ट्रिय उत्पादन तथा जनसंख्या वृद्धिमा सन्तुलन ल्याई राष्ट्रिय आयको वृद्धिको अनुपातमा प्रतिव्यक्ति आय तथा जनसाधारणको जीवनस्तर उठाउन जनसंख्या वृद्धिलाई योजनावद्ध तरिकाले नियन्त्रण गर्नु आवश्यक हुन्छ । तसर्थ जनसंख्या नियन्त्रण सम्वन्धी आवश्यकतालाई ध्यानमा राखी तेस्रो योजना देखि नै देशमा परिवार नियोजन कार्यक्रम शुरु गरियो । परिवार नियोजनका साथै गर्भवती तथा सुत्केरी स्त्रीहरु र बाल-बालिकाहरुको स्वास्थ्य स्तरमा समेत सुधार ल्याउनु पर्ने हुँदा योजनाको चौथों वर्षदेखि कार्यक्रमलाई परिवार नियोजन तथा मातृ शिशु कल्याण आयोजनाको रुपमा विस्तृत रुपले सन्चालन गरियो । विवाहित दम्पतिहरुलाई परिवार नियोजन सेवा उपलव्ध गराउने, स्त्रीहरुलाई एण्टीनेटल, पोष्टनेटल सेवा उपलव्ध गराउने, ५ वर्ष मुनिका बाल-बालिकाहरुलाई क्षय, विफर र डी.पी.टी विरुद्ध सुई दिने आदि यस आयोजनाका प्रमुख कार्यहरु हुन् ।

जम दर तथा शिशु मृत्यु दर घटाई जनसंख्या वृद्धिमा योजनावद्ध तरिकाले नियन्त्रण गर्न पाँचों योजना अवधिमा जन्म दरलाई प्रतिहजार अनुमानित ४० बाट ३८ मा सीमित गर्ने र शिशु मृत्यु दर २०० प्रति हजारबाट १५० कायम गर्ने लक्ष्य रहेको छ । यसको लागि योजना अवधिमा थप १७० परिवार नियोजन तथा मातृ शिशु कल्याण केन्द्रहरु तथा १४ जिल्ला कार्यालयहरु स्थापना गरी १५ देखि ४५ वर्ष सम्मका दम्पति मध्ये ७,००,००० लाई परिवार नियोजना सेवा, १,००,००० स्त्रीहरुलाई एण्टीनेटल र पोष्टनेटल सेवा तथा ५ वर्ष मुनिका करिव ५,००,००० बाल बालिकाहरुलाई विफर, वी.सी.जी. तथा डी.पी.टी. भ्याक्सीनहरु दिइनेछ । हाल सम्ममा परिवार नियोजन कार्यक्रमले जनसंख्या नियन्त्रणमा पारेको प्रभावकारिता सम्वन्धी अध्ययन एवं अनुसन्धान गर्न परिवार नियोजनको साधन नियमित रुपमा अपनाउने दम्पतिहरु बारे सर्भेक्षण गरिने र जन्म मृत्युदर छनौट प्रणालीको स्थापना गरिने कार्यक्रम पनि पाँचों योजनामा समावेश गरिएको छ । साथै योजना अवधिमा परिवार नियोजन सेवा तथा मातृ शिशु स्वास्थ्य सेवाको स्तरमा पनि गुणात्मक वृद्धि गर्ने प्रयास गरिनेछ । चलचित्र, रेडियो, सूचना, पोष्टर आदि विभिन्न

माध्यमहरुबाट यस कार्यक्रमलाई बढी प्रभावकारी रुपमा प्रचार प्रसार गरिनुका साथै स्वास्थ्य कार्यकर्ताहरुलाई परिवार नियोजन सम्वन्धी तालिम सन्चालन गरिनेछ । योजना अवधिमा विभिन्न जिल्लामा गरी ५ वटा कार्यालय भवनहरु पनि निर्माण गर्ने कार्यक्रम छ ।

९. अस्पताल :

स्वास्थ्य सेवाको स्तरमा वृद्धि ल्याउन प्रतिकारात्मकको साथै चिकित्सा सेवाको सुदृढीकरण एवं विस्तार गर्न आवश्यक छ । चौथो योजना अवधिमा अस्पतालहरुलाई १००, ५०, २५ र १५ शैय्याका अस्पतालको संख्या ६० (मिसन समेत) र तिनीहरुको शैय्या संख्या २०८८ पुग्नेछ ।

पाँचौं योजनामा प्राविधिक तथा आर्थिक साधनले भ्याएसम्म चिकित्सा सेवाको विस्तार एवं सुदृढीकरण गरिनेछ । विभिन्न शैय्याका अस्पतालहरुबाट दिइने सेवामा एकरुपता ल्याउन यस योजना अवधि देखि शैय्या अनुसारको चिकित्सा सेवाको सुविधा उपलव्ध गराउने प्रयास गरिने छ । १५-२५ शैय्या सम्मका अस्पतालहरुमा विभिन्न रोग, दुर्घटना, स्त्री रोग तथा अन्य सामान्य सल्य चिकित्सा, प्रशुति सेवाको सुविधा पुऱ्याउनुका साथै जन स्वास्थ्य कार्यक्रम सन्चालन गरिने छ । ५० शैय्याका पहिले खुली सेका अस्पतालहरुमा फिजिसियन, सर्जन, प्रसुती, बाल रोग, आँखा, कान, नाम, घाँटी, दन्त रोग सम्वन्धी विशेषज्ञका साथै एनेस्थेटिष्ट, पाथलजिष्ट, रेडियोलजिष्टहरुबाट चिकित्सा सेवा उपलव्ध गराइने छ । ५० शैय्याका नयाँ अस्पतालहरुमा साधारण चिकित्सा सेवा उपलव्ध गराइने छ । १००।१५० शैय्याको अस्पतालहरुमा पनि पुराना ५० शैय्याका अस्पतालमा भए सरहनै विशेषज्ञको समेत व्यवस्था भएका चिकित्सा सेवा पुऱ्याइने छ । २०० शैय्याका अस्पतालहरुमा चर्म रोग, मानसिक रोग तथा ३०० शैय्याको अस्पताल (वीर अस्पताल) मा अर्थोपिडिक सर्जरी सेवाको थप सुविधा उपलव्ध गराइने छ ।

प्रेषण प्रणालीलाई सुव्यवस्थित तरीकाबाट सन्चालन गर्न क्षेत्रीय तथा जिल्ला अस्पतालको निर्धारण गरी ती अस्पतालहरुमा आवश्यकतानुसार शैय्या एवं अन्य सुविधाहरुको वृद्धि गरिने छ । हाललाई नेपालगन्ज, पोखरा, वीर अस्पताल र विराटनगर अस्पताललाई क्रमशः चार विकास क्षेत्रको लागि क्षेत्रीय अस्पतालको रुपमा विकास गरिने छ । यसको लागि नेपालगन्ज अस्पतालमा ५० शैय्या, पोखरा अस्पतालमा १०० र विराटनगर अस्पतालमा १०० शैय्या थप गरिने छ । वीर अस्पतालमा औजार तथा उपकरणहरुको व्यवस्था गरिनाका साथै विभिन्न विषयमा विशेषज्ञ शाखाहरुको स्थापना गरिने छ । हाल चालु रहेका विभिन्न शैय्याका अस्पतालहरुमा शैय्या तथा अन्य सुविधाहरुको व्यवस्था गरिनेछ । भद्रपुर, सुर्खेत, कान्ति र वीरगन्ज अस्पतालहरुमा जनघनत्वको आधारमा क्रमशः २५, १०, १०० र ५० शैय्या थप गरिने छ । स्वास्थ्य कार्यकर्ताहरुको तालीम समेत सन्चालन गर्न धनकुटा र भरतपुर अस्पतालहरुमा क्रमशः १० र २५ शैय्या थप गरिनेछ । यसको अलावा अरु अस्पतालहरुमा आवश्यकतानुसार भवन, औजार तथा अन्य सुविधाहरु उपलव्ध गराइनेछन् ।

अस्पताल सेवाको सुविधा उपलव्ध नभएका जिल्लाहरु मध्ये न्यूनतम र अधिकतम कार्यक्रम अन्तर्गत १५ देखि २४ जिल्लाहरुमा स्वास्थ्य केन्द्रहरुलाई परिणत समेत गर्ने गरी १५।१५ शैय्याका नयाँ अस्पतालहरु स्थापना गरिनेछन् । यसरी हाल चालु रहेका र नयाँ स्थापना गरिने अस्पतालहरु गरी पाँचौं योजनाको अन्तसम्ममा अस्पताल संख्या ७५ देखि ८४ र कूल शैय्या संख्या २७८३ देखि २९१८ सम्म पुग्ने अनुमान गरिएको छ ।

१०. आयुर्वेदिय औषधालय :

आयुर्वेदिय सेवालाई विस्तार एवं सुव्यवस्थित गरिने क्रममा हाल सम्ममा ८२ आयुर्वेदीय औषधालयहरुका साथै एउटा २५ शैय्याको अस्पताल स्थापना गरिएको छ र आयुर्वेदिय विद्यालयलाई महाविद्यालयमा परिणत गरिएको छ । पाँचौं योजना अवधिमा न्यूनतम र अधिकतम कार्यक्रम अन्तर्गत आयुर्वेदीय चिकित्सालयमा २५ शैय्या थप गर्ने, १४ अन्चल स्तरीय आयुर्वेदिय औषधालय र अन्य ५८ औषधालयहरुको भवन निर्मण गर्ने, सिंहदरबार बैद्यखानालाई सुदृढीकरण गर्न औजार उपकरणहरुको व्यवस्था गर्ने र वैद्यखाना भण्डारको निर्माण गर्ने कार्यहरु समावेश गरिएका छन् ।

११. मानसिक अस्पताल :

देशमा मानसिक रोगीहरुको उपचाराथी वीर अस्पतालमा १४ शैय्या छुट्याइएको छ । मानसिक रोगीहरुको अनुपातमा हाल उपलव्ध उपचारको सुविधा ज्यादै कम देखिन्छ । मानसिक रोगहिरुको उपचार

गरी तिनीहरुलाई समाजमा उपयोगी वनाउन पाँचौं योजनाकालमा एउटा मानसिक अस्पतालको स्थापना गरिने छ ।

१२. स्वास्थ्य शिक्षा तथा प्रसार :

सर्व साधारण जनतामा स्वास्थ्य शिक्षा सम्वन्धी ज्ञान बढाई स्वास्थ्य कार्यक्रम प्रति जन चेतना र सक्रियता ल्याउन स्वास्थ्य शिक्षा तथा प्रसार कार्यक्रम सन्चालन गरिएको हो । यस अन्तर्गत स्वास्थ्य शिक्षा सामग्री तयार गरी वितरण गर्ने, स्वास्थ्य सम्वन्धी पाम्पलेट, पोष्टर, रेडियो कार्यक्रम, पत्र पत्रिका आदिद्वारा स्वास्थ्य शिक्षा प्रचार प्रसार गर्ने तथा स्वास्थ्य शिक्षा सम्वन्धी तालीम प्रदान गरिन्छ । पाँचौं योजनामा यी कार्यक्रम चालु राख्नाका साथै क्षेत्रीय तथा जिल्ला स्वास्थ्य कार्यालयहरु र हेल्थ पोष्टहरुमा स्वास्थ्य शिक्षा प्रचार प्रसार कार्यको व्यवस्था गरिनेछ ।

१३. पोषण आयोजना :

पाँचौं योजनामा पोषण आयोजना अन्तर्गत पोषण शाखा स्थापना गर्ने, स्वास्थ्य संस्थाहरु, विशेष गरी अस्पताल र हेल्थ पोष्टहरुमा पोषण शैक्षिक कार्यक्रम सन्चालन गर्ने तथा ग्रामिण स्तरमा शिशु पोषणमा सुधार ल्याउने जस्ता विभिन्न कार्यक्रमहरु सन्चालन गरिने छन् ।

१४. स्वास्थ्य प्रयोगशाला :

हाल सम्ममा काठमाडौमा केन्द्रीय स्वास्थ्य प्रयोगशाला र विशेषज्ञ उपलव्ध भएका अस्पतालहरुमा सानो रुपमा प्रयोगशालाहरु रहेका छन् । पाँचौं योजना अवधिमा न्यूनतम र अधिकतम कार्यक्रम समेत गरी केन्द्रीय स्वास्थ्य प्रयोगशालाको विस्तार गर्न चाहिने भवनको निर्माण गरिनुका साथै ३ क्षेत्रीय तथा केही जिल्ला अस्पतालहरुमा प्रयोगशाला सेवा सुदृढ गरिने छ ।

१५. स्वास्थ्य घुम्ती टोली :

विशेषज्ञ सहितको आधुनिक स्वास्थ्य सेवाको सुविधा अधिराज्यको विभिन्न भागमा पुऱ्याउन स्वास्थ्य घुम्ती टोली कार्यक्रम सन्चालन गरिएको हो । यातायातको कठिनाई, अस्पताल र विशेषज्ञहरुको कमी भएको हाम्रो देशमा स्वास्थ्य घुम्ती टोली कार्यक्रमले जिल्लाहरुको आवश्यकतानुसार समय समयमा विशेष स्वास्थ्य सेवा पुऱ्याउँदै आएको छ । यस किसिमको घुम्ती टोलीको कार्यक्रम पाँचौं योजनामा पनि सन्चालन गरिनेछ । साथै जिल्ला र क्षेत्रीय अस्पतालहरुबाट पनि हेल्थ पोष्टहरुमा नियमित रुपमा डाक्टरहरुको सेवा पुऱ्याइने व्यवस्था गरिएको छ ।

१६. होमियो अस्पताल :

पाँचौं योजनामा हाल चालु रहेको २५ शैय्याको होमियो अस्पताललाई सुदृढीकरण गरिने छ ।

१७. निर्माण सुधार :

अधिराज्यका कतिपय स्वास्थ्य संस्थाहरुको आफ्नो भवन तथा क्वाटर नभएको र हाल भएको भवनहरु पनि पुरानो भई मर्मत गर्नु पर्ने भएकोले भवन निर्माण तथा सुधार जस्ता कार्यहरु गरिनै रहनु पर्ने हुँदा पाँचौं योजनामा पनि आवश्यकता अनुसार विभिन्न स्वास्थ्य संस्थाहरुको भवन तथा क्वाटरहरुको निर्माण तथा सुधार कार्य समावेश गरिएका छन् ।

१८. स्वास्थ्य योजना कार्य प्रणालीको विकास :

स्वास्थ्य सम्वन्धी विभिन्न कार्यक्रमहरु तर्जुमा गर्न तथा यस सेवाको प्रभावकारिता बारे अध्ययन गर्न स्वास्थ्य योजना प्रणालीमा विकास गर्न आवश्यक हुन्छ । स्वास्थ्य सम्वन्धी गतिविधिहरुको अध्ययन तथा विश्लेषणको लागि पाँचौं योजनामा स्वास्थ्य योजना प्रणालीको विकास गरिने छ ।

१९. गैर सरकारी क्षेत्रलाई अनुदान :

पाँचौं योजनामा स्वास्थ्य सेवाको विकासको लागि सरकारी क्षेत्रको साथै गैर सरकारी क्षेत्रलाई पनि सरिक गराउन प्रोत्साहित गरिनेछ । यसरी गैर सरकारी क्षेत्रलाई पनि सकृय गराइएमा श्री ५ को सरकारद्वारा स्वास्थ्य सेवा विकासको लागि गरिएको प्रयासमा सघाउ पुग्न जाने हुन्छ । यसको लागि पाँचौं योजनामा गैर सरकारी क्षेत्रबाट हुने स्वास्थ्य सेवा कार्यलाई उत्साहित गर्न अनुदानको व्यवस्था गरिएको छ ।

२० वर्कशप गोष्ठि तथा छोटो अवधिको तालीम :

स्वास्थ्य सम्वन्धी विभिन्न विषयहरुमा वर्कशप सेमिनार, गोष्ठी तथा छोटो अवधिको तालीम आदि कार्यक्रमहरु पाँचौं योजनामा पनि सन्चालन गरिने छ ।

२१. कण्ठ रोग नियन्त्रण :

आयोडिनयुक्त नून वितरण गरी सर्व साधारण जनतालाई कण्ठ रोगबाट बचाउन आ.व. २०२९।३० देखि कण्ठ रोग नियन्त्रण आयोजना सन्चालन गरिएको हो । यस आयोजना अन्तर्गत विभिन्न जिल्लाहरुमा आयोडिनयुक्त नून वितरण गर्दै आएको छ । पाँचौं योजनामा विभिन्न जिल्लाहरुमा आयोडिनयुक्त नून वितरण गर्ने कार्य यथावत् चालु राखिएको छ र यसको लागि गोदाम घरहरु निर्माण गरिनुका साथै आयोडाइजेशन प्लाण्टको समेत स्थापना गरिने छ ।

(च) खर्चको विवरण

पाँचौं योजना अन्तर्गत स्वास्थ्य सेवा विकासको निमित्त माथि उल्लेख गरिएका कार्यक्रम सन्चालन गर्न चाहिने खर्चको विवरण तल प्रस्तुत गरिएको छ ।

(खर्च रु. ००० मा)

कार्यक्रम	न्यूनतम कार्यक्रमको लागि रकम	अधिकतम कार्यक्रमको लागि थप रकम
१. क्षेत्रीय कार्यालय	३०,००	४०,००
२. जिल्ला कार्यालय	७०,००	२०,००
३. हेल्थ पोष्ट	८,५६,५५	-
४. औलो उन्मूलन	१४,४५,९५	-
५. विफर उन्मूलन	१,५७,००	-
६. क्षयरोग नियन्त्रण	१,१०,००	-
७. कुष्ठ रोग नियन्त्रण	१,२८,००	-
८. परिवार नियोजन तथा मातृ शिशु कल्याण	७,००,००	-
९. अस्पताल	३,३५,००	८९,००
१०. आयुर्वेदिक औषधालय	५१,५०	३०,००
११. मानसिक अस्पताल	१६,००	-
१२. स्वास्थ्य शिक्षा तथा प्रसार	१०,००	१०,००
१३. पोषण आयोजना	१५,००	-
१४. स्वास्थ्य प्रयोगशाला	६०,००	५०,००
१५. स्वास्थ्य घुम्ती टोली	३०,००	-
१६. होमियो अस्पताल	१,००	-
१७. निर्माण सुधार	१,५०,००	५०,००
१८. स्वास्थ्य योजना प्रणालीको विकास	१०,००	५०,००
१९. गैर सरकारी क्षेत्रलाई अनुदान	१०,००	-
२०. वर्कशप सेमिनार तथा छोटो अवधिको तालीम	५,००	-
२१. कण्ठ रोग नियन्त्रण	७०,००	-

जम्मा	४२,६१,००	२,८९,००	
कूल		जम्मा	४५,५०,००

अनुसूची- नं. १

स्वास्थ्य पाँचौं योजना (२०३२-३७) को कार्यक्रम

आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य	आयोजनाको लाग्ने खर्च रु. ००० मा		कैफियत
				न्यूनतम	अधिकतम	
१.(क) क्षेत्रीय स्वास्थ्य कार्यालय	सुर्खेत, पोखरा, काठमाडौ र धनकुटा	नयां	४ क्षेत्रीय कार्यालय स्थापना गरी पोखरा कार्यालयको लागि भवन र्निर्माण गर्ने	३०,००	-	
+ (ख) क्षेत्रीय स्वास्थ्य कार्यालय	सुर्खेत धनकुटा र काठमाडौं	नयाँ	३ कार्यालयको लागि भवन निर्माण गर्ने	-	४०,००	
२. (क) जिल्ला स्वास्थ्य कार्यालय	विभिन्न जिल्ला	नयाँ	४१ जिल्ला कार्यालय स्थापना गर्ने आवश्यकतानुसार भवन निर्माण गर्ने	७०,००	-	
+(ख) जिल्ला स्वास्थ कार्यालय			आवश्यकता अनुसार कार्यालय भवन तथा क्वाटर निर्माण गर्ने		२०,००	
३. हेल्थ पोष्ट	,,	नयाँ	४५९ हेल्थ पोष्टहरु स्थापना गर्ने र आवश्यकतानुसार हेल्थ पोष्ट भवन तथा क्वाटर निर्माण गर्ने	८,५६,५५	-	
४औलो उन्मुलन	,,	चालु	आक्रमण अवस्थामा रहने जनसंख्या ९,५० लाख रेखदेख अवस्थामा रहने जनसंख्या ६३.०३ लाख	१४,४५,९५	-	
५. विफर उन्मूलन	विभिन्न जिल्ला	चालु	विफर विरुद्ध खोप दिने जनसंख्या १,००,००,०००	१,५७,००	-	
६ क्षय रोग निवारण	विभिन्न जिल्ला	चालु	०-१४ वर्ष सम्मका बालबालिकाहरुलाई वी.सी.जी. खोप दिने ।	१,१०,००	-	

७ कुष्ठ रोग नियन्त्रण	विभिन्न जिल्ला	चालु	(क) कुष्ठ रोगीहरुको सर्भेक्षण ४०,००,००० (ख) खोकना -काठमाडौ) र मालुंगा (स्याङजा) कुष्ठरोगी खानाका उपयुक्त रोगीहरुलाई पुनर्वासको व्यवस्था गर्ने	१,२८,००	-	
८. परिवार नियोजन तथा मातृ शिशु कल्याण	विभिन्न जिल्ला	चालु	(क) जिल्ला कार्यालय स्थापना १४ (ख) परिवार नियोजन तथा मातृ शिशु कल्याण केन्द्र स्थापना १७० (ग) परिवार नियोजन सेवा उपलब्ध गराउने दम्पत्ति ७,००,०० (घ) एन्टीनेटल र पोष्ट नेटल सेवा उपलब्ध गराउने स्त्रीहरु १,००,००० (ङ) वी.सी.जी.,डी.पी.टी आदि भ्याक्सीन दिइने ५ वर्ष मुनिका बालबालिकाहरु ५,००,००० (च) सर्भेक्षण, जन्म मृत्यु दर्ता प्रणालीको स्थापना, परिवार नियोजनको प्रचार प्रसार तथा स्वास्थ्य कार्यकर्ताहरुलाई तालिम दिने (छ) ५ वटा भवन निर्माण गर्ने ।	७,००,००	-	
९. अस्पताल (क) क्षेत्रीय अस्पताल	नेपालगन्ज , पोखरा, काठमाडौ र विराटनगर	नयां	(क) नेपालगन्ज, पोखरा र विराटनगर अस्पताललाई क्षेत्रीय अस्पतालको रुपमा विकास गर्न क्रमशः ५०, १०० र १०० शैय्या थप गर्ने तथा वीर असपतालमा विभिन्न विशेषज्ञ शाखाहरुको स्थापना गर्ने	३,३५,००		
(ख) चालु अस्पतालमा शैय्या वृद्धि गर्ने	विभिन्न जिल्ला	चालु	(ख) भद्रपुर, सुर्खेत, वीरगञ्ज र कान्ती अस्पतालमा क्रमशः २५,१०,५० र १०० शैय्या थप गर्ने र धनकुटा र भरतपुरमा क्रमशः १० र २५ शैय्या थप गर्ने ।		-	
(ग) (१) नयाँ अस्पतालको स्थापना	विभिन्न जिल्ला	नयाँ	१५ शैय्याको १५ वटा अस्पताल स्थापना गर्ने । आवश्यकतानुसार अस्पताल भवन तथा क्वाटर निर्माण गर्ने	-	-	

+(२)नयाँ अस्पतालको स्थापना	,,	,,	१५ शैय्याको ९ वटा अस्पताल स्थापना गर्ने । आवश्यकता अनुसार अस्पताल भवन तथा क्वाटर निर्माण गर्ने	-	८९,००	
१० -क) आयुर्वेदिय औषधालय	विभिन्न जिल्ला	चालु	(क) आयुर्वेदिय औषधालयमा २५ शैय्या थप गर्ने । (ख) ८ अन्चल औषधालय र ३० आयुर्वेदिय औषधालयमा भवन निर्माण गर्ने । (ग) सिंहदरबार वैद्यखानामा औजार उपकरणको व्यवस्था गर्ने	५१,५०	-	
+(ख) आयुर्वेदीय औषधालय	विभिन्न जिल्ला	चालु	६ अन्चल औषधालय तथा २८ आयुर्वेदिय औषधालयको भवन निर्माण गर्ने र सिंहदरबार वैद्यखानामा भण्डार निर्माण गर्ने	-	३०,००	
११. मानसिक अस्पताल	काठमाडौ	नयाँ	मानसिक अस्पतालको स्थापना गर्ने	१६,००	-	
१२ (क) स्वास्थ्य शिक्षा तथा प्रसार	विभिन्न जिल्ला	सालवसाली	पाम्लेट, पोष्टर, रेडियो कार्यक्रम पत्र पत्रिका आदिद्वारा स्वास्थ्य शिक्षा प्रचार प्रसार गर्ने, क्षेत्रीय तथा जिल्ला स्वास्थ्य कार्यालयहरुमा स्वास्थ्य शिक्ष कार्यक्रम संचालन गर्ने	१०,००	-	
+(ख) स्वास्थ्य शिक्षा तथा प्रसार	विभिन्न जिल्ला	सालवसाली	प्रचार प्रसार सम्वन्धी थप कार्यक्रम संचालन गर्ने	-	१०,००	
१३ पोषण आयोजना	विभिन्न जिल्ला	नयाँ	पोषण आयोजना संचालन गर्ने	१५,००	-	
(क) स्वास्थ्य प्रयोगशाला	विभिन्न जिल्ला	चालु	केन्द्रिय प्रयोगशालाको विस्तार गर्न भवन निर्माण गरीनुका साथै ३ क्षेत्रीय तथा केही जिल्ला अस्पतालहरुमा प्रयोगशाला सेवा सुदृढ गर्ने	६०,००	-	
+(ख)स्वास्थ्य प्रयोगशाला	,,	चालु	थप जिल्ला अस्पतालहरुमा आवश्यकता अनुसार प्रयोगशाला सेवा सुदृढ गर्ने	-	५०,००	
१५ स्वास्थ्य घुम्ती टोली	,,	चालु	विभिन्न जिल्लाहरुमा विशेषज्ञ सहितको घुम्ती टोलीद्वारा स्वास्थ्य सेवा पुऱ्याउने	३०,००	-	
१६ होमियो अस्पताल	काठमाडौ	चालु	१५ शैय्याको होमियो अस्पताललाई सुदृढीकरण गर्ने	१,००	-	

१७ (क) निर्माण सुधार	विभिन्न जिल्ला	चालु	आवश्यकता अनुसार विभिन्न स्वास्थ्य संस्थाहरुको भवन तथा क्वाटर निर्माण तथा सुधार गर्ने	१,५०,००	-	
+(ख) निर्माण सुधार	विभिन्न जिल्ला	चालु	आवश्यकता अनुसार थप निर्माण सुधारको कार्य गर्ने	-	५०,००	
१८ स्वास्थ्य योजना प्रणालीको विकास	काठमाडौ	नयाँ	स्वास्थ्य योजना प्रणालीको विकास गर्ने	१०,००	-	
१९. गैर सरकारी क्षेत्रलाई अनुदान	विभिन्न जिल्ला	,,	गैर सरकारी क्षेत्रलाई अनुदान दिने ।	१०,००	-	
२० वर्कशप गोष्ठी तथा छोटो अवधिको तालीम	विभिन्न जिल्ला	चालू	स्वास्थ्य सम्वन्धी वर्कशप, सेपमनार तथा गोष्ठी संचालन गर्ने	५,००	-	
२१ कण्ठ रोग नियन्त्रण	विभिन्न जिल्ला	चालू	आयोडिन युक्त नुन वितरण गर्ने गोदाम घर निर्माण गर्ने तथा आयोडाइजेशन प्लाण्ट स्थापना गर्ने ।	७०,००	-	
			जम्मा	४२,६१,००	२,८९,००	

कूल जम्मा : ४५,५०,००

परिच्छेद ३०

खानेपानी तथा ढल निकास

जनताको स्वास्थ्य रक्षा एवं सार्वजनिक सरसफाइको साथै सामाजिक औचित्यको दृष्टिकोणबाट पनि खानेपानी तथा ढल निकासको व्यवस्था आधारभूत आवश्यकता हुन आउंदछ । नेपाली जनसंख्याको ठूलो भाग स्वच्छ तथा शुद्ध खानेपानीको अभावबाट पिडित छ । द्रुततर गतिमा बढ्दै गइरहेको जनसंख्याको अनुपातमा पाइपद्वारा वितरित स्वच्छ खानेपानीको उपलब्धीमा वृद्धि हुन सकेको छैन । ढल निकाश प्रणालीको पनि उचित ढंगबाट विकाश हुन सकेको छैन ।

हालसम्म सम्पन्न भएका विभिन्न खानेपानी आयोजनाहरु अन्तरगत पाइप वितरण प्रणालीबाट खानेपानीको क्षमता प्रतिदिन करीव १,५७,६४,३५० ग्यालन पुगेको र कूल जनसंख्याको ७.२५ प्रतिशतलाई मात्र पाइपद्वारा वितरित खानेपानीको सुविधा उपलब्ध भएको अनुमान गरिएको छ । पाँचौं योजनामा खानेपानी तथा ढल निकाश व्यवस्था गर्न निम्न लिखित उद्देश्य अपनाइएको छ ।

क. उद्देश्य

१. पाइप वितरण प्रणालीद्वारा बढी से बढी जनतालाई पायक पर्ने ठाउँमा पर्याप्त शुद्ध एवं स्वच्छ खानेपानीको सुविधा प्रदान गर्ने ।

२. शहरी क्षेत्रहरुमा क्रमशः ढल निकाशको व्यवस्था गर्ने ।

३. चार विकाश क्षेत्रमा यथा संभव प्रादेशिक सन्तुलन कायम गर्ने ।

ख. नीति

सम्पूर्ण अधिराज्यभर समान स्तरको खानेपानी तथा ढल निकाशको सुविधा प्रदान गर्न आर्थिक एवं भौतिक दृष्टिकोणबाट तत्कालै संभव नहुने हुँदा सम्पूर्ण जनसंख्यालाई संख्याको हिसाबबाट तालिक नं. ४ अनुसार ६ किसिमको समुदायमा विभाजित गरी विभिन्न स्तरको खानेपानी सम्वन्धी सुविधा उपलब्ध गराउन निम्न वमोजिमका नीतिहरु अपनाइएका छन् ।

(क) समुदाय (क) र (ख) को निमित्त प्रतिव्यक्ति प्रतिदिन पानीको सप्लाई २० देखि ३० ग्यालन जति पुऱ्याउने र यथासंभव ढल निकाशको प्रवन्धगर्न निजी धाराहरुको अधिकाधिक वितरण गरी आत्मनिर्भर हुने किसिमबाट पानी सेवा महसूलको व्यवस्था गर्ने ।

(ख) समुदाय (ग) को निमित्त प्रतिव्यक्ति प्रतिदिन पानीको सप्लाई १५ देखि २० ग्यालन जति पुऱ्याइने छ । केही क्षेत्रमा सामान्य ढल निकासको व्यवस्था द्वारा स्थानीय सरसफाईमा सुधार गर्न प्रारम्भिक कार्य गरिने छ ।

(ग) समुदाय (घ) र (ङ) को निमित्त १० ग्यालन जति पानी प्रतिदिन प्रति व्यक्ति उपलब्ध गराइनेछ । यहाँ सार्वजनिक धाराहरुको मात्र व्यवस्था गरिनेछ । यी आयोजनाहरु पूर्णतया श्री ५ को सरकारको अनुदानमा निर्भर रहनेछन् ।

(घ) समुदाय (च) को निमित्त साविक खानेपानी व्यवस्थामा केही सुधार तथा नवीकरण गर्ने कार्यक्रम संचालित हुनेछ । यहाँ सार्वजनिक धाराहरुको मात्र व्यवस्था गरी प्रति व्यक्ति प्रतिदिन पानीको सप्लाई ५ देखि ७ ग्यालनसम्म प्राप्त गराइनेछ । स्थानीय श्रमशक्ति तथा निर्माण सामग्रीहरुको अधिकाधिक उपयोग हुन सक्ने एवं स्थानीय जनताको बढी से बढी सहयोग उपलब्ध गर्न सकिने खालका आयोजनाहरु कार्यान्वित गरिने छ । यस समुदायमा करीव ५४,४१,०५९ जनसंख्या भएको र यसको ३.५ प्र.श. अर्थात करीव १,९५,००० जनसंख्यालाई मात्र हाल पाइपद्वारा वितरित खानेपानीको सुविधा पुगेको अनुमान गरिएको छ । आगामी पञ्चवर्षिय योजनामा २ प्रतिशत थप अर्थात १,०८,००० जनसंख्यालाई खानेपानीको व्यवस्था गरिने छ । यस कार्यक्रमलाई स्थानीय जनताको समेत सहयोग प्राप्त गरी स्थानीय विकास विभागवबाट संचालन गरिने छ ।

ग. लक्ष्य

१. समुदाय (क) र (ख) को निमित्त साविक रहेको खानेपानी आयोजनाहरुको सुधार, नवीकरण तथा विस्तार मात्र गरी खानेपानीको परिमाण र गुणात्मक स्तरमा वृद्धि ल्याइने छ । तर विश्व बैंकको

सहायताबाट संचालित काठमाडौ, ललितपुर तथा पोखराको गुरु योजना पूर्व निर्धारित कार्यक्रम बमोजिम कार्यान्वयन गरिनेछ ।

२. (ग), (घ) र (ङ समुदायहरुका हकमा नयाँ आयोजनाहरुको कार्यान्वयनबाट, ३,९६,००० देखि ४,९६,००० थप जनसंख्यालाई ५९,४०,००० देखि ७५,००,००० थप ग्यालन खानेपानी पुऱ्याउने लक्ष्य निर्धारित गरिएको छ । यस सम्वन्धी विवरण तालिका नं. २ र ३ मा विस्तृत रुपले प्रस्तुत गरिएको छन् ।

३. समुदाय (च) अन्तरगत ग्रामीण स्तरमा स्वच्छ खानेपानीको सुविधा उपलव्ध गराउन ३,००० भन्दा कम जनसंख्या भएको क्षेत्रमा यथाशक्य स्थानीय श्रमशक्ति तथा निर्माण सामग्रीहरुबाट निर्माण गर्न सकिने खालका खानेपानी आयोजनाहरु संचालन गरिने छन् । यी आयोजनाहरुको निर्माणबाट उपलव्ध हुन आउने खानेपानी तालिका नं. ४ र ५ मा उल्लेख गरिए अनुसार १,०८,००० थप जनसंख्यालाई खानेपानीको सुविधा पुऱ्याइने छ । युनिसेफको सहायता र स्थानीय जनताको सहयोगबाट निर्माण हुने यी आयोजनाहरु स्थानीय विकास विभाग मार्फत संचालन गरिने छन् ।

पाँचौं योजनामा पूरा हुने चालु आयोजनाहरु र नयाँ सन्चालन गरिने आयोजना लगायत स्थानीय विकास विभाग अन्तरगत संचालन गरिने गाउँस्तरीय खानेपानी आयोजनाहरुबाट योजनाको अन्त्य सम्ममा तालिका नं. ४ र ५ मा उल्लेख गरिए अनुसार २०२८ सालको जनगणना अनुसारको कूल जनसंख्या मध्ये पाइपबाट खानेपानीको सुविधा पाएका अनुमानित ७.२५ प्रतिशतबाट न्यूनतम कार्यक्रमको रुपमा १२.२ प्रतिशत र अधिकतम कार्यक्रमको रुपमा १३.१ प्रतिशत पुऱ्याउने लक्ष्य निर्धारित गरिएको छ ।

४. भविष्यमा संचालन गरिने खानेपानी तथा ढल निकास आयोजनाहरुको लागि सर्वेक्षण तथासंभाव्यता अध्ययन गरी संभाव्य आयोजनाहरुको डिजाइन तथा विस्तृत लगत इष्टिमेट तयार गरिने छ ।

घ. कार्यक्रम

१. चौथो योजनाबाट सारिने आयोजनाहरु :

चौथो योजना अवधिमा निर्माण कार्य शुरु गरिएको तर सम्पन्न भइनसकेका तल उल्लेखित १९ वटा खानेपानी आयोजनाहरु छन् । पाँचौं योजनामा यी अधुरा खानेपानी आयोजनाहरुको निर्माण कार्य सम्पन्न भई ६७,६३४ थप जनसंख्यालाई प्रतिदिन करीव १०,८४,३०० ग्यालन थप पानी उपलव्ध हुने अनुमान छ । यस सम्वन्धी विवरण तालिका १ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. १

चौथो योजनाबाट सारिएका खानेपानी आयोजनाहरु

आयोजनाको नाम	उपलव्ध हुने पानीको अनुमान प्रतिदिन(ग्यालन)	लाभान्वित जनसंख्या	पाँचौं योजनाको लागि आवश्यक रकम
१	२	३	४
१. डडेलधुरा खानेपानी योजना	६०,०००	४,०००	१०,००,०००
— डडेलधुरा			
२. रिडिकोट खानेपानी योजना	४५,०००	३,०००	९,००,०००
— अछाम			
३. दैलेख खानेपानी योजना	९,५००	२,६००	२,११,०००
— दैलेख			
४. सल्यान खानेपानी योजना	३३,०००	३,३००	३,१०,०००
— सल्यान			
५. लुङ खानेपानी योजना	२०,०००	४,०००	१,६०,०००

— प्यूठान			
६. बाग्लुङ खानेपानी योजना	५२,५००	५,२००	७,५०,०००
— बाग्लुङ			
७. पाल्पा खानेपानी योजना	१,७२,८००	६,४३४	३६,००,०००
— पाल्पा			
८. रिघा खानेपानी योजना	१९,०००	२,२००	२,८०,०००
— गुल्मी			
९. बलकोट खानेपानी योजना	८०,०००	५,०००	१२,००,०००
— अर्घाखाँची			
१०. वेशी शहर खानेपानी योजना	४,५००	३००	१,७९,०००
— लमजुङ			
११. लुभु खानेपानी योजना	२१,६००	४,६००	२,००,०००
— ललितपुर			
१२. फलाटे खानेपानी योजना	२२,५००	१,५००	१,४०,०००
— काभ्रेपलान्चोक			
१३. भरतपुर खानेपानी योजना	१,५०,०००	९,२००	३३,००,०००
— भरतपुर			
१४. नाम्दु खानेपानी योजना			
- दोलखा	११,५००	१,२००	५०,०००
१५. रामेछाप खानेपानी योजना			
- रामेछाप	१२,०००	१,२००	१,७०,०००
१६. भोजपुर खानेपानी योजना			
- भोजपुर	६१,०००	४,६००	२,००,०००
१७. चौतारा खानेपानी आयोजना			
(नविकरण तथा विस्तार)	६०,०००		३,००,०००
१८. ट्यूववेल बोरिङ्ग आयोजना			
कलश्रैया, गौर, मलङ्गवा, र जलेश्वर	१,४०,०००	९,३००	४६,५०,०००
१९. इलाम बजार खानेपानी आयो			
जना (नविकरण तथा विस्तार)	१,०९,४००		२४,००,०००
जम्मा	१०,८४,३००	६७,६३४	२,००,००,०००

२. नयाँ आयोजनाहरुको निर्माण :

वर्गीकरण अनुसार (ग), (घ) र (ङ) समुदायहरुलाई खानेपानीको सुविधा पुऱ्याउन पाँचौं योजनामा नयाँ खानेपानी आयोजनाहरुको सन्चालन गरिनेछन् । न्यूनतम कार्यक्रम अन्तर्गत ७२ वटा खानेपानी आयोजनाहरु निर्माण गरी अधिराज्यको ३,९६,००० थप जनसंख्या लाई प्रति दिन ५९,४०,००० ग्यालन खानेपानीको सुविधा उपलब्ध गराइने छ । अधिकतम कार्यक्रम अन्तर्गत ९० वटा खानेपानी आयोजनाहरु

निर्माण गरी अधिराज्यको ४,९६,००० थप जनसंख्यालाई प्रतिदिन ७५,००,००० ग्यालन खानेपानीको सुविधा उपलब्ध गराइने छ । यस सम्बन्धी विवरण तलका तालिका नं. २ र ३ मा प्रस्तुत गरिएका छन् ।

तालीका नं. २

पांचौं योजनामा सन्चालन गरिने न्यूनतम नयाँ खानेपानी आयोजनाहरु

विकास क्षेत्र	आयोजनाको संख्या	अनुमानित उप-लब्ध हुने खानेपानी (ग्यालन प्रतिदिन	लाभान्वित हुने अनुमानित जनसंख्या	आयोजनामा लाग्ने खर्च रु.
१. पूर्वान्चल	१८	१४,८५,०००	९९,०००	२,०१,७५,०००
२. मध्यमान्चल	१८	१४,८५,०००	९९,०००	२,०१,७५,०००
३. पश्चिमान्चल	१८	१४,८५,०००	९९,०००	२,०१,७५,०००
४. सुदूर पश्चिमान्चल	१८	१४,८५,०००	९९,०००	२,०१,७५,०००
जम्मा	७२	५९,४०,०००	३,९६,०००	८,०७,००,०००

तालीका नं. ३

पांचौं योजनामा सन्चालन गरिने अधिकतम नयाँ खानेपानी आयोजनाहरु

विकास क्षेत्र	आयोजनाको संख्या	अनुमानित उप-लब्ध हुने खानेपानी (ग्यालन प्रतिदिन	लाभान्वित हुने अनुमानित जनसंख्या	आयोजनामा लाग्ने खर्च रु.
१. पूर्वान्चल	२२	१८,४५,०००	१,२२,०००	२,४६,३८,०४४
२. मध्यमान्चल	२२	१८,४५,०००	१,२२,०००	२,४६,३८,०४४
३. पश्चिमान्चल	२३	१९,०५,०००	१,२६,०००	२,५७,५७,९५६
४. सुदूर पश्चिमान्चल	२३	१९,०५,०००	१,२६,०००	२,५७,५७,९५६
जम्मा	९०	७५,००,०००	४,६९,०००	१०,०७,००,०००

३. ग्रामीण खानेपानी आयोजना

समुदाय (च) अन्तरगत ग्रामीण खानेपानी आयोजनाको संचालन स्थानीय विकास विभाग अन्तरगत हुने हुँदा पन्चायत सम्बन्धी परिच्छेदमा यस सम्बन्धी विवरण दिइएको छ ।

४. खानेपानी आयोजना सर्भेक्षण तथा डिजाइन :

नयाँ खानेपानी आयोजनाहरु संचालन गर्न सर्भेक्षण तथा डिजाइन इष्टिमेट हुन आवश्यक छ । पाँचौं योजनामा आवश्यकतानुसार विभिन्न क्षेत्रहरुमा खानेपानी आयोजनाहरुको सभेक्षण गरी संभाव्य आयोजनाहरुको डिजाइन तथा विस्तृत लगत इष्टिमेट तयार गरिने छ ।

५. वृहत खानेपानी तथा ढल निकास गुरु आयोजना

विश्व वैंकको ऋण सहायताबाट काठमाडौ, ललितपुर तथा पोखराको लागि गृहत खानेपानी तथा ढल निकाशको गुरु योजना तर्जुमा भई निर्माण कार्य समेत चौथो योजनाकालदेखि नै चालू रहेको हो । पाँचौं योजनाकालमा गुरु आयोजना अनुसार निर्माण कार्य सम्पन्न गरिनेछ । हाल काठमाडौ, ललितपुर र पोखरामा क्रमशः ५६,१७,७७७,५,५५,५५५ र ३,००,००० ग्यालन पानी प्रतिदिन उपलब्ध भइरहेको छ । यस आयोजना पूरा भएपछि काठमाडौमा २९,६४,०० ललितपुरमा १८,८९,००० र पोखरामा ११,६७,००० ग्यालन प्रतिदिन थप खानेपानी उपलब्ध हुने अनुमान गरिएको छ । यसरी पाँचौं योजना अवधिमा यस आयोजनाबाट काठमाडौ, ललितपुर तथा पोखरा तीनै शहरहरुमा गरी प्रतिदिन करिब ६०,२०,००० ग्यालन थप खानेपानी उपलब्ध हुने अनुमान छ ।

काठमाडौ र ललितपुरमा आधुनिक ढल निकासको व्यवस्था गर्ने सिलसिलामा यस आयोजना अन्तर्गत मुख्य ढल निकासहरु वनाइने छ । यस सन्दर्भमा काठमाडौको लागि धोविघाट र ललितपुरको लागि कोदखुमा क्रमशः २५४ लाख र ५२ लाख लिटर सिवेज प्रतिदिन क्षमता भएको २ वटा प्रशोधन केन्द्रहरुको निर्माण गरिने छ । हाल बागमती र विष्णुमतीमा सोझै वगिरहेको फोहर मैला पानीलाई मुख्य ढलहरुद्वारा ती प्रशोधन केन्द्रहरुमा पुऱ्याई उपयुक्त स्तरसम्म सफा गरेर मात्र बागमतीमा वहन दिइनेछ ।

६. वृहत खानेपानी तथा ढल निकास आयोजना (दोश्रो चरण) :

विभिन्न शहरी क्षेत्रहरुमा खानेपानी तथा ढल निकासको क्रमशः विस्तार गर्दै लैजाने कार्यक्रमको सिलसिलामा पाँचौं योजनामा काठमाडौ उपत्यका बाहिरका प्रमुख शहरी क्षेत्रहरुमा पनि खानेपानी तथा ढल निकासको विस्तृत संभाव्यता अध्ययन तथा डिजाइन तयार पार्ने काम अधिकतम कार्यक्रमको रुपमा समावेश गरिएको छ ।

७. ढल निकास

स्वास्थ्य वातावरणको साथै सार्वजनिक सरसफाईको लागि ढल निकासको पनि क्रमशः व्यवस्था गर्दै लैजाने नीति अनुसार चौथो योजना अवधिमा केही शहरी क्षेत्रहरुमा ढल सर्भेक्षण कार्य प्रारम्भ गरिएको हो । पाँचौं योजनामा पनि ११ शहरी क्षेत्रहरुमा ढल सर्भेक्षण गरी डिजाइन इष्टिमेट तयार पार्ने कार्यक्रम रहेको छ ।

(ङ) खर्चको विवरण :

पाँचौं योजना अन्तर्गत खानेपानी तथा ढल निकासको निमित्त माथि उल्लेख गरिएका कार्यक्रम संचालन गर्न चाहिने खर्चको विवरण तल प्रस्तुत गरिएको छ ।

(खर्च रु. हजारमा)

कार्यक्रम	न्यूनतम कार्यक्रमको लागि रकम	अधिकतम कार्यक्रमको लागि थप रकम
१. चौथो योजनाबाट सारिने आयोजनाहरु	२,००,००	-
२. नयाँ आयोजनाहरुको निर्माण	८,०७,००	२,००,००
३. ग्रामीण खानेपानी आयोजना	१,५०,००	-
४. सर्भेक्षण तथा डिजाइन	५०,००	-
५. वृहत खानेपानी तथा ढल निकाश गुरु आयोजना	९,४३,००	-
६. वृहत खानेपानी तथा ढल निकाश गुरु आयोजना (दोस्रो चरण)	-	१,००,००
७. ढल निकास	१५,००	१५,००
जम्मा	२१,६५,००	३,१५,००
कूल	जम्मा	२४,८०,००

तालिका नं. ४

पाँचौं योजनाको अन्त्यसम्ममा हुने स्थिति (अधिकतम)

समुदायको श्रेणी र जनसंख्या	समुदायको संख्या	समुदायको अनुमानित जनसंख्या	आजसम्म लाभान्वित जनसंख्या (अनुमानित)	प्रतिशत	पाँचौं योजनामा लाभान्वित हुने अनुमानित कूल जनसंख्या	प्रतिशत
(क) ५०,०००-१,००,०००	२	२०९४५१	२०९४००	१०० प्र.श.	२०९४००	१०० प्र.श.
(ख) १०,०००-४९,९९९	२२	३७२९८५	२२३४००	६० प्र.श.	२२३४००	६० प्र.श.
(ग) ५,०००-९,९९९	१३४६	५५३२४८८	२१०४००	३.८ प्र.श.	७७५०००❤	१४ प्र.श.
(घ) ४,०००-४,९९९						
(ङ) ३,०००-३,९९९						
(च) २,९९९-तल	२५६१	५४४१०५९	१९५०००	३।५ प्र.श.	३०३०००	५.५ प्र.श
जम्मा	३९३१	११५५५९८३	८३८२००	७.२५ प्र.श.	१५१०८००	१३.१

❤ चौथो योजनाबाट सारिएका आयोजनाबाट लाभान्वित हुने ६७,६३४ जनसंख्या समेत ।

तालिका नं. ५

पाँचौं योजनाको अन्त्यसम्ममा हुने स्थिति (न्यूनतम)

समुदायको श्रेणी र जनसंख्या	समुदायको संख्या	समुदायको अनुमानित जनसंख्या	आजसम्म लाभान्वित जनसंख्या (अनुमानित)	प्रतिशत	पाँचौं योजनामा लाभान्वित हुने अनुमानित कूल जनसंख्या	प्रतिशत
(क) ५०,०००-१,००,०००	२	२०९४५१	२०९४००	१०० प्र.श.	२०९४००	१०० प्र.श.
(ख) १०,०००-४९,९९९	२२	३७२९८५	२२३४००	६० प्र.श.	२२३४००	६० प्र.श.
(ग) ५,०००-९,९९९						
(घ) ४,०००-४,९९९	१३४६	५५३२४८८	२१०४००	३.८ प्र.श.	६७४०३२❤	१२.२ प्र.श.
(ङ) ३,०००-३,९९९						
(च) २,९९९-तल	२५६१	५४४१०५९	१९५०००	३.५ प्र.श.	३०३०००	५.५ प्र.श
जम्मा	३९३१	११५५५९८३	८३८२००	७.२५ प्र.श.	१४०९८३२	१२.२

❤ चौथो योजनाबाट सारिएका आयोजनाबाट लाभान्वित हुने ६७,६३४ जनसंख्या समेत ।

अनुसूची

खानेपानी पाँचौं योजना (२०३२-३७) को कार्यक्रम

आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य	आयोजनाको लाग्ने खर्च रु. ००० मा		कैफियत
				न्यूनतम	अधिकतम	
१.चौथो योजनाबाट सारिएका खानेपानी आयोजनाहरु	विभिन्न जिल्ला	चालु	१९ वटा खानेपानी आयोजनाहरु सम्पन्न गरी थप ६७६३४ जनसंख्या लाई प्रतिदिन थप १०,८४,३०० ग्यालन खानेपानी उपलव्ध गरिने ।	२,००,००	-	
(क) नयाँ खानेपानी आयोजनाहरु	,,	नयाँ	७२ खानेपानी आयोजनाहरु कार्यान्वयन गरी प्रतिदिन ५९,४०,००० ग्यालन थप खानेपानी ३,९६,००० थप जनसंख्यालाई पुऱ्याउने ।	८,०७,००	-	
+(ख) नयाँ खानेपानी आयोजना	विभिन्न जिल्ला	नयाँ	१८ खानेपानी आयोजनाहरु कार्यान्वयन गरी प्रतिदिन करीव १५,६०,००० ग्यालन प्रतिदिन थप खानेपानी १००००० जनसंख्यालाई पुऱ्याउने	-	२,००,००	
३. ग्रामीण खानेपान योजना	विभिन्न जिल्ला	नयाँ	ग्रामीण क्षेत्रहरुमा खानेपार्ना आयोजनाहरु संचालन गर्ने	१,५०,००	-	स्थानीय विकास विभाग मार्फत गरिने
४.खानेपानी सर्भेक्षण तथा डिजाइन	,,	चालु	जिल्लाहरुमा खानेपानी आयोजनाहरु कार्यान्वयन गर्न सर्भेक्षण गर्ने	५०,००	-	
५. वृहत खानेपानी तथा ढल निकाश गुरु योजना	काठमाडौ, ललितपुर पोखरा	चालु	काठमाडौमा २९६४००० ललितपुरमा १८८९००० पोखरामा ११६७००० ग्यालन थप खानेपानी प्रतिदिन उपलव्ध गरिने	९,४३,००	-	
६ गुरु योजनाको दोश्रो चरण	विभिन्न जिल्ला	नयाँ	काठमाडौ उपत्यका बाहिर खानेपानी तथा ढल निकासको विस्तृत सम्भाव्यता अध्ययन तथा डिजाइन तयार पार्ने	-	१,००,००	

७. (क) ढल सर्भेक्षण	विभिन्न जिल्ला	नयाँ	९ शहरी क्षेत्रहरुमा ढल सर्भेक्षण गर्ने	१५,००	-	
+(ख) ढल सर्भेक्षण	विभिन्न जिल्ला	नयाँ	थप २ शहरी क्षेत्रहरुमा ढल सर्भेक्षण गर्ने	-	१५,००	
			जम्मा	२१,६५,००	३,१५,००	

कूल जम्मा २४,८०,००

परिच्छेद ३१

पञ्चायत

देशको आर्थिक विकासमा जनतालाई पञ्चायत मार्फत संलग्न गराउने उद्देश्यले तेस्रो योजना देखिनै सरकारी र गैर सरकारी क्षेत्रका अतिरिक्त पञ्चायत क्षेत्रलाई पनि एक छुट्टै क्षेत्रको रुपमा व्यवस्था गरिएको छ । पञ्चायत व्यवस्था अनुरुप यसरी पञ्चायत क्षेत्र भनी एक छुट्टै क्षेत्रको व्यवस्था हुनु उपयुक्त छ तापनि हालसम्म यस क्षेत्रको वास्तविक रुप र कार्यक्षेत्र सम्बन्धी निशित नीति निर्देशन नहुँदा हचुवा रुपमा स्थानीय विकास सम्बन्धी केही आयोजनाको लागि पञ्चायतहरुलाई आर्थिक अनुदान र प्राविधिक मद्दत दिने कार्यमा नै सीमित रहेको देखिन्छ । पाँचौं योजनामा पञ्चायत क्षेत्रलाई महत्वपूर्ण स्थान दिनुका साथै यस सम्बन्धी निशित नीति निर्धारण गरिएको छ । पञ्चायत क्षेत्र भन्नाले स्थानीय जनता संलग्न भएको स्थानीय पञ्चायतको स्वामित्व र सन्चालनमा रहने स्थानीय विकास आयोजनाहरुलाई जनाउँदछन् । यस्ता आयोजनाहरु स्थानीय साधन, केन्द्रीय अनुदान वा दुवैं स्रोतबाट सम्पन्न गरिएको भएता पनि निर्माण र निर्माण पछिको मर्मत सम्भारका साथै सन्चालनको व्यवस्था र नाफा नोक्सान व्यहोर्ने कार्य समेत स्थानीय पञ्चायतबाट गरिएको हुनु पर्दछ । पञ्चायत क्षेत्र अन्तर्गत स्थानीय विकास कार्यक्रमलाई आवश्यक टेवा दिन पञ्चायत प्रशिक्षण सम्बन्धी कार्यक्रम पनि सन्चालन गरिने छ ।

पञ्चायत क्षेत्र अन्तर्गत निम्नानुसार दुई प्रकारका कार्यक्रमहरु हुने छन् ।

(क) स्थानीय विकास कार्यक्रम

(ख) पञ्चायत तालीम

१. स्थानीय विकास :

(क) उद्देश्य

१. विभिन्न तहका पञ्चायतहरुलाई राजनैतिक इकाईको साथै आर्थिक विकासको प्रभावकारी माध्यमको रुपमा विकास गरी स्थानीय विकासद्वारा जनताको रोजगार, आय स्रोत तथा उत्पादन स्थितिमा सुधार गर्ने ।

२. स्थानीय विकासको लागि पञ्चायतको माध्यमद्वारा स्थानीय श्रम र साधनको प्रभावकारी परिचालन गर्ने ।

३. विकास कार्यमा स्थानीय नेतृत्वको विकास गरी स्थानीय तहमा आर्थिक तथा समाजिक दायित्व वहन गर्न सक्ने क्षमता र सुजनात्मक शक्तिको अभिवृद्धि गर्ने ।

(ख) नीति

१. कार्यक्रम सन्चालनको निमित्त एक निश्चित कार्यविधि पाँचौं योजना शुरु हुनु भन्दा पहिलेनै तयार पारिने छ ।

२. गाउँ तथा जिल्ला पन्चायतको निमित्त स्थानीय साधनको स्थायी स्रोतको व्यवस्था गर्ने तर्फ ध्यान दिइने छ । स्थानीय पन्चायतहरुले साझा वा सहकारीताको माध्यमद्वारा विकास कार्यको लागि साधन जुटाउन व्यापार व्यवसाय गर्न चाहेमा श्री ५ को सरकारका संस्थानहरुबाट विक्री वितरण हुने वस्तुहरु त्यस्ता पन्चायतबाट सन्चालन हुने साझा संस्थान मार्फत गराउनमा प्रोत्साहित गराइने छ ।

३. प्राविधिकज्ञहरुको कमिले गर्दा स्थानीय आयोजनाहरुको कार्यान्वयनमा पर्न आएको वाधालाई दृष्टिगत गरी प्राविधिज्ञहरुको व्यवस्था गर्ने तर्फ विशेष ध्यान पुऱ्याइने छ ।

४. राष्ट्रिय अर्थ व्यवस्थामा पन्चायत क्षेत्रको कार्यक्षेत्र क्रमशः व्यापक तुल्याउन र प्रादेशिक सन्तुलन समेत कायम गर्न पाँचौं योजना कालमा केही सघन विकास कार्यक्रमहरु स्थानीय संभाव्यताको आधारमा पन्चायत मार्फत सन्चालन गरिने छ ।

५. गाउँ पन्चायतहरुको लागि सचिवहरु नियुक्ति गरिने छ ।

६. जन सहभागीतामा आधारित पन्चायत क्षेत्र तथा ग्रामिण विकास योजना एवं कार्यक्रमहरु समन्वयात्मक र सन्तुलित रुपबाट पन्चायतको माध्यमबाट मात्र लागु गरिने छ ।

७. स्थानीय विकास कार्यक्रम अन्तर्गत सन्चालन हुने आयोजनाहरु निम्न लिखित स्तरका हुनेछन् ।

अ. गाउंस्तरीय - रु. २५,०००।- सम्म कूल खर्च लाग्ने आयोजनाहरु गाउँ स्तरीय हुनेछन् ।

आ. नगर स्तरीय - नगर पन्चायत भित्र रु. २,००,०००।- सम्म कूल खर्च लाग्ने आयोजनाहरु नगर स्तरीय हुनेछन् ।

इ. जिल्ला स्तरीय - दुई वा दुई भन्दा बढी गाउँ पन्चायतहरुलाई फाइदा हुने रु. ५,००,००० सम्म कूल खर्च लाग्ने आयोकजनाहरु जिल्ला स्तरीय आयोजना हुनेछन् ।

ई. पन्चायत क्षेत्रको स्थानीय विकास कार्यक्रम अन्तर्गत रु. ५,००,०००।- भन्दा बढी खर्च लाग्ने आयोजनाहरु साधारणत: लिइने छैन ।

उ. स्थानीय विकास आयोजनाको प्रकृति स्थानीय जनताको खांचो पूरा हुने र सामान्य आर्थिक अनुदान र प्राविधिक पद्दत लिएर स्थानीय पन्चायतको तहबाट पूरा गर्न सक्ने खालका विकास सम्वन्धी आयोजनाहरु हुने छन् ।

ऊ. स्थानीय विकास आयोजनाको निमित्त आयोजनाको कूल रकमको निम्नानुसार प्रतिशतमा स्थानीय स्रोत र साधनबाट वेहोर्नु पर्नेछ ।

विषय	गाउँ स्तरीय		नगर स्तरीय		जिल्ला स्तरीय		कैफियत
	दुर्गम	अन्यभाग	दुर्गम	अन्यभाग	दुर्गम	अन्यभाग	
यातायात	१५	५०		५०	२०	३५	
सिंचाई	२०	५०			२५	३५	
आर्थिक विकास तथा ग्रामीण उद्योग व्यवसाय	२०	५०		५०	२५	३५	
सामाजिक सेवा	२५	७५		७५	३०	७५	

ऋ गाउँ स्तरीय आयोजना छनौट गर्दा गाउँ पन्चायतले आयोजना तर्जुमा गरी गाउँ सभाबाट समर्थन गराई जि.पं.को स्वीकृति गराई आयोजना सन्चालन गर्ने । जिल्ला स्तरीय आयोजना जि.पं. ले आयोजना तर्जुमा गरी जिल्ला सभामा समर्थन गराई स्थानीय विकास विभागमा पठाउनु पर्नेछ । त्यस्तै नगर स्तरीय आयोजना पनि जि.पं. मार्फत स्थानीय विकास विभागमा पठाउनु पर्ने छ ।

(ग) प्राथमिकता :

१ क्षेत्रीय (Sectoral) दृष्टिकोणले स्थानयि विकास कार्यक्रमको प्राथमिकता निम्नानुसार हुनेछ ।
-

(क) यातायात (ख) कृषि, सिंचाई

(ग) उद्योग, व्यापार व्यवसाय (घ) सामाजिक सेवा

२. प्रादेशिक दृष्टिकोण बाट स्थानीय विकास कार्यक्रमको प्राथमिकता निम्नानुसार हुनेछ :

क. आय श्रोत कम भएका जिल्लाहरु ।

ख. स्थानीय साधनलाई प्रभावकारी तरीकाले परिचालन गर्न सक्ने जिल्लाहरु ।

ग. प्रादेशिक असन्तुलन हटाउन राष्ट्रिय योजना आयोगले प्राथमिकता दिइएका प्रदेश, उप प्रदेश वा जिल्लाहरु ।

घ. स्थानीय विकास अन्तर्गतका कार्यक्रम:

(१) विकास अनुदान :

विगत योजनाहरुमा जस्तै पाँचौं योजना अन्तर्गत पनि स्थानीय पन्चायतहरुबाट संचालन हुने गाउँ, नगर र जिल्ला स्तरीय विभिन्न विकास आयोजनाहरुलाई सघाउ पुऱ्याउन श्री ५ को सरकारले

आवश्यक आर्थिक अनुदान तथा प्राविधिक सेवा प्रदान गर्नेछ । यसरी श्री ५ को सरकारको अनुदानबाट संचालन हुने आयोजनामा स्थानीय पन्चायतहरुबाट व्यहोर्नुपर्ने स्थानीय श्रोतको प्रतिशत दर माथि उल्लेखित नीति अनुसार हुनेछ ।

(२) ग्रामीण खानेपानी योजना :

नेपालमा २०२८ को जनगणना अनुसार ३००० भन्दा कम जनसंख्या भएको २५६१ जनसमुदायमा ५४,४१,०५९ जना मानिसहरु वसोवास गर्दछन् । हालसम्म त्यस मध्ये ३।५ प्रतिशत वा १,९५,००० जनसंख्यालाई मात्र पाईप वितरण प्रणालीद्वारा खानेपानीको सुविधा पुग्न सकेको अनुमान गरिएको छ । पाँचों योजनाको अन्त सम्ममा यस्ता ३,००० भन्दा कम जनसंख्या भएका जनसमुदायमा रहने थप एक लाख भन्दा बढी ग्रामीण जनतालाई खानेपानी सुविधा पुऱ्याई कूल ३,०३,००० वा ५.५ प्रतिशत सम्मलाई यो सुविधा उपलव्ध हुनेछ ।

यो कार्यक्रममा स्थानीय पन्चायतहरुलाई संलग्न गराइने छ । यो कार्यक्रम स्थानीय विकास विभागद्वारा संचालन गरिने छ र यसको लागि छुट्याइएको रकम पनि सोही विभागलाई उपलव्ध गराइने छ । यस कार्यक्रम संचालन गर्न युनिसेफबाट पनि सहायता प्राप्त हुनेछ ।

३. दुर्गम क्षेत्र विशेष सामाजिक कार्यक्रम :

दुर्गम जिल्ला निवासीहरुलाई राष्ट्रिय जीवनको मूल प्रवाहसंग बढी मात्रामा सरिक गर्न र नेश नरेश तथा व्यवस्था बारे बोध गराई देश विकास कार्यमा बढी जन सहयोग प्राप्त गर्न दुर्गम जिल्लाको निमित्त श्री ५ को सरकारले विशेष सामाजिक कार्यक्रम संचालन गर्नेछ ।

पाँचौं योजना कालमा यस कार्यक्रम अन्तर्गत जम्मा २५० जना दुर्गम जिल्लाका स्थानीय अगुवाहरुलाई काठमाडौ उपत्यका तथा अन्य स्थानहरुको सांस्कृतिक ऐतिहासिक एवं विकास आयोजना स्थलहरुको भ्रमण गराइने छ । यसको अतिरिक्त श्री ५ महाराजाधिराज सरकारका महानवाणीहरु, विकास कार्यक्रम सम्वन्धी पुस्तिकाहरु र नियम कानूनका किताबहरु पनि स्थानीय भाषामा प्रकाशित गरी उक्त क्षेत्रमा वितरण गरिने छ । पाँचौं योजना अवधिमा करीव सय थरीका प्रकाशनहरु स्थानीय भाषामा निकाल्नाका साथै आवश्यकता अनुसार वितरण पनि गरिने छ ।

४. प्रादेशिक विकास सघन कार्यक्रम :

राष्ट्रिय अर्थ व्यवस्थामा पन्चायत क्षेत्रको परिधि क्रमशः व्यापक तुल्याउँदै लैजान र प्रादेशिक सन्तुलन समेत कायम गर्न पाँचौं योजना कालमा पन्चायत क्षेत्र अन्तर्गत प्रमुख कार्यक्रमको रुपमा ८ देखि २० स्थानहरुमा प्रादेशिक सघन विकास कार्यक्रमहरु सन्चालन गरिने छन् ।

५. रसुवा- नुवाकोट समन्वयात्मक विकास कार्यक्रम :

रसुवा र नुवाकोट क्षेत्रको विकासको लागि पाँचौं योजना अवधिमा रसुवा-नुवाकोट समन्वयात्मक विकास कार्यक्रम संचालन गरिने छ । यस कार्यक्रमको मुख्य भाग कृषि विकास सित सम्वन्धित भएकोले यसको संचालनको लागि चाहिने रकम कृषि विभाग अन्तर्गत समावेश गरिएको छ । तर यस्को कार्यान्वयन स्थानीय विकास विभागबाट हुने हुनाले छुट्याइएको खर्च रकम स्थानीय विकास विभागलाई नै उपलव्ध गराइने छ ।

६. पहाडी क्षेत्र यातायात विकास कार्यक्रम :

पहाडी क्षेत्रको यातायात विकास गर्न पाँचौं योजना अवधिमा विश्व खाद्य कार्यक्रम अन्तर्गत प्राप्त हुने रकम समेतबाट तल लेखिएका कार्यक्रमहरु संचालन गरिने छ । यातायात सम्वन्धी भएकोले यस कार्यक्रमको लागि चाहिने रकम यातायात सम्वन्धी कार्यक्रममा समावेश गरिएको भएतापनि कार्यान्वयन स्थानीय विकास विभागवाट हुने भएकोले छुट्याइएको रकम सबै स्थानीय विकास विभागबाट खर्च गरिने छ ।

आयोजनाको नाम	अञ्चल	लम्वाई (कि.मि.)
१. वैतडी-दार्चुला-टिंकर व्यास घोडेटो	महाकाली	२४२
२. जाजरकोट-तल्लु घोडेटो	भेरी	७५

३. तानसेन-रिडि-तम्घास वाटो	लुम्बिनी	६५
४ ओखलढुंगा-नाम्चे घोडेटो	सगरमाथा	११७
		जम्मा ४९९

७. जिरी बहुमुखी विकास योजना :-

चौथो योजनामा सञ्चालन गरिएको जिरी विकास योजनालाई पाँचौं योजनामा पनि चालू गरिने छ । स्थानीय विकास विभाग अन्तर्गतको सिभिल इन्जिनीयरिङ र मेकानिकल शाखाबाट सन्चालित यस योजनाका कार्यहरु पनि पूरा गरिनेछन् ।

(२) पन्चायत तालिम :

राजनैतिक, सामाजिक र विकास कार्यकर्ताहरु चेतनशील, जागरुक र विकासप्रति अभिरुचि राख्ने भएमा र कार्यकर्ता एवं कर्मचारीहरुमा आवश्यक प्राविधिक शिप र ज्ञान भएमा मात्र देश विकास कार्यमा बढी योगदान मिल्ने कुरा निर्विवाद छ । यहाँ तथ्यलाई ध्यानमा राखी विगत योजनाहरु देखि पन्चायत प्रशिक्षण कार्य चलाउँदै आएको हो । पाँचों योजना कालमा पन्चायत प्रशिक्षण कार्यक्रमलाई तल लेखिएका उद्देश्य र नीति अनुरुप सन्चालन गरिनेछ ।

(क) उद्देश्यहरु :

१. पन्चायत व्यवस्था अनुकूल स्थानीय नेतृत्वको विकास गराउने ।

२. विकास क्षेत्र अथवा उप-क्षेत्रको विकास आयोजनाहरुको कार्यान्वयनमा आवश्यक पर्ने खालको विकास कार्यकर्ताहरु तयार गर्ने ।

३. स्थानीय आयोजनाहरुलाई दृष्टिगत गरी त्यसको कार्यान्वयनमा सहयोग पुऱ्याउने उद्देश्यले प्रशासकीय तथा प्राविधिक ज्ञान र शीपमा वृद्धि गर्ने ।

(ख) नीति :

(१) तालीम सन्चालन गर्दा स्थानीय विकास कार्यक्रमलाई मद्दत पुऱ्याउने दृष्टिकोण राखेर सन्चालन गरिने छ ।

(२) पन्चायत प्रशिक्षण केन्द्रहरुद्वारा दिइने तालमि र गोष्ठीमा सम्वन्धित विकास क्षेत्रका स्थानीय विकास आयोजनाको समस्याहरुलाई दृष्टिगत गरिने छ ।

(३) तालीममा स्थानीय विकास आयोजनाहरुलाई आवश्यक पर्ने निम्न स्तरीय प्राविधिक तथा व्यवस्थापकीय जनशक्ति तयार गर्न जोड दिइने छ ।

(४) दुर्गम तथा पिछडिएका इलाकाहरुमा विशेष दृष्टि पुऱ्याइने छ ।

(५) घुम्ती टोलीहरुले विभिन्न गाउँ पन्चायतहरुमा गै दिने तालीमलाई पन्चायत प्रशिक्षण केन्द्रहरुद्वारा दिने क्षेत्रीय तालीम कार्यक्रम अन्तर्गत सन्चालन गरिनेछ ।

(६) घुम्ती तालीम तर्फ अहिलेसम्म पुरुष तथा महिला टोलीहरुद्वारा जिल्ला भित्रका सबै गाउं पन्चायतहरुमा पालैपालो केही दिन वसी तालीम प्रदान गर्ने भएकोले यसबाट सामान्य ज्ञान मात्र वृद्धि हुने भै त्यस किसिमको तालीम सफल भए नभएको थाहा पाउने कुनै ठोस आधार हुन सकेको छैन । तसर्थ क्षेत्रीय तालीमलाई उद्देश्यमूलक बनाई त्यसबाट स्थानीय विकास कार्यक्रमलाई ठोस मद्दत पुऱ्याउने तर्फ विशेष ध्यान दिइने छ । यस सन्दर्भमा घुम्ती तालमिको कार्यक्रममा निम्न नीति अपनाइने छ ।

१. उपेक्षीत गाउँ पन्चायतहरुमा घुम्ती तालीम चलाउने तर्फ विशेष ध्यान दिइने छ ।

२. तालीमको एक अंगको रुपमा स्थानीय जनशक्ति संलग्न हुने खालको एक सानो आयोजना पनि तयार पारी कार्यान्वित गराइने छ ।

३. गाउं वा जिल्ला स्तरबाट सन्चालन भैरहेका तर विभिन्न समस्याहरुले गर्दा सम्पन्न हुन नसकेको कुनै खास स्थानीय विकास आयोजना भएको क्षेत्रमा तालीम घुम्ती टोलीहरुद्वारा सामान्य तालमिको अतिरिक्त यस्ता आयोजनाको विभिन्न पक्षबारे पनि स्थानीय अगुवाहरुलाई तालीम दिनेछ ।

(७) महिला तालीम कार्यक्रमलाई आवश्यकतानुसार क्षेत्रीयकरण गरिने छ ।

(ग) प्राथमिकता:

१. स्थानिय विकास आयोजनाहरुलाई आवश्यक पर्ने जनशक्ति तयार गर्ने तालीम ।

२. प्रधान पन्चको तालीम ।

३. जिल्ला पन्चायत तथा गाउं पन्चायत सचिवहरुको तालीम र गोष्ठी ।

४. जिल्ला स्तरीय विकास कार्यक्रम तथा खास गरेर स्थानीय विकास कार्यक्रममा संलगन प्रशासकीय तथा प्राविधिक अधिकृतहरु र पन्चहरुको गोष्ठी तथा तालीम ।

(घ) कार्यक्रम

पन्चायत प्रशिक्षणको उपरोक्त उद्देश्यहरु हासिल गर्न निम्नलिखित मुख्य दुई प्रकारका प्रशिक्षणहरु सन्चालन गरिने छन् ।

१. संस्थागत प्रशिक्षण

२. घुम्ती -क्षेत्रीय) प्रशिक्षण

१. संस्थागत प्रशिक्षण :

संस्थागत प्रशिक्षण अन्तर्गत पन्च, वर्गीय संगठनका सदस्यहरु, समाज कल्याण कार्यकता, विकास कार्यकर्ता, गाउँफर्क राष्ट्रिय अभियानका बहुमुखी कार्यकर्ता, स्थानीय प्रशासक र प्राविधिज्ञहरु तथा पन्चायत प्रशिक्षण केन्द्रका अनुदेशकहरुको प्रशिक्षण गोष्ठी र सम्मेलनहरु सन्चालन गरिने छन् । हाल झापा, जनकपुर, पोखरा र नेपालगन्जमा समेत गरी जम्मा चारवटा पन्चायत प्रशिक्षण केन्द्रहरु सन्चालित भै रहेका छन् । हालसालै लागू गरिएको जिल्ला प्रशासन योजना अनुसार प्रमुख जिल्ला अधिकारीहरु र पन्चायत विकास अधिकारीहरुलाई आवश्यक प्रशिक्षण दिन र राष्ट्रिय स्तरका गोष्ठी र सम्मेलनहरु सन्चालन गर्न हाल सन्चालित पन्चायत प्रशिक्षण केन्द्रहरुबाट मात्र त्यस सकसिमको आवश्यकता पूरा हुन नसक्ने भएकोले पाँचौं योजनामा काठमाडौमा एउटा केन्द्रीय पन्चायत प्रशिक्षण केन्द्र स्थापना गरी प्रशिक्षण कार्य सन्चालन गरिने छ । त्यस्तै नेपालगन्जस्थित एउटा केन्द्रले मात्र सुदूर पश्चिमान्चल विकास क्षेत्र भरी पन्चायत प्रशिक्षणको सेवा उपलब्ध गराउन यातायातको कठिनाइको कारणले गर्दा बाधा परी रहेकोले, डोटीमा पनि एउटा नयाँ केन्द्र स्थापना गरिने कार्यक्रम समावेश गरिएको छ । जिरी प्रशिक्षण केन्द्रबाट दिइने प्रशिक्षण पनि अरु पन्चायत प्रशिक्षण केन्द्रहरुबाट दिइन प्रशिक्षण जस्तै भएकोले उक्त केन्द्रलाई पनि अव देखि पन्चायत अग्रणी प्रशिक्षण विकास समिति अन्तर्गत नै सन्चालन गरिने छ ।

महिलाहरुको संस्थागत प्रशिक्षण तर्फ, मुख्य महिला कार्यकर्ताहरु र महिला कार्यकर्ताहरुको प्रशिक्षण तथा पुनर्ताजगी प्रशिक्षण र स्वयं सेवीकाहरुको प्रशिक्षण सन्चालन गरिने छ । महिला संगठनका पदाधिकारीहरु र महिला समाज सेवीकाहरुको गोष्ठीका साथै गृह विकास र समाज कल्याणकारी कार्यक्रमहरु पनि सन्चालन गरिने छन् ।

हाल केन्द्रमा मात्र एक महिला कार्य प्रशिक्षण तथा प्रसार केन्द्र सन्चालन भैरहेकोमा पाँचौं योजनाकालमा पूर्वान्चल विकास क्षेत्रको धनकुटामा, पश्चिमान्चल विकास क्षेत्रको पोखरामा र सुदूर पश्चिमान्चल विकास क्षेत्रको सुर्खेतमा गरी ३ केन्द्र र जुम्लामा एक उपकेन्द्र स्थापना गरी प्रशिक्षण कार्यक्रम सन्चालन गरिने छन् । हाल सन्चालित र नयाँ स्थापना गरिने केन्द्रहरुबाट समेत गरी पाँचौं योजना अवधिमा संस्थागत प्रशिक्षण अन्तर्गत पुरुष तर्फ ९००४ जवानलाई र महिला तर्फ २४३० जवानलाई गरी जम्मा ११४३४ जवानलाई संस्थागत पन्चायत प्रशिक्षण प्रदान गरिने छ ।

(२) घुम्ती (क्षेत्रीय) प्रशिक्षण

यस घुम्ती प्रशिक्षण अन्तर्गत घुम्ती टोलीहरु गाउँ वा नगर पन्चायत क्षेत्रहरुमा गै पन्चायत र वर्गीय संगठनका सदस्यहरु, गाउँ पन्चायत सचिव र स्थानीय अगुवाहरुलाई सामान्य पन्चायत प्रशिक्षण दिइनेछ । यस प्रशिक्षण अन्तर्गत स्थानीय विकास कार्यक्रममा विशेष मद्दत पुऱ्याउने उद्देश्यले घुम्ती टोलीबाट दिइने प्रशिक्षणको अभिन्न अंगको रुपमा स्थानीय जनशक्ति संलग्न हुने र स्थानीय खाँचो समेत टर्ने खालको कुनै एउटा आयोजना तयार गरी सो आयोजनाको तर्जुमा देखि कार्यान्वयन सम्म प्रशिक्षार्थीहरुलाई संलग्न गराई उक्त आयोजना कार्यान्वयन गर्ने गराउने छन् । त्यस क्षेत्रमा स्थानीय

विकास सम्वन्धी असफल रहेका कुने आयोजना छन् भने त्यसको विभिन्न पक्ष वारे पनि स्थानीय अगुवाहरुलाई जानकारी गराइने छ ।

पाँचौं योजना अवधिमा यस घुम्ती प्रशिक्षण अन्तर्गत महिला तर्फ २९,८३५ जवान र पुरुष तर्फ ३९,३०० जवानलाई गरी जम्मा ६९,१३५ जवानलाई प्रशिक्षण दिइने छ ।

(३) पन्चायत प्रशिक्षण केन्द्रहरु सम्वन्धी निर्माण :

पन्चायत प्रशिक्षणको लक्ष्य हासिल गर्न हाल सन्चालित प्रशिक्षण केन्द्रहरुमा केही थप र नयाँ स्थापना गरिने केन्द्रहरुको लागि आवश्यक देखिएका केही भौतिक सुविधाहरु उपलव्ध गराउन पाँचौं योजनामा भवन निर्माण सम्वन्धी कार्यक्रमको समेत व्यवस्था गरिएको छ । यस कार्यक्रम अन्तर्गत विभिन्न प्रशिक्षण केन्द्रहरुमा प्रशासकीय भवनहरु, कक्षा कोठाहरु, प्रशिक्षार्थीहरुको लागि आवास भवनहरु आदि निर्माण गरिने छन् ।

(४) अनुसन्धान तथा सर्भेक्षण

विगत योजनाहरु देखि सन्चालन गर्दै आएका विभिन्न पन्चायत प्रशिक्षणहरु र स्थानीय विकास कार्यक्रमबाट नेपाली जनजीवनमा के कस्तो प्रभाव परेको छ सो बारे यथार्थ ज्ञान हासिल गरी ती कार्यक्रमहरुलाई अझ प्रभावकारी तुल्याउन आवश्यक नीति निर्धारण गर्न यस सम्वन्धी अनुसन्धान तथा सर्भेक्षण कार्य सन्चालन गर्न आवश्यक छ । तसर्थ पाँचौं योजनामा पन्चायत क्षेत्र अन्तर्गत यस किसिमको कार्यक्रम समावेश गरिएको छ । यस कार्यक्रम अन्तर्गत संस्थागत र क्षेत्रीय पन्चायत प्रशिक्षणको प्रभावकारीता, दुर्गम क्षेत्र विकास आयोजनाहरु र खानेपानी आयोजनाहरुको उपयोगिता, विकास अनुदानको उपयोग, स्थानीय साधनको परिचालन आदि समेत गरी जम्मा २० वटा विभिन्न अध्ययनहरु गरिने छन् । यसको अतिरिक्त अधिराज्यका ७५ जिल्लाका गाउँ पन्चायतहरुमा उपलव्ध विभिन्न सुविधाहरु वारे सर्भेक्षण गरिने समेत कार्यक्रम रहेको छ ।

(५) तालीम सामाग्री उत्पादन केन्द्र एवं प्रचार प्रसार:

यस केन्द्रको मूल उद्देश्य पन्चायत क्षेत्रका कार्यक्रमहरुको बढी प्रभावकारी बनाउन प्रशिक्षण, प्रचार प्रसार सम्वन्धी विभिन्न सामाग्रीहरुको संकलन, उत्पादन र वितरण गर्नु हो । त्यस अनुरुप यस केन्द्रबाट विभिन्न पुस्तक, पुस्तिका, पाठ्य पुस्तिका, प्रगति एवं मूल्यांकन प्रतिवेदनहरु जिल्ला एवं अन्चल परिचयहरु तयार गरी प्रकाशित गर्नाका साथै पन्चायत मन्त्रालयको लागि आवश्यक प्रचार प्रसारका सामग्रीहरु, स्लाइड, फिल्म स्ट्रप र डकुमेण्टहरु तयार एवं संरक्षण गरिने छ । यसको अतिरिक्त यस केन्द्रबाट पन्चायत सम्वन्धी विभिन्न प्रकाशित रचनाहरुको संकलन र संरक्षण पनि गरिने छ ।

(६) पोषण तथा शिशु स्याहार :

ग्रामीण जनसमुदायमा पोषण तथा शिशु स्याहार बारेको ज्ञानको अभिवृद्धि गर्ने उद्देश्यले यस बारे आवश्यक प्रचार प्रसार गर्न महिला कार्य प्रशिक्षण तथा प्रसार केन्द्रबाट दिइने प्रशिक्षणहरु जस्तै महिला कार्यकर्ता, मुख्य महिला कार्यकर्ता, समाज सेविकाहरुको प्रशिक्षणमा पोषण तथा शिशु स्याहार बारे पनि आवश्यक प्रशिक्षण दिइने छ । यो पोषण तथा शिशु स्याहार कार्यक्रम अन्तर्गत पोषण तथा शिशु स्याहार बारे पाठ्यक्रम र शिक्षण विधिको विकास र सो को लागि आवश्यक शैक्षिक एवं अन्य सामग्रीहरु उपलव्ध गराइने छ । यस कार्यक्रमको निमित्त युनिसेफबाट सहायता प्राप्त हुनेछ ।

(३) खर्चको विवरण

उपरोक्त स्थानीय विकास तथा पन्चायत तालीम सम्वन्धी कार्यक्रमको लागि लाग्ने खर्चको विवरण तल दिइएको छ ।

(खर्च रु. हजारमा)

कार्यक्रम	न्यूनतम कार्यक्रमको लागि रकम	अधिकतम कार्यक्रमको लागि थप रकम
(क) स्थानीय विकास :		
१. गाउँ स्तरीय योजना	४,००,००	६,००,००

२ जिल्ला स्तरीय योजना	२,५९,००	-	
३. नगर स्तरीय योजना	४३,००	-	
४. दुर्गम क्षेत्र सामाजिक कार्यक्रम	१२,००	-	
५ प्रादेशिक सघन विकास कार्यक्रम	४,००,००	६,००,००	
६ जिरी बहुमुखी विकास आयोजना	१६,००		
(ख) पन्चायत प्रशिक्षण			
१. पन्चायत प्रशिक्षण केन्द्रहरुको निर्माण र भौतिक सुविधा	१,००,००		
२. अनुसन्धान तथा सर्वेक्षण	२५,००		
३. तालीम सामाग्री उत्पादन केन्द्र प्रचार प्रसार	१५,००		
४. पोषण तथा शिशु स्याहार	६०,००		
जम्मा	१३,३०,००	१२,००,००	
कूल	जम्मा		२५,३०,००

अनुसूची

(१) पन्चायत -स्थानीय विकास पाँचौं योजना (२०३२-३७) को कार्यक्रम

आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य	आयोजनाको लाग्ने खर्च रु. ००० मा		कैफियत
				न्यूनतम	अधिकतम	
१. विकास अनुदान				७,०२,००	-	
क (१) गाउँस्तरीय योजना	विभिन्न	सालवसाली	वार्षिक योजनामा निर्धारित हुने	४,००,००	-	
+(२) गाउँस्तरीय योजना	विभिन्न	,,	,, ,,	-	६,००,००	
ख. नगर स्तरीय योजना	विभिन्न	,,	,, ,,	४३,००	-	
ग. जिल्ला स्तरीय योजना	,,	,,	,, ,,	२,५९,००	-	
२. ग्रामीण खानेपानी योजना	,,	प्रस्तावित	१. ३००० भन्दा कम जनसंख्या भएका जन समुदायहरुमा १ लाखभन्दा बढी मानिसहरुलाई खानेपानी सुविधा पुऱ्याउने	१,५०,००	-	युनिसेफको सहायता अन्तर्गत खानेपानी तर्फ रकम समावेश भएको छ ।
३. दुर्गम क्षेत्र विशेष सामाजिक कार्यक्रम	विभिन्न	सालवसाली	१. २५० जना लामा भ्रमण गराउने २. १०० थरीको पुस्तक पुस्तिका स्थानीय भाषामा प्रकाशन र वितरण गर्ने	१२००		
४ (क) प्रादेशिक सघन विकास	,,	प्रस्तावित	१. विभिन्न आठ स्थानमा प्रदेशिक सघन विकास कार्यक्रम कार्यान्वयन गर्ने	४,००,००	-	

+(ख) प्रादेशिक सघन विकास कार्यक्रम	,,	,,	विभिन्न १२ वाह्र स्थानमा प्रादेशिक सघन विकास कार्यक्रम कार्यान्वयन गर्ने	-	६,००,००	
५. रसुवा-त्रिशुली समन्वयात्मक विकास	त्रिशुली-रसुवा	प्रस्तावित	१. विस्तृत कार्यक्रम पछि निर्धारण हुने ।	(६,००,००)	-	कृषि कार्यक्रम अन्तर्गत रकम समावेश भएको छ ।
६. पहाडी क्षेत्र यातायात विकास	विभिन्न	प्रस्तावित	कि.मि. १. वैतडी दार्चुला - व्यास घोडेटो २४२ २. जाजरकोट तल्लो बाटो ७५ ३. तानसेन-रीडी-तम्घास बाटो ६५ ४. ओखलढुंगा -नाम्चे वाटो ११७	(३,००,००) (१,१७,८७) (३८,६७) (७०,१०) (७३,३६)		यो रकम यातायात अन्तर्गत समावेश भएको छ ।
७. जिरी वहुमुखी विकास योजना	जिरी	चालु	सिभिल इन्जिनियरिंग र मेकानिकल शाखाबाट संचालित कार्यहरु पूरा गर्ने	१६,००		
			जम्मा	११,३०,००	१२,००,००	

+अधिकतम कार्यक्रम

(२) पन्चायत -तालीम पाँचौं योजना (२०३२-३७) को कार्यक्रम

आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य	आयोजनाको लाग्ने खर्च रु. ००० मा		कैफियत
१. पन्चायत तालीम						
(क) संस्थागत प्रशिक्षण						
१. पंचायत प्रशिक्षण केन्द्र	चन्द्रगढी	चालु	१६९७ जवानको गोष्ठी एवं प्रशिक्षण			साधारण वजेटबाट व्यहोरिने
२ पंचायत प्रशिक्षण केन्द्र	जनकपुर	चालु	१९४० ,, ,, ,,			,,
३ केन्द्रीय प्रशिक्षण केन्द्र	जावलाखेल	प्रस्तावित	१५०० ,, ,, ,,			,,
४ प्रशिक्षण केन्द्र	जिरी	चालु	५०० ,, ,, ,,			,,
५ प्रशिक्षण केन्द्र	पोखरा	चालु	१५५० ,, ,, ,,			,,
६ प्रशिक्षण केन्द्र	नेपालगन्ज	चालु	१४१७ ,, ,, ,,			,,
७ प्रशिक्षण केन्द्र	डोटी	प्रस्तावित	४०० ,, ,, ,,			,,
८महिला कार्य प्रशिक्षण तथा प्रसार केन्द्र	धनकुटा	प्रस्तावित	५२० ,, ,, ,,			,,
९ ,, ,,	बलम्बु	चालु	६३० ,, ,, ,,			,,
१० ,, ,,	पोखरा	प्रस्तावित	५२० ,, ,, ,,			,,
११ ,, ,,	सुर्खेत	प्रस्तावित	५२० ,, ,, ,,			,,
१२ ,, ,, उपकेन्द्र	जुम्ला	प्रस्तावित	२४० ,, ,, ,,			,,
(ख) घुम्ती (क्षेत्रीय) प्रशिक्षण			जवानको प्रशिक्षण एवं गोष्ठी			
१. महिला घुम्ती प्रशिक्षण	विभिन्न	चालु	२९८३५ जवान प्रशिक्षण एवं गोष्ठी			
२ पुरुष ,, ,,	,,	,,	३९,३०० ,, ,,			

२. पन्चायत प्रशिक्षण केन्द्रहरुको निर्माण र भौतिक सुविधा सम्वन्धी कार्यक्रम				१,००,००		
क. पन्चायत प्रशिक्षण केन्द्र	झापा	प्रस्तावित	भवन निर्माण र अरु भौतिक सुविधा	(२८३)		
ख. ,, ,, ,,	जनकपुर	,,	,, ,, ,, ,,	(४८५)		
ग केन्द्रिय ,, ,,	जावलाखेल	,,	,, ,, ,, ,,	(१०००)		
घ ,, ,,	जिरी	,,	,, ,, ,, ,,	(५३०)		
ङ ,, ,,	पोखरा	,,	,, ,, ,, ,,	(८००)		
च ,, ,,	नेपालगन्ज	,,	,, ,, ,, ,,	(४८३)		
छ ,, ,,	डोटी	,,	,, ,, ,, ,,	(११५९)		
ज महिला कार्य प्रशिक्षण तथा प्रसार केन्द्र	धनकुटा	,,	,, ,, ,, ,,	(१३४४)		
झ. ,, ,, ,, ,,	बलम्बु	,,	,, ,, ,, ,,	(१३३४)		
ञ ,, ,, ,, ,,	पोखरा	,,	,, ,, ,, ,,	(१०१८)		
ट ,, ,, ,, ,,	सुर्खेत	,,	,, ,, ,, ,,	(१०१४)		
ठ ,, ,, ,, उपकेन्द्र	जुम्ला	,,	,, ,, ,, ,,	(५५०)		
३. अनुसन्धान तथा सर्भेक्षण	विभिन्न	,,	१ ७५ जिल्लाहरुको गा.पं. सर्भेक्षण २. पन्चायत सम्वन्धि विभिन्न २० वटा अध्ययन	१५०० १०००		

४ तालीम सामग्री उत्पादन केन्द्र एवं प्रचार प्रसार	जावलाखेल	सालवसाली	१ आवश्यक अनुसार प्रचार प्रसार गर्ने संख्या २ पन्चायत दर्पण प्रकाशन - १५ ३. पुस्तक, पुस्तिका, प्रगति र अन्य प्रतिवेदनहरु प्रकाशन ६१ ४. जिल्ला परिचय प्रकाशन १५ ५. क्षेत्रीय विकास परिचय - ४ ६. क्षेत्रीय प्रशिक्षणको निमित्त पाठ्य पुस्तक र श्रव्य दृश्य साधन तयार गर्ने आवश्यकता अनुसार ७. डकुमेण्टेशन सेन्टरको लागि सामग्री संकलन र संरक्षण गर्ने आवश्यकता अनुसार	१५००		
५. पोषण तथा शिशु स्याहार	विभिन्न	प्रस्तावित	१ पोषण तथा शिशु स्याहार बारे प्रशिक्षण, प्रचार प्रसार	६०,००		
			जम्मा	१३,३०,००	१२,००,००	

कूल जम्मा :- २५,३०,००

अनुसूची- २

प्रादेशिक विकास सघन कार्यक्रमको लागि निर्धारित

सघन विकास क्षेत्रहरु

विकास क्षेत्र	सघन विकास क्षेत्र	भौगोलित प्रदेश
क. सुदूर पश्चिमाञ्चल क्षेत्र	१. जुम्ला- तिब्रीकोट	हिमाल
	२. वझाङ	हिमाल
	३. डडेलधुरा	पहाड
	४. दैलेख	पहाड
	५. रुकुम (चौरजहारी)	पहाड
	६. रोल्पा	पहाड
	७. वर्दिया	तराई
	८. दाङ	तराई
ख. पश्चिमाञ्चल क्षेत्र	१. मुस्ताङ	हिमाल
	२.लमजुङ- मनाङ	हिमाल
	३. पर्वत	पहाड
	४. अर्घाखांची	पहाड
ग. मध्यमाञ्चल क्षेत्र	१. रसुवा- नुवाकोट	हिमाल
	२. दोलखा	हिमाल
	३. मकवानपुर	पहाड
	४. सर्लाही	तराई
घ. पूर्वाञ्चल क्षेत्र	१. संखुवासभा	हिमाल
	२. ताप्लेजुङ	हिमाल
	३. खोटाङ	पहाड
	४. धनकुटा	पहाड

परिच्छेद ३२

आवास तथा भौतिक परियोजना

(क) उद्देश्य :

विभिन्न विकास कार्यक्रमहरु कार्यान्वयन गरिदा देशमा औद्योगिक एवं व्यापारिक तथा वसोवासका कारणबाट नयाँ नगर श्रृजना हुने हुँदा सो हुनु अगावै अधिराज्यका विभिन्न क्षेत्रको भौतिक सर्वेक्षण गरी क्षेत्रीय समन्वय ल्याउने गरी योजनावद्ध तरीकाबाट शहरी क्षेत्रको विकास र निर्माण गर्ने मद्दत पुऱ्याउने र अव्यवस्थित ढंगबाट वसेका पुराना नगरहरुलाई बढी वैज्ञानिक र व्यवस्थित तरीकाबाट सुधार गर्दै जाने, अन्चल एवं क्षेत्रीय स्तरका सरकारी कार्यालयहरुको भवनको डिजाइनमा सकभर एकरुपता ल्याई निर्माण गर्न प्राविधिक सहयोग पुऱ्याउनुका साथै सरकारी तथा निजी क्षेत्रमा वनिने आवासहरु कम खर्चिलो तर उपयोगी र वैज्ञानिक हुने गरी निर्माण गर्न आवश्यक योजनाको तर्जुमा गर्नु आवास तथा भौतिक परियोजनाका मुख्य उद्देश्यहरु हुने ।

(ख) नीति

उपरोक्त उद्देश्यहरु कार्यान्वय गर्न निम्नलिखित नीतिहरु अपनाइने छन् ।

(१) विभिन्न क्षेत्रमा विकास तथा प्रशासकीय कार्यालयहरुको स्थापना गर्दा र नयाँ नगर वसाउँदा त्यस क्षेत्रको भौतिक परियोजना सम्वन्धी गुरु योजनाको आधारमा मात्र गर्ने ।

(२) अव्यवस्थित ढंगबाट वसिसकेका पुराना शहरमा वजारहरुलाई स्थानीय संस्कृतिको सुरक्षा हुने गरी यथासम्भव आधुनिक आवश्यकताको परिपूर्ति गर्ने किसिमबाट सुधार गर्ने योजना तयार गर्ने ।

(३) अनियन्त्रित किसिमबाट निर्माण भैरहेको शहरी क्षेत्रका आवासहरुलाई नगरको गुरु योजना अनुरुप निर्माण गर्न प्रोत्साहित गर्ने ।

(४) किफायती तर बढी उपयोगी र बैज्ञानिक ढंगका आवासहरु सरकारी तथ गैर सरकारी क्षेत्रमा निर्माण गराउन प्राविधिक सहयोग उपलव्ध गराउने,

(५) श्री ५ को सरकारले निर्माण गर्ने भवनहरुलाई निम्नलिखित तीन स्तरमा विभाजित गरी बनाइनेछ :-

(क) राष्ट्रिय स्तरका भवनहरु, जस्तै, राष्ट्रिय पन्चायत, सर्वोच्च अदालत, सचिवालय आदि ठूला ठूलो भवनहरु ,

(ख) अन्चल, एवं जिल्ला स्तरका भवनहरु जस्तै स्कूल, अस्पताल, अदालत, कारागार,

(ग) विशेष स्थानमा विशेष किसिमले बनाउने भवनहरु, जस्तैः स्टुडियो, ल्याव, अनुसन्धान शाला ठूलठूला कारखाना, भवनहरु :

(६) पहिलो किसिमका भवनकोडिजाइन, लगत-इष्टिमेट तथा निर्माण आवास तथा भौतिक परियोजना विभागवाट नै गरिने छ । दोस्रो किसिमका भवनहरुको स्टैण्डर्ड डिजाइन लगायत इष्टिमेट आवास तथा भौतिक परियोजना विभागले नै गरी निर्माण तथा संभार कार्य प्र.जि.अ. कार्यालयका इन्जिनियरको रेखदेखमा सम्वनिध्त विभागले नै गराउने छ । काम भैसकेपछि कामको जाँच गर्ने कार्य आ. तथा भौ.प. विभाग कै हुनेछ । तेस्रो किसिमका भवनहरुको डिजाइन तथा लगत-इष्टिमेट सम्वनिध्त विभाग तथा मन्त्रालयले बाहिरी कन्सलट्यान्टहरु नियुक्त गरी गराउन सक्नेछ । तर यस किसिमका कन्सलट.ण्टहरुको सेवा प्राप्त गर्ने नियम र उनीहरुले गर्ने कामको पूरा विवरण आवास तथा भौतिक परियोजना विभागले नै तयार गर्नेछ ।

(७) भवनहरुको अभिलेख राख्नाका साथै तिनीहरुको मर्मत संभार गर्ने नियमको तर्जुमा गर्ने ।

(८) आवास तथा भवन निर्माण गर्दा स्थानीय निर्माण सामाग्रीलाई बढी प्रयोग गर्न सक्ने विषयमा अनुसन्धान कार्य गरी तिनीहरुको बढी उपयोग गर्न प्रोत्साहित गर्ने ।

(ग) कार्यक्रम

उपरोक्त उद्देश्य तथा नीतिहरुको आधारमा देहाय बमोजिमको कार्यक्रम निर्धारित गरिएको छ ।

१. चार विकास क्षेत्रका केन्द्रहरुको विकास गर्ने

चौथो योजना कालमा धनकुटा, काठमाडौ, पोखरा र सुर्खेत समेत चारै विकास केन्द्रहरुको सर्भेक्षण गरी भू-उपयोग नक्सा तयार पारिएको थियो । पाँचौं योजना अवधिमा उक्त ४ विकास केन्द्रहरुको विस्तृत भौतिक तथा भू-उपयोग योजना तयार पार्ने काम गर्ने र सो अनुरुप केन्द्रहरुमा सरकारी क्षेत्रको निमित आवश्यक जग्गा अधिग्रहण गर्ने, आवास, वाटोघाटो, पार्कउद्योग आदि नगर निर्माण क्रममा हुने विभिन्न विकास कार्यहरु गरिने छ ।

२. परिचालन सम्वन्धी आयोजना

पाँचौं योजनामा यस आयोजना अन्तर्गत मुख्यतः काठमाडौ र पोखराको शहरी क्षेत्रहरुको निमित्त ट्राफिक सर्भेक्षण तथा पार्किङ्ग क्षेत्रहरुको निर्माण कार्य गरिने छ । यस सिलसिलामा काठमाडौ उपत्यका भित्रको ट्राफिक गणना सम्वन्धी सर्भेक्षण गरी तथ्यांक संकलन गर्ने पव्लिक ट्रान्सपोर्ट बारे संभाव्यता अध्ययन गरी सो अध्ययनको आधारमा परिचालन सम्वन्धी योजना तयार पारिनेछ । साथै योजना अनुरुप शहरी तथा अन्य क्षेत्रहरुको निम्ति परिचालन सम्वन्धी नियमावली तयार गर्ने कार्य गरिने छ ।

३. नगर नवीकरण योजना

चौथो योजनाकालमा काठमाडौ शहरको महत्वपूर्ण भागहरुको नवीकरण सम्वन्धी प्रारम्भिक फिल्ड सर्भेक्षण गरिएको थियो । पाँचौं योजनामा काठमाडौं र पाटन शहरी क्षेत्रको मुख्य मुख्य भागहरुको नवीकरण गर्ने र शहरको ऐतिहासिक तथा व्यावसायिक क्षेत्रहरुमा स्वस्थ वातावरण कायम गर्ने सिलसिलामा ती क्षेत्रहरुको सर्भेक्षण गरी नगर नवीकरण योजना तयार पारिने छ । सो अनुरुप आवश्यक निर्माण तथा सुधार कार्यहरु पनि गरिने छ ।

४. कर्मचारी आवास आयोजना

पाँचौं योजनामा तल्लो श्रेणीका कर्मचारीहरुको लागि आवास सुविधा सम्वन्धी कार्यक्रम समावेश गरिएको छ । पाँचौं योजना अवधिमा १४ अन्चलका विभिन्न जिल्लाहरुमा त्यस्ता कर्मचारीहरुको निमित्त आवास सुविधा उपलव्ध गराउन न्यूनतम र अधिकतम कार्यक्रम अन्तरगत करीव १००० जति आवास गृहहरु निर्माण गरिनेछ ।

५. निर्माण सामग्री अनुसन्धान योजना

पाँचों योजनामा निर्माण सामग्रीको रुपमा के कस्ता स्थानीय सामग्रीहरुलाई प्रयोग गर्न सकिन्छ, कुन प्रक्रियाद्वारा निर्माण गरेमा कम संभारले पुग्ने हुन्छ र निर्माण कार्य परन्तुसम्म टिकाउ हुन्छ सो बारे अनुसन्धान गरिने छ । यसको लागि नेपाल अधिराज्यको विभिन्न ठाउँहरुमा स्थानीय निर्माण सामग्रीहरुको उपलव्धीका तथ्यांक संकलन गर्ने, तिनीहरुको गुण, स्तर तथा प्रयोगबारे अनुसन्धान गर्ने तथा उत्पादनको निमित्त आवश्यक कार्य गरिने छ । यसको निमित्त संयुक्त राष्ट्र विकास कार्यक्रम अन्तर्गत पनि सहायता प्राप्त हुनेछ ।

६. आवास योजना कार्यान्वयन संस्थानको स्थापना

आवास आयोजनालाई कार्यान्वयन गर्न चाहिने आर्थिक, कानूनी र प्रशासकीय व्यवस्था पुऱ्याउनको निमित्त पाँचौं योजनामा छुट्टै इकाइको रुपमा एउटा आवास योजना कार्यान्वयन संस्थानको स्थापना र संचालनको व्यवस्था गरिनेछ ।

७. विभिन्न सरकारी भवन आयोजना

आ. तथा भौ.प. विभागवाट माथि नीति सम्वन्धी दफा (५) मा उल्लेख गरिए अनुसारको कार्य गर्नको लागि यो आयोजना समावेश गरिएको छ । चौथो योजनामा जस्तै पाँचों योजना अवधिमा पनि यस आयोजना अन्तर्गत जिल्ला, एवं क्षेत्रीय स्तरका सरकारी कार्यालयहरुको भवनको डिजाइन इष्टिमेट तयार गरी निर्माण कार्यको रेखदेख गरिने छ । यस कार्यमा यथा सम्भव एकरुपता ल्याइने छ ।

८. सरकारी भवन अभिलेख आयोजनाः

अधिराज्यका विभिन्न भागहरुमा रहेका सरकारी भवनहरुको अभिलेख राख्ने आयोजनाको प्रमुख उद्देश्य हो । चौथो योजनाकालमा यस सम्वन्धी तथ्यांक संकलन आदि प्रारम्भिक कायृहरु गरिएको थियो ।

पाँचौं योजना अवधिमा यी तथ्यांकहरुको आधारमा सरकारी भवनहरुको अभिलेख तयार गर्ने कार्य सम्पन्न गरिने छ ।

९. लुम्बिनी विकास आयोजना

गौतम बुद्धको जन्मस्थल लुम्बिनीको विकासको लागि गुरु योजना तयार पार्ने कार्य प्राय समाप्त भएको छ । साथै, लुम्बिनी विकास स्थलको ३ वर्गमील क्षेत्रको वेश म्याप तयार गर्ने कार्य भै जग्गा अधिकरण भैरहेको छ । पाँचौं योजनाकालमा यस आयोजनाको निमित्त आवश्यक ३ वर्गमीलको सम्पूर्ण जग्गा अधिकरण गर्ने लक्ष्य राखिएको छ । साथै पाँचौं योजनामा लुम्बिनी विकासको गुरु योजना बमोजिम विस्तृत डिजाइन तथा नक्सा तयार पार्ने कार्य पूरा गर्ने लक्ष्य राखिएको छ । यस समवनधमा विदेशी विशेषज्ञबाट विस्तृत डिजाइन प्राप्त भएपछि निर्माण कार्य थालिनेछ । यसको लागि अन्तरराष्ट्रिय संघ संस्थान तथा मित्रराष्ट्रहरुबाट चन्दा प्राप्त हुने आशा राखिएको छ । लुम्बिनी विकास क्षेत्र वरिपरि पुरातात्विक वस्तुहरु प्राप्त हुने संभावना देखिएकोले ती स्थलहरुमा पुरातात्विक अन्वेषण पनि गरिने छ ।

(ङ) खर्चको विवरण

पाँचौ योजना अन्तर्गत आवास तथा भौतिक परियोजनाको निमित्त माथि उल्लेख गरिएको कार्यक्रम संचालन गर्न चाहिने खर्चको विवरण तल प्रस्तुत गरिएको छ ।

(खर्च रु. हजारमा)

कार्यक्रम	न्यूनतम कार्यक्रमको लागि रकम	अधिकतम कार्यक्रमको लागि थप रकम
१. चार विकास क्षेत्रका केन्द्रहरुको विकास	१,००,००	-
२. परिचालन सम्वन्धी आयोजना	२०,००	२०,००
३. नगर नवीकरण आयोजना	२०,००	३०,००
४. कर्मचारी आवास आयोजना	७५,००	१,६५,००
५. निर्माण सामग्री अनुसन्धान आयोजना	१०,००	-
६. आवास योजना कार्यान्वयन संस्थान स्थापना	११,००	-
७. विभिन्न सरकारी भवन आयोजना	८,५०	-
८. सरकारी भवन अभिलेख आयोजना	५०	-
९. लुम्बिनी विकास आयोजना	१,५०,००	-
जम्मा	३,९५,००	२,१५,००

कूल जम्मा ६,१०,००

अनुसूची

आवास तथा भौतिक परियोजना पाँचौं योजना (२०३२-३७) को कार्यक्रम

आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य	आयोजनामा लाग्ने खर्च रु. ००० मा		कैफियत
				न्यूनतम	अधिकतम	
१. ४ विकास क्षेत्रका केन्द्रहरुको विकास	सुर्खेत,पोखरा,काठमाडौ,धनकुटा	चालु	४ विकास केन्द्रहरुको विस्तृत भौतिक तथा भू-उपयोग योजना तयार गर्ने, सरकारी क्षेत्रको निमित्त आवश्यक जग्गा अधिग्रहण गर्ने र आवास, वाटोघाटो, पार्क-उद्यान आदि नगर निर्माण सम्वन्धी विकास कार्य गर्ने	१,००,००	-	
२.(क) परिचालन सम्वन्धी आयोजना	काठमाडौ र पोखरा	चालु	पोखराको शहरी तथा अन्य क्षेत्रहरुको निमित्त ट्राफिक सर्भेक्षण गर्ने र पार्किङ्ग क्षेत्र निर्माण गर्ने, काठमाडौ पार्किङ्ग क्षेत्रको लागि जग्गा निश्चित गरी अधिग्रहणको लागि कारवाही गर्ने	२०,००	-	
+(ख) परिचालन सम्वन्धी आयोजना	,,	,,	काठमाडौको निमित्र पार्किङ्ग स्थल निर्माण गर्ने	-	२०,००	
३ (क) नगर नविकरण आयोजना	काठमाडौ र ललितपुर	चालु	काठमाडौ र पाटन शहरी क्षेत्रको मुख्य मुख्य भागहरुको नवीकरण गर्ने, शहरको ऐतिहासिक तथा वजार क्षेत्रलाई स्वस्थ वातावरण राख्न आवश्यक निर्माण तथा सुधार कार्य गर्ने	२०,००	-	
+(ख) नगर नवीकरण आयोजना	काठमाडौ र ललितपुर	चालु	नवीकरण निमाृण तथा सुधार सम्वन्धी थप कार्य गर्ने	-	३०,००	
४.(क) कर्मचारी आवास आयोजना	विभिन्न जिल्ला	नयाँ	१४ अन्चलका विभिन्न जिल्लाहरुमा तल्लो श्रेणीका कर्मचारीहरुलाई आवास सुविधा दिन करीव ३०० आवास गृह निर्माण गर्ने ।	७५,००	-	
+(ख)कर्मचारी आवास आयोजना	,,	,,	थप ७०० आवास गृह निर्माण गर्ने	-	१,६५,००	
५ निर्माण सामग्री अनुसन्धान आयोजना	,,	चालु	स्थानीय निर्माण सामग्रीको प्रयोग, निर्माणको ढाँचा, कम संभारले पुग्ने र बढी टिकाउ हुने बारे अनुसन्धान गर्ने	१०,००	-	

६. आवास योजना कार्यान्वयन संस्थानको स्थापना	काठमाडौ	नयाँ	आवास योजना कार्यान्वयन संस्थानको गठन सम्वन्धी आर्थिक कानूनी र प्रशासनिक दायित्व सम्वन्धी अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने र स्वीकृत योजनानुरुप संस्थानको स्थापना गर्ने	११,००		
७. विभिन्न सरकारी भवन आयोजना	विभिन्न जिल्ला	सालवसाली	आवश्यक अनुसार डिजाइन इष्टिमेट तथा निर्माण कार्यको रेखदेख गर्ने	८,५०	-	
८ सरकारी भवनको अभिलेख योजना	विभिन्न जिल्ला	चालु	सरकारी भवनहरुको अभिलेख तयार गर्ने	५०		
९. लुम्विनी विकास आयोजना	रुपन्देही	चालु				
(क) जग्गा अधिग्रहण			योजनाको निमित्त आवश्यक ३ वर्गमीलको सम्पूर्ण जग्गा अधिग्रहण गर्ने			
(ख) गुरुयोजना वमोजिम विस्तृत डिजाइन नक्सा तयार गर्ने			विस्तृत डिजाइन नक्सा तयार गर्ने			
(ग) पुरातात्विक अन्वेषण			पुरातात्विक अन्वेषण गर्ने ।			
(घ) निर्माण कार्य	विभिन्न निर्माण कार्य गर्ने					
			जम्मा	३,९५,००	२,१५,००	

कूल जम्मा :- ६,१०,००

परिच्छेद ३३

अन्य संचार

"राष्ट्रिय संचार सेवा योजना" अन्तर्गत हाल संचार सेवा सम्वन्धी कार्य श्री ५ को सरकार अन्तर्गतका विभागहरुमा सूचना विभाग, प्रसार विभाग, हुलाक सेवा विभाग तथा श्री ५ को सरकारको छापाखाना र संस्थानहरुमा दूर संचार समिति, शाही नेपाल चलचित्र संस्थान, गोरखापत्र संस्थान, राष्ट्रिय समाचार समिति, सांस्कृतिक संस्थान र रत्न रेकर्डिङ संस्थानहरुबाट संचालन भै आएका छन् । यी विभाग र संस्थानहरु मध्ये हुलाक सेवा र दूर संचार सेवा सम्वन्धी कार्यक्रमहरु छुट्टै प्रस्तुत गरिएका छन् । प्रचार तथा प्रसार सम्वन्धी संचारका अन्य कार्यक्रमहरु यस परिच्छेदमा प्रस्तुत गरिएका छन् ।

(क) उद्देश्य :

राष्ट्रिय संचार सेवा योजना वमोजिम संचार सेवाको उद्देश्यहरु निम्न अनुसार छन् ।

१. अधिराज्यको सर्वांगिण विकासको निमित्त आवश्यक संचार सेवा प्रर्याप्त मात्रामा उपलव्ध गराउने । सारांशमा भन्ने हो भने विकासको लागि संचार नै संचार सेवाको मूल मन्त्र हो ।

२. नेपाल तथा नेपालीको मान एवम् प्रतिष्ठा राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा कायम राख्ने र विस्तार गर्ने ।

३. नेपाल अधिराज्यको आधारभूत एकतामाथि जोड दिने ।

४. राष्ट्रि एकताका प्रतीक श्री ५ महाराजाधिराज तथा राजमुकुटको वर्तमान एवम् ऐतिहासिक नेतृत्वको बोध जनसाधारणमा गराउने । यस सन्दर्भमा श्री ५ महाराजाधिराजबाट बक्सका महान्वाणी तथा सन्देशहरु जनसाधारण समक्ष पुऱ्याइने छन् ।

५. पञ्चायत प्रजातन्त्र बारे जनसाधारणलाई अरु बढी सैद्धान्तिक तथा व्यवहारिक बोध गराउने ।

(ख) नीति :

संचार योजनामा उल्लेखित उपर्युक्त उद्देश्यमा प्रतिकुल असर नपर्ने गरी सोही योजनामा उल्लेखित विभिन्न विभाग र संस्थान सम्वन्धी कतिपय नीतिहरुका अतिरिक्त व्यापक आर्थिक तथा सामाजिक विकासको दृष्टिकोणबाट निम्नलिखित केही आधारभूत नीतिहरु अपनाइने छन् ।

सवै संस्थाहरुलाई हाल जस्तै श्री ५ को सरकारको साधारण र विकास वजेटबाट अनुदानको रुपमा चलाउने प्रक्रिया सर्वथा अनुपयुक्त देखिएकोले प्रत्येक संस्थालाई वास्तविक रुपमा पनि स्वशासीत संस्थाकै रुपमा कार्य संचालन गर्न सक्ने तुल्याउन मौजुदा ऐनमा व्यवस्था गरिए अनुसार श्री ५ को सरकारको सामान्य नीति निर्देशनमा रहने गरी निम्न लिखित व्यवस्था गरिने छ ।

१. श्री ५ को सरकारको साधनको स्थिति, विभिन्न विकास कार्यको आवश्यकता, देशको वर्तमान आर्थिक तथा सामाजिक स्तर अनुरुप हुने गरी प्रत्येक संस्थाको कार्यक्षेत्र (Scale of Operation) निर्धारित गर्ने ।

२. यसरी निर्धारित कार्यक्षेत्र वमोजिम व्यापारिक सिद्धान्तको आधारमा नाफा नोक्सानको हिसाव राखी कार्य संचालन गरी यथाशीघ्र आत्मनिर्भर तुल्याउन चाहिने स्थायी पूंजीको व्यवस्था श्री ५ को सरकारको शेयरको रुपमा उपलव्ध गराउने ।

३. चालु पूंजीको हकमा प्रत्येक संस्थाले आफुले कमाउने आम्दानीका अतिरिक्त निर्धारित अवधिसम्म प्रत्येक वर्ष निर्धारित रकम अनुदानको रुपमा श्री ५ को सरकारले दिने अथवा बैंक वा अन्य वित्तिय संस्थाहरुबाट ऋणको रुपमा चलाउन सक्ने भएमा ऋणमा पर्ने व्याज रकम मात्र अनुदानको रुपमा दिने ।

४. संस्थाहरुले पूर्णरुपले व्यवसायिक सिद्धान्तको आधारमा आफ्नो काम चलाउन सक्ने तुल्याउन "विकासको लागि संचार" को उद्देश्यले श्री ५ को सरकारबाट गर्नु पर्ने प्रचार प्रसारको काम संस्थानहरुबाट गराउँदा कन्ट्राक्ट वेसीसमा मात्र गराउने र सेवा अनुसारको शुल्क लाग्ने गर्ने ।

(ग) कार्यक्रम :

पाँचौं योजना कालमा प्रचार प्रसार अन्तर्गत समावेश गरिएका प्रसार विभाग (रेडियो नेपाल), सूचना विभाग, श्री ५ को सरकारको छापाखाना, राष्ट्रिय समाचार समिति, गोरखापत्र संस्थान, रत्न रेकर्डिङ्ग संस्थान, सांस्कृतिक संस्थान र शाही नेपाल चलचित्र संस्थान सम्बन्धी कार्यक्रमहरु देहाय वमोजिम निर्धारित गरिएका छन् ।

१. प्रसार विभाग (रेडियो नेपाल) :

रेडियो प्रसारण सेवालाई अधिराज्य भर स्पष्ट सुन्न सकिने बनाउन तथा प्रसारणको स्तर बढाउनको लागि पाँचौं योजनाकालमा नयाँ शर्टवेभ ट्रान्समिटरको स्थापना तथा रेडियो नेपालको ट्रान्समिटरहरुमा आवश्यक सुधार गरिने छ । साथै रेडियो नेपालको कार्यक्रम सुव्यवस्थित रुपमा संचालन गर्न टेप लाइब्रेरीको स्थापना गरिने छ । रेडियो नेपालको तीनै वटा स्टेशनहरु (सिंहदरबार, जाउलाखेल र खुमलटार) मा एक एक वर्कशप स्थापना गरिने कार्य चाँही अधिकतम कार्यक्रम अन्तरगत समावेश गरिएको छ ।

२. सूचना विभाग :

"विकासको निमित्त संचार" भन्ने मूल उद्देश्यलाई पालन गर्न पुस्तक, पुस्तिका, पोष्टर आदिको प्रकाशनका साथै समाचार एवं वृत्तचित्र जस्ता लोकप्रिय माध्यमहरुको उत्पादन र प्रदर्शन गर्नु यस विभागको मुख्य कार्य हो । आधुनिक प्रभावकारी एवं लोकप्रिय संचार माध्यममा चलचित्रको स्थान महत्वपूर्ण भएकोले पाँचौं योजना अवधिमा सूचना विभागले योजनावद्ध तरिकाले सकभर देशका विकास कार्यहरुको जानकारी उपलव्ध गराउने र सर्व साधारणलाई विकास अभियानमा अभीरुची बढाउने अभिप्रायले विकास सूचना सम्बन्धी समाचार चित्र तथा वृत्त चित्रहरुको निर्माण शाही नेपाल चलचित्र संस्थान मार्फत गराइने छ र घुम्ती टोलीहरुको सहायताबाट देशका कुना कुनाम ती चलचित्रको व्यापक प्रदर्शन गराइने छ ।

३. श्री ५ को सरकारको छापाखाना :

चौथो योजना अवधिमा राष्ट्रिय संचार योजना अनुसार यस छापाखानाको लागि भवन निर्माण गरिनुका साथै केही आवश्यक मेशिन, उपकरणहरुको जडान गरिएको थियो ।

छापाखानाको प्रकाशनमा संख्यात्मक वृद्धिको साथै गुणात्मक स्तरमा पनि वृद्धि गरी श्री ५ को सरकारको सम्पूर्ण छपाई कार्य सकेसम्म अधिराज्य भित्रै गराउने उद्देश्यले पाँचौं योजनामा न्यूनतम र अधिकतम कार्यक्रम अन्तरगत विभिन्न प्रेश मेसिनहरु र तत् सम्बन्धी उपकरणहरुको व्यवस्था गरिने छ ।

४. राष्ट्रिय समाचार समिति

देश भित्रका र विदेशका समाचार तथा सूचना आदान प्रदान गर्ने काम राष्ट्रिय समाचार समितिबाट भइआएको छ । चौथो योजना अवधिमा राष्ट्रिय संचार योजना अनुसार अधिराज्यको १४ अन्चल र २१ जिल्लाहरुमा समाचार प्रतिनिधिहरुको व्यवस्था गरिनुका साथै फ्रान्सीसी समाचार एजेन्सी र अमेरिकी एजेन्सी संग सम्झौता गरी अन्तरराष्ट्रिय समाचारहरु टेलिप्रिन्टरको माध्यमबाट स.कलन गरिएको र चौथो योजना अवधिमा समितिको भवन निर्माण कार्य सम्पन्न गरिएको थियो ।

पाँचौं योजनामा राष्ट्रिय समाचार समितिलाई सुव्यवस्थित गरी यसको कार्य क्षेत्र विस्तृत गरिने छ । यसको लागि विराटनगर, जनकपुर र पोखरामा क्षेत्रिय कार्यालय स्थापना गरी आवश्यकताअनुसार कार्यालय भवन निर्माण र नेपालगन्जमा जग्गा अधिकरण गरिने छ । यी क्षेत्रीय कार्यालयहरु स्थापना भएपछि काठमाडौ र यी स्थानहरु वीच टेलिप्रिन्टरको माध्यमबाट समाचार आदान प्रदान गरिने छ । साथै पाँचौं योजनामा राष्ट्रिय समाचार समितिको लागि विभिन्न मेशिनहरुको व्यवस्था गरिने छ । यसको अतिरिक्त नेपालगन्जमा क्षेत्रीय कार्यालय स्थापना गरी भवन निर्माण गर्ने तथा टेलिप्रिन्टरको माध्यमबाट नेपालगन्ज काठमाडौ वीच समाचार आदान प्रदान गर्ने कार्य अधिकतम कार्यक्रम अन्तर्गत राखिएको छ ।

५. गोरखापत्र संस्थान :

चौथो योजना अवधिमा राष्ट्रिय संचार योजनामा उल्लेख भए अनुसार यस संस्थानको लागि विभिन्न प्रेस तथा फोटो व्लक मेसिन, केमिकल्स आदिको व्यवस्था गरिएको थियो । यसको साथै यस संस्थानबाट प्रकाशित गरिने गोरखापत्र र दी राइजिङ नेपाल अखवारहरुलाई अन्तरराष्ट्रिय आकारमा छापियो । पाँचौं योजना अन्तरगत यस संस्थानको प्रकाशनको स्तरमा वृद्धि गर्न मुद्रण यन्त्र तथाव्लक वनाउने

मेशिनहरु उपलव्ध गरी जडान गरिने छन् । साथै संस्थानको लागि भवन निर्माण पनि गरिने छ । यसको अतिरिक्त संस्थानलाई चाहिने थप उपकरणहरुको उपलव्धी अधिकतम कार्यक्रम अन्तर्गत समावेश गरिएको छ ।

६. रत्न रेकर्डिङ संस्थान :

यस संस्थानले चौथो योजना अवधिमा राष्ट्रिय संचार योजना अनुरुप विभिन्न लोकगीत, आधुनिक गीत, राष्ट्रिय गीत तथा लोक धुनहरुको डिस्क रिकर्ड उत्पादन गरेको थियो । पाँचौं योजनामा यो कामहरु यथावत चालू राखिनाका साथै संस्थानको लागि कार्यालय र स्टुडियो भवन निर्माण समेत गरिने छ ।

७. सांस्कृतिक संस्थान

यस संस्थानले परम्परागत भेष भुषा, लोकगीत, लोक नृत्य आदिको संकलन गरी प्रदर्शन गर्ने कार्य गर्दै आएको छ । राष्ट्रिय नाचघरलाई सुव्यवस्थित गर्ने क्रममा राष्ट्रिय संचार योजना अनुसार चौथो योजनामा प्रकाश, ध्वनी, स्वदेशी वाजा आदिको व्यवस्था गरिएको थियो । लोक संस्कृतिको संरक्षण तथा सांस्कृतिक स्तरलाई माथी उठाउन पाँचौं योजनामा लोक संस्कृति संग्रहालयको स्थापना गरिने छ । यसको लागि संग्रहालयको भवन निर्माण गरिने छ । नेपाल अधिराज्यका विभिन्न सांस्कृति परम्पराका नाच, लोकगीतहरु, प्राचीन भेष भुषा, बाजा आदिको संकलन उपलव्ध साधन अनुसार गरिने छ । साथै, नयाँ कलाकारहरुलाई तालीम दिई नाच गानको सांस्कृतिक परम्पराको संरक्षण गरिने छ ।

८. शाही नेपाल चलचित्र संस्थान :

राष्ट्रिय संचार योजना अनुरुप नेपालमा चलचित्र उद्योगको क्रमिक विकासका लागि आ.व. २०२८ मा शाही नेपाल चलचित्र संस्थानकोस्थापना गरिएको हो । हालसम्ममा यस संस्थानबाट वृत्तचित्र र समाचार चित्रहरुको अतिरिक्त १ कथानक चित्रको पनि निर्माण गरी प्रदर्शन गरिएको छ । संस्थानको आफ्नो ल्याव खडा गर्ने सिलसिलामा आर्थिक वर्ष ०३०।३१ मा बालाजु औद्योगिक क्षेत्रमा ल्याव भवनको निर्माण कार्य प्रारम्भ भै सोही स्थानमा स्टुडियो भवनको एक अंश डविङ्ग थिएटरको पनि निर्माण भैरहेको छ । चौथो योजनाको अन्त्यसम्ममा ती भवन निर्माण कार्यहरु सम्पन्न गरी आवश्यक उपकरणहरु जडान भैसक्ने अनुमान छ ।

पाँचौं योजनामा यस संस्थानले वृत्त तथा समाचार चित्रहरुको अतिरिक्त कथानक चित्रहरुको पनि निर्माण गर्नेछ । साथै सूचना विभागद्वारा गरिने विभिन्न प्रचार प्रसार कार्यको लागि शाही नेपाल चलचित्र संस्थानले विकास तथा सूचना सम्वन्धी प्रचारात्मक समाचार एवं वृत्त चित्रहरुको निर्माण र देशव्यापी प्रदर्शन गर्नेछ । सो कार्यको लागि सूचना विभागले चलचित्र संस्थानलाई आवश्यक रकम उपलव्ध गराउने छ ।

पाँचौं योजनामा यस संस्थानको कार्यालय भवन निर्माण कार्य पूरा गरिने छ । स्टुडियो भवनको निर्माण कार्य अधिकतम कार्यक्रम अन्तरगत समावेश गरिएको छ ।

(घ) खर्चको विवरण :

पाँचौ योजना अन्तर्गत प्रचार प्रसारको निमित्त माथी उल्लेख गरिएका कार्यक्रम संचालन गर्न चाहिने खर्चको विवरण तल प्रस्तुत गरिएको छ ।

(खर्च रु. हजारमा)

कार्यक्रम	न्यूनतम कार्यक्रमको लागि रकम	अधिकतम कार्यक्रमको लागि थप रकम
१. प्रसार विभाग	५८,००	१०,००
२. सूचना विभाग	३०,००	२०,००
३. श्री ५ को सरकारको छापाखाना	१५,००	१५,००
४. राष्ट्रिय समाचार समिति	१२,००	४,००
५. गोरखापत्र संस्थान	२९,००	७,००

६. रत्न रेकर्डिङ संस्थान	१५,००	-	
७. सांस्कृतिक संस्थान	२०,००	५,००	
८. शाही नेपाल चलचित्र संस्थान	२४,००	१५,००	
जम्मा	२,०३,००	७६,००	
	कूल	जम्मा	२,७९,००

अनुसूची १

अन्य सञ्चार पाँचौं योजना (२०३२-३७) को कार्यक्रम

आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य	आयोजनामा लाग्ने खर्च रु. ००० मा		कैफियत
				न्यूनतम	अधिकतम	
१.(क) प्रसार विभाग (रेडियो नेपाल)	काठमाडौं	चालु	शर्टवेभ ट्रान्समिटरको स्थापना गर्ने । ट्रान्समिटरहरुको सुधार गर्ने, टेप लाइब्रेरीको स्थापना गर्ने	५०,०० ३,०० ५,००	-	
+(ख) प्रसार विभाग(रेडियो नेपाल)			३ वटै स्टेशनमा वर्कशप स्थापना गर्ने		१०,००	
२.(क) सूचना विभाग	काठमाडौ	नयाँ	विकास सूचना सम्वन्धी समाचार चित्र तथा वृत्त चित्रहरुको निर्माण गर्ने	३०,००	२०,००	
+(ख)सूचना विभाग			थप वृत्त तथा समाचार चित्र निर्माण गर्ने		२०,००	
३(क) श्री ५ को सरकारको छापाखाना	काठमाडौ	चालु	प्रेस मेसिन तथा उपकरणहरु उपलव्ध गरी जडान गर्ने	१५,००		
+(ख) श्री ५ को सरकारको छापाखाना			थप प्रेस मेसिन उपलव्ध गरी जडान गर्ने		१५,००	
४.(क) राष्ट्रिय समाचार समिति	काठमाडौ	चालु	विराटनगर, जनकपुर र पोखरामा क्षेत्रीय कार्यालय स्थापना गरी आवश्यक अनुसार भवन निर्माण गर्ने र नेपालगन्जमा जग्गा अधिकरण गर्ने । टेलिप्रिण्टरको माध्यमबाट ३ क्षेत्रीय कार्यालयहरुसंग समाचार आदान प्रदान गर्ने । मेसिनहरु उपलव्ध गरी जडान गर्ने	५,०० ६,०० १,००		

+(ख) राष्ट्रिय समाचार समिति			नेपालगन्जमा क्षेत्रीय कार्यालय स्थापना गरी भवन निर्माण गर्ने । काठमाडौ- नेपालगन्ज वीच टेलिप्रिण्टरको माध्यमबाट समाचार आदान प्रदान गर्ने		२,०० २,००	
५.(क) गोरखापत्र संस्थान	काठमाडौ	चालु	मुद्रण यन्त्र तथा व्लक वनाउने मेसिन जडान गर्ने भवन निर्माण गर्ने	१६,०० १३,००		
+ (ख) गोरखापत्र संस्थान			थप उपकरणहरु उपलव्ध गर्ने		७,००	
६.रत्न रेकर्डिङ्ग संस्थान	काठमाडौ	चालु	विभिन्न गीत तथा धुनहरुको रेकर्डहरु उत्पादन गरी विक्री वितरणमा ल्याउने र कार्यालय र स्टुडियो भवन निर्माण गर्ने	१५,००		शेयर क्यापिटलको रुपमा दिने ।
७ (क) साँस्कृतिक संस्थान	काठमाडौ	चालु	लोक संस्कृति संग्रहालयको स्थापना कलाकार प्रशिक्षण	१५,०० ५,००		
+(ख) साँस्कृतिक संस्थान			प्राचीन भेष भूषा वाजा आदिको संकलन		५,००	
८. (क) शाही नेपाल चलचित्र संस्थान	काठमाडौ	चालु	कार्यालय भवन निर्माण	९,००	-	
+(ख) शाही नेपाल चलचित्र संस्थान			चलचित्र निर्माण स्टुडियो भवन निर्माण		१५,००	शेयर क्यापिटलको रुपमा दिने
			जम्मा	२,०३,००	७६,००	
कूल			जम्मा			२,७९,००

परिच्छेद ३४

प्रशासन सुधार

देशको आर्थिक तथा सामाजिक विकासको क्रममा संचालित हुने विभिन्न आयोजनाहरुको सपल एवं प्रभावकारी कार्यन्वयन सक्षम एवं गतिशील प्रशासन यन्त्र उपर निर्भर गर्दछ । अत: वर्तमान प्रशासन यन्त्रलाई बढी विकासोन्मुख तुल्याई जन आकांक्षा अनुरुप देशको समुचित विकास गर्न प्रशासन सुधारको भूमिका महत्वपूर्ण रहेको छ ।

(क) उद्देश्य

आगामी पाँचौं योजना कालमा वर्तमान प्रशासन यन्त्रलाई बढी विकासोन्मुख एवं जनमुखी तुल्याई वैज्ञानिक कार्यविधिद्वारा निश्पक्ष एवं न्यायपूर्ण ढंगबाट कार्यान्वयन गर्न सक्ने गरी प्रशासनलाई अझ बढी सक्षम, कार्यकुशल र सुदृढ वनाउन तथा विकेन्द्रीकरण तथा सन्तुलित प्रादेशिक विकासको लागि अधिराज्यभरिका प्रशासकीय एकाइहरुको क्षमता एवं प्रभावकारीताको वृद्धि गर्न आवश्यक प्रशासकीय सुधारहरु गर्ने उद्देश्य रहेको छ ।

(ख) नीति

१. प्रशासनलाई कम खर्चिलो, बढी जनसेवी र उत्पादनशील वनाउन आवश्यक उपायहरुको अनुसन्धान तथा वैज्ञानिक कार्यविधिहरु अवलम्वन गर्दै जाने ।

२. श्री ५ को सरकारको बढ्दै गएको जिम्मेवारी र कार्यकलाप अनुकूल प्रशासन यन्त्रको विकास गर्दै लैजान प्रादेशिक विकास क्षेत्रको आधारमा प्रशासनिक संगठनको सुदृढिकरण गर्ने

३. निर्धारित लक्ष्य अनुरुप स्पष्ट नीति, नियम, र निर्देशनको परम्परा वसाली प्रशासन भित्र निर्भिकता, निस्पक्षता एवं इमान्दारीको वातावरण श्रृजना गरी प्रशासन प्रति जन आस्था र मर्यादा उत्पन्न गराउन निजामती सेवाका शर्तहरु र कार्य स्थितिमा आवश्यक सुधार गरी कर्मचारीहरुलाई आवश्यक आवास, शिक्षा, स्वास्थ्य जस्ता सुविधा र प्रोत्साहनको व्यवस्था गर्ने ।

४. निजामती सेवामा प्रवेश गर्ने तथा सेमा वहाल रहेका कर्मचारी वर्गमा सरकारी नीति, कार्यक्रम, तथा निजहरुको कामसंग सम्वन्धित विषयमा ज्ञान दिलाई प्रशासनमा दक्षता र प्रभावकारीता ल्याउन उपयुक्त प्रशिक्षणहरु तथा गोष्ठिको सन्चालन गर्ने ।

(ग) प्राथमिकता

विशेषत देहायका विषयहरुलाई प्राथमिकता दिइनेछ :

१. विभिन्न मन्त्रालय विभाग एवं कार्यालयहरुको प्रशासकीय सर्भेक्षण गरी सिफारिश एवं प्रतिवेदन पेश गर्ने ।

२. विदेशमा तथा स्वदेशमा प्रशासन सम्वन्धी तालीमको अनुगमन तथा मूल्यांकन गरीप्रतिवेदन पेश गर्ने ।

३. प्रशासकीय प्रशिक्षण सन्चालन गर्ने ।

४. अनुसन्धान र प्रकाशन सम्वन्धी काम गर्ने ।

५. निजामती कर्मचारी प्रशासनमा कार्यविधि सुधार गर्ने ।

(घ) कार्यक्रम:

१. संगठन तथा व्यवस्थापन :

प्रशासनलाई छिटो छरितो र सक्षम वनाउँदै लैजानका लागि क्रमवद्ध एवं विस्तृत रुपले सरकारी कार्यालयहरुको प्रशासनिक सर्भेक्षण गर्नु समयोचित एवं आवश्यक छ । प्रशासनमा वरावर सर्भेक्षण गर्नाले नयाँ नीति लागू गर्ने र भैरहेको नीतिलाई सुचारुरुपले कार्यान्वयन गर्न मद्धत मिल्दछ । चालु व्यवस्थामा भैरहेको त्रुटी, अभाव र अन्य आवश्यक कुराको जानकारी राख्नाले समयोचित परिवर्तन गरी व्यवस्थामा तत्कालै सुधार ल्याउने प्रयास गर्न सकिन्छ । यी गरिनुका साथै विभिन्न विषयहरुमा प्रशासन सम्वन्धी समस्याहरुको अध्ययन गरिएको थियो । पाँचौं योजनामा २१ विभिन्न कार्यालयहरुको सैगठन तथा

व्यवस्थापन सम्वन्धी सर्भेक्षण गरी सुधारका लागि प्रतिवेदन पेश गरिने लक्ष्य छ । साथै प्रशासनमा सुधार तथा दक्षता ल्याउने क्रममा प्रशासन यन्त्रमा आइपर्ने अवरोधहरु मध्ये १० समस्याहरु छानी, सर्भेक्षण तथा अध्ययन गरी सुझाव पेश गरिने कार्यक्रम राखिएको छ । विभिन्न कार्यालयहरुमा आई पर्ने अल्पकालीन समस्याहरु मध्ये १२ को समाधानको लागि समस्याहरुको सर्भेक्षण र अध्ययन गरी राय तथा परामर्श दिने कार्यक्रम पनि यस आयोजना अन्तर्गत समावेश गरिएको छ । यस योजनाकालमा गत वर्षहरुमा पेश गरिएका प्रतिवेदन एवं सुझावहरुको कार्यान्वयनको अनुगमन तथा मूल्यांकन गरी अध्ययनको सतर र गुणमा वृद्धि ल्याइनेछ । यसवाहेक आर्थिक प्रशासन दिग्दर्शन तथा कार्य संगठन दिग्दर्शनलाई अध्यावधिक गर्ने कार्य यथावत जारी रहने छ । प्रशासन सुधार कार्यको सिलसिलामा पाँचौं योजनामा महत्वपूर्ण कागजातहरुको सैरषण र ती कागजातहरुको अभिलेख राखिने छ । साथै, कर्मचारीहरुलाई क्रमिकरुपमा आवास, शिक्षा तथा स्वास्थ्य सम्वन्धी सुविधाहरुको व्यवस्था गरिने छ ।

२. प्रशासकीय प्रशिक्षण

निजामती सेवामा प्रवेश गर्ने तथा सेवामा वहाल रहेका कर्मचारी वर्गमा सरकारी नीति, कार्यक्रम तथा निजहरुको कामसंग सम्वन्धित विषयमा राम्रो ज्ञान दिलाई प्रशासनमा दक्षता र प्रभावकारी ल्याउन सेवा-कालिन र सेवा प्रवेश जस्ता प्रशिक्षण संचालन गरी आएको हो । उच्च प्रशासक वर्गको तालमि तथा गोष्ठीहरु आर्थिक विकास तथा प्रशासन केन्द्रबाट संचालित भइआएको छ । साथै अधिकृतमूलक व्यवस्थाको निमित्त आवश्यक सुयोग्य सहायकहरु तयार गर्न सहायक तालमि पनि दिने गरिएको छ । चौथो योजना अवधिमा झै पाँचौं योजना कालमा पनि प्रशासकीय प्रशिक्षण अन्तर्गत राजपत्रांकित तथा राजपत्र अनंकित तालीम कार्यक्रमहरु संचालन गरिने छन् ।

राजपत्रांकित तालीम

राजपत्रांकित तृतीय श्रेणीकोपदका लागि नेपाल लोक सेवा आयोगले सिफारिस गरेका उम्मेदवारहरुलाई सेवा प्रवेश गर्नु अघि प्रशासन विषयमा ३ महिनाको सेवा प्रवेश प्रशिक्षण दिइने गरिएको छ । यसै गरी श्री ५ को सरकारको सेवामा वहाल रहेका रा.प.तृ. श्रेणीका अधिकृतहरुलाई १ देखि १$^{१}/_{२}$ महिनासम्मको पुनरताजगीको रुपमा सेवा कालिन तालीम दिइने गरिएको छ । पाँचौं योजना यी दुवै किसिमको तालीम ८०० जनालाई दिइने लक्ष्य रहेको छ । श्री ५ को सरकारको सेवामा प्रवेश गर्न अगाडि नेपाल लोक सेवा आयोगले विभिन्न प्राविधिक सेवाका लागि सिफारिस गरेका उम्मेदवारहरुलाई एक हप्ता अवधिको पन्चायत सम्वन्धी प्रशिक्षण दिने गरिएको छ । पाँचौं योजनाकालमा यस किसिमकोप्रशिक्षण चालु राखिने छ ।

राजपत्र अनंकित तालीम

राजपत्र अनंकित तालीम कार्यक्रम अन्तर्गत सहायक तालीम टाइपिंग प्रशिक्षण र जिल्ला प्रशिक्षण संचालन गरिएको छ । यस अन्तर्गत पाँचौं योजनामा श्री ५ को सरकारका १२०० राजपत्र अनंकित कर्मचारीहरुलाई प्रशासन सम्वन्धी सहायक तालीम दिइने लक्ष्य राखिएको छ । यसै योजना अवधिमा १५०० जनालार्य टाइपिंग प्रशिक्षण दिने लक्ष्य राखिएको छ । यो टाइपिष्ट पदमा नियुक्ति हुनु अघि र टाइपिष्ट पदमा वहाल रहेका कर्मचारीहरुलाई टाइपिंग सम्वन्धी दक्षता वृद्धि गर्न दिइने तालमि हो । जिल्लास्थित राजपत्र अनंकित कर्मचारीहरुको सामान्य प्रशासन र टाइपिंग सम्वन्धी दक्षतामा वृद्धि गर्न जिल्ला प्रशिक्षण कार्य संचालन भै आएको छ । पाँचौं योजना अवधिमा यस किसिमका जिल्ला प्रशिक्षण २५ जिल्लामा उपलव्ध गराउने कार्यक्रम छ । साथै आवश्यकताअनुसार विभिन्न तहका कर्मचारीहरुलाई संकेतलीपी तालीम पनि प्रदान गरिने छ । उपरोक्त कार्यक्रमहरुको संचालनको साथै वैदेशिक तालीमबाट श्री ५ को सरकारलाई के कस्तो फाइदा भएको छ र के कति सुधार ल्याउनु आवश्यक छ सो कुराको मूल्यांकन गरिने छ । प्रशिक्षणमा अनुसन्धानको ठूलो महत्व हुने हुंदा यस आयोजना अन्तर्गत प्रशासन प्रशिक्षणलाई सघाउ पुऱ्याउनका लागि तालमिको आवश्यकता सम्वन्धी सर्भेक्षण तथा मूल्यांकन गरिने छ । साथै "प्रशासन" नामक पत्रिका साविक बमोजिम प्रकाशित गरिने छ ।

३. प्रशिक्षण भवन निर्माण

प्रशिक्षण तथा तालीमको लागि एक भवन निर्माण गर्ने लक्ष्य अधिकतम कार्यक्रम अन्तर्गत समावेश गरिएको छ ।

(ङ) खर्चको व्यवस्था

पाँचौं योजना अन्तर्गत प्रशासन सुधारको निमित्त माथि उल्लेख गरिएका कार्यक्रम सन्चालन गर्न चाहिने खर्चको विवरण तल प्रस्तुत गरिएको छ ।

(खर्च रु. हजारमा)

कार्यक्रम	न्यूनतम कार्यक्रमको लागि रकम	अधिकतम कार्यक्रमको लागि थप रकम
१. प्रशासन सुधार	१६,५०	-
२. तालीम	३४,५०	-
३. भवन निर्माण	-	३९,००
जम्मा	५१,००	३९,००

कूल जम्मा ९०,००

अनुसूची

प्रशासन सुधार पाँचौं योजना (२०३२-३७) को कार्यक्रम

आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य	आयोजनामा लाग्ने खर्च रु. ००० मा		कैफियत
				न्यूनतम	अधिकतम	
१. प्रशासन सुधार (क) संगठन तथा व्यवस्थापन		चालु	(क) संगठन तथा व्यवस्थापन (१) २१ कार्यालयहरुको प्रशासकीय सर्भेक्षण गर्ने । (२) प्रशासनसंग सम्वन्धित १० विषयको विशेष अध्ययन गरी कार्यान्वयनको लागि प्रतिवेदन पेश गर्ने (३) विभिन्न कार्यालयहरुमा आइपर्ने १२ अल्पकालीन समस्याहरुको समाधानको लागि समस्याहरुको सर्भेक्षण र अध्ययन गरी परामर्श दिने । (४) आन्तरिक प्रशासन दिग्दर्शन र कार्य संगठन दिग्दर्शन अध्यावधिक गर्ने	१६,५०	-	
(ख) अभिलेख आयोजना		नयाँ	महत्वपूर्ण कागजातहरुको संरक्षण गर्ने र तिनीहरुको अभिलेख राख्ने ।			
(ग) कर्मचारी सुविधा		नयाँ	कर्मचारीहरुलाई क्रमिक रुपमा शिक्षा, स्वास्थ्य र आवास सुविधाहरु उपलव्ध गर्ने			
२. प्रशासन तालीम (क) राजपत्रांकित तालीम	काठमाडौ	सालवसाली	(१) ८०० जना अधिकृतहरुलाई तालीम दिने । (२) प्राविधिक अधिकृतहरुलाई पन्चायत सम्वन्धी तालीम दिने	३४,५०		

(ख) राजपत्र अनंकित तालीम	काठमाडौ, विभिन्न जिल्ला काठमाडो	सालवसाली	(१) सहायक तालीम १२०० जनालाई दिने (२) टाइपिङ्ग तालीम १५०० जनालाई दिने (३) जिल्ला प्रशिक्षण २५ जिल्लामा दिने (४) तालीम आवश्यकताको सर्भेक्षण र तालीम कार्यक्रमको मूल्यांकन गर्ने			
३. प्रशासकीय प्रशिक्षण भवन	काठमाडौ	नयाँ	प्रशिक्षणको लागि भवन निर्माण गर्ने		३९,००	
			जम्मा	५१,००	३९,००	

कूल जम्मा ९०,००

परिच्छेद ३५

योजना र तथ्यांक

पाँचौं योजना अवधिमा लगानीमा अधिकतम वृद्धि गर्नुका साथै योजनामा अन्तर्निहित प्रादेशिक विकास, श्रममुलक प्रणाली र जनमुखी उत्पादनजस्ता सर्व साधारण जनताको निमित्त प्रत्यक्ष फाइदा हुने किसिमका उद्देश्य एवं नीतिहरुको प्रभावकारी कार्यान्वयनमा विशेष जोड दिनु नितान्त आवश्यक छ । यसै सन्दर्भमा योजनाको तर्जुमा, कार्यान्वयन र मुल्यांकनमा अहिले सम्म प्रयोगमा ल्याइएको सिद्धान्त एवं प्रविधिहरुलाई अरु बढी प्रभावकारी तुल्याउन निरन्तर प्रयास भैरहनु पनि आवश्यक छ । हाल राष्ट्रिय, प्रादेशिक तथा क्षेत्रिय स्तरमा भरपदों तथ्याङ्क विवरणहरको अभावमा वैज्ञानिक रुपबाट कार्यक्रम तर्जुमा गर्न कठिनाई परिरहेको छ । तसर्थ आउँदा वर्षहरुमा योजना तर्जुमा र कार्यान्वयन प्र(ालीलाई बढी सुनियोजित र सक्षम तुल्याउन राष्ट्रिय, क्षेत्रीय तथा आर्थिक सामाजिक पक्षका आधारभूत एवं भरपर्दो तथ्यांङ्क र विवरणको नियमित संकलन र विश्लेषण गरीनाका साथै केही ठोस र सामयिक कदमहरु पनि अपनाइनेछ ।

उद्देश्य

देशको आवधिक तथा वार्षिक योजना तर्जुमा, कार्यान्वयन र मूल्यांकन परिपाटीमा आवश्यक परिवर्तन एवं सुधार गर्न चाहिने राष्ट्रिय, प्रादेशिक तथा विभिन्न आर्थिक र सामाजिक क्षेत्रसित सम्बन्धित तथ्याङ्क, विवरण तथा प्रविधि बारे बढी ज्ञान हासिल गरी सो को आधारमा योजना तर्जुमा र कार्यान्वयनलाई अझ बढी वस्तुवादी तथा बैज्ञानिक वनाउनु नै योजना र तथ्यांकको मुख्य उद्देश्य रहेको छ ।

नीति :

उपर्युक्त उद्देश्य पूरा गर्न तल लेखिएका नीतिहरु अपनाइने छन् :-

१. आवधिक र वार्षिक योजना तथा कार्यक्रम तजुमा गर्नको लागि चाहिने प्रादेशिक, आर्थिक सामाजिक क्षेत्रका विभिन्न पक्षसित सम्बन्धित तथ्याङ्क संकलन गर्नाका साथै अन्य आवश्यक अध्ययन तथा सर्भेक्षण गर्ने गराइने छ ।

२. विगत योजनाहरुको पृष्ठभूमिमा हाल सम्मको योजना तर्जुमा र कार्यान्वयन प्रक्रियालाई पुनरावलोकन गरी बढी उपयोगी र उपयुक्त उपायहरु पत्ता लगाइने छ ।

३. प्रगति समीक्षा तथा मूल्यांकन प्रणालीलाई बढी व्यावहारिक एवं प्रभावकारी बनाउन बैज्ञानिक आधार तयार गरी सो अनुसार विभिन्न परियोजनाहरुको प्रगति समीक्षा तथा मूल्यांकन गरिने छ ।

४. योजना र तथ्यांङ्क सम्बन्धी प्रशासकीय संगठन भित्र कार्य क्षमता बढाउन चाहिने न्यूनतम भौतिक तथा अन्य सुविधाहरुको व्यवस्था गरिने छ । साथै तथ्याङ्क सम्बन्धी प्रशासकीय संगठनलाई बढी सक्षम र सुदृढ तुल्याइने छ ।

५. योजनाको प्रादेशिक पक्षलाई बढी सुदृण गर्न प्रादेशिक योजना कार्यालयहरुलाई प्रादेशिक योजना तर्जुमा कार्यमा बढी सक्षम र कार्यशील तुल्याइने छ ।

६. राष्ट्रिय जनगणना, राष्ट्रिय कृषि गणना जस्ता आवधिक रुपमा गर्नुपर्ने काम यथावत चालु राखी योजना र तथ्याङ्क सम्बन्धी नयाँ कार्यहरु मुख्यत: योजनाको तर्जुमा र कार्यान्वयनको मूल्यांकन परिपाटीलाई अति आवश्यक विषयहरुमा केन्द्रीत गरिने छ ।

७. राष्ट्रिय उत्पादन तथा राष्ट्रिय आय, वचत र लगानी जस्ता आधारभूत विषयहरुमा बढी ध्यान दिइने छ ।

कार्यक्रमहरु (योजना तर्फ)

१. संभाव्यता अध्ययन

राष्ट्रिय तथा क्षेत्रिय विकासको लागि उपर्युक्त आयोजनाहरुको संभाव्यता अध्ययन गर्ने काम मुख्यत: सम्बन्धित मन्त्रालय र विभागहरु कै कार्य क्षेत्रभित्र पर्ने भए तापनि राष्ट्रिय योजना आयोगबाट केही आवश्यक क्षेत्रहरुमा संभाव्यता अध्ययन र सर्वेक्षण गर्ने गराइने छ । प्रादेशिक विकास र सन्तुलनको लागि क्षेत्रिय आवश्यकता र संभाव्यताको आधारमा प्रादेशिक योजना कार्यालयद्वारा प्रादेशिक आयोजनाहरु तयार गराइने छ ।

२. मूल्यांकन र सर्भेक्षण :

(क) मूल्यांकन पद्धतिलाई बढी प्रभावकारी वनाउने सम्वन्धमा आयोगले परियोजना मूल्यांकन वा मोनिटरिग, परियोजना प्रतिवेदन प्रणाली, लगानी, उत्पादन विश्लेषण आदिको विकास र विस्तार गर्नेछ ।

(ख) उपलव्ध साधन, स्रोतको व्यवस्थित नियोजनको निमित्त परियोजनाको मूल्यांकनको विकास गर्न आवश्यक भएकोले छनौटको आधारमा वृहत परियोजनाहरुको लागत लाभ विश्लेषण गरिने छ । यस्तो विश्लेषणमा "सामाजिक भारण" र "न्यूनतम स्वीकार्य उत्पादन" आदिको आधार लिइनेछ ।

(ग) छनौटको आधारमा विकास कार्यक्रमसंग सम्वन्धित मन्त्रालयहरुको योजना शाखाहरुलाई उपर्युक्त बमोजिमका योजना तर्जुमा र मूल्यांकन पद्धतिमा बढी सक्रिय र सक्षम गराइने छ । साथै योजना तर्जुमा कार्यान्वयन र मूल्यांकन वीच बढी समन्वय स्थापित गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

३. अनुसन्धान र पुस्तकालय :

अनुसन्धानको विकास र विस्तार गर्ने तर्फ मुख्यतया निम्न कार्यहरु समावेश गरिएको छ ।

(क) योजनाको अनुसन्धान क्षमता वृद्धि गर्न आवश्यक कर्मचारी तथा प्रशिक्षणको व्यवस्था गर्ने

(ख) आवश्यकता र प्राथमिकताको आधारमा देशका प्राकृतिक स्रोत सम्पदा पहाडी क्षेत्रको विकासको निमित्त उपयुक्त प्रविधिको खोजी, आर्थिक स्रोतको परिचालन, भूपरिवेष्टिताको वेफाइदा, प्रादेशिक आर्थिक स्थिति, कारोवार र आय वितरण व्यवस्था, रोजगारी र जनशक्ति सम्पदा आदि विषयहरुमा अनुसन्धान र अध्ययन गर्ने गराउने ।

(ग) राष्ट्रिय योजना आयोग र अनुसन्धान गर्ने अन्य अंगहरु वीच अनुसन्धान सम्वन्धी कार्यहरुमा समन्वय ल्याउने, अनुसन्धान, प्रविधि र परिणामहरुको आदान प्रदान गर्ने तथा अनुसन्धान कार्यहरुलाई प्रोत्साहन दिन उचित सुविधाहरुको व्यवस्था गर्ने ।

(घ) नीति निर्धारण, योजना तजुमा र कार्य सम्पादन गर्नेहरुको लागि उपयोगी हुने तथा अनुसनधान कार्यतर्फ क्षमता वृद्धि गर्न आधुनिक पुस्तकालय र "लिखत संचय प्रणाली" को विकास गरिने छ ।

कार्यक्रमहरु (तथ्यांक तर्फ)

१. जनसंख्याको जन्म, मरण तथा वसाई सर्नेको अध्ययनको निमित्त जनसंख्या सर्वेक्षण तथा प्रयोगात्मक रुपमा जन्म मृत्यु दर्ता गरिने छ ।

२. १०।१० वर्षमा गरिने जनगणनाको वीच वीचमा समेत अध्ययन गर्नु आवश्यक भएकोले जनसंख्याको यथार्थ स्थिति विशेषत: स्थानान्तरण, श्रमशक्ति र शैषिक स्थिति सम्वन्धी नवीनतम तथ्यांक उपलव्ध गर्न छनौट प्रणाली अपनाई अध्यावधिक जनसंख्या अध्ययन गरिने छ ।

३. २०३८ सालमा गरिने जनगणनाको तयारीको लागि प्रारम्भिक योजना तथा परिक्षणको कार्य गरिने छ ।

४. अधिराज्य भरमा संचालित भइरहेको उद्योगहरुको किसिम, तिनीहरुको संख्या तथा उत्पादन आदि पत्ता लगाउन तेस्रो औद्योगिक गणना गरिने छ ।

५. २०२८ सालमा लिइएको राष्ट्रिय कृषि गणनाको नतीजा प्रकाशित गरिने छ ।

६. २०३८ सालमा गरिने कृषि गणनाको लागि प्रारम्भिक कार्य गरिने छ ।

७. २०३२।३३ देखि २०३४।३५ सम्म तीन वर्षको निमित्त उपलव्ध कम्प्युटर संचालन गरिने छ ।

८. हाल भैरहेको आई वी. एम. १४०१ प्रणालीको कम्प्युटरबाट पछि आउने कार्यबोझ संचालन गर्न नसकिने भएकोले सो कार्य गर्न सक्ने क्षमता भएको नयाँ कम्प्युटर उपलव्ध गर्ने तथा सो मेशिन संचालन गर्नको निमित्त आवश्यक जनशक्ति तयार पार्न तालीमको व्यवस्था गरिने छ ।

९. विभागमा रहेको कम्प्युटर स्थायी रुपमा राख्न स्थान र उपयुक्तताको दृष्टिकोणले आवश्यक नयाँ भवनको भूंई तला निर्माण गरी कम्प्युटर मेशिन जडान गर्न हुने किसिमबाट फर्निशिङ्ग र एयर कण्डिशनको व्यवस्था मिलाइने छ ।

१०. छनौट प्रणालीद्वकारा देशको विभिन्न भाग र प्रदेशहरुको वीचको व्यापार सम्वन्धी सर्वेक्षण गरी प्रतिवेदन प्रकाशित गरिने छ ।

११. देशको ग्रामीण क्षेत्रको के कस्तो वेरोजगारी र अर्ध वेरोजगारी समस्या छ सो बारे वस्तुस्थिति जान्ने उद्देश्यबाट छनौट प्रणालीद्वारा सर्वेक्षण गरी प्रतिवेदन प्रकाशित गरिने छ ।

१२. राष्ट्रिय अर्थ व्यवस्थामा विगत वर्षहरुमा भएका राष्ट्रिय आय वचत र लगानीको औषत सीमान्त दरहरु थाहा पाउने उद्देश्यले अध्ययन गरिने छ ।

१३. लगानी र उत्पादन वीच औषत सीमान्त अनुपातहरु बारे बढी ज्ञान प्राप्त गर्ने उद्देश्यले अध्ययन अनुसनधान गरी प्रतिवेदन तयार गरिने छ ।

१४. राष्ट्रि आय अनुमान वढी वैज्ञानिक र भरपर्दो तुल्याउन चाहिने थप अध्ययन सर्वेक्षण गरिने छ ।

१५. अधिकतम कार्यक्रम अन्तरगत कम्प्युटर संचालनको निमित्त थप मेशिन र पार्ट पूर्जा उपलव्ध गरिने छ ।

१६. कम्प्युटर वसंचालनको निमित्त वनाइने भवनलाई विस्तार गर्ने काम पनि अधिकतम कार्यक्रमको रुपमा समावेश गरिएको छ ।

१७. घरेलुस्तरमा संचालित उद्योगमा संलग्न जनशक्ति तथा उत्पादन पत्ता लगाउन छनौट प्रणालीद्वारा घरेलु तथा साना उद्योग सम्वन्धी सर्वेक्षण कार्य अधिकतम कार्यक्रमको रुपमा संचालन गरिने छ ।

अनुसूची -१

योजना पाँचौं योजना (२०३२-३७) को कार्यक्रम

आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य	आयोजनामा लाग्ने खर्च रु. ००० मा		कैफियत
				न्यूनतम	अधिकतम	
१(क) सम्भाव्यता अध्ययन	विभिन्न जिल्ला	चालु	१. प्रादेशिक विकासको दृष्टिकोणबाट आवश्यक आयोजनाहरुको सम्भाव्यता अध्ययन गर्ने, गराउने	१०,००	-	
+(ख) सम्भाव्यता अध्ययन	,,	चालु	थप आयोजनाहरुको सम्भाव्यता अध्ययन गर्ने गराउने		१०,००	
(क) मूल्यांकन र सर्भेक्षण	,,	,,	मूल्यांकन पद्धतिलाई बढी प्रभावकारी वनाउने प्रतिवेदन तथा विश्लेषण प्रणालीको विकास एवं विस्तार गर्ने	१०,००		
+(ख) मूल्यांकन र सर्भेक्षण	,,	,,	उपरोक्त प्रतिवेदन तथा विश्लेषण प्रणाली सम्वन्धमा थप कार्य गर्ने		१०,००	
(क) अनुसन्धान र पुस्तकालय	काठमाडौ	चालु नयाँ	(क) अनुसन्धान तथा अध्ययनका विभिन्न क्षेत्रहरु निर्धारण गरी अध्ययन गर्ने गराउने । (ख) राष्ट्रिय योजना आयोग र अनुसन्धान गर्ने विभिन्न अङ्गहरुका विच समन्वय ल्याउने अनुसन्धान प्रविधि परिणामहरुको आदान प्रदान गर्ने (ग) आधुनिक पुस्तकालय र लिखत सन्चय प्रणालीको विकास गर्ने	२०,००		
+(ख) अनुसन्धान र पुस्तकालय	,,	नयाँ	उपरोक्त विषयहरुमा थप कार्य गर्ने		१०,००	
			जम्मा	४०,००	३०,००	

कूल जम्मा ७०,००

अनुसूची- २

तथ्याङ्क पाँचौं योजना (२०३२-३७) को कार्यक्रम

आयोजनाको नाम	स्थान	आयोजनाको स्थिति	भौतिक लक्ष्य	आयोजनामा लाग्ने खर्च रु. ००० मा		कैफियत
				न्यूनतम	अधिकतम	
तथ्याङ्क तर्फ १. जनसंख्या सर्भेक्षण र जन्म मृत्यु दर्ता	छानिएका जिल्लाहरु	चालु	जनसंख्याको जन्म, मरण तथा वसाई सर्नेको अध्ययनको निमित्त जनसंख्या सर्भेक्षण तथा प्रयोगात्मक रुपमा जन्म-मृत्यु दर्ता गर्ने	१७,७५	-	
२ मध्यावधि जनसंख्या अधययन	,,	नयाँ	मध्यावधिक जनसंख्या अध्ययन गर्ने	५०,००	-	
३ राष्ट्रिय जनगणनाको तयारी	,,	,,	२०३८ सालको जनगणनाको लागि प्रारम्भिक योजना तथा परिक्षणको कार्य गर्ने	१०,००		
४ औद्योगिक गणना	अधिराज्यभर	नयाँ	तेस्रो औद्योगिक गणना गर्ने	१०,००	-	
५.घरेलु तथा साना उद्योग	,,	नयाँ	छनौट प्रणालीद्वारा घरेलु तथा साना उद्योग सम्वन्धी सर्भेक्षण गर्ने	-	३०,००	
६ राष्ट्रिय कृषि गणना (२०२८) को नतिजा प्रकाशित	काठमाडौ	चालु	राष्ट्रिय कृषि गणना २०२८ को नतिजा प्रकाशित गर्ने	२,२५	-	
७ राष्ट्रिय कृषि गणना २०३८ को पाइलट सर्भेक्षण	छानिएका जिल्लाहरु	नयाँ	२०३८ सालमा गरिने कृषी गणनाको लागि पाइलट सर्भेक्षण आदि प्रारम्भिक कार्य गर्ने	६,००	-	
८ कम्प्युटर सन्चालन	काठमाडौ	चालु	कम्प्युटर सन्चालन गर्ने	३०,००	-	
९(क) नयाँ कम्प्युटर उपलव्धी	काठमाडौ	नयाँ	नयाँ कम्प्युटर उपलव्ध गर्ने र सो सम्वन्धी तालीमको व्यवस्था गर्ने	७२,००		
+(ख) नयाँ कम्प्युटर उपलव्धी	काठमाडौ	नयाँ	थप मेशिन र पार्ट पूर्जा उपलव्ध गर्ने	-	२०,००	
१० -क) कम्प्युटर भवन निर्माण	काठमाडौ	नयाँ	कम्प्युटर भवनको भूईतल्ला निर्माण गर्ने	३०,००		

+(ख) कम्प्युटर भवन निर्माण	काठमाडौ	नयाँ	कम्प्युटर भवन विस्तार गर्ने	-	२०,००	
११ आन्तरिक व्यापार प्रवाहको अध्ययन	विभिन्न जिल्ला	नयाँ	आन्तरिक व्यापार सम्वन्धी सर्भेक्षण गरी प्रतिवेदन तयार गर्ने	१२,००		
१२ ग्रामीण वेरोजगारी स्थितिको अध्ययन	,,	,,	ग्रामीण क्षेत्रमा वेरोजगारी र अर्ध वेरोजगारीको वस्तुस्थिति सम्वन्धी सर्भेक्षण गर्ने	१०,००		
१३. राष्ट्रिय आय वचत र लगानीको प्रवृत्ति सम्वन्धी अध्ययन	,,	,,	राष्ट्रिय आय, बचत र लगानीको औषत र सीमान्त सम्बन्धी अध्ययन गर्ने	५,००		
१४ विभिन्न आर्थिक सामाजिक क्षेत्रहरुको लगानी र उत्पादन वीचको सम्वन्धको अध्ययन	,,	,,	विभिन्न आर्थिक सामाजिक क्षेत्रहरुको लगानी र उत्पादन वीच औषत र सीमान्त अनुपात सम्वन्धी अध्ययन अनुसन्धान गर्ने	५,००		
१५ राष्ट्रिय आय अनुमान सम्वनधी अध्ययन	,,	,,	राष्ट्रिय आय अनुमानलाई बढी वैज्ञानिक भरपर्दो तुल्याउन आवश्यक अध्ययन गर्ने	१०,००	-	
			जम्मा	२,७०,००	७०,००	
कुल			जम्मा			३,४०,००

(घ) खर्चको विवरण

उपरोक्त कार्यक्रम संचालन गर्न चाहिने खर्च तल प्रस्तुत गरिएको छ ।

(रु. हजारमा)

कार्यक्रम	न्यूनतम कार्यक्रम	अधिकतम कार्यक्रमको	
		लागि रकम	लागि थप रकम
(१) योजना तर्फ	४०,००	३०,००	
(२) तथ्यांक तर्फ	२,७०,००	७०,००	
	जम्मा	३,१०,००१,००,००	
	कूल जम्मा ४,१०,००		

भाग- ४

परिच्छेद ३६

साधनको प्रादेशिक ढाँचा

पाँचौं योजनाको उद्देश्यहरु मध्ये प्रादेशिक सन्तुलन र एकीकरण एक महत्वपूर्ण अंग रहेको छ र सो उद्देश्य प्राप्तिको लागि विकास पद्धतिमा स्थानगत पक्षको विशेष भूमिका रहन्छ । नेपालको भौगोलिक पृष्ठभूमिमा हिमाली र तराई उप प्रदेश वीचको विभिन्नता तथा मध्यमान्चल र सुदूर पश्चिमान्चल क्षेत्र वीचको विकास अन्तरलाई छोटो अवधिमा घटाउन सकिने होइन । प्रादेशिक सन्तुलन कायम गर्ने भनेको एक दीर्घकालीन प्रक्रिया हो र यसको लागि निरन्तर प्रयास अनिवार्य छ । प्रादेशिक नीतिको अर्थ सीमित साधनलाई यत्रतत्र छर्ने नभई केन्द्रीत र कुण्ठित रहेको विकास कार्यलाई फराकिलो पारी क्षेत्रीय श्रोतहरुलाई परिचालन गर्न सम्वन्धयुक्त लगानीद्वारा राष्ट्रिय आयको अभिवृद्धि गर्नु हो । पूर्व- पश्चिम राजमार्ग तथा उत्तर- दक्षिण विकास रेखाहरुको माध्यमबाट व्यापक राष्ट्रिय एकीकरणको परिकल्पना गरिएको छ भने पाँचाइै योजनाको तर्जुमामा विकासको संचार माध्यमको रुपमा यातायातको क्रमशः विस्तारको साथै यातायात सुविधा प्राप्त क्षेत्रबाट अधिकतम आर्थिक प्रतिफल उपलव्ध गराउने आधार लिइएको छ । यस अनुरुप विकट सुदुर पश्चिमाञ्चल क्षेत्रमा यातायातको तुलनात्मक वढी विस्तार गर्ने र अन्य सुगम क्षेत्रमा उत्पादनशील सघन कार्यक्रमहरुलाई प्रधानता दिइएको छ ।

१. साधनको बाँडफाँड :

पाँचों योजनामा सरकारी क्षेत्रमा हुने कुल खर्चको विकास क्षेत्र अनुसारको विभाजन मुख्यतः चार विषयगत क्षेत्र अनुसार गरिएको छ । विकास क्षेत्र अनुसार खर्चको विभाजन कार्यमा राष्ट्रिय स्तरमा हुने खर्च तथा वार्षिक कार्यक्रमहरु तयार भए पछि मात्र विकस क्षेत्र खुलाउन सकिने खर्चहरुलाई छुट्टै स्थान दिइएको छ । विकास क्षेत्र नखुलेका यस समूहमा अधिकतम खर्च रु. ७५४ करोड मध्ये रु. २०५ करोड अर्थात कुख खर्चको २७ प्रतिशत रहेको छ । कूल खर्चको यो अंश मध्यमान्चल विकास क्षेत्र पछि अरु कुनै पनि विकास क्षेत्रमा हुने खर्चभन्दा वढी छ । विकास क्षेत्र नखुलेको यस्तो रकम सवभन्दा ठूलो मात्रामा कृषि, भूमि सुधार, सिंचाई, वन तथा वनस्पति क्षेत्रमा अर्थात् जम्मा खर्च रु. २२८ करोड मध्ये रु. ९८ करोड (४३.१ प्रतिशत) रहेको छ । यसो हुनुको मुख्य कारणहरुमा कृषि प्रसार तथा तालीम जस्ता राष्ट्रव्यापी कार्यक्रमहरु रही तिनीहरुको उपादेयता विकास क्षेत्र अनुसार एकिन नहुनु हो । यस विषयगत क्षेत्रमा मध्यमाञ्चल विकास क्षेत्रमा २५.२ प्रतिशत खर्च हुनेछ । यसको मुख्य कारणमा मध्यमान्चलमा नारायणी अन्चल सिंचाई कार्यक्रम र जनकपुर अन्चल कृषि विकास कार्यक्रम रहनु तथा आधारभूत सुविधा प्राप्त भएकोले अन्य विकास तथा अनुसन्धान कार्यक्रमहरु यसै क्षेत्रमा केन्द्रीत हुनु हो । सुदूर पश्चिमाञ्चलमा कपास विकास कार्यक्रम, पश्चिमाञ्चलमा गण्डकी अञ्चल कृषि विकास कार्यक्रम हुने भएकोले ती क्षेत्रमा जम्मा खर्चको क्रमश १०.६ र १२.७ प्रतिशत पुगेको छ । पूर्वाञ्चलमा यस विषयका वृहत कार्यक्रम नभएकोले यसको जम्मा खर्चको ८.४ प्रतिशत मात्र रहेको छ ।

सामाजिक सेवा क्षेत्रमा हुने जम्मा खर्च रु. १७७ करोडको २८.२ प्रतिशत रकम विकास क्षेत्र खुलाउन नमिल्ने समूहमा परेको छ । यस क्षेत्रमा संचालन हुने प्रादेशिक विकास सघन आयोजना कार्यक्रमहरुको खर्च विभिन्न विकास क्षेत्रमा संलगन हुने आयोजना संख्याको आधारमा विभाजन गरिएको छ तापनि केन्द्रीय स्तरमा योजना तथा तथ्यांक क्षेत्रमा हुने खर्च तथा विकास क्षेत्र हाल खुलाउन नसकिने औलो उन्मूलन आयोजनाका खर्च आदिले गर्दा यस समूहमा सामाजिक सेवामा खर्च हुने जम्मा खर्चको एक चौथाई भन्दा ठूलो हिस्सा पर्न आएको छ । बढ्दो शहरीकरण तथा पर्यटन विकासको लागि अत्यावश्यक देखिएको काठमाडौ उपत्यकाको वृहत् खानेपानी योजनाले गर्दा मध्यमाञ्चल विकास क्षेत्रमा यस विषयमा क्षेत्रको ३६.४ प्रतिशत बजेट रहन गएको छ । सुदूर पश्चिमान्चल, पश्चिमान्चल तथा पूर्वान्चलमा क्रमश १२.७, १२.३ र १०.४ प्रतिशत छन् । पाँचौं योजनाको कुल खर्चको विकास क्षेत्र खुलाउन नमिल्ने रकममा रहेको २७.१४ प्रतिशत रकमबाट यी विकास क्षेत्रमा भएको जनसंख्या तथा वजारवस्तीको आधारमा वार्षिक योजना क्रममा विकास वजेटको पुनरवितरणको गुन्जाइस रहने छ ।

उद्योग, वाणिज्य तथा विद्युत क्षेत्रमा खर्च हुने रु. १५० करोड मध्ये रु. २७ करोड अर्थात जम्मा खर्चको १८.३ प्रतिशत विकास क्षेत्र खुलाउन नमिल्ने समूहमा परेको छ । यस समूहमा पर्ने मुख्य मुख्य खर्चहरुमा राष्ट्रव्यापी वाणिज्य कार्यक्रम, परिवहन तथा गोदाम व्यवस्था नेपाल औद्योगिक विकास निगम र पर्यटन कार्यक्रम सम्वन्धी खर्चहरु छन् । सुदूर पश्चिमान्चलमा पनि रोजिन टर्पेन्टाइन तथा कागज उद्योग

आदि रहे पनि यस विषयगत क्षेत्रको ८.२ प्रतिशत मात्र यस विकास क्षेत्रमा रहेको छ । आधारभूत सुविधा उपलव्ध भएकोले सुति उद्योग, मैग्नेसाइट उद्योग जस्ता वृहत उद्योगहरुको स्थापना तथा औद्योगिकरणको परिणाम स्वरुप मध्यमान्चल विकास क्षेत्रमा बढी शक्तिको मात्र भई शुरु हुन लागेका देविघाट तथा कुलेखानी विद्युत आयोजनाको खर्च रकमले यस विकास क्षेत्रमा यस विषयगत क्षेत्रको ६०.० प्रतिशत रहन गएको छ । वृहत उद्योग तथा ठूला विद्युत आयोजनाको अभावमा पश्चिमान्चलको लागि उद्योग वाणिज्य क्षेत्रमा ४.८ प्रतिशत मात्र रहेको छ ।

निर्माण, यातायात तथा संचार क्षेत्रमा खर्च हुन जम्मा रु. १९९ करोड मध्ये रु. २९ करोड अर्थात १४.७ प्रतिशत विकास क्षेत्र नखुलेको समूहमा परेको छ । यस क्षेत्रको सडक निर्माण आदि कार्यक्रममा हुने खर्चलाई विभिन्न विकास क्षेत्रमा निर्माण हुने सडकको लम्वाईको अनुपातमा विभाजन गरिएको छ । विकास क्षेत्र खुलाउन नमिल्ने समूहमा १४.७ प्रतिशत रकम रहनुको मुख्य कारणमा नयाँ विमान खरिद तथा विभिन्न विषयमा संभाव्यता अध्ययन तथा सर्वेक्षण कार्यक्रम आदि हुन । पूर्व-पश्चिम राजमार्गको पश्चिमी भाग धनगढी-डडेलधुरा तथा नेपालगन्ज सुर्खेत सडकहरु पाँचौं योजनामा परेकोले यस विषयगत क्षेत्रको ३२.९ प्रतिशत सुदूर पश्चिमान्चलमा रहन आएको छ जवकी यो प्रतिशत मध्यमान्चल क्षेत्रको लागि पनि ३०.९ प्रतिशत मात्र छ । काठमाडौ -धनकुटा राजमार्ग मध्यमान्चल क्षेत्रबाट शुरु हुने प्रस्तावित भएकोले र पूर्व-पश्चिम राजमार्ग वनीसकेकोले पूर्वान्चलको लागि यसको जम्मा खर्चको ८.८६ प्रतिशत मात्र रहेको छ । महेन्द्र राजमार्गको केही भाग तथा सहायक मागृको निर्माण कामको साथै पोखरा-सुर्खेत राजमार्गको निर्माण पश्चिमान्चल विकास क्षेत्रबाट शुरु हुने हुंदा पश्चिमान्चलमा यो प्रतिशत १२.६ रहेको छ ।

विकास क्षेत्र खुलाउन नसकिने हालको रकमको प्रतिशत वार्षिक योजना क्रममा घटन आउने छ । सम्भाव्यता सर्वेक्षण आदिका कार्यक्रमहरु पनि क्रमशः कार्यक्रम संचालन हुने वा फायदा प्राप्त गर्ने स्थान, क्षेत्र वा उपक्षेत्र वार्षिक योजना क्रम मै निर्धारण हुन आउने छ । विकास खर्चको वितरणमा वढी असामन्जश्यता देखिएका विकास क्षेत्र खुलाउन नसकिने केही उपेषित क्षेत्रमा व्यवस्था गर्न सकिने छ ।

पाँचौ योजनामा प्रस्तावित विकास वजेटको प्रादेशिक वाँडफाँटलाई सामुहिक रुपमा हेर्दा सवभन्दा वढी मध्यमान्चल क्षेत्रमा र सवभन्दा घटी पूर्वान्चल क्षेत्रमा रहेको पाइन्छ । यसो हुनुको कारणहरु मध्ये एकातिर राजधानी रहेको काठमाडौ उपत्यकाको आर्थिक-सामाजिक प्रभुत्वलाई एकाएक घटाउन नसक्नु हो भने अर्कोतिर पूर्वान्चलको आधा जनसंख्या वसोवास गरेको तराई भागमा विकासका पूर्वाधारहरु (सडक, सिंचाई, शिक्षा) को वढी व्यवस्था भइसकेको र यस क्षेत्रको विशेषता उद्योग वाणिज्य कारोवारमा निजी क्षेत्र बढी सक्रिय रहेकोले हो । विकासको तुलनात्मक क्रममा मध्यमान्चल विकास क्षेत्रको लगत्तै पछि पूर्वान्चल क्षेत्रको ठाउँ देखिन्छ भने सुदूर पश्चिमान्चल क्षेत्र अन्य विकास क्षेत्रभन्दा पछि परेको एक सर्वमान्य तथ्य हो । यस योजनामा वढी अविकसित क्षेत्रको द्रुततर विकासमा सघाउ पुऱ्यायउने हेतुले पश्चिमान्चल क्षेत्र तथा अझ सुदूर पश्चिमान्चल क्षेत्रलाई बढी साधन जुटाइएकोछ । यस सन्दर्भमा निर्माण, यातायात संचार मध्ये कुल रकमको एक-तिहाइ सुदूर पश्चिमान्चल क्षेत्रलाई व्यवस्था गरिएको विशेष उल्लेखनीय छ ।

प्रादेशिक असन्तुलन हटाउन र आर्थिक-सामाजिक एकीकरणको कायम गर्न क्षेत्रीय ज्ञानको निर्णयक भूमिका रहन्छ । विभिन्न विकास क्षेत्रहरुमा निहित स्रोत साधन र सम्भाव्यताको वास्तविक जानकारिको आधारमा मात्र क्षेत्र विशेष अनुरुपको विकास पद्धति र गतिको स्वरुप उभ्याउन सम्भव हुन्छ । विकास क्षेत्रहरुको परिकल्पना र विकास केन्द्रहरुको स्थापना राष्ट्रिय विकासमा प्रादेशिक नीतिको प्रार्दुभाव मात्र हो । क्षेत्रीय तहमा व्यापक अनुसन्धान र सम्भाव्यता अध्ययनको माध्यमबाट लगानीको क्षमता वढाउन सकिन्छ भने क्षेत्रीयकरणका अन्य कदमहरुबाट काम स.चालनमा नै नयाँ गति प्रदान गर्नु परेको छ ।

२. विकास क्षेत्रहरुको परिचय

विकास क्षेत्रहरुको विकास ढाँचा नै सामुहिक राष्ट्रिय विकासको परिकल्पना हो भने क्षेत्र-क्षेत्रमा निहित विकासका आधार तथा सम्भावनाहरुमा भिन्नता हुने हुनाले क्षेत्रीय वा प्रादेशिक नीतिको अझ बढी महत्व हुन आउँछ । यस सन्दर्भमा अधिराज्यका चार विकास क्षेत्रहरुको परिचय यहाँ प्रस्तुत गरिन्छ ।

क. पूर्वान्चल विकास क्षेत्र

मेची, कोशी तथा सगरमाथा अन्चलका १६ जिल्लाहरुको समूहले वनेको पूर्वान्चल विकास क्षेत्रको क्षेत्रफल २७,९९३ वर्ग किलो मिटर (अधिराज्यको २० प्रतिशत) छ । आकारमा अन्य विकास क्षेत्र भन्दा बढी

बाटुलो (पूर्व-पश्चिम १८० कि.मि., उत्तर-दक्षिण १६७ कि.मि.) भए तापनि भू-आकृतिमा विशेष अन्तर छ । विश्वको अग्लो टाकुरा सगरमाथा (८,८४८ मि.) को साथै अधिराज्यको सवभन्दा होचो ठाउँ कचना-कलन (७० मि.) गाउँ यस क्षेत्रको पूर्व-दक्षिण पुछारमा पर्छ । प्राकृतिक वनौटमा दूधकोशी-सुनकोशी, अरुण, तमोर र सप्तकोशी नदी समूहको त्रिशुल छापको वरपरका लेख-डांडा जलधाराहरु दक्षिण हादिएका छन् । उदयपुर गढी देखि इलामसम्म पूर्व-पश्चिम लाम्चिएको महाभारत लेखले यस विकास क्षेत्रको मधेश तथा तराई भाग छुट्याएको छ । प्रमुख हिमाली श्रृङ्खलाले उत्तरी सीमाना भएको हुनाले पूर्वान्चल क्षेत्रमा रुखा भोट इलाका पाइदैन र ताप्लेजुङ, संखुवा उत्तर र खुम्वुमा सदावर्ते हिउंको साथै अधिकतम वर्षा हुन्छ । तुलनात्मक रुपमा विराटनगरको वार्षिक वर्ष १,३१२ मि.मि., चैनपुरका १,१४१ मि.मि., ओलाङचुङको १,४९१ मि.मि. हुन आउँछ । त्यस्तै अधिकतम तापक्रम विराटनगरमा ३५.६ से., चैनपुरमा २९.७ से र ओलाङचुङमा १६.५ से मात्र हुन आउँछ ।

पूर्वान्चल विकास क्षेत्रमा २७,०९,२६७ जनसंख्या रहेकोले अधिराज्यका कूल जनसंख्याको २४.२ प्रतिशत यस क्षेत्रमा वसोवास गर्दछन् । पूर्वान्चल क्षेत्रको जम्मा जनसंख्या मध्ये ४८.२ प्रतिशत तराईमा, ४०.५ प्रतिशत पहाडमा र केवल ११.२ प्रतिशतमात्र हिमाली उपप्रदेशमा रहेको छ । अधिराज्यको सरदर ७९ व्यक्ति प्रति वर्ग किलोमिटर जनघनत्वको दाँजोमा यस क्षेत्रको जनघनत्व १०० छ । जिल्ला विशेष अनुसार ताप्लेजुङमा २८, तेह्रथुममा १३५ र सिराहामा २८७ व्यक्ति प्रति वर्ग किलोमिटर जनघनत्व पाइन्छ भने सवभन्दा थोरै जनसंख्या (८४,७१५) ताप्लेजुङमा र सवभन्दा बढी (३,१३,५६५) सप्तरी जिल्लामा छ । १९९८ सालमा पूर्वान्चल क्षेत्रको जनसंख्या १५,०६,९८८ मात्र थियो भने २०२८ सालसम्म (३० वर्ष पछि) १२,९०,५०२ व्यक्ति थपिएको वा ८५ प्रतिशत वृद्धि भएको (अधिराज्यको ८४ प्रतिशत) छ । सो जनसंख्या बृद्धि हिमाली-पहाडी भागमा ५६ प्रतिशत तथा तराईमा १२९ प्रतिशत र झापा जिल्लामा मात्र २५८ प्रतिशत बढ्को पाइन्छ । पूवान्चल क्षेत्रको जम्मा जनसंख्या १९९८ सालमा ४० प्रतिशत तराईमा थिए भने २०२८ सालमा तराईमा वसोवास गर्नेहरुको अनुपात ४८.२ प्रतिशत हुन आउँछ ।

उत्तरी भेकमा कृषि भूमि नगण्य र जीवनोपार्जनको साधन जटिल हुनुका साथै पहाडी भागमा पनि वन ५५ प्रतिशत, कृषि भूमि ३६ प्रतिशत, खर्क ६ प्रतिशत र भीर पाखा ३ प्रतिशत अनुमानित छ । सो को तुलनामा तराई भागको भू- उपयोगमा वन ३७ प्रतिशत कृषि भूमि ५२ प्रतिशत र चरन २ प्रतिशत देखिन्छ । पूर्वान्चलको ३ हिमाली जिल्लाहरुमा खेती योग्य जमीन २४,३०० हेक्टर मात्र छ र प्रति व्यक्ति ०.०४ हेक्टर हुन आउँछ र ८ पहाडी जिल्लाहरुमा जम्मा १,८६,००० हेक्टर (प्रति व्यक्ति ०.१६) छ भने तराईका ५ जिल्लाहरुमा ४,०५,४०० हेक्टर खेती योग्य जमीन र प्रति व्यक्ति ०.२९ हेक्टरको अनुपात पाइन्छ । अधिराज्यको ३१ प्रतिशत खेती योग्य जमीन र जम्मा खाद्यान्न वचत मध्ये ३७ प्रतिशत पुर्वी तराईबाट भए तापनि पहाडी प्रदेशमा क्रयशक्तिको कमि र यातायात साधनको अभावले गर्दा बचत खाद्यान्न अन्यत्र क्षेत्रमा जाने गर्दछ । २०२९ सालको एक सर्भेक्षण अनुसार पूर्व पहाडबाट रु. १ करोड ३ लाख मूल्यको वस्तु निर्यात हुने दाँजोमा झण्डै रु. ५ करोडको आयात देखिनु बाट पहाडी अर्थतन्त्रको वास्तविकता झल्किन्छ र सो विषय स्थिति धान्नुमा छिमेकी देशहरु (भारत, सिक्किम, भूटान) मा गई काम गर्ने तथा सैनिक पेशाको ठूलो टेवा अनुमान गर्न सकिन्छ । त्यसरी नै मूलघाटबाट ६५०,००० मानिस वर्षेनी ओहोर-दोहोर गर्ने र त्यसमध्ये ८० प्रतिशतले आफ्नै भारी बोक्ने तथ्यबाट धेरी पहाडी जनता माल ढुवानीमा व्यस्त रहने देखिन्छ । हिमाली तथा पहाडी प्रदेशको प्रतिकुल आर्थिक प्रवृत्तिको प्रत्यक्ष प्रभाव तराईको जनसंख्या वृद्धि र वन विनाशमा देखा पर्दछ । १९९८ साल यता पूर्वी तराईको जनसंख्या ६ लाखबाट बढेर झण्डै १४ लाख पुगेको छ भने १९८५ सालको ६३८,३०० एकड वन क्षेत्र २०२९ सालमा आएर २०५,००० एकड मात्र बाँकी छ वा ४४ वर्गमा ४३३,३०० एकड वन विनाश भएको देखिन्छ । सिराहा र सप्तरी जिल्लामा अघिदेखि नै बढी वसोवास भएकोबाट उत्तरी घांचमा मात्र वन मासिएको देखिन्छ तर सप्तकोशी पूर्वका जिल्लाहरुमा अप्रत्याशित रुपमा वन मासिएको पाइन्छ (३७०,००० एकड) । काल अनुसार १९८५ देखि २०१० सम्म सवभन्दा बढी सुनसरीमा (७१,६०० एकड), २०१०-२०२१ वेला मोरङमा (४०,००० एकड) र २०२१ देखि २०२९ सम्म झापामा (४९,९०० एकड) वन विनाश भएवाट जनसंख्या चाप क्रमश पूर्वतिर बढ्दै गएको देखिन्छ । वन विनाशको वढ्दो प्रक्रिया झापा जिल्लाबाट प्रष्ट हुन्छ १९८५-२०१० (२५ वर्ष) मा १० प्रतिशत, २०१०- २०२१ (११ वर्ष) मा ४३ प्रतिशत र २०२१-२०२९ (८ वर्ष) मा ५८ प्रतिशत ।

पूर्वी तराईमा वन विनाश (१९८५-२०२९)

जिल्ला	वन क्षेत्र (एकडमा)				वन विनास (प्रतिशतमा)		
	१९८५	२०१०	२०२१	२०२९	१९८५-२०१०	२०१०-२०२१	२०२१-२०२९
१. सिराहा	४३,६००	३०,४००	२५,३००	१९,७००	३०	१७	२२
२. सप्तरी	६९,३००	५२,२००	३६,९००	२९,९००	२५	२९	१९
३ सुनसरी	१,४१,१००	६९,५००	५३,६००	४६,२००	५१	२३	१४
४ मोरङ	२१८,६००	१६०,९००	१२०,९००	७३,७००	२६	२५	३९
५ झापा	१६५,७००	१४९,५००	८५,४००	३५,५००	१०	४३	५८
जम्मा	६३८,३००	४६२,५००	३२२,१००	२०५,०००	२८	३०	३६

विकासको सन्दर्भमा पूर्वान्चल क्षेत्र मध्यमान्चल क्षेत्रको लगतै पछि आउँछ । अधिराज्यको पक्की जम्मा १७२२ किलोमिटर सडक मध्ये पूर्वान्चलको भाग ३०९ किलोमिटर (१८ प्रतिशत) पर्द आउँछ र साथै तराईमा तीन हवाई मैदान र पहाडमा ७ स्टोल मैदानहरु छन् । ११,००० मजदूर काम गर्ने विराटनगर उद्योगहरु बाहेक, अधिराज्यको धान मील, जूट तथा फलफूल उद्योग तथा चिया कमानहरु पूर्वी तराईको विशेषता नै हो । आ.व. २०२९।३० सम्म दर्ता भएको अधिराज्यका जम्मा ७५५ उद्योगहरु मध्ये पूर्वान्चल विकास क्षेत्रमा १३३ उद्योगहरु (१७ प्रतिशत) रहेको पाइन्छ । समुद्री निकास तथा चार अन्य राष्ट्रहरुको नगिचको कारण व्यापार क्षेत्रमा पूर्वान्चल क्षेत्रको विशेष भूमिका देखिन्छ । अधिराज्यभरका बैंकहरुबाट २०२९ साल भदौमा कर्जा लगानी रु. ३६,२७,७३,००० भएकोमा पूर्वान्चल क्षेत्रमा रु. १४,५८,७६,००० (४० प्रतिशत) कर्जा लगानी भएको पाइन्छ र कर्जा लगानीको अनुपात ९७ प्रतिशत तराईमा, १७ प्रतिशत पहाडमा र ०.५ प्रतिशत हिमाली भेगमा भएको देखिन्छ । पूर्वान्चलको जल विद्युत उत्पादन अधिराज्यको एक प्रतिशत भन्दा घटी (२४० किलोवाट) भए तापनि डिजेल विद्युतको उत्पादन अधिराज्यको एक चौथाई (४,७०४ कि.वा.) छ । अधिराज्यको साक्षरताको प्रतिशत १३.९ छ भने पूर्वान्चल क्षेत्रमा १५.२५ प्रतिशत जनता साक्षर छन् । यस क्षेत्रको विभिन्न विषयका १६ क्याम्पसहरुमा ४४४३ विद्यार्थीहरु उच्च शिक्षामा अध्ययन गरी रहेका छन् । अधिराज्यको अस्पताल शैया मध्ये १५ प्रतिशत यस क्षेत्रमा पर्दछ । विकास र आधुनिकताको अर्को चिनारी शहरीकरण हो र अधिराज्यमा १०,००० भन्दा बढी जनसंख्या भएको वस्ती जम्मा २४ भएकोमा र सुदूर पश्चिमान्चल क्षेत्रमा नेपालगन्ज एक मात्र छ भने, पूर्वान्चल क्षेत्रमा यस्ता ठूला वस्तीहरु १२ छन् ।

देशको समुद्रपार व्यापारमा यस विकास क्षेत्रको विशेष भूमिका रहेको छ । व्यापारको विविधिकरणको दृष्टिकोणबाट यस विकास क्षेत्रमा शुरु गरिएको जुट, चिया तथा अलैंची विकासको लागि चौथो योजनामा संचालन गरिएको विकास कार्यक्रमहरुलाई पाँचौं योजनामा अझ तीव्रतर वनाउन सम्वनिधत कार्यक्रमहरु रहेका छन् यसबाट यस क्षेत्रले निर्यात-मूलक उत्पादनमा विशिष्ट स्थान ओगटन् छ ।

निर्यातमूलक कृषि उत्पादनमा वृद्धिबाट तथा हाल मौजुदा तथा नयाँ औद्योगिकरणमा यस विकास क्षेत्रमा हुने लगानीको अधिकांश फायदा तराई उपप्रदेशमा हुने स्वतः सिद्ध छ । पहाडी उपप्रदेशको आर्थिक स्थितिको विकासको लागि चौथो योजनामा शुरु भएको महेन्द्रराजमार्ग- इलाम तथा धरान-धनकुटा सडकको निर्माण काम पाँचौं योजनाकालमा पनि चालु हुने छन् । अन्तर प्रदेश व्यापार विनिमय बढाउन काठमाडौ-धनकुटा पहाडी राजमार्गको थालनी हुनेछ ।

कृषि कार्यक्रम, सामाजिक सेवा कार्यक्रमलाई उपादेयताको दृष्टिकोणबाट बढी लाभदायक पुऱ्याउने दृष्टिकोणबाट स्थानगत पक्षमा समष्टी रुपमा कार्यान्वयन हुने समन्वयात्मक कार्यक्रमहरु सहितको सघन विकास कार्यक्रमहरु यस विकास क्षेत्रको ताप्लेजुङ, खोटाङ, धनकुटा, संखुवासभामा कार्यान्वयन हुने छन् । यसबाट पहाडी क्षेत्रको वजार वस्तीलाई पनि आर्थिक दृष्टिकोणबाट सशक्त स्पमा सक्षम वनाउन सकिने छ ।

ख. मध्यमान्चल विकास क्षेत्र :

अधिराज्यको करीव २० प्रतिशत क्षेत्रफल (२८१९९ वर्ग किलोमिटर) भू-भागमा रहेको मध्यमान्चल क्षेत्र भित्र जनकपुर-नारायणी तथा बागमती अन्चलका १९ जिल्लाहरु पर्दछन् । दक्षिण पूर्वतिर कोल्टे वसेको (पूर्व-पश्चिम १७३ कि.मि., उत्तर दक्षिण १५४ कि.मि.) यस क्षेत्रको वीचमा काठमाडौ उपत्यका (५३२ वर्ग कि.मि.) रहेको छ । पूर्वान्चल क्षेत्रको कोशी प्रणालीका इन्द्रावती, सुनकोशी, तथा पश्चिमान्चलका गण्डकी प्रणालीका त्रिशुली नदीहरु यस क्षेत्रका उत्तरी सिमानाका हिम श्रृंखलाबाट उत्पन्न भएका छन् । लिखु-कमला देखि बुढी गण्डकी वीचको यस क्षेत्रमा त्रिशुली, सुनकोशी, भोटेकोशी, बागमती तथा राप्तीका उपत्यकाहरु छन् । महाभारत पहाडका लेख डाँडाहरु ठाउँ ठाउँमा फराकिलो हुँदै यस क्षेत्रको वीचैवीच पूर्व-पश्चिम रहेका छन् । तुलनात्मक रुपमा परवानीपुरको वार्षिक वर्षा १७६० मि.मि. काठमाडौको १४२६ मि.मि. र जिरीको २२४३ मि.मि. छ । ती ठाउँको औसत अधिकतम तापक्रम क्रमशः ३१.३ से, २५.८ र १९.१ से. छन् ।

२०२८ को जनगणना अनुसार यस क्षेत्रमा ३५,७२,७०३ जनसंख्या अथवा अधिराज्यको कूल जनसंख्याको ३८.४५ प्रतिशत रहेको पाइएको छ । मध्यमान्चल क्षेत्रको जनसंख्या मध्ये ४८.७ प्रतिशत

तराईमा, ४१.३ प्रतिशत काठमाडौ उपत्यका लगायत पहाडी जिल्लाहरुमा र ९.९ प्रतिशत मात्र हिमाली उप प्रदेशमा रहेको पाइन्छ । यस क्षेत्रको जनघनत्व (१३७ प्रति वर्ग किलोमिटर) सवभन्दा बढी छ । जिल्ला विशेष अनुसार भक्तपुरमा ८३०, काठमाडौमा ६४७, ललितपुरमा ३९३, दोलखामा ६५, सिन्धुलीमा ६३ र रसुवामा १४ प्रति वर्ग कि.मि. जनघनत्व छ भने सवभन्दा बढी जनसंख्या काठमाडौमा ३,५३,७५६ र सवभन्दा कम रसुवा जिल्लामा १७,५२७ छ । १९९८ सालमा मध्यमान्चल क्षेत्रको जनसंख्या २०,१४,१६२ बाट २०२८ साल सम्मको वृद्धि १८,५१,५९१ वा ९२ प्रतिशत जवकि सोही अवधिमा अधिराज्यको जनसंख्या वृद्धि ८४ प्रतिशत भएको छ । सो जनसंख्या वृद्धि मध्ये हिमाली र पहाडी क्षेत्रमा ९४.८ प्रतिशत, तराईमा ८८.७ प्रतिशत र चितवन जिल्लामा मात्र ६०० प्रतिशत वढेको छ । शहरी क्षेत्र काठमाडौ, ललितपुर तथा भक्तपुरमा ११,९०० वा ४४ प्रतिशतले वृद्धि भएको पाइन्छ । १९९८ सालको जनगणनामा यस क्षेत्रको पहाडी क्षेत्रमा जम्मा जनसंख्याको ५३.४ प्रतिशत भएकोमा २०२८ मा सो अनुपात ५४.३ पुगेको छ ।

अधिराज्यको कूल शहरी जनसंख्या ४,६१,९३८ मध्ये मध्यमान्चल क्षेत्रमा २,९३,०५० वा ६३ प्रतिशत र काठमाडौ उपत्यकाका मात्र २,४९,५६३ (अधिराज्यको शहरी जनसंख्याको ५४ प्रतिशत) केन्द्रित भएको छ । शहरकिरणबाट काठमाडौ उपत्यकामा ३७.४ प्रतिशत जनताले गैर कृषि व्यवसायमा रोजगारी पाएका छन् भने मध्यमान्चल क्षेत्रकै अन्य भागमा ४.४ ले मात्र अन्य रोजगारीको अवसर पाएका छन् । उत्तरी भेकमा हिमाच्छादीत शिखर लेख प्रचुर मात्रामा भइ कुयष भूमि नगण्य छ । हिमरेखा तलका हिमाली वन समेत पहाडी भागमा वन ५८ प्रतिशत, कृषि भूमि ३३ प्रतिशत, खर्क प्रतिशत, भीरपाखा ४ प्रतिशत र चरण १ प्रतिशत देखिन्छ । मध्यमान्चलको ३ हिमाली जिल्लाहरुमा खेती योग्य जमीन २०,५०० हेक्टर मात्र छ र प्रतिव्यक्ति ०.०५ हेक्टर भएको देखिन्छ । ९ पहाडी जिल्लाहरुमा १,४२,६०० वा प्रति व्यक्ति ०(०८ हेक्टर छ भने तराईका ७ जिल्लाहरुमा ४,७४,३०० हेक्टर खेती योग्य जमीन र प्रतिव्यक्ति ०.२६ हेक्टर भएको देखिन्छ । अधिराज्यको ३१ प्रतिशत खेती योग्य जमीन ज जम्मा खाद्यान्न वचत मध्ये ४० प्रतिशत यस क्षेत्रको तराईबाट हुने भए तापनि पहाडी प्रदेशमा क्रयशक्तिको कमीले वचत खाद्यान्न अन्यत्र जाने गर्दछ । हिमाली तथा पहाडी प्रदेशको प्रतिकूल आर्थिक परिस्थितिबाट चितवन उपत्यका तथा मकवानपुर जिल्लाका खोंचहरुमा औलो उन्मूलनको लगतै पछि वन फडानी र वसोवास वढेको पाइन्छ ।

विद्युत चालित रोपवेले हेटौंडा र काठमाडौ जोडिएको छ । यातायात साधनको साथै काठमाडौ उपत्यकामा सामाजिक सेवामा शिक्षा तर्फ ५३० विद्यालयहरु, ३२ क्याम्पस र १ विश्व विद्यालय छन् । शहरी सडक, टेलिफोन, आ.वा. तथा टेलिग्राफका केन्द्रीय कार्यालयहरु रहेकोले यातायात तथा सन्चार सुविधाहरु पर्याप्त मात्रामा उपलव्ध छन् । त्रिशुली, सुनकोशी, पनौती, सुन्दरीजल जलविद्युत तथा अन्य डिजेल संयन्त्रबाट उत्पादित विद्युत अधिकांश काठमाडौ, हैटौंडा, वीरगंजमै खपत हुन्छ । तराई पेटीमा कृषि जन्य जग्गाको प्राधान्यताको साथै हर्दिनाथ, मनुस्मारा, तिलावे, खगेरी तथा नारायणी सिंचाई सुविधा हुने भएकोले कृषिमा विकास भई कृषि उत्पादन वढ्ने स्वतः सिद्ध छ । मध्यमान्चल क्षेत्र अन्य क्षेत्रको तुलनामा यातायात, संचार तथा सामाजिक सेवा कार्यक्रमहरुले सम्पन्न भएर पनि यस क्षेत्र भित्र सन्तुलित विकास भएको छैन । मध्यमान्चल क्षेत्रको विकासका साधनले लेखाजोखा गर्दा अधिराज्यको नयाँ वनेको समेत १७२२ किलोमिटर पक्की सडक मध्ये ७८६ किलोमिटर (४६ प्रतिशत) यस क्षेत्रमा परेको छ । दुवै छिमेकी मुलुकसंग सडक यातायातले जोडिएको यही एक विकास क्षेत्र मात्र भएको छ । महेन्द्र राजमार्ग तथा पृथ्वी राजमार्गले अन्तरक्षेत्रीय यातायात कायम भएको छ । यस विकास क्षेत्रभित्र ४ ठूलो र १ सानो हवाई मैदान छन् जसमा देशको एक मात्र अन्तरराष्ट्रिय विमानघाट समावेश छ । रोपवे, रेलवे पनि यही विकास क्षेत्रमा मात्र छ । निजी क्षेत्रको उद्योगको साथै सरकारी स्तरमा स्थापना भएको तीन औद्योगिक क्षेत्र तथा जनकपुर चुरोट कारखाना, वीरगन्ज चीनी कारखाना, कृषि औजार कारखाना, छाला जुत्ता तथा ईंटा टायल कारखाना यस क्षेत्रमा छन् । देशको पहिलो सिमेण्ट कारखाना पनि यसै क्षेत्रमा रहन गएको छ । १६ स्वीकृत नगर पन्चायतमा ६ वटा नगर पन्चायत यस क्षेत्रमा पर्दछ जसमा एक लाख भन्दा बढी जनसंख्या भएको काठमाडौ पनि समावेश छ । यसरी अधिराज्यमा मध्यमान्चल क्षेत्र अनेक विशेषताहरुले सम्पन्न विकास क्षेत्र देखिन्छ ।

विकास क्षेत्र मध्ये अनेकों विशिष्टताले सम्पन्न भई विकशित देखिएको यस विकास क्षेत्रमा पनि वीरगन्ज काठमाडौ जस्ता शहरी क्षेत्र तथा तराई बाहेक अन्य पहाडी तथा हिमाली इलाकामा विकास कार्य वढ्न सकेको छैन । पाँचौं योजनाकालमा शुरु हुने जिरी-लामोसाँगु सडक निर्माणको साथै अन्य समन्वयात्मक कार्यक्रम तथा त्रिशुली त्रिकोणको वृहत कार्यक्रमबाट हेर्दा हद सम्म यी कमीहरु पूर्ति हुनेछ ।

यस क्षेत्रमा शहरीकरण तथा औद्योगिकरणबाट विद्युत शक्तिको वढ्दो माग पूर्ति गर्न देवीघाट र कुलेखानी विद्युत आयोजनाहरु र काठमाडौ उपत्यकामा परेको खानेपानी समस्या हटाउन वृहत खानेपानी तथा ढल निकास कार्यक्रम समावेश गरिएका छन् । यस क्षेत्रको पूर्वोत्तर भागमा शुरु गरिने मेग्नेसाइट उद्योगबाट यस भागको आर्थिक स्थिति उकास्न मद्दत गर्दछ भने पश्चिमोत्तर भागमा गणेश हिमालको शिशा जस्ता खानीको विकास सम्भावना देखिएको छ । यस अतिरिक्त यस विकास क्षेत्रको मकवानपुर, सर्लाही, रसुवा-नुवाकोट र जिरी क्षेत्रको समन्वयात्मक विकासको लागि प्रादेशिक विकास सघन कार्यक्रम संचालन हुने भएको छन् । यस कार्यक्रम अन्तर्गत विभिन्न विषयगत कार्यक्रमहरुलाई उल्लिखित स्थानहरुको विकासको लागि समष्टी रुपमा संचालन हुने हुँदा यस क्षेत्रका ती स्थानहरुको विकास क्षमतामा टेवा दिने निश्चित छ ।

ग. पश्चिमान्चल विकास क्षेत्र

यस विकास क्षेत्रका गण्डकी, धौलागिरी, लुम्वीनी अन्चलहरु अन्तर्गत पर्ने १७ जिल्लाहरुको जम्मा क्षेत्रफल ३६,५०० वर्ग कि.मि. अथवा अधिराज्यका एक चौथाई हुन आउँछ । यस विकास क्षेत्रका भोटाङ तथा हिमाली, पहाड र भित्री मधेश लगायत तराई जस्ता विभिन्न भौगोलिक प्रदेशहरुको प्रतिनिधित्व भएको पाइन्छ । यस क्षेत्रका मुख्य नदीहरुमा बुढीगण्डकी, काली, सेती, मर्स्याङदी, मादी एवं चेपे आदि हुन । भोगोलिक दृष्टिकोणले सवभन्दा बढी पानी पर्ने क्षेत्र पोखरा एवं अतिशुष्क क्षेत्र मुस्ताङ पनि यस विकास क्षेत्र अन्तर्गत पर्दछ । चारै विकास क्षेत्रहरुमध्ये धेरै पहाडी जिल्लाहरु भएको यो क्षेत्र आर्थिक एवं सामाजिक दृष्टिकोणले सम्पूर्ण देशको औशत विकासमा त्यति सारो पछि परेको देखिदैन ।

२०२८ सालको जनगणना अनुसार नेपाल अधिराज्यको कूल जनसंख्या मध्ये २१.३२ प्रतिशत यस विकास क्षेत्रमा पर्दछ । जसमध्ये ४.६ प्रतिशत तीन हिमाली जिल्लाहरुमा, ७१.९ प्रतिशत एघार पहाडी जिल्लाहरुमा र २३.४ प्रतिशत तराइका बाँकी तीन जिल्लाहरुमा केन्द्रित भएको छ । नेपालको सवैभन्दा कम जनसंख्या भएको जिल्ला मनाङ पनि यसै विकास क्षेत्रमा पर्दछ । अधिराज्यको ७९ र पश्चिमान्चलको ६७ व्यक्ति प्रति वर्ग किलोमिटरको तुलनामा स्याङजा जिल्लामा २०७, गुल्मीमा १८१, कास्कीमा ११७ र तनहुँमा १०५ व्यक्ति प्रति वर्ग किलोमिटर जनघनत्व भएवाट यस क्षेत्रको पहाडी भेगमा जनसंख्याको चाप बढी भएको प्रष्ट हुन्छ । २०१८ देखि २०२८ को दशकमा पश्चिमान्चल विकास क्षेत्रका तराई जिल्लाहरु मध्ये नवलपरासीमा ५४ प्रतिशत, रुपन्देहीमा ५३ प्रतिशत र कपिलवस्तुमा २६ प्रतिशत जनसंख्या वृद्धि भएको देखिन्छ ।

कृषि योग्य जमीनको कमि, जनसंख्याको बढ्दो चाप र रोजगारीका अन्य विकल्पहरुको अभावले गर्दा पहाडी क्षेत्रको अधिकांश आर्थिक दृष्टिकोणले सक्रिय, जनशक्ति जिवीकोपार्जनका लागि प्रतिवर्ष भारत, मलाया सिंगापुर तर्फ विदेशिन पर्दछ । पोखरा, भैरहवा, वुटवल, र तानसेनमा नै यस विकास क्षेत्रका मुख्य मुख्य शहरहरु हुन । अधिराज्यको कुल शहरी जनसंख्या मध्ये पश्चिमान्चल विकास क्षेत्रमा ५७,१३२ अर्थात १२.३६ प्रतिशत केन्द्रित छ । अर्को शव्दमा यस विकास क्षेत्रको कूल जनसंख्याको २.३ प्रतिशत जनसंख्या शहरी क्षेत्रहरुमा वस्दछन् ।

धौलागिरी तथा अन्नपूर्णको हिमाली श्रृंखला तथा उत्तरमा भोटाङ क्षेत्रको विस्तार भएको हुँदा कृषि भूमि नगण्य छ तापनि जनसंख्याको बढ्दो चापले गर्दा आर्थिक दृष्टिकोणले क्रियाशील जनसंख्या मध्ये ९६.६४ प्रतिशत अर्थात ११,११,३१७ सोझै प्रारम्भिक पेशा जस्तो कृषि, मत्स्य व्यवसायमा र वन व्यवसायमा संलग्न रहेका छन् । २०३१।०३२ को तथ्यांक अनुसार पश्चिमान्चल विकास क्षेत्रमा प्रतिव्यक्ति कृषि योग्य भूमि क्रमशः हिमाली क्षेत्रमा ०.२० हे. पहाडी क्षेत्रमा ०.१० हे र तराई क्षेत्रमा ०.३३ हे. पर्न आउँछ । तराई क्षेत्रका तीन विभिन्न जिल्लाहरु क्रमशः रुपन्देहीमा १२९७ हे., कपिलवस्तुमा ३७५६ हे. र नवलपरासी जिल्लामा ३३२५ हे. वन मुख्यतया कृषि व्यवसायको लागि अतिक्रमण भएको अनुमान छ।

यातायातको दृष्टिकोणले मध्यमान्चल विकास क्षेत्र पछि यस विकास क्षेत्रमा बढी सुविधाहरु उपलव्ध छन् । पूर्व पश्चिम राजमार्गले तराईका जिल्लाहरु र सिद्धार्थ राजमार्गले पहाडी भेगका जिल्लाहरुलाई एक आपसमा जोडेको छ । पृथ्वी राजमार्गको निर्माणबाट यस क्षेत्रको विकास केन्द्र पोखरा र काठमाडौ जोडिएको छ । अधिराज्यको कूल सडकहरु मध्ये ३०.६० प्रतिशत सडक र १७.२४ प्रतिशत कच्ची सडकहरुको निर्माण यस विकास क्षेत्रमा भएकोले अन्य विकास क्षेत्रहरु भन्दा बढी अन्तर-क्षेत्रीय

यातायात सुविधा यस विकास क्षेत्रले उपलव्ध गरेको छ तापनि अर्घाखाँची, गुल्मी, डोल्पा र मनाङ जस्ता अविकशित क्षेत्रहरुमा यातायातको कुनै पनि सुविधा प्राप्त भएको छैन ।

यस क्षेत्रका मुख्य शहरहरु जस्तो पोखरा, भैरहवा, वुटवर, कृष्णनगर आदि स्थानहरुमा विद्युतवितरण भै सकेको छ । पश्चिमान्चल विकास क्षेत्रको भैरहवा यस क्षेत्रको मुख्य औद्योगिक शहर हो । यहाा चिनी, मदिरा, ईटा, सलाई आदि उद्योगहरु स्थापना भएका छन् । त्यस्तै किसिमले तानसेनमा घरेलु कपडा बुन्ने, पितलको भाँडाकुँडा वनाउने आदि व्यवसाय देखिएका छ । पोखरा पर्यटन उद्योगको लागि आकर्षक ठाउँ भएको छ । संचार सुविधा तर्फ टेलिफोन आकाशवाणीको अतिरिक्त ट्रंक सेवा, टेलिफोन, टेलेक्स जस्ता आधुनिक स.चारका सुविधाहरु यस विकास क्षेत्रका मुख्य शहरहरुमा उपलव्ध छन् । शैक्षिक तथ्यांक अनुसार यस क्षेत्रको शिक्षित प्रतिशत १६.५६ पाइएको छ । हिमाली क्षेत्रमा २.४१, पहाडी प्रदेशमा १७.३५ र तराईमा १४.५३ शिक्षित प्रतिशत हुनुको साथै अधिराज्यको सवैभन्दा बढी शिक्षित प्रतिशत भएको यही विकास क्षेत्र हुन आएको छ ।

यस विकास क्षेत्रको समन्वययुक्त विकासको लागि पाँचौं योजनाकालमा प्रादेशिक विकासको लागि सम्भाव्यता सर्भेक्षण चालु रहने छ । स्थानगत पक्षलाई ध्यानमा राखी चौथो योजनामा शुरु गरिएको गण्डकी अन्चल कृषि विकास कार्यक्रम यस पाँचौं योजनामा पनि चालु नै रहने छ । चौथो योजनाकालमा शुरु भएको नवलपुर क्षेत्रको भू-साधन सर्भेक्षणको काम समाप्त भएको छ । यस खण्डमा पूर्व पश्चिम राजमार्गको निर्माण पुनरवास तथा कृषि कार्यक्रमबाट पश्चिमान्चल विकास क्षेत्रको तराई उपप्रदेशको आर्थिक स्थिति झन मजवुत पार्ने आशा गर्न सकिन्छ । पाँचौं योजनाकालमा यस विकास क्षेत्रको मुस्ताङ, पर्वत, लमजुङ-मनाङ तथा अर्घाखांचीका केही लघु क्षेत्रमा शुरु हुने सघन विकास कायृक्रमबाट पहाडी उपप्रदेशको विकासमा टेवा दिनेछ । कृषि, यातायात तथा अन्य सम्पूरक कार्यक्रमहरु सहित सीमित क्षेत्रको स्थानगत विकास गर्ने हुँदा यी कार्यक्रमहरुबाट उल्लिखित स्थानको, विकास क्षेत्रको अन्य भाग संगको सम्वन्धयुक्त विकासमा वल पुऱ्याउने छ । यसको अतिरिक्त महेन्द्र राजमार्गको निर्माण चालु रही यस विकास क्षेत्रको लागि प्रस्तावित पोखरा-सुर्खेत राजमार्ग, नारायणगढ-मुगलिङ, मझुवा- गोर्खा सहायक मार्गहरु तथा रिडी तानसेन हिले ट्रेक निर्माणबाट यस विकास क्षेत्रको केही अन्य मार्गलाई पनि विकासको मौका प्रदान गर्नेछ ।

घ. सुदूर पश्चिमान्चल विकास क्षेत्र :

नेपालको चार विकास क्षेत्रहरु मध्ये सवभन्दा ठूलो र विकास स्थितिमा सवभन्दा पिछडिएको यस सुदूर पश्चिमान्चल विकास क्षेत्र महाकाली, सेती, भेरी, कर्णाली र राप्ती अन्चलहरुका जम्मा २३ जिल्लाहरुको समूहले बनेको छ । यस विकास क्षेत्रको क्षेत्रफल जम्मा ५२,६९२ वर्ग किलोमिटर छ जुन अधिराज्यको कूल क्षेत्रफलको ३६ प्रतिशत हुन आउँछ । यस क्षेत्रको भू-आकृतिको विशेष अन्तर तुलनात्मक दृष्टिकोणले बढी चौडा भएको यहाँको उत्तर-दक्षिणी फैलावट र व्यापक भोटाङ्ग प्रदेशले जनाउँछ । यस क्षेत्र अन्तर्गत जम्मा २३ जिल्लाहरु मध्ये आठ वटा हिमाली प्रदेशमा र दश वटा पहाडी प्रदेशमा रहेकोबाट यस क्षेत्रमा पहाडी दुर्गम जिल्लाहरुको प्रधान्यता रहेको कुरा प्रष्ट छ । खास गरिकन कर्णाली, सेती, भेरी नदीहरु वरपरका जलाधार लेखडाँडाहरुले यस क्षेत्रको भौगोलिक वनौटमा असीम प्रभाव पारेको छ । मौसमी हावाको बाटोबाट टाढा रहेको कारणले गर्दा यस क्षेत्रको औषत वार्षिक वर्षा कम छ । तुलनात्मक दृष्टिकोणबाट सवभन्दा गमी हुने तराई प्रदेशको नेपालगन्जमा औषत मासिक तापक्रम ३५ सेण्टीग्रेड र पहाडी प्रदेशको सल्यान जिल्लामा सवभन्दा बढी तापक्रम २९ सेण्टीग्रेड हुन आउँछ । औसत वार्षिक वर्षामा रुकुमकोट (रुकुम) मा ३१७८ मिलिमिटर र सल्यानमा ९३० मिलिमिटर वर्षा हुन्छ ।

सुदूर पश्चिमान्चल क्षेत्रमा २४,०३,६६७ जनसंख्या रहे अनुसार अधिराज्यको २१.०० प्रतिशत जनसंख्या यस क्षेत्रमा वसोवास गर्दछन् । यस क्षेत्रका २३.६ प्रतिशत जनसंख्या तराईमा, ५८.५५ प्रतिशत पहाडमा र १७.७ प्रतिशत हिमाली उप प्रदेशमा रहेको छ । अधिराज्यको सरदर ७९.४८ व्यक्ति प्रति वर्गकिलोमिटरको दाँजोमा यस क्षेत्रको जनघनत्व ४६.०६ रहेको छ । जिल्ला विशेष अनुसार जुम्ला जिल्लामा ४३.४६, सुर्खेतमा ३२.७० र बाँकेमा ६६.८८ व्यक्ति प्रति वर्ग किलोमिटर जनघनत्व पाइन्छ भने सबभन्दा धेरै जनसंख्या (१,६७,८२०) दांग देउखुरीमा र सवभन्दा कम (१०,०१७) तिव्रीकोटमा पाइन्छ । शैक्षिक स्थितिमा नेपाल अधिराज्यमा शिक्षित जनसंख्याको प्रतिशत १३.८ रहेकोमा यस प्रदेशमा उक्त

जनसंख्याको प्रतिशत ८.९ रहेको छ । देशको सवभन्दा ठूलो यस क्षेत्रमा मान्यता प्राप्त एउटा मात्र शहर (नेपालगन्ज) भएको हुनाले यस क्षेत्रमा शहरी जनसंख्या ज्यादै नगन्य (०.९ प्रतिशत) मात्र छ ।

भू-पवउपयोग सम्वन्धी एउटा प्रारम्भिक अनुमान अनुसार यस क्षेत्रको ५६.५ प्रतिशत भूमि वन जंगलले ढाकोको, १६.७ प्रतिशन नङ्गा चट्टानले ढाकेको क्षेत्र, ३.१ प्रतिशत हिम प्रदेश र २.४ प्रतिशत तृण (घाँस) भूमि रहेको अनुमान छ । यस अनुसार यस क्षेत्रमा २०.७ प्रतिशत कृषि भूमि रहेको अनुमान छ । कृषि भूमिको वितरणमा पनि अधिकांश कृषि भूमि तराई प्रदेशमा रहेको हुनाले भौगोलिक प्रदेश अनुसार प्रति व्यक्ति कृषि भूमि हिमाली प्रदेशमा ०.१२ हेक्टर, पहाडमा ०.११ हेक्टर र तराईमा ०.३८ हेक्टरको अनुपातमा वितरण भएको पाइन्छ । यस अनुसार प्रति हेक्टर कृषि भूमिमा जनसंख्याको वितरण हिमाली प्रदेशमा ८.१२ जना, पहाडमा ८.९२ जना र तराईमा २.६२ जनाको अनुपातमा भएको छ । कृषि उत्पादकत्वतर्फ अधिराज्यका प्रति हेक्टर खाद्यान्न उत्पादन १.७७ मे.ट. मात्र भएको दाँजोमा यस क्षेत्रको उत्पादकत्व १.६२ मे.ट. अनुमान छ । यस सुदूर पश्चिमान्चल क्षेत्रको चारवटा तराई जिल्ला र भित्री मधेशको दांग देउखुरी जिल्लामा पर्याप्त मात्रामा खाद्यान्न वचत भएता पनि हिमाल एवं पहाडी प्रदेशहरुमा क्रयशक्तिको कमी र यातायातको साधनको अभावले गर्दा पहाड र तराईका उत्पादनहरुमा विनिमय हुन नसकी वचत खाद्यान्न अन्यत्र जाने गर्दछ ।

विकासको परिप्रेक्षमा अधिराज्यमा जम्मा कच्चा र पक्की सडक मध्य यस क्षेत्रमा १३.४६ प्रतिशत पर्न आउँछ । यस क्षेत्रको तराई प्रदेशका कतिपय ठाउँहरुमा नेपाल-भारत विद्युत सम्झौतानुसार विद्युतीकरण भै सकेतापनि नेपाल मै उत्पादन हुने कुल विद्युत शक्ति मध्ये ज्यादै थोरै मात्र यस क्षेत्रमा रहेको छ ।

यस विकास षेत्रको आवागमनको दुर्गम स्थितिलाई ध्यानमा राखी चौथो योजनामा शुरु भएका उत्तर दक्षिण धनगढी-डडेलधुरा तथा सुर्खेत-नेपालगन्ज सडकको आयोजना पाँचौं योजनामा पनि चालु हुने छन् । यस विकास क्षेत्रको उत्पादनमा कृषिको प्राधान्यता र भारत निकाशशीमा कृषि उपजको प्रमुख भूमिकालाई ध्यानमा राखी कृषि प्रसार, बागवानी अनुसन्धानका कार्यक्रमहरु चालु नै रहेन छन् । भने कृषि प्रशोधन उद्योगलाई समेत टेवा हुने गरी शारदा ववई नदीमा विद्युत आयोजनाको सम्भाव्यता अध्ययन हुनेछ । यस विकास क्षेत्रको पिछडिएको आर्थिक स्थिति तथा यस क्षेत्रको वृहततालाई दृष्टिगत गरी पाँचौं योजनामा अन्य विकास क्षेत्रको दाँजोमा यस क्षेत्रमा धनगढी-डडेलधुरा तथा सुर्खेत-नेपालगन्ज मार्गको वरपर तथा अन्य पिछडिएका स्थानमा समेत करीव आठ ठाउँमा सघन विकास कायृक्रमहरु सन्चालन हुनेछन् । यी कार्यक्रम अन्तगृत स्थानविशेषको साधन क्षमता अनुसार कृषि, फलोद्यान, यातायात तथा स्थानगत विकासको पक्षबाट आवश्यक अनय आयोजनाहरु एकसाथ सन्चालन हुन सक्ने भएबाट यस विकास क्षेत्रका विकासमा यी कायृक्रमहरु सन्चालन हुने स्थानको क्रमीक विकासबाट ठूलो योगदान पुग्न जाने अनुमान गर्न सकिन्छ ।

तालिका- १

पाँचौं योजनामा हुने अधिकतम खर्च

(विकास क्षेत्र अनुसार)

(रु.हजारमा)

सि.नं.	विषय	जम्मा खर्च (नेपाल)	सुदूर पश्चिमान्चल विकास क्षत्र	पश्चिमान्चल विकास क्षेत्र	मध्यमान्चल विकास क्षेत्र	पूर्वान्चल विकास क्षेत्र	राष्ट्रिय स्तरको वा विकास क्षेत्र खुलाउन नमिल्ने	कैफियत
१.	कृषि, भूमि सुधार, सिंचाई वन तथा वनस्पति	२,२७,८७,०० (१०० प्र.श.)	२४,१४,०२ (१०.६ प्र.श.)	२८,८६,५९ (१२.७ प्र.श.)	५७,५१,७४ (२५.२ प्र.श.)	१९,२०,८९ (८.४ प्र.श.)	९८,१३,७६ (४३.१ प्र.श.)	
२	निर्माण यातायात तथा सन्चार	१,९९,०३,७७ (१०० प्र.श.)	६५,५४,३० ३२.९३ प्र.श.)	२५,१८,७१ १२.६६ प्र.श.)	६१,४५,२४ ३०.८७ प्र.श.)	१७,६३,३९ ८.८६ प्र.श.)	२९,२२,१३ १४.६८ प्र.श.)	
३	उद्योग वाणिज्य तथा विद्युत	१,५०,५९,५२ (१०० प्र.श.)	१२,३५,१९ ८.२ प्र.श.)	७,२४,३९ ४.८ प्र.श.)	९०,४०,३९ ६०.० प्र.श.)	१३,१४,०७ (८.७ प्र.श.)	२७,४५,४८ १८.३ प्र.श.)	
४	सामाजिक सेवा	१,७७,००,०० (१०० प्र.श.)	२२,४५,०० १२.७ प्र.श.)	२१,७२,०० (१२.३ प्र.श.)	६४,५५,०० ३६.४ प्र.श.)	१८,३७,०० १०.४ प्र.श.)	४९,९१,०० २८.२ प्र.श.)	
५.	जम्मा	७,५४,५०,२९ (१०० प्र.श.)	१,२४,४८,५१ (१६.५० प्र.श.)	८३,०१,६९ ११.०० प्र.श.)	२,७३,९२,३७ (३६.३० प्र.श.)	६८,३५,३५ (९.०६ प्र.श.)	२,०४,७२,३७ (२७.१४ प्र.श.)	

तालिका- २

पाँचौं योजनामा हुने न्यूनतम खर्च

(रु.हजारमा)

सि.नं.	विषय	जम्मा खर्च (नेपाल)	सुदूर पश्चिमान्चल विकास क्षत्र	पश्चिमान्चल विकास क्षेत्र	मध्यमान्चल विकास क्षेत्र	पूर्वान्चल विकास क्षेत्र	राष्ट्रिय स्तरको वा विकास क्षेत्र खुलाउन नमिल्ने	कैफियत
१.	कृषि, भूमि सुधार, सिंचाई तथा वन	१,८३,९७,०० (१०० प्र.श.)	१८,७८,७८ (१०.२ प्र.श.)	२१,७३,३७ (११.८ प्र.श.)	४८,४७,७२ (२६.४ प्र.श.)	१७,३३,३७ (९.४ प्र.श.)	७७,६३,७६ (४२.२ प्र.श.)	
२	निर्माण यातायात तथा सन्चार	१,४३,२८,७७ (१०० प्र.श.)	४३,८६,४९ ३०.६१ प्र.श.)	१४,२०,८४ (९.९ प्र.श.)	५०,१८,२२ ३५.० प्र.श.)	१६,३६,०९ ११.४१ प्र.श.)	१८,६७,१३ १३.० प्र.श.)	
३	उद्योग वाणिज्य तथा विद्युत	१,३८,०६,५२ (१०० प्र.श.)	४,८५,१९ (३.५ प्र.श.)	५,३२,८९ ३.९ प्र.श.)	८८,९८,८९ ६४.५ प्र.श.)	१२,७४,०७ (९.२ प्र.श.)	२६,१५,४८ १८.९ प्र.श.)	
४	सामाजिक सेवा	१,५१,६८,०० (१०० प्र.श.)	११,१४,०० १२.१ प्र.श.)	१८,५१,०० (१२.२ प्र.श.)	५६,३०,०० ३७.१ प्र.श.)	१५,२६,०० १०.१ प्र.श.)	४३,४७,०० २८.६ प्र.श.)	
५.	जम्मा	६,१६,००,२९ (१०० प्र.श.)	८५,६४,४६ (१३.९ प्र.श.)	५९,७८,१० ९.७ प्र.श.)	२,४३,९४,८३ (३९.५ प्र.श.)	६१,६९,५३ (१०.० प्र.श.)	१,६५,९३,३७ (२६.९ प्र.श.)	

तालीका- ३

क्षेत्रीय वा प्रादेशिक विभाजन

	जनसंख्या (२०२८)	क्षेत्रफल (वर्ग किलोमिटर)	जनघनत्व
नेपाल	१,१५,५५,९८३	१,४५,६८९।४६	७९
१. पूर्वान्चल क्षेत्र	२७,९७,५००	२७,९९३,६५	१००
(क) हिमाली उप प्रदेश	३,०४,३५२	९,९८८.७०	३०
१ ताप्लेजुङ	८४,७१५	३,०२६.७८	२८
२ संखुवासभा	१,१४,३१३	३,२०५.८०	३६
३ सोलुखुम्वु	१,०५,३२४	३,७५६.१२	२८
ख. पहाड उप प्रदेश	११,०५.५९०	१०,९७३.३१	१०१
१. पाँचथर	१,४५,८०९	१,२०६.७३	१२१
२. इलाम	१,३९,५३८	१,५३४।९४	९१
३ तेह्रथुम	१,१९,३०७	८८१।८४	१३५
४ भोजपुर	१,९४,५०६	२,००२.३८	९७
५ धनकुटा	१,०७,६४९	८९८.४२	१२०
६ खोटाङ्ग	१,६३,२९७	१,११७.२२	१४६
७ ओखलढुंगा	१,२२,८६२	१,१००.६५	११२
८. उदयपुर	१,१२,६२२	२,२३१.१३	५०
ग. तराई उप प्रदेश	१३,८७,५५८	७,०३१.६४	१९७
१. झापा	२,४७,६९८	१,४४२.२१	१७२
२. मोरङ्ग	३,०१,५५७	१,९६२.६०	१५४
३. सुनसरी	२,२३,४३४	१,१८६.८४	१८८
४.सप्तरी	३,१२,५६५	१,३८५.७५	२२६
५. सिराहा	३,०२,३०४	१,०५४.२४	२८७
२ मध्यमान्चल क्षेत्र	३८,६५,७५३	२८,१९९.०८	१३७
क. हिमाली उप प्रदेश	३,५३,९२३	५,७९८.२७	६१
१. दोलखा	१,३०,०२२	१,९९९.०६	६५
२. सिन्धुपाल्चोक	२,०६,३८४	२,५५९.३३	८१
३. रसुवा	१७,५१७	१,२३९.८८	१४
ख. पहाड उप प्रदेश	१७,४१,५९४	१३,०६५.२१	१३३
१. रामेछाप	१,५७,३४९	१,६०४.५६	९८
२. सिन्धुली	१,४७,४०९	२,३३३.९०	६३
३. काभ्रेपलान्चोक	२,४५,१६५	१,४५८.६९	१६८
४ काठमाडौ	३,५३,७५८	५४७.०१	६२८
५. ललितपुर	१,५४,९९८	३९.४.५१	३९३

६ भक्तपुर	१,१०,१५७	१३२.६१	८३१
७ नुवाकोट	१,७२,७१८	१,२०६.७३	१४३
८ मकवानपुर	१,६३,७६६	२,२४७.७१	७३
९. धादिङ्ग	२,३६,२७६	३,१३९.४९	७५
ग. तराई उप प्रदेश	१७,७०,२३६	९,३३५.६०	१९०
१. धनुषा	३,३०,६०१	१,१३७.११	२९१
२. महोत्तरी	३,२४,८३१	१,१८३.५३	२७४
३ सर्लाही	१,७५,५४३	८९१.७९	१९७
४ रौतहट	३,२०,०९३	१,०९४.०१	२९३
५ बारा	२,३३,४०१	१,२५९.७८	१८५
६ पर्सा	२,०२,१२३	१,२६६.४१	१६०
७. चितवन	१,८३,६४४	२,५०२.९७	७३
३ पश्चिमान्चल क्षेत्र	२४,६५,५४०	३६,५०४.९५	६८
क. हिमाली उप प्रदेश	५३,४९०	१३,६९८.४१	४
१. मनाङ्ग	७,४३६	२,०५५.४२	४
२ मुस्ताङ्ग	२६,९४४	३,४२१.२९	८
३. डोल्पा	१९,११०	८,२२१.७०	२
ख. पहाड उप प्रदेश	१८,१६,९४०	१८,८२८.३०	९७
१. लमजुङ्ग	१,४०,२२६	२,१४८.२५	६५
२. तनहुँ	१,५८,१३९	१,४९८.४३	१०६
३. स्याङ्गजा	२,६८,६०६	१,२९२.९३	२०८
४. कास्की	१,५१,७४९	१,२८९.६१	११८
५. पर्वत	१,१८,६८९	१,२५३.१५	९५
६. म्याग्दी	५७,९४६	१,५४१.५७	३८
७. वाग्लुङ्ग	१,७२,७२९	२,२२७.८१	७८
८. पाल्पा	२,१२,६३३	२,३६०.४२	९०
९. गुल्मी	२,२७,७४६	१,२५६.४६	१८१
१० अर्घाखांची	१,३०,२१२	१,३७५.८१	९५
११ गोरखा	१,७८,२६५	२,५८३.८६	६९
ग. तराई उप प्रदेश	५,९५,११०	३,९७८.२४	१५०
१. नवलपरासी	१,४६,५४८	१,२४३.२०	११८
२ रुपन्देही	२,४३,३४६	१,१८६.८४	२०५
३ कपिलवस्तु	२,०५,२१६	१,५४८.२०	१३३
४ सुदूर पश्चिमान्चल क्षेत्र	२४,२७,१९०	५२,९९१.७८	४८
क. हिमाली उप प्रदेश	४,२६,८४५	२०,६३७.१२	२१
१. हुम्ला	२९,५२४	५,९८०.६२	५

२ मुगु	२५,७१८	३,१३९.४९	८
३ तिब्रिकोट	१०,०१७	१,४६५.३२	७
४. जुम्ला	१,२२,७५३	२,८२४.५५	४३
५. वाजुरा	६१,३४२	१,६११.१९	३८
६ वझाङ्ग	१,०८,६२३	३,७८५.९६	२९
७. दार्चुला	६८,८६८	१,८२९.९९	३८
ख. पहाड उप प्रदेश	१४,०७,२८३	२१,४६२.५९	६६
१. रुकुम	९६,२४३	१,८३६.६२	५२
२. रोल्पा	१,६२,९५५	१,७०४.०१	९६
३. सल्यान	१,४१,४५७	१,८७६.४०	७५
४ प्यूठान	१,३७,३३८	१,३९२.३८	९९
५. जाजरकोट	८६,५६४	२,२४४.३९	३९
६. दैलेख	१,५६,०७२	१,६३७.७१	९५
७. सुर्खेत	१,०४९३३	३,२०९.११	३३
८ डोटी	१,६६,०७०	२,९०४.११	५७
९ अछाम	१,३२,२१२	१,३१९.४५	१००
१० वैतडी	१,२८,६९६	१,७८३.५८	७२
११ डडेलधुरा	९४,७४३	१,५५४.८३	६१
ग. तराई उप प्रदेश	५,९३,०६३	१०,८९२.०७	५४
१. दाङ देउखुरी	१,६७,८२०	२,९९५.२६	५६
२. बाँके	१,२५,७०९	१,८७९.७२	६७
३. वर्दिया	१,०१,७९३	१,५५८.१४	६५
४ कैलाली	१,२८,८७७	२,८६७.६५	४५
५ कन्चनपुर	६८,८६३	१,५९१.३०	४३

परिशिष्ट

परिशिष्ट

श्री ५ महाराजाधिराज सरकारबाट २०३२ साल आषाढ १५ गते शुरु भएको राष्ट्रिय विकास परिषद्को चौथो वैठकको समाप्तीमा बक्सेको निर्देशनमा जिल्ला पन्चायतका सभापतिहरुबाट आ-आफ्नो जिल्लामा उपयुक्त ठहराइएका कुनै एक आयोजना बारे सुझाव आउँछन् भने ती उपर विचार हुनेछ भन्ने हुकुम बक्से बमोजिम जिल्ला सभापतिहरुबाट माग गएिका आयोजनाहरु मध्ये राष्ट्रिय योजना आयोगबाट निर्धारित आधार अनुसार प्राप्त हुन आएका आयोजनाहरुलाई माग अनुसार नै पाँचौं योजनामा समावेश गरिएको छ । जिल्लाबाट मांग गरिएको आयोजनाहरु पाँचाइै योजनामा समावेश भइ सकेको हकमा त्यस्ता जिल्लाहरुको लागि सकभर अरु नै आयोजना थप गरिएको छ, तर योजना आयोगबाट प्रस्तुत आधारहरुसंग मेल नखाने गरी मांग गरिएका र तत्कालै व्यवहारिक नदेखिएका आयोजनाहरुका हकमा हाल सीमित साधन, विभागीय क्षमता र अन्य कतिपय कारणबाट त्यस किसिमका आयोजनाहरुलाई पाँचौं योजनामा समावेश गर्न सम्भव नदेखिनाले त्यस्ता आयोजनाहरुको वदलामा सम्वनिधत जिल्लाका लागि वेलावेलामा श्री ५ महाराजाधिराज सरकारका हजूरमा चढाएका विन्तीपत्रहरु, राष्ट्रिय योजना आयोगबाट सन्चालित विकास गोष्ठीहरुमा जिल्ला सभापतिहरुबाट माग एवं सिफारिश भएको र आयोगको दृष्टिकोणबाट जिल्लालाई उपयुक्त ठानिएका आयोजनाहरु मध्येबाट राष्ट्रिय योजना आयोगले उत्पादन मूलक वा सामाजिक हित हुने खालका आयोजनाहरु छानी समावेश गरेको छ । यसै गरी आयोजना माग नगर्ने जिल्लाको लागि पनि योजना आयोगबाट नै उपयुक्त आयोजनाहरु छानी समावेश गरिएको छ । जिल्ला सभापतिहरुको सिफारिशको आधारमा धेरै जसो आयोजनाहरु हचुवा रुपबाट जिल्लाहरुको लागि पाँचौं योजनामा समावेश गरिएकोले ती आयोजनाहरुको पछि सम्वन्धित विभागहरुबाट विस्तृत रुपले अध्ययन गरी सम्भाव्य ठहरिन आउमा मात्र कार्यान्वयन गर्ने व्यवस्था रहेको छ ।

यसरी समावेश गरिएका कुल ७५ वटा आयोजनाहरु मध्ये ६८ वटा साना सिंचाई सम्वन्धी, ८ वटा अस्पताल वा हेल्थपोष्ट सम्वन्धी, ७ वटा खानेपानी सम्वन्धी, १५ वटा झोलुङ्गे पुल निर्माण सम्वन्धी, २ वटा घोडेटो निर्माण सम्वन्धी, ३ वटा सडक बाटो निर्माण सम्वन्धी, १ वटा सानो विमान स्थल निर्माणसम्वन्धी, ३ वटा तटवन्धन नदी नियन्त्रण सम्वन्धी, ३ वटा ढल निकास सम्वन्धी र ५ वटा अन्य विविध विषय सम्वन्धी आयोजना पर्दछन् ।

उपर्युक्त ७५ वटा आयोजनाहरुको सन्चालनको लागि आवश्यक खर्च सम्वनिध्त आर्थिक क्षेत्रको निमित्त छुट्याएको रकम भित्रै परेकोले यहाँ छुट्टै देखाइएको छैन ।

जिल्ला आयोजनाको वर्गीकरण

विकास क्षेत्र	जम्मा	सानो सिंचाई	अस्पताल र हेल्थ पोष्ट	खानेपानी	झोलुङ्गेपुल	घोडेटो	सडक वाटो	स्टल विमानघाट	तटवन्धन र नदी नियन्त्रण	ढल निकास	अन्य	कैफियत
१ सुदूर पश्चिमान्चल	२४	९	४	१	७	१			१		१	
२. पश्चिमान्चल	१६	५	१	३	१	१	१	१	१		२	
३. मध्यमान्चल	१९	७	२	२	२		२			३	१	
४. पूर्वान्चल	१६	७	१	१	५				१		१	
कूल जम्मा	७५	२८	८	७	१५	२	३	१	३	३	५	

सुदूर पश्चिमान्चल विकास क्षेत्र

जिल्ला	आयोजनाको नाम	आयोजना स्तर
१. दार्चूला	महाकाली नदीमा तटवन्धन निर्माण गर्ने	केन्द्रीय स्तर
२. वैतडी	झुलाघाट-मार्मा घोडेटो निर्माण	जिल्ला स्तर
३. डडेलधुरा	राडी देवल, पोखरा, चोरेलो, चमाडा चौडावन वा मेलाधारा समेत ५ गा.प. लाई फाइदा हुने सिंचाई आयोजना	केन्द्रिय स्तर
४. कन्चनपुर	घरेलु केन्द्रको स्थापना	केन्द्रीय स्तर
५. वझाङ्ग	१५ शैयाको अस्पताल स्थापना गर्ने	केन्द्रीय स्तर
६. बाजुरा	वाजुरा सदरमुकाममा १५ वेडको अस्पताल स्थापना गर्ने	केन्द्रीय स्तर
७. डोटी	सेती नदी र बुढी गङ्गाको दोभाननिर झोलुङ्गे पुल निर्माण	केन्द्रीय स्तर
८. अछाम	१५ शैयाको अस्पताल	केन्द्रीय स्तर
९ कैलाली	जादीनालाको साँढेपानी दरख गा.प.वा कोढा नदीघाट दोवरा र कोटा तुल्सीपुरमा सिंचाई	केन्द्रीय स्तर
१० हुम्ला	जहेरागाउँनिर हुम्ला कर्णालीमा झोलुङ्गे पुल	केन्द्रीय स्तर
११ मुगु	सुकदीक नजिक उपयुक्त ठाउँमा झोलुङ्गे पुल	केन्द्रीय स्तर
१२ कालीकोट	वाइ गा.प. अन्तर्गत जेरा, मुगु, जुकोट गाउँमा मुगु जिल्लाको खतेडी गाउँबाट सिंचाई नहर निर्माण	केन्द्रीय स्तर
१३ जुम्ला	गज्वाँकोट, झारज्वाला, देपाल गाउँ पिपला गाउँ र चारकोटार गा.प. हरु समेत ५ गाउँहरुमा ३००० रोपनी अतिरिक्त सिंचाई हुन सक्ने मुरली गाउँको नजीक तिलानदीको मुहानबाट नहर निर्माण	केन्द्रीय स्तर
१४ जाजरकोट	स्वास्थ्य केन्द्रलाई १५ शैयाको अस्पतालमा परिणत गर्ने	केन्द्रीय स्तर
१५ दैलेख	छामघाट वा रावत कोटमा साना सिंचाई आयोजना	केन्द्रीय स्तर
१६. सुर्खेत	रानीघाटको भेरी नदीमा झोलुङ्गेपुल	केन्द्रीय स्तर
१७ वर्दिया	गुलरियामा खानेपानी आयोजना	केन्द्रीय स्तर
१८ बाँके	अगैया बाँध वा चतरागाउँ पन्चायत अन्तर्गत गवडहियानाथ गाउंनिर अमिना नालामा बाँध निर्माण गर्ने तर्फ दुई मध्ये एक संभाव्यको निर्माण	केन्द्रीय स्तर
१९ रुकुम	सानो भेरीको उपयुक्त स्थानमा एक झोलुङ्गे पुल निर्माण	केन्द्रीय स्तर
२० सल्यान	शारदा नदीमा माल्टा नजिक पर्ने झोलुङ्गे पुल	केन्द्रीय स्तर
२१ रोल्पा	लिवाङ्ग खोलामा झोलुङ्गे पुल	केन्द्रीय स्तर

२२ प्यूठान	वाङ्गेशालको जग्गामा आवादी तथा सिंचाई योजना	केन्द्रीय स्तर
२३ दाङ्ग	विजोरी गापं. अन्तर्गत गोहारखोला वा चिरेगार खोलाबाट सिंचाई गर्ने	केन्द्रीय स्तर
२४डोल्पा	फाखचु खोला र पैरे खोलावाट सिंचाईको कुलो	केन्द्रीय स्तर

पश्चिमान्चल विकास क्षेत्र

जिल्ला	आयोजनाको नाम	आयोजना स्तर
१. मुस्ताङ्ग	मुरुङ्ग तातोपानी देखि तुक्चे सम्मको घोडेटो निर्माण	जिल्ला स्तर
२. म्याग्दी	ताकुम गा.पं. अन्तर्गत मालीका खोलाबाट ताकुम धारापानी सम्म कुलो खनी सिंचाई गर्ने	केन्द्रिय स्तर
३. बाग्लुङ्ग	गलकोट हटिया बजारमा गैडा खोलाको बाढी फर्कान र बाग्लुङ्ग बजारको आडैमा पश्चिम पट्टि पैरो गई पैरो रोकथाम गर्ने फलामे जालीमा ढुंङ्गाहाली ठाउँठाउँमा बाँध बनाउने	जिल्ला स्तर
४. अर्घाखाँची	चुत्रावेशीमा खोलामा झोलुङ्गे पुल	केन्द्रीय स्तर
५ गुल्मी	तानसेन-रिडी -तम्घास बाटो	केन्द्रीय स्तर
६ पाल्पा	रुद्रपुर धवाडी गाउँ पन्चायत वा अन्य उपयुक्त स्थानमा वृक्षारोपन	केन्द्रीय स्तर
७ कपिलवस्तु	वीरपुर गा.पं. नजिक जवई सिंचाई योजना	केन्द्रीय स्तर
८ रुपन्देही	कञ्जाखोला वा दानवखोलामा सिंचाई	केन्द्रीय स्तर
९ नवलपरासी	वेल्डीहा गा.पं. मा कुनै एक खानेपानी	केन्द्रीय स्तर
१० मनाङ्ग	स्टल विमानघाट निर्माण	केन्द्रीय स्तर
११ पर्वत	सदरमुकाममा थप खानेपानीको व्यवस्था	केन्द्रीय स्तर
१२ काश्की	मदीखोलाको सिंचाई योजना	केन्द्रीय स्तर
१३ लमजुङ्ग	१५ शैयाको अस्पताल	केन्द्रीय स्तर
१४ गोर्खा	बुङ्गकोट गा.पं. खानेपानी	केन्द्रीय स्तर
१५ स्याङजा	भोटेपोखरी निर्मल पोखरी गा.पं. अन्तर्गत पर्ने विकाडी पुगीताल सिंचाई आयोजना	केन्द्रीय स्तर
१६ तनहुँ	दमौलीमा पाहुनाघर निर्माण	जिल्ला स्तर

मध्यमान्चल विकास क्षेत्र

जिल्ला	आयोजनाको नाम	आयोजनाको स्तर
१ रसुवा	किण्टाङ्ग खोलाबाट बाँध बाँधी सानो र ठूलो अर्चेल सत्यदेवी र भोग्टेनी गा.प.मा सिंचाई	केन्द्रीय स्तर
२. नुवाकोट	रसुवा त्रिशुली समन्वयात्मक विकास आयोजना	केन्द्रीय स्तर
३. धादिङ्ग	त्रिशुली नदीको परेवाघाटमा झोलुङ्गे पुल	केन्द्रीय स्तर
४ सिन्धुपाल्चोक	पाँग्रेटार गा.पं र वलेफि डाँडा गा.पं. वीच पर्ने ठाउँमा सुनकोशी नदीमा झोलुङ्गे पुल	केन्द्रीय स्तर
५. काठमाडौ	नैकाप नयाँ भन्ज्याङ्ग, नैकाप पुरानो झन्ज्याङ्ग तीनथाना, स्यूचाटार, कलंकिस्थान, कालीमाटी र भदो गाउँ गा.पं.हरु मध्ये कुने एकमा खानेपानी	केन्द्रीय स्तर
६. ललितपुर	ललितपुरको दक्षिण भेगमा २ वटा हेल्थपोष्टहरु	केन्द्रीय स्तर
७. भक्तपुर	बोडे खानेपानी योजना	केन्द्रीय स्तर
८ काभ्रे	बनेपा ढल निकास आयोजना	जिल्ला स्तर
९. चितवन	ठोरी र भण्डारमा एक एक हेल्थपोष्ट	केन्द्रीय स्तर
१० मकवानपुर	भैंसे भीमफेदी वाटोमा पुल कल्भर्टहरु मर्मत तथा सुधार	जिल्ला स्तर
११ पर्सा	वीरगन्ज ढल निकास आयोजना	जिल्ला स्तर
१२ वारा	कलैया वजारमा ढल निर्माण	जिल्ला स्तर
१३ सर्लाही	सिर्सिया झिमनदी वा मभुवा चिलाइने सिंचाई आयोजना	केन्द्रीय स्तर
१४ रौतहट	बागमती सिंचार्य योजना संभाव्यता अध्ययन	केन्द्रीय स्तर
१५ दोलखा	मकैवारी गा.पं. को सिरचनावति खोला हातिछहराबाट सिंचाई कुलो निर्माण गर्ने	केन्द्रीय स्तर
१६ रामेछाप	सप्रयुखोला सिंचाई योजना	केन्द्रीय स्तर
१७ सिंधुली	महेन्द्र राजमार्गबाट सिन्धुलीको सदरमुकाम सम्म जोड्ने करीव २० माइलको मोटर बाटो निर्माण सुधार	जिल्ला स्तर
१८. महोत्तरी	रातो र विगीनदी वा कन्तुवा नदी सिंचार्य योजना	केन्द्रीय स्तर
१९ धनुषा	अमारी सिंचाई योजना	केन्द्रीय स्तर

पूर्वान्चल विकास क्षेत्र

जिल्ला	आयोजनाको नाम	आयोजनाको स्तर
१. सोलुखुम्बु	भण्डार नजिक लिखु खोलामा झोलुङ्गे पुल	केन्द्रीय स्तर
२. ओखलढुंगा	सुनकोशी नवलपुर घाटमा झोलुङ्गे पुल निर्माण	केन्द्रीय स्तर
३ भोजपुर	खावा गा.पं. अन्तर्गत केरावारी पुछारिया पिगुवा खोलामा झोलुङ्गे पुल निर्माण	केन्द्रीय स्तर
४ खोटाङ्ग	ससरका पन्चायत रावा खोला खोटाङ्ग झोलुङ्गे पुल निर्माण	केन्द्रीय स्तर
५ उदयपुर	गाइघाट खानेपानी आयोजना	केन्द्रीय स्तर
६ सिरहा	मैनावत्ती, सहजा र खुट्टी नदी मध्ये उपयुक्त एकमा सिंचाई	केन्द्रीय स्तर
७. सप्तरी	खाडो, खडक, सुन्दरी र महुली नदीहरु मध्ये कुनै एकमा लघु सिंचाईको व्यवस्था गर्ने	केन्द्रीय स्तर
८ संखुवासभा	टुम्लिङ्गटार सिंचाई योजना	केन्द्रीय स्तर
९ तेह्रथुम	जिल्लाको संभाव्य स्थानमा एक सिंचाई आयोजना	केन्द्रीय स्तर
१० धनकुटा	सदरमुकाममा पाहुनाघर निर्माण	जिल्ला स्तर
११ सुनसरी	इटहरी गा.पं. को टेंगखोला वा महेन्द्रनगर गा.पं.को वार्ड नं. ६ मा सिंचाई आयोजना	केन्द्रीय स्तर
१२ मोरंग	भावा नदीबाट सिंचाई गर्ने	केन्द्रीय स्तर
१३ ताप्लेजुङ्ग	जिल्लाको उत्तरी भेगमा एक झोलुङ्गे पुल	केन्द्रीय स्तर
१४ पाँचथर	१५ शैयाको अस्पताल स्थापना गर्ने	केन्द्रीय स्तर
१५ इलाम	पुवाखोला वा देवमाई खोलाबाट सिंचाई गर्ने	केन्द्रीय स्तर
१६ झापा	मेची नदीको तटवन्धको संभाव्यता अध्ययन र केही निर्माण सुधार	केन्द्रीय स्तर